शनिबारको

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

ekantipur.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक २३९ काठमाडौं | २ कात्तिक २०७६ शनिबार कार्तिक कृष्णपक्ष षष्ठी | नेपाल संवत् ११३९ | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Saturday, October 19, 2019 | पृष्ठ १२+४+८ | १० रुपैयाँ

न्यायको अन्तहीन पर्खाइ



राजनीतिक शक्ति-आडमा दबाइएको बीभत्स हत्याकाण्डको १२ वर्ष

मृतक त्रिलोकका बाबु श्रीनारायण सिंह।
तस्बिर : अंगद ढकाल/कान्तिपुर

■ **जनकराज सापकोटा र शिव पुरी** (रौतहट)

पूर्वपश्चिम राजमार्गको चन्द्रनिगाहपुरबाट ३५ किलोमिटर उत्तर छिरेपछि आउँछ सरुअठा गाउँ। मूलबाटोबाट करिब एक किलोमिटर पूर्व पसेपछि ७९ वर्षीय श्रीनारायण सिंहको घर पुगिन्छ। उमेरको उत्तरार्द्धमा श्रीनारायणसँग सुनाउनुपर्ने विगतका यादभन्दा रातोदिन बल्झिरहने दुःखको घाउ मात्रै छ। उनको दुःखका कथा साविकको राजपुर फरहदवा गाविस-४ हाल राजपुर नगरपालिका-४ मा २०६४ चैत २७ मा घटेको अकल्पनीय घटनाबाट सुरु हुन्छ। फिल्मको झल्को आउने त्यो घटनाको केन्द्रमा जोडिएका नेपाली कांग्रेसका नेता एवं पूर्वमन्त्री मोहम्मद आफताब आलमलाई जिल्ला प्रहरी कार्यालय रौतहटले भर्खरै पक्राउ गरेको छ। आलम पक्राउपछि श्रीनारायणलाई फेरि पुरानो दुःख, छोरा गुमाएपछिका छटपटीका दिन र न्यायका निम्ति १२ वर्ष लामो संघर्षको कथा सुनाउने मेसो मिलेको छ।

पहिलो संविधानसभा निर्वाचनको चहलपहलले देहाती गाउँको चहलपहल हवात्तै बढाइदिएको थियो। रौतहटको निर्वाचन क्षेत्र नम्बर २ मा कांग्रेसका तर्फबाट उम्मेदवार मोहम्मद आफताब आलमको चहलपहल पनि गरमागरम थियो। सीमावर्ती भारतको सीतामढीस्थित राधाकृष्ण गोयन्का कलेजमा बीएस्सी पहिलो वर्षमा पढिरहेका श्रीनारायणका २२ वर्षीय छोरा त्रिलोक बिदामा घर आएका थिए। राम्रो बोल्ने खुबी भएका उनलाई आलमको चुनावी प्रचारमा खटिएकाहरूले घरबाट हिँडाइहाले। त्यो दिनको सम्झना श्रीनारायणलाई झलझली छ। चुनावको २ साताअघि १८ चैतमै आलमका मान्छे आएर छोरालाई घरबाट लगिएको थियो। उनले सुनाए, 'छोरालाई चुनावी प्रचारमा लिएर गएछन् भन्ने थाहा

१२ वर्षपछि आएर पक्राउ गर्न पाइन्छ ?
पृष्ठ २

पाएपछि नै मेरो मन थिरमा थिएन।' श्रीनारायणलाई बम विस्फोटको घटनाभन्दा विस्फोटपछि भएका घटना लुकाउन भएका आततायी गतिविधिले मन भतभती पोलेको छ। उनले घटनाका प्रत्यक्षदर्शी र अन्य गाउँलेबाट थाहा पाए, चुनावको दिन बुथ कब्जा गर्ने उद्देश्यले आलमको सहोदर काका एवं कांग्रेस नेता पूर्वमन्त्री शेख इद्रिसको फरहदवा राजपुरस्थित गोठमा बम बनाउने काम चलिरहेको थियो। प्रहरीका अनुसार आलमका अंगरक्षकको काम गर्ने बलरु भन्ने शेख सराजले सल्काएको चुरोट हातबाट खसेलगत्तै ठूलो आवाजमा धूवाँको मुस्लोसहित बम विस्फोट भएको थियो। प्रहरीका अनुसार घटनापछि सराज सार्वजनिक वृत्तमा देखिएका छैनन्।

कान्तिपुरले घटनाको प्रत्यक्षदर्शी रहेका फरहदवा गाउँका ५ जनासँग गरेको कुराकानीअनुसार विस्फोट लगत्तै रुक्साना खातुनका छोरा ओसी अख्तर र श्रीनारायणका छोरा त्रिलोक सामान्य घाइते भएका थिए। अन्य केही मरणासन्न हुने गरी घाइते भए र केहीको तत्कालै मृत्यु भयो। घटनामा ठ्याक्कै कति जनाको मृत्यु भयो र कति जना घाइतेलाई पोल खुल्ने डरले मारियो भन्ने खुल्दैन। घटनाको अनुसन्धानमा जुटेका जिल्ला प्रहरी कार्यालय रौतहटका एसपी भूपेन्द्र खत्रीले पनि घटनामा ठ्याक्कै कति जना मारिए भन्ने यकिन भइनसकेको बताए। श्रीनारायणले सुनेअनुसार छोरा त्रिलोकलाई खुट्टामा सामान्य चोट मात्रै लागेको थियो। उनले घटनामा २२ जनाजति परेको, बाँचेकाहरूलाई पनि बेहोस हुने इन्जेक्सन दिएर बोरामा हालिएको र राति नै गोठदेखि करिब दुई किलोमिटरको दूरीमा रहेको इँटाभट्टामा हालेर मारिएको दाबी गरे।

बाँकी पृष्ठ २

संवैधानिक इजलासद्वारा प्रदेश कानुनहरू खारेज

कान्तिपुर संवाददाता (काठमाडौं)

संवैधानिक प्रावधानविपरीत बनाइएको ठहर गर्दै सर्वोच्च अदालतले ६ वटा प्रदेशका कानुन खारेज गरेको छ। मुलुक संघीय संरचनामा गएपछि प्रदेश तहबाट जारी भएका कानुनहरू एकमुष्ट खारेज भएको यो पहिलो घटना हो। स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको मासिक पारिश्रमिक तथा ज्यालासहितको सुविधासम्बन्धी कानुन खारेज गरिएका हुन्।

सर्वोच्च अदालतका अनुसार, सातमध्ये प्रदेश १ ले मात्र स्थानीय तहका पदाधिकारी तथा सदस्यले सुविधा (भत्ता) लिन पाउने कानुन निर्माण गरेको छ। अरूले भने पारिश्रमिक नै लिन पाउने गरी कानुन बनाएका थिए। बैठक चलेका बेला मात्रै भत्ता लिन पाइन्छ भने मासिक पारिश्रमिकले

स्थानीय तहका जनप्रतिनिधिले पारिश्रमिक लिन नपाउने

नियमित सुविधा पाउने बाटो खोल्छ। संविधानमा स्थानीय तहका जनप्रतिनिधिलाई पारिश्रमिकको व्यवस्था छैन। गत साता नै सुनुवाइ सकेको संवैधानिक इजलासले शुक्रबार निर्णय सुनाएको हो। प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरासहित न्यायाधीशहरू दीपककुमार कार्की, केदारप्रसाद चालिसे, मीरा खड्का र हरिकृष्ण कार्कीको इजलासले गरेको फैसलाको प्रति भने तयार भइसकेको छैन।

रिट निवेदकको दाबीअनुसार संविधानको धारा १०८ को व्यवस्थाअनुसार प्रतिनिधिसभाका सभामुख र उपसभामुख, राष्ट्रिय सभाका अध्यक्ष र उपाध्यक्ष, समितिका सभापति तथा संघीय संसद्का सदस्यहरूका लागि पारिश्रमिक र सुविधा संघीय कानुनबमोजिम हुनेछ। संविधानको धारा १९६ मा प्रदेशसभाको सभामुख, उपसभामुख तथा सदस्यको पारिश्रमिक र सुविधाको व्यवस्था छ। तर त्यस्तो व्यवस्था प्रादेशिक कानुनबमोजिम हुने संविधानमा उल्लेख छ, स्थानीय तहका जनप्रतिनिधिहरूले तलब पाउने व्यवस्था छैन। 'संविधानको यस व्यवस्थाबमोजिम संघीय संसद्का सदस्यहरू र प्रदेशसभा सदस्यहरूले पारिश्रमिक तथा सुविधासम्बन्धी ऐनहरू जारी गरी लिइरहेका छन्,' निवेदनमा भनिएको थियो।

बाँकी पृष्ठ १४

'मलाई लखेटेर हटाउन सम्भव छैन'

प्रधानमन्त्री केपी शर्मा ओली

विस्तृत अन्तर्वार्ता पृष्ठ ७

दुई अध्यक्ष भने पनि एउटा 'सिनियर' हुन्छ, अर्को 'जुनियर'। तर हामीले एकदम बराबरीको हैसियतमा जस्तो व्यवहार गरेका छौं। संयुक्त अध्यक्षतामा बैठक हुने गरेको छ। प्रचण्डजी नहुँदा मैले कहिल्यै बैठक राखेको छैन। म नहुँदा 'बस्नुपरे बस्नुहोस्, तपाईं नै बैठक राख्नुहोस्' भनेर मैले सिंगापुर जाँदा भनेको हुँ। उहाँलाई उपाध्यक्ष त कसैले भनेन। तर पार्टी चलाउने भनेको एकल रूपमा चलाउने त होइन। दुइटा अध्यक्ष छौं नि!

●●●

(सरकारको नेतृत्व आधा-आधा गर्ने) यदि कुनै समझदारी छ भने त्यो समझदारी आएका बेला (कार्यान्वयन) हुने होला नि? यो सरकार अरू कसैलाई हेरेर, अरू कसैको 'लिडरसिप'मा विश्वास गरेर बनेको हो र? यो परिस्थिति मेरो लिडरसिपमा बनेको हो, जसले जे भने पनि। अब मैले छोड्नलाई पनि समझदारी हुनुपर्छ होला। अहिल्यै छोड्ने, भरे नै छोड्नेजस्तो, लखेटेर हटाएजस्तो त होइन होला। मलाई लखेटेर हटाउन सायद सम्भव पनि छैन होला।

●●●

अस्थिरता देखिने गरी 'छोडिदिनुपऱ्यो, ल..ल..अब छोडिदिई हाल्नुपऱ्यो!' जतिबेर पनि, जोसँग भेट भए पनि, जहाँ पनि, जसले पनि यो कुरा गर्नुको अर्थ समझदारी खल्बल्याउने प्रयास हो। अमेरिकामा चार वर्षमा चुनाव हुन्छ। 'यो राष्ट्रपति अब एक वर्ष त हो नि' भन्दै कोही हिंड्छ? 'अब समय सिद्धियो' भनेर त हिँड्दैनन् नि! त्यसैले यो अस्थिरता जनाउने खालको कुरा हो। संवैधानिक, कानुनी हिसाबले जे व्यवस्था छ, त्यसलाई अपमान गर्ने, उल्लंघन गर्ने, जनताको अभिमतलाई अवमूल्यन गर्ने कुरा राजनीतिक 'लिडर'हरूले बोलेर हिंड्दैनन्।

●●●

उहाँहरूको माओवादीभित्र के-के समस्या परे होलान्। पटक-पटक नयाँ-नयाँ कुरा खोज्ने स्वभाव उहाँहरूको देखियो। सम्झौता, सहमति पनि थपिँदै गए। मलाई त एकता चाहिएको हो। त्यसैले मसँग लचकता हुनु धेरै स्वाभाविक हो। न्यायपूर्ण समाजको निर्माण, सामाजिक न्यायसहितको समृद्धि हासिल गर्ने कुरामा हाम्रो मतभेद छैन। यसो भएपछि अब वैचारिक मतभेद छ भन्ने रहेन। अलिकति दबाब हुन सक्छ। मानिस हो, अलिअलि 'इगो'का प्रश्न हुन सक्छन्।

न्यायको अन्तहीन पर्खाइ...

घटनाका पाँचै प्रत्यक्षदर्शीले घटनामा मारिएका मानिसबारे फरक फरक संख्या सुनाए पनि उनीहरूको भनाइमा समानता के देखिन्छ भने घटनाको पोल खुल्ने डरले घाइतेहरूलाई समेत समातेर इँटाभट्टामा हालेर बर्बरतापूर्वक मारिएको थियो ।

केही प्रत्यक्षदर्शीले सामान्य घाइतेलाई बेहोस हुने इन्जेक्सन दिएको बताए भने केहीले विष घोलेको पानी खुवाइएको सुनाए । उनीहरूले त्यसको पुष्टि हुने आधार भने सुनाउन सकेनन् । नेता आलमका जेठो छोरा नेपाल प्रहरीको अस्पतालमा कार्यरत डाक्टर रहेको र परिवारका अन्य सदस्य पनि चिकित्साशास्त्र पढिरहेकाले उनीहरूले घाइतेलाई मार्न इन्जेक्सन प्रयोग गरिएको आकलन प्रत्यक्षदर्शीको छ । त्यसो त कैयन् स्थानीय मानिस प्रमाण विनाका यस्ता अनेकन तथ्यहरूमाथि विश्वास गर्छन् । घटनाको पछिल्लो अनुसन्धानमा जुटेका एक प्रहरी अधिकारीले भने विस्फोटपछि घाइतेहरूलाई पोल खुल्ने भन्दै क्रूरतापूर्वक मारिएको सत्य भए पनि कसरी मारियो र त्यसमा प्रत्यक्ष को को संग्लन थिए भन्नेबारे अनुसन्धान जारी रहेको सुनाए ।

समसुल मियाँ घटनामा मारिएका ओसीको ससुरा हुन् । सरुअठास्थित घरमा उनी ज्वाइँ मारिएपछि बेसहारा बनेका छोरी र दुई नातिसहित परिवारको जिम्मेवारी सम्हालेर बसिरहेका छन् । सर्लाहीको लालबन्दी बसेर काठमाडौंमा तरकारी पठाउने काम गर्दै आएका उनी घटनाको दिन मात्रै आफ्नो घर आएका थिए । गाडी राम्ररी नचेकाले उनले बिहानै फोन गरेर छोरीलाई भनेका थिए, 'म चन्द्रनिगापुरसम्म आउँछु । ज्वाइँलाई मोटरसाइकलमा लिन पठाइदिनू ।' तर वैदेशिक रोजगारीका क्रममा दुबईबाट केही महिनाअघि मात्रै छुट्टीमा घर आएका ज्वाइँ छोरीको कुरै नसुनी आलमको चुनावी प्रचारमा हिँडिसकेका थिए ।

चुनाबको अघिल्लो साँझ समसुल घरमै बसिरहेका थिए । साँझपख एक्कासि ठूलो विस्फोटको आवाज आयो । उनले मूलबाटोतिर निस्केर घटनास्थल फरहदवा गाउँतिर नियाले । मान्छेहरू खेतखेतै कुदिरहेका थिए । के कसो भएछ भनेर उनी दगुर्दै त्यतैतिर लागे । उनी पुग्दा साँझ झमक्कै ढल्किसकेको थियो । उनले थाह पाइहाले, धमकेदार बम विस्फोट भएछ । विस्फोट भएको ठाउँतिर छिर्नै नसक्ने गरी मान्छेहरूले घेरिरहेका थिए । त्यहाँ केही प्रहरी पनि थिए । तर तिनीहरू को को थिए र कुन कुन दर्जाका थिए भन्ने उनलाई पत्तो भएन । समसुलले सुनाए, 'घटनास्थलतिर जान लागेका मान्छेलाई हर्कार्दै धपाउँथे । डराएर म छेवैको गहँबारीभीत्र लुकें ।'

कान्तिपुरसँगको कुराकानीमा समसुलले गहुँबारीभित्र लुकेर बस्दा आफूले देखेको कुरा सुनाए । उनले भने, 'घाइते र मरेका सबैलाई बोराभित्र हाल्दै मुख बाँधेर ट्रयाक्टरमा हालेर लगे ।' उनले चालचुल नगरी गहुँबारीमै बसेर सबै दृश्य नियाले । उनका अनुसार घटनास्थलमा प्रहरीको गाडी पनि पुगेको थियो, प्रहरीले नै घटना सामसुम पार्न सहयोग गरिरहेको देखिन्थ्यो । उनले दाबी गरे, 'सशस्त्रका एसपी कृष्ण लामा'नि त्यही थिए ।'

समसुल र कान्तिपुरसँग सम्पर्कमा आएका अन्य प्रत्यक्षदर्शी र गाउँलेको भनाइबाट विस्फोटलगत्तै केही प्रहरी घटनास्थल पुगेको र उनीहरूले घटना लुकाउने भूमिका निर्वाह गरेको बुझिन्छ । घटनास्थलबाट मुस्किलले डेढ किलोमिटर दूरीमा इलाका प्रहरी कार्यालय राजपुर छ । घटनाका बेला सई ईश्वरविक्रम शाहको नेतृत्वको टोली त्यहाँ थियो ।

समसुलले पनि श्रीनारायणले जस्तै घाइते ज्वाइँलाई इन्जेक्सन लगाइएको सुनाए तर त्यसलाई पुष्टि हुने आधार सुनाउन सकेनन् । 'बोराभित्र हालिएका लासलाई ट्रयाक्टरमा राखेर इँटाभट्टातिर लगेका थिए । पछि सबैलाई भट्टामै हालेर पोलिदिए,' समसुलले सुनाए । उनले पनि घटनामा १७/१८ जना मान्छे मरेको दाबी सुनाए । समसुलले मध्यरातमा आफू गहुँबारीबाट लुक्दै लुक्दै साबिक लौकाह गाविसतिर पुगेको र भोलिपल्ट बिहान मात्रै घर फर्केको सुनाए ।

सबैले सुनाएको घटना विवरणको सबैभन्दा बलियो तादाम्यता भनेको घाइतेलाई पनि मारिएको, बोरामा हालेर इँटाभट्टामा लगेर पोलिएको भन्ने तथ्य नै हो ।

आलमका भान्जा मुस्ताक राजाको 'राजा इँट्टाभट्टा' मा त्यो रात अबेरसम्मै चहलपहल देखेको अधिकांश प्रत्यक्षदर्शीले कान्तिपुरलाई बताए । ६४ वर्षीय रामबहादुर साहको घर शेख इद्रिसको गोठबाट केही सय मिटरको दूरीमै पर्छ । साँझ अबेरतिर विस्फोट हुँदा उनी गोठमा गोरु बाँध्दै थिए । कालो मुस्लो सहित कानै थर्किने विस्फोटको आवाज आएपछि उनले ठाने, अहो कसको घरमा आगलागी भएछ ! उनी बाल्टिनभरि पानी बोकेर दगुर्दै घटनास्थिलतिर दगुरे । तर घटनास्थल घेरेर बसेका आलमका मान्छेले 'तुम लोग भागो यहासे, तुम लोगका काम नही हे' भन्दै उनलाई त्यहाँ छिर्न दिएनन् ।

रामबहादुरले घटनास्थल पुग्दा आफूले १०/१२ जना मान्छे भुइँमा सुताएको, केही छटपटाइरहेको र केही मरेजस्तो देखेको सुनाए । उनले केही मान्छेले छटपटाइरहेकाहरूलाई बोराभित्र कोचिरहेको पनि आफूले देखेको दाबी गरे । आलमका मान्छेहरूले चर्को चर्को स्वरमा खेदन थालेपछि रामबहादुर डराउँदै घर फर्के । तर उनको आँखा गोठतिर एकोहोरिएको थियो । उनका अनुसार राति अबेरसम्म पनि उनकै घर अगाडिको बाटो हँदै घटनास्थलतिर प्रहरीहरू गइरहेका थिए । समसुल र श्रीनारायणले जस्तै उनले पनि बोरामा हालिएका शवलाई ट्याक्टरमा राखेर इँटाभट्टातिर लगिएको बताए ।

रामबहादुर घटनाको भोलिपल्ट अबेरतिर गोठछेउ पुगेका थिए । त्यतिबेला केही मान्छेले धमाधम चर्केको र ठाउँठाउँमा भत्केको गोठ बनाइरहेका थिए । कोहीले भ्वाङ परेको छानामा खपटा हालिरहेका थिए, कसैले बाँस चिरेर भित्ताको चर टालिरहेका

२०६४ चैत २७ : फरहदवा, राजपुरस्थित पूर्वमन्त्री शेख इद्रिसको गोठमा विस्फोट ।

२०६५ वैशाख ८ : मृतक ओसी अख्तर मियाँकी आमा रूक्साना खातुन र मृतक पिन्टु भनिने त्रिलोकप्रताप सिंहका बाबु श्रीनारायण सिंहद्वारा जाहेरी दर्ताको प्रयास असफल ।

२०६५ वैशाख १८ : ओसी र पिन्टुका आमाबुबाद्वारा हुलाकमार्फत जिप्रकामा जाहेरी ।

आफताब आलम, उनका भाइ महताब आलम, शेख भदइन, शेख सेराज र शेख मोबिनविरुद्ध ज्यान मार्ने कसुरमा मुद्दा दर्ता । तत्कालीन इन्सपेक्टर राजीव बस्नेत अनुसन्धान अधिकृत तोकिए ।

२०६५ असार ९ : पक्राउ पुर्जी र थुनुवा पुर्जी जारी । सोही दिन मुद्दा नचल्ने सरकारी वकिलको कार्यालयको निर्णय । लगत्तै हाजिरी जमानीमा सबै रिहा ।

२०६५ असार १९ : मुद्दा नचल्ने भन्दै जिल्ला सरकारी वकिलको कार्यालयले गरेको निर्णय महान्यायाधिवक्ताको कार्यालयबाट सदर ।

२०६९ जेठ १६ : मुद्दा नचल्ने भनी सरकारी वकिलको कार्यालयले गरेको निर्णय सर्वोच्च अदालतद्वारा खारेज ।

२०७०–२०७५ सम्म : सालिन्दा फैसला कार्यान्वयन निर्देशनालयले मुद्दाको प्रक्रिया अगाडि बढाउन भन्दै सरकारी वकिलको कार्यालयलाई ताकेता ।

अख्तरकी आमा रुक्साना खातुन । उनको पनि हत्या भइसकेको छ ।

बम विस्फोटमा मृत्यु भएका त्रिलोकप्रताप सिंह र मोहम्मद ओसी अख्तर ।

अख्तरका ससुरा समसुल मियाँ



राजपुर फरहदवाका रामबहादुर साह



बम विस्फोट भएको घर । विस्फोटपछि बनाइएको नयाँ भित्ता र तल थुप्रिएका इँटाका टुक्रा (हरियो घेरा) ।

थिए । उनका अनुसार खपटा हाल्ने बेला कामदारहरूले एउटा कुइनोमुनिको हात भेटेका थिए । रामबहादुरका अनुसार विस्फोटपछिका भएका सबै क्षतिको प्रमाण लुकाउन आलमका मान्छेहरू खटिएका थिए । तीमध्ये धेरैजसो सीमावर्ती भारतका इँटाभट्टामा काम गर्ने र आलमलाई सघाउने भारतीयहरू थिए ।

अम्बुकुमार यादव त्यति बेला १६ वर्ष जतिका थिए । उनी विस्फोट हुँदा गोठनजिकै थिए । उनले बीभत्स घटना र त्यसपछि गाउँमा भएका अनेकन अडकलबाजी बिर्सन सकेका छैनन् । उनले विस्फोटपछि उछिट्टिएका मासुका टुक्रा छरछिमेकसम्म पुगेको भन्ने कुरा अरूबाट सुनेको बताए ।

रामबहादुरका अनुसार मान्छे पोलिएको इँटाभट्टा घटनापछिका चार दिनसम्म बन्द रहेको थियो । अहिले उक्त इँटाभट्टा रहेको ठाउँमा धानबारी छ । स्थानीयका अनुसार करिब दुई वर्ष पहिले उक्त इँटाभट्टालाई त्यहाँबाट केही पर सारिएको हो । घटनास्थल फरहदवा गाउँबाट करिब ८ किलोमिटरमा सीमावर्ती भारतको कुडुवा चैनपुर पुगिन्छ । गाउँ नजिकका धेरैजसो इँटाभट्टामा भारतीय कामदारकै वर्चस्व रहन्छ । घटनाका कैयन् प्रत्यक्षदर्शी त्यही भट्टामा काम गर्ने भारतीय कामदार भएको र घटनापछि डरले सबैजसो भारत फर्किएको एक स्थानीयले बताए ।

घटनामा ठ्याक्कै कति घाइते भए, कति तत्कालै मारिए र कतिलाई पछि आलमका मान्छेले मारे भन्नेबारे ठ्याक्कै बताउन सक्ने कोही छैन । झन्डै १२ वर्षपछि घटनाको अनुसन्धान थालेको जिप्रका रौतहटले सोही विस्फोटमा घाइते भई ज्यान जोगाउँदै भागेका एक जना पीडितलाई अनुसन्धानको घेरामा राखेको छ । प्रहरी स्रोतका अनुसार ५९ वर्षीय सफी अहमद नामक ती घाइतेले विस्फोटका बेला आफ्नो पेटमा गम्भीर चोट लागेको र आन्द्रा बाहिर निस्केको बताएका छन् । कान्तिपुरलाई प्राप्त सफीको भिडियो क्लिपमा उनको पेटमा ठूलो चोटको दाग देखिन्छ । स्रोतका अनुसार घटनापछि घाइते सफी आफूलाई पनि मारिने भएपछि गहुँबारी हुँदै भागेर सीमावर्ती भारतको मोतीहारी पुगेका थिए । गाईभैंसीको कारोबार गर्ने एक जना भारतीयले उपचार गर्न सघाएको र मोतीहारीकै तैयब नर्सिङ होममा आफूले झन्डै ६ महिनासम्म उपचार गराएको सफीले बताएका छन् । आफू मारिने भयले लामो समयसम्म मोतीहारी नै बसेका उनी केही वर्षअघि सर्लाहीस्थित घर फर्केका थिए । कान्तिपुरले प्राप्त गरेको भिडियो क्लिपमा उनले घटनाका बेला थुप्रै घाइते भएको बताए पनि यकिन संख्या भनेका छैनन् ।

वर्षौंसम्म शक्ति केन्द्रको प्रभावमा परेर अनुसन्धान अगाडि नबढेको यो घटना सर्वोच्चको निर्देशन र फैसला कार्यान्वयन निर्देशनालयको तारन्तारको ताकेतापछि बल्ल अनुसन्धान अगाडि बढेको छ । २०७६ जेठ १४ गते जिल्ला सरकारी वकिलको कार्यालयले जिप्रका रौतहटलाई घटनाको अनुसन्धान गर्ने निर्देशन दिएको थियो । निर्देशनको ५ नम्बर बुँदामा भनिएको छ, 'राजकुमार शाह कानु, राजन भन्ने सत्यन्द्र सिंह, सफिक अहमद, सुकराती शाह तेली र हैदर अलीसमेत सोही घटना वारदातपश्चात् बेपत्ता भएको भन्ने देखिँदा निजहरूको सम्बन्धमा पनि अनुसन्धान गर्ने ।' जिप्रकामा कार्यरत एक प्रहरी अधिकारीले सरकारी वकिलको निर्देशन र घटनाका प्रत्यक्षदर्शीहरूको प्रारम्भिक बयानले त्रिलोक र ओसीका अलवा अन्य पनि मारिएको हुन सक्ने भनाइलाई बल पुऱ्याउने बताए ।

'१२ वर्षपछि पक्राउ गर्न पाइन्छ ?'

काठमाडौं (कास)- कांग्रेस सभापति शेरबहादुर देउवाले १२ वर्षअघिको हत्या आरोपमा पक्राउ परेका पार्टीका सांसद मोहम्मद अफताब आलमको बचाउ गरेका छन् ।

पुरानो मुद्दा ब्युँताएर आलमलाई पक्राउ गरिएको भन्दै उनी सरकारविरुद्ध आक्रामक बनेका हुन् । '१२ वर्षअघिको घटना त्याएर अहिले पक्राउ गर्न पाइन्छ ?' कांग्रेसको नीति तथा प्रशिक्षण प्रतिष्ठानले भक्तपुरमा आयोजना गरेको प्रशिक्षण कार्यक्रममा देउवाले भने, 'त्यतिबेला के हेरेर बसेको ?'

कांग्रेसबाट निर्वाचित स्थानीय तहका अध्यक्ष तथा उपाध्यक्षका लागि आयोजना गरिएको दुईदिने प्रशिक्षणमा देउवाले राम्रो काम गरेर देखाउन जनप्रतिनिधिहरूलाई निर्देशन दिए । 'कम्युनिस्ट र कांग्रेस फरक छन् भन्ने कुरा जनताको मन जितेरै देखाउनुपर्छ,' स्थानीय तहका जनप्रतिनिधिलाई निर्देशन दिँदै देउवाले भने, 'आगामी निर्वाचनमा पार्टीले जित्ने गरी काम गरेर देखाउनुहोस् ।' शनिबारसम्म चल्ने प्रशिक्षण कार्यक्रममा वरिष्ठ नेता रामचन्द्र पौडेलले लोकतन्त्रको उपलब्धिलाई कमजोर बनाएर सरकारले हस्तक्षेप बढाएको बताए । पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौलाले समेत आलमको घटनालाई कांग्रेसविरुद्धको षड्यन्त्रका रूपमा लिए । सञ्चारमाध्यम कांग्रेसविरुद्ध लागिपरेको उनको आरोप थियो ।

१२ वर्षमा ७२ पल्ट काठमाडौं

रौतहट (कास)- विस्फोटको एक सातासम्म भोकप्यासै नभनी छटपटाएका श्रीनारायण र रुक्साना त्यसपछि घटनाको निष्पक्ष छानबिन हुनुपर्ने भन्दै अगाडि आए । घटनाको ११ दिनपछि श्रीनारायण र रुक्सानाले आलमसहित ५ जनाविरुद्ध जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिए । तर तत्कालीन एसपी लक्ष्मण न्यौपाने (जो पछि टीकापुरमा भएको आन्दोलनमा मारिए) ले उनीहरूको जाहेरी दर्ता गरेनन् ।

प्रत्यक्षदर्शी एवं पीडितका परिवार भने घटनाको राति नै एसपी न्यौपाने, तत्कालीन प्रमुख जिल्ला अधिकारी दुर्गा भण्डारी र सशस्त्रका तत्कालीन एसपी रामकृष्ण लामा फरहदवास्थित गोठमा पुगेको दावी गर्छन् । घटनाको भोलिपल्टै एसपी न्यौपानेले कान्तिपुरकर्मीलाई घटनै नभएको दावी गरेका थिए । मानवअधिकारकर्मी, विपक्षी दल र सञ्चारकर्मीको चासो बढेपछि एसपी न्यौपानेले घटनास्थलको मुचुल्का उठाए तर जिप्रकामा रहेको घटनाको पुरानो फाइलमा न घटनास्थलको तस्बिर भेटिन्छ न अन्य घटनाको पूर्ण विवरण नै । घटनास्थलको भनिएको उक्त मुचुल्कामा बम विस्फोट भन्ने नै उल्लेख छैन । घटनापछिका दिनहरूमा प्रहरीको भूमिका शंकास्पद मात्रै होइन, शक्तिकेन्द्रमा रहेका आलमको स्वार्थ पूरा हुने गरी नाम मात्रको कागजी प्रक्रिया अगाडि बढाइएको देखिन्छ ।

घटनाबारे अनुसन्धान गर्नुपर्ने माग बढ्दै गएपछि एसपी न्यौपानेले २०६५ वैशाख १६ मा इँटाभट्टाको माटो र वैशाख १७ मा इँटा निकालेर परीक्षणका लागि प्रहरीको विधि विज्ञान प्रयोगशालामा पठाएका थिए । कान्तिपुरसँग सम्पर्कमा आएका केही प्रहरी अधिकारीहरूले आलमको स्वार्थलाई बल पुऱ्याउने गरी तत्कालीन एसपी न्यौपानेले शव पोलिएको भन्दा फरक इँटाभट्टाको माटो र इँटा परीक्षणमा पठाएका थिए ।

मृतक ओसीकी आमा रुक्सानाले घटनाको केही दिनपछि विस्फोट भएको गोठ नजिकै छोराको स्वेटर, मोजा र जुत्ता फेला पारेकी थिइन् । उनले उक्त सामग्री प्रहरीलाई अनुसन्धानका लागि भन्दै दिएकी पनि थिइन् । तर आलमको राजनीतिक प्रभावमा परेको प्रहरी प्रशासनले घटनाको गम्भीर अनुसन्धान अगाडि बढाउनै चाहेन ।

आलम र उनका मान्छेहरूले श्रीनारायण र रुक्सानालाई अनुसन्धानका निम्ति बिन्ती बिसाउँदै नहिँड्न भन्दै कैयन् पटक धम्काए । ज्यानै मार्नेसम्मको धम्की पनि उनीहरूले कैयन् पटक पाए । श्रीनारायणले सुनाए, 'पैसाको प्रलोभन दिएनन् कि, ठूलाबडासँग जोरी नखोज भन्दै धम्काएनन् कि ? के मात्रै गरेनन् तर मैले हरेस खाइनँ ।' जाहेरी दर्ता नभएपछि उनीहरूले हुलाकबाट जाहेरी पठाए । आलमको शक्ति प्रभावमा परेको प्रहरीले अन्तमा मुद्दा दर्ता त गऱ्यो तर असार ९ गते नाटकीय शैलीमा एकै दिन पक्राउ पुर्जी जारी गरियो, पक्राउ गरियो र कर्तव्य ज्यान जस्तो गम्भीर मुद्दामा त्यही दिनमै अनुसन्धान सकेको नाटक गरेर सरकारी वकिलको कार्यालयमा मुद्दाको फाइल पेस गरियो । सरकारी वकिलको कार्यालयले उही रफ् तारमा त्यसै दिनै आलमसहित पाँचै जनालाई कागज गरेर हाजिरी जमानीमा छाडिदियो । सरकारी वकिलको कार्यालयको यही निर्णयलाई महान्यायाधिवक्ताको कार्यालयले २०६५ असार ३० गते सदर गरिदियो ।

एसपी न्यौपाने सरुवा भएपछि जिल्ला प्रहरीको नेतृत्व सम्हाल्न २०६५ साउन ६ गते एसपी जयबहादुर चन्द रौतहट आए । करिब चार महिना मात्रै जिल्ला प्रहरीको नेतृत्व सम्हालेका उनले यो मुद्दामा कपोकल्पित व्यहोरा उल्लेख गरी 'सम्मानित अदालतसमक्ष दर्ता गराउन दर्ता भएको रिट निवेदन खारेजभागी छ' भन्दै सर्वोच्चलाई लिखित जवाफ पठाए । कर्तव्य ज्यान जस्तो गम्भीर प्रकृतिको मुद्दाको विस्तृत प्रकृति र विवरण नै नबुझी आखिर किन एसपी चन्दले त्यस्तो लिखित जवाफ सर्वोच्चलाई पठाए ? कान्तिपुरको यही प्रश्नमा उनले त्यसबारे आफूलाई पूरै जानकारी नभएको तर्क गरे । उनले भने, 'मलाई यसबारे खासै यादै भएन । मैले आलमलाई किन जोगाउनुपऱ्यो र ?' उनले शक्तिकेन्द्रको प्रभावमा परी आफूले आलमलाई जोगाउन लागिपरेको भन्ने आरोप वकबास भएको बताए ।

यति हँदा पनि श्रीनारायण र रुक्सानाले हिम्मत हारेनन् । उनीहरूले सरकारी वकिलको कार्यालय र महान्यायाधिवक्ताको निर्णयउपर सर्वोच्च अदालत धाए । श्रीनारायण खेतीपातीको आयस्तावाट जोगिएको बाटो खर्च बोकेर प्रत्येक महिना केही साताको अन्तरमा काठमाडौं धाउँथे । उनले औंला भाँचेर हिसाब सुनाए, 'त्यसपछिका वर्षमा म ७२ पटक काठमाडौं धाएँ ।' उनी र रुक्सानाले न्यायको याचना गर्दै कहिले पत्रकार सम्मेलन गरे, कैयन् पटक राष्ट्रिय मानवअधिकार आयोग धाए, कैयन् पटक अनेकन कानुन व्यवसायीसँग सहयोगको हात पसारे । महिनौंको दौडधुपपछि २०६९ जेठ १६ मा तत्कालीन न्यायाधीश सुशीला कार्की र भरतबहादुर कार्कीको संयुक्त इजलासले मुद्दा नचल्ने सरकारी वकिलको कार्यालय र महान्यायाधिवक्ता कार्यालयको निर्णय खारेज गरिदियो ।

यसपछिका प्रत्येक वर्ष सर्वोच्च अदालतको फैसला कार्यान्वयन निर्देशनालयले जिल्ला सरकारी वकिलको कार्यालयलाई उक्त घटनाबारे अनुसन्धान अगाडि बढाउन भन्दै निर्देशनात्मक पत्र पठाइरहयो । २०६९ जेठ १६ यता निर्देशनालयले ५ पटक आदेश कार्यान्वयन गर्न भन्दै सरकारी वकिलको कार्यालयलाई पत्र पठाएको देखिन्छ । त्यस्ता सबै पत्रलाई औपचारिक प्रक्रिया दिएजसरी सरकारी वकिलको कार्यालयले जिल्ला प्रहरी कार्यालयलाई पत्राचार गरेको पनि देखिन्छ । कागजी प्रक्रिया मात्रै पुऱ्याउन जिप्रकाले अनुसन्धान अधिकृत तोक्ने तर अनुसन्धानलाई अगाडि नबढाउने गरेको देखिन्छ ।

घटना यताको झन्डै १२ वर्षमा १५ एसपीले जिल्ला प्रहरी कार्यालयको नेतृत्व सम्हाले । प्रहरीमा प्रत्येक नेतृत्व फेरिँदा श्रीनारायण आशावादी अनुहार लिएर गौरस्थित प्रहरी कार्यालय पुग्थे र घटनाको पूरै वृत्तान्त कहेर अनुसन्धानको याचना गर्थे । उनले सुनाए, 'मुखले गर्दिन कसैले भनेनन् तर अनुसन्धान कसैले अगाडि बढाएनन् ।' उनले २०६९ असोज २५ मा सरुवा भएर आएका एसपी महेशविक्रम शाहले अनुसन्धान अगाडि बढाउन खोजेको तर उनको पनि चार महिनापछि नै सरुवा भएको सुनाए । न्यायको खोजीको दौडिरहेका बेला २०६७ माघ ८ मा ओसीकी आमा रोक्सानाको गोली प्रहार गरी हत्या भयो । दुर्गा भगवती गाउँपालिकाको छतौनास्थित माइतबाट सरुअठास्थित घर फर्किरहेका बेला उखुबारीमा लुकेर बसेका केही मान्छेले रुक्सानामाथि गोली दागेका थिए । उनको त्यहीं सास गयो ।

त्यसपछि त श्रीनारायणलाई मुद्दा मामिलाको चक्करमा नलागेर आलमसँग मिल्न कैयन्ले दबाब दिए । उनका अनुसार बडहँवा गाउँस्थित आफ्नो ज्वाइँमार्फत आलमका भाइ महतावले दस लाख रुपैयाँ लिएर चुपचाप बस्न खबर पठाएका थिए । तर श्रीनारायणले यस्तो सल्लाह दिनेलाई भनिदिए, 'मैले छोरा हुर्काएको हुँ । खसीबाखा पालेको होइन र त्यसको मूल्य हुँदैन । पैसाले गएको ज्यान फर्केर आउँदैन ।' ओसीका ससुरा समसुल मियाँ बाबु गुमाएका १४ र १२ वर्षका नातिहरूको अनुहार हेर्दा झलझली मारिएका ज्वाइँ सम्झिन्छन् । उनले मलिनो स्वरमा सुनाए, 'ज्वाइँ भएको भए यति ठूलो संकट पर्दैनथ्यो ।'

डीएसपीबाट बढुवा भएर एसपी भएलगत्तै गत फागुनमा रौतहट प्रहरीको नेतृत्व सम्हाल्न आएका एसपी भूपेन्द्र खत्रीले नसुल्झिएका पुराना फाइलहरूको अनुसन्धान थालेका हुन् । उनले सुरुमै आलम जोडिएको घटनाको अनुसन्धान थाले । गत २५ गते फरहदवा गाउँबाट आफन्तीको बिहेमा निस्केका आलम उनकै मृतक काकाको सम्झनामा राजपुरबाट मूल बाटोमा निस्कने ठाउँमै बनाइएको शेख इद्रिस गेटबाट पक्राउ परे । कान्तिपुरसँगको कुराकानीमा एसपी खत्रीले घटनाको गम्भीर अनुसन्धान जारी रहेको बताउँदै भने, 'गम्भीर विषय भएकाले अनुसन्धान नसकिएसम्म केही बोल्न मिल्दैन ।'

छोराको न्यायका निम्ति करिब १२ वर्षसम्म अनवरत दौडेका श्रीनारायणले छोराको मृत्युको पुष्टि हुने पर्याप्त आधार पाइसक्दा पनि काज किरिया गरेका छैनन् । उनले दोषीलाई कारबाही भएर न्याय नपाएसम्म किरिया नगर्ने सुनाए । भने, 'मैले पण्डितसँग पनि सोधपुछ गरेँ । १२ वर्ष कटेर १३ वर्ष लागेपछि पनि किरिया गर्न हुन्छ भनेका छन् ।' विष्णुभक्त रहेका उनले घटना पछिको वर्षौंसम्म अनेकन प्रलोभन, धम्की र दबाब सहेर पनि आफू न्याय खोज्न विचलित नभएको सुनाए । उनले न्यायका निम्ति लड्दा जम्मा भएको एक झोला कागजातको पोको खोले । त्यसमा घटनाबारे अखबारमा छापिएका समाचारका कटिङदेखि अदालतको आदेश र अनेकन सरकारी परिपत्र थिए अनि थियो मृतक छोराको त्रिलोकको गम्भीर अनुहार । उनले आँखाको डिलभरी भइसकेको आँसु पुछ्दै मलिनो स्वरमा भने, 'भगवानले त सबै देखेकै होलान् । देर हुन्छ तर अन्धेर हुँदैन भन्ने विश्वासमा बाँचेको छु ।'

उपनिर्वाचनको कार्यतालिका सार्वजनिक

■ **राजेश मिश्र** (काठमाडौं)

प्रतिनिधिसभा र प्रदेशसभाको उपनिर्वाचनको उम्मेदवारी दर्ता कात्तिक २१ मा र स्थानीय तहको उम्मेदवारी दर्ता कात्तिक २७ गते हुने भएको छ। तीनवटै तहका रिक्त ५२ पदका लागि एकैदिन मंसिर १४ गते उपनिर्वाचन हुँदै छ। निर्वाचन आयोगले शुक्रबार उपनिर्वाचन कार्यक्रम सार्वजनिक गरेको हो। प्रमुख निर्वाचन आयुक्त दिनेश थपलियाले कानुनले प्रतिनिधिसभा/प्रदेशसभाका लागि चुनाव प्रचारप्रसारको अवधि कम्तीमा १५ दिन तथा स्थानीय तहका लागि कम्तीमा ८ दिन हुनुपर्ने भनेकाले मनोनयन दर्ताको मिति अलग-अलग भएको बताए। २०७४ मंसिरमा भएको प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि प्रचारप्रसारका लागि २५ दिनको समय दिइएको थियो। यसपटक प्रतिनिधिसभा र प्रदेशसभाका उम्मेदवारले प्रचारप्रसारका लागि १६ दिनको समय पाउनेछन्।

प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको मनोनयनपत्र दर्ताका लागि कात्तिक २१ गते बिहान १० बजेदेखि अपराह्न साढे १ बजेसम्मको समय निर्धारण गरिएको छ। प्रमुख आयुक्त थपलियाका अनुसार प्रतिनिधिसभा र प्रदेशसभाको उम्मेदवारी मनोनयन दर्ता निर्वाचन हुने जिल्लाको सदरमुकामस्थित निर्वाचन कार्यालयमा हुनेछ। उम्मेदवारी मनोनयन भएकै दिन ३ बजेभित्र उम्मेदवारको सूची प्रकाशन गरिने, भोलिपल्ट २२ गते उम्मेदवारको विरोधमा उजुरी दिने, २३ गते उजुरीउपर जाँचबुझ र नामावली प्रकाशनको कार्यक्रम तोकिएको छ। उम्मेदवारी फिर्ता लिन कात्तिक २४ गते बिहान १० देखि १ बजेसम्मको समय तोकिएको छ। त्यही दिन अन्तिम नामावली प्रकाशन गरिनेछ। २५ गते उम्मेदवारले निर्वाचन चिह्न प्राप्त गर्नेछन्।

आयोगले निर्धारण गरेको निर्वाचन कार्यक्रमअनुसार स्थानीय तहतर्फ कात्तिक २७ गते बिहान १० देखि १ बजेसम्म उम्मेदवारी मनोनयन दर्ताको समय तोकिएको छ। त्यही दिन उम्मेदवारको सूची प्रकाशन गरिनेछ। २८ गते उम्मेदवारउपर उजुरी गर्ने, २९ गते नामावली प्रकाशन, ३० गते उम्मेदवारले नाम फिर्ता लिने र उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने कार्यक्रम तोकिएको छ। कात्तिक १ गते उम्मेदवारलाई निर्वाचन चिह्न वितरण गरिनेछ। स्थानीय तहका उम्मेदवारले प्रचारप्रसारका लागि १० दिन समय पाउनेछन्। यसअघि १५ दिनको समय पाएका थिए। प्रमुख आयुक्त थपलियाले विभिन्न रिपोर्टहरूले प्रचारप्रसारको समय बढी हुँदा निर्वाचन खर्च बढ्ने देखाएकाले त्यसलाई घटाइएको बताए। प्रतिनिधिसभातर्फ कास्की क्षेत्र नं. २ मा उपनिर्वाचन हुँदैछ। त्यस क्षेत्रबाट निर्वाचित तत्कालीन पर्यटनमन्त्री रवीन्द्र अधिकारीको हेलिकप्टर दुर्घटनामा निधन भएको थियो। प्रदेशसभातर्फ भक्तपुर १ (१) र बागलुङ २(२) मा उपनिर्वाचन हुन लागेको हो। भक्तपुरबाट निर्वाचित प्रदेशसभा सदस्य हरिशरण लामिछाने र बागलुङबाट निर्वाचित टेकबहादुर घर्तीमगरको निधनपछि ती स्थान रिक्त भएका हुन्। त्यस्तै, प्रदेशसभा ५ मा निर्वाचित सदस्य उत्तरकुमार ओलीको निधनका कारण प्रदेशसभा निर्वाचन क्षेत्र दाङ ३(२) मा उपनिर्वाचन हुँदै छ।

भुमरीमा शिवमाया !

संसद्को आयु ३ वर्ष बाँकी छँदै सभामुख महराको अप्रत्याशित बहिर्गमनले उपसभामुखमा तुम्बाहाङफेको यात्रा धरमरमा छ। उनी सभामुख बन्न सक्ने बाटो त छ तर राजनीतिक घटनाक्रमले त्यसमा अलि अप्ठ्यारो देखिएका छन्।

■ **बिनु सुवेदी** (काठमाडौं)

२०७४ चैत २ मा उपसभामुख निर्वाचित भएपछि शिवमाया तुम्बाहाङफेको पहिलो प्रतिक्रिया थियो, 'जिम्मेवारी कसैले दिएर पाउनेभन्दा पनि आफैंले लिने हो।'

चार दशकदेखि राजनीतिमा सक्रिय तुम्बाहाङफे यहाँको 'संस्कार'सँग परिचित थिइन्। जोड्ने, घटाउने, उचाल्ने र पछार्ने चलन अरूतिर जस्तै उनी आबद्ध तत्कालीन एमालेमा पनि थियो। अहिले नेकपामा पनि त्यो प्रवृत्ति हटेको छैन। त्यसैले पार्टी राजनीतिमा आफूभन्दा पछि आएका र थोरै काम गरेकाहरू पनि भटाभट अघि बढ्दा कताकता अलमलिएझैं महसुस गर्थिन्। राजनीतिक जीवन सुरु गरेको ३९ वर्षपछि भने उनी संसद्को दैलोभित्र छिर्न पाइन्। त्यो बीचमा पञ्चायत, बहुदल र लोकतान्त्रिक चरित्रमा संसद्का कैयौं अधिवेशन चलिसकेका थिए। तुम्बाहाङफेका लागि एउटा सुखद संयोग पनि यही बेला जुऱ्यो, प्रतिनिधिसभाको उपसभामुखमा निर्वाचित भइन्।

करिब चार दशकसम्म राजनीतिक चक्रव्यूहबाट उम्किएर आएकाले नै हुनुपर्छ, उनले संसद्लाई आफ्नो क्षमता देखाउने उपयुक्त थलो ठानिन्। शुक्रबार कान्तिपुरसँग तुम्बाहाङफे यही भनिरहेकी थिइन्। 'उप हुँदैमा केही, कुनै पनि भूमिका नै हुँदैन भन्ने होइन, कानुनले दिएको भूमिका आफैंले पनि खोज्नुपर्छ,' उनले भनिन्, 'मैले त्यही गर्ने।' संसद्मा उनको अहिलेसम्मकै सक्रिय उपसभामुखको छवि छ तर यो संसद्को आयु झन्डै ३ वर्ष बाँकी छँदै सभामुख कृष्णबहादुर महराको अप्रत्याशित बहिर्गमनले उपसभामुखमा तुम्बाहाङफेको यात्रा पनि धरमरमा देखिएको छ। उनी एउटा सिँढी अझै उक्लिएर सभामुख बन्न सक्ने बाटो त छ तर राजनीतिक घटनाक्रमले त्यसमा अलि अप्ठ्यारो देखाएका छन्। तुम्बाहाङफे कानुनकी विद्यार्थी हुन्, राजनीति बाँगोटिँगो बाटामा हिँड्छ भन्ने उनलाई पनि थाहा छ।

तत्कालीन वाम गठबन्धनमा सभामुख माओवादी पक्षलाई परेको थियो। पार्टी एक भएर नेकपा बनिसकेको भए पनि कतिपय प्रक्रियागत कुरा नमिलेकाले सभामुख पद पूर्वमाओवादी पक्षकै भागमा पर्ने कतिपयको तर्क छ। यो तर्कसँग प्रधानमन्त्री र नेकपाको नेतृत्व सहमत हुने हो भने तुम्बाहाङफेको पद धरापमा छ।

संविधानमा एउटै राजनीतिक दलबाट सभामुख र उपसभामुख बनाउन नपाइने व्यवस्था छ। पूर्वमाओवादी पक्षधरले सभामुख आफैंलाई चाहिने दावी गर्दा तुम्बाहाङफेले उपसभामुखबाट राजीनामा त दिनुपर्छ नै, पूर्वएमालेको पृष्ठभूमिबाट आएकाका लागि सभामुख बन्ने ढोका पनि बन्द हुनेछ। सभामुख नबनाउने हो भने 'म राजीनामा दिन्नँ' भन्ने तर्क उनी अघि सार्न पनि सक्छिन् तर राजनीतिक दलसम्बन्धी ऐनले संसद्को पदाधिकारीमा चयन हुनुलाई दल त्याग गरेको नमान्ने भएकाले 'पार्टीको निर्देशन मान्दिनँ' भन्न सक्ने अवस्था सम्भवत: आउनेछैन तर महराका कारण आफूलाई अप्ठ्यारामा पार्न नहुने तर्क तुम्बाहाङफेको छ। 'महराको गल्तीमा मैले किन सजाय पाउने ?' तुम्बाहाम्फेले आफू निकटहरूलाई यसो भन्न थालेकी छन्। उनको तर्कसँग पूर्वएमालेका केही नेता पनि सहमत छन्। पार्टी एकीकरण भइसकेकाले अब पनि पूर्वएमाले र पूर्वमाओवादी भनिरहन आवश्यक नभएको उनीहरूको जिकिर छ। नेकपामा उक्त समूह तुम्बाहाङफेलाई उपसभामुखबाट राजीनामा गराएर सभामुख नै बनाउने पक्षमा देखिएको छ तर त्यो मत उति बलियो छैन।

यस बीचमा उपसभामुख तुम्बाहाङफेसँग प्रधानमन्त्री ओलीको एकपटक भेट भएको छ। गत आइतबार प्रधानमन्त्रीसँग आफैं समय लिएर गएकी उनले संसद्को पछिल्लो व्यवस्थापकीय र प्रशासनिक कामबारे जानकारी गराइन्। उनीहरूबीच संसद् अधिवेशन कहिले डाक्ने भन्ने विषयमा कुराकानी पनि भयो तर भावी सभामुखबारे छलफल नभएको उनले बताइन्। 'सभामुख को बन्ने भन्नेबारे प्रधानमन्त्रीसँग मात्रै होइन, अरू कसैसँग पनि मेरो कुराकानी भएको छैन, उहाँहरूले सोध्नुभयो भने मेरो धारणा राख्नेछु,' उनले भनिन्।

पार्टीभित्र भने भावी सभामुखका लागि नाडी छाम्न सुरु भइसकेको छ। उनलाई उपसभामुखबाट राजीनामा गराएर मन्त्री बनाउने कि भन्नेसम्मको छलफलले पनि नेकपा गर्माएको छ। अर्कातिर पूर्वमाओवादीभित्र पछि जोडिन आएका रामबहादुर थापा समूह र अध्यक्ष पुष्पकमल दाहालका विश्वास पात्र मानिएका नेताहरूका समूहबीच भावी सभामुखका रूपमा आआफ्नो दाबी पेस गर्ने होडबाजी चलिरहेको छ। पूर्वएमाले समूह तुम्बाहाङफेका नाममा सर्वसम्मति हुँदैन भने अरू उपयुक्त पात्र खोजेर भए पनि सभामुख आफ्ने पक्षले राख्नुपर्ने पक्षमा छ। उनीहरूले पूर्वसभामुख सुवास नेम्वाङलाई त्यस्तो उपयुक्त पात्रका रूपमा हेरिरहेको स्रोतहरू बताउँछन्। 'महरा सभामुख हुँदा सरकारका कतिपय काममा संसद्वाट सहयोग भएन, त्यसैले पनि हामी प्रधानमन्त्रीले विश्वास गर्न सक्ने मान्छे नै सभामुख हुनुपर्छ भन्ने पक्षमा छौं,' पूर्वएमालेका एक नेताले कान्तिपुरसँग भने।

तुम्बाहाङफेले आफू मात्रै होइन, सातै प्रदेशसभाका उपसभामुखलाई आफ्नो जिम्मेवारीमा अब्बल बनाउन भूमिका खेलिन्। उपसभामुखहरूको भेला गराइन्, नेतृत्व लिन आफैं अग्रसर हुनुपर्छ भन्ने निचोडमा पुग्ने छलफलको अगुवाइ गरिन्। पुरुषै पुरुष नेताहरूका बीचमा हुँदा पनि अग्रसर भएर बोलिन्, आफ्ना कुरा निर्धक्क भएर राखिन्।

अहिले तुम्बाहाङफे राजनीतिक दाउपेच र भागबन्डाको भुमरीभित्र छिन्। 'सभामुख पदको दावेदार हो' भन्ने प्रश्नमा उनको जवाफ केही छैन। 'केही समयअघि भएको उपसभामुखको भेलाले अवसर पाउँदा उपसभामुख जुनसुकै पदमा बसेर पनि भूमिका निर्वाह गर्न सक्छन् भन्ने निष्कर्ष निकालेको छ,' उनी कूटनीतिक जवाफ दिन्छिन् तर पछिल्ला दौडधुपले संसद्मा तुम्बाहाङफेको जबर्जस्त उपस्थितिलाई छायामा पार्दै लगिरहेका छन्। परिपक्व भइनसकेको पार्टी एकीकरणको शक्ति सन्तुलनको भुंग्रोमा उनी पर्ने सम्भावना धेरै छ।

अस्पतालमा महराको 'मौनता'

काठमाडौं (कास)- बलात्कार प्रयासको आरोपमा पक्राउ परेका निवर्तमान सभामुख कृष्णबहादुर महराले स्वास्थ्य प्रतिकूलताको कारण देखाई बयान दिन 'अस्वीकार' गरेका छन्। पक्राउ परेको चार दिनपछि अस्पताल भर्ना भएका महराले 'स्वास्थ्य अवस्था प्रतिकूल रहेको' भन्दै बयानमा भाग लिन अस्वीकार गरेका हुन्।

बयान सुरु हुन नसक्दा प्रहरीले थालेको अनुसन्धान प्रक्रिया अघि बढ्न सकेको छैन। 'आरोपित अस्पतालमा भर्ना भएर उपचार गरिरहेको अवस्था हो, स्वास्थ्यले साथ नदिएका कारण बयान सुरु हुन सकेको छैन,' सरकारी वकिलको कार्यालय काठमाडौंका प्रमुख चन्द्रकान्त खनालले कान्तिपुरसँग भने, 'आशा गरौं, स्वास्थ्य अवस्था सुधार होला। आइतबार बयान लिने र म्याद थपका लागि अदालतमा पेस गर्ने हाम्रो तयारी छ।'

महरालाई पक्राउ गरी थुनामा राख्न जिल्ला अदालत काठमाडौंले दिएको १३ दिनको समयसीमा शुक्रबार सकिँदै छ। सरकारी वकिल कार्यालयका प्रमुख खनालले प्रहरीको अनुसन्धानमा रहेको भन्दै अरू विवरण खुलाउन चाहेनन्। अर्का एक सरकारी वकिलका अनुसार महराले 'मौन रहने अधिकार' प्रयोग गर्न चाहेका छैनन्। फौजदारी अभियोग लागेका हरेक आरोपितलाई घटनाका विषयवस्तु र प्रश्नबारे कुनै उत्तर नदिई 'मौन रहने' अधिकार रहन्छ। मौन रहन चाहेको भए स्पष्ट रूपमा भन्न आग्रह गर्दा महराले आफ्नो त्यस्तो रुचि नभएको बताएको कार्यालय स्रोतले जनायो। 'उहाँले स्पष्ट रूपमा बयान दिन तयार छु भन्नुभएको छ तर आफ्नो स्वास्थ्यमा केही सुधार होस् भन्ने जवाफ दिनुभएको छ,' स्रोतले भन्यो। प्रहरी र सरकारी वकिलले आइतबारसम्म पर्खने रणनीति लिएका छन्। आइतबार अदालतमा म्याद थप्ने बेलामा समेत उनी बयानका लागि तयार नभए आफ्नै ढंगले अनुसन्धान प्रतिवेदन तयार पार्ने उनीहरूको रणनीति छ। प्रहरीले बयानबाहेक उजुरीमाथिको अनुसन्धान भने जारी रहेको जनाएको छ।

आइतबार बयान लिएर म्याद थपका लागि अदालत लैजाने तयारी

संसद् सचिवालयमा कार्यरत एक महिला कर्मचारीले आफूमाथि बलात्कार भएको सार्वजनिक गरेपछि महराले सभामुखबाट राजीनामा दिएका थिए। त्यसपछि उनले आफूमाथि कुनै दुर्व्यहार नभएको अभिव्यक्ति दिएकी थिइन्। पछि फेरि उनैले दिएको किटानी जाहेरीका आधारमा महरा पक्राउ परेका थिए। किटानी जाहेरीपछि ती 'पीडित' ले आफूलाई झुक्याएर निवेदन दिन लगाइएको प्रतिक्रिया दिएकी थिइन्।

प्राधिकरणको टेन्डरमा लेखाको छानबिन

■ **ऋषिराम पौड्याल** (काठमाडौं)

चिलिमे-त्रिशूली प्रसारण लाइनबाट प्रभावितलाई लक्ष्य गरेर विद्युत् प्राधिकरणले नुवाकोटमा भौतिक संरचना निर्माणका लागि अघि बढाएको टेन्डर प्रक्रियामाथि प्रतिनिधिसभाको सार्वजनिक लेखा समितिले छानबिन थालेको छ। सार्वजनिक खरिद ऐनमा उल्लेख भएका प्रक्रियालाई बेवास्ता गरेर सीमित ठेकेदारलाई फाइदा पुग्ने गरी टेन्डर फारम दर्ता गराएको उजुरी परेपछि समितिले छानबिन थालेको हो।

जर्मन सरकारको अनुदानमा निर्माण गरिने संरचनाका लागि टेन्डर फारम दर्ता गर्दा अनलाइन प्रणालीको पालना नगरेको र प्राधिकरणले सीमित ठेकेदारलाई मात्र अवसर दिने प्रपञ्च रचेको उजुरीमा उल्लेख छ। भूकम्पबाट क्षतिग्रस्त विद्युत् क्षेत्रको सुधारका लागि जर्मन सरकारले केएफडब्लू विकास बैंकमार्फत उपलब्ध गराएको सहयोगबाट रसुवा-नुवाकोट विद्युत् प्रणाली पुनर्निर्माण तथा सुधार आयोजनाअन्तर्गत प्रभावितका लागि स्वास्थ्यचौकी, विद्यालय, खानेपानी, सामुदायिक भवन, मन्दिर, गोरेटो बाटो, तरकारी संकलन केन्द्रलगायत करिब १० करोड बराबरको संरचना निर्माणका लागि गत असार ६ मा पत्रिकामा सूचना प्रकाशित गरेर टेन्डर आह्वान गरिएको थियो।

सार्वजनिक खरिद नियमावली ०६४ दफा १४६ को १, २, ३ र ४ मा उल्लिखित प्रावधानलाई बेवास्ता गरी पुरानै प्रणाली अपनाएर टेन्डर फारम दर्ता गरिएको थियो। स्काइ बिल्डर्स र धुलिखेल-ज्वादान्वा कन्स्ट्रक्सन प्रालिले साउन २१ गते क्रमशः ११:५६ मिनेट र ११:५८ मिनेटमा फारम दर्ता गराएका थिए। उक्त दिनको १२ बजेसम्म मात्र दर्ताको मिति र समय तोकिएको थियो। आफूलाई फारम दर्ता गर्न छेकथुन गरिएको भन्दै रोशन-लिक जेभीले लेखा समिति र अनुगमन कार्यालयमा उजुरी दिएको थियो।

टेन्डर कार्यान्वयनको जिम्मेवारी लिएको प्राधिकरणको योजना तथा प्राविधिक सेवाअन्तर्गत रसुवा-नुवाकोट विद्युत् प्रणाली पुनर्निर्माण तथा सुधार आयोजनाका प्रमुख प्रकाश राउतले आफूहरूलाई कुनै ठेकेदारले फारम दर्ता गराउन नपाएको जानकारी नभएको दाबी गरे। 'ठेकेदारलाई त्यस्तो अवस्था हो भने फोनबाटै भए पनि जानकारी गराउँदा हुन्थ्यो,' उनले भने, 'तत्कालै अरू निकायमा पनि यसको जानकारी दिन सकिन्थ्यो।'

टेन्डर दर्ता प्रक्रियामा २ वटा मात्र सहभागी हुनुले पनि मिलेमतोको शंका उत्पन्न भएको स्रोतको दाबी छ। बल प्रयोग गरेर सबैलाई टेन्डर प्रक्रियामा सहभागी हुन नदिने विकृति बढेपछि सरकारले अनलाइन प्रणाली अनिवार्य गरेको थियो। नियमावलीका आधारमा सार्वजनिक खरिद अनुगमन कार्यालयले जारी गरेको विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिकामा ६० लाखभन्दा माथिको लागत अनुमान भएका योजनाको अनलाइनमार्फत टेन्डर फारम दर्ता गर्नुपर्ने अनिवार्य गरेको छ। लेखा समितिका सचिव रोजनाथ पाण्डेका अनुसार छानबिन क्रममा समितिले सार्वजनिक खरिद

> सार्वजनिक खरिद ऐन बेवास्ता गरी सीमित ठेकेदारको टेन्डर दर्ता गराएको उजुरीपछि लेखा समितिले छानबिन थालेको हो

ऐन अनुगमन कार्यालयको राय मागेर पेस गर्न प्राधिकरणलाई निर्देशन दिएको छ। अनिवार्य रूपमा प्रयोग गर्नुपर्ने अनलाइन प्रणालीलाई किन बेवास्ता गरियो र ठेकेदारले सहज रूपमा फर्म दर्ता गर्न किन पाएनन् भन्ने प्रश्न उब्जेको उनले बताए। 'राय के आउँछ, हेरेर त्यसका आधारमा थप अनुसन्धान अघि बढ्छ,' उनले भने।

अनुगमन कार्यालयका निर्देशक सुवास सिवाकोटीले सार्वजनिक खरिद ऐन, नियमावली र निर्देशिका सबैले पालना गर्नुपर्ने बताए। यो अनिवार्य प्रावधान हो,' उनले भने, 'हरेक कार्यालय प्रमुखका लागि आचारसंहिता पनि हो, कसैले बेवास्ता गऱ्यो भन्दैमा नियम मिच्न पाइँदैन।'

प्राधिकरणले दाता पखेंने

टेन्डर प्रक्रिया विवादमा परेपछि जर्मन सरकारमार्फत सहयोग प्रदान गर्ने केएफडब्लू बैंकका प्रतिनिधिसँग परामर्श गरिने भएको छ। टेन्डर प्रक्रियामा ढिलाइ भए पनि तत्कालै निकास नदिए दाताले सहयोग रोक्न सक्ने मौखिक जानकारी गराएपछि प्राधिकरणले परामर्श गर्न लागेको हो, स्रोतले भन्यो।

आयोजना प्रमुख राउतले दातृनिकायका प्रतिनिधि नोभेम्बरमा नेपाल आउने 'सेड्युल' पाएको जानकारी दिए। 'अब उहाँहरूसँग बसेर छलफल गर्ने सोचमा छौं,' उनले भने, 'भूकम्पपछि प्राप्त रकम ट्रान्समिसन लाइन निर्माणमा लगाइएको हो। ट्रान्समिसन बनाउन प्रयोग गरिएको रकम जर्मनको मात्र नभई अरू निकायको पनि छ। उक्त रकम अनुदान मात्र नभई ऋण सहयोग पनि हो।'

टेन्डर गरिएको स्थानीय आयोजनाका लागि बन्ने संरचनाको लगानी रकम भने सबै जर्मन सरकारको अनुदान हो। 'दाताबाट अनुमोदन गराएर टेन्डर गरेकाले अनलाइन प्रणाली प्रयोग गर्नुपर्छ भन्ने लागेन,' राउतले भने, 'टेन्डर फारम खोले पनि विवाद उत्पन्न भएकाले कसलाई दिने निर्णय गरेका छैनौं।'

उजुरीकर्ता नै मिलेमतोमा

लेखा समितिमा उजुरी गर्ने रोशन-लिक जेभी कन्ट्रक्सनले फर्म दर्ता गराउने अवसर पाएका दुई कम्पनीसँगै मिलेमतो गरेको छ। सार्वजनिक खरिद ऐन मिचेको र आफूले टेन्डर फारम दर्ता गर्न नपाएको भन्दै लिखित जानकारी गराएको रोशन-लिकले पुनः अर्को पत्र लेखेर आफूले दिएको उजुरी फिर्ता लिएको छ।

लेखा समितिले छानबिन गर्न थालेपछि उजुरीकर्ताले प्रक्रिया ठीक भएको लिखित जानकारी गराएपछि मिलेमतोको शंकालाई पुष्टि गरेको समितिका एक कर्मचारीले बताए। रोशन कन्स्ट्रक्सनले आफूले गत साउन २८ मा दिएको निवेदन रद्द गरिपाऊँ भन्ने बेहोराको निवेदन समितिमा दर्ता गराएको छ। 'जसले उजुरी दियो, उसैले यस्तो निवेदन दिएकाले टेन्डर फर्म दर्तापछि झन् अर्को मिलेमतो भएको देखिन्छ,' समितिका अधिकारी भन्छन्, 'यसमाथि थप छानबिन हुनुपर्ने देखिन्छ।'

स्रोतका अनुसार लेखा समिति अनुगमन कार्यालयले दिने राय र प्राधिकरणले पेस गर्ने 'डकुमेन्ट' पर्खेर बसेको छ। अनुगमन कार्यालय स्रोतका अनुसार कानुनबमोजिम टेन्डर प्रक्रिया अघि बढाउन भनिसकिएको छ तर त्यसको लिखित भनाइ नआएकाले प्राधिकरण अलमलमा रहेको देखिन्छ।

पशुपति परिसरनजिकै शुक्रबार बाग्मती नदीमा महिला। बाग्मतीको पानी सफा भए पनि केही पर पुगेपछि ढल मिसाइएको छ। *तस्बिर : इलिट जोशी/कान्तिपुर*

दोहोरो स्रेस्ता राखी विद्यालयको जग्गा बिक्री

■ **नगेन्द्र अधिकारी** (काभ्रे)

मालपोत कार्यालय काभ्रेको कमजोरीको फाइदा उठाउँदै जग्गाको दोहोरो स्रेस्ता राखेर विद्यालयको ९ रोपनी जग्गा व्यक्तिले बिक्री गरेका छन्। सांविक नासिकास्थान साँगा १ मा रहेको चक्रज्योति माध्यमिक विद्यालयको ९ रोपनी ५ आना २ पैसा १ दाम जग्गा स्थानीय शम्भुबहादुर थापा र उनका भाइहरूले बिक्री गरेका हुन्।

विद्यालय र बनेपा नगरपालिका-१३ ले दोहोरो स्रेस्ता हटाई दिन भन्दै मालपोत कार्यालय काभ्रेपलाञ्चोकलाई ०७६ असोज ८ मा पत्र लेखेको थियो। सोही पत्र आधारमा मालपोतले कैलाश विकास बैक, मंगलबजार, ललितपुर, टेम्पल ट्री डेभलपर्स प्रालि काठमाडौं महानगरपालिका १, लक्ष्मी प्रसाई शनिश्चरे ७ झापा र शम्भुबहादुर थापा जनागालका नाममा ०७६ असोज १० मा १५ दिने पत्र काटेको थियो। सोही जग्गाको दोहोरो स्रेस्ता हटाउनतर्फ कारबाही गर्ने र कारबाहीको टुंगो नलागुन्जेलसम्म उपरोक्त कित्ताका जग्गाहरू मालपोत ऐन २०३४ को दफ (८) बमोजिम रोक्का राख्ने निर्णय गरेको छ।

थापाले मुद्दा पैरवी चलिरहेकै अवस्थामा ०३१ असार १९ मा कित्ता नम्बर १२७ को जग्गा कित्ताको हक आफ्नो नाममा कायम गरी सो प्रमाणपुर्जा लिए पनि मुद्दा हारेपछि मालतपोतले दोहोरो स्रेस्ता राखिदिएकोले विद्यालयको जग्गा बिक्री भएको हो। ०३९ असोज १० मा अदालतको आदेश आधारमा मालपोत कार्यालय काभ्रेले कित्ता नम्बर १३३ को ९ रोपनी ८ आना ३ पैसा १ दाम भीर, कित्ता नम्बर १३४ को ७ रोपनी २ आना १ पैसा १ दाम र कित्ता नम्बर १२७ मा ९ रोपनी ५ आना २ दाम १ पैसा भीर जग्गा दर्ता गरी लालपुर्जा विद्यालयको नाममा कायम गरिएको थियो। तर, स्रेस्ता नहटाएको कारण विद्यालयको उक्त जग्गाको लालपुर्जा थापाको नाममा समेत थियो। मुद्दा हारे पनि आफ्नो हातमा लालपुर्जा भएपछि थापाले कित्ताकाट गरी दिएको विद्यालयमा रहेको कित्ता नं १२७ को जग्गा भाइ केशव र वासुदेवले शनिश्चरे-७, झापाका लक्ष्मी प्रसाई र टेम्पल ट्री डेभेलपर्सलाई बिक्री गरेका थिए। प्रसाई र उनको कम्पनीले ती जग्गा प्लटिङसमेत गरिसकेका छन्। ०५५ पुस २५ मा शम्भुबहादुर थापाले भाइहरू केशव र वासुदेवसमेतलाई कित्ता नम्बर १२७ को जग्गाबाट बकसपत्र गरी कित्ताकाट गरी दिए। चक्रज्योति माविको नाममा समेत लालपुर्जा भएको उक्त जग्गा नापी कार्यालय काभ्रेले पटकपटक कित्ताकाट गरेको छ। केशवको नाममा कित्ता १३४९ र वासुदेवको नाममा १३५० र १३५१ कित्ता कायम भयो। शम्भुबहादुरलाई कित्ता १३५२ कायम गरी जग्गा बाँकी राखियो। कित्ता १३४९ मा १० आना, १३५१ मा २ रोपनी ७ आना १ पैसा, १३५० मा ३ रोपनी २ आना जग्गा कायम थियो। आफ्नो नाममा भएका दुई कित्ता केशवले ०७४ जेठ ११ मा लक्ष्मी प्रसाईलाई बिक्री गरे। फेरि ०७६ साउन २३ मा वासुदेव थापाको नामको कित्ता १३५१ को जग्गा उनै लक्ष्मी प्रसाई प्रोपाइटर रहेको टेम्पल ट्री डेभलपर्सका नाममा खरिद भएको छ। विद्यालयको उक्त ६ रोपनी ३ आना १ पैसा जग्गा लक्ष्मी प्रसाईले वासुदेव थापासँग खरिद गरे। केशवबहादुरमार्फत खरिद गरेको जग्गा लक्ष्मी प्रसाईले कैलाश विकास बैक मंगलबजार ललितपुरका नाममा रोक्का राखी २ करोड ऋण स्वीकृत गराएका छन्। स्थानीयको अवरोधका बीच प्रसाईले जग्गामा प्लटिङ गरिरहेका छन्।

विद्यालय व्यवस्थापन समिति अध्यक्ष हरिभक्त श्रेष्ठले भने, 'मलाई नगरपालिकाले विद्यालय व्यवस्थापन समितिको अध्यक्ष नियुक्ति गरेलगत्तै विद्यालयको नाममा भएको जग्गाको नापीबाट नक्सा लिन जाँदा जग्गा बिक्री भएको थाहा पाएँ,' उनले भने, 'लगत्तै मालपोतमा गएर बिक्री भएको जग्गा रोक्का राखी फिर्ता गर्न निवेदन दर्ता गरायौं।' मालपोतले काभ्रेले विद्यालयको जग्गा बिक्री गर्न नसक्ने भनेको भए पनि विश्वास नभएको उनले बताए। प्रधानाध्यापक चन्द्रप्रभा शाक्यले विद्यालयको जग्गा संरक्षणका लागि मालपोतमा निवेदन दिएको बताइन्। शम्भुबहादुरले भाइहरूलाई अंशबापत् जग्गा बकस गरी दिएको जग्गा आफ्नो भएको दाबी गरे। '०२२ मा खरिद गरेको जग्गा विद्यालयलाई जग्गा दान गरेको हो, १२७ नम्बर कित्तामा कतै झगडिया जनिएको छैन, त्यैसेले नापी गरेर लालपुर्जा बनाएको हो,' जिल्ला अदालतमा मुद्दा चल्दा १३७ नम्बर कित्तामा मुद्दामा चलेको भए पनि बाग्मती अञ्चल अदालतमा १२७ नम्बर कित्तामा फैसला भएको शम्भुबहादुर थापाले बताए।

धमाधम ठडिँदै भवन

सिन्धुपाल्चोक (कास)- जिल्लाको तीन नगर र नौ गाउँपालिकाभर वैदेशिक र संघसंस्थाको सहयोगमा धमाधम विद्यालय भवन ठडिन थालेका छन्। जिल्लाभर भत्केका ५ सय २८ मा करिब दुई सय ९० विद्यालयको सुविधासम्पन्न भवन बनिसकेको जिल्ला आयोजना कार्यान्वयन एकाई (शिक्षा) ले जनाएको छ। तीमध्ये दुई सय ८७ वटा विद्यालय विभिन्न संघसंस्थाले बनाइरहेकोमा हालसम्म एक सय ८७ भवन बनिसकेका छन्। बाँकी दुई सय विद्यालय धमाधम बनिरहेका छन्।

बाह्रबिसे नगर वडा ५ र ६ मा जर्मनको र नमस्ते नेपालको सहयोगमा आठवटा भवन ठडिए। प्रदेशका पर्यटन तथा वन मन्त्री अरुण नेपालसहित दातृनिकाय जर्मन र होल्यान्ड पाहुनाले एकैसाथ विद्यालय जनप्रतिनिधि, स्थानीयलाई जिम्मा लगाए। 'चार वर्षपछि बालबालिकाले बल्ल पक्की भवन पाएका छन्, त्यसैको खुसीले उनीहरू खुब रमाएका छन्,' बाह्रबिसे नगरस्थित सिर्गाचे आधारभूत विद्यालयकी प्रधानाध्यापक विष्णुदेवी पराजुलीले भनिन्।

गातीस्थित कालीदेवी माविबाहेक सेतीदेवी, गोरखनाथ, बालहित, सिंगार्चे, श्री खडादेवीसहित आठ विद्यालयले सुविधा सम्पन्न भवनसँगै शौचालय पनि पाएका छन्। भूकम्पको तीन वर्षसम्म अस्थायी टहरामा सञ्चालन भइरहेका विद्यालय चार वर्षपछि आफ्नै भवन पाएका छन्। 'सरकारी निकाय र विदेशी, संघसंस्थाको हातेमालोमा विद्यालय पुनर्निर्माणले फड्को मारेको हो, नभए दुर्गम क्षेत्रमा आवश्यक पूर्वाधारको समस्या थियो,' जिल्ला आयोजना कार्यान्वयन एकाई (शिक्षा) का कार्यालय प्रमुख यमबहादुर खड्काले भने।

सम्पर्क:

निरञ्जन रेग्मी
९८०१२२८४७६
पाल्पा, बुटवल, भैरहवा, नवलपरासी
चितवन, हेटौंडा
niranjan.regmi@kmg.com.np

महेन्द्र ढुङ्गाना
९८०१२२८४७७
पोखरा, स्याङ्जा, दमौली, बाग्लुङ
म्याग्दी, गोरखा, लमजुङ, मनाङ, मुस्ताङ
mahendra.dhungana@kmg.com.np

विजय कार्की
९८१५५४८२७८
नेपालगञ्ज, धनगढी, सुर्खेत, दाङ
bijay.karki@kmg.com.np

दिपक ठाकुर-प्रदेश २
९८०१००८८०२
जनकपुर, बीरगञ्ज, लाहान, राजविराज, सर्लाही,
deepak.thakur@kmg.com.np

विपिन निरौला
९८०१२२८४४२
विराटनगर, इटहरी, दमक
बिर्तामोड, इनरुवा, इलाम, पाँचथर,
सङ्खुवासभा, ताप्लेजुङ, धरान,
धनकुटा, ओजपुर, सोलुखुम्बु,
ओखलढुङ्गा, गाईघाट,
खोटाङ

KANTIPUR PUBLICATIONS PVT. LTD.

कान्तिपुरमा विज्ञापन
तपाईंको प्रदेशमा सजिले, सुलभ दरमा

कान्तिपुर राष्ट्रिय दैनिकमा विज्ञापन
गर्नुहोस् तपाईंकै प्रदेशबाट सुलभ दरमा

TODAY'S NEWS

ENJOY DOLBY ATMOS SOUND
BIG Movies
NOW SHOWING
JOKER : 9:00 AM, 10:45 AM, 3:45 PM, 5:15 PM
KABADDI KABADDI KABADDI : 2:00 PM
ZOMBIELAND : DOUBLE TAP : 11:45 AM
CHA MAYA CHAPAKKAI : 11:15 AM, 2:15 PM, 6:15 PM, 7:45 PM, 9:15 PM,
WAR : 8:00 AM, 5:00 PM, 8:30 PM
3D MALEFICENT : MISTRESS OF EVIL: 8:15 AM, 1:15 PM
4011643/45, 01-2112233
NLIC City Centre Kamalpokhari, Kathmandu
www.bigmovies.com.np
facebook/bigmoviesnepal
Wednesday & Thursdays At Rs. 185* Conditions apply

QFX cinemas NEXT CHANGE
For booking and updated info:
Kathmandu: 01-4442220
Narayanghat: 056-522079
Nepalgunj: 081-411330
Pokhara: 061-522630/47
Birtamode: 023-543083
qfxcinemas.com
ZOMBIELAND DOUBLE TAP
Disney MALEFICENT MISTRESS OF EVIL IN CINEMAS SOON

BG Mall
BSR MOVIES
FIRST TIME IN NEPAL
DOLBY ATMOS SOUND
For booking: 01-4362712
Gangabu, Kathmandu
www.facebook.com/bsrmoviesnepal
www.bsrmovies.com
NOW SHOWING
CURRENT SHOWTIME

MOVIES	ATMOS 1	ATMOS 2
CHA MAYA CHHAPAKKI	8:00 am | 1:45 pm | 5:00 pm	2:30 pm | 8:30 pm
3D: MALEFICENT	11:00 am	
ZOMBIELAND: DOUBLE TAP		11:30 am
JOKER	8:00 pm	8:30 am
WAR		5:30 pm

XTENDED SUPER DAYS TUESDAY Et WEDNESDAY -190 ALL DAY LONG
BSR owns the rights to change the show time

Showing Time 8:20, 11:20, 2:20, 5:20
GUNA GROUP गुण सिनेमा हल प्रा. लि. Guna Cinema P. Ltd.
Lyrics जुनेली MOVIE SONG
दीपक-दीपाको
• War • छ माया छ पक्कै • काले दाई • रातो टिका • कबड्डि कबड्डि • हिरो नम्बर १ • लक्ष्मी रानी
• छ माया छ पक्कै • लक्ष्मी रानी • रातो टिका निदारमा • साहो • War • कबड्डी कबड्डी ३ • मारुनी

तपाईको आज

मेष	पुण्य आर्जन	तुला	पूण्य आर्जन
वृष	धन आर्जन	वृश्चिक	आलस्यता
मिथुन	प्रशन्नता	धनु	मित्र भेट
कर्कट	केही लाभ	मकर	अस्वस्थता
सिंह	कार्य सफल	कुम्भ	अभिलाषा पूर्ण
कन्या	मिष्ठान्न भोजन	मीन	द्विविधा बढ्ने

भोलिको पात्रो

विक्रम संवत् २०७६ साल कार्तिक ३ गते आइतबार तदनुरुप २० अक्टोबर २०१९ कार्तिक कृष्णपक्ष सप्तमी तिथि रात्रिको २:५८ बजेसम्म उप्रान्त अष्टमी तिथि, आर्द्रा नक्षत्र दिनको ३:३८ बजेसम्म उप्रान्त पुनर्वसु नक्षत्र, शिव योग रात्रिको ११:१४ बजेसम्म उप्रान्त सिद्ध योग, भद्रा करण दिनको ३:४० बजेसम्म उप्रान्त बव करण, मिथुन राशिमा चन्द्रमा।

ज्यो. रामप्रसाद सिटौला

कान्तिपुर टेलिभिजन

५:००	भक्तिसुर
५:३०	आध्यात्मिक सन्देश
६:००	जीवन विज्ञान
६:३०	मार्गदर्शन (लाइभ)
७:००	कान्तिपुर समाचार
८:००	गुडमर्निङ नेपाल
८:३०	कान्तिपुर न्युज
९:००	हर्के हल्दार (रिपिट)
१०:००	कान्तिपुर समाचार
१०:३०	मनी टक्स (रिपिट)
११:००	कान्तिपुर न्युज
११:३०	यू एण्ड आई (रिपिट)
१२:००	कान्तिपुर समाचार
१२:३०	सरोकार (रिपिट)
१:३०	कान्तिपुर समाचार
२:००	मुभी
४:००	कान्तिपुर समाचार
४:३०	यू एण्ड आई (रिपिट)
५:००	कल कान्तिपुर
६:००	कान्तिपुर न्युज
६:३०	हियर्ज द् लाइफ
७:००	कान्तिपुर समाचार
७:३०	प्रदेश विशेष (लाइभ)
८:००	कान्तिपुर समाचार
९:००	आउन मर्सेज खाउन
१०:००	हियर्ज द् लाइफ (रिपिट)
१०:३०	कान्तिपुर न्युज
११:००	प्रदेश विशेष (रिपिट)
११:३०	कान्तिपुर समाचार
१२:००	कल कान्तिपुर रिपोर्टेड
१:००	कान्तिपुर न्युज रिपोर्टेड
१:३०	हियर्ज द् लाइफ (रिपिट)
२:००	कान्तिपुर समाचार (रिपीट ९)
२:३०	मार्गदर्शन (रिपिट)
३:००	कल कान्तिपुर रिपोर्टेड
४:००	आउन मर्सेज खाउन (रिपिट)

रेडियो कान्तिपुर रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

००:०५	भक्ति अनुष्ठान (बालचन्द्र)
०६:३०	कान्तिपुर डायरी
०७:००	द हेडलाइनर्स
०७:३०	विज्ञान प्रविधि (नाष्ट)
०८:००	डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी
०८:०५	द गुडमर्निङ शो (गुपेन्द्र)
०८:३०	ओल्ड इज गोल्ड
०९:००	कान्तिपुर डायरी
०९:१०	ट्राफिक अपडेट
०९:१५	राष्ट्रिय गीत
०९:२०	घुम्ने मेच (डिनेश डिसी)
१०:००	स्पोर्टस् डायरी
१०:०५	गजब छ बा (दुर्गाराज)
११:००	आर्ट एन्ड इन्टरटेनमेन्ट डायरी
११:०५	गोल्स् पिपुल प्ले (प्रिन्यंका)
१२:००	कान्तिपुर डायरी
१२:१०	टप टेन (धलिसा)
१३:००	डिस्ट्रिक डायरी
१३:०५	सेलिब्रेटी आवर (रस्मिला)
१४:००	इन्टरनेसनल डायरी
१४:०५	किक स्टार्ट (सञ्जय गुप्ता)
१५:००	कान्तिपुर डायरी
१५:५५	राइवार (नन्दकुमार)
१६:००	हेल्थ एन्ड इजुकेसन डायरी
१६:०५	विवेक फिक्स (रिमता/धलिसा)
१७:००	डिष्ट्रिक्ट डायरी
१७:०५	म्युजिक लाउन्ज (राजेश पाण्डे)
१८:००	ज्योतिश दर्शन (शिवराज)
१८:३०	कान्तिपुर डायरी
१९:००	काठमान्डु बीट (साग्रारिका)
२०:००	सेक्सुएरिटी एन्ड क्राइम डायरी
२०:०५	रक मेसिन (मानस्मी वान्तवा)
२१:००	कान्तिपुर डायरी
२१:२५	न्युज मेकर अफ द डे
२१:३०	हेलो मिथिला (धिरेन्द्र/रुपा)
२३:००	सो टाइम (स्वर्ण)
२४:००	टप टेन (धलिसा)
२४:१०	म अनि मेरो कथा (शुभ)
०२:००	नेपाली गीतहरू लगातार
०३:००	हिन्दी गीतहरू लगातार
०८:००	भजनहरू लगातार

अस्पताल र विविध

रक्तसञ्चार केन्द्र	४२२५३४४
वीर अस्पताल	४२२१०८८
त्रिवि शिक्षण अस्पताल	४४१२७०७
कान्ति बाल अस्पताल	४४१५५५०
प्रसूति गृह	४२५३०७६
टेकु अस्पताल	४२५३३०६
पाटन अस्पताल	५५२२२७८
शहीद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र	४३७१३२०/४३७१३७६
मानसिक अस्पताल	५५२१३३३
नेपाल आँखा बैंक	४४२३६८४
नेपाल आँखा अस्पताल	४२५०६२९
तिलगंगा आँखा अस्पताल	४४२३६८४
नेपाल अर्थोपेडिक अस्पताल	४२९१०२५
मरक्युर अस्पताल	६६१०६०६
नेपाल मोडिकल कलेज तथा शिक्षण अस्पताल	४२९१००८
काठमाडौं मोडिकल कलेज तथा शिक्षण अस्पताल	४४०६४५२
काठमाडौं मोडेल अस्पताल	४२४०८७५/६
नेपाल मेडिसिटी अस्पताल	९९३४/४२५७०६६/४२५७०५५
बी एण्ड बी अस्पताल	५५३३०७६
मेडीकेयर मेगानल अस्पताल	४४६०८६०
मेडीकेयर मेगानल अस्पताल (धनकुलेन्स)	४४६०८६०
कान्तिपुर मरिपटल	४५९९२५७/८५८
ॐ हरपिटल एण्ड रिसर्च सेन्टर	४४०६२२५
नर्भिक, थापाथली	४२५८५५४
वग्गेश्वा अस्पताल (प्रा.) लि.	४२८६४२८/४२८५६६६
लाइफ केयर अस्पताल	४२२७०३५
मितेरी अस्पताल	६६३५०३६/६६३४०५६
क्यापिटल हरपिटल (प्रा.) लि.	४२४४०२२
मरक्युर रेडक्रस	६६९२२६६
नेशनल किड्नी सेन्टर	४३६३४५२/४३६०८८९
नेपाल मेडिसिटी	४२५७०६५५/४२५७०६६
मानसिक अस्पताल	४४८०५७०
हुवानस अस्पताल	४३७०४०४/४३७०७०४
ईशान बाल नर्सिङ होम तथा प्रसूति गृह	४३४५३७/४३८५०६२
गोरखा अस्पताल र रिसर्च इन्टिच्यूट	४२४८५४२/४२४८५४५
मनमोहन मेमोरियल अस्पताल	४४५६०४/४४२०८२३
मेरोसा अस्पताल प्रा.लि.	४४७४९६८/४४८९८२९
सामुदायिक मानसिक स्वा. से. केन्द्र	०१ ६२५२१४४
जनमैत्री हरपिटल	४३६६३०१-०५
मरज्युर अस्पताल	०१-५०२३३८८/५०२३३०५/५०२३३७२
विनायक अस्पताल तथा प्रसूति गृह	४३८३४२०/४३८०८४८
केन्द्रीय पशु चिकित्सालय	४२६१३८२/४२२९०४७/४२६२९२३
हेल्थ हेल्दस सामुदायिक अस्पताल	४४७३४९८/४४७०६१५
शहीद मेमोरियल अस्पताल	४४०२२३८/०१६२०८६०२
स्पार्क हेल्थ होम अस्पताल	४२७३०२४/४२७०२२३
ओम समाज अस्पताल	४३९३५२२
स्टार अस्पताल	५५५०१९७/५५५०१९८/५५५२२७७
अल्का अस्पताल	५५५५५५५
नाजारिक सामुदायिक अस्पताल	६६३७०००/४६३२९८४
हिमाल अस्पताल/धनकुलेन्स	४४५५०६६/४४९२६०२
स्पाइनल इन्जरी पुनस्थापना केन्द्र	०७९-६६८८४७/६६०८४८
काठमाडौं अस्पताल	४२२२२२२
अन्तराष्ट्रिय मैत्री बाल अस्पताल	४४१९९३४/४४५४४१
बी.पी. स्मृति अस्पताल	४३८७०२४/४३८७०१६
सुनेरु अस्पताल	५२७४३०७/५२७४०८८/९९
वेलकेयर हरपिटल	४४२६१३५/४४२६१८
धमरेस्ट हरपिटल	४७८२०२४/४७८३०२४
काठमाडौं नाक कान घाँटी अस्पताल	४२४५५५४/४२२६७३०
ग्रान्डी इन्टरनेसनल हरपिटल	५५५२२६६/५५५२२६७
ग्रिन सिटी हरपिटल	४३५२२४८/४३५०४५२
शुलेक्षा इन्टरनेसनल हरपिटल	४२८९४३०/४२८९४३५
कान्तिपुर जनरल हरपिटल	४३८५९२०/४३८५९९१
निःशुल्क मोबियो दातब्य	४२५५४०/४२५५४९१
दीर्घायु गुरु हरपिटल	४४६२५२३/९८४४८५५५०
गणेशमान सिंह मेमोरियल अस्पताल	०१-५५३०८८४/५५२३४२०, ५५४४२४४/५५५५८७४
ॐ समाज डेण्टल हरपिटल	०१-४४७३४४४/४४८०८८०

प्रहरी र एम्बुलेन्स

प्रहरी कन्ट्रोल	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२६९२४५/४२६९७२०
जिल्ला प्रहरी (ललितपुर)	५५२२२०७
जिल्ला प्रहरी (भक्तपुर)	६६१४८२९
आकस्मिक प्रहरी सेवा	४२२६२२२
ट्राफिक प्रहरी	१०३
दमकल	१०१
श्री सच्च साई निःशुल्क धनबुलेन्स/शववाहन	४४२८०३५
सुनेरु धनबुलेन्स सेवा	०१ ५५५५५५०,९७५२०४६५४०
परोपकार धनबुलेन्स सेवा	४२६०८५२
बिशालबजार धनबुलेन्स सेवा	४२४४२२९
रेडक्रस धनबुलेन्स सेवा	४२२८०२४
ललितपुर रेडक्रस धनबुलेन्स सेवा	५५४५६६६
अग्रवाल सेवा केन्द्र	४४२४८७५

शववाहन र विविध

नेपाल चेम्बर अफ कमर्स	४२३०२९३
पशुपति आर्यघाट सेवा केन्द्र	४४०२२९९
देव कर्मर नि:शुल्क सवबाहन सेवा	४४३४०२३
बाल हेल्पलाइन नेपाल	१०९८
बालबालिका खोजतलास समन्वय केन्द्र	९०४/४२४८०८६
नेपाल मिटर दबाबकरी संघ	४२२४३७४

कान्तिपुर सम्पर्क जिज्ञासा, सुझाव तथा गुनासाहरुका लागि ९६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)

टोल-टोलमा शिशु स्याहार

नगरपालिकाले सञ्चालन गरेको शिशु स्याहार केन्द्रमा छोराछोरी छाडेर अभिभावक काममा जान्छन्

भक्तपुर नगरपालिकाले सञ्चालन गरेको शिशु स्याहार केन्द्रमा बालबालिका । तस्बिर : लीला/कान्तिपुर

■ **लीला श्रेष्ठ** (भक्तपुर)

भक्तपुर नगरपालिका-७ गोल्मढीकी रञ्जना तचामो दम्पती फर्निचरमा काम गर्छन् । उनकी २१ महिने छोरी घरनजिकै नगरपालिकाले सञ्चालन गरेको शिशु स्याहार तथा बाल विकास केन्द्र गोल्मढीमा भर्ना गरिएको छ । 'घरमा हेर्ने मान्छे छैन । छोरीलाई १६ महिनादेखि शिशु स्याहारमा राखेका छौं,' उनले भनिन्, 'नगरपालिकाले शिशु स्याहार खोलिदिँदा हामीले ढुक्कले काम गर्न पाएका छौं ।'

रञ्जनाको जस्तै गोल्मढीकै कृष्णा किसीको आफ्नै रेस्टुरेन्ट छ । २३ महिने छोरीलाई शिशु स्याहारमा राखेकी किसी दम्पती दिनभर रेस्टुरेन्टमै व्यस्त हुन्छन् । छोरीलाई बिहान साढे ९ बजे शिशु स्याहार पुऱ्याएपछि बेलुका ५ बजेसम्म ढुक्क हुने उनी बताउँछिन् । नहोस् पनि कसरी ? केन्द्रमा बालबालिककालाई पर्याप्त खेलौना राखिएका छन् ।

टीभी स्क्रिनबाट बालकेन्द्रित सामग्री देखाइन्छन् । स्याहार गर्ने २ जना सहयोगी र २ महिला शिक्षक हुन्छन् । 'घरमा बच्चा हेर्ने मान्छे राख्दा मासिक १२ देखि १३ हजार रुपैयाँ छुट्टै तलब दिनुपर्थ्यो, अहिले केन्द्रमा १ हजार रुपैयाँले खान र सरसफाइमा गरिदिन्छ,' उनले भनिन्, 'हामी त सन्तुष्ट छौं । ढुक्कले काम पनि गर्न पायौं ।' शिशु स्याहारमा गएदेखि छोरीले खेल्न, बोल्न, पढ्न र खानेकुरामा समेत चासो दिने गरेको उनले बताइन् ।

भक्तपुर नगरपालिकाले सञ्चालन गरेको शिशु स्याहार तथा बाल विकास केन्द्रबाट रञ्जना र कृष्णाले जस्तै २ सय ८५ दम्पती लाभान्वित भएका छन् । कार्यालय समयभित्र आमाबाट हेरचाह तथा रेखदेख पाउन नसक्ने अभिभावकका शिशु सहज वातावरणमा हुर्किन पाएका छन् । भक्तपुर नगरपालिका शिशु स्याहार तथा बाल विकास केन्द्र शाखा प्रमुख दीपेन्द्र प्रजापतीले नगरका बालबालिकाको शारीरिक, मानसिक र बौद्धिक विकासमा समेत सहयोग पुगोस् भनेर टोल-टोलमा यस्तो केन्द्र सञ्चालन गरिएको बताए । 'बच्चाकै कारण आमा कामबाट वञ्चित हुन नपरोस्, महिलाको श्रमशक्ति जोगियोस् भनेर केन्द्र सञ्चालन गरेका हौं,' नगरप्रमुख सुनील प्रजापतीले भने, 'नगरपालिकाले शिशु स्याहारदेखि विश्वविद्यालयसम्मको शिक्षा प्रदानको प्रयास थालेको छ ।'

नगरप्रमुख प्रजापतीका अनुसार २०५४ को स्थानीय निकायका निर्वाचित जनप्रतिनिधिले तत्कालीन १७ वटै वडामा १/१ वटा शिशु स्याहार केन्द्र स्थापनाको अवधारणा ल्याएका थिए । 'त्यसबेला नगरपालिकाले ६ वटा शिशु स्याहार तथा बाल विकास केन्द्र सञ्चालनमा ल्यायो तर, झन्डै दुई दशक जनप्रतिनिधि नहुँदा शिशु स्याहार व्यवस्थित थिएन,' उनले भने, 'हामी निर्वाचित भएपछि व्यवस्थित गर्न थाल्यौं ।' शिशु स्याहार केन्द्रलाई सुधार र थप व्यवस्थित गर्न यस वर्ष एक करोड बजेट छुट्याइएको उनले बताए । शिशु स्याहार

> शिशु स्याहार तथा बाल विकास केन्द्रबाट २ सय ८५ दम्पती लाभान्वित भएका छन्

केन्द्र नियमत र व्यवस्थित गर्न छुट्टै शाखासमेत खोलिएको छ । नगरको ६ वटा शिशु स्याहार तथा बाल विकास केन्द्रमा २ सय ८५ शिशु छन् । ४० जना शिशु क्षमताको ६ केन्द्रमा २४ कर्मचारी छन् । नगरपालिकाकै भवनमा शिशु स्याहार केन्द्रहरू सञ्चालित छन् । एउटा केन्द्रमा २ शिक्षिका र २ सहयोगीले खाना पकाउने, खुवाउने, सरसफाइ गर्छन् । केन्द्रमा राखिएका शिशुलाई समयमा खाना खुवाउने, सुताउने, उठाउने, सरसफाइ गर्ने, खेल्ने तथा संगीत सिकाउने गर्छन् । 'शिशुलाई श्रव्य-दृश्यमार्फत् अक्षर उच्चारण सिकाउने कामलाई प्राथमिकतामा राखेका छौं,' शिशु स्याहार तथा बाल विकास केन्द्र गोल्मढीकी शिक्षिका अनिता सुवालले भनिन् । शिशुलाई नेपाली, अंग्रेजी र स्थानीय भाषामा उच्चारण सिकाउने व्यवस्था गरेको नगरपालिकाले जनाएको छ ।

नगरपालिकाले शिशुको सर्वाङ्गिण विकासको लागि खानाको परिकारलाई समेत ध्यान दिएको नगरपालिकाले जनाएको छ । '६ वटै केन्द्रका शिशुले दैनिक २ पल्ट एकै किसिमको खाना खान्छन्,' शिशु स्याहार तथा बाल विकास केन्द्र शाखा प्रमुख प्रजापतीले भने । ६ वटै शिशु स्याहार केन्द्रमा दिइने खानाको परिकार पनि एउटै छ । आइतबार अण्डा, दूध, जाउलो, सोमबार दूध, पाउरोटी, जाउलो खुवाइन्छ । मंगलबार दूध, बिस्कुट, जाउलो बुधबार फलफूल, दुध, जाउलो, बिहीबार दूध, पाउरोटी, जाउलो र शुक्रबार खीर खुवाउने व्यवस्था रहेको केन्द्रले जनाएको छ । शिशु केन्द्रमा कार्यरत कर्मचारीलाई सरकारले तोकेको सुविधा दिएको केन्द्रका प्रमुख प्रजापतीले बताए ।

शिशु स्याहार केन्द्रलाई नगरको १० वटै वडामा विस्तार गर्ने लक्ष्य लिएको नगरपालिकाले जनाएको छ । हाल भक्तपुर-१ भार्वाचो, वडा नम्बर ४ मंगलतीर्थ, वडा नम्बर ७ गोल्मढी र इनाचो (खंचा), वडा नम्बर ६ भोलाछें र वडा नम्बर ८ लिवालीमा शिशु केन्द्र सञ्चालित छन् । नगरपालिकाको पूर्ण निगरानीमा सञ्चालन गर्ने गरी भार्वाचो, जेलां, कमलविनायक, खौमालगायतमा केन्द्र स्थापना गर्न अध्ययन तथा छलफल भइरहेको शाखा प्रमुख प्रजापतीले बताए । 'निजी लगानीमा सञ्चालन भएको शिशु स्याहार केन्द्रसँग हामी प्रतिस्पर्धा गर्न योग्य भएपछि थप वडामा पनि केन्द्र विस्तार गर्छौं,' मेयर प्रजापतीले भने, 'अहिले निजीले १० हजार पनि पनि लिने गरेका छन्, हामीचाहिँ एक हजार लिएर नगरवासीका छोराछोरीको स्याहार गर्ने व्यवस्था गरेका छौं ।'

केन्द्रसँगै बाल कक्षा (यूकेजी/एसकेजी) को माग अभिभावकहरूको रहेको नगरपालिकाले जनाएको छ । 'घरनजिकै शिशुको राम्रो रेखदेख देखेपछि अभिभावकको अपेक्षा बढेको छ,' शिशु केन्द्र शाखा प्रमुख प्रजापतीले भने, 'कक्षाको क्षमता बढाउने अनुरोध अभिभावकको छ ।'

नगरपालिकाले शिशु केन्द्रलाई थप व्यवस्थित बनाउन निर्देशिकाको खाकासमेत तयार गरेको छ ।

घरभाडाका कारण शुल्क

■ **सीमा तामाङ** (ललितपुर)

लक्ष्मी मरेटा खाजा पसल छ । बिहानदेखि बेलुकासम्म खाजा पसलमा दुवै जना व्यस्त हुन्छन् । छोरी विद्यालाई भने ललितपुर महानगरपालिकाले सञ्चालन गरेको शिशु स्याहार केन्द्रमा भर्ना गरेकी छन् । यसअघि उनलाई निजी मन्टेश्वरीमा भर्ना गरेक थिइन् । महँगो शुल्क तिरेर पनि राम्रो सेवा नपाएपछि उनले महानगरले सञ्चालन गरेको विद्यालयमा भर्ना गरेकी हुन् । लक्ष्मीले अहिले खानाको नौ सय र मासिक शुल्क ६ सय रुपैयाँ तिर्ने गरेकी छन् । निजीमा दुई हजारभन्दा बढी तिर्थिन् । महानगरको शिशु स्याहार केन्द्र सुविधा सम्पन्न भएपछि बालबालिका पनि खुसी छन् । 'सुरूका केही दिन स्कुल नजाने भनेर रोए पनि त्यसपछिका त्यस्तो भएन,' ह्यान्डी क्राफ्टका काम गर्ने रविन महर्जनले भनिन्, 'अहिले बिरामी हुँदा र बिदाको दिन पनि स्कुल जाने भनेर जिद्दी गर्ने गर्छन् ।' २ वर्ष पुगेको श्रयस हाँसीखुसी स्कुल आउँछन् । बाबुआमाले जस्तै स्याहार गरेकोले काममा जाँदा पनि ढुक्क हुने गरेको उनले बताइन् ।

ललितपुर महानगरको समाज कल्याण महाशाखाअन्तर्गत ८ बाल विकास केन्द्र सञ्चालनमा छन् । महानगरको वडा नम्बर २० मा दुई ओटा, १७, १४, ४, ८,५, १६ मा यस्ता बाल विकास केन्द्र सञ्चालनमा छन् । ०५७ सालदेखि नै यस्ता बाल विकास केन्द्र सञ्चालनमा रहेको महाशाखाकी शाखा अधिकृत सरिता महर्जनले बताइन् । महाशाखाले सबै केन्द्रमा २ र वडा नम्बर ४ र २० मा ३ जनाको बजेट दिएर बालबालिकाको स्याहार गर्ने व्यवस्था मिलाएको छ । महानगरपालिकाले शिक्षकको तलब, अभिभावक भेला गर्न ७ हजार, शैक्षिक सामग्रीका लागि १० हजार र शिक्षकलाई तालिमसमेत दिने गरेको छ ।

वडा नम्बर ५ को थसिखेलमा रहेको बाल विकास केन्द्रमा पहिले शुल्क लिइने गरे पनि अहिले वडा कार्यालयले दिने भएपछि निःशुल्क रूपमा केन्द्र सञ्चालन गरिरहेको नानीमाया कपालीले बताइन् । स्याहार केन्द्र सञ्चालन गर्न गत वर्ष वडा कार्यालयले १ लाख ७५ हजार रुपैयाँ बजेट नै छुट्याएको थियो । यस वर्ष पनि योजना बनिरहेको छ । त्यस्तै वडा- ८ बालकुमारीनजिकै रहेको केन्द्र भाडाको घरमा सञ्चालन गरिएको छ । यहाँ भने शुल्क लिने गरेको छ । 'घर भाडा तिर्नुपर्ने भएकोले न्यून शुल्क लिने गरेका छौं,' केन्द्रकी प्रमुख लक्ष्मी महर्जनले भनिन् । वडा नम्बर २० मा सञ्चालन गरिएको केन्द्रका शिक्षक गंगा महर्जनले बच्चालाई रङ भर्न, रङ चिन्न, चाडपर्व, तरकारी, फलफूलको नाम चिनाउने गरेको बताइन् ।

विदेशी सम्बन्धनका कलेजलाई मापदण्ड

काठमाडौं (कास)- विदेशी शिक्षण संस्थाबाट सम्बन्धन लिएर मापदण्ड पूरा नगरी चलेका कलेज बन्द हुने भएका छन् । विश्वविद्यालय अनुदान आयोगका सदस्यसचिव देवराज अधिकारीको संयोजकत्वमा गठित अध्ययन कार्यदलले भौतिक, शैक्षिकलगायतका पूर्वाधार पूरा नगरेका शिक्षण संस्था बन्द गर्न सुझाव दिएअनुरूप शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले मापदण्ड तयार गरिरहेको छ ।

शिक्षा मन्त्रालयमा दर्ता भएर विदेशी शिक्षण संस्थाबाट सञ्चालित कलेज ९५ वटा छन् । कतिपय कलेजले मन्त्रालयको स्वीकृतिबिनै शैक्षिक कार्यक्रम चलाउँदै आएका छन् । 'मन्त्रालयले विदेशी शिक्षण संस्थाबाट सम्बन्धन लिएर सञ्चालित कलेजका विषयमा मापदण्ड बनाउँदै छ,' उच्चशिक्षा महाशाखाका सहसचिव रामशरण सापकोटाले उनले भने, 'छिट्टै मापदण्ड स्वीकृति गराएर कार्यान्वयनमा जान्छौं ।'

कार्यदलले अध्ययनका क्रममा ती शिक्षण संस्थाको अनुगमनसमेत गरेको थियो । अनुगमनकै आधारमा ए लेभलका कार्यक्रम सञ्चालन गर्ने ९ वटा शिक्षण संस्थालाई बन्द गराउन कार्यदलले सिफारिस गरेको छ । ए लेभल चलाउने शिक्षण संस्थाहरूले शैक्षिक मापदण्ड पूरा नगरेका कारण बन्द गराइने जानकारी सापकोटाले दिए ।

मन्त्रालयले भौतिक पूर्वाधार, शिक्षण गतिविधि, शैक्षिक कार्यक्रम, परीक्षाको स्तरीयता, ल्याब, लाइब्रेरीको अवस्थासमेतलाई मूल्यांकन गर्ने गरी मापदण्ड प्रस्ताव गरेको छ । 'न्यूनतम मापदण्ड पनि पूरा नभए कलेज बन्द गराउनुको विकल्प हुँदैन,' उनले भने, 'मन्त्रालयले तय गरेको नयाँ मापदण्ड पूरा गर्न चाहने कलेजलाई बन्द गराउनुअघि निश्चित समयसीमा दिन सकिन्छ ।'

गुन्डा नाइकेसहित २३ डिपो सञ्चालक पक्राउ

कान्तिपुर संवाददाता (काठमाडौं)

निर्माण सामग्री खरिदका क्रममा उपभोक्ता ठगेको आरोपमा 'गुन्डा नाइके' सहित २३ जना गिट्टी/बालुवा तथा इँटा डिपो सञ्चालक पक्राउ परेका छन् ।

प्रहरीको महानगरीय अपराध महाशाखाको टोलीले शुक्रबार स्वयम्भू, बालाजु र महाराजगन्ज क्षेत्रबाट आपराधिक गतिविधिमा पटक-पटक सजाय भुक्तान गरी छुटेका 'बाघे' भनिने सुकबहादुर लामासहित २३ डिपो सञ्चालकलाई पक्राउ गरेको हो । टोलीले डिपो सञ्चालक पक्राउसँगै निर्माण सामग्री बोक्ने ३५ सवारीसाधनसमेत नियन्त्रणमा लिएको छ ।

महाशाखाका अनुसार पक्राउ परेका डिपो सञ्चालकमा जय महालक्ष्मी सप्लायर्सका प्रकाश श्रेष्ठ, बज्र इन्टरप्राइजेजका वीरेन्द्र कुइँकेल, शिवशक्ति सप्लायर्सका अर्जुन भुजेल, गरिमा सप्लायर्सका दीपेन्द्र केसी, कामना इन्टरप्राइजेजका बद्री गिरी र जेबीएस सप्लायर्सका बाघे भन्ने सुकबहादुर लामा रहेका छन् । त्यस्तै, शुभकामना सप्लायर्सका सुरेन्द्र केसी, खाँडादेवी निर्माणका प्रकाश भण्डारी, सेतीदेवी सप्लायर्सका राजु थापा, पञ्चेश्वर सप्लायर्सका महेश्वर श्रेष्ठ, धनेश्वर सप्लायर्सका सन्तोष कुँवर, श्रीभूमि सप्लायर्सका श्यामबहादुर मगर, नोनेम सप्लायर्सका पुष्कर थापा, श्रीकाली भैरव सप्लायर्सका बुद्धिराज थापामगर, कुण्डला सप्लायर्सका मदन प्रधान, कालिका सप्लायर्सका तोपनारायण श्रेष्ठलाई समेत पक्राउ गरिएको छ ।

यसैगरी, आकर्षक सप्लायर्सका अर्जुन श्रेष्ठ, स्वयम्भू सप्लायर्सका कृष्णहरि नगरकोटी, महालक्ष्मी सप्लायर्सका मनोहर श्रेष्ठ, भ्याली क्वालिटी सप्लायर्सका विजय भन्ने जोगबहादुर तामाङ, गोरखाली सप्लायर्सका गोपाल भण्डारी, विज्ञान सप्लायर्सका सिंहबहादुर तामाङ र नवअरुण सप्लायर्सका रामकृष्ण श्रेष्ठ रहेका छन् ।

त्यसमध्ये बाघे भनिने सुकबहादुर पछिल्लो १० वर्षको अवधिमा अपहरण तथा शरीरबन्धक, धम्की, जबरजस्ती असुलीलगायत अपराधमा १७ पटक पक्राउ परिसकेको महाशाखाले जनाएको छ । डिपो सञ्चालकसँगै पक्राउ परेका ३५ जना चालकलाई सामान्य सोधपुछपछि छाडिएको छ । पक्राउ परेका डिपो सञ्चालकहरूलाई महानगरीय प्रहरी परिसर काठमाडौंको हिरासतमा राखिएको छ । महाशाखा प्रमुख एसएसपी सहकुल थापाले डिपो सञ्चालकहरूले एउटा गाडीबाट मालसामान ओसारपसार गर्दा २१ हजार ६ सयदेखि २ हजार २ सय रुपैयाँसम्म ठगी गर्ने गरेको बताए । नियन्त्रणमा लिइएका सवारीसाधनको स्वरूप नै बदलेर कम सामान अट्ने गरी पिँधमा अर्को फलामे पाता थपेको अवस्थामा भेटिएका छन् ।

'सवारीसाधनको स्वरूप नै परिवर्तन गरेर डिपो सञ्चालकले कम सामान अट्ने गरी फलामे पाता राखेर ढलान गरेको भेटियो,' एसएसपी थापाले



एकपटक लोड/अनलोड गर्दा २ हजार २ सयसम्म ठगी

भने, 'सवारीसम्बन्धी प्राविधिको समेत राय लिएर आरोपितमाथि ठगी कसुरमा मुद्दा चलाउने तयारी गरेका छौं ।' एकपटकमा प्रतिसवारी सय क्युफिट गिट्टी, बालुवा हुनुपर्नेमा डिपोसञ्चालकले ८२ क्युफिट मात्रै लोडअनलोड गर्ने गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ । प्रतिक्युफिट ८५ देखि ९० रुपैयाँसम्म पर्ने निर्माण व्यवसायीको भनाइ छ । नेपाल राष्ट्रिय निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंहले डिपो सञ्चालकबाट भएको ठगीमा आम उपभोक्ता पीडित बन्ने गरेको बताए । 'यस्तो ठगीमा ठूला निर्माण कम्पनीभन्दा घरका तला थप्ने तथा सानो लगानीका निर्माणका उपभोक्ता ठगिने गरेका छन्,' उनले भने, 'स्थानीय डिपो सञ्चालक र टोले गुन्डाका कारण ठगिएको थाहा पाउँदा पाउँदै यसअघि सर्वसाधारणले उजुरी गर्ने हिम्मत गरेका थिएनन् ।' देशभर यस्तो किसिमको ठगी व्याप्त रहेको भन्दै सिंहले त्यसमाथि प्रशासनले नियन्त्रण गर्नुपर्ने बताए । एसएसपी थापाले काठमाडौंसहित मुलुकभर यस्तो किसिमको ठगी नियन्त्रणका लागि गृह मन्त्रालयलाई जानकारी गराएर प्रहरी परिचालन गर्न आग्रह गरिने बताए ।

निर्माण व्यवसायी महासंघका अध्यक्ष सिंहले संगठित अपराधमा संलग्न र टोले गुन्डाहरूले उनीहरूबाट सञ्चालित डिपोबाटै निर्माण सामग्री किन्न धम्की दिने गरेको पनि बताए । 'गुन्डाहरूले सञ्चालन गरेका डिपोबाटै गिट्टी, बालुवालगायतका निर्माण सामग्री किन्न धम्की आउने र त्यसलाई इन्कार गर्दा अर्कै परिणाम हुने बताएपछि कतिय सर्वसाधारण र निर्माण व्यवसायी बाध्य भएर उनीहरूबाटै किन्न जानुपर्ने अवस्था छ,' उनले भने, 'यसप्रति प्रशासनको ध्यान जान जरुरी छ ।'

यौनशोषण गराउने थुनामा

कोठा भाडामा लिएर यौनशोषण गराउने तीन जनालाई जिल्ला अदालत भक्तपुरले पुर्पक्षका लागि थुनामा पठाएको छ । मध्यपुर थिमि बोडे सिन्टीटारस्थित कोठा भाडामा लिएर महिला तथा किशोरीहरूलाई प्रलोभनमा पारी यौनशोषण गराउने व्यक्तिहरूलाई पुर्पक्षका लागि थुनामा पठाएको हो । थुनामा परेकाहरूमा सिन्धुपाल्चोक चौतारा साँगाचोकगढी-६ मेलचोक घर भई बोडे बस्ने २५ वर्षीय सञ्जय भन्ने राजेश गिरी, मध्यपुर थिमि चपाचोका ५० वर्षीय श्रीकण्ठ भन्ने श्रीकान्त प्रजापती र धादिङ फुलखर्क-४ घरभई मध्यपुर थिमि बोडे बस्ने २९ वर्षीया सोनिया भन्ने सबिना तामाङ (गुरुङ) छन् ।

महिनौंदेखि उनीहरूले भाडामा लिएको घरमा महिला तथा किशोरीलाई प्रलोभनमा पारेर यौनशोषण गर्न विभिन्न व्यक्तिलाई बोलाई मादक पदार्थ सेवन गराई आर्थिक लाभ लिने, वेश्यावृत्तिमा लगाएको अभियोगमा प्रहरीले भदौ २३ मा पक्राउ गरी अदालतमा पेस गरेको भक्तपुर प्रहरी प्रमुख एसपी सविन प्रधानले बताए ।

जापानमा जे देखेँ

प्रभा बराल

यो वर्ष जापानमा रहँदा जापनिज नागरिकको दैनिकी बुझ्ने अवसर प्राप्त भयो । धेरै जापनिज साथी बने । मनमा लागेका जिज्ञासा तिनैलाई सोधेर मनको खसखस मेटाउन पाएँ । अंग्रेजी भाषाभन्दा जापनिजको जीवनशैली बुझ्न जापानी भाषा नै सिक्नुपऱ्यो ।

विकासको मूलधारलाई पछ्याउन वामे सर्दै गरेको मेरो देश र विकास गर्न अब के बाँकी छ र भन्ने अवस्थामा पुगेको सम्पन्न मुलुक जापानको अवस्था देखेर म हर्ष अनि विस्मात दुवैले रन्थनिन्थें । तर जापानले यो विकासको चरम उत्कर्ष सजिलै हासिल गरेको होइन भन्ने कुरा जापानीहरूको मुखबाट सुनेपछि हामी नेपालीको अकर्मण्ययता आँखाभरि नाच्न थाल्थ्यो ।

'जापानीहरूको अथक मिहिनेत, नेतृत्व वर्गको इमानदारीपूर्ण सुशासनले नै आज हामी यो स्थानमा आएका हौं, उनले भनिन् । उनले थप भनिन्, 'हामीलाई हाम्रो सरकारप्रति पूर्ण भरोसा छ । त्यही भरोसाले नै हरेक काम गर्ने ऊर्जा दिँदो

जापानी स्कुलमा आया र पियन हुँदैनन् । शौचालयदेखि कक्षाकोठा लगायतका सरसफाइ विद्यार्थी र शिक्षक मिलेर गर्छन् ।

रहेछ । हाम्रो सफलताको कारण यत्ति हो । हामी हाम्रो दैनिकीमा कर्तव्यपरायण छौं, सरकार आफ्नो नागरिकको सुखशान्तिको लागि कर्तव्यपरायण छ । युद्धपछिको जर्जर अवस्थाबाट ७०/८० वर्षमै जापानले गरेको चमत्कार हामी तेस्रो विश्वका मानिसलाई प्रेरणादायी छ । मिहिनेतका कारण आज अनेकौं आश्चर्यजनक क्रियाकलाप गरेर विश्वको ध्यान आफूतिर खिच्न जापान सफल बनेको छ । अटोमोबाइल निर्माणमा जापान अग्रणी स्थान छ ।

जापानमा देखेका केही रोचक कुरा पाठकहरू समक्ष बाँड्न चाहन्छु । हामी काम गरिरहेको ठाउँमा सुत्दा अल्छी र निस्क्रिय छविका कारण आत्तिन्छौं, तर जापानमा त्यसरी काम गर्ने ठाउँमा सुतेको छ भने बरा ! उसलाई कति कामको लोड रहेछ भनेर सहानुभूति दिने गरिँदो रहेछ । जापानमा हरेक साल १५ सय भूकम्प आउँछ, तर भूकम्पले घर भत्कँदैनन् । सबै घर भूकम्प प्रतिरोधी छन् । भूकम्प लगायत जापानमा बाढी, पहिरो, सुनामी, ज्वालामुखी र टाइफुनजस्ता दैवीप्रकोप हरेक साल आउँछन् । यस्ता प्रकोपले भौतिक लगायत अन्य क्षति धेरै पुऱ्याइरहे पनि विपद्सँग सामना गरेर आफूलाई सामान्य बनाउने प्रयास गर्छन्, धेरै हल्लाखल्ला गर्दैनन् । अहोरात्र काममा खटेर जापानीहरू छिट्टै पहिलेकै अवस्थामा पुऱ्याउँछन् । यस्ता बेला प्रधानमन्त्रीले नै पीडित समुदायको आँसु पुछेर मानवताको नमुना देखाउँछन् ।

जापानी स्कुलमा आया र पियन हुँदैनन् । शौचालयदेखि कक्षाकोठा लगायतका सरसफाइ विद्यार्थी र शिक्षक मिलेर गर्छन् । विद्यार्थी र शिक्षकको एउटै शौचालय हुन्छ । विद्यालयमा लगाउने छुट्टै हरियो रङको हाफ क्लोज जुत्ता हुन्छ, विद्यार्थीले घरबाट लगाएर आएको जुत्ता त्याकमा थन्काउनुपर्छ । सबैभन्दा लामो आयु ८२ वर्ष बाँच्छन्, जापानीहरू । यो विश्वकै बढी आयु हो । साढे २ लाखभन्दा बढी भेन्डिङ मेसिन छन्, जहाँबाट इच्छाएको बेला चिया, कफी, पानी, जुस निकालेर खान सकिन्छ । छोटो-छोटो दूरीमा सफा शौचालयहरू छन् । जापानमा सय वर्षभन्दा माथिका मानिस नै पचास हजारभन्दा बढी छन् ।

टापु नै टापुले भरिएको जापानमा ६ हजार ८ सय टापु छन् । समुद्र र टापु जोड्ने सुन्दर बाटो र डिजाइन-डिजाइनका पुलहरू छन् । जापानीहरू घोडा तथा माछाको मासु काँचै पनि खान्छन्, जुन हामीलाई आश्चर्य लाग्छ । सबैभन्दा बढी मानिस बसोबास गर्ने ठाउँ जापानको राजधानी टोकियो हो, यहाँ तीन करोड जापनिज बसोबास गर्छन् । यो विश्वमै धेरै मानिस बसोबास गर्ने महँगो सहर पनि हो । हामी मिलेको दाँतको प्रशंसा गर्छौं, तर जापानमा नमिलेको दाँतलाई विशेष मान्ने चलन छ र त्यस्तो दाँतलाई सबैले मनपराउँछन् । कतिपयले कस्मेटिक सर्जरी गरी दाँत बिगार्छन् । जापानमा रेष्टुरेन्ट वा होटल लगायत अन्य ठाउँमा कर्मचारीलाई 'टिप्स' दिनु अभद्र मानिन्छ, जुन करा सुन्दा हामीलाई अजीब लाग्छ । सुमो रेस्लिङ यहाँको राष्ट्रिय खेल भए पनि बेसबल लोकप्रिय बन्दै गएको छ । क्रिसमसको बेला केएफसी तथा होटल, रेष्टुरेन्ट गएर खाना खानु परम्परा नै मानिन्छ । सबैतिर सिसी क्यामेरा जडान गरिएको छ ।

हामी बिरालोलाई अपसगुनका रूपमा लिन्छौं, तर जापानमा बिरालोलाई सगुनका रूपमा लिइन्छ । कालो बिरालो त झन् प्रिय मानिन्छ । हरेक बिहान ५ बजेबाट नै घर-घरबाट कुचो बोकेर मानिस आफ्नो घरभन्दा पनि सार्वजनिक ठाउँ, चोक र बाटाघाटाहरू सफा गरिरहेका हुन्छन् । विवाह, वनभोज वा अन्य अभिप्रायले घुम्न गएका बखत खानेकुरालाई भन्दा फोहोर व्यवस्थापन सही ढंगले गर्न उत्तिकै दत्तचित्त भइरहेको देखिन्छ । आफूले पालेको कुकुरलाई समेत प्याड लगाइदिएर सार्वजनिक ठाउँ वा पार्कमा लगेको दृश्य हाम्रालागि आश्चर्यको विषय बन्न पुग्छ । तर यो जापनिजहरूका लागि सरसफाइप्रतिको सचेतताको उच्चतम नमुना हो ।

जापानीहरूले जस्तै हामीले पनि समयको पालना, लगनशीलता र इमानदारितालाई ख्याल गऱ्यौं भने छोटो समयमा नै देशलाई कायापलट गर्न सक्छौं । कसैले कसैका कुरा काटेर समय बरबाद गर्ने समय जापानमा छैन । एक लाख हाराहारी नेपाली बसोबास गर्ने जापानमा पछिल्ला दिनमा उनीहरू शंकाको घेरामा पर्नथालेका छन् । जापानको नियम र अनुशासनमा नबस्नाले नेपालीहरूप्रति विश्वास कम हुँदै जानथालेको छ, जुन गम्भीर चिन्ताको विषय हो ।

को किताब पढ्छन् ?



समय रेखा

अभि सुवेदी

नेपालमा खासगरी काठमाडौं राजधानीमा किताबका पसलहरू धेरै छन् । ती पसलमा सबैभन्दा धेरै किताब अंग्रेजी भाषामा हुन्छन् भन्ने साधारण अनुभवले देखाउँछ । पसलहरूमा रंगीचंगी परिधान लाएका अंग्रेजी र नेपाली भाषाका किताबहरू दराज, भुइँ र टेबल ढाकेर अनि छरिएर बसेका दृश्य हामीजस्ता किताब जीवन हो, जीवन किताब हो भनी मान्ने मनुवाहरूको निम्ति नयनाभिराम हुन् । तर किताब थाहा पाउने भए पनि किन्ने पैसा त्यति जुटाउन नसक्ने वर्गमा परेका मानिसलाई तिनमा आकर्षण बढेपछि अथवा तिनको आवश्यकता कि त विषयले कि तिनलाई देखेर बुझेपछि नकिनी नहुने अवस्था परेपछि समस्या पर्छ । हामी जस्ता तलब वा पिल्सिङमा भर पर्नेहरूको निम्ति यो एउटा अस्तिवादी चुनौती हो, जुन एउटा सुन्दर जीवनकै पर्याय हो । प्रेमीहरूका अभाव, 'प्यासन' र आवश्यकताको त्रिवेणीबाट अस्तित्वमा आउँछ, किताब । त्यतिबेला मात्रै किताब सार्थक भएको मान्नुपर्छ, जब यो त्रिवेणी हुँदै किताब पाठकको हातमा आइपुग्छ ।

पुस्तकालयहरू सहज नभएका हुनाले किताब पसलबाटै पाठकका चरित्र र तिनका किसिम हेर्नुपर्ने हुन्छ । मैले निकै सयमदेखि केही प्रमुख किताब पसलहरूमा आउने किताबहरू र तिनलाई किनेर पढ्ने मनुवाहरूको विषयमा जानकारी राख्ने कोसिस गर्दै आएको छु । यो लेख 'सर्भे रिपोर्ट' होइन, त्यो अर्कै आलेखको विषय हो । तर यस लेखमा मैले केही महत्त्वपूर्ण कुराका संकेत भने गर्नसकेको छु, जुन मैले किताब पसलेहरू र केही आफ्ना नजिकका किताबप्रेमीहरूका भनाइबाट पाएको हुँ । मलाई आफैं सबै कुराका उत्तर प्रस्ट छैनन् । कुरा किताबहरूबाटै लिनुपर्छ । किताब ऐना, रहस्य र अग्रचेतनाको प्रतीक सबै हो । मैले पाएका उत्तर र मैले थाहा पाएका कुराको आधारमा भन्दा अंग्रेजी भाषाका किताबका पाठक मूलतः नेपालीहरू नै हुन् । तर केही विदेशीहरू पनि त्यसमा पर्छन् । तर ती को हुन् भन्ने कुरा किताब पसलका मानिसहरू पनि प्रस्टसँग भन्न सक्तैनन् । मैले आफ्नो उत्सुकता मेटाउन किताब किन्नेहरूका वर्गीकरण गरेर जानकारी लिने कोसिस गरैं ।

वर्गीकरणमा मैले विश्वविद्यालय शिक्षासँग जोडिएका मानिसहरू लिएँ । त्यसमा शिक्षक र विद्यार्थी दुवै पर्छन् । अर्कोमा विदेशी लिएँ, जो अहिले अमेरिकातिर छापिएर भारतको वितरण प्रणाली अन्तर्गत निकै छुटमा आइपुगेका किताब किन्न पसलमा आउँछन् भन्ने मैले अनुमान गरेको थिएँ, तर त्यत्ति धेरै मिलेन । त्यसो त तिनै किताब किन्न नेपाली प्राज्ञिक कर्म गर्ने मानिस पनि पुगेका हुन्छन् । अनि तेस्रोमा मैले राजनीति गर्ने मानिसहरूलाई लिएँ । त्यसमा राजनेता, विभिन्न दलका सक्रिय अनि बौद्धिक चाख भएका मानिस पर्छन् । नेपाली राजनीतिमा चिनिएका र एक-दुईपटक शक्तिमा आसिन भइसकेकाहरू दोहोऱ्याएर आइबस्छन् । त्यसमा चारदेखि पाँचजनासम्म राजनेता आउँछन् । नयाँ मानिसहरू त्यति आउँदैनन् । मैले आफ्ना अनुभव र किताब बिक्रेताहरूसँग पाएका जानकारी अनुसार यो लेखेको हुँ ।

नेपालका किताब पसलहरूमा आउने अंग्रेजी किताबहरूको निकै लामो इतिहास छ । मैले बीसौं शताब्दीको सन् साठीका अन्तिम वर्षदेखि यो विषयमा चाख राखेर आइबसेको हुँ । पहिला पनि यस विषयमा लेखिसकेको हुनाले यहाँ पुनरावृत्ति गर्न चाहन्न । अंग्रेजी भाषामा उपन्यासहरूको एकपटक बाढी लागेको थियो । त्यसपछि हिप्पी आन्दोलनताका विचार र पश्चिमी समाजको बदलिँदो समाज र मान्यता विषयका किताबहरू धेरै आए । ती किताबहरूको मोह र प्रभावमा पर्ने पुस्तामा म पनि परेको थिएँ । त्यही बेलादेखि लगभग अंग्रेजी किताब 'सेकेन्ड ह्यान्ड' दाममा नेपालमा आउन थालेका हुन् । नेपाल विस्तारै 'सेकेन्ड ह्यान्ड' किताबको एउटा ठूलो केन्द्र बन्यो । मलाई काठमाडौंजस्तो 'सेकेन्ड ह्यान्ड'मा राम्रा किताब पाउने नगर आफू गएका एसियाका कुनै सहर पनि छैनन् जस्तो लाग्थ्यो । पर्यटनको विकास भएपछि काठमाडौं बाहिर पनि 'सेकेन्ड ह्यान्ड' किताब पसल खोल्नु एउटा आवश्यकता वा संरचना नै जस्तो भएको हो । अर्कोथरी किताबहरू नेपाल सम्बन्धी नै आउन थाले । विदेशीले नेपाल विषयमा लेखेका किताब पनि नेपाली पुस्तक बजारमा आइपुगे ।

नेपालमा अंग्रेजी भाषाका किताब पसल र नेपाली भाषाका किताब पसलको सम्बन्ध कस्तो रहिआएको छ त ? यो एउटा महत्त्वपूर्ण प्रश्न हो, जसको सम्बन्ध एउटा किताब पसल खोल्नु र बिक्री गर्नुको संस्कृतिसँग जोडिएको छ । अंग्रेजी र नेपालीका किताब पसलहरूको सम्बन्ध सांस्कृतिक पठन-पाठनको विषयमा छ । यो पछिल्लो समयमा देखिएको जस्तो प्रतिद्वन्द्वीको सम्बन्ध होइन । अंग्रेजी किताब र नेपाली किताब बराबरी राख्ने किताब पसलहरू छन् । प्राध्यापक त्रिरत्न मानन्धरको एकेडेमीको जर्नल अफ नेपलिज स्टडिज (२०१९ अंक १) मा भखैरै एउटा महत्त्वपूर्ण ऐतिहासिक सर्भे भएको लेख निस्केको छ । त्यस लेखले देखाए अनुसार नेपालमा सम्वत् १९४४ मा खुलेको पहिलो किताब पसलदेखि पछिका वर्षहरूमा विभिन्न राजनीतिक व्यवस्था, विश्वास र चाखहरूलाई समेटेर अघि बढेको इतिहास हो, यसको । त्यसैले आज किताब पसलवालाहरूका माग र चाखहरूमा अंग्रेजी र नेपाली भाषाको विभाजन रेखा छैन ।

त्यसो भए नेपालमा किताब पसलको महत्त्व के हो त ? नेपालमा पुस्तकालयको कथा आफ्नै किसिमको छ । विशाल पुस्तकालयहरू अहिले सरकारको निम्ति अदृश्य भएकाले ती कहीं स्कुलहरूका गारतमा थन्किएका समाचार पढेकै हौं । तिनको पनि आफ्नो महत्त्व छ । तर युर्गेन हेबरमासको मलाई अत्यन्त मनपरेको रूपक कफी हाउसको भेटघाट, त्यसबाट ससानै भए पनि प्रकाशनहरू हातहातमै बाँडेर वृत्त वा 'स्फेयर' फैलिएको कथानक नेपालमा पुस्तकालय होइन, सरकारी प्रकाशनहरू होइन, कर्म र जीवन असजिलो बनाइदिने सरकारका सम्बन्धित संयन्त्रहरूमा यो चेतना त्यति देखिएन ।

को किताब पढ्छन् ? यो प्रश्नको उत्तर पाउनु प्रायः असम्भव हुन्छ । समाजवाद, आर्थिक पद्धति र कल्याणकारी सिद्धान्तका गतिला छलफल सुनिँदैनन् । मार्क्सवादको व्याख्या गरेका एकाध शीर्ष संकथनबाट बुझ्दा लाग्छ, किताब पढ्ने मोह हराउँदै गएको छ । लेखनका सिद्धान्त, अनि तीसँग जोडिएका पूर्वीय र पाश्चात्यतिरका धेरै नभनौं आधारभूत दर्शनहरूका प्रयोग भएका लेखन र छलफलका अवस्थालाई हेर्दा किताब कति पढिँदैछन् भन्ने अनुमान गर्न सकिन्छ ।

किताब पसलहरूका कुरा गर्दा एउटा नयाँ र झकझक्याउने (मलाई निकै वाचाल लाग्छ) विषय निस्केको छ । त्यसको पछिल्लो समयमा अमेरिकामा प्रयोग भयो र भइरहेको छ । त्यो शक्तिसाली देशमा पछिल्ला वर्षहरूमा छलफलका आँधी उठे र उठ्दैछन् । पहिलो हो, 'फेक' वा अतिरिक्त सत्य/'अल्टर्नेटिभ ट्रुथ' । जर्ज अर्वेलले १९८४ शीर्षकको उपन्यास १९४९ मा लेखे ।

किताब पसलहरूलाई निरीह ठान्ने, सोझा व्यापारी, किताब बेचीखाने मनुवा भनेर उपेक्षा गर्ने अनि तिनको कर्म र जीवन असजिलो बनाइदिने सरकारका सम्बन्धित संयन्त्रहरूमा यो चेतना त्यति देखिएन ।



किताब पसलहरूको कथाबाट मात्र बुझ्न सकिन्छ । नेपालमा पठन-पाठनको आमवृत्त फराकिलो गर्ने कर्म किताब पसलहरूले गरेका छन् । म धेरै जाने एउटा किताब पसलको उदाहरण लिएर हेर्छु । त्यहाँ यो समाजका धेरै किसिमका मानिस आउँछन् । सबैका निम्ति खुलेका, 'क्याटलग' र नियमको बन्धन नभएका, विविध र सबैको निम्ति सन्देश बोकेका, किताबहरूलाई हेर्छु, जसमाथि राजनेता बाबुराम भट्टराई र कमल थापादेखि प्राध्यापक लोकराज बराल, विद्वान हरि शर्मा, हरि रोका अनि मेरा थेसिस लेख्न सन्दर्भ खोज्दै हिँडेका विद्यार्थीहरूसम्मका हात यसै सल्बलाउँछन् । त्यो वैविध्य हो, जुन किताब किन्नेको निम्ति आनन्द र चुनौती हो, अनि हेबर्मासले कफीगृहमा देखेको ज्ञान र साझा संस्कृतिको सुन्दर आमवृत्तको स्वतः फराकिलो हुँदै गएको रचना हो । एउटा उदाहरण दिएको हुँ । अरु पनि हेरेको छु, त्यही चरित्र भेटिन्छ । नेपालमा ज्ञानका स्रोत केन्द्रहरू समाजमा गतिशील भएर जाने आधारहरू लगभग शून्य छन् । किताब पसलहरू जो देशभरि हुन्छन्, तिनले त्यो कर्म गरेका छन् । पटक-पटक तिनै किताब पसलहरूलाई निरीह ठान्ने, सोझा व्यापारी, किताब बेचीखाने मनुवा भनेर उपेक्षा गर्ने अनि तिनको त्यसको छलफल अमेरिका र सोभियत संघको वैचारिक युद्धसँग पनि जोडिएर आएको थियो । अधिनायकवादको उदय अनि तिनले समाज नियन्त्रण गर्न निकालेका 'न्युज पिक' नामकरण गरिएको सरकारको बनावटी भाषासहित झुटका सञ्जालको विषयमा त्यो उपन्यास लेखिएको थियो । तर यतिका धेरै वर्षपछि अमेरिकामा त्यो विषयको छलफलमात्र भएन, प्रयोग पनि भयो । राष्ट्रपति र उनका मानिसहरूबीच द्वन्द्व हुनु अनि तिनीहरूले नै अनेकौं संस्मरण लेख्नु र तिनलाई पर्खेर बसेका प्रकाशकले तिनलाई प्रकाशित गरिहाल्नुले एउटा किताब पढ्ने संस्कृतिमा नयाँ प्रयोग ल्यायो । क्षेत्रीयदेखि वैश्विक राजनीतिसम्मलाई समेटेर लेखिएका ती किताबमा इतिहासको कालिक चरित्रको विनिर्माण भएको छ । फ्रान्सेली दार्शनिक र लेखक झँ पोल सार्त्रले भने 'किताब भनेका केरा हुन् । ती प्रयोग भइहाल्नुपर्छ, नभए तिनको प्रयोजन सिद्धिन्छ' । सार्त्रसँग पुरै सहमत हुन नसके पनि केही वर्षदेखि अमेरिकी किताबहरूका प्रकाशन हेर्दा र सरसर्ती पढ्दा लाग्छ, कुरा सत्य हो । यसरी आइपुगेका किताबहरू देखिने ठाउँ किताब पसल हुन् काठमाडौंका, जुन हामीले वैश्विक कालिक तरङ्ग र यथार्थ बुझ्ने थलो भएका छन् । यो सानो उपलब्धि होइन ।

सबैको पहुँचमा छैन कन्डम

डा. प्रकाश बुढाथोकी

अवैधानिक तवरले भित्रिने कन्डममा न बनेको मिति छ, न समाप्ति मिति । २ सय ५० मिलिग्राम लुब्रिकेन्ट पनि छैन । ४३ प्रतिशत कन्डम विश्व स्वास्थ्य संगठनको मापदण्डभन्दा कमसल छन् ।

आधुनिकतासँगै अब कन्डम ढाकछोप, लज्जा र कौतुहलको विषय नभई किराना पसल, पान पसल, डिपार्टमेन्ट स्टोर जताततै पाइन्छ । संसारमा दैनिक १५ करोडपटक हुने यौन सम्पर्कमा २ करोड पटकभन्दा बढी कन्डमको प्रयोग हुने गरेको पाइन्छ । जति कन्डम लोकप्रिय भएको छ, त्यति चर्चायोग्य पनि छै, तर प्रयोगकर्ता घटेको समाचारले सबैलाई चिन्तित बनाएको छ ।

नेपालमा एक वर्षमा ५ करोडभन्दा बढी (आधा सरकारबाट निःशुल्क तथा अन्य किनेर) संख्यामा खपत हुने गरेको युनाइटेड नेसन पपुलेसन फन्डले प्रमुख ६ सहरमा गरेको सर्वेक्षणले देखाएको छ । ६३ प्रकारका कन्डम उपलब्ध भए पनि २१ प्रकारका मात्र आधिकारिक बिक्रेतामार्फत नेपाल भित्रिएका छन् । अवैधानिक तवरले भित्रिने कन्डममा न बनेको मिति छ, न समाप्ति मिति । २५० मिलिग्राम लुब्रिकेन्ट (चिप्लो पदार्थ) पनि छैन । ४३ प्रतिशत कन्डम विश्व स्वास्थ्य संगठनको मापदण्डभन्दा कमसल छन् ।

स्वास्थ्यसेवा विभागको वार्षिक प्रतिवेदनमा कन्डमको प्रयोग ८ प्रतिशत मात्र छ । नेपालमा कन्डमबिना यौन सम्पर्क गर्दा ७७ प्रतिशत एचआईभी पीडित भएको देखिन्छ । जागरुक गराउन सरकारी, गैरसरकारी र अन्तर्राष्ट्रिय स्तरका धेरै योजना, कार्यक्रम, परियोजना सञ्चालित छन् । तर साधनहरूको प्रयोग गर्ने भने आश्चर्यजनक संख्यामा कम पाइएको छ । बजेट, लगानी, जनचेतना र उपयोगबीच ठूलो र गहिरो खाडल परिवार नियोजनको साधन कन्डममा अत्यधिक सहरी क्षेत्रमा ७० प्रतिशत र ग्रामीण क्षेत्रमा ६५ प्रतिशतभन्दा बढी भेटिन्छ । श्रम, लगानी बालुवामा पानी हालेजस्तो भएको छ ।

फाइदा

यौनरोगबाट सुरक्षित रहन, असुरक्षित यौन सम्पर्कबाट टाढा रहनु पहिलो सर्त हो र सुरक्षित यौन सम्पर्कमा कन्डमको विकल्प छैन । यद्यपि परिवार नियोजनका लागि कन्डमका थुप्रै विकल्प छन् । सजिलैसँग चौरैतिर पाउन सकिने, सुरक्षित, सस्तो, प्रयोग गर्न सजिलो, स्वास्थ्यकर्मीको सहयोग नचाहिने, नकारात्मक असर नभएको, हल्का, सानो, प्रयोगपश्चात फर्याक्क सकिने, प्रत्येकपटक नयाँ-नयाँ प्रयोग हुने र गर्भान्तर, गर्भ रहन नदिने मात्र नभई यौन सम्पर्कबाट सर्ने रोग एस.टी.डी.बाट जोगाउने गर्छ । यौनक्रियामा थप आनन्द प्राप्त गर्न गराउन, शीघ्रस्खलन कम गराउन, यौन अवधि लम्ब्याउन, यौनानन्द प्रदान गर्न वीर्य र योनिरसको एलर्जी रोक्न, गर्भावस्थामा पनि यौन गर्न र भ्रूणको संजीवनी, गर्भनिरोध तथा यौनजन्य संक्रमणबाट रोक्न पनि कन्डम सफल छ ।

यौनसाथीको संसर्गबाट थप आनन्द प्राप्त गर्न, असर शतप्रतिशत बनाउन र फाइदालाई थप



सन्दर्भ : राष्ट्रिय कन्डम दिवस

विश्वासिलो बनाउन विभिन्न सुगन्ध, आकार-प्रकार, चिप्लोपना, खस्रोपना, काँडा तथा शंखाकारमा विभिन्न ब्रान्डका कन्डम भिओभर, कामसूत्र, इन्सपायरल, मेनफोर्स, म्याक्स, माया, सुपरडटेड अनेकन नाममा बजारमा यत्रतत्र उपलब्ध छन् । सही तरिकाले कन्डम लगाएर सम्भोग गर्दा पुरुषको लिङ्ग र महिलाको योनिबीच प्रत्यक्ष स्पर्श हुन पाउँदैन । जसबाट महिलाको गर्भ रहन, पुरुष तथा महिलामा एकअर्कामा रोग संक्रमण हुन, एलर्जी तथा गर्भवती महिलामा पेटमा रहेको बच्चामा रोग संक्रमण हुनबाट बचाउँछ ।

निःशुल्क छोडी बास्नादार कन्डम

स्वास्थ्यसेवा विभागले नेपाल स्वास्थ्य सर्वेक्षण २०१६ मार्फत गरेको अध्ययनमा कन्डमप्रतिको गलत आमधारणा हट्न नसकेका कारण यसको प्रयोग बढ्न नसकी प्रजनन उमेर ४.२ प्रतिशत मात्र छ । सरकारले निःशुल्क पठाइदिने कन्डम हरेक स्वास्थ्य संस्थाले राख्न छाडेका छन् । म्याद जाने र खपत नै नभएपछि बक्स राख्न र झुन्ड्याउन छाडेका छन् । बजारमा गोपनीयता, रंगीन, चिप्लो, डटेड र बास्नादार कन्डम पाउनथालेपछि सरकारी कन्डम खपत हवात्तै घटेको हो । तथापि सरकारी संस्थामा भने पिल्स, डिपोको माग अत्यधिक छ । कन्डम पहिले-पहिले पुरुषका लागिमात्र भए पनि अहिले महिलाका लागि पनि उपलब्ध छन् । साऱ्है पातलो रबर वा प्लाष्टिकले कन्डम बनाइएको हुन्छ र कसै-कसैमा शुक्राणु नष्ट गर्ने, विषाणु नष्ट गर्ने तत्त्व पनि मिसाइएको हुन्छ ।

चुनौती

सारै पातलो, मसिना छिद्र भएका कन्डम गर्भान्तरको लागि भए पनि भाइरस तथा यौनजन्य रोग संक्रमण रोक्न सक्दैनन् । समय क्रमसँगै स्कुले छात्रछात्राले पनि यौन सम्पर्क राख्ने भएकाले बजारमा उपलब्ध कन्डमको आकार ती १२-१६ वर्षका बच्चालाई नमिल्ने भएकाले वीर्य पोखिएर गर्भ रहने, यौनजन्य रोगको संक्रमण हुने जस्ता असुरक्षित यौन सम्पर्क कायम रहन्छ । कन्डम प्रयोग गर्दा साइडबाट कैंचीले काटी खोल्ने, दाँतले नखोल्ने तरिका, लुब्रिकेन्ट्सको प्रयोग, मिति गुज्रेको, हावा रहन नदिने, कन्डम खोल्नु अघि र प्रयोगपश्चात सरसफाइमा ध्यान, सही उपयोग, पुनः प्रयोग नगर्ने, जोडी दुबैले एकैसाथ प्रयोग नगर्ने र भए/गरेका भ्रम मनबाटै हटाई सुरक्षित यौन सम्बन्धका लागि ध्यान दिनु पर्नेछ । कन्डमले पनि बचाउन नसक्ने यौनरोगमा यौनांग वरिपरिको दाग रोग–हर्पिस, एक सय पचास बढी विषाणुको समूहले छालामा मुसाजस्तो गिर्खा– एचपीभी जसले यौनांग, छाला, मुख घाँटी र मलद्वारको क्यान्सर बनाउन सक्छ । कडा दुखाइ हुने भाइरल छालामा फोका– मोलुस्कुम तथा मुटु र दिमागमा नकारात्मक असर पार्न सक्ने– सिफिलिस पर्छन् । यस्ता रोग पूर्णरुपेण ठिक नभई यौन जोडीसँग यौन सम्पर्क राख्नु हुँदैन ।

पावन पर्व दसैं, तिहारमा देश/विदेशमा रहेका आफन्त घरमा आई जमघट हुने अवसर पारी परिवार नियोजन तथा साधनहरूको प्रोत्साहन गर्ने, यौनरोग तथा एचआईभी, एड्सको सचेतना, जन्मान्तर र कन्डम प्रयोगमा के पुरुष, के महिला सबैलाई चेतना जागृत गर्ने उद्देश्य साथ मनाउनसके मानव स्वास्थ्यमा हित हुनेछ ।

अन्त्यमा, यौनसुख प्राप्त गर्नु मानिसको नैसर्गिक अधिकार हो । तर यसैसँग हुने जोखिमको बारेमा पनि विचार पुऱ्याउनुपर्छ । जोखिमको कुरा हाम्रो प्रत्येक दैनिक क्रियाकलापमा हुन्छन् । पानी नै पिउनुस्, पखाला लाग्ने जोखिम, उमालेर पिउनुस्, निकै कम जोखिम । सडकमा हिँड्नुस्, दुर्घटनामा पर्ने जोखिम, सावधानीपूर्वक ट्राफिक नियम पालना गरेर हिँडनुस्, कम जोखिम । शतप्रतिशत खोज्दैनौं । अभ्यस्त भएकाले यसमा जोखिम भएजस्तो पनि लाग्दैन । यो कुरा यौन सम्पर्कको सन्दर्भमा पनि लागू गरौं ।

स्वास्थ्यसेवा विभागमा कार्यरत डा. बुढाथोकी नेपाल चिकित्सक संघका केन्द्रीय कोषाध्यक्ष हुन् ।
drprakashbt@gmail.com

‘मलाई लखेटेर हटाउन सम्भव छैन’

प्रधानमन्त्री निवास, बालुवाटारभित्र अहिले बगैंचाहरू बनेका छन् । केही हराभरा देखिन्छ । भर्खरै पुरानो निवास भत्काएर नयाँ बनाउन शिलान्यास गरिएको छ । भवन निर्माणको ट्याकट्याक-टुकटुकले यहाँ अचेल हल्ला बढाएको छ । बिहानैदेखि भेटघाटमा आउनेहरू पनि टुटेका छैनन् । पछिल्लो समय सिंगापुरमा उपचार गराएर फर्केपछि **प्रधानमन्त्री केपी शर्मा ओली**को सिंहदरबार आवतजावत अलि पातलिएको छ । धेरैजसो काम बालुवाटारबाटै हुन्छ । बिहीबार बिहान पनि उनले यहीं मन्त्रिपरिषद् बैठक बोलाएका थिए । मन्त्रीहरू हलमा आएर पर्खिरहेका थिए । तर भर्खरै चीनका राष्ट्रपति सी चिनफिङको सफल भ्रमणपछि निकै उत्साही देखिएका प्रधानमन्त्री आफ्नै निवासमा लामो कुराकानी गर्ने मुडमा देखिए । क्याबिनेट बैठकसमेत केही पर धकेल्दै उनले कान्तिपुरसित १ घण्टा ४० मिनेट लामो कुराकानी गरे । प्रस्तुत छ, प्रधानमन्त्री ओलीसँग **सुधीर शर्मा** र **दुर्गा खनाल**ले लिएको उक्त अन्तर्वार्ताको सम्पादित अंश :

नेपालमा लामो समयपछि चीनका राष्ट्रपतिको भ्रमण भएको छ, कत्तिको सफल भएको ठान्नुहुन्छ ?

लामो समयपछि चिनियाँ राष्ट्रप्रमुखको भ्रमण भएकाले मात्र यो महत्त्वपूर्ण होइन । चीन एउटा ‘सुपरपावर’ कै रूपमा प्रकट भइसकेको अवस्थामा चिनियाँ राष्ट्रपतिको नेपाल भ्रमणले विशेष महत्त्व राख्छ । मैले सधैं भन्ने गरेको छु, मुख्य कुरा मित्रता हो । अहिले हामीले जुन उपलब्धिहरू हासिल गरेका छौं, विश्वासको मित्रता स्थापित गर्न सकेकाले नै हो ।

आन्तरिक रूपमा हाम्रा तीनवटा अपेक्षा थिए- मित्रता, ‘कनेक्टिभिटी’ र विकास । त्यो प्राप्त गरेका छौं । हामीले कनेक्टिभिटी बढाउन र सहज बनाउन खोजेका हौं । त्यो बाटो राम्ररी नै समातेका छौं- रेल-वे होस् वा सुरुङमार्ग । टोखा-छहरे सुरुङ र बेत्रावती-स्याफ्रुबेंसी सुरुङमार्ग, यो पहिला मान्छेहरूले सोचेको विषय होइन । तर अहिले हामी यो बाटोमा प्रस्थान गरेका छौं । किमाथाङ्का सबै मौसममा चल्न सक्छ । त्यो योजनामा परेको छ । कोसी, गण्डकी र कर्णाली करिडोर, सुर्खेत-हिल्सा, कोरला नाका, रसुवागढी सुरुङ- यस्ता धेरै पूर्वाधार निर्माणमा सम्झौता भएको छ ।

कनेक्टिभिटीमा पहिला रेलको चर्चा बढी हुन्थ्यो, यसपालि सडक आएजस्तो देखियो । रेल र सडक परिपूरक हुन् कि छुट्टाछुट्टै विकल्पको रूपमा हेरिएको हो ?

सडकचाहिँ छिटो हुने कुरा हो । सुरुङ मार्ग पनि छिट्टै हुन्छ । **छिटो भनेको कहिलेसम्म ?**

(सुरुङमार्ग) ३-४ वर्षमा हुन सक्छ तर रेल-वेचाहिँ त्यति छिटो नहुन सक्छ । राष्ट्रहरूले एकछिन्का लागि मात्र काम गर्दैनन्, भविष्यका लागि गर्छन् । अहिले तत्काल रेल सम्भव भएन भने अलि पछि सम्भव हुन्छ । पहिले तिब्बतमा रेल आउन सम्भव थिएन तर अहिलेको जमानामा सम्भव भयो । त्यसअनुसारको प्रविधि विकास भयो ।

रेलका लागि अहिले समय लाग्न पनि सक्छ । हामी त्यही लामो समय लाग्ने कुरामा मात्र जिद्दी गरेर बस्यौं भने केही पनि हुँदैन । त्यसैले अहिले हुने कुरा गर्दै जानुपर्छ । अलि ढिलो हुने कुरामा प्रयास अघि बढाउँदै लैजानुपर्छ । तर हामीले रेलमा कम जोड दिएको होइन । संयुक्त वक्तव्यमै त्यो उल्लेख छ । मैले सन् २०१६ र २०१८ मा जुन कुरा गरेको थिएँ, अहिलेको सहमतिमा पनि त्यसको निरन्तरता छ ।

केरुङ-काठमाडौं रेल प्राविधिक र भौगर्भिक दृष्टिले अप्ठेरो छ, ऋणपासोमा पर्ने जोखिम पनि छ, त्यसैले नेपाललाई यस्तो रेल आवश्यक छैन भन्ने तर्कबारे के भन्नुहुन्छ ?

मलेसियामा ‘ट्वीन टावर’ बनाइँदै गर्दा त्यहाँ महाथीर (मोहम्मद) लाई विकासशील मुलुकको सारा पैसा चुच्चेघर ठड्याएर समाप्त पारिदियो भन्ने आरोप थियो । अहिले त्यो विकासको एउटा प्रतीक बनेको छ । थाइल्यान्डले टावर बनाउँदा पनि बेकारमा त्यो किन बनाउने भनिएको थियो । अहिले त्यो आम्दानीको ठूलो स्रोत बनेको छ । मलेसियामै ८०/८२ किलोमिटर टाढा एयरपोर्ट बनायो, यति टाढा चल्दैन भनेर मान्छेले आलोचना गरे । अहिले ५५ मिनेटको ‘ड्राइभ’ मा पुगिन्छ । यूएईमा पनि बुर्ज खलिफा किन बनाइयो भन्नेहरू थिए । सन् १९०३ मा राइट दाजुभाइहरूलाई पागल भन्थे, आकाशमा चरा उडेको देखेर हवाई जहाजको कल्पना गर्छन् भन्थे ।

हामीकहाँ कोदारी राजमार्ग किन चाहियो ? यो सम्भव छैन भन्थे । पूर्व-पश्चिम राजमार्ग चाहिँदैन भन्नेहरू पनि थिए । अहिले मध्यपहाडी राजमार्ग, ‘फास्ट ट्र्याक’ किन चाहियो भन्नेहरू छन् । ‘ट्रान्स-हिमालयन मल्टिडाइमेन्सनल कनेक्टिभिटी’ का बारेमा मान्छेले विस्तारै बुझ्दै जान्छन् । हामीलाई रेल चाहिन्छ कि चाहिन्न भन्ने कुरा मान्छेले पछि थाहा पाउँछन् । हामीले दक्षिणबाट पनि रेल ल्याउने र उत्तरबाट पनि ल्याएर काठमाडौंमा जोड्ने भनेका छौं ।

दुवैतर्फका रेल जोड्ने नै भनेको हो ?

जोडिनु ठीक छ । यता (चीन) बाट पनि काठमाडौंमा आउँछ, उता (भारत) को पनि आउँछ ।

‘टु प्लस वान’ को अवधारणा

चीनका राष्ट्रपति र भारतका प्रधानमन्त्रीबीच नेपाललाई ‘टु प्लस वान’ को अवधारणाबाट हेर्ने कुरा भएको सुनिन्छ, यसमा तपाईंको धारणा के हो ?

‘टु प्लस वान’ होइन, ‘थ्री’ नै हो । किन टु प्लस वान मान्ने ? सिंगापुर सानो छ तर टु प्लस वान भनेर मान्छ, कसैसँग ? मान्दैन नि ! उसको अर्थतन्त्र दह्रो छ, कसैले टु प्लस वान भन्यो भने स्विकार्दैन । त्यसैले अब टु प्लस वान होइन, ठ्याक्कै थ्री, त्रिपक्षीयमा जाने हो । त्रिपक्षीय साझेदारीमा विकासका साझा प्रयास सहकार्य हुनुपर्छ ।

मान्छेहरूलाई अनौठो लागेको छ, कसरी भारतसँग यस्तो बराबरीको, सार्वभौम समानताका आधारमा मित्रतापूर्ण सम्बन्ध सम्भव भयो होला ? कतिलाई लागेको होला, चीनजस्तो देशसँग बराबरीको सम्बन्ध कसरी भयो होला ? चिनियाँ राष्ट्रपति सी चिनफिङको तपाईंहरूकै पत्रिकामा निस्किएको आलेखले हाम्रो कुन तहको, कुन हैसियतको सम्बन्ध छ भन्ने कुरालाई स्पष्ट पार्छ । (त्यसमा) चिनियाँ राष्ट्रपतिले औपचारिक भाषा मात्र बोल्नुभएको छैन, मित्रताको भाषा बोल्नुभएको छ । ‘मेरा मित्रहरूसँगको भेटघाट’ भन्नुभएको छ । भारतीय प्रधामन्त्रीले पनि इन्धन पाइपलाइनको उद्घाटन क्रममा मित्रताको सम्बोधन गर्नुभएको थियो । अब चीन र भारत दुवैसँग हाम्रो सम्बन्ध कूटनीतिक मात्र होइन, त्यसभन्दा माथिको हो ।

हाम्रोमा भारतसँग राम्रो सम्बन्ध भयो भने चीनसँग चिसो हुने, चीनसँग भयो भने भारतसँग चिसिने गरेको इतिहास छ । अहिलेचाहिं बराबरीको सम्बन्ध राख्यौं भन्न खोज्नुभएको हो ?

हामी एउटाको विरुद्ध अर्काको ‘कार्ड’ खेल्दैनौं । बाहिर एकखालको कुरा गर्ने र भित्र-भित्र अर्को खालको गतिविधि गर्दै हिंड्ने, बाहिर मित्रता भन्ने, भित्र अर्को प्रकारको कैंची चलाउने काम गर्दैनौं । हामी बाहिर जे भन्छौं, भित्र त्यही गर्छौं । हामीले सबैसँग मित्रता, कसैसँग शत्रुता छैन भनेका छौं । हामी चिनियाँ वा भारतीय कार्ड खेल्ने कुरामा विश्वास गर्दैनौं । मित्रहरूका बीचमा कार्ड खेल्ने भनेको धोका दिने, छक्याउने कुरा हो । सम्बन्ध सफा र पारदर्शी हुनुपर्छ ।

अलि अगाडि भारत गइयो, भारतका प्रधानमन्त्री नेपाल आउनुभयो, चीन कहाँ रिसायो ? मोदीजी आउँदा चीन त रिसाएन ! चीनसँग २० वटा सम्झौता गऱ्यौं, त्यसको पर्सिपल्ट भारतले महत्त्वपूर्ण सम्झौता गऱ्यो । हामीले चीनसँग सम्झौता गर्दा भारतविरुद्ध गरेका छैनौं, भारतसँग गर्दा चीनविरुद्ध गरेका छैनौं । बरु उहाँहरूबीच सम्बन्ध बढाउन योगदान गर्न चाहन्छौं ।

त्यो कसरी ?

एक खालको असमझदारी भयो भने दुईतिर कुरा गरेर यस्तो असमझदारी नराख्नुहोस् भन्न सकिन्छ । दुइटामा तनाव बढ्यो भने ‘ल मामा बल गर’ भनेजस्तो हामी गर्दैनौं ।

तपाईंले टु प्लस वान, होइन त्रिदेशीय साझेदारी भन्नुभयो । यो कुन-कुन क्षेत्रमा हुन सक्छ ?

जलस्रोत, उड्डयन, दूरसञ्चारलगायत लगानीका अरू क्षेत्र छन् । जनस्तरका शिक्षा, संस्कृतिका थुप्रै कुरा छन्, जसले निकटता बढाउन मद्दत गर्छ ।

रणनीतिक साझेदारी

नेपाल-चीनको संयुक्त वक्तव्यमा दुई मुलुकको सम्बन्ध ‘रणनीतिक साझेदारी’ मा उक्लिएको भन्ने छ । यसको अर्थ र औचित्य के हो ?

रणनीतिक साझेदारी भनेको कुनै सैन्य गठबन्धन होइन । कुनै राजनीतिक ‘अलायन्स’ पनि होइन । यो आर्थिक-सामाजिक विकासका लागि हो । रणनीतिक साझेदारीभित्र मित्रता, कनेक्टिभिटी र विकास पर्छ । यसभित्र सांस्कृतिक आदानप्रदान, शिक्षा, स्वास्थ्य, आर्थिक साझेदारी र विकासका विभिन्न क्षेत्र पर्छन् । यो एउटा आयोजनाविशेष मात्र होइन । अहिले हामी स्याफ्रुबेंसी खण्डको सर्भे गर्छौं । यो त्यतिमै टुंगिँदैन । त्यसपछि निर्माण टुंग्याएपछि यसको प्रयोग गर्छौं । प्रविधि जोडिन्छ । मानिसको आवागमन जोडिन्छ । त्यसैले यो दीर्घकालीन र बहुआयामिक छ । यो मित्रताको माथिल्लो उचाइ हो । यही कुरा यही भाषामा हामी भारतसँग पनि गर्छौं ।

भारतसँग पनि यस खालको रणनीतिक साझेदारी हुन्छ ?

हुन्छ । भारतसँग पनि हामी यस्तो साझेदारी गर्छौं ।

तपाईंले चीनका राष्ट्रपति सीलाई पटक-पटक भेट्नुभएको छ । व्यक्तिगत रूपमा कस्तो पाउनुभयो ? उहाँ त्यति मुस्कुराएको पनि देखिँदैनथ्यो, काठमाडौंमा त निकै मुस्काएको पनि देखियो ?

(सी) काठमाडौं भ्रमणबाट काफी प्रशन्न हुनुहुन्थ्यो । एकलौटी योगदान, दुईतर्फी प्रशन्नताजस्तो थियो । किनभने ‘रेसिप्रोकेट’ गर्न हामीसँग केही थिएन । हाम्रो मनमा मित्र र मैत्रीभाव छ है भन्नेबाहेक हामीसँग दिने त केही थिएन । दिने त उहाँहरूले हो । दिँदै प्रशन्न हुनुहुन्थ्यो ।

चीनको व्यवहार कहीं-कतै दबावजन्य थिएन । हाम्रो समस्या यो हो भनेपछि, ‘समस्या पर्छ भने त्यसलाई छोड्दिऔं’ भन्ने कुरा उतावाट आयो । दबाब, धम्कीको कुरा छैन । ठूलो देशसँग व्यवहार गर्दा प्रायः ‘अन्डरमाइन’ गर्ने, भेटका दौरान छ्यास्स असमान व्यवहार गर्ने हुन सक्छ । तर चीनसँगको व्यवहारमा यस्तो पाइँदैन । मैले मोदीजीसँगको व्यवहारमा पनि त्यो पाएको छैन । पहिले-पहिले अलि ‘फिल’ हुन्थ्यो भारतसँग कुरा गर्दा । अलि असमानता झल्किने खालको लाग्थ्यो । तर मोदीजीसँग त्यस्तो लाग्दैन । सी चिनफिङसँगको सम्बन्धमा पनि त्यस्तो लाग्दैन ।

सीले राजकीय भोजमा बोल्दा त घुमाउरो ढंगले नेपालमा योजना कार्यान्वयनमा समस्या रहेको कुरा उठाउनुभयो । यसलाई कसरी लिनुभएको छ ?

उहाँले भनेको त्यो कुरा ठीक हो । हाम्रो पुँजीगत खर्च कम हुने गरेकै समयमा आयोजनाले गति नलिएर हो । उहाँले ‘हामी जे थाल्छौं, त्यो पूरा गर्छौं’ भन्नुभएको छ । त्यो आयोजनाका सम्बन्धमा ‘साझा प्रतिबद्धता यस्तो हुनुपर्छ’ भन्ने सन्देश पनि हो । हाम्रो सन्दर्भमा त्यो सुझाव हो । उहाँहरूले गरेका सहयोग पनि हामीले समयमा अघि बढाउँदैनौं । हाम्रो देश विकास गर्नुपर्ने, हामी हतारिनुपर्ने तर हतारिँदैनौं । यो अवस्थाचाहिँ छ ।

‘इन्डो-प्यासिफिक स्ट्राटेजी’

अमेरिका र चीनबीच विश्वव्यापी प्रतिस्पर्धा छ, त्यसको प्रतिविम्ब नेपालमा पनि देखिन्छ । अमेरिकाले ‘इन्डो-प्यासिफिक स्ट्राटेजी’ को कुरा पनि ल्याएको छ, कसरी सन्तुलन मिलाउनुहुन्छ ?

हाम्रो नसामा नै असंलग्नता, स्वतन्त्रता र तटस्थता छ । हाम्रो भूराजनीति नै यस्तो- दुइटा ठूला मुलुकको नजिक छौं । लामो समय उपयुक्त प्रयोग गर्न नसक्दा वा नजान्दा हाम्रा सम्बन्धहरूमा कहिले कस्ता, कहिले कस्ता तनावयुक्त अवस्था पनि देखापरे । त्यसकारण हामीले सिकेका छौं, अब असंलग्न र तटस्थ हुन्छौं । अरूको ‘स्ट्राटेजी’ होइन, हाम्रो स्ट्राटेजी हुन्छ । हाम्रो सार्वभौमसत्ता, स्वाधीनता, स्वतन्त्रता र राष्ट्रिय हितमा कति पनि धक्का नपारी हामी सम्बन्ध बढाउन सक्छौं । अमेरिकाको आफ्नो स्ट्राटेजी होला, त्यो स्ट्राटेजीमा हाम्रो लिनु-दिनु छैन । हामी द्विपक्षीय सम्बन्ध गर्छौं । त्यो स्ट्राटेजी के हो, त्यसको विरोधी र समर्थक को हो, त्योसँग हामीलाई मतलब छैन ।

पररा‌ष्ट्रमन्त्री अमेरिका जाँदा इन्डो-प्यासिफिक रणनीतिमा नेपाल पनि सहमत भएको भन्ने आशयको वक्तव्य आएको थियो नि ?

त्यो होइन । इन्डो-प्यासिफिक स्ट्राटेजी के हो, उहाँहरूले हामीलाई बताउनुपर्‍यो । हामीलाई बताएअनुसार त, ‘यो हाम्रो आफ्नो नीति हो, इन्डो-प्यासिफिक क्षेत्रमा कस्ता नीति अपनाउने र कसरी जाने भन्ने हो, यसमा कसैप्रति दबाव पनि छैन, तपाईंहरू (नेपाल) यसको अंग होइन’ भन्नुभएको छ ।

इन्डो-प्यासिफिक रणनीतिमा नेपाल र श्रीलंका नयाँ ‘अन बोर्ड’ गरिएका देशहरू हुन् भन्ने शब्द पनि छ भन्ने मैले सुनें । एमसीसी (मिलेनियम च्यालेन्ज कर्पोरेसन) प्रोजेक्ट साना देशहरूमा छ । नेपाल र श्रीलंकामा पनि छ । त्यसमा कुनै पनि बेठीक सर्त छैन । जुन देशमा लोकतन्त्र, मानवअधिकार छ, विकासमा जुन देश प्रतिबद्ध छ, जुन देश आर्थिक रूपमा उत्तरदायी र सुशासनयुक्त छ, त्यहाँ मात्र दिने भन्ने सर्त हुन् । त्यो ‘क्याटेगोरी’ मा नेपाल परेको छ ।

एमसीसी संसद्बाट अनुमोदन किन हुन नसकेको ?

त्यसमा तत्कालीन सभामुखजी (कृष्णबहादुर महरा) ले अलि बेठीक काम गर्नुभयो । सरकारले टेबुल गरिसकेपछि अन्यत्रका दृष्टिकोणहरूका आधारमा, छलफलका आधारमा त्यसलाई अनुमोदनका लागि प्रस्तुत नगर्नु कर्तव्यभन्दा परको, सभामुखको पदको हैसियतको अनुशासन पालना नगरेको हो । कसैले उहाँलाई भनिदियो, अलिकति विलम्ब गर्नुपर्छ । त्यसपछि विभिन्न नेताहरूका अभिव्यक्तिलाई लिएर पनि विचार गरौं भन्नेतर्फ उहाँ (महरा) लाग्नुभयो ।

आउँदो संसद् अधिवेशनबाट त्यो पारित हुन्छ ?

आउँदो अधिवेशनबाट पारित हुन्छ । त्यसमा एउटा ठूलो बहसको प्रश्न बनाएको भनेको ‘भारत जोडियो’ भन्ने हो । बुटवल-गोरखपुर ट्रान्समिसन लाइन बनाउँदा, अन्तर्राष्ट्रिय ग्रिडमा जोड्दा भारतको सिमानामा मात्र बिजुली पुऱ्याएर त जाँदैन । उताको ग्रिडसँग जोड्नुपर्‍यो । त्यसो हुँदा भारत मान्छ, मान्दैन भन्ने कुरा पहिले टुंगिनुपर्छ भन्ने थियो । अस्ति भारतसँग सम्झौता भयो ।

कान्तिपुर कुराकानी

- एकताको भावनामा पञ्चर गराउने काम पार्टीभित्रैबाट भयो
- काठमाडौंका मान्छेलाई गाडी चढ्दा अलिकति हल्लिन नहुने, दुर्गमका मान्छे तुइन चढेर मरिरहेका छन्, कोही नबोल्ने !
- (सुरुङमार्ग) ३-४ वर्षमा हुनसक्छ, तर रेल-वेचाहिँ त्यति छिटो नहुन सक्छ
- अब ‘टु प्लस वान्’ होइन, त्रिपक्षीय साझेदारीमा जाने हो
- भारतसँग पनि रणनीतिक साझेदारी गर्छौं
- इन्डो-प्यासिफिक स्ट्राटेजीमा नेपाल सहमत भएको होइन
- एमसीसीमा तत्कालीन सभामुख (कृष्णबहादुर महरा) ले अलि बेठिक काम गर्नुभयो



सरकारको कार्यशैली

तपाईंले रेल, सडकलगायत विकासका ठुल्ठूला कुरा गर्नुभयो, तर जनतालेदैनिक जीवनमा भोग्नुपरेका समस्या सम्बोधन गर्न सकेको देखिँदैन नि ?

यसमा दुइटा पक्ष छन् । अलिकति आलोचना छ । सोचेजस्तो गति लिएन भन्ने छ । त्यो आलोचनामा ध्यान दिनुपर्छ । कामले गति लिनुपर्छ भन्ने कुरा नराम्रो होइन । अर्को कुरा, मैले ‘चुनावदेखि चुनावसम्म’ हेरेको होइन । मैले हेरेको भनेको मुलुकलाई अल्पविकसितबाट विकसित बनाउनेमा हो । चुनावदेखि चुनावसम्म हेरेर काम गर्दा एक खालको तरिका हुन्छ । दूरगामी विकासको लक्ष्य राख्दा बेग्लै हुन्छ । काठमाडौंमा सामाजिक सञ्जाल, मिडिया भएको ठाउँमा अलि झिलीमिली देखायो भने सरकारको वाहवाही हुन्छ । तर त्यसले समृद्धि हासिल गर्न र साँच्चै अर्थतन्त्रलाई बढाउन गाह्रो हुन्छ । त्यसकारण समानुपातिक विकास गर्नुपर्छ । हामीले विकासमा दुर्गम ठाउँ, ओझेलमा परेका क्षेत्र र विषयलाई ध्यान दिनुपर्छ ।

तपाईंलाई मेरो शैलीको एउटा नमुना भन्छु, मेरो ध्यान कहाँ छ भन्ने । अघिल्लोपटक प्रधानमन्त्री हुँदा मैले तुइन विस्थापित गर्छु भनें, काठमाडौंका सडक चिल्ला पार्छु भनिनँ । काठमाडौंका मान्छेलाई गाडी चढ्दा अलिकति हल्लिन नहुने, दुर्गमका मान्छे त तुइन चढेर खसिरहेका, मरिरहेका छन् । पहिले त खस्न-मर्न दिनुभएन नि ! बाउ, आमा खसे-मरे, कसले हुर्काउँछ बच्चाबच्ची ? तिनका लागि चाहिँ कोही बोल्दैन । काठमाडौंमा गाडीभित्र जीउ हल्लियो भने सरकारलाई गाली गर्छन् । त्यसकारण मैले पहिले ध्यान दिएको भनेको जहाँ पीडा र आँसु छ, त्यहाँ हो । यहाँ (काठमाडौंमा) चाहिँ विकास नगरौं भन्ने होइन ।

तपाईंले तुइन हटाउँछु भन्नुभयो, तर सबै ठाउँमा त हटेन ? प्रधानमन्त्रीले गरेका घोषणा नै कार्यान्वयन हुन नसक्नुका कारण के होलान् ?

तुइन विस्थापित भएका छन् । कुनै-कुनै ठाउँमा विस्थापित भए पनि तुइन काटिएको छैन । त्यसको फोटो पनि खिचिएको छ, विरोध गर्नका लागि । कतिपय ठाउँमा तुइनबाहेक झोलुङ्गे पुल पनि राख्न नसक्ने र बाटो पनि जान नसक्ने अवस्था छ । त्यसैले १५/१६ वटा तुइन बाँकी छन् ।

सामाजिक सञ्जालहरूमा सरकारको निकै आलोचना हुने गरेको छ, ख्याल गर्नुभएको छ ?

थाहा छ । उहाँहरू (सामाजिक सञ्जाल चलाउने) लाई धन्यवाद भन्न चाहन्छु । म प्रधानमन्त्री भएपछि नेपालले आर्थिक-सामाजिक रूपमा एउटा फड्को मारेको छ । प्लेनको ‘टेक-अफ’ भनिन्छ नि, त्यस्तै यसले (सरकारले) टेक-अफ लिएको छ । देख्दैन कसैले ! मुख छाड्ने बेनामे सामाजिक सञ्जालको त हिसाब छैन, असभ्यका लागि त जवाफ पनि छैन । तर जो आफ्नो नाममा लेख्छ, परिचयसाथ लेख्छ, उसलाई नाति-नातिनीहरूले पनि पछि भन्नेछन्, ‘तपाईंको विवेक थिएन ? यस्तो बेलामा भइरहेको कामलाई पनि केही भएको छैन भनेर झूट फैलाउने ?’

देख्छु नि मान्छेले, के-के भएको छ भन्ने । युगान्तकारी काम भएका छन् । ‘ल्यान्डलक्ड’ मुलुक ‘ल्यान्डलिंक्ड’ भएको छ । परनिर्भरताका ठाउँमा आत्मनिर्भरता बढेको छ । एउटा दमित अवस्थाबाट स्वाभिमान, गौरव उठेको राष्ट्रको रूपमा आएको छ । कसैलाई प्रधानमन्त्री मन पर्दैन होला । नपर्न सक्छ । त्यो बेग्लै कुरा हो । तर मन नपरे पनि काम त भएको छ ।

तपाईं आफ्ना मन्त्रीहरूको काममा कति सन्तुष्ट हुनुहुन्छ ? मन्त्रिपरिषद् फेर्न लाग्नुभएको चर्चा पनि सुनिन्छ ?

कतिपय विषयमा म अलि सन्तुष्ट छैन किनभने म छिटो विकास हुनुपर्छ, छिटो गतिमा हिँड्नुपर्छ भन्ने ठान्छु । हामी पछाडि परेकाले दौडनुपर्छ । दौडनुपर्ने बेलामा त्यसअनुसारको दौड भएन भने मलाई नरमाइलो लाग्छ । यो हिँडाइ भएन भनेर पीर पर्छ । मेरो असन्तुष्टि त्यसमा छ । मैले भ्रष्टाचारमा पाएसम्म केही नछोडी कारवाही गर्न भनेको छु । यस्तो ठुल्ठूलो पदका मान्छे पहिले कारवाहीमा पर्दैनथे । यति धेरै मुद्दा पनि चल्दैनथे । शान्ति सुव्यवस्थाका केही केसमा भने पत्ता लाग्ने दिइएन ।

निर्मला पन्तको केस भन्नु खोज्नुभएको ?

केही छानबिन गर्न खोज्यो भने किन छानबिन गरेको भन्ने ! कसैलाई पक्राउ गऱ्यो भने त्यो निर्दोषलाई किन पक्रेको भन्ने ! हल्लाखोर जमात उफ्रिन्छ । निर्दोष हो कि होइन भन्ने त प्रहरीले छानबिन गर्छ । तर छानबिनै गर्न नदिने ! फलानालाई किन समातेको भन्ने ! राजनीतिक पूर्वाग्रहबाट त्यो छानबिनलाई चल्ने दिइएन । हाम्रो पुलिस पनि त्यति दह्रो छैन कि मेरो कुरा यो हो भनेर दृढतापूर्वक अघि बढोस् । मैले ‘निष्पक्ष छानबिन गर, दृढतापूर्वक अघि बढ’ भनें । तर त्यसअनुसार पुलिस अघि बढ्न सकेन । कमजोरी देखियो ।

जनमतलाई ‘डेलिभरी’ दिने कुरामा धेरै कार्यालय अहिले बनिसकेका छैनन् । यो पहिलो नयाँ (संघीय) प्रणाली हो । आम्दानी कम, खर्च धेरै छ । सातवटा प्रदेश सरकार बनाएका छौं । ७५३ वटा सरकार नै बनाएका छौं । गाउँपालिका र संघीय मन्त्रीबीच अनुभवमा केही फरक छैन । यी सबै कुरामा समस्या छ । त्यसैले डेलिभरीमा अलिकति समस्या छ ।

तपाईं स्वयंलाई नै संघीयतामा धेरै विश्वास छैन भनिन्छ नि ?

यसमा बहस गर्नुभन्दा, संघीयताको व्यवस्थापन जुन कुशलताका साथ भएको छ, त्यो नै जवाफ होइन र ?

संक्रमणकालीन न्यायलाई टुंगो लगाउने सत्यनिरुपण तथा बेपत्ता छानबिन आयोग गठनमा चाहिँ किन ढिलाइ भइरहेको हो ?

सिफारिस समिति बनाएका छौं । समितिलाई सरकारका तर्फबाट कुनै दबाब, सुझाव छैन । उहाँहरूबाट स्वतन्त्र ढंगले गर्ने सिफारिस कार्यान्वयन गरिन्छ । सबै सरोकारवाला अन्तर्राष्ट्रिय समुदायलाई मान्य हुने प्रकारको आयोग बनोस् भन्ने मेरो धारणा हो ।

पार्टी एकीकरण प्रक्रिया

नेकपाको एकीकरण प्रक्रियाले अझै पूर्णता पाएको छैन, यति लामो समय किन लाग्यो ?

यति लामो समय नलिनु पर्थ्यो । के-के गन्धीले काम गरेको छ ! जेले काम गरे पनि यति लामो समय लिनु हुँदैनथ्यो । हामी यता गएपछि एकीकरणका प्रक्रियालाई तलसम्म टुंग्याएर काममा लाग्नुपर्ने थियो । त्यो प्रक्रिया र एकीकरण नै सम्पूर्ण नटुंगिँदा काममा जान सक्ने कुरा भएन । जुन भावनाका साथ एकतालाई अगाडि लैजानुपर्थ्यो, त्यो भावनामा समय-समयमा हावा खुस्काइदिने, ‘पन्चर’ गराउने काम भएको पनि देखियो ।

पन्चर गराउने काम पार्टीभित्रैबाट भयो कि कताबाट ?

पार्टीभित्रैबाट । एकता कम ‘सिमेन्टेड’ भएको देखिन्छ । तर त्यसको अर्थ यसको भविष्य अप्ठेरोमा छ भन्ने होइन ।

अर्का अध्यक्ष पुष्पकमल दाहाललाई तपाईंले सिंगापुर जानुअघि पार्टी हेर्ने गरी जिम्मेवारी बाँडफाँट गर्नुभएको थियो, दुई अध्यक्षबीच त्यही ढंगले काम भइरहेको छ ?

त्यो.... अब.... (केही समय रोकिँदै) दुई अध्यक्ष भने पनि एउटा ‘सिनियर’ हुन्छ, अर्को ‘जुनियर’ । तर हामीले एकदम बराबरीको हैसियतमा जस्तो व्यवहार गरेका छौं । संयुक्त अध्यक्षतामा बैठक हुने गरेको छ । प्रचण्डजी नहुँदा मैले कहिल्यै बैठक राखेको छैन । म नहुँदा ‘बस्नुपरे बस्नुहोस्, तपाईं नै बैठक राख्नुहोस्’ भनेर मैले सिंगापुर जाँदा भनेको हुँ । उहाँ काम गरिरहनुभएको छ, पार्टी अध्यक्षकै हैसियतमा । आज (बिहीबार) चितवन जानुभएको छ, पार्टी अध्यक्षकै हिसाबले । हिजो जलपानमा हुनुहुन्थ्यो पार्टी अध्यक्षकै हैसियतले । साथीहरूसँग पार्टी अध्यक्षकै हैसियतले भेटघाट गरिराख्नुभएको छ । चिनियाँ राष्ट्रपतिसँग टिमकै नेतृत्व गरेर पार्टी अध्यक्षकै हैसियतले भेट नुभएको थियो । उहाँलाई उपाध्यक्ष त कसैले भनेन । अध्यक्षका हिसाबले गतिविधि गर्न उहाँलाई रोक छैन ।

पार्टीतर्फको काम उहाँले हेर्दा हुन्छ भन्ने हो ?

गजबले हेर्दा हुन्छ । तर कस्तो छ भने, न मैले एक्लै चलाएको छु, न उहाँले एक्लै निर्णय गर्ने हो । पार्टी चलाउने भनेको एकल रूपमा चलाउने त होइन । दुइटा अध्यक्ष छौं नि !

सरकार त एक्लै चलाउनुभएको छ । सरकारको नेतृत्व पनि आधा-आधा गर्ने भन्ने समझदारी थियो हैन ? त्यो कहिलेबाट लागू हुन्छ ?

यदि कुनै समझदारी छ भने त्यो समझदारी आएका बेला (कार्यान्वयन) हुने होला नि ? कुनै, केही हुनुछ भने त त्यतिबेला कुरा (समय आएपछि) हुन्छ । यो सरकार अरू कसैलाई हेरेर, अरू कसैको ‘लिडरसिप’ मा विश्वास गरेर बनेको हो र ? यो परिस्थिति मेरो ‘लिडरसिप’ मा बनेको हो, जसले जे भने पनि । अब मैले छोड्नलाई पनि समझदारी हुनुपर्छ होला । अहिल्यै छोड्ने, भरे नै छोड्नेजस्तो, लखेटेर हटाएजस्तो त होइन होला ? मलाई लखेटेर हटाउन सायद सम्भव पनि छैन होला । समझदारीका साथ हुने अपेक्षा हो भने यो समझदारीका साथ हुने अपेक्षाको यत्रो चर्चा कसरी भयो ?

तपाईंले दुई अध्यक्षबीचको पुरानो समझदारीको कुरा गर्नुभएको कि नयाँ समझदारी गर्ने भन्न खोज्नुभएको ?

जे भए पनि । यदि मैले छोड्ने हो भने समझदारीसाथ छोड्ने होला नि ? अस्थिरता देखिने गरी ‘छोडिदिनुपऱ्यो, ल..ल.. अब छोडिदिइहाल्नुपऱ्यो’, जतिबेर पनि, जोसँग भेट भए पनि, जहाँ पनि, जसले पनि यो कुरा गर्नुको अर्थ समझदारी खल्बल्याउने प्रयास हो । केही समझदारी छ भने र समझदारी हुनेवाला छ भने त्यसलाई खल्बल्याउने प्रयास होइन यो ?

लोकतन्त्रमा स्थिरता, स्थायित्व, आवधिक निर्वाचन हुन्छन् । नेता, पार्टी छानिन्छन् । सरकार परिवर्तन हुन्छन्, त्यसको विधि हुन्छ । त्यो अस्थिरता होइन । तर अस्थिरताको सन्देश दिनुचाहिँ गलत हो । अमेरिकामा चार वर्षमा चुनाव हुन्छ । ‘यो राष्ट्रपति अब एक वर्ष त हो नि’ भन्दै कोही हिँड्छ ? ‘अब समय सिद्धियो’ भनेर त हिँड्दैनन् नि ! त्यसैले यो अस्थिरता जनाउने खालको कुरा हो । संवैधानिक, कानुनी हिसाबले जे व्यवस्था छ, त्यसलाई अपमान गर्ने, उल्लंघन गर्ने कुरा, या जनताको अभिमतलाई अवमूल्यन गर्ने कुरा राजनीतिक ‘लिडर’ हरूले बोलेर हिँड्दैनन् ।

तपाईंहरूको पार्टी मात्र होइन, दुई अध्यक्षको सोचाइ-बुझाइमा पनि एकरूपता आउन समय लागेको हो ?

मैले त केही समस्या देखेको छैन । चुनावी तालमेलमा वैचारिक एकता हुँदैन तर हामीले त्यहाँ पार्टी एकताका प्रश्नहरू राखेर गऱ्यौं । त्यहीं हाम्रो कुरा मिलेको छ । यही बिन्दुबाट हामी अघि बढेका हौं । पछि उहाँहरूको माओवादीभित्र के-के समस्या परे होलान् । पटक-पटक नयाँ-नयाँ कुरा खोज्ने स्वाभाव उहाँहरूको देखियो । सम्झौता, सहमति पनि थपिँदै गए । मलाई त एकता चाहिएको हो । त्यसैले मसँग लचकता हुनु धेरै स्वाभाविक हो । माओवादी वैचारिक रूपान्तरणको एउटा तीव्रगतिमा थियो । तीव्र रूपान्तरणको अवस्थामा विचारले आकार लिएको हुँदैन । जनयुद्धबाट आउँदा त परिवर्तनको वेगमा थियो । एमाल

टर्कीद्वारा सिरियामा युद्धविराम

सिरिया आक्रमणबारे अंकारामा भएको वार्तामा सहभागी टर्कीका राष्ट्रपति रेसेप तैयप इर्दोगान र अमेरिकी उपराष्ट्रपति माइक पेन्सलगायत अधिकारी । *तस्बिर : रोयटर्स*

एजेन्सी (टेक्सास/बेरुत)

सिरियाको उत्तरी क्षेत्रमा हवाई तथा स्थलगत कारवाही गर्दै आएको छिमेकी देश टर्कीले यद्धविराम घोषणा गरेको छ ।

टर्कीले गत अक्टोबर ९ देखि उत्तरी सिरियाका विभिन्न स्थानमा कुर्दिस लडाकु लक्षित आक्रमण गर्दै आएको थियो । आक्रमणका कारण करिब ५ सय जनाको ज्यान गएको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन् । मारिनेमा प्रायः कुर्द समुदायका छन् ।

समाचार संस्था एएफपीले एक मानवअधिकारवादी संस्थालाई उद्धृत गर्दै कारबाहीका कारण ३ लाखभन्दा बढी मानिस विस्थापित भएको जनाएको छ । इस्लामिक स्टेट्सविरुद्धको लडाइँमा कुर्दहरूसँगै रहेका अमेरिकी सेना फर्काउने राष्ट्रपति ट्रम्पको घोषणालगत्तै टर्कीले त्यस क्षेत्रमा हवाई र स्थलगत आक्रमण सुरु गरेको थियो ।

सैन्य आक्रमणको विरोध गर्दै अमेरिकाले टर्कीका दुइटा मन्त्रालय तथा तीन वरिष्ठ अधिकारीलाई अमेरिका प्रवेशमा प्रतिबन्ध लगाएको छ । त्यसका साथै अमेरिकाले स्टिलमा लगाउँदै आएको कर बढाउने र व्यापार सम्झौतासम्बन्धी वार्तासमेत स्थगित गरेको जनाएको छ । अमेरिकी उपराष्ट्रपति माइक पेन्सका अनुसार राष्ट्रपति डोनाल्ड ट्रम्पले टर्कीका राष्ट्रपति रेसेप तैयप इर्दोगानलाई टेलिफोन गरी तत्काल युद्धविराम नगरे अझै कडा चेतावनीसमेत दिएका छन् ।

यसैबीच, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बिहीबार उत्तरी सिरियामा भएको अस्थायी युद्धविरामको स्वागत गरेका छन् । आक्रमणमा अमेरिकी नागरिकको एक थोपा पनि रगत नबगेको भन्दै राष्ट्रपति ट्रम्पले 'सिरियाबारे आफ्नो रणनीति सफल भएको' दावी गरेका छन् ।

ट्रम्पले तत्कालका लागि पाँचदिने युद्धविराम भएको जनाए । 'अमेरिकाका लागि यो महान् दिन हो,' टेक्सास राज्यमा आयोजित निर्वाचन च्यालीलाई सम्बोधन गर्दै ट्रम्पले संवाददाताहरूसँग भने, 'यो टर्की र कुर्दहरूका लागि अनि मानव सभ्यताका लागि पनि महान् दिन हो ।'

अमेरिकासँगको सहमतिपछि टर्की ५ दिने युद्धविरामका लागि सहमत भएको हो । स्वतन्त्र मुलुकको माग गर्दै वर्षौंदेखि सशस्त्र आन्दोलन गरिरहेका कुर्द लडाकुले सिरिया-टर्की सीमा क्षेत्र छाड्नुपर्ने टर्कीको सर्तमा अमेरिकाले सहमति जनाएको एएफपीले जनाएको छ ।

टर्कीले सीमावर्ती सिरियाली भूभागमा भीषण सैन्य कारबाही थालेपछि वार्ता गर्न अमेरिकी उपराष्ट्रपति माइक पेन्स बिहीबार टर्की पुगेका थिए । उनले 'सिरियामाथिको आक्रमण तत्काल रोक्न' टर्कीका राष्ट्रपति रेसेप तैयप इर्दोगानलाई सहमत गराएका हुन् ।

सिरियाली कुर्द लडाकुहरूका विरुद्धमा जारी घातक आक्रमणलाई लिएर संयुक्त राष्ट्रसंघले पनि गम्भीर चासो व्यक्त गरेको छ । राष्ट्रसंघीय सुरक्षा परिषद् बैठकमा सिरियाको उत्तरी क्षेत्रमा जारी आक्रमणबाट भएको क्षतिबारे छलफल भएको थियो ।

बैठकमा सुरक्षा परिषद्का सदस्य राष्ट्रहरूबीच आक्रमण रोक्नुपर्ने विषयमा आवश्यक परामर्श र छलफल भएको र त्यस विषयमा सहमति पनि भएको बताइएको थियो ।

सिरियाली आईएसलाई परास्त गर्ने अमेरिकी अभियानमा कुर्द नेतृत्वको सिरियन डेमोक्रेटिक फोर्सेस (एसडीएफ) ले सघाउँदै आएको थियो । तर एसडीएफलाई टर्कीले आतंककारी समूह बताउँदै गतसातादेखि उनीहरू लक्षित आक्रमण गरेको हो । टर्कीले आफ्नो देशमा रहेका ३० लाखभन्दा बढी सिरियाली शरणार्थी सिरियामा पुनःस्थापित गराउने कारबाही चलाएको बताएको थियो ।

अमेरिकी चासो किन ?

■ **गोविन्द पोखरेल** (काठमाडौं)

पछिल्लो समय अमेरिका र टर्कीबीचको सम्बन्धमा उतारचढाव आइरहेको छ । नेटो सदस्य राष्ट्र टर्कीले गत जुलाईमा अमेरिकाको विरोधका बावजुद 'एस-४००' नामक क्षेप्यास्त्र प्रतिरक्षा प्रणाली रुससँग खरिद गरेपछि दुई देशबीचको सम्बन्ध तनावपूर्ण बनेको हो ।

टर्कीको एक एयर बेसमा अमेरिकाका ५० वटा आणविक बमहरू रहेको वासिङ्टन पोस्टले जनाएको छ । शीतयुद्ध ताका सन् १९६१ मा टर्कीमा भण्डारण गरिएका आणविक बम लैजाने अमेरिकी प्रयास लामो समयदेखि असफल हुँदै आइरहेको उक्त पत्रिकाले उल्लेख गरेको छ । टर्कीसँग अमेरिका पछिल्लो समय एस-४०० मिसाइल खरिद गरेपछि झनै चिढिएको हो । त्यसको प्रतिक्रियामा सिरियाको उत्तरी क्षेत्रमा तैनाथ अमेरिकी फौज फिर्ता गरेको थियो ।

टर्कीले एस-४०० मिसाइल प्रतिरक्षा प्रणालीको सञ्चालनका लागि करिब २.५ बिलियन डलर खर्च गरेको सीएनएनले उल्लेख गरेको छ । भारतले पनि ५ बिलियन डलरमा उक्त प्रणाली रुसबाट खरिद गर्ने सम्झौता गरिसकेको छ । उक्त प्रणाली खरिद गर्ने पहिलो मुलुक भने चीन हो । टर्कीसँग पाँचौं पुस्ताको अत्याधुनिक अमेरिकी लडाकु विमान 'एफ-३५' पनि छ । तर रुससँग एस-४०० खरिद सम्झौता गरेलगत्तै अमेरिकाले टर्कीलाई एफ-३५ का थप लडाकु विमान बेच्ने सम्झौता रद्द गरिसकेको छ । अमेरिकाले पनि रुससँग एस-४०० मिसाइल प्रणाली खरिद नगर्न चेतावनी भारतलाई दिँदै आएको छ । त्यसको विरोधमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भारतविरुद्ध थप कर लगाउने घोषणा गरे ।

वासिङ्टन किन सशंकित ?

अमेरिकाले एफ-३५ लडाकु विमान र एस-४०० क्षेप्यास्त्र प्रतिरक्षा प्रणाली अमिल्दो हुने दावी गर्दै राख्न नहुने बताउने गर्छ । तर कतिपय विश्लेषकहरूले दुवै हतियार सँगै रहँदा कमजोरी पत्ता लाग्ने त्रासमा अमेरिका रहेको बताउँछन् ।

जमिनबाट आकाशमा मार हान्न सक्ने लामो दूरीको प्रणाली हो एस-४०० । रुसी सेनाको अहिलेसम्मकै राम्रो क्षेप्यास्त्र प्रणाली मानिने एस-४०० मा अत्याधुनिक सर्भिलियन्स राडार जडान गरिएको छ जसले जर्मनिबाटै विमानलाई ट्रयाक गर्न सक्छ ।

एस-४०० ले जमिनमा ४०० किलोमिटर टाढासम्मको र आकाशमा २७ किलोमिटर माथिसम्म मार हान्न सक्ने क्षमता राख्छ । एस-४०० फाइटर जेट, विभिन्न प्रकारका मिसाइल र ड्रोन ध्वस्त गर्ने उद्देश्यका साथ निर्माण गरिएको हो । बेलायती रक्षाविज्ञ रिचार्ड कोनल्लीले एक सञ्चारमाध्यमलाई भनेका छन्, 'अहिलेको रुस वा तत्कालीन सोभियत युनियनले मिसाइल टेक्नोलोजीमा सधैं नेतृत्व गरेको छ ।

यसको एक मात्र कारण अमेरिका तथा पश्चिमा देशको रुचि लडाकु विमान निर्माण हो । एस-४०० धेरै नै सहज र विभिन्न प्रकारका रकेटमा पनि प्रयोग गर्न सकिन्छ । यो प्रणाली अमेरिकाको 'पेट्रोइट-२' भन्दा दुई गुणा सस्तो रहेको उनले बताएका छन् ।

एस-४०० अमेरिकी लडाकु विमान एफ-३५ लाई २० माइल टाढाबाट मात्रै डिटेक्ट गर्न सक्ने अमेरिकी सञ्चारमाध्यमहरूले जनाएका छन् । एफ-३५ ले हवाईबाट जमिनमा ४० माइल टाढासम्म पनि मार हान्ने सक्ने मिसाइल बोक्ने भएकाले यसले एस-४०० लाई ध्वस्त पार्ने दावी गरिएको छ ।

अमेरिकी अधिकारीले टर्कीले उक्त प्रणाली र विमान सँगै प्रयोग गर्दा रुसीहरूले एफ-३५ को प्रतिरोध क्षमता पत्ता लगाउने र अमेरिकी विमानलाई राडारमा डिटेक्ट गर्न सक्ने प्रविधिको विकास रुसीहरूले विकासित गर्ने चिन्ता अमेरिकामा छ । एफ ३५ का विभिन्न जानकारी लिएपछि रुसीहरूले विमानको कमजोरी पत्ता लगाउने समेत अमेरिकी विज्ञहरूले बताएका छन् ।

आकाशमा भएको टार्गेटलाई ध्वस्त पार्ने 'मोबाइल सर्फस टु एयर मिसाइल' लाई सन् १९९० मा एमकेवी फेकेल कम्पनीले निर्माण गरेको हो । यसमा ४ प्रकारका मिसाइलहरू प्रयोग हुन्छन् । जसमा ४००, २५०, १२० र ४० किलोमिटर टाढा हान्न सक्ने मिसाइल हुन्छन् । रुसले यसलाई सन् २००७ मा आफ्नो सेनामा आबद्ध गराएको थियो । एस-४०० का मिसाइलहरू १७ हजार किलोमिटर प्रतिघन्टाको गतिमा जान सक्छन् ।

यसलाई सजिलैसँग एक ठाउँबाट अर्को ठाउँमा लग्न सकिने, रेस्पोन्स टाइम १० सेकेन्ड हुँदा खरिदकर्ता मुलुकहरू आकर्षित भएका छन् । ५ देखि १० मिनेटमा हमलाका लागि तयार हुन्छन् । एकैपटक ८० वटा प्रहार गर्ने क्षमता भएकाले यसको चर्चा चुलिएको हो । यसले कुनै लक्ष्यलाई ६ सय किलोमिटर टाढाबाट ट्रयाक गर्ने क्षमता राख्छ ।

एजेन्सीको सहयोगमा

अमेरिकाले युरोपेली सामानमा कर बढायो

वासिङ्टन, (एएफपी)- अमेरिकाले युरोपेली संघबाट आयात हुने ७ अर्ब ५० करोड अमेरिकी डलर बराबरका सामानमा करवृद्धि गरेको छ ।

अमेरिकी करवृद्धिको प्रत्यक्ष असर एयरबस, फ्रान्सेली मदिरा (वाइन) र स्कटल्यान्डको ह्विस्कीमा परेको छ । यी सामान अमेरिकामा सर्वाधिक निर्यात हुने वस्तुको सूचीमा छन् । युरोपेली संघका पदाधिकारी र अमेरिकी व्यापार प्रतिनिधिहरूबीच करवृद्धिका विषयमा घनीभूत छलफल भए पनि अन्त्यमा वार्ता विफल भएको थियो ।

चीनसँगको व्यापार वार्तामा खासै प्रगति नभएको अवस्थामा युरोपेली संघसँग पनि व्यापार गतिरोध बढेका कारण यसले विश्व अर्थव्यवस्थामा थप संकट निम्त्याउने विश्लेषकहरूको अनुमान छ ।

अमेरिकाको नयाँ घोषणाअनुसार विमान निर्माता कम्पनी एयरबसका नागरिक उड्डयनका विमान अमेरिका आयात गर्दा १० प्रतिशत करवृद्धि हुनेछ । एयरबसमा बेलायत, फ्रान्स, जर्मनी र स्पेनको लगानी छ ।

करवृद्धिको मारमा फ्रान्सेली वाइनजस्ता उच्च मूल्यका सामान पनि परेका छन् । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युरोपेली संघबाट अमेरिका आयात हुने वस्तुमा करवृद्धि गर्ने धम्की दिँदै आएका थिए । फ्रान्स, स्पेन र जर्मनीबाट आयात हुने वाइनमा अब २५ प्रतिशत कर लाग्नेछ ।

अमेरिकी करवृद्धिको घोषणा हुनुअघि वार्ताका लागि अमेरिका पुगेका फ्रान्सेली अर्थमन्त्री ब्रुनो ली मायरले अमेरिकी कदमको प्रतिशोधमा युरोपले पनि अमेरिकी सामानमा करवृद्धि गर्ने सम्भावना रहेको बताए ।

उनले युरोप प्रतिशोध लिने अन्तिम तयारीमा छ भन्दै अमेरिकी निर्णय आर्थिक तथा राजनीतिक दुवै दृष्टिकोणबाट निकै प्रत्युत्पादक हुने चेतावनी दिएका छन् । ली मायरले बताएका थिए ।

शुक्रबार नै अमेरिकी व्यापार प्रतिनिधि रोबर्ट लाइट्जरसँग भेटेका जनाइएको छ । मन्त्री मायरले विश्व अर्थतन्त्र नै मन्दीतर्फ अग्रसर भइरहेको सन्दर्भमा सबैले मिलेर अर्थतन्त्रक । समस्या सुल्झाउन पहल गर्नुपर्ने बताए । युरोप र अमेरिकाबीच विमान निर्माता कम्पनीहरू एयरबस र बोइङलाई उपलब्ध हुने अनुदानका विषयलाई लिएर मतान्तर जारी छ ।

युरोपेली संघका पदाधिकारीहरू गत जुलाईमा विमान निर्माता कम्पनीलाई दिइने अनुदानका विषयमा छलफल गरी निष्कर्ष निकाल्न सहमत भएका थिए । उनीहरूबीच विमान कम्पनीहरूलाई सरकारी अनुदान नदिने विषयमा सहमति भए पनि कार्यान्वयनमा आउन सकेन । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले गत बुधबार युरोपेली संघसँग देखिएका द्विपक्षीय व्यापार समस्या सुल्झाउन आफू सदैव तयार रहेको बताएका थिए ।

भारतीय बजार खोज्दै हुवावे

नयाँदिल्ली (एजेन्सी)- अमेरिकी दूरसञ्चार कम्पनीहरूलाई '५-जी' उपकरण बेच्न प्रतिबन्ध लागेपछि चिनियाँ कम्पनी हुवावेले भारतमा आक्रामक बजार विस्तारमा सक्रिय देखिएको छ ।

'केही देशले हुवावेलाई खेदिसकेका छन्,' 'अब्जर्भर रिसर्च फाउन्डेसन' का प्रविधि विश्लेषक अरुण सुकुमार भन्छन्, 'त्यसैले भारतसँगको सम्भावित सम्झौता ५-जी विस्तारका लागि हुवावेलाई विशेष महत्त्वको हुन सक्छ ।' हुवावे तत्कालका लागि सहज परिस्थितिमा भए पनि उसले बजारका लागि नयाँ लगानीका क्षेत्र खोज्नुपर्ने सुकुमारको भनाइ छ । उनले भारत हुवावेका लागि ठूलो बजार रहको बताउँछन् ।

पछिल्लो समय अस्ट्रेलियामा पनि प्रतिबन्ध खेपेको हुवावेमाथि अन्य देशले पनि प्रतिबन्ध लगाउनेबारे सोचिरहेको जनाएका छन् । चीनले हुवावेका उपकरणको सहयोगमा जासुसी गर्ने गरेको अमेरिकी आरोप छ । अमेरिकी आरोपको हुवावेले भने खण्डन गर्दै आएको छ ।

मोबाइल फोन प्रयोगकर्ताका हिसाबले भारतीय बजार दोस्रो स्थानमा छ । त्यसैले कुनै पनि कम्पनीका लागि भारत महत्त्वपूर्ण बजार हो । अमेरिकाले भारत तथा आफ्ना साझेदार मुलुकलाई हुवावेका उपकरण जडान नगर्न आग्रह गर्दै आएको छ । हुवावेसँग व्यापार सम्झौता गरे प्रतिबन्धको सामना गर्नुपर्ने अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले चेतावनी दिँदै आएका छन् । अमेरिकी वाणिज्यमन्त्री विल्बर रोसले आफ्नो भारत भ्रमणका क्रममा 'भारत अमेरिकाको भूराजनीतिक साझेदार भएकाले आफूलाई सुरक्षा खतरामा पार्ने जोखिम नमोल्ने लागेको' बताएका थिए । तर भारतस्थित हुवावे कम्पनीका प्रमुख जे चेनले आफ्ना उत्पादनमा कुनै खतरा नभएको लिखित प्रत्याभूति भारत सरकारलाई दिन हुवावे तयार रहेको बताएका छन् । 'अमेरिकाले भारत सरकारलाई प्रभावित पार्न खोजेको हामीले सञ्चारमाध्यममा पढेका छौं । तर मलाई लाग्छ हामीले त्यसविरुद्ध कदम चाल्न सक्छौं र हामीले गर्न सक्ने कोसिस गर्छौं,' उनले भने । बीबीसीका अनुसार अमेरिकाले हुवावेमाथि लगाएका आरोपबारे कुनै टिप्पणी नगरेको भारतले हुवावेलाई आगामी '५-जी' स्पक्ट्रम परीक्षणमा सहभागी हुन निम्तो दिएको छ । यद्यपि, त्यसको मिति भने तय भइसकेको छैन ।

हुवावेलाई '५-जी' नेटवर्क स्थापनाको प्रक्रियामा सहभागी नगराउँदा भारतलाई नकारात्मक असर पर्न सक्ने सुकुमारको भनाइ छ । '५-जी आरम्भ गर्न पाँच कम्पनीसँग मात्र पूर्वाधार छ । त्यसमाथि हुवावेको पूर्वाधार नोकिया र एरिक्सनजस्ता पश्चिमा देशका कम्पनीको तुलनामा निकै सस्तो छ,' सुकुमार भन्छन्, 'भारतको दूरसञ्चार कम्पनी संघर्ष गरिरहेको छ । त्यस कारण सस्तो दरमा सेवा प्रदान गर्न पनि हुवावेसँग साझेदारी गर्नु निकै आकर्षक छ ।'

चेनले इकोनमिक टाइम्स पत्रिकालाई बताए छन्, 'हुवावे हाल भारतको डिजिटल इकोसिस्टमको महत्त्वपूर्ण अंग भइसकेको छ र यो चरणमा बाहिर निकाल्दा त्यो पूर्णतः भत्किने जोखिम उत्तिकै छ ।' अखबारले उनलाई उद्धृत गर्दै जनाएको छ, 'त्यसले आर्थिक हानि मात्र होइन, प्रविधि विकासमा पनि नराम्रो असर पार्ने निश्चित छ ।'

बर्गिकृत डिस्प्ले

STUDY IN JAPAN
April/July Intake 2020
N5 pass भएकोलाई विशेष प्राथमिकता
❖ NAT/JLPT/Top J /N5 Not Mandatory.
❖ +2, Bachelor, Master's can Apply.
❖ Cities of Your Choice.
Visit with your Documents
N4, N3 Working भिषाको लागि ३ घण्टा जापानीज भाषाका कक्षाहरु धमाधम भइरहेको छ ।
Sunmoon Nepal Edu. Foun. Pvt. Ltd.
Putalisadak Chowk, Kathmandu
9818407861, 9841357114

फ्रि-होम डेलिभरी
यौन-शक्ति
यौन सम्बन्धी सम्पूर्ण समस्याहरुको लागि विश्वस्तरीय हर्बल सप्लिमेन्टहरु
जाँड-रक्सी, चुरोट, ड्रग्स जस्ता अन्य कुलत थाहै नदिई छुटाउन
वीर्याणुको डण्डीफोर वाउरीपना हटाउन STEP-UP हाईट बढाउन
महिलाको स्तन बढाउन, घटाउन र योनी टाईट पार्न
मोटोपना घटाउन-बढाउन SEX-TOYS पनि पाईन्छ
कपाल झर्न रोकी पुन:उमार्ने-Hair Building Fiber
★हेलो शप नेपाल★
कोटेश्वर City-Tower
9808650895, 9868200286
Note: This Is Food Supplement Products, Not For Medicinal Use

Building/ जग्गा चाहियो
काठमाडौं, ललितपुर, भक्तपुरमा ८०,००० देखि २,००,००० sq.ft. सम्म एरियाको जग्गा वा सो मा बनेको Building चाहियो । (Building लाई प्राथमिकता)
Contact:
9821270061

अपार्टमेन्ट बिक्रीमा
पेप्सीकोला नजिकै सनसिटी हाउजिङ्गमा १६ औ तल्ला ८५५ बर्गफिट फल्याट रु ८० लाख मात्र ।
सम्पर्क:
९८५१०२०२९४
९८४९०९५८११

वैदेशिक रोजगारमा जाँदै हुनुहुन्छ ?
सुरक्षित वैदेशिक रोजगार नि:शुल्क परामर्श/सहायताका लागि फेसबुकमा मेसेज गर्नुहोस् वा तलको नम्बरमा मिसकल दिनुहोस् ।
सबै थो Safe foreign employment भएको एप Google playstore Free मा download गर्नुहोस् ।
www.fb.com/SAFE.THN
नोट: हामी म्यानपावर कम्पनी होइनौं ।
९८०३८८८४२४

जग्गा बिक्रिमा
दक्षिणकाली फर्फिङ्ग बजारबाट ८०० मिटर पश्चिम मेनरोडमा ५-५-२-० जग्गा बिक्रिमा ।
सम्पर्क नं.
९८०८५८४८१८

जग्गा बिक्रिमा
कपन आकाशे धारामा ६ आना १ पैशा जग्गा बिक्रिमा ।
सम्पर्क नं.
९८४१३१८१७८

नेपाल सरकारबाट मान्यता प्राप्त
८५ कर्मचारीहरु अर्जेन्ट
काम: अफिसभित्रै
No interview, 100% Job
योग्यता: Test,SEE, +2 साधारण लेखपढ गर्न जानेको/नजानेको
सुविधा: माईभाडा-१००।- बाहा:-१००।-
काम: कम्प्यूटर/उत्पादन सेक्टर
तलब: Parttime: 24,500/- Fulltime: 48,500/-
समय: 12 to 4PM/9 to 5PM
चावहिलचोक
इजिलिंक नेपाल प्रा.लि.
9803434644, 014483414
9866446837

VACANCY
A specialized home based healthcare start-up located in Lalitpur seeks applications for the following positions:
3. ANMs and Nurses:
30 @ based on experience competitive salary and incentives
4. Caregivers:
30 @ competitive salary and incentives
(At least SLC passed and with some Care giving course/training; new caregiver graduates are encouraged to apply.)
Email: vacancyformh@gmail.com
Deadline: October 28th, 2019

TEACHER WANTED
Level: +2 Physics Teacher
(full time day shift)
Experience: at least 3 years
Salary: Attractive
Heartland Academy, Bafal
9861926737
9851007485
www.heartlandacademy.edu.np

VACANCY
A specialized home based healthcare start-up located in Lalitpur seeks applications for the following positions:
1. Nursing cum Administrative Officer:
One @ NRs.25000 per month
(Bachelors in Nursing at least 3-5 years experience especially in ICU & trainings; basic accounting and management skills.)
2. Accountant cum Office Assistant:
One @ NRs.15000+ per month (negotiable)
(Accountancy background, preferably male candidates with a bike for office errands)
Email: vacancyformh@gmail.com
Deadline: October 28th, 2019

कोठा चाहियो
लाजिम्पाट, लैनचौर, नागपोखरी नक्साल, उत्तरढोका, ज्ञानेश्वर कमलपोखरी एरियामा अफिसको लागि ४ कोठा, २ बाथरुम भएको फल्याट वा कोठा भाडामा चाहियो ।
(१,००० देखि १,५०० वर्गफिट सम्मको)
सम्पर्क: नरेश
९८५१०३८८७५, ०१-४४६२८११

सुवर्ण अवसर
पूर्व-पश्चिम हाइवेबाट मात्र ३५० मिटर दक्षिण नवलपुर जिल्ला देवचुली न.पा.-१६, रजहरमा सम्पूर्ण पूर्वाधार भएको मासिक ४ लाख भन्दा बढी आम्दानी गरिरहेको २ बिगाहाको कृषि फार्म बिक्रीमा ।
मूल्य : २१ लाख प्रति कट्ठा
सम्पर्क : ९८५५०६५१७७, ९८११२६८६१४
लोकल कुखुरा तथा चल्ला बिक्रीमा छ ।

बर्गिकृत डिस्प्ले अब मल्टिकलरमा पनि छाप्न सकिने
श्याम स्वेत: रू. ३०००/-*
स्पट कलर: रू. ३५००/-*
मल्टि कलर: रू. ५०००/-*

घर बिक्रिमा गाडि बिक्रिमा जग्गा बिक्रिमा
* उपरोक्त दररेटहरुमा मूल्य अभिबृद्धि कर समावेश गरिएको छैन ।

क्यान्सरपीडित

विदेशमा दुःख पाएपछि स्वदेशमा उपचार

■ **फातिमा बानु** (काठमाडौं)

धादिङ, बेनीघाटका ४८ वर्षीय केशव बिसुरालको पाइतालामा ६ वर्षअघि साना बिमिरा निस्किए । विस्तारै फोकामा परिणत भएका ती बिमिरा फुट्दै खाटा बस्यो । उनले सामान्य ठानेर उपचार खोजेनन् । घाउका खाटा विस्तारै मासुका डल्ला बनेर दुखाइ असह्य भएपछि मात्र अस्पताल पुगे । चिकित्सकले खिल बसेको भनेर शल्यक्रिया गरिदिए । 'तर खिल निकालेको खाल्डो मासुले पुरिएन । अझ त्यही खाडल घाउमा बन्यो, फेरि जचाउँदा क्यान्सर भइसकेको रहेछ,' ३ वर्षअघिको बेथा सुनाए ।

बिसुरालको क्यान्सर पहिलो स्जेटको मात्रै थियो । उनले स्वदेशमै उपचार गर्ने सोच बनाएका थिए तर छिमेकी र आफन्तले अत्याएपछि पत्नी कुमारीलाई साथ लिएर भारतको राजीव गान्धी क्यान्सर अस्पताल पुगे ।

'त्यहाँ चिकित्सकसँग बोल्न भाषामा समस्या भयो । खानेबस्ने ठेगान भएन,' बिसुरालले भने, '६ महिना उपचार गराएँ तर बेथा कम भएन ।' त्यहाँका चिकित्सकले नेपालमा रोग बिगारेकाले निको नभएको जवाफ दिएपछि उनीहरू फर्किए । अहिले हरिसिद्धिस्थित नेपाल क्यान्सर अस्पतालमा उपचार भइरहेको छ । नेपालमा १० लाखभित्र हुने उपचारका लागि उनले ६० लाख खर्चिसकेका छन् । 'घरजग्गा सबै बेचिसकें । अब त बेच्नलाई केही छैन,' कुमारीले भनिन् ।

४२ वर्षीया अर्की एक क्यान्सरपीडित पनि आफन्तकै लहलहैमा भारत पुगिन् । उनलाई पाठेघरको मुखको पहिलो स्टेजको क्यान्सर थियो । चिकित्सकले उनलाई यहीं उपचार सजिलो र सस्तो हुने परामर्श पनि दिएका हुन् । 'जान्नेबुझ्नेले क्यान्सर भयानक रोग हो, पैसा नहुने मान्छे पो नेपालमै अड्किन्छन् भनेपछि ऋण खोजेर भारत हिँडें,' उनले सुनाइनन् । त्यहाँ चिकित्सक भेट्न धेरै दिन कुर्नुपर्ने, खानबस्न धेरै खर्च लाग्ने समस्याबाट उनी गुज्रिइन् । ३० लाख रुपैयाँ सकिँदा पनि रोग निको भएको छैन । अहिले नेपालमै उपचार गराइरहेकी छन् ।

नेपालमै सम्भव हुने उपचारको विश्वास नमानेर विदेश धाउने यस्ता पात्र थुप्रै छन् । विदेश धाएर दुःख पाएका, घरजग्गा सिध्याएका बिरामी क्यान्सर अस्पतालमा धेरै भेटिन्छन् । बिपी कोइराला मेमोरियल क्यान्सर अस्पताल भरतपुरका क्यान्सर रोग विशेषज्ञ डा. समीर शर्माको डेढ दशक उपचार अनुभवमा पनि ५ प्रतिशत बिरामी विदेश पुगेरै उपचार गर्छन् । 'विश्वभर जहाँ पुगे पनि उपचार एउटै हो । नेपालमा पनि उस्तै प्रविधि छ । तर उपचारप्रति बिरामीको विश्वास जाग्न सकेको छैन,' उनले भने, 'पैसा हुन्जेल विदेशमा उपचार गर्छन् । पैसा सकिएपछि नेपाल फर्केर निःशुल्क उपचार गर्ने पनि छन् ।'

नेपाल क्यान्सर अस्पतालका निर्देशक तथा वरिष्ठ क्यान्सर रोग विशेषज्ञ डा. सुदीप श्रेष्ठले क्यान्सर लाग्नेबित्तिकै विदेश नै जानुपर्छ भन्ने मानसिकता कायम रहेको बताए । 'तीन दशकअघि नेपालमा क्यान्सर रोगको उपचार थिएन । विदेशै धाउनुपर्ने बाध्यता थियो,' उनले भने, 'अहिले नेपालमै विशेषज्ञ उत्पादन भइसके, प्रविधि पनि भित्रिसके । उपचारका लागि बिरामीले विदेश नै जानुपर्छ भन्ने छैन ।' सामाजिक प्रतिष्ठा र आफन्तको करकापका कारण बिरामीले यहाँ उपचार गर्न नमान्ने उनले बताए । उनका अनुसार कतिपय बिरामी रोग लुकाउन पनि बिदेसिन्छन् । क्यान्सरबारे समाजले थाहा पाएर अपहेलना गर्ला भन्ने डरका कारण पनि बिरामी विदेश पुगेर उपचार गर्छन् ।

वीर अस्पतालका क्यान्सर रोग विशेषज्ञ डा. विवेक आचार्यले पनि क्यान्सर उपचारका लागि देशमै जनशक्ति र प्रविधि भए पनि बिरामीको विश्वास बढ्न नसकेको बताए । 'अब्बल उपचार नेपालमा सम्भव छैन भन्ने मानसिकताबाट पीडित छन् बिरामी । ठूलो रोग लाग्दा पनि विदेश लगेनन् भन्ने सामाजिक दोषारोपण खेप्न नसकेर पनि विदेश लगिन्छन्,' उनले भने ।

क्यान्सर लागेका सेलिब्रेटी, सामाजिक र राजनीतिक व्यक्तित्वले विदेशमा उपचार गराउने परिपाटीले पनि सामान्य नागरिकमा त्यस्तो मानसिकता हाबी हुन गएको विशेषज्ञहरूको ठम्याइ छ । डा. श्रेष्ठलाई नेपालमै निको भएका बिरामीले खुला रूपमा भनिदिए पनि धेरैले विदेश पुगेर दुःख पाउनु पर्दैनथ्यो भन्ने लाग्छ । 'रोगबारे खुलेर बोल्नै मान्दैनन् बिरामी । रोगबारे बोली हिँड्दा जागिर नपाइने, इज्जत जाने, बिहे नहुनेजस्ता डरले ग्रस्त छन्,' उनले भने । उनीहरूलाई खुलेर यहाँको सेवाबारे प्रचार गर्न सरकारले प्रेरित गर्नुपर्ने उनको विचार छ । डा. श्रेष्ठका अनुसार नेपालबाट भारत गएका बिरामीले उपचारभन्दा बढी दुःख पाउँछन् । बिरामीलाई अनावश्यक औषधि किन्न र परीक्षण गर्न लगाएर बढी खर्च गराइन्छ ।

नेपाल स्वास्थ्य अनुसन्धान परिषद्का अध्यक्ष तथा क्यान्सर रोग विशेषज्ञ डा. अञ्जनीकुमार झाको अनुभवमा हरेक २० जना क्यान्सरका बिरामीमध्ये एक जना भारत पुगेकै हुन्छन् । 'नेपालमै उपचार सम्भव छ भन्दाभन्दै पनि अरूको कुरा सुनेर विदेश पुग्ने प्रवृत्ति छ,' उनले भने, 'सुरुमा जोसिएर विदेश पुग्छन्, उता दुःख पाएपछि फेरि नेपाल आएर उपचार गर्छन् ।' नेपालमा क्यान्सरका बिरामी कति छन् भन्ने यकिन तथ्यांक छैन । परिषद्ले गरेको अध्ययन गरेको रिपोर्ट अब छिट्टै सार्वजनिक गरिने अध्यक्ष झाले बताए । उनका अनुसार विदेश उपचार गराउन जानेमध्ये ९९ प्रतिशत भारतको दिल्ली पुग्ने गरेका छन् । केही बिरामी बैंकक र सिंगापुर जान्छन् । विदेशमा बिरामीले नेपालमा भन्दा तेब्बरचौब्बर बढी खर्च गर्ने गरेको उनले बताए । नेपालमा भक्तपुर क्यान्सर अस्पताल, नेपाल क्यान्सर अस्पताल र बीपी कोइराला मेमोरियल क्यान्सर अस्पताल भरतपुर क्यान्सरको उपचार गरिने मुख्य ठूला अस्पताल हुन् ।

विश्व स्वास्थ्य संगठनका अनुसार नेपाल लगायत गरिब मुलुकमा महिलाको मृत्युको पहिलो कारण पाठेघरको क्यान्सर हो, दोस्रो स्तन क्यान्सर हो । पुरुषमा भने नेपाल फोक्सो, पेट र नाक, कान, घाँटी बढी हुने गरेको छ । संगठनको आँकलनअनुसार नेपालमा हरेक वर्ष क्यान्सरका ३० हजार नयाँ बिरामी थपिन्छन् र यही रोगका कारण बर्सेनि १५ हजारले ज्यान गुमाउँछन् ।

'हामीले क्यान्सरलाई जित्यौं'

आफूलाई क्यान्सर लागेको थाहा पाएपछि काभ्रेपलान्चोकको पोखरीचौंरी गाउँपालिकाकी ४० वर्षीया सबिता गौतम कैयौं रात निदाउन सकिनन् । रोगले उनको मनमा उथुलपुथुल मात्रै गराएन परिवारलाई नै चिन्तामा डुबायो । गतवर्षको कात्तिकमा नुहाउँदादेखि उनले बायाँ स्तनमा आधा मुठ्ठीको डल्लो भेटेपछि हो उनलाई क्यान्सरको शंका लागेको थियो । 'डल्लो दुख्ने खालको थिएन । यस्तो डल्लो क्यान्सरको लक्षण हुन सक्छ भन्ने मैले कतै पढेकी थिएँ,' उनले भनिन्, 'चिनेको नर्स बैनीलाई देखाउँदा उनले क्यान्सर हैन भनिन् तर मलाई विश्वास नलागेर वीर अस्पताल गएँ ।' अस्पतालमा गरेको परीक्षणबाट उनलाई क्यान्सर लागेको प्रमाणित भयो । जुन दोस्रो चरणमा थियो । हाल भने उनी क्यान्सरमुक्त भएर सामान्य दैनिकीमा फर्किसकेकी छन् । सुरुमा त क्यान्सर निको नै नहुने रोग हो भन्ने लागेको उनले बताइन् । ललितपुरको नेपाल क्यान्सर अस्पतालमा उपचारपछि क्यान्सर जितेका बिरामी भेटेपछि मात्रै आस पलाएको उनले बताइन् । उनले भनिन्, 'ब्रेस्ट क्यान्सर लागेर सन्चो भएका महिलाले मलाई अस्पतालमा आएर सम्झाउँथे । उनीहरूलाई देखेपछि म मात्रै रोगी होइन रहेछुजस्तो लाग्यो । त्यसले आत्मबल पनि बढायो ।' शल्यक्रिया र औषधि सेवनपछि रोग पूर्ण रूपमा निको भइसकेको उनले बताइन् ।

स्तन क्यान्सर जितेका सबिता गौतम र चमेली श्रेष्ठ । *तस्बिर : कान्तिपुर*

सबितालाई जस्तै सिन्धुपाल्चोककी ४५ वर्षीया चमेली श्रेष्ठलाई आफू कुनै दिन क्यान्सरको बिरामी थिए भन्ने सपना जस्तै लाग्छ । एक वर्षको उपचारपछि उनी क्यान्सरमुक्त भइसकिन् । 'छातितिर छाम्दा खालीपन भएपछि मात्र मलाई कुनै दिन क्यान्सर थियो भन्ने लाग्छ,' श्रेष्ठले भनिन् । गतवर्ष माघमा उनलाई स्तनमा कमिलाले टोकेजस्तो महसुस भयो । छाम्दा भेटिएको गाँठोलाई उनले एक महिनासम्म वास्ता गरिनन्, कसैलाई भन्दा पनि भनिन् । तर एक दिन उनले गाउँकै स्वास्थ्यकर्मीसँग कुरा गर्दा क्यान्सरको लक्षण हुन सक्ने थाहा पाइन् । मेमोग्राम गरी हेर्दा क्यान्सर यकिन भयो । उनले भनिन्, 'त्यसपछि मेरो जिन्दगी यति नै रहेछ जस्तो लाग्यो । म जतिखेर पनि सोचमग्न हुन थालें ।' परिवारको माया र चिकित्सकको नियमित परामर्शले रोगलाई जित्न सघाएको हो जस्तो लाग्छ उनलाई । ८ लाख खर्चेर नेपालमै उपचार गरेको उनले जनाइन् । 'सुरुमै उपचार गरे क्यान्सर निको हुँदो रहेछ । पहिले मलाई क्यान्सर ज्यानै लिने रोग हो जस्तो लाग्थ्यो, होइन रहेछ ।'

क्यान्सर लाग्यो भन्नेबित्तिकै बिरामीले रोगलाई मृत्युसँग दाँज्छन् । क्यान्सर शब्द सुन्दा जति भयानक लाग्छ, त्यति डराउन नपर्ने चिकित्सकहरू बताउँछन् । क्यान्सर रोग विशेषज्ञ डा. कपेन्द्रशेखर अमात्यका अनुसार पहिलो चरणमै अस्पताल पुग्ने हो भने ९० प्रतिशत बिरामीलाई बचाउन सकिन्छ । दोस्रो चरणकै क्यान्सर बिरामी बाँचेका पनि थुप्रै उदाहरण छन् । 'अधिकांश बिरामी चौथो चरण आउँछन् । यस्ता बिरामीको उपचार गर्न सकिँदैन,' उनले भने । अमात्यका अनुसार नेपालमा ४० देखि ४५ उमेरका महिलामा बढी स्तन क्यान्सर हुने गरेको छ ।

विश्व स्वास्थ्य संगठनका अनुसार नेपाललगायत गरिब मुलुकमा महिलाको मृत्युको कारण पाठेघरको क्यान्सरपछि स्तन क्यान्सर हो । संगठनको तथ्यांकअनुसार नेपालमा हरेक वर्ष क्यान्सरका ३५ लाख नयाँ बिरामी थन्किन्छन् । त्यसमध्ये ६ हजार स्तन क्यान्सरका बिरामी हुन्छन् । नेपालमा भने हालसम्म क्यान्सरका बिरामी कति छन् भन्ने आधिकारिक तथ्यांक छैन । 'क्यान्सर लागेपछि मरिन्छ नै भन्ने डर छ । यस्तो भ्रम हटाउन राज्यस्तरबाटै जनचेतनामूलक कार्यक्रमको आवश्यकता छ,' उनले भने ।

चाडबाडका नाममा अनियन्त्रित मद्यपान

आपराधिक गतिविधिमा वृद्धि

(घटस्थापनादेखि पूर्णिमासम्म)

अपराध	२०७३		२०७४		२०७५	
	दसैं	प्रति दिन	दसैं	प्रति दिन	दसैं	प्रति दिन
कर्तव्य ज्यान	२५	२	१३	१	१८	१
ज्यान मार्ने उद्योग	१७	१	१३	१	३५	२
जबरजस्तीकरणी	३१	२	२८	२	७०	५
जबरजस्तीकरणी उद्योग	२०	२	१२	१	३३	२
सवारी ज्यान	७०	५	६६	५	७५	५
लागूऔषध	७४	५	७०	५	७६	५
चोरी	५०		३३		६८	
व्यक्ति अपहरण	२		१		३	
कुटपिट अंगभंग	२		२		६	

स्रोतः नेपाल प्रहरी

■ **अतुल मिश्र** (काठमाडौं)

मुलुकमा बर्सेनि दसैं-तिहार ताका मदिराको उपयोगसँग सम्बन्धित झैझगडा, हत्या, हिंसा, दुर्घटना, चोटपटक, बलात्कार मात्र बढ्दैन अनियन्त्रित 'मदिराजन्य पेय पदार्थ' को उपयोगले ज्यान गुमाउने संख्यासमेत उल्लेख्य रूपमा बढ्छ ।

अझ तिहारका तीन दिनमा दसैंका दुई साताभन्दा पनि बढी मदिराजन्य दुर्घटना र अपराधमा वृद्धि हुन्छ ।

नेपाल प्रहरीको विगत ३ वर्षको तथ्यांकअनुसार दसैंका दुई साताभन्दा मुलुकमा मदिरा उपयोगसँग सम्बन्धित झैझगडा, हत्या, हिंसासँगै 'अनियन्त्रित मदिराको उपयोग' (विन्ज ड्रिकिङ) ले ज्यान गुमाउनेको संख्यासमेत अत्यधिक बढ्छ ।

कम समयमै अनियन्त्रित मदिराको उपयोगले तत्काल निर्णय लिने क्षमतामा कमी, भावनात्मक नियन्त्रण गुमाउने तथा दुर्घटना हुने परिस्थिति बन्छ ।

'दसैं-तिहारको समय उल्लेख्य रूपमा मदिरा सेवनसँगै झैझगडा हुने, आवेगमा आउने, विवाद हुने अनि हत्याहिंसा हुने गरेको देखिन्छ,' केन्द्रीय प्रहरी प्रवक्ता एवं प्रहरी नायव निरीक्षक विश्वराज पोखरेल भन्छन्, 'दसैंको १५ दिनको तुलनामा तिहारको ३ दिनमा जुवा-ताससँगै मदिराको अत्यधिक सेवन हुन्छ ।'

दसैंमा सांस्कृतिक, धार्मिक संक्रियता बढी हुने गरे पनि तिहार झन दसैंभन्दा बढी मनोरञ्जनात्मक हिसाबले मनाउने गरिएको उल्लेख गर्दै पोखरेल भन्छन्, 'थोरै दिन भए पनि तिहारमा नागरिक जुवा-तासमा रमाउने, मदिरा सेवनमा बढी समय बिताउने, मदिरा सेवन गरेर बाहिर निस्किने गर्ने हुँदा दुर्घटना र अपराधको सम्भावना झन बढी हुन्छ ।'

उनका अनुसार दसैंताका हुने अधिकांश अपराधमा कुनै न कुनै रूपले मदिरा सेवन जोडिएको हुन्छ । तिहारमा झन् बढी मदिरा सेवन गर्ने चलनले अपराध र दुर्घटना बढी हुने गरेको उनको भनाइ छ । हाम्री मात्र नभई हाम्रो छिमेकी मुलुकमा समेत विन्ज ड्रिकिङ समस्याकै रूपमा देखिन थालेको छ । 'विन्ज ड्रिकिङ ग्लोबल ड्रग सर्भे' का अनुसार भारत यसको छैठौं नम्बरमा छ । विन्ज ड्रिकिङ गर्नेमा बेलायती पहिलो नम्बरमा छन् भने दोस्रो, तेस्रो र चौथो स्थानमा अमेरिकी, क्यानाडेली र अस्ट्रेलियाली छन् ।

अमेरिकास्थित 'नेसनल इन्स्टिच्युट अफ अल्कोहल एब्युज एड अल्कोहलिज्म' का अनुसार मदिरा सेवनले रगतमा अल्कोहलको एकाग्रता ०.०८ ग्राम प्रतिशत वा योभन्दा माथि हुनु विन्ज ड्रिकिङ अर्थात् अनियन्त्रित मदिरापान हो ।

दुई घन्टाभित्र पुरुषले ५ वा बढी ड्रिंक र महिलाले ४ वा बढी ड्रिंक लिँदा यस्तो समस्या हुन्छ । अनियन्त्रित मदिरापानको परिभाषामा पुरुषको दाँजोमा मदिराको नशा छिट्टै लाग्छ । यसको कारण पेटको 'इन्जाइम्स' र 'हार्मोन' हो । महिलाले मदिरालाई राम्ररी अवशोषित गर्छन् र उनीहरूको 'मेटाबोलिज्म' धेरै सुस्त हुन्छ ।

सेन्टर फर डिजिज कन्ट्रोल एन्ड प्रिभेन्सन (सीडीसी) का अनुसार एउटा पेग १४.६ ग्राम शुद्ध मदिराको हुन्छ ।

> **दसैं, तिहार, उत्सव तथा समारोहमा अनियन्त्रित मद्यपान गर्ने धेरै जसो व्यक्ति मदिराका अम्मली भने हुँदैनन्**

यदि मदिरा पाँच प्रतिशत अल्कोहल भएको १२ आउन्स अर्थात् करिब ३५४ मिलिलिटर बियरमा हुन्छ ।

७ प्रतिशत अल्कोहल भएको ८ आउन्स अर्थात् २३६ मिलिलिटर माल्ट लिकरमा हुन्छ भने १२ प्रतिशत अल्कोहल भएको ५ आउन्स अर्थात् १४७ मिलिलिटर वाइनमा रहन्छ ।

४० प्रतिशत अल्कोहल रहेको डेढ आउन्स अर्थात् ४४ मिलिलिटर जिन, रम, भोडका, ह्विस्की आदिको रहन्छ ।

पोखरेलको अनुभवलाई नियाल्ने हो भने दसैं-तिहार, उत्सव समारोह आदिमा अनियन्त्रित मद्यपान गर्ने धेरैजसो व्यक्तिहरू भने मदिरामा निर्भर अर्थात् अम्मली भने हुँदैनन् । हाम्रो मुलुकमा अनियन्त्रत मद्यपानबारे खासै बृहत् अध्ययन भएको छैन । अमेरिका जस्तो मुलुकमा अनियन्त्रित मद्यपान १८ देखि ३४ वर्षका युवाहरूमा सामान्यजस्तै छ । तर अनियन्त्रित मद्यपान गर्नेमध्ये आधा ३५ वर्षभन्दा बढी उमेर समूहका हुन्छन् ।

'मुटुलगायत समग्र स्वास्थ्यसँग जोडिएको विषय अनियन्त्रित मद्यपानबारे मुलुकमा खासै कुनै गहिरो अध्ययन छैन,' अनियन्त्रित मदिरा सेवनले हृदयाघात, स्ट्रोक आदि भएको प्रशस्त घटनाहरू रहेका औल्याउँदै मुटु रोग विशेषज्ञ डा.ओममूर्ति अनिल भन्छन् ।

डा. ओममूर्तिका अनुसार स्वस्थ व्यक्तिलाई समेत अनियन्त्रित मदिरापानले गर्दा मुटुको सामान्य रक्तनलीमा रगत जमेर हृदयाघात भएका घटनासमेत प्रशस्त छन् ।

मदिरा सेवनले शरीरको मूलभूत कार्य प्रणालीलाई नोक्सान पुऱ्याउनुका साथै निद्रामै बित्ने जोखिमसमेत कायम रहन्छ । मदिरा विषाक्तमा वान्ता, भ्रम, श्वासको गति सुस्त हुनु, असामान्य श्वासप्रश्वास र शितांगजस्तो लक्षण देखिन्छ ।

कम समयमै अनियन्त्रित रूपमा अत्यधिक मदिरा सेवनले हृदयाघात गराउनुका साथै ज्यान लिइरहेको औल्याउँदै डा. ओममूर्ति भन्छन्, 'अनियन्त्रित मदिरापानले अन्य स्वास्थ्य चुनौतीसँगै यौनहिंसालाई समेत बढाइरहेको छ ।'

अनियन्त्रित मदिरापानको थुप्रै गम्भीर स्वास्थ्यसम्बन्धी जोखिम छन् । सीडीसीका अनुसार यसअन्तर्गत नजानीकनै चोटपटक लाग्नु, मोटरसाइकल, गाडी दुर्घटना, लड्नु, आगो लाग्नु, मदिरा विषाक्तता, आमहत्या, हिंसा, यौन हमला-हिंसा आदि हुन् ।

यति मात्र नभई कलेजोसम्बन्धी समस्या, यौन सञ्चारित रोग, उच्च रक्तचाप, स्ट्रोक मुटुरोग, स्तन, आहार नली तथा कलेजोको क्यान्सर, स्मरण क्षमतामा ह्रास र मदिरामा निर्भरताजस्ता समस्यासमेत देखिन्छन् । त्यसैगरी, मुटुको चाल अनियमित भएकाले मदिरा सेवन गर्नु हुँदैन । उच्च रक्तचाप अनियन्त्रित भएका मानिसले मदिरा सेवन गर्दा 'ब्रेन हेमरेज' हुन सक्छ ।

डेंगु संक्रमण अझै एक महिना

कान्तिपुर संवाददाता (काठमाडौं)

पछिल्लो समय मुलुकमा डेंगुका बिरामीको संख्यामा कमी आउन थाले पनि संक्रमण भने जारी रहेको छ । एडिस एजेप्टी र एडिस एल्बोपिक्टस जातको लामखुट्टेले सार्ने डेंगु संक्रमण अझै एक महिनासम्म देखिन सक्ने विज्ञले जनाएका छन् । विज्ञहरूका अनुसार अघिल्ला वर्षको तुलनामा यस वर्ष मुलुकभर नै डेंगु संक्रमण फैलियो । जाडोयाममा घटे पनि पुनः आगामी मनसुन पछाडि बढ्न सक्ने विज्ञहरूले औंल्याएका छन् ।

'पछिल्ला दिनमा बिरामीको संख्यामा कमी आए पनि निरन्तर रूपमा बिरामी आउने क्रम जारी छ,' शुक्कराज ट्रोपिकल तथा सरुवा रोग अस्पताल टेकुका डा. शेरबहादुर पुन भन्छन् । टेकु अस्पतालमा हाल दिनहुँ ७०/८० जना डेंगुका बिरामी आउने गरेको जानकारी उनले दिए । डेंगुको संक्रमण जारी रहे पनि राजधानीलगायत मुलुकका अन्य ठाउँमा बिरामीको संख्यामा कमी आएको छ । 'डेंगु संक्रमण रोकिएको त छैन तर पहिलाभन्दा कम भएको छ', ईपिडिमियोलजी तथा रोग नियन्त्रण महाशाखा (ईडीसीडी), किट जन्य रोग नियन्त्रण शाखा प्रमुख डा.प्रकाश शाह भन्छन्, 'डेंगुका बिरामी अस्पताल आउने क्रम जारी छ ।'

विज्ञहरूको आँकलनअनुसार हाल डेंगुको संक्रमण पहिलेको दाँजोमा करिब ५० प्रतिशत कम भएको छ । पछिल्ला दिनमा डेंगुले मुलुकको कुनै पनि भागमा मृत्यु भएको रिपोर्ट प्राप्त नभएको दाबी सरकारको छ । यस पटक डेंगुको संक्रमणबाट ६ जनाको मृत्यु भएको सरकारी तथ्यांक छ ।

विज्ञका अनुसार कात्तिक महिनाभर डेंगुको बिरामी देखिने क्रम जारी रहनेछ । यसपछि पनि आगामी मनसुनसम्म फाट्फुट्ट रूपमा यस्ता बिरामी देखिने छन् । 'आगामी वर्षको मनसुन हुनुभन्दा अगाडिसम्म डेंगु प्रकोप देखिन सक्ने सम्भावना छ,' डा.शाह भन्छन्, 'यसपटक त अस्वाभाविक रूपमा मनसुन अगावैदेखि डेंगुको प्रकोप देखिएको हो ।' यसपटक मुलुकमा प्रकोपकै रूपमा डेंगु देखिएकाले साधारण ज्वरो आउँदा ज्वरो/दुखाइ कम गर्न सिटामोल उपयोग गर्न र एस्प्रिन, ब्रुफेनजस्तो औषधि सेवन नगर्न डा.पुन आग्रह गर्छन् । विश्व स्वास्थ्य संगठन (डब्लूएचओ) को अनुसार डेंगुका लागि कुनै विशिष्ट उपचार छैन । तर छिटो रोग पत्ता लगाएर उचित चिकित्सकीय हेरचाहले मृत्युदर १ प्रतिशतभन्दा कम हुन्छ ।

डा. पुनका अनुसार डेंगुको लक्षणसहित सामान्य ज्वरो भए घरमै प्रशस्त पोसिलो झोल पदार्थ सेवन गरी आराम गर्न सकिन्छ । तर कडा र फरक प्रकारको ज्वरो आउँदा अस्पतालमा जचाएर चिकित्सकीय सल्लाह लिनुपर्छ । संख्यात्मक रूपमा कम भए पनि डेंगु संक्रमण जारी रहेकाले बच्चा, बूढापाका, दीर्घरोगी, गर्भवती, पेप्टिक अल्सर, मोटोपना भएकालाई ज्वरो देखिए विशेष ध्यान दिनुपर्नेसमेत विशेषज्ञहरूले औंल्याएका छन् ।

विज्ञहरूले लामखुट्टेको टोकाइबाट बच्ने र डेंगु सार्ने लामखुट्टेलाई खोजेर मास्ने अभियान नै रोग नियन्त्रणको सर्वोत्तम उपाय रहेको बताउँदै आएका छन् । डेंगु सार्ने एउटा लामखुट्टेले १०० देखि ३०० वटा फुल पार्छ । यी फुल ७ देखि ११ दिनमा वयस्क हुन्छ । यस्ता फुल एक वर्षभन्दा बढी समयसम्म उपयुक्त वातावरण पाए पुनः लामखुट्टेमा परिणत हुन सक्छन् । यसको एउटा खतरनाक पक्ष के हो भने, संक्रमित लामखुट्टेले पारेको फुलबाट निस्किने सबै लामखुट्टेले रोग सार्छन् ।

छात्रवृत्ति सहित पूनः भर्ना खुल्यो
मेडिकल ल्याब असिस्टेण्ट
कृषि जे.टि.ए./बाली विज्ञान
भेटनेरी जे.टि.ए./पशु स्वास्थ्य
सिभिल सब-ओभरसियर
फारम भर्ने अन्तिम मितिः २०७६ कार्तिक ३ गते सम्म
पूनः प्रवेश परीक्षा हुने मितिः २०७६ कार्तिक १४ गते
SEE मा 'D' र 'E' Grade आएकाहरूले पनि भर्ना हुन पाउने ।
सिंह टेक्निकल कलेज
(गोंगबुचोक र रेडनपुल बिचमा)
गोंगबु टाउन प्लानिङ्ग, काठमाडौं
सम्पर्कः ०१-४३८२०२२, ९८५१०६२४१२
९८६९०६५६७४, ९८५१०५७३७४

CTEVT को प्राविधिक शिक्षामा
पूनः भर्ना खुल्यो
Lab Assistant
फारम भर्ने अन्तिम मितिः २०७६/०७/०३
पूनः प्रवेश परीक्षा हुने मितिः २०७६/०७/१४
SEE मा 'D' र 'E' ग्रेड आएकाहरूले पनि भर्ना हुन पाउने ।
कम्युनिटी हेल्थ
कोटेश्वर, भाटभटेनी छेउ
सम्पर्कः ०१-५१००३२०
९८५११०२१०१, ९८५११७१७६१

अमिन, Civil/Electrical सब-ओभरसियर /असिस्टेण्ट सब इन्जिनियरमा सिमित सिटमा
भर्ना खुल्यो
(CTEVT बाट सम्बन्धन प्राप्त)
आवेदन फारम भर्ने अन्तिम मितिः २०७६ कार्तिक ०३ गते
प्रवेश परिक्षा सञ्चालन हुने मितिः २०७६ कार्तिक १४ गते
हिमालय इन्स्टिच्युट अफ टेक्नोलोजी
ह्यासल, ललितपुर, अर्निको शान्ति क्याम्पस भवन
फोन नं. : ०१-५५३३४२३, ९८१००१५२६५
इमेल : himalaya.hit@gmail.com

छात्रवृत्ति सहित भर्ना खुल्यो
तालिम पछि रोजगारीको अवसर
कार्यक्रमहरूः
१. भेटेरीनरी जे.टि.ए. / पशु विज्ञान (Veterinary J.T.A.)
२. कृषि जे.टि.ए / वाली विज्ञान (Agriculture/Plant J.T.A.)
३. मेडिकल ल्याब असिस्टेन्ट (Medical Lab Assistant)
* फारम भर्ने अन्तिम मितिः- २०७६ कात्तिक ३ गते
* प्रवेश परीक्षा मितिः- २०७६ कात्तिक १४ गते
शैक्षिक योग्यताः S.L.C. वा सो भन्दा माथी ।
सम्पर्कः
कान्तिपुर टेक्निकल कलेज
बालाजु १६ (गंगा हल अगाडि), काठमाडौं
फो नं.: ०१-४३६०६०५, ०१-४३८०८६४, ९८४१-२८२९८८

न्यायाधीश शाहीलाई बर्खास्त सिफारिस

मुद्दाको आदेश नहुँदै न्यायाधीश शाहीले 'काम भयो, हस्ताक्षर हुन बाँकी छ' भन्ने म्यासेज गरेको भेटिएपछि खराब आचरणको आरोपमा कारबाही सिफारिस

■ **कृष्ण ज्ञवाली** (काठमाडौं)

क्षेत्राधिकार नभएका विषयमा मुद्दा हेरेको भन्दै छानबिनमा तानिएका उच्च अदालत पोखराका तीनजना न्यायाधीशमध्ये नरबहादुर शाही 'खराब आचरण' को आरोपमा बर्खास्तको सिफारिसमा परेका छन्। चितवनको आन्तरिक राजस्व कार्यालयले गरेको निर्णयविरुद्ध परेको निवेदनमा 'प्रादेशिक क्षेत्राधिकारका विषयमा गम्भीर त्रुटि गरी आदेश गरेको' भनी सर्वोच्च अदालतले गत साउन ९ गते उच्च अदालतका न्यायाधीशहरू जीवनहरि अधिकारी, नरबहादुर शाही र रामचन्द्र यादवलाई न्यायपरिषद्मा झिकाई छानबिन गर्न आदेश दिएको थियो।

'छानबिनमा परेका मध्ये दुई जनाले राजीनामा दिएकाले उहाँहरूका बारेमा बोल्नु परेन,' न्यायपरिषद्को निर्णयबारे प्रवक्ता मानबहादुर कार्कीले कान्तिपुरसँग भने, 'शाहीका हकमा खराब आचरणका विषयमा बर्खास्त गर्न सिफारिस गर्ने निर्णय भएको हो।' उनले अरू विषयवस्तु प्रतिवेदनमै रहेको भन्दै खुलाउन चाहेनन्।

न्यायपरिषद्का एक सदस्यका अनुसार प्रायजसो कर विवादमा मुछिइरहने गोर्खा ब्रुअरीको मुद्दामा विवादास्पद आदेशका दिन शाहीको मोबाइलबाट मुद्दाका पक्षधरको मोबाइलमा म्यासेज गएको भेटिएको छ। म्यासेजमा 'काम भयो, हस्ताक्षर हुन बाँकी छ' भन्ने व्यहोरा रहेको ती सदस्यले बताए। 'छानबिनक्रममा हेर्दा मुद्दाको पक्षसँग तीनै जना न्यायाधीश सम्पर्कमा रहेको पुष्टि भयो,' ती सदस्यले भने।

राजीनामा दिएका न्यायाधीशबारे परिषद्ले कुनै टिप्पणी गरेको छैन। छानबिन सुरु हुनासाथ राजीनामा दिई कान्तिपुरमा लिखित प्रतिक्रिया पठाउँदै न्यायाधीश जीवनहरि अधिकारीले आफूले आदेशमा कुनै त्रुटि नगरेको र आचारसंहिता पनि उल्लंघन नगरेको दाबी गरेका थिए।

न्यायपरिषद्ले आदेशको बैधता र धरातलबाट कुनै टिप्पणी गरेको छैन। उच्च अदालतको आदेशबारे सर्वोच्च अदालतले अन्तरिम आदेशमार्फत न्यायिक प्रतिक्रिया दिएको र विषयवस्तु सर्वोच्च अदालतमा विचाराधीन रहेकैले छानबिन समिति मुद्दाको विषयवस्तुमा प्रवेश गरेन। प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराको एकल इजलासले तीन न्यायाधीशलाई छानबिन र कारवाही गर्न आदेश दिएलगत्तै छानबिनका लागि सर्वोच्चका न्यायाधीश सपना प्रधान मल्लको एकल समिति गठन भएको थियो।

गत साउन ९ गते प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराको एकल इजलासले आदेश गरेको विषयवस्तु भरतपुरमा रहेको राजस्व कार्यालयले गरेको निर्णय उच्च अदालत पोखराले हेर्न मिल्ने वा नमिल्ने भन्नेमा केन्द्रित थियो। आन्तरिक राजस्व कार्यालय भरतपुरले ०७६ जेठ ७ गते गोरखा ब्रुअरीका नाममा पत्र पठाएको थियो भने ९ गते अन्तशुल्क निर्धारणको आदेश गरेको थियो। उक्त आदेशअनुसार राजस्वले आर्थिक वर्ष २०७३/७४ का लागि ५२ करोड १६ लाख रुपैयाँ र ०७४/७५ का लागि ३५ करोड ९४ लाख रुपैयाँ अन्तशुल्क निर्धारण गरेको थियो। त्यसविरुद्ध ब्रुअरीले प्रशासनिक पुनरावलोकनका लागि जाने बाटो रोजेन।

उच्च अदालतको हेटौंडा इजलास वा सर्वोच्च अदालत आउनुपर्नेमा क्षेत्राधिकार नपर्ने उच्च अदालत पोखरामा गएकोमा प्रधानन्यायाधीशको एकल इजलासले उच्च अदालत पोखराको आदेशको कठोर आलोचना गरेको थियो। इजलासमा बसेका न्यायाधीशहरूले क्षेत्राधिकार नमिचिएको दाबी गरेका थिए।

सरकारी वकिलहरूले त्यतिबेला क्षेत्राधिकार नहुने भनी पोखरामा इजलासको ध्यानाकर्षण गराएका थिए। त्यसका बाबजुद उच्च अदालत पोखरामा न्यायाधीश रामचन्द्र यादवको एकल इजलासले ०७६ जेठ २० गते अल्पकालीन अन्तरिम आदेश दियो अनि असार १ गते जीवनहरि अधिकारी र नरबहादुर शाहीको इजलासले अन्तरिम आदेश जारी गऱ्यो।

उक्त आदेशविरुद्ध आन्तरिक राजस्व कार्यालय भरतपुरको तर्फबाट प्रमुख कर अधिकृत सूर्यप्रसाद रिजालले सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गरेका थिए। उनले उच्च अदालत पोखरासमेतलाई विपक्षी बनाई अन्तरिम आदेश खारेजीको माग गरे। त्यही निवेदनमाथिको सुनुवाइपछि सर्वोच्च अदालतले अन्तरिम आदेश जारी गर्नुका साथै तीन जना न्यायाधीशमाथि छानबिन र कारबाहीका लागि न्यायपरिषद्मा निर्देशनात्मक आदेश जारी गरेको थियो।

सांसद साह साधारण तारेखमा छुटे

■ **सन्तोष सिंह** (धनुषा)

जनकपुर विमानस्थलमा तोडफोड गरेको आरोपमा पक्राउ परेका प्रतिनिधिसभाका सांसद प्रमोद साहलाई जिल्ला अदालत धनुषाले साधारण तारेखमा रिहा गरेको छ। शुक्रबार थुनछेक बहसपछि जिल्ला अदालतले राष्ट्रिय जनता पार्टी (राजपा) नेपालका सांसद साहलाई रिहा गरेको हो।

इजलास नम्बर ३ मा सांसद साहविरुद्धको मुद्दामा थुनछेक बहस भएको थियो। जिल्ला अदालत धनुषाका न्यायाधीश तेजनारायण पौडेलको इजलासले सांसद साहविरुद्धको मुद्दामा साधारण तारेखमा रिहा गर्ने आदेश गरेको हो।

नागरिक उड्डयन कार्यालय, जनकपुरका प्रमुख सन्तोष ढकालले सोमबार सांसद साहविरुद्ध गैरसैन्य हवाई उड्डयन ऐन, २०१५ को दफा ९ बमोजिम कारबाही मागसहित जिल्ला प्रहरी कार्यालय धनुषामा जाहेरी दर्ता गराएका थिए।

साहलाई मंगलबार प्रहरीले पक्राउ गरेर जनकपुर ल्याएको थियो। गैरसैन्य हवाई उड्डयन ऐनअनुसार हवाई उडान सञ्चालन तथा सुरक्षामा खतरा वा

सांसद प्रमोद साह

बाधा उत्पन्न गराउने कार्य गरे हवाई यातायातसँग सम्बन्धित व्यक्तिको सुरक्षाविरुद्ध अपराध गरेको मानिने भन्ने व्यवस्था छ तर प्रतिवादी सांसद साहले उल्लिखित कुनै पनि कार्य नगरेको ठहर आदेशमा गरिएको छ। विमानको ढिलाइका कारण सांसद साहले सम्बन्धित कार्मचारीसँग गरेको प्रतिवादले सुरक्षामा अवरोध गरेको भन्ने अवस्था नरहेको आदेशमा भनिएको छ।

घटना र क्षति विवरणमा एउटा ग्लास फुटेर ५० रुपैयाँ क्षति भएको उड्डयन कार्यालयको पत्रमा खुलेको, मिसिलमा उल्लेख भएको बुद्ध एयरको काउन्टरमा क्षतिसम्बन्धी कुनै पत्र नरहेको, सांसद साह सोही दिन बुद्ध एयरबाट काठमाडौं गएको कागजातबाट देखिएको हुँदा विमान ढिलाइका कारण विमानस्थलका कर्मचारीसँग सामान्य विवाद भएको सम्म मात्र देखिएको आदेशमा उल्लेख छ। सांसद साह तारेखका लागि कात्तिक ६ गते अदालत उपस्थित हुनुपर्नेछ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी निरीक्षक उमाशंकर साहले अदालतको आदेशलगत्तै सांसद साहलाई हिरासतमुक्त गरिएको बताए। अदालतको आदेशपछि सांसद साहले पीडितका लागि आवाज उठाउँदा न्यायालयबाट न्याय पाएको प्रतिक्रिया दिएका छन्।

काठमाडौं उड्न सोमबार जनकपुर विमानस्थल पुगेका सांसद साहले विमान ढिलो भएको झाँकमा बुद्ध एयरको काउन्टरमा लात्ती हानेका थिए। मंगलबार पक्राउ परेका उनलाई बुधबार जिल्ला अदालतले अनुसन्धानका लागि प्रहरीलाई चार दिनको म्याद दिएको थियो। म्याद सकिन दुई दिन बाँकी छँदै जिल्ला प्रहरी कार्यालय, धनुषाले अनुसन्धानको फाइल र सांसद साहसित लिइएको बयानलाई आधार बनाएर बिहीबार अदालतमा मुद्दा पेस गरेको थियो।

बर्गिकृत विज्ञापन

घर जग्गा

मैतिदेवीचोकबाट पश्चिम १०,१२ घरकटेपछी मेनरोडबाट १ कित्ताभित्र ३आना २पैसा जग्गामाबनेको साढे चारतल्ला नयाघर, गाडीपार्किङ्ग सबैसुविधायुक्त मूल्य ४करोड ४० लाख ९८५१०१६२३७ दलालले कष्टनगर्नुहोला

पेप्सिकोला सनसिटिसर्गै तिनआना छआना जग्गाबिक्रिमा 9823584337

भैसीपाटी एरीयामा घडेरीहरू बिक्रीमा, ९८४१५१५३०२

अरनिको राजमार्गमा सुकुटेको पुलपारी निर्माणाधिन पिचरोडमा १६रोपनी जग्गाबिक्रीमा प्रतिरोपनी रु.१५०००००/- 9861592684

बानेश्वरको सचेतनमार्गमा ०-७-०-० मा बनेको २ तल्ले घर बिक्रीमा 9851063817

चितवन भरतपुरको शुक्रनगरमा ४१ गठ्ठाजमिन बिक्रिमा 9846044105 9819120340

धुम्बाराहिमा आठआनामा तिनतल्लाको नयाँघर 9841420589

घरजग्गा धितोमा तुरुन्त कर्जा 9860579477

क्षेत्रपाटी ढल्कुमा होटल, अस्पताल, कलेज, करपरेट अफिस बनाउन उपयुक्त ०-१२-० जग्गा बिक्री/लिजमा लिन-चाहनेले ९८१८१६६७६७

महाराजगंज निर्मलनिवासबाट ४५० मि.पूर्व पिचबाटोमा ०-६-०-०, ०-५-०-० जग्गा सरलमूल्यमा 9860193128

महाराजगंज नारायणगोपालचोक रिङरोड ट्रयाकरोडमा ५४आनाजग्गा सरलमूल्यमा 9851036108, 9823582607

चापागाउं नेपालबैंकनजिक सस्तोघडेरीहरू ९८४१३०४०८८, ९८०८०००३९७

भक्तपुर कमलविनायकबाट 2km पुर्वमा नयांघर, ९८०३९५०८१९

नर्याठिमिमा ०-१२-०-०, ०-३४-०-०, जग्गा ९८४३१४१८०५

मण्डिखाटार १२ आना, कालिकास्थान ८ आना जग्गा बिक्रीमा ९८५१०६५१९१

बालुवाटारमा ०-५-०-० / ०-७-०-० घडेरी 9851027364

ताथलीमा ०-३-१-०, दुवाकोटमा ०-२-२-० 9841399733

महाकाल धुम्बराई बसपार्कनजिक साढेदुईतल्ले नयांघर सिधाघरधनी ९८४१४२११४७

डांछी, सुन्ताखान, सांखु, अत्तरखेल मेनरोडमा ०-५-०-०, ०-४-२-०, ०-४-०-०, ०-६-०-१ मेनरोडमा 9851037919

कपन राममन्दिर हाइटमा पुर्वफर्केको स्क्वायर मिलेको राम्रो ०-७-०-० बिक्रीमा 9861497240

बुढानिलकण्ठ स्कुलपछाडि टुक्रा घडेरी बिक्रिमा आनाको १७लाख ९८५१००५२९०, ९८४१५७१८३३

बालुवाटार हात्तीगौंडा, नारायणथानमा ०-४-०-० ९८५१०४९७७१

मध्यबानेश्वरमा ०-७-०-० मा बन्दै गरेको बंगला बिक्रीमा 9851000515

मातातिर्थमा ०-७-०-० टुक्राउन मिल्ने 9851094843

गोपिकृष्ण प्लानिङ्गमा ०-५-३-० जग्गा आनाकी ४०लाख ९८४१८४१०८२

जोरपाटि नारायणटार पुलसंगै साखुजाने मेनरोडबाट १००मिटर भित्र १२कोठा, पार्किङ्ग सहितको आधुनिकघर बिक्रिमा 9803829869

पेप्सीमा सस्तोमा घर, मुलपानीमा, दुवाकोटमा 12,50,000-15,50,000/ प्रतिआना 9840208434, 9861665560

गहेश्वरी नगरपालिङ्गमा तेह्रफिटे पिचरोडमा दक्षिणमोहडा ०-९-०-०, पुर्वमोहडा ०-६-३-१, उत्तरमोहडा ०-७-०-० जग्गा बिक्रिमा 9851087273

सस्तोमा घर, भवन निर्माण 9851185297, 9823723997 www.hamrokishangroup.com

लालबन्दीमा घडेरी सिन्धुलीघर तु.बिक्रीमा 9813637744

चन्द्रागिरी महादेवस्थानमा जग्गा बिक्रिमा ९८५११४५४६४

दहचोकमा प्रतिआना ९-लाख देखी १९-लाख सम्मका घडेरीहरू, 9851160228

भैसीपाटीको मुदुमा सेमीबंगला घर खरिदकर्तालै ९८५१२०९१३२

बानियाटार जाल्पाचोकनपुग्दै ५० मि.भित्र १३फिटे पिचबाटोमा ०-३-०-० मावनेको तिनतले घरबिक्रीमा 1,65,00,000/- 9864248472

एकमिनेटमै, सिनेमाहल, स्कूल, बैंक, बजार पुगीने रमणीय चुचेपाटी छेउमा ५ आनाको घडेरी, 9849091587

महालक्ष्मी नगरपालिका १९ लामाटार ढुंगेगी बसपार्क नजिकमै ५ रोपनी जग्गा ९८५१११११०५०, ९८५१०९२६१३

गठ्ठाघरमा आधारोपनीमा नयाँघर ३९५०००००० ९८४१४८९५३५

भैसेपाटीको व्यस्त ठाउंको घर सहितको १२ आना जग्गा बिक्रीमा 9813087675

ललितपुर महानगरपालिका २९ हरिसिद्धी २० फिटेबाटोमा जग्गा बिक्रिमा ०–३–२–० आनाको २३ लाख ९८६०७६१५२४, ९८४९३८१२९६

कपन राममन्दिरमा ०-४-०-० सम्पर्क ९८५१०२३४८६

वि.पि. हाईवेय मंगलटारमा ०-१३-०-०, ०-७-०-० जग्गा बिक्रीमा प्रतिआना ३,००,०००/- ९८०८७१८९७७, ९८४१२४४५४१

तराईको ईंटटा थोक बिक्री, ९८४१२४४५४१, ९८०८७१८९७७

बुढानिलकण्ठ हाईटमा रमणिय ३-३-०-० जग्गा सुपदमूल्यमा बिक्रीमा ३,४,५ आनाहरूपनि पाईने ९८६२५०८५६

भैसीपाटीमा दशआना जग्गा बिक्रीमा, ९८४१४१३१८६

कौशलटार नजिक घडेरीहरू, 9851093511, 9851244079

बालाजु बाईपासबाट १किलोमिटरमा ०-४-०-० टुक्राजग्गाहरू १७५०००० प्रतिआनामा बिक्रीमाछ ९८६०६६७८७९

नयाबसपार्क मित्रनगरमा एकलाखभाडा आउने घरबिक्रीमा ९८४१९९००५९

कपुरधाराचाकैमा चारसटर पसल चलिरहेको घर बिक्रीमा ९८१३०२७८१३

कांडाघारी विरेन्द्रचोकमा २.५तले घर बिक्रिमा ९८४१२५४६५०

काठमाण्डौं बु.न.पा.४ पासिकोटमा हालसालैबनेको एकतले घरबिक्रीमा जम्माकोठा-४, टवाइलेट-१, पार्किङ-१गाडी, मो.सा.४, ढल/खानेपानीको लाईनभएको बाटो-१४फिट 9851060323

ठिमी टिभीहस्पीटल छेउमा ०-३-१-० बालकोटमा ०-३-०-०, ०-३-१-२ ९८५१०३२१५४

कांडाघारी विरेन्द्रचोकबाट २०० मि. अगाडी साडेतिनआनामा बनेको साडेतिनतल्लाको घरबिक्रिमा 9841501033

लुभ्रु लामाटार हाइवेबाट २००मी.भित्र २०बाटोमा प्रतिआना ६,५०,००० देखि घडेरीबिक्रीमा 9851112524, 9851235650

दक्षिणढोका नोर्लिङ्ग होटलमा टासिएको कर्मसियल जग्गाबिक्रीमा 9823140441, 9813490888

जग्गाबिक्रीमा ५०-१०० रोपनी होटल, रिसोर्ट, फ्याक्ट्री हाउजिङ्ग, हस्पिटलकोलागि उपयुक्त 9823140441, 9813490888

सानेपा सत्मार्ग २४ आना जग्गा प्रतिआना ६९ लाख खरीदकर्ताले मात्र सम्पर्क गर्नुहोला फोन: ९८१८३७६७५६

सातदोबाटो स्विमिंगपुल पछाडी ०-५-०-० र ०-३-०-० मा बनेको तिनतल्ले आधुनिक नयांघर बिक्रीमा ९८५१२०९१८५

बानियाटार धनेश्वर मन्दिरनजिक ४ आनामाबनेको पुर्वदक्षिण मोहोडाको तिनतल्ले घरबिक्रीमा ९८५१९९३४७४, ९८५११७७८५३

गोलढुङ्गामा नंयाघर बिक्रिमा ९८६४५९९२६९, ९८२३७०९८२०

गोठाटार हात्तिडांडा साढेदुइतल्ले घर 9841660957

शंखमूलको ०-४-१-० आकर्षक जग्गा बिक्रिमा ९८५४०६४१८३, ९८४९३२६१७९

निर्माणधीन होटल, प्रोपर्टी २५ कठ्ठा तु.बिक्रीमा सट्टा-पट्टा गर्न सकिने, 9801010855

घरतुबिक्रिमा तथा भाडामा बालुवाटार सम्पर्क ९८०११३४७७७

चितवनमा तिनकठ्ठा धानखेत ४५००००, 9851154507

सर्लाही नवलपुरचोक देखि सदरमुकाम जाने पिचबाटोबाट १ कि.मि भित्र चक्रेश्वर मन्दिर पुर्व १० र ६ मिटर बाटोमा २३कट्ठा प्रतिकट्ठा १० लाखमा बिक्रि ९८४५०७८९१७

योण्डि हस्पिट्ल अगाडि मण्किाटारमा पुर्व मोहडाको जग्गा र घर बिक्रीमा ९८५१०७३४५४

नयां बंगला बिक्रीमा सिनामंगल ३,२१,००,०००/- ९८४१२१६१२०

लभ्रु बसपार्क दक्षिणपट्टी ५००मि. प्रतिआना १२,५०,०००। देखि शुरु 9849022132, 9851238748, 9851231030

टिकाथली चांगाथली बसपार्कमा २.५ तल्ले नयां घर ९८५२०४८६४०

काठमान्डौ न्युरोड नजिकै झोछेमा मेनरोडले छोएको घर तुर्विक्रिमा ९८५१०४२१७४, ९८४९१८३७७७

नयाघर बिक्रीमा बालाजु लोलाडग 9803411356

घरजग्गा किनवेच गर्नपरेमा 9851008086, 9849756619, 014720646

तल्लो/माथिल्लो भंगालको बिचमा ०-१४-०-० जग्गाबिक्रीमा 9823699121

ग्रिनहिलसिटी, क्रिकेट मैदान नजिक मुलपानी बाबाचोकमा १६आना जग्गा बिक्रीमा 9849387328

धुम्बाराही चावेलमा आवासिय व्यापारिक घरहरू 9818509742

भक्तपुर बालकोटचोक नजिक 6m बाटोमा ४ आनाजग्गा ९८५१०४९८५०

लोसलमा ०-४-०-०, ०-८-०-० टुकाजग्गा बिक्रिमा ९८४१४०५३३८, ९८४१५६९०२२

सस्तोमा दहचोकको बिसरोपनी जग्गा ९८६९६२३०७०

भुरुङ्खेल क्षेत्रपाटीमा २.५आनामा बनेको सस्तोघर सम्पर्क: ९८४१८७१४३४

मुलपानीमा २.५ तलेनयाँघर ०-३-०-०, 9841842317

हाउजीङ्ग, उद्योग, कलेज, कृषि, व्यापार सबैकालागी विभिन्न ठाउँमा ठुलाठुला क्षेत्रफल भएका जग्गाबिक्रीमा ९८६५५४७७७७

देउवानिवास पछाडिको जग्गा अर्जेन्टबिक्रिमा ०-५-०-२ प्रतिआना १८००००० फिक्स नोदलाल 9813433624

बुढानिलकण्ठको स्वर्गद्वारीमा ०-४-१-० प्रतिआना 17,00,000/-, 9845042598, 9813668154

०-४-०-० टिचिङ्गसंगै बिक्रीमा 9843873639, 9848599876

जुम्ला, दार्चुला, डडेलधुरामा जग्गा चाहियो ९८१३६७३६०४

कांडाघारी सनसिटीनजिक ०-४-३-३ मावनेको वाल सिस्टमकोघर, मूल्य २करोड २५लाख 9860779077

सामाखुसिमा शान्त वातावरण मैत्रि २६ आना जग्गामा बनेको २.५ तल्ले घर सम्पर्क ९८१३४५२२२७

सवारी साधन

स्करपियो रिजर्भ चाहिएमा ९८५१०४३८३०, ९८४१७८३३१८

Cash मा गाडी बिक्रीगर्न परेमा ९८५१०६३०१६

टाटा सुपरएस २०१६मोडेल बिक्रीमा 9851154349

२०१७ मोडलको ACE टिपर ९८५११६८२१५

न्यूकण्डिशनको बाईक/स्कुटी बेच्नेले सम्पर्क 9841767575

सम्पर्क

Cash Deposit विदेशकोलागी सस्तोमा 9803453019

अति सस्तोमा बैंक Deposit 9863646909, 9803702227

कान्तिपुरमा विज्ञापन गर्नुपरेमा 9849110222, 9860300895

सस्तोमा Cash deposit धितोफुकुवा 9851053106

सस्तोमा Cash deposit धितोफुकुवा 9841027010

Cash deposit without collateral 9841756349.

धितोफुकुवा, क्यासडिपोजिट, धितोराखी ९८४४४७८७५८, ९८०३९२३५७८

विद्यार्थीलाई सस्तोमा Cash Deposit 9818013909

धितोफुकुवा क्यासडिपोजिट धितोराखी ऋण 9851014408

सस्तोमा Cashdeposit, धितोफुकुवा गर्नपरेमा 9851113117

घरजग्गा धितोराखी BANK LOAN Consultancy 9851034124

For Wall Art Design 9813782090

अतिसस्तोमा धितोफुकुवागर्न, विदेश अध्ययनकोलागि Cashdeposit, ऋणलिन ९८५१११७९८०

सस्तोमा Bank Deposit गर्नुपरेमा ९८५११६९२०२

ग्रील आल्मुनियम, फर्निचर बनाउनकोलागि ९८६१९७१८४५

काठमाडौं उपत्यकाभित्र दर्ता स्वीकृती भएको अस्पताल चाहियो ९८४१६४१४९५

संचालन भईरहेको सहकारीलाई पार्टनर चाहिएकोले सम्पर्क: ९८४२४५८५२४

विविध बिक्रीमा

ठमेलतथा सुन्धारामा चलिरहको रेष्टुरेण्टबिक्रिमा ९८५१०७२८७६

नयाबसपार्कमा चलिरहेको गेष्टहाउस बिक्रीमा ९८४१८००१९८

फेन्सी पसल बिक्रीमा काभ्रेस्थली पदमसालचोक 9814138026, 9818676654

चलिरहेको लाउन्ज रेष्टुरेन्ट बिक्रिमा दैनिक व्यापार ३५,०००।-मूल्य: ५०,००,०००।- ९८१८३९४१७५

चलिरहेको दुग्ध उद्योग बिक्रिमा ९८१००२९६४४

राम्रो चलिरहेको रेष्टुरेण्ट बिक्रीमा, कोटेश्वर, 9869091264

माछापोखरीको लेडिजफेन्सी, पार्लर तुरुन्तबिक्रिमा ९८४३०८४८९९

खाजाघर बिक्रीमा जडिबुटी नरेफाट 9866496288

नयांबानेश्वरस्थित रेष्टुरेन्ट बिक्रिमा ९८४३७३६५१८ ९८०२०२६९३५

चलिरहेको रेष्टुरेण्ट तु.बिक्रीमा बैद्ध तिनचुली, द-बेरगर हन्ट रेष्टुरेण्ट एण्ड बार, 9823138343, 9818387418

किराना पसल बिक्रिमा ९,००,०००।–, ९८०८५२५३५५, बुद्धनगर

चलिरहेको Institute बिक्रिमा जमलचोक 9860141806

चलिरहेको कस्मेटिक फेन्सीपसल बिक्रीमा ९८२३४३२८१७

पसल तथा खालीसटर बिक्रीमा ९८२ ९१०३५४०, ९८१००५३८००

चलिरहेको ब्वाईज होस्टेल बिक्रिमा ९८५११७३०२७, ९८६५१८४९०१

कृषि फार्म बिक्रिमा, सांखु ९८१८१६९२०९, ९८२३०७००१४

जडिबुटीमा चलिरहेको होटल बिक्रिमा ९८१३२९३७००

मास पसल बिक्रिमा, कलंकी ९८१९२४८१७०

चलिरहेको रेष्टुरेन्ट बिक्रीमा सामाखुशी 9851148470

liquar shop बिक्रिमा ठमेल 9841943567

कोटेश्वरचोकको खाली सटर बिक्रीमा 9849498992

बौद्धमा चलिरहेको होटल बिक्रीमा ८आनामा बनेको मूल्य २५करोड 9823140441, 9813490888

चलिरहेको रेष्टुरेण्ट सातदोबाटो ९८४८३१३२०३, ९८१८४८२४५२

मंदिरा पसल बिक्रिमा गौशाला ९८६६२७७८८२

विदेश जानुपरेकोले गोगबु शिवमन्दिरमा चलिरहेको रेष्टुरेन्टबिक्रीमा ९८५७६८५४३६

ग्वार्कोको मम पसल बिक्रिमा ९८४९८०६०४९

खाध्यान्न किराना, ग्यास सहितको पसल दैनिक ७०,००० भन्दामाथि व्यापार ९७४८६०९०६३

सातदोबाटो मेनरोडमा व्यापारिक भवनबिक्रीमा 9869268472

ठमेलमा रेष्टुरेण्ट बिक्रीमा १०,००,०००।- 9818038130

बसन्तपुरमा Lounge & Bar तु.बिक्रीमा ९८६११९४७३३

चलिरहेको Computer Institution Center तु बिक्रिमा 9843354301

माहाबौद्धभित्र खाजा खाना घर ९८०७६७९१०४

जाल्पाचोकमा चलिरहेको क्याफे बिक्रिमा ९८४३३२२७४३

बागबजारमा चलिरहेको म:म: पसल बिक्रिमा 9841260306, 9841439059

अति व्यस्त लोकेशनको सब-रेमिट(रेमिटेन्स) काउन्टर बिक्रीमा ९८५१०४५८७९

नक्सल टंगालमा मदिरा पसल बिक्रिमा ९८४५०६२०८०, ९८१३२९१२८८

भाडा पसल बिक्रीमा, 9813685236, 9841214752

चलिरहेको होटल बिक्रिमा नर्याँबसपार्क, 9847948360

निर्माण सफाई

ढल ट्वाइलेट जामखोल्ने १००% 9841000096

सस्तोमा सेफ्टीटैंकी ढल ट्वाइलेट ९८५१०५६६६२

सेफटीट्यांकी सफाई गाडीमा १५००/- 9843768737

सेफ्टीट्यांकी सफाई ठुलोगाडीमा मेसिनबाट 5251092, 9851024364

ढलमंगाल, सेफ्टीट्याङ्की सफाई जामखोल्ने 9849519040

ढलट्वाइलेट, मंगालबनाउने, जामखोल्ने 9840540700, 9860053124

सेफ्टिटैंकी सफाई 9841212244, 9841488132, 01-5182401

सेफ्टिटैंकी सफाई सस्तोमा 9841343487, 4464568

सेफ्टिटैंकी सफाई गाडिबाट 9851118279, 9851087058

ढलमंगाल बनाउने जामखोल्ने सेफ्टिटैंकी मेशिनबाट 9841448770 होमप्रसाद

प्लम्बिङ्ग, बोरिङ्गसर्भिस, धाराजामखोल्ने, ईनारसफाइगर्ने पहेंलोपानिफिल्टर रिजर्भटेङ्किसफाई, इनारखन्ने, ढलजामखोल्ने 9851168028

सेफ्टीट्याङ्की, ढलमंगाल जामखोल्ने सस्तोमा 9849442728

ढलमंगाल, टुवाइलेट जामखोल्ने 9851013512, 9841607856

ढलटुवाईलेट मंगाल जामखोल्ने सस्तोमा 9841634234, 9841176292

ढलटुवाईलेट मंगाल जामखोल्ने सस्तोमा ९८४१६६३६६८

भाडामा

ललितपुरमा घरफल्याट भाडामा लिनदिने, 9851071590

तुरुन्त भाडामा लिनदिन सम्झनुहोस् ९८१३१९८१७६

कुनैपनी प्राइम लोकेशनमा फोस्टफुडको लागी (१-१.५) रोपनी जग्गा भाडामा चाहियो 9840630254

भक्तपुरको बालकोटमा अत्याधुनिक फल्याट 9851019759

कमलपोखरीमा अफिसकोलागि सुन्दर फल्याट 9849650680

भनेकै जस्तो तुभाडामा लिनदिन 9841005743

नागपोखरी जयनेपाल हलसंग घर भाडामा बेड्रुम २, अट्याच बाथरुम १, सिटिडरुम १, डाईनिङरुम १, किचेन १, 9841329178

चाहियो

बंगलो, अपार्टमेन्ट, जग्गाचाहियो 9801117335 www.homektm.cm

स्पा थेरापिष्ट चाहियो बौद्ध ०१४४७८७२०, ९८०३०४५०१८

घरमा कामगर्ने महिलाहरू चाहियो ९८५१२२७६१६

Experienced Primary English, Computer Teachers Wanted: Liberty Academy, Aattarkhel, 9851037919

भक्तपुरको पोल्ट्रीफार्म ह्यायचरीमा कामदार चाहियो दम्पतीलाई प्राथमिकता 9851169728

मम मित्री मसाल्ची नक्साल ९८४१९२०८७६

दोहोरीसाँझमा, लेडिजगायिका, लेडिजवेटर्स, कुक, 9843017058

Thamel Mobile shopमा +2 staff m/f 9803720822

Montessori Teachers, Aaya Iamdol, 9851247205

पढेनपढेका महिलापुरुष कामदार २४,५००/ 9810260716

अनुभवी कुक वेटर चाहियो सातदोबाटो ९८६०१२४७९४

अनुभवी कुक, हेल्पर चाहियो 9869091264

Assistant cook, Cashier, Waiter for Restaurant 9851067168 Patan

घरायसी कामगर्ने महिला चाहियो, क्वाटरको व्यवस्था छ, स्थान सानेपा 9851069495

तिहारको अवसरमा SLC 15000/- 9869282654, 9862428235, 014488043

Lower/Secondary English Teacher, Primary Math/English Teacher Bhaktapur 9851232016

सोल्टीमोडस्थित क्यान्टिनमा कुक चाहियो ९८४३११७५४५

सेक्युरीटी अर्जेन्ट तलब 14000-20000 9841687964 9808787334

बाजुराजिल्लामा रहेको बडिमालीका बोर्डिङ्गस्कुलमा, प्रिन्सिपल शिक्षकको आवश्यकता सोसल, म्याथ, एकाउन्ट, नेपाली, साइन्स श्रीमानश्रिमती विशेषग्राह्यता 9851196913, 9848438372

लगनखेल म:म सेन्टरमा कामदारको आवश्यकता तलब ८,०००।–, खानेबस्ने ९८०३३२५९८७

राजधानी मिठाई पसलकोलागि कुक/वेटर मसाल्ची चाहियो 9851010107

Assistant Chef, Helper, Waiter Bartender Dishwasher, 9863422451, 9801855522

बागबजारमा पार्टटाईम/फुलटाइम कर्मचारी योग्यता एसएलसी निश्चित महिनाकोलागि फिल्ड असिस्टेन्ट ९८४१९९३९०८

सन्तानेश्वर फास्टफुड एण्ड रेष्टुरेन्ट झरुवारासीको लागि कुक-२, वेटर-२ तु.चाहियो ९८६१७७६७८६, ९८५१२११६१७

Second coming cook, cook helper, waiter leady and gents, dish wash ledy and gents. Tokha Shivapuri Village Resort, Chandeswori, Tokha. 9803836902

साधारण सेक्युरीटी तुअर्जेन्ट 18000 9813210032

कलेज क्यान्टिनलाई अलराउण्डर कुक बस्नेसुविधा 9851211629

भक्तपुरमा संञ्चालन रहेको पश्मिना उद्योगकोलागि सहायक डाईङमास्टर आवश्यकता भएकोले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला तलब-१५,००० सम्पर्क ०१६६१७५४७, ९८०८८७१९००

निमावि English, Computer Teachers 9841781941

धुलिखेलको रिसोर्टलाई जि.एम., मेनेजर, क्याप्टेन, वेटर ९८४१३४३२४६

Secondary Teacher Social, English, EPH, Math Imadol 5201915, 9851035379

चालक सहचालक ४०,०००। १५,०००। ९८५१०१०८६२

फास्टफुडलाई मुसाल्ची, कुक, हेल्पर, वेटर खोनबस्नको सुविधा बानेश्वर ९८०३६९६६३४

चक्रपथमा +2 कर्मचारी 15,500/- 9823841868

कुकको आवश्यकता कपन मिलनचोक ९८०८६२४५९६

भ्यालि बाहिर कुकवेटर हेल्पर डिसबासर चाहियो 9803242429

बिसकुट फयाक्ट्रीमा कामगर्ने कामदार चाहियो चापागाउं 9841717196

रिकन्डीसन सोरुममा अनुभवी सेल्स-१, एकाउन्टेण्ट-१ लेडिज चाहियो ९८५११३७४२०

दोहोरीसाँझ दरबारमार्ग कुक, हेल्पर, महिलावेटर चाहियो 9813273005

म.म मिस्त्रि, हेल्पर सिनामंगल ९८४१९४६६५०

Allrounder cook-2, Tanduri Cook-1 Workplace @Lahan Siraha m+9861393111

पुल्चोकको क्याफेमा कुक, हेल्पर 9849123881

Urgent Preprimary to Lower Secondary English, Science, Social, Math, Teachers, 01-5561080, 9823833012, Thaiba, Lalitpur

भक्तपुर कमलविनायक २० पिचबाटोमा ०-३-०-० जग्गा बिक्रीमा 9851217318

कुक अर्जेन्ट चाहियो 15500 9849636246

महाराजगञ्ज एरियालाई भूपुगार्ड चाहियो ९८४३३६५२६२

कार चलाउने ड्राइभर चाहियो ९८५१०५९४९१

बिहान ६–१० सरसफाइगर्ने पुरुष ९८२३७२०९७७ कालिमाटी

बानेश्वरमा म:म कम्पनीमा कामदार ९८५१२२६४३२

कुक, हेल्पर, भाडामाझने, बालकुमारी ९८०८३६३०७९

वेटर-११०००, मम-१३०००, मसाल्ची -११०००, 9803530772

वेटर-१ (पुरुष), किचनहेल्पर-१(पुरुष), डिसवासर-१(महिला/पुरुष) सम्पर्क: ०१४४८३२१८, ४४८३३१९

कुपन्डोल थकाली किचन मुलकोट सिन्धुलीको लागी थकालीकुक कन्टिनेन्टल कुक, ९७५१०१५०७७, ९८४१२०८४९५

श्रीमान-ञनतुसीमती दुईजनाकोलागि घरमाकामगर्ने महिलाचाहियो 9864238949

बेकरीको

गैरआवासीय नेपाली संघमा पन्त

गैरआवासीय नेपाली संघका नवनिर्वाचित अध्यक्ष कुमार पन्त तथा अन्य पदाधिकारी होटल हयात परिसरमा समर्थकमाझ । *तस्बिर : कविन अधिकारी कान्तिपुर*

■ **विमल खतिवडा** (काठमाडौं)

गैरआवासीय नेपाली संघ (एनआरएनए) को अध्यक्षमा कुमार पन्त निर्वाचित भएका छन् । प्रतिद्वन्द्वी कुल आचार्यलाई १४७ मतअन्तरले पराजित गर्दै पन्त विजयी भएका हुन् । उनले १२१७ मत ल्याए । आचार्यले १०७० मत प्राप्त गरेका थिए । चाबहिलस्थित होटल हयातमा सम्पन्न मतदानअनुसार चार उपाध्यक्षमा बद्री केसी, अर्जुनकुमार श्रेष्ठ, मन केसी र सोनाम लामा विजयी भएका छन् । त्यस्तै महिला उपाध्यक्षमा रविना थापा, महासचिवमा हेमराज शर्मा निर्वाचित भएका छन् ।

निर्वाचन समितिका सदस्य कुलप्रसाद पाण्डेका अनुसार सचिवमा गौरीराज जोशी, आरके शर्मा र कोषाध्यक्षमा महेशकुमार श्रेष्ठ निर्वाचित भएका छन् । सह-कोषाध्यक्षमा लोकप्रसाद दाहाल, महिला संयोजकमा भोमादेवी लिम्बु, युवा संयोजकमा हिमाल गुरुङ निर्वाचित भएका छन् । ४१ पदका लागि निर्वाचन भएको थियो । केही पदमा भने उम्मेदवारी नपरेको र केहीमा भने निर्विरोध निर्वाचित भए पनि अधिकांश पदमा निर्वाचन भएको थियो ।

बिहीबार भएको मतदानमा कुल २५७० मतदातामध्ये २३४४ मत खसेको थियो । जसमा सबैभन्दा बढी युरोपबाट ९२० मत खसेको थियो । अमेरिकाबाट २७१, अस्ट्रेलिया र न्युजिल्यान्डबाट २१५, एसियाबाट ४६२, मध्यपूर्वबाट ४६० र अफ्रिकाबाट १६ मत खसेको छ । राति अबेर मतगणना भएकाले समयमै परिणाम आउन ढिलाइ भएको थियो । मत पत्रको आधारमा मतदान गरिएकाले मतदान र मत गणनामा ढिलाइ भएको थियो ।

मंगलबार सुरु संघको नवौं विश्व सम्मेलन तथा अन्तर्राष्ट्रिय महाधिवेशन बिहीबार सकिने जनाइएको थियो । विद्युतीय भोटिङ मेसिनले काम नगर्दा समयमै मतदान हुन नसकेको संघले जनाएको छ ।

शुक्रबार मध्याह्न मत परिणाम सार्वजनिक हुनासाथ विजयी उम्मेदवारका आफन्त अबिर, माला र खादा बोकेर होटलमा जम्मा भएका थिए । होटल परिसर बिहानैबाट पञ्चेबाजाले गुञ्जयमान बनेको थियो । विजयी भएकालाई मतदाता र आफन्तले अबिर जात्रा गरेर काँधमा राखी विजयी नारा लगाएका थिए । अप्रिय घटना हुन नदिन होटल परिसरमा ठूलो संख्यामा नेपाल प्रहरी र ससशस्त्र प्रहरी परिचालन गरिएको थियो । एनआरएनए सम्मेलनको व्यवस्थापन पक्ष भने एकदम कमजोर देखिन्थ्यो । बिहान १० बजे गणना सकिए पनि १ बजे मात्र मत परिणाम सार्वजनिक गरिएको थियो ।

'विकृति रोक्न निःशुल्क सदस्यता र ई-भोटिङ'

कुमार पन्त
नवनिर्वाचित अध्यक्ष

गैरआवासीय नेपाली अभियानमा कसैको पनि हारजित हुँदैन । सबैले जित्छौं । कोही पनि संस्था बाहिर रहने छैन । सबैलाई एकताबद्ध बनाएर लग्ने प्रण गर्दछु । नेपालले हामीबाट ठूलो अपेक्षा र आशा राखेको राम्रोसँग महसुस गरेको छु । हामीले भर्खरै मात्र नेपाल सरकारसँग कम्तीमा पनि १० अर्ब बराबरको लगानी ल्याउँछौं भनेका छौं । यसको निम्ति म प्रतिबद्ध छु । भोलिबाटै यो रकम ल्याउने काममा लाग्नेछु । मैले ८० लाख गैरआवासीय नेपालीको साझा संस्थाका रूपमा विकसित गर्न चाहेको छु । हाम्रो संस्थाभित्र केही विकृतिहरू भित्रिएका छन् । संस्थालाई जबर्जस्ती राजनीतिकरण गर्न खोजिएको छ । जुन होटलमा बसेर हामी सम्मेलन गर्दै थियौं, त्यहाँ कोठामा कोठामा राजनीतिक दलका नेताहरूले चाहार्ने र भोट माग्ने काम गरे । यो संस्था कुनै राजनीतिक दलको भ्रातृ संस्था पो हुने हो कि भन्ने डर छ । अर्को संस्थामा व्यापक आर्थिक विकृतिहरू भित्रिएका छन् । चुनावमा आर्थिक चलखेल गर्ने, आर्थिक प्रलोभन देखाएर भोट प्रभावित पार्ने कुरा आइरहेका छन् । यस्ता कुराहरूको निराकरण र अन्त्यका लागि निःशुल्क सदस्यताको व्यवस्था गरिनेछ । यसो गर्नसाथ पैसाको लगानी कसैले पनि गर्नुपर्ने छैन । जो चर्चित र योग्य छ, उसैलाई संसारभरका गैरआवासीय नेपालीले निर्वाचित गराउनेछन् । अहिले प्रविधिको जमानामा पनि काठमाडौंमा भेला भएर, लाइन लागेर भोट गर्नुपर्ने अवस्था छ । हजारौं रुपैयाँ खर्च हुन्छ । अब घरघरमै बसेर ई-भोटिङ गर्ने व्यवस्थाको विकास गर्नेछु । नयाँ नेतृत्व छान्न काठमाडौंमा आइरहनुपर्ने छैन ।

१२ बुँदे घोषणा जारी

गैरआवासीय नेपाली संघ (एनआरएनए) ले १२ बुँदे घोषणापत्र जारी गर्दै सम्मेलन सकिएको जनाएको छ । नेपालमा उपयुक्त वातावरण सिर्जना भएकाले जलविद्युत, पर्यटन, बैंकिङ, स्वास्थ्य, शिक्षा, आधुनिक कृषि र सूचना तथा सञ्चार प्रविधिलगायत क्षेत्रहरूमा लगानी गर्न आह्वान गरेको छ ।

नेपालको संविधानमा व्यवस्था भएको गैरआवासीय नेपाली नागरिकता कार्यान्वयनको लागि ऐन निर्माणमा तदारूकताका साथ लागि पर्न सरकारलाई अनुरोध गरेको छ । 'बाह्य लगानी आकर्षणमा प्रमुख बाधक रूपमा औंल्याइएको दोहोरो करको समस्यालाई सम्बोधन गरी लगानी आकर्षणको वातावरण बनाउन नेपालको कूटनीतिक नियोग रहेका र धेरै नेपालीको बसोवास रहेका मुलुकहरूसँग अविलम्ब दोहोरो कर उन्मुक्तिको सम्झौता, लगानी प्रवर्द्धन तथा संरक्षण सम्झौतालगायतका सम्झौता' गर्न पनि अनुरोध गरेको छ । गैरआवासीय नेपाली संघ र अभियान एक गैरराजनीतिक चरित्रको भएको बताउँदै दलगत राजनीतिबाट टाढा राख्न राजनीतिक दल र विदेश स्थित भ्रातृ संगठनहरूलाई आह्वान पनि गरेको छ ।

'नामावली नदिंदा मेसिनबाट मतदान भएन'

समयमै मतदाता नामावली उपलब्ध नगराउँदा भोटिङ मेसिनमार्फत मतदान गराउन नसकेको सञ्चालकहरूले बताएका छन् । मेसिनमा कुनै प्राविधिक खराबी नरहेको भोटिङ मेसिनका सञ्चालकहरू रामप्रसाद रिमाल र लक्ष्मण रिमालले विज्ञप्ति जारी गरी बताएका हुन् । मेसिनको त्रुटिभन्दा पनि गैरआवासीय नेपाली संघ (एनआरएनए) को अव्यस्थाका कारण मतदान गराउन नसकिएको उल्लेख छ । अन्तिम नामावलीको प्रमाणित प्रतिन्यूनतम ८ घण्टाअघि नै दिने भनिए पनि ३ घण्टा पनि समय नपाएको बताएका छन् ।

'निर्वाचन समितिबाट आधिकारिक नाम पाउन सकेनौं, काम गर्ने समय पनि पर्याप्त भएन,' विज्ञप्तिमा भनिएको छ, 'उम्मेदवारको नाम तस्बिर राखी नसक्दै बाहिरको भीड थामी नसक्नु भयो, परीक्षणबिनै मतदान सुरु गर्नुपर्ने बाध्यताले मेसिनको बट्टामा नट कस्नसम्म भ्याएनौं ।' मतदान सुरु गर्दा फोटो र नाममा समस्या देखिएको र उक्त समस्यालाई तुरुन्तै समाधान गरी सोही ठाउँमा देखाइसकिएको विज्ञप्तिमा उल्लेख गरिएको छ । 'हामीले विकास गरी पचासौं निर्वाचन सम्पन्न गरेको भोटिङ मेसिनमा आजसम्म कुनै प्राविधिक खराबी नरहेको सबैमा जानकारी गराउन चाहन्छौं,' विज्ञप्तिमा भनिएको छ, 'यस घटनाले हामीलाई अझ अनुभवी बनाएको छ ।' एनआरएनएको निर्वाचनमा विद्युतीय मेसिनबाट भोटिङ हुने भनिए पनि पहिलो भोटिङमै मेसिन बिग्रँदा मत पत्रका आधारमा मतदान गराइएको थियो ।

फौजी किराको प्रकोप

साढे २० हजार हेक्टर धानबालीमा क्षति

■ **राजु चौधरी** (काठमाडौं)

फौजी किराको प्रकोपले मुलुकभर साढे २० हजार हेक्टर धानबालीमा क्षति पुगेको सरकारी अध्ययनले देखाएको छ । प्लान्ट क्वारेन्टाइन एवं विषादी व्यवस्थापन केन्द्रको तथ्यांकअनुसार कात्तिक १ गतेसम्म २० हजार ४ सय १४ हेक्टर धानबालीमा फौजी किराले क्षति पुऱ्याएको हो । 'थप अध्ययन भइरहेको छ,' केन्द्रका कार्यकारी प्रमुख सहदेवप्रसाद हुमागाईले भने । हालसम्मको अध्ययनमा सबैभन्दा बढी प्रदेश ५ को धानबालीमा क्षति पुगेको छ । बाँकेमा १७ हजार हेक्टर धानबाली नष्ट भएको छ । यसपछि सबैभन्दा बढी बर्दियामा २ हजार हेक्टरमा क्षति भएको जनाएको छ ।

अहिले खेतमा धान पाकेको बेला फौजी किराले बोट र बाला काटेपछि किसान मारमा परेका छन् । किसानले किरा मार्ने विषादी छरे पनि खासै नियन्त्रणमा आएको छैन । किसानका अनुसार दिउँसो किरा लुक्ने र राति बढी क्षति पुऱ्याउने गरेको छ । 'फौजी किरा आक्रामक रूपमा फैलिँदै गएको छ । कृषिका लागि यो महारोग हो,' राष्ट्रिय किसान समूह महासंघका निवर्तमान अध्यक्ष उद्धव अधिकारीले भने, 'रोगले किसान चिन्तत छन् । यसले कृषि क्षेत्रमै ठूलो नष्ट पार्छ ।' उनका अनुसार धानबालीसँगै धादिङका केही क्षेत्रमा कोदोमा समेत फौजी किरा देखिएको छ ।

प्रदेश ५ मा सबैभन्दा बढी १९ हजार हेक्टरमा क्षति

ललितपुर क्षेत्रमा सामान्य असर गरे पनि पहिचान हुन नसकेको केन्द्रले जनाएको छ । 'समन्वयको पाटोमा समस्या देखिएको छ,' हुमागाईले भने, 'जसले गर्दा सबै क्षेत्रबाट विवरण संकलन हुन सकेको छैन ।'

प्रदेश २ को रौतहट र बारामा क्षतिको रिपोर्टिङ भए पनि तथ्यांक आइसकेको छैन । केन्द्रका अनुसार कर्णाली र सुदूरपश्चिममा भने फौजी किराको प्रकोप छैन । केन्द्रका अनुसार फौजी किरा धान पाक्ने बेला बढी सक्रिय देखिन्छ । यसले धानको बाला नै टुक्राउँछ । काटेको बाला पनि टुक्राउँछ । जानकार अनुसार नेपालको हकमा नियन्त्रण बाहिर नै छ । समयमै नियन्त्रण हुने सबै बाली सखाप पार्ने विज्ञहरू बताउँछन् । 'यसको नियन्त्रण गर्ने सरकारले तत्कालीन नियन्त्रण नगरे समग्र कृषि क्षेत्र समस्यामा पर्ने उनले बताए ।

प्रदेश १ मा ४ जिल्लामा फौजीको असर देखिएको छ । झापामा २ सय ८७ हेक्टर, उदयपुरमा १ सय ४१ हेक्टर, सुनसरी ७७ हेक्टर र मोरङ १२ हेक्टरमा क्षति भएको छ । प्रदेश ३ तर्फ सबैभन्दा बढी चितवनमा क्षति पुगेको छ । चितवनमा ६ सय ४४ हेक्टर, मकवानपुरमा १ सय ३ हेक्टर, सिन्धुलीमा १ सय ५० हेक्टरमा क्षति केन्द्रका पुगेको हुमागाईले बताए । धादिङ र दायित्व केन्द्रसँगै प्रदेश, स्थानीय सरकारले पनि हो,' कार्यकारी प्रमुख हुमागाईले भने, 'स्थानीय र प्रदेश सरकारलाई प्रोटोकलका कुरा, तालिम/परीक्षण दिएका छौं । नियन्त्रणका लागि सबै क्षेत्र सक्रिय हुनुपर्छ ।' यी निकायबाहेक किसानको हकहितका लागि किसान आयोग पनि छ । तर, किसानको समस्यामा आयोग उदासीन छ । प्रभावकारी रूपमा काम गर्न नसकेको जानकारहरू बताउँछन् ।

किसान आयोगका प्रवक्ता रवीन्द्र केसीले भने किरा नियन्त्रण गर्ने सम्भावना रहेको बताए । यसका लागि कृषि ज्ञान केन्द्र, प्रदेश मन्त्रालयले प्राविधिकहरू खटाउनुपर्ने उनले बताए । 'तराईका पूर्वतिर जटिल समस्या छ । मानवीय असर नहुने गरी किटनाशक प्रयोग गरेर नियन्त्रण गर्न सकिन्छ,' उनले भने, 'किसानले क्षतिपूर्ति पनि पाउनुपर्छ ।' केन्द्रका निवर्तमान अध्यक्ष डिल्लीराज शर्माका अनुसार फौजी किरा अमेरिकाको किरा हो । यो बृहत् रूपमा नोक्सान गर्ने राजचर (रात्रि) किरा हो । '३ वर्षअघि अफ्रिकामा मकैलाई ध्वस्त बनायो । गत वर्ष भारत प्रवेश गऱ्यो,' उनले भने, 'त्यसपश्चात् बंगलादेश, श्रीलंका, थाइल्यान्ड, चीन, कोरियासम्म फैलिएको छ ।' उनका अनुसार फौजीले एउटा बाली मात्रै नभई धेरै बाली नष्ट गर्छ । सबैभन्दा बढी मकैलाई असर गर्छ । 'करिब ८० प्रकारको घाँस बालीलाई नोक्सान पुऱ्याउँछ,' उनले भने ।

बाँकी पृष्ठ १२

बंगलादेशसम्म बस चलाउन छलफल

काठमाडौं (कास)- नेपाल र बंगलादेशबीच कात्तिक ४ र ५ गते काठमाडौंमा हुने वाणिज्य सहसचिवस्तरीय प्राविधिक समितिको बैठकमा बस सेवा सञ्चालनबारे छलफल हुने भएको छ । सरकारका प्रवक्ता तथा सञ्चारमन्त्री गोकुलप्रसाद बाँस्कोटाका अनुसार बैठकमा नेपाल र बंगलादेशबीच व्यापार, वाणिज्य, लगानी अभिवृद्धिसँगै बस सेवा सञ्चालनका विषयमा छलफल हुन लागेको हो ।

नेपाल, भारत, बंगलादेश र भुटानबीच सन् २०१५ को जुनमा भएको 'बीबीआईएन मोटर भेहिकल' सम्झौता भएको थियो । २०७५ वैशाख १२ मा परीक्षणका रूपमा ढाकाबाट दुई बस नेपाल ल्याइएको थियो । यो सम्झौतामा भुटानले हस्ताक्षर गरेको छैन । फूलबारी-बंगलाबन्द मार्ग परीक्षणका रूपमा सञ्चालन भएका ती बस काठमाडौं आएर ढाका फर्किएपछि सेवालाई निरन्तरता दिइएन ।

मन्त्रिपरिषद्ले सहसचिवस्तरीय प्राविधिक समितिको बैठकका लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव नवराज ढकालको नेतृत्वमा १५ सदस्यीय टोली गठन गरेको छ । नेपाल र बंगलादेशबीच हुन लागेको यो चौथो बैठक हो । यस्तै मन्त्रिपरिषद्ले व्यवसाय सञ्चालनका लागि सहज वातावरण बनाउन संस्थागत संरचना स्वीकृत गरेको छ । व्यापार इन्डेक्समा सुधार गर्न र लगानीको वातावरण बनाउन संस्थागत संरचना स्वीकृत गरिएको सरकारले जनाएको छ ।

आर्थिक सहायता

सञ्चारमन्त्री बाँस्कोटाका अनुसार मन्त्रिपरिषद्ले सशस्त्र द्वन्द्वमा मारिएका बाँके नेपालगन्ज-२ का अधिकारकुमार शर्माका बाबु जयलाललाई १० लाख रुपैयाँ आर्थिक सहयोग गर्ने निर्णय गरेको छ । जनआन्दोलनमा घाइते काभ्रेको पाँचखालकी सानुमाया लामालाई ३ लाख रुपैयाँ सहयोग गर्ने भएको छ ।

वन क्षेत्र प्रयोग गर्न दिने

सरकारले जलविद्युत, प्रसारण लाइन, बसपार्क, चुनढुंगा उत्खननका लागि विभिन्न जिल्लामा वन प्रयोग गर्न दिने निर्णय गरेको छ । तल्लो इखुंवा खोला जलविद्युत्का लागि भोजपुरका षडानन्द-१ को १.३७ हेक्टर राष्ट्रिय वन, मर्स्याङ्दी कोरिडोर २२० केभी प्रसारण आयोजनका लागि बेंसीसहर नगरपालिकामा रहेका सामुदायिक र राष्ट्रिय गरी १६.२८ हेक्टर वन क्षेत्र प्रयोग गर्न दिने निर्णय भएको हो । यस्तै भेरीगंगा बसपार्क निर्माण र सञ्चालनका लागि वडा नं १२ स्थित राष्ट्रिय वन २.१५ हेक्टर, माथिल्लो छन्दी खोला साना जलविद्युत्का लागि लमजुङ र दोर्दी गाउँपालिकास्थित राष्ट्रिय वनको १.३१७ हेक्टर वन दिइने भएको छ ।

चुनढुंगा उत्खननका लागि तनहुँको व्यास, उदयपुरको उदयपुरगढी, ललितपुरको गोदावरीमा रहेका वन क्षेत्र उपयोग गर्न दिने सरकारले निर्णय गरेको छ । रेडियो नेपालको खुमलटारस्थित जग्गा प्रतिआना ४० लाख रुपैयाँका दरले नेपाल दूरसञ्चार प्राधिकरणलाई दिने निर्णय पनि मन्त्रिपरिषद् बैठकले गरेको छ ।

१० गतेदेखि हिमालयको बेइजिङ उडान

काठमाडौं (कास)- हिमालय एयरलाइन्सले लक्ष्मी पूजाको दिन (कात्तिक १० गते) देखि काठमाडौंबाट चीनको राजधानी बेइजिङ उडान गर्ने भएको छ ।

हिमालय एयरलाइन्सको ब्रान्ड तथा सर्भिस प्रमुख उज्वला दलीले पहिलो उडान कात्तिक १० गते हुने पक्कापक्की भएको बताइन् । चिनियाँ राष्ट्रपति सी चिनफिङले आफ्ना नागरिकहरूलाई नेपाल भ्रमणमा उत्प्रेरित गर्ने अभिव्यक्ति दिएपछि नेपालमा चिनियाँ पर्यटक भित्र्याउने व्यवसायीलगायत सरोकारवालासँग पर्यटन बोर्डले बिहीबार गरेको अन्तर्क्रियामा हिमालय एयरलाइन्सले उडानको मिति घोषणा गरेको हो ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेश भट्टराईलगायत उपस्थित कार्यक्रममा बोल्दै दलीले काठमाडौं-बेइजिङ सिधा उडान हिमालय एयरलाइन्सको न्यारोबडी जहाज एयरबस ३२० बाट हुन लागेको बताइन् । उनका अनुसार हिमालयले सातामा तीन दिन बेइजिङ उडान गर्ने छ । हिमालयले चीनको गुइयाङ, छाङसा र नानछाङमा सातामा एक/एकवटा उडान गर्ने भएको छ ।

हालसम्म नेपालको राजधानी काठमाडौं र चीनको राजधानी बेइजिङमा सिधा उडान भएका थिएनन् । हिमालयले दुई मुलुकका राजधानी जोड्ने सिधा उडान पहिलोपटक हुन लागेको जनाएको छ ।

हाल हङकङ तथा चीनका चारवटा सहर ल्हासा, छेन्दु, ग्वाङजाव, कुनमिङबाट काठमाडौंका लागि सातवटा एयरलाइन्सले उडान गर्दै आएका छन् । हिमालयले बेइजिङ उडान थालेपछि नेपाल र चीनबीच आठवटा एयरलाइन्सले छ वटा स्थान जोड्नेछन् ।

कात्तिकभित्र दोस्रो किस्ता लिइसक्नुपर्ने

काठमाडौं (कास)- राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले लाभग्राहीलाई कात्तिक मसान्तभित्र निजी आवास पुनर्निर्माणका लागि दोस्रो किस्ता अनुदान लिन आग्रह गरेको छ । ललितपुरमा आयोजित कार्यक्रममा बोल्दै प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीले समयमै दोस्रो किस्ता लिएर घर पुनर्निर्माण गर्न भूकम्पपीडितलाई आग्रह गरेका हुन् । २०७५ असार मसान्तभित्र पहिलो किस्ता लिएकालाई दोस्रो किस्ता लिने समय कात्तिक मसान्तसम्म तोकिएको छ ।

सरकारले निजी आवास पुनर्निर्माणका लागि पहिलो किस्तामा ५० हजार, दोस्रोमा १ लाख ५० हजार र तेस्रोमा १ लाख रुपैयाँ अनुदान उपलब्ध गराउँदै आएको छ । निजी आवास पुनर्निर्माणका लागि ७ लाख ७६ हजार ९ सय १० लाभग्राहीसँग अनुदान सम्झौता भएकामा ७ लाख ६८ हजार ५ सय ४९ लाभग्राहीले पहिलो किस्ता, ६ लाख १२ हजार १ सय ५ जनाले दोस्रो र ५ लाख ७ जार ४८ परिवारले तेस्रो किस्ता अनुदान लिइसकेका छन् ।

अलैंची अध्ययन गर्न विदेशी बगानमा

अलैंचीको व्यावसायिक सम्भाव्यता अध्ययनका लागि जर्मन, अस्ट्रिया र स्विटजरल्यान्डबाट आएका व्यवसायी लमजुङको अलैंची बगानमा । *तस्बिर : कान्तिपुर*

■ आश गुरुङ (लमजुङ)

जिल्लामा उत्पादित अलैंचीलाई जर्मन, अस्ट्रिया र स्विटजरल्यान्ड निर्यात गर्न त्यहाँका व्यवसायीले सम्भाव्यता अध्ययन गरेका छन् ।

मसला बालीको व्यवसाय प्रवर्द्धन गर्दै आएका उनीहरूले मर्स्याङ्दी गाउँपालिका-७ लुदीमा आएर अध्ययन गरेका हुन् । यो समूहले टिमुरका लागि म्याग्दीमा सम्भाव्यता अध्ययन गरिसकेको छ । कफीका लागि सोलुखुम्बुमा अध्ययन गर्ने तयारीमा छ । उनीहरूले अलैंची बगानको अवलोकन गर्ने टिप्ने तरिका, टिपेपछि सुकाउन भट्टीसम्म लाने प्रक्रिया, सुकाउने विधि, गुणस्तर, भण्डारणलगायतको विषयमा अध्ययन गरेका छन् । फार्मिङ फर हेल्थमार्फत उनीहरूलाई अलैंची पठाएपछि सोचेअनुसारको गुणस्तर पाइएकाले सम्भाव्यता अध्ययन गरेको टोलीले बताएको छ । अस्ट्रियास्थित लुफान्सा एयरलाइनसका सिनियर पाइलटसमेत रहेका हेल्थ अलाइनसका अध्यक्ष डोमिनिक कोप्पले अलैंची गुणस्तर देखेर अध्ययनका लागि आएको बताए । फार्मिङ फर हेल्थको अस्ट्रियाका अध्यक्ष प्रोफेसर कर्ट लुगरले नेपालबाट केही मसला बाली भित्र्याउने योजनाका साथ अध्ययन थालिएको बताए । जर्मन नागरिक लुफान्साका खाद्य व्यवस्थापक थोमस ब्रोकेनाउरले जर्मनमा भिन्दै खालको मसला बाली हुने गरे पनि अलैंची भने नहुने बताए । 'हामी जर्मन मात्रै नभई अन्य देशमा पनि यहाँको अलैंची लान चाहान्छौं । हाम्रो अध्ययन यसैका लागि हो,' उनले भने । स्विटजरल्यान्डस्थित स्विस एयरलाइन्सका खाद्य व्यवस्थापक बेनिडिक्ट फन्कोनीले भने, 'हामीले गर्दा केही हुन्छ भने गरौं भनेर आएको हौं । व्यावसायिक प्रवर्द्धनका लागि तयार छौं ।'

अलैंची व्यवसायी महासंघ गण्डकी प्रदेश अध्यक्ष एवं प्रधानमन्त्री कृषि आधुनीकीकरण अलैंची जोन सञ्चालक समितिका अध्यक्ष अजय तामाङका अनुसार जर्मन, अस्ट्रिया र स्विटजरल्यान्डबाट आएका आएका व्यवसायीले बिहीबार अलैंची बगानमै पुगेर अध्ययन गरेका थिए । उनीहरूले अलैंची टिपेको, ल्याएर सुकाएको, ग्रेडिङ गरेको लगायत हेरेका थिए । अलैंची खेतीबारे स्थानीयसँग अन्तरक्रियासमेत गरेका थिए । 'लमजुङको अलैंचीप्रति विदेशी कृषक र व्यवसायीको चासो बढ्न थालेको छ । अहिलेको अध्ययन विदेश लैजानको लागि हो,' उनले भने । उनका अनुसार यसअघि भारत, भुटान र अस्ट्रेलियाका नागरिकले लमजुङको अलैंची अध्ययन गरेका छन् ।

लुदी अलैंची कृषक समूहका सञ्चालक सोमबहादुर तामाङका अनुसार गाउँका ४४ घरपरिवारले १५ देखि २० रोपनीमा खेती गरेका छन् । कृषक समूह पनि छ । 'हामीले फलाएको अलैंची विदेश लाने तयारीका लागि गरिएको अध्ययनले हामी उत्साहित भएका छौं,' उनले भने । फार्मिङ फर हेल्थका निर्देशक नारायण ढकालका अनुसार सुरुमा अलैंचीको नमुना पठाइएको थियो । सम्भाव्यता गर्न 'बिजनेस लिडर' सहित जर्मनका ८, स्विटजरल्यान्डका ४ र अस्ट्रियाका २ नागरिक नेपाल आएका छन् । 'टोली संसारमा मसला बालीको व्यवसाय प्रवर्द्धन गर्ने समूह हो । उनीहरूले नेपालका ३ वटा मसला बालीलाई प्रवर्द्धन गर्न खोजेका छन्,' उनले भने । प्रधानमन्त्री कृषि आधुनिकीरण परियोजना (अलैंची जोन) कार्यालयका अनुसार लमजुङमा १ हजार २ सय हेक्टर बढी क्षेत्रफलमा अलैंची खेती गरिएको छ । ७३५ हेक्टर क्षेत्रफलमा अलैंची उत्पादन हुँदै आएको अलैंची जोन प्रमुख ईश्वरीप्रसाद नेउपानेले बताए । कार्यालयका अनुसार गएको वर्ष ७ सय ५० क्विन्टल अलैंची उत्पादन भएको थियो ।

राष्ट्रिय खेलकुद परिषद्
त्रिपुरेश्वर, काठमाण्डौं

तेह्रौं साग समारोहका लागि सामान खरिद तथा भाडामा लिने सम्बन्धी बोलपत्र आह्वानको सूचना

सूचना प्रकाशित मिति : २०७६/०७/०२

सम्वत् २०७६ मंसिर १५ देखि २४ (तद्नुसार सन् 1, देखि 10, Dec, 2019) सम्म काठमाण्डौ र पोखरामा आयोजना हुन गईरहेको १३औं दक्षिण एशियाली खेलकुद (SAG) समारोहको लागि तपशिलमा उल्लेखित सामाग्रीहरु खरिद गर्न र भाडामा लिनु पर्ने भएकोले इच्छुक इजाजतवाला फर्म, संस्था वा कम्पनीहरुले रा.खे.प.को कार्यालय त्रिपुरेश्वरबाट बिक्री गरिने शर्त सहितको बोलपत्रको फाराम भरी नोटरी पब्लिकबाट प्रमाणित फर्म दर्ता प्रमाणपत्र, आ.ब.२०७५/०७६ को करचुक्ता प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी निवेदन साथ तोकिएको म्याद भित्र आईपुग्ने गरी परिषद्को दर्ता फाँटबाट बोलपत्र फाराम खरिद वापत रु. ३०००/- (तीन हजार) पछि फिर्ता नहुने गरी परिषद्को कृषि विकास बैंक त्रिपुरेश्वरको च.हि.नं. ०२१०६००१९९२३८०१९ मा जम्मा गरेको सक्कलै भौचर साथ यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र बोलपत्र पेश गर्न आह्वान गरिएको छ ।

तपशिल

क्र.सं.	सामाग्री विवरण	संख्या	खरिद वा भाडामा लिन
१	मास क्यालेस्थेलिक ड्रेस- ट्र्याकसुट र जुत्ता	२५०० जोर	खरिद गर्न
२.	मास क्यालेस्थेलिक ड्रेस - ६ रङ्गको पातलो ज्याकेट	१५००० थान	खरिद गर्न
३.	मास क्यालेस्थेलिकलाई हातमा विभिन्न रङ्गका टर्च लाईट, प्लाष्टिकका फुल, झल्लर, रङ्गीन कपडा र विभिन्न रङ्गका छाता	प्रतिइकाई ५००० थान	खरिद गर्न
४.	विभिन्न जनजातीका पोसाक सेटहरु	३००० जोर	भाडामा लिन
५.	दौरा सुरुवाल, साडी चोला र कोट	१५० जोर	खरिद गर्न
६.	साग राष्ट्रको ७ (भुटान, भारत, बंगलादेश, पाकिस्तान, श्रलंका, माल्दिभ्स् र नेपाल), 13th SAG को मस्कट, लोगो, झण्डा, IOC, OCA, SAOC, NOC गरी १४ किसिमको झण्डा २७ भेनु, मार्चपास, रंगशाला र पुरस्कार वितरणको लागि साईज ४x६, ३x५, २x३, हुनुपर्ने	अन्दाजी १५०० थान	खरिद गर्न
७.	झण्डा पोलमा रातो कपडा र पहेंलो पट्टामा बेरी विभिन्न खेल स्थलहरुमा फिटिङ्ग समेत हुनुपर्ने	१५०० थान	भाडामा लिन
८.	ठूलो भिज्युअल LED स्किन १०x३६ र १०x२४,	३० थान	भाडामा लिन
९.	साउण्ड सिस्टम क) दशरथ रंगशालामा हुने समुद्घाटन र समापन, रिहर्सल, ग्राण्ड रिहर्सल ख) २७ वटा खेल स्थलहरुमा व्यवस्था		भाडामा लिन
१०.	साग उद्घाटन स्थल दशरथ रंगशालाको ओभर अललाईटिङ्ग सिस्टम		भाडामा लिन
११.	फ्रेम सहित फ्लेक्स् व्यानर ग्राफलामको फ्रेम सहित दशरथ रंगशाला र विभिन्न २७ खेलको प्रतियोगिता स्थलहरुमा फिटिङ्ग गर्ने र कार्यक्रम पछि खोल्ने समेत	२५हजार Sq. फिट	खरिद गर्न
१२.	दशरथ रंगशाला र विभिन्न खेलस्थलहरुमा स्टेज निर्माण	आवश्यकतानुसार	भाडामा लिन
१३.	टेण्ट	आवश्यकतानुसार	भाडामा लिन
१४.	प्लाष्टिकको कुर्सी	आवश्यकतानुसार	भाडामा लिन
१५.	१३औं सागको लोगो अङ्कित क्याप	१०,००० थान	खरिद गर्न
१६.	डिस्प्ले कार्ड विभिन्न प्रकारको	अन्दाजी २५०० सयविधार्थीको लागि	खरिद गर्न
१७	१३औं साग अंकित फाइबरबाट बनेको पुरै शरिर भएको मस्कट	१०० थान	खरिद
१८.	१३औं साग अङ्कित फाईबरबाट बनेको मस्कटको टाउको (शिर मात्र)	२० थान	खरिद गर्न
१९.	१३औं साग अङ्कित फाइबरबाट बनेको मस्कटको टाउको ७ फिट उचाई भएको	१०० थान	खरिद गर्न
२०.	१३औं साग अङ्कित कपडाबाट बनेको मस्कटको टाउको मात्र	५०० थान	खरिद
२१.	१३औं साग अङ्कित ह्वाइट बोर्ड १८mm कटिङ्ग र प्रिन्ट मस्कट	५० थान	खरिद
२२.	उपहार (मस्कट भएको ह्वाईट बोर्डबाट ६mm मोटाई र ७ इन्च उचाई ४.५ इन्च चौडाई कटिङ्ग र प्रिन्ट सहित	४६०० थान	खरिद
२३.	उपहार (मस्कट लोगो र १३औं दक्षिण एशियाली खेलकुद अंकित) ह्वाईट बोर्डबाट ६mm मोटाई र ७ इन्च उचाई १० इन्च चौडाई रहेको कटिङ्ग र प्रिन्ट सहित	३००० थान	खरिद
२४.	Fire Works (आतिश बाजि) प्रदर्शन समुद्घाटन, समापनर ग्राण्ड रिहर्सलको लागि)		खरिद गर्न
२५.	Leasure Light Display समुद्घाटन र समापन कार्यक्रमका लागि		भाडामा लिन
२६.	COB Light		भाडामा लिन
२७.	Light Hanging, Capacity 3000 Kg		भाडामा लिन

द्रष्टव्य:

१. फर्म, कम्पनीहरुले नोटरी पब्लिकबाट प्रमाणित फर्म दर्ता प्रमाण पत्र, आ.ब. २०७५/०७६ को करचुक्ता प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र बोलपत्र साथ संलग्न गरी १३ औं सागको सचिवालय रा.खे.प.त्रिपुरेश्वरमा दर्ता गर्नु पर्नेछ । म्याद भित्र दर्ता नभएको बोलपत्र स्वीकार गरिने छैन । बोलपत्र पुरै वा आंशिक रुपमा स्वीकार गर्ने वा नगर्ने अधिकार खरिद कर्तामा निहित हुनेछ ।

२. बोलपत्र जमानत वापत आफुले कबोल गरेको कुल अङ्कको २.५% (प्रतिशत) वापत लाग्ने रकम श्री कृषि विकास बैंक लि. शाखा कार्यालय त्रिपुरेश्वरमा रहेको रा.खे.प. को च.हि.नं. ०२१०६००१९९२४००१३ मा यस राष्ट्रिय खेलकुद परिषद्को नाममा जम्मा गरेको सक्कल भौचर अथवा यस रीष्ट्रय खेलकुद परिषद्को नाममा नेपाल सरकारबाट मान्यता प्राप्त जुनसुकै बैंकले जारी गरेको बैंक ग्यारेन्टी (Bid Bond) बोलपत्र साथ पेश गर्नु पर्नेछ । पेश गरिएको बैंक ग्यारेन्टी बोलपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तिमा १२० दिन म्याद भएको हुनुपर्नेछ ।

३. बोलपत्र खरिद सूचना प्रकाशित भएको मितिले सातौं दिन सम्म रहनेछ । बोलपत्र पेश गर्ने आठौं दिनको १२:०० बजेसम्म रहने र सोही दिनको १:०० बजे रा.खे.प.मा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा रा.खे.प. मा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पुगेको मानिने छैन । बोलपत्र दर्ता गर्ने र खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा १३औं साग सञ्चालनको समयलाई मध्य नजर गरी सोही दिनलाई दर्ता गर्न र खोल्न बाधापुग्ने छैन ।

४. अन्य थप जानकारीको लागि कार्यालय समय भित्र परिषद्को आपूर्ती तथा भण्डार शाखामा वा फोन नं. ४२५०८८९ मा सम्पर्क गर्न सकिनेछ ।

DAI USAID Tayar Nepal
Request for Applications

DAI seeks a **Support Staff (Cook-1, & Cleaner-2)** for the USAID Tayar Nepal Project. The Support Staff, under the supervision of the Front Office Associate, will be responsible for cleaning office premises and keeping facilities neat and clean, as well as providing support to front office management as and when required. The Support Staff is based in Kathmandu.

Please refer to **www.jobsnepal.com** for detailed scope of work. Applicants should submit a CV and cover letter to **TayarRecruitment@dai.com** by **October 27, 2019**. Please mention the position in the subject line of the email.

टीभीएस सुपर एक्सचेन्ज

काठमाडौं (कास)- नेपालका लागि टीभीएस टु ह्वीलर्सको एक मात्र आधिकारिक वितरक जगदम्बा मोटर्सले 'टीभीएस एक्सेन्ज एन्ड फाइनान्स फेयर' शुक्रबारदेखि सुरु गरेको छ । कात्तिक १ गतेदेखि ५ गतेसम्म काठमाडौं, भृकुटीमण्डपमा सञ्चालन हुने मेलामा ग्राहकले ३० प्रतिशत डाउन पेमेन्टको उत्कृष्ट फाइनान्स सुविधा, एक्सचेन्जमा थप १० हजार रुपैयाँ अफर प्राप्त गर्न सक्नेछन् ।

नेपाल सरकार
कृषि तथा पशुपंछी विकास मन्त्रालय
कृषि विभाग
हरिहरभवन, ललितपुर
३९ औं विश्व खाद्य दिवस समिति नेपालको सचिवालयको

३९ औं विश्व खाद्य दिवसको अन्तरराष्ट्रिय पोष्टर प्रतियोगितामा भागलिन चाहनुहुने विद्यार्थीहरुको लागि सूचना

५ देखि १९ वर्ष उमेर समुहका विद्यार्थी भाईबहिनीहरुले ३९ औं विश्व खाद्य दिवसको विश्वव्यापी पोष्टर प्रतियोगितामा भाग लिन चाहनुहुन्छ भने http://www.fao.org/world-food-day/contest/en/ मा गई Poster Contest को Join the Contest मा निर्धारित फर्म भरेर आफ्नो पोष्टर अपलोड गर्न सक्नुहुनेछ । **पोष्टर अपलोड गर्ने अन्तिम मिति 8 November 2019 (२२ कार्तिक २०७६)।**

विस्तृत जानकारीको लागि:
३५ औं विश्व खाद्य दिवस समिति नेपालको सचिवालयको
कृषि विभाग हरिहरभवन, ललितपुर
फोन नं.: ०१-५५२१३२३
ईमेल: mahadebpoudel200@gmail.com

Space Sponsored By:
Value Chain Development Project(VCDP)

नेपाल इन्जिनियरिङ कलेजको सूचना

यस कलेजद्वारा संचालित B.E. Civil (For Diploma Holders) कार्यक्रममा शैक्षिक सत्र २०७६/०७७ मा भर्ना हुनु भएका २०१९ व्याचका विद्यार्थीहरूको Orientation Program **मिति २०७६/०७/२४ गते आईतबार बेलुका ५:०० बजे** राखिएकोले यस शैक्षिक सत्रको यस कार्यक्रममा भर्ना हुनु भएका सम्पूर्ण विद्यार्थीहरूलाई अनिवार्य उपस्थितीको लागि अनुरोध गर्दछौ ।

साथै केही सिमित सिट बाँकि रहेकाले यस B.E. Civil (DH) Program मा पढ्न चाहने ईच्छुक Diploma (Civil or Architecture) मा कम्तिमा दोश्रो श्रेणीमा उत्तिर्ण गरेका विद्यार्थीले यथासिघ्र कलेजमा सर्म्पक गर्न सूचित गरिन्छ ।

पुनश्चः
कक्षा संचालन हुने समयः बेलुका ५:३० देखी ८:४५ बजेसम्म (माघ १६ देखि कार्तिक १५ सम्म)
बेलुका ४:३० देखी ८:०० सम्म (कार्तिक १६ देखी माघ १५ सम्म)

विस्तृत जानकारीको लागि
नेपाल इन्जिनियरिङ कलेज
(पोखरा विश्वविद्यालयबाट सम्बन्धन प्राप्त)
ने.ई.क बि.डि.एच कार्यक्रम, महालक्ष्मीस्थान, ललितपुर
फोन नं. : ०१५५४८५८५, मोवाईल नं. : ९८४१६५४८०६, ९८५१११००१४
जि.प्र.का. भक्तपुर द.नं. ५५२/२०६०

साढे २० हजार...

फौजी किरा रातमा मात्रै चल्छ । एक रातमा एक सय किलोमिटर उड्न सक्छ ।

यो किरा गर्मी ठाउँमा बढी सक्रिय हुन्छ । १४ डिग्रीभन्दा कममा बाँच्न नसक्ने शर्माले बताए । धानलगत्तै मकै खेती हुने हुँदा तत्काल रोकथाम आवश्यक रहेको उनले बताए । 'अहिले नै रोकथाम भएन भने मकै बाली ध्वस्त पार्छ,' शर्माले भने ।

नियन्त्रणको उपाय

फौजी किरा मार्न अहिले विषादी प्रयोग भइरहेको छ । फौजीको प्रकोप नियन्त्रण गर्न विषादीभन्दा प्राकृति प्रविधि अपनाउनुपर्छ । पूर्वमहानिर्देशक शर्माका अनुसार एकृकीत शत्रुजीव व्यवस्थापन अपानाउनुपर्छ । 'फौजी किराले कहाँ अण्डा पाऱ्यो, कसरी हुर्कियो हेर्नुपर्छ ।

त्यसको आधारमा उपचार गर्नुपर्छ,' निवर्तमान महानिर्देशक शर्माले भने, 'फौजी किरालाई खपटे किरालगायत भाइरसले मार्छ । एकीकृत शत्रुजीव व्यवस्थापनको आधारमा नियन्त्रण गर्दा दिगो हुन्छ ।' विषादी मात्रै प्रयोग गर्दा प्रकोप थप बढ्ने जानकारहरू बताउँछन् । महासंघका निवर्तमान अध्यक्ष अधिकारीले पनि फौजी किरा विषले नियन्त्रण हुन नसक्ने बताउँछन् ।

'विष हालेर किरा सिध्याउने सिद्धान्त नै गलत हो । विषको असर अरू क्षेत्रमा पनि गर्छ,' अधिकारीले भने, 'किरा नियन्त्रण गर्न अन्य किरा उत्पादन गरेर समस्या समाधान गर्नुपर्छ ।'

पर्यटक लोभ्याउँदै लिमी

समुद्री सतहदेखि करिब ४ हजार मिटर उचाइमा अवस्थित लिमी उपत्यकामा एक हजार वर्ष पुरानो हल्जी गुम्बा रहेको छ

लिमी उपत्यका नियाल्दै एक पर्यटक । *तस्बिर सौजन्य : भरतबन्धु थापा*

■ **छपाल लामा** (हुम्ला)

लिमी पुग्न कम्ती गाह्रो छैन । समुद्री सतहदेखि करिब ५ हजार मिटर उचाइको लेक नाघ्नुपर्छ । जब दुःखको पहाड चढेर लिमी पुगिन्छ, तब ती सबै दुःख-कष्ट क्षणभरमै हराउँछन् । त्यसैले त लुकेको बस्ती भनेर चिनिने लिमी उपत्यकाले पर्यटकलाई लोभ्याइरहेको छ ।

चीनसँग सीमा जोडिएको नाम्खा गाउँपालिका-६ मा पर्ने लिमी उपत्यकामा देशविदेशबाट पर्यटकहरू समूह बनाएरै पुग्ने गर्छन् । स्थानीय गिरमेत लामाका अनुसार यस वर्ष पर्यटकको ७ वटा समूहले लिमी भ्रमण गरिसकेका छन् । गत वर्ष करिब १० वटा समूहले लिमी भ्रमण गरेका उनले बताए । 'प्रचारप्रसार हुन थालेपछि पर्यटक आउने क्रम पनि बढेको छ,' उनले भने, 'भौगोलिक कठिनाइ हुँदाहुँदै पनि घुम्न आउनेको कमी छैन ।'

लिमीको सौन्दर्य त छँदै छ, करिब एक हजार वर्ष पुरानो हल्जी गुम्बा पर्यटक तान्ने महत्त्वपूर्ण सम्पदाका रूपमा रहेको छ । यो गुम्बा ११ औं शताब्दीमा निर्माण भएको हो । गुम्बाका अध्येतासमेत रहेका सांसद छक्कबहादुर लामाका अनुसार लिमीमा अन्य दुईवटा गुम्बा भए पनि हल्जी गुम्बाको विशेष महत्त्व छ । गुम्बा निर्माण गर्ने लामाले तिलगाउँ नजिकै गुफा बनाई तपस्यासमेत गरेका थिए । भारतको काश्मीरबाट कालिगढ झिकाएर गुम्बा निर्माण गरिएको उनले बताए ।

लिमी घुम्ने आउने पर्यटकका कारण स्थानीयसमेत दंग छन् । यसले वर्षौंसम्म लुकेर रहेको लिमीको प्रचारप्रसार हुनुका साथै हल्जी गुम्बाको महत्त्व बाहिरी दुनियाँसम्म पुगेको उनीहरूको भनाइ छ । स्थानीय काल्जाङ्मु लामाका अनुसार त्यहाँ पुग्ने पर्यटकलाई लिमी गाउँमा गठन भएको पर्यटन व्यवस्थापन समितिले बसोबासको व्यवस्था गर्छ । सामान्य टेन्टको प्रतिरात १ सय ५० रुपैयाँ र किचेनसहितको टेन्टको प्रतिरात २ सय ५० रुपैयाँ शुल्क लिने गरिएको उनले बताए । उनका अनुसार गत वर्ष टेन्टबापत करिब १३ हजार रुपैयाँ संकलन भएको थियो । यस वर्ष हालसम्म ५ हजार संकलन भएको र पर्यटक आगमन जारी रहेकाले रकम थपिने उनले बताए ।

लिमी घुम्नका लागि भदौ मध्यदेखि कार्तिकसम्म उपयुक्त समय मानिन्छ । सदरमुकाम सिमकोटबाट सुरु हुने लिमी यात्रा निकै रमाइलोसमेत हुने गर्छ । बाटोमा प्राचीन संस्कृति र सम्पदाको अवलोकन गर्न पाइनुका साथै प्राकृतिक सुन्दरता पनि हेर्न पाइने लिमी पुगेका पर्यटकहरू बताउँछन् । त्यहाँको संस्कृतिले झन् उनीहरूलाई चकित तुल्याउने गर्छ । लामा र तामाङ समुदायको बसोबास रहेको लिमीमा एउटा छोरालाई गुम्बामा पुजारीका रूपमा राख्नुपर्ने बाध्यता छ । 'लिमीमा सरकारी कानुनभन्दा गाउँको आफ्नै नियम कानुन प्रचलनमा छन्,' दुई वर्षअघि लिमी पुगेका पत्रकार भरतबन्धु थापाले भने, 'यहाँ पुग्दा अर्कै दुनियाँमा पुगेको अनुभूति हुँदोरहेछ ।'

नाम्खा गाउँपालिकाले लिमी उपत्यकाको प्राकृतिक सुन्दरता र हल्जी गुम्बालगायत अन्य सम्पदाको प्रचारप्रसार तथा संरक्षणका लागि पहल थालेको छ । गत वर्षदेखि लिमीमा महोत्सव आयोजना गर्न थालिएको छ ।

आगामी वर्षमा विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) बनाएर पर्यटकीय सम्भावनाबारे काम थालिने गाउँपालिका अध्यक्ष विष्णु लामाले बताए ।

वन्यजन्तुको आकर्षण

लिमी हिउँ चितुवा र वनचौंरीको बासस्थानसमेत हो । तीन वर्षअघि वन तथा भूसंरक्षण मन्त्रालयले गरेको अध्ययनमा ५ सय ७१ वटा वनचौंरी भेटिएका थिए । अध्ययन प्रतिवेदनमा हरिण र कृष्णसार प्रजातिमा पर्ने घोवा ८ वटा भेटिएका थिए । लिमीमा पाइने ढुङढुङ (कालिकन्टे) चरा विश्वमै दुर्लभ मानिन्छ । 'चराचुरुङ्गी र वन्यजन्तुको कारण पनि लिमी उपत्यकामा पर्यटकको आकर्षण बढेको हो,' गिरमेतले भने, 'वन्यजन्तुहरू बस्ती नजिकै आउँछन्, मज्जाले हेर्न सकिन्छ ।' स्थानीय स्वयंले वन्यजन्तुको सिकारमा प्रतिबन्ध लगाएकाले वन्यजन्तुहरू बस्ती नजिकै आउजाउ गर्ने गरेका उनले बताए ।

कसरी पुग्ने ?

लिमी उपत्यका पुग्नको लागि दुईवटा बाटा छन् । सुर्खेत वा नेपालगन्जबाट हवाईजहाजमा सिमकोट पुगेर पैदल यात्रा तय गर्नुपर्छ । पहिलो मार्गअन्तर्गत सिमकोट भएर ५ हजार मिटर उचाइको न्यालु लेकको बाटो पर्छ । यो

> भौगोलिक रूपमा कठिन भए पनि यात्रा निकै रमणीय हुन्छ, लिमी पुगेपछि त सबै दुःख-कष्ट बिर्सिइँदो रहेछ

मार्गबाट लिमी पुग्न चार दिन लाग्छ । 'यहाँबाट जाँदा थुप्रै छहरा, ताल, पोखरी हेर्न पाइन्छन्,' दुई महिनाअघि लिमी पुगेका दैलेखका ललित रावलले भने, 'भौगोलिक रूपमा कठिन भए पनि यात्रा निकै रमणीय हुन्छ, लिमी पुगेपछि त सबै दुःख-कष्ट बिर्सिइँदो रहेछ ।' लिमीको लाप्चा लेकबाट कैलाश मानसरोवरसमेत हेर्न सकिने उनले बताए ।

उनका अनुसार हिल्सा भएर पनि लिमी पुग्न सकिन्छ । सिमकोटबाट हिल्सा र त्यहाँबाट दुई दिन पैदल हिँडेपछि लिमी उपत्यका पुग्न सकिने उनले बताए । समुद्री सतहदेखि करिब ४ हजार मिटर उचाइमा अवस्थित लिमी उपत्यकामा तीनवटा गाउँ छन्- हल्जी, जाङ र तिल । न्यालु लेकबाट जाँदा जाङगाउँ र हिल्सावाट जाँदा तिलगाउँ प्रवेशद्वारका रूपमा पुगिन्छ । लिमी पुग्ने पर्यटकले त्यहाँको रैथाने परिकार चाख्न पाउँछन् । फापरको रोटी, जौंको सातु र चौंरीको दूधबाट बनेको घिउ तथा भोटे चियाले पर्यटकलाई नयाँ स्वाद दिने स्थानीय काल्जाङ्मु लामाले बताए ।

बैंक अफ काठमाण्डू लिमिटेड
BANK OF KATHMANDU LTD.
we make your life easier
मुद्दती खातामा उच्चतम ब्याजदर
९.२५%
+0.५0%*
*शाखाको सिफारिसमा
बचत खातामा ६% सम्म ब्याजदर

गोदावरी फूल प्रदर्शनी सुरु

काठमाडौं (कास)- फ्लोरिकल्चर एसोसिएसनले आयोजना गरेको '१३ औं गोदावरी फूलको प्रतियोगितात्मक प्रदर्शनी-२०७६' शुक्रबारदेखि सुरु भएको छ । ललितपुर जावलाखेलको खेल मैदानमा भइरहेको प्रतियोगितात्मक प्रदर्शनी चार दिनसम्म चल्नेछ । प्रदर्शनीको उद्घाटन कृषि तथा पशुपन्छी विकासमन्त्री चक्रपाणि खनालले गरेका थिए । नेपालमा पुष्प व्यवसायको सन्दर्भमा फूलको व्यावसायिक खेती फस्टाउँदो रहे पनि यस क्षेत्रको विकास गर्न बाँकी रहेको उनले बताए ।

'पुष्प व्यवसायका लागि चाहिने विभिन्न जाति तथा प्रजातिहरूका बिरुवाहरूको आधुनिक र वैज्ञानिक रूपमा खेती गर्न आवश्यक रहेको छ,' उनले उद्घाटन समारोहमा भने, 'आयातको मात्रालाई न्यून गर्न र निर्यातलाई प्रवर्द्धन गर्नेबारे राष्ट्रिय नीतिमा समावेश हुन आवश्यक रहेको छ ।' मेलाहरूको आयोजना गर्दा कसरी गर्ने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पहुँचको विस्तारको सन्दर्भमा कस्तो खालको योजना बनाउने विषयमा उनले आफ्नो धारणा व्यक्त गरेका थिए । पुष्प व्यवसायको क्षेत्रलाई अहिलेसम्म निजी क्षेत्रले नै अगाडि बढाइरहेको यसमा फूलको जातीय विकास कसरी गर्ने र कस्ता वैज्ञानिक संरचना चाहिन्छन् भन्ने विषयमा संघले सघाउन सक्ने उनले बताए । 'यसबारे संघले प्रतिवेदन तयार गरी आर्थिक हिसाबले यी कार्यक्रमहरूमा कस्तो सहयोग चाहिन्छ, कसरी अगाडि बढाउँदा ठीक हुन्छ, त्यसका लागि तत्कालै सोच्नेछौं,' उनले भने, 'यसको बजेटका लागि त्यति ठूलो समस्या छैन, त्यसका लागि केही नीतिगत बाधा छन् भने हटाउन सकिन्छ ।'

ललितपुरको जावलाखेल खेल मैदानमा १३ औं गोदावरी फूलको प्रतियोगितात्मक प्रदर्शनीमा अवलोकन गरी फूलहरू किन्दै सहभागी । *तस्बिर : बिजु महर्जन/कान्तिपुर*

IMMEDIATELY WANTED

United College is seeking to appoint some faculty members (TEACHERS) for the following posts of Bachelor's Program:

Program: BBM

Principles of Management
B. Mathematics | Economics
Sociology for Business | English

Program: BCA

Mathematics
Computer Fundamental & Analysis

Salary : Negotiable for deserving candidates
Experience : Min. 2 yrs. of teaching in BBA/BBM/BCA

Drop your CV with expected salary at:

UNITED COLLEGE
EDUCATION • SERVICE • MANKIND

Kumaripati, Lalitpur
Email: info@united.edu.np
Contact: 9851126947, 9845025252, 01-5537530

JOB ANNOUNCEMENT
First date of publication: 19 October 2019

UNDP
Empowered lives. Resilient nations.

The United Nations Development Programme (UNDP) Nepal works with the people and Government of Nepal, and other development partners to pursue equitable and sustainable human development goals through eradication of poverty, increase in livelihood opportunities, improvement in community resilience against conflict, disasters and impact of climate change, while laying down strong foundations for a society based on rule of law with an inclusive and participatory democracy.

The UNDP Nepal is seeking applications from qualified and result oriented Consultants for following assignments to ***Review the Implementation of Workforce Diversity Policy of UNDP Nepal:***

S. N.	Position Title	Level	Number of positions	Application Deadline
1	International Lead Consultant - Human Resource Expert Reference No.: UNDP/PN/32/2019	Individual Contractor	1 (one)	28 October 2019
2	National Consultant- Gender and Social Inclusion/ Diversity Expert Reference No.: UNDP/PN/26/2019	Individual Contractor	1 (one)	28 October 2019

Weblink for application: http://www.np.undp.org/content/nepal/en/home/procurement.html

Please visit the given weblink for detail job description and for submission of application. Only short-listed candidates will be contacted. UNDP retains the right to contact referees directly.

UNDP is committed to achieve workforce diversity (in terms of nationality, minority groups, caste/ ethnic groups, persons with disability etc.) and has a policy to have gender balance among staff at all levels. Qualified female candidates and candidates particularly from disadvantaged and socially excluded groups are strongly encouraged to apply.

All applications will be treated with highest confidentiality

छोटकरी

नेपाल र भारतको चेम्बरबीच सहकार्य

काठमाडौं (कास)- आगामी फागुनमा हुने चेम्बर एक्स्पोमा नेपाल र भारतको चेम्बर अफ कमर्सबीच सहकार्य हुने भएको छ ।

एक्स्पोको जानकारी र व्यापारका विषयमा छलफल गर्न भारत पुगेको नेपाल चेम्बर अफ कमर्स र भारतस्थित पीएचडी चेम्बर अफ कमर्सबीच सहकार्यको समझदारी भएको हो । नयाँ दिल्लीस्थित पीएचडी चेम्बर अफ कमर्स एन्ड इन्डस्ट्रिजले आयोजना गरेको कार्यक्रममा नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष राजेशकाजी श्रेष्ठले दुई देशको व्यापार तथा लगानी अभिवृद्धिसम्बन्धी छलफल गरे । पारवहन ढुवानी लागत घटाउनुपर्ने, सीमावर्ती क्षेत्रका चेम्बरहरूबीच सहकार्य गराउनुपर्ने, व्यापार मेला तथा प्रदर्शनीमा सहभागिता जनाउनुपर्ने र चेम्बरले आउँदो फागुनमा आयोजना गर्ने नेपाल चेम्बर एक्स्पोमा भारतीय उद्योगी व्यवसायीको सहभागिता जनाउन अनुरोध गरे । पीएचडी चेम्बर अफ कमर्स एन्ड इन्डस्ट्रिजका अध्यक्ष डीके अग्रवालले भारतको नेपालसँग परापूर्व कालदेखि सांस्कृतिक, आर्थिक एवं व्यापारिक सम्बन्ध रहेको र दुई चेम्बरबीच सहकार्य गरी यो सम्बन्ध अझ बढी मजबुत गर्न लगानी, पर्यटन व्यापारमा जोड दिन आफू र आफ्नो संस्था इन्डिया नेपाल सेन्टरमार्फत र द्विपक्षीय रूपमा तयार रहेको बताए ।

सिभिलको नयाँ शाखा

काठमाडौं (कास)- सिभिल बैंकले काठमाडौं, काँडाघारी (पेप्सीकोला) मा नयाँ शाखा सञ्चालनमा ल्याएको छ । एक समारोहका बीच बैंकका सञ्चालक प्रतापजंग पाण्डे र कागेश्वरी मनोहरा नगरपालिकाका मेयर कृष्णहरि थापाले संयुक्त रूपमा शाखाको उद्घाटन गरेका थिए । बैंकका ग्राहकलाई ध्यानमा राखी बचत परिचालनका योजना ल्याउने र स्थानीय अर्थतन्त्रको विकासका लागि उत्पादनमूलक क्षेत्रको लगानीमा जोड दिन बैंकको नयाँ शाखाले सहयोग गर्ने प्रेस विज्ञप्तिमा उल्लेख छ ।

एभरेस्ट २५ औं वर्षमा

काठमाडौं (कास)- एभरेस्ट बैंकले लाजिम्पाटस्थित आफ्नो प्रधान कार्यालयमा नर्भिक इन्टरनेसनल अस्पताल र नेपाल रेडक्रस सोसाइटीको सहकार्यमा विभिन्न संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रमको आयोजना गरेको छ । बैंकको २५ औं स्थापना दिवसको अवसरमा शुक्रबार रक्तदान कार्यक्रम, निःशुल्क स्वास्थ्य जाँच तथा नर्भिक अस्पतालका डाक्टर यादव भट्टसँग टक सो सञ्चालन गरेको प्रेस विज्ञप्तिमा उल्लेख छ ।

Vacancy Announcement

Sagarmatha College of Science and Technology invites application from qualified professionals for full-time employment as Sr. Lecturer/Lecturer in following subjects:

Faculty	Subject	Qualification	Nos.
B.Sc. CSIT/ BCA	Data Structure and Algorithm, Cryptography, Simulation and Modelling, Computer Architecture, and Object Oriented Programming in Java	M. Sc. in Computer Science and Information Technology or Equivalent	Few

Deserving candidates are requested to send an application along with an updated resume and a passport sized photo to **career@sagarmatha.edu.np** no later than 8th Kartik, 2076. Please mention the faculty of interest in the application.

- Only shortlisted candidates will be called for an observation class to be held on 19th Kartik, 2076, followed by, an interview.
- Preference will be given to candidates with experience and with Ph.D. degree in related field.
- The college reserves right to accept or reject the applications without any justification.

sagarmatha
COLLEGE OF SCIENCE & TECHNOLOGY
TRIBHUVAN UNIVERSITY AFFILIATE

Sanepa, Laitpur, Nepal
977-1-5527274, +977-1-5547463
career@sagarmatha.edu.np
www.scst.edu.np

NEPAL RED CROSS SOCIETY
TENDER NOTICE

The Nepal Red Cross Society invites sealed tenders from manufacturers/reputed firms/ suppliers for the supply of following materials.

S.N	Item Description	Quantity	Delivery location
1	HDPE Pipes, GI Pipes, Re-bar, Tools and Fittings for WASH Scheme materials	3 Category as mentioned in the tender document	Sindhuli, district, Sunkoshi Rural Municipality Ward No. 6, Sitalpati, Khalte..

Tender document containing request for quotation, instruction to bidders, detailed specifications of each items and the terms & conditions etc. can be purchased from Nepal Red Cross Society, National Hqs, Red Cross Marga, Kalimati, Kathmandu during office hours from 20 October, 2019 to 18 November, 2019 on written request with relevant documents and against payment of non – refundable tender fee of Rs. 3,000/-

Tenders in sealed cover and accompanied earnest money will be received at the above addresses during working days on or before 19 November, 2019. The tender received will be opened at 11:00 a.m. on 20 November, 2019 at NRCS, Nhqs, Kalimati, Kahmandu. The bidders must meet all the requirements as specified in the tender documents and therefore advised to go through the tender documents carefully before submission and assure him/her for the compliance of the specified terms & conditions.

The bidder(s) must deposit at least 2.5 %(two and a half percent) including VAT 13% of the total bid amount as Earnest Money in the form of Bank Voucher against cash deposited in account No. 04200100087396000001 of Nepal Red Cross Society at Nepal Bank Ltd., Kalimati Branch, Kathmandu or Bank Demand Draft payable in favor of the said account or Bank guarantee with the validity of at least 120 days issued by "A" class commercial bank at the submission of bids. The successful bidder(s) will have to deposit 10% (ten percent) of the order value including VAT as Performance Security at the time of signing of the agreement.

The Nepal Red Cross Society reserves the right to accept or reject part or whole tender or any or all the tenders without assigning any reason whatsoever and not bound to accept the lowest bid.

Nepal Red Cross Society
National Head Quarters
Red Cross Marga, Kalimati,
Kathmandu - Nepal, Phone: 4270167 / 4270650

एमबीबीएस र बीडीएसको शुल्क वृद्धि

चिकित्सा शिक्षा आयोगले आगामी शैक्षिक सत्रका लागि एमबीबीएसमा करिब २ लाख र बीडीएसमा १ लाख शुल्क बढाएको हो

■ **सुदीप कैनी** (काठमाडौं)

चिकित्सा शिक्षा आयोगले एमबीबीएस र बीडीएस अध्ययनको शुल्क वृद्धि गरेको छ। राष्ट्र बैंकको मुद्रास्फीति दरका आधारमा नयाँ शुल्क कायम भएको हो। मन्त्रिपरिषद्ले गत वर्ष शुल्क निर्धारण गर्दा नै आउँदो वर्ष (०७६ साल) मुद्रास्फीतिका आधारमा शुल्क तोक्ने निर्णय गरेको थियो।

आयोगको बिहीबारको बैठकले शैक्षिक सत्र २०७६/७७ का लागि एमबीबीएस र बीडीएसको शिक्षण शुल्क तोकेको हो। विदेशी विद्यार्थी र चिकित्साशास्त्रका अन्य विषयको शुल्क तोक्न सम्बन्धित विश्वविद्यालय र प्रतिष्ठानलाई अनुमति दिइएको उपाध्यक्ष श्रीकृष्ण गिरीले बताए। आयोगले आगामी शैक्षिक सत्रका लागि एमबीबीएसमा करिब २ लाख र बीडीएसमा १ लाख शुल्क वृद्धि गरेको छ। यसअघि बीडीएसको शिक्षण शुल्क १९ लाख ३२ हजार ६ सय १२ रुपैयाँ थियो। 'आयोगले एमबीबीएस र बीडीएसको शुल्क तोक्यो,' गिरीले भने, 'मेडिकल शिक्षाका अन्य विषयको शुल्क तोक्न विश्वविद्यालयलाई निर्देशन दिने निर्णय भयो।' विश्वविद्यालयहरूले शुल्क तोकेर आयोगलाई अनिवार्य रूपमा जानकारी गराउनुपर्ने उनले बताए। राष्ट्रिय चिकित्सा शिक्षा ऐनको दफा १८ को शिक्षण शुल्क तोक्ने व्यवस्थाअनुसार नयाँ शुल्क निर्धारण गरिएको आयोगले जनाएको छ।

त्यस्तै आयोगले ऐनको प्रावधानअनुसार किस्ता प्रणालीमा शुल्क लिनसमेत सचेत गराएको छ। विद्यार्थीबाट लिइने एक तिहाइ रकम पहिलो वर्ष र बाँकी रकम वार्षिक रूपमा किस्ताबन्दीमा बुझाउनु पर्नेछ। पहिलो वर्षको शुल्क सम्बन्धित विश्वविद्यालयमार्फत बुझाउन आग्रह गरिएको छ। निजी मेडिकल कलेजले अघिल्ला शैक्षिक सत्रमा सरकारले तोकेभन्दा बढी रकम लिने गरेको र किस्ता प्रणालीसमेत उल्लंघन गर्दै आएको विभिन्न निकायको छानबिन क्रममा भेटिएको थियो। किस्ता प्रणालीअनुसार काठमाडौं उपत्यकाभित्र पहिलो किस्तामा विद्यार्थीले १३ लाख ४१ हजार ८५ र बाहिर १४ लाख ७८ हजार ६ सय ७५ रुपैयाँ बुझाउनुपर्नेछ। बीडीएसतर्फ ६ लाख ७३ हजार १ सय ९४ रुपैयाँ विश्वविद्यालयमा बुझाए पुग्छ। २०७७ सालको शुल्क र सिट निर्धारणका लागि विज्ञ सम्मिलित कार्यदल गठन गर्ने निर्णय गरेको गिरीले जनाए। निजी मेडिकल कलेज सञ्चालकहरूले शुल्क र सिट वृद्धिका लागि दबाब दिँदै आएका थिए। आयोगले भने राष्ट्र बैंकको २०७५ को मुद्रास्फीति ४ दशमलव ५ प्रतिशत रहेकाले सोही आधारमा शुल्क कायम गरिएको जनाएको छ। तोकिएभन्दा बढी शुल्क नलिन र नतिर्न विश्वविद्यालय, मेडिकल कलेज, विद्यार्थी र अभिभावकलाई आयोगले आग्रह गरेको छ। कलेजहरूले विभिन्न नाममा बढी रकम लिन थालेपछि आयोगले अध्ययन अवधिभर विद्यार्थीबाट लिने भर्ना, शिक्षण, ल्याब, पुस्तकालय, सामुदायिक तालिम, परीक्षा शुल्कलाई शिक्षण शुल्क भनी परिभाषित गरेको छ।

कलेजहरूले अघिल्लो शैक्षिक सत्रमा सरकारले तोकेको एकमुष्ट शुल्कबाहेक भर्ना, ल्याब, पुस्तकालय, सामुदायिक तालिम, परीक्षा, रजिस्ट्रेसनका नाममा बढी रकम लिँदै आएका थिए।

चन्द समूहका २१ नेतालाई राज्यविरुद्ध अपराधमा मुद्दा चलाइँदै

बरामद हतियार तथा विस्फोटक पदार्थ सार्वजनिक

कान्तिपुर संवाददाता (दाङ)

प्रहरीले बिहीबार राति बैठकस्थल घेरा हालेर पक्राउ गरेका नेत्रविक्रम चन्द समूहका नेतावाट बरामद हतियार तथा विस्फोटक पदार्थ शुक्रबार सार्वजनिक गरेको छ। पक्राउ परेकाहरूलाई भने सार्वजनिक गरिएको छैन। उनीहरूविरुद्ध संगठित अपराध र राज्यविरुद्धको अपराधमा मुद्दा चलाउन अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

राजपुर-४ मुडग्रेठाका ज्ञानेन्द्रविक्रम रानाको घरमा बसिरहेका बेला बिहीबार मध्यरात बैठकस्थल नियन्त्रणमा लिएर प्रहरीले २१ जना पक्राउ गरेको थियो। उनीहरूका साथबाट 'मेड इन यूएसए' लेखिएका दुई पेस्तोल, चार कटुवा पेस्तोल, थ्रीनटथ्री राइफलको ५ वटा गोली, एक सुतली बम र ३ लाख ८४ हजार ५ सय ३० रुपयाँ नगद बरामद भएको डीएसपी विनोदविक्रम शाहले बताए। २४ वटा मोबाइल सेट, केन्द्रीय समितिको आठौं पूर्ण बैठकको राजनीतिक प्रस्ताव, नेकपाको परिपत्र, प्रेस विज्ञप्ति, आर्थिक सहयोगका ३० चिठी, नेकपाको एउटा छाप, राजनीतिक दर्शनका १३ किताब, १६ डायरी र २१ झोला पनि बरामद भएको छ। यस्तै दीपराज सेपाइली र तिलकबहादुर गुरूङको नाममा रहेको ग्लोबल आईएमई बैंकका ४ वटा चेक पनि बरामद भएको छ। पक्राउ पर्नेमा नेकपा केन्द्रीय सदस्य तथा मध्यपश्चिम कमान्ड इन्चार्ज शिवराज-८ कपिलवस्तुका ५९ वर्षीय चन्द्रबहादुर चन्द, केन्द्रीय सदस्य तथा राप्ती ब्युरो इन्चार्ज माडी-५ भावाडका ५४ वर्षीय केशबहादुर बाँठा र केन्द्रीय सदस्य तथा युवा संगठनका केन्द्रीय अध्यक्ष तुलसीपुर-५ दाङका ३१ वर्षीय ववित केसी भनिने दीपराज सेपाली छन्। मध्यपश्चिम कमान्ड इन्चार्ज चन्द नेकपा महासचिव नेत्रविक्रम

चन्दका जेठा दाजु हुन्। उनी विगतको माओवादी विद्रोहमा पनि सहभागी थिए। यसैगरी राप्ती ब्युरो सदस्य तथा वेपत्ता योद्धा परिवार समाजका अध्यक्ष तुलसीपुर-१९ बिजौरीका ६५ वर्षीय रामबहादुर थापा, दाङ जिल्ला इन्चार्ज राप्ती-५ का ४६ वर्षीय यमलाल कटुवाल र सेक्रेटरी तुलसीपुर-८ का ३९ वर्षीय प्रदीपबहादुर वली पक्राउ परेका छन्। यस्तै सल्यान जिल्ला इन्चार्ज कुमाख-६ बडगाउँका ५२ वर्षीय रमेश आचार्य भनिने डिल्लीराज शर्मा, पश्चिम रुकुम जिल्ला सेक्रेटरी आठबिसकोट-८ पहाडका २८ वर्षीय जित क्षेत्री भनिने चन्द्रबहादुर बुढा र रोल्पाको रुन्टीगढी, दाडको बंगलाचुली, प्यूठानको सरुमारानी र सल्यानको कपुरकोट इन्चार्जसमेत रहेका सुनछहारी-१ घुसबाङ रोल्पाका ३३ वर्षीय पुस्तमान घर्ती र रोल्पा-२ लिबाडका ५८ वर्षीय दलबहादुर खत्री पनि पक्राउ परेका छन्।

पक्राउ पर्नेमै राप्ती कार्यालय सचिव घोराही-१६ का ३९ वर्षीय सविन पोखरेल भनिने बालकृष्ण शर्मा, रोल्पाको थवाङ स्वायत्त क्षेत्र सेक्रेटरी थवाङ-१ का ३५ वर्षीय अमित घर्ती, थवाङ स्वायत्त क्षेत्र इन्चार्ज थवाङ-१ का ४३ वर्षीय हितप्रसाद रोका र अखिल नेपाल किसान संघका दाङ जिल्ला अध्यक्ष लमही-३ टिकुलीगढका ४३ वर्षीय एकराज चौधरी छन्। यस्तै दलित मुक्ति मोर्चाका दाङ जिल्ला अध्यक्ष राप्ती-१ भालुवाडका ३३ वर्षीय सुरज परियार, युवा संगठनका केन्द्रीय सदस्य घोराही-१७ का ३९ वर्षीय तिलक पुन, दाडको राजपुर गाउँपालिका इन्चार्ज आठबिसकोट-२ पश्चिम रुकुमका ३७ वर्षीय धनबहादुर बोहरा तथा पार्टी सदस्यहरू बाणगंगा-८ कपिलवस्तुका ३१ वर्षीय विष्णुबहादुर रावत, तुलसीपुर-१५ हरिपौरा दाडका ३४ वर्षीय कुलबहादुर वली र शान्तिनगर-२ सिमसुन्दरपुर दाडका ४९ वर्षीय इन्द्रबहादुर वली पनि छन्। मंसिरमा हुने उपनिर्वाचनलाई बिथोल्ने योजना लक्षित बैठक विकट जंगलको बस्तीमा गरेको सूचना पाएको प्रहरीको भनाइ छ।

सेनालाई चीनको साढे दुई अर्ब सहयोग

काठमाडौं (कास)- चीन सरकारले नेपाली सेनालाई सैन्य सामग्री खरिद गर्न करिब २ अर्ब ५० करोड रुपैयाँ अनुदान सहयोग गर्ने भएको छ। सैन्य सहयोगको यो सम्झौतामा नेपालका तर्फबाट चीन भ्रमणमा रहेका उपप्रधान तथा रक्षामन्त्री ईश्वर पोखरेलले हस्ताक्षर गर्ने रक्षा मन्त्रालयका प्रवक्ता सन्तबहादुर सुनुवारले जानकारी दिए।

सम्झौतामा हस्ताक्षरका लागि मन्त्रिपरिषद् बैठकले स्वीकृति दिइसकेको छ। सैन्य सामग्री खरिदका लागि बेइजिङमा सम्झौता हुनेछ। चीन सरकारले गत वर्ष नेपाली सेनालाई करिब १ अर्ब ५० करोड रुपैयाँ सैन्य सामग्री खरिद गर्न अनुदान दिएको थियो।

सेनाको स्टाफ कलेजद्वारा सम्मान

नेपाली सेनाको 'आर्मी कमान्ड एन्ड स्टाफ कलेज' ले शुक्रबार कलेजमा पढेका प्रधानसेनापति पूर्णचन्द्र थापासहित सशस्त्र प्रहरी बलका महानिरीक्षक सैलेन्द्र खनाल र पूर्वमहानिरीक्षक शैलेन्द्र श्रेष्ठलाई 'हल अफ फ्रेम' आयोजना गर्दै सम्मान गरेको छ। कलेजले सम्मानस्वरूप तीनै व्यक्तिको तस्बिरलाई 'हल अफ फ्रेम' कोठाको व्यवस्था गर्दै राखेको छ। कलेजका प्रमुख तथा उपरथी ईश्वर हमालले तीनै जनालाई सम्मान गरे। उक्त कलेजमा हालसम्म ९ सय ७२ जना नेपाल र विदेशी सैनिक तथा अन्य व्यक्तिहरूले अध्ययन गरेका छन्। जसमा ७३ जना अन्तर्राष्ट्रिय विद्यार्थी छन्।

संवैधानिक इजलासद्वारा...

'संविधानले प्रस्ट रूपमा स्थानीय तहका पदाधिकारी तथा सदस्य (जनप्रतिनिधि) हरूको हकमा सुविधा मात्र लिने पाउने व्यवस्था गरेको छ। उनीहरूले मासिक पारिश्रमिक पाउने व्यवस्था कहींकतै गरिएको छैन,' निवेदनमा भनिएको थियो।

६ वटा प्रदेशले 'स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधासम्बन्धी ऐन २०७५' जारी गरेपछि स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले मासिक रूपमा पारिश्रमिक (ज्याला) र सुविधा लिइरहेका थिए।

संविधानले नदिएको अधिकार प्रयोग गरी प्रदेश व्यवस्थापिकाले राज्य कोष रित्याउने गरी कानुन निर्माण गरी लागू गरिसकेको भन्दै रिट निवेदनमा तिनलाई प्रारम्भिक चरणदेखि नै खारेज गर्न माग गरिएको थियो।

मुद्दामा ६ वटा प्रदेशसभाका आन्तरिक मामिला तथा कानुन मन्त्रालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई विपक्षी बनाइएको थियो।

प्रदेश कानुनअनुसार ६ वटा प्रदेशका स्थानीय तह प्रमुख/अध्यक्ष, उपप्रमुख/उपाध्यक्ष, वडाध्यक्ष र सदस्यहरूले मासिक पारिश्रमिक लिइरहेका थिए। ६३ वटा जिल्लाका जिल्ला समन्वय समितिका पदाधिकारीहरूले पनि सुविधा लिइरहेका थिए।

६ वटै प्रदेशले निर्माण गरेको ऐनमा स्थानीय तहका पदाधिकारी र सदस्यहरूले मासिक रूपमा लिने तलबलाई पारिश्रमिक (ज्याला) नभनी सुविधा भनिएको छ। निवेदनमा भनिएको थियो, 'लिने बेला मासिक तलब/ज्याला/पारिश्रमिक लिने व्यवस्था गर्ने तर ऐनमा चाहिँ सुविधा राखेर यी ६ वटै व्यवस्थापिकाले 'चोर' बाटो लिएका छन्।'

हार्दिक श्रद्धाञ्जली

जन्म: वि.सं. १९५५/१०/१०
मृत्यु: वि.सं. २०७६/०६/२१

स्व. बिक्रम बहादुर बिस्ट

हाम्रा प्रात स्मरणिय पति/बुबा **बिक्रम बहादुर बिस्ट**ज्यूको असामयिक निधन भएकोमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै वहाको १३औं दिनको पुन्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै यस दुखद् घडीमा हामीप्रती समवेदना प्रकट गर्नुहुने समस्त मान्यजन, नातकुटुम्ब तथा इष्टमित्रहरुप्रति हार्दिक आभार व्यक्त गर्दछौं ।

पत्नि: शकुन्तला बिस्ट | छोरा/बुहारी:लव बिस्ट/निर्मला बिस्ट तथा समस्त बिस्ट परिवार | नाति/नातिनी: रासिका बिस्ट, निर्लेब बिस्ट

हार्दिक श्रद्धाञ्जली

जन्म वि.सं. १९५५/१०/१०
स्वर्गारोहण वि.सं. २०७६/०६/२१

स्व. बिक्रम बहादुर बिस्ट

हाम्रा आदरणीय दाजु **बिक्रम बहादुर बिस्ट**ज्यूको असामयिक निधन भएकोमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै वहाको १३औं दिनको पुन्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति भगवान श्री पशुपतिनाथले प्रदान गरुन भनी हार्दिक समवेदना प्रकट गर्दछौं ।

बहिनीहरु:	भानिज/बुहारी:	नाति/नातिनी:
इन्दु स्वार	ई. राजिब स्वार/रमा स्वार	अबिन स्वार, रिद्धिका, आयना,
मिता महर	ई. बबल स्वार/अम्बु स्वार	सिद्धिका, यसोदा महर

हार्दिक समवेदना

जन्म वि. स. २०४७/०५/१० | स्वर्गारोहण वि. स. २०७६/०६/२०

स्व. दिनेश श्रेष्ठ

गोकर्णेश्वर नगरपालिका वडा नं. ४ निवासी समाजसेवी तथा यस संस्थाको संञ्चालक समितिका अध्यक्ष श्री दिनेश श्रेष्ठको २९ बर्षको उमेरमा यहि मिति २०७६ असोज २० गतेका दिन भएको असामाहिक निधनले हामी सम्पूर्ण इनभिजन सहकारी संस्था लि. परिवार अत्यन्तै स्तब्ध र मर्माहत भएका छौं । उहाँको निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा स्वर्गीय आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारमा परमेश्वरले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन भनि समवेदना प्रकट गर्दछौं ।

इनभिजन बचत तथा ऋण सहकारी संस्था लि. परिवार
गोकर्णेश्वर-०४, काठमाडौं
तथा

दूलोमनी : ज्ञान माया श्रेष्ठ
भगी : रजनी श्रेष्ठ
श्रीमति : मैया श्रेष्ठ
छोरा : कृष्टल श्रेष्ठ र आरोस श्रेष्ठ
बहिनी : रन्जु श्रेष्ठ थापा
ज्वाई : लक्ष्मण थापा

हार्दिक श्रद्धाञ्जली



जन्म: १९९४ माघ ०१ गते | स्वर्गारोहण: २०७६ असोज २१ गते

स्व. छविलाल बन्जाडे

यस संस्थाका अध्यक्ष श्री नारायण प्रसाद बन्जाडे र संस्थाका शेयर सदस्य श्री थानेश्वर बन्जाडे तथा श्री विष्णु प्रसाद, श्री माधव प्रसाद र श्री नवराज बन्जाडे ज्यूका पिता **छविलाल बन्जाडे** को ८२ वर्षको उमेरमा भएको निधनले हामी अत्यन्तै दुःखी एवं मर्माहत भएका छौं । आज १२ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना तथा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरुन भनी हार्दिक समवेदना व्यक्त गर्दछौं ।

एप्पल इन्टरनेशनल फर्मास्यूटिकल्स् प्रा. लि. परिवार

हार्दिक श्रद्धाञ्जली

जन्म
०२ जेष्ठ २०२०

स्वर्गारोहण
२१ आश्विन २०७६

स्व. सुचिता खनाल

हाम्री आत्मिय सुचिता खनालको यहि आश्विन २१ गते मंगलबारका दिन असामयिक देहावसानको खबरले हामी अत्यन्त मर्माहत भएका छौं । उहाँको बाह्रौं दिनको पूण्य तिथिमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने सामर्थ्य प्राप्त होस भन्ने इश्वर संग प्रार्थना गर्दछौं ।

शान्ता गौतम
सुशील / अन्जु गौतम

सुनिरा अधिकारी
शोभिता अधिकारी

शैली देवी भट्टराई
राजिव / ज्योति भट्टराई
रबि / सिप्रा भट्टराई
राजेश / कल्पना भट्टराई

बिनोद / सर्बदा ठाकुर
रमेश / सिमा अर्याल
सुमिता पोखरेल

आशिष / प्रतिभा ठाकुर
सन्जीव / आस्था पन्त
सुदेश / श्रद्धा उपाध्याय
सशांक / सामिन पोखरेल
दिपक / अंशु जोशी
श्याम / स्वेच्छा चालिसे
शिर्षक / ऋचा पोखरेल
अनिश / स्वस्ती गौतम
अली तौहिद / शिर्षा अर्याल
मिकेश / रूची शिवाकोटी
अर्विन्द / अदिती बस्नेत
इशान / ऋची रेग्मी

सुयोग अधिकारी
श्लेष अधिकारी
सिप्रवी भट्टराई
रूशाली भट्टराई
राशिका भट्टराई
रिजुल भट्टराई

"भाका भुल दया क्षमा र ममता सन्तोष जान्दैन त्यो इन्द्रै बिन्ति गरुन झुकेर पदमा त्यो बिन्ति मान्दैन त्यो"।
थुप्रोमा उदिनी मिठो र नमिठो रोजेर छान्दैन त्यो आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो।

हार्दिक श्रद्धाञ्जली

जन्म: २०२० जेष्ठ २ गते
स्वर्गारोहण: २०७६ आश्विन २१ गते

स्व. सुचिता खनाल

यस संघका पूर्व उपाध्यक्ष तथा स्वेता सेक्युरिटिज प्रा.लि. स्टक ब्रोकर नं.२५ का **अध्यक्ष श्रीमती सुचिता खनाल**को यहि मिति २०७६ आश्विन २१ गते भएको असामयिक निधनले हामी सम्पूर्ण धितोपत्र व्यवसायीहरु मर्माहत भएका छौ। नेपालको पूँजीबजारको इतिहासमा पहिलो महिला ब्रोकरको रुपमा धितोपत्र बजारको विकाश र विस्तारमा अग्रणी भूमिकामा रही उहाँले पुऱ्याउनु भएको योगदान चिरकालसम्म अविस्मरणीय रहने छ। आज १२औं दिनको पुण्य तिथिमा उहाँको आत्माको चिरशान्तिको कामना गर्दै उहाँ प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौ । यस दुःखद् घडीमा शोकसन्तप्त परिवारमा धैर्यधारण गर्ने शक्ति प्रदान गरुन भनी श्री पशुपतिनाथसंग प्रार्थना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौ ।

भरत रानाभाट
अध्यक्ष
तथा
स्टक ब्रोकर्स एसोसिएसन अफ नेपाल
परिवार

शनिबारको कान्तिपुर

ekantipur.com

खेलकुद

२ कात्तिक, २०७६ (Saturday, October 19, 2019)

प्लेयर अफ द म्याच

कीर्तिपुरमा भइरहेको वुमन्स च्याम्पियन्स लिगमा विराटनगर टाइटन्सले पोखरा पल्टनलाई ६ विकेटले पराजित गरेको छ । महत्वपूर्ण दुई विकेट लिएकी विराटनगरकी सवनम राई प्लेयर अफ द म्याच भएकी छन् ।

१५

नेपालको मिश्रित नतिजा

प्रतिस्पर्धामा भारत श्रीलंकाका खेलाडी ।

काठमाडौं (कास)- पहिलो दक्षिण एसियाली यू-१६ नेटबल च्याम्पियनसिपमा नेपालले विजयी सुरुवात गरेको छ । शुक्रबार सुरु भएको च्याम्पियनसिपको उद्घाटन खेलमा नेपालले पाकिस्तानलाई ३८-१३ स्कोरले पराजित गऱ्यो । नेपालको जितमा वुमन अफ दी म्याचसमेत बनेकी ओजस्वी निरौलाले १३ अंक बटुलिन् । अर्को खेलमा नेपालले माल्दिभ्ससँग पराजय बेहोऱ्यो । निकै प्रतिस्पर्धात्मक खेलमा माल्दिभ्सले नेपाललाई ३५-२७ ले रोक्यो । माल्दिभ्सकी आमिनाथ आनी वुमन अफ दी म्याच घोषित भइन् ।

लगनखेलस्थित सैनिक शारीरिक तथा तालिम केन्द्रमा शुक्रबार अर्को खेलमा भारतले मिश्रित नतिजा निकाल्यो । पहिलो खेलमा माल्दिभ्सलाई ४१-२१ अंकले पराजित गरेको भारत दोस्रो खेलमा श्रीलंकासँग ४०-२४ ले पराजित भयो । पहिलो खेलमा भारतलाई विजयी बनाउन अन्ली कुमारीले २४ स्कोर जोडेकी थिइन् । श्रीलंकाको जितमा हिरोनी हिसानीले २५ स्कोर गरिन् ।

नेपालमा पहिलो पटक आयोजना भएको च्याम्पियनसिपमा दक्षिण एसियाका ६ राष्ट्रको सहभागिता रहेको छ । च्याम्पियनसिपमा आयोजक नेपालसहित भारत, बंगलादेश, पाकिस्तान, श्रीलंका र माल्दिभ्सले सहभागिता जनाएका छन् । महिला सशक्तीकरणका क्षेत्रमा योगदान पुऱ्याउने उद्देश्यले च्याम्पियनसिप आयोजना गरिएको नेपाल नेटबल संघका अध्यक्ष मोहनबहादुर बस्नेतले जानकारी दिए । च्याम्पियनसिप कात्तिक ५ सम्म चल्नेछ ।

खेलाडीका लागि मनोवैज्ञानिक कार्यक्रम

काठमाडौं (कास)- नेपाल ओलम्पिक कमिटीको आयोजनामा नेसनल कन्फरेन्स अन एक्ससइज, स्पोर्ट्स एन्ड फर्फमेन्स साइकोलाजी कार्यक्रम शुक्रबार सुरु भएको छ । मनोवैज्ञानिक रूपमा जितको आधार बनाउने उद्देश्यले १३ औं दक्षिण एसियाली खेलकुदलक्षित गरेर कार्यक्रम आयोजना गरिएको हो । युवा तथा खेलकुदमन्त्री जगतबहादुर विश्वकर्माले कार्यक्रमको उद्घाटन गर्दै १३ औं साग हुँदैन भन्ने कुरा दिमागबाट हटाइदिन आग्रह गरे । उनले खेलाडीलाई मनोवैज्ञानिक रूपमा तयार पारिनुपर्ने बताए ।

दुईदिने कार्यक्रम सातदोबाटोस्थित ओलम्पिक मुख्यालयमा भएको हो । कार्यक्रममा खेलाडी, प्रशिक्षक तथा टिम म्यानेजरसहित १ सय भन्दा बढीको सहभागिता छ ।

राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव रमेशकुमार सिलवालले १३ औं सागका लागि भौतिक पूर्वाधारदेखि मनोवैज्ञानिक रूपमा खेलाडीलाई समेत तयार गरिरहेको बताए । उनले खेलाडीलाई पर्याप्त प्रशिक्षणको व्यवस्था भएको समेत बताए । नेपाल जस्तो देशले लामो समय बन्द प्रशिक्षणमा राख्नु गर्वको विषय भएको सुनाए ।

कार्यक्रमलाई एसिया साउथ प्यासिफिक एसोसिएसन फर स्पोर्टस साइकोलोजी, अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी भिजिनरी इन्टरनेसनलले सहयोग गरेका थिए । कार्यक्रममा एएसपीएएसपीका राष्ट्रिय प्रतिनिधि इन्द्र गुरुङ, एसिया प्यासिफिक एसोसिएसन फर स्पोर्ट्स साइकोलोजीका अध्यक्ष डा. योङ हो किम, ताइवानका फ्याङ जिन, जापानका काओरी एराकी, थाइल्यान्डका नारुइपोभ भागिएटुरापात, राजेश्वरी श्रेष्ठ, विनिता अधिकारी, प्रो. रामकृष्ण महर्जनले सहजीकरण गरेका थिए ।

ओलम्पिक कमिटीकी उपाध्यक्ष ज्योति राणाको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष तेज गुरुङ र सुनील श्रेष्ठले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पारेका थिए ।

केदारस्यूँले जित्यो शीलदेवी कप

■ **वसन्तप्रताप सिंह** (बझाङ)

जिल्लाको सर्वाधिक पुरस्कार राशिको भलिबल प्रतियोगिता केदारस्यूँ गाउँपालिकाले जितेको छ । १ लाख १ सय नगद पुरस्कारको शीलदेवी कप नेपाली सेनाको टिम संग्राम सार्दुल गुल्मलाई हराउँदै केदारस्यूँले जितेको हो । शुक्रबार बिहान फाइनलमा केदारस्यूँले सोझो सेटमा जित पायो । सेनाको टिमले ७० हजार १ सय रुपैयाँ पायो । सुर्मा गाउँपालिकाको टिमलाई ३-१ सेटले पराजित गर्दै मस्टा गाउँपालिकाले तेस्रो स्थान हासिल गऱ्यो । तेस्रोले ५० हजार १ सय रुपैयाँ पुरस्कार पायो ।

महिलातर्फ जयपृथ्वी नगरपालिकालाई ३-० ले हराउँदै छ बीस पाथीभराले उपाधि जित्यो । विजेताले ५० हजार र उपविजेताले ३० हजार पुरस्कार पुरस्कार पाए । थलारा गाउँपालिकाकालाई १-३ सेटले हराएर बित्थड चिर गाउँपालिकाले तेस्रो स्थानसहित ३० हजार जित्यो । शीलदेवी कप भलिबलमा पुरुषतर्फ स्थानीय तहका १२ र नेपाली सेनाको एक टिमले प्रतिश्पर्धा गरेका थिए । महिलातर्फ ६ टिम प्रतिस्पर्धी बनेका थिए । जिल्लाकै ठूलो राशिको भलिबल प्रतियोगिता हेर्न जिल्लाका विभिन्न स्थानबाट दर्शकको घुँइचो लागेको थियो । जयपृथ्वी नगरपालिकाले प्रायोजन गरेको प्रतियोगिता नयाँ बसपार्कस्थित कोर्टमा थियो । भलिबल बझाङमा सबैभन्दा बढी रुचाइने खेल हो । बझाङका विशाल बिक र ज्ञानेन्द्र मल्लले नेपाल प्रहरी र हेमन्त मल्लले एपीएफमा अनुबन्धित भएर विभिन्न अर्न्तराष्ट्रिय प्रतियोगिता खेलिरहेका छन ।

ट्राफोर्डमा लिभरपुलको दाउ

■ **एएफपी** (लन्डन)

लिभरपुलले ओल्ड ट्राफोर्डमा पाँच वर्षयता पहिलो जित रच्न सके आइतबार म्यानचेस्टर युनाइटेडको घाउमा नुन थप्नेछ । म्यानचेस्टर सिटीले भने क्रिस्टल प्यालेसमा जित हात पार्दै अगाडि फर्कने प्रयास गर्नेछ ।

नयाँ सिजनको आठ खेलमात्रै सकिँदा शीर्षस्थानको लिभरपुलसँग १२ औं स्थानमा रहेको युनाइटेडको १५ अंक अन्तर भइसकेको छ । युरोपेली च्याम्पियनले सबैभन्दा नजिकको प्रतिद्वन्द्वी म्यानचेस्टर सिटीभन्दा ८ अंकले अगाडि छ । त्यसका लागि लिभरपुलले गएको सिजनसँगै प्रिमियर लिगमा लगातार १७ खेल जितेको छ । यसको तुलनामा युनाइटेडले लिगका पछिल्ला १३ खेलमा दुई खेलमात्रै जितेको छ ।

'रेड डेभिल्स' को सुरुआती सिजनलाई चोटको समस्याले पनि संघर्ष गर्न थप कठिन बनाइदियो । उसले प्रभावशाली दुई खेलाडी पाउल पोग्बा र डेविड डी हेयाबिना लिभरपुल खेल्दै छ । जे जस्तो भए पनि ओले गनर सोल्सायरले आफ्ना खेलाडीलाई इंग्लिस फुटबल इतिहासको सबैभन्दा बढी सफल दुई टिमबीचको प्रतिस्पर्धाको अवसरमा चम्कन आग्रह गरेका छन् ।

'म सधैं अर्को खेललाई अवसरका रूपमा हेर्ने गर्छु । लिभरपुलसँगको खेल अर्कोतर्फ अगाडि बढ्नका लागि ठूलो अवसर हो,' युनाइटेडको व्यवस्थापक सोल्सायरले भने, 'उत्कृष्ट परिस्थितिमा मेरो यस्तो स्वभाव हुने गर्छ । मलाई थाह छ कि समर्थक र खेलाडी यसका लागि अघि बढेका छन् । हामीलाई माथिल्लो तहमा बढ्न आवश्यक छ र यो युनाइटेडको ठूलो खेल हो, यसमा आफ्नो क्षमता देखाउनुपर्छ ।'

योर्गन क्लोपले एनफिल्डमा आफ्नो चौथो वार्षिकोत्सव यो साताको सुरुमै मनाए । तर, यी जर्मनको सबै उपलब्धि लिभरपुलको भाग्य परिवर्तन गर्नुमै रहयो । ओल्ड ट्राफोर्डमा हालसम्म जित हासिल गर्न सकेका छैनन् । लिभरपुलले पछिल्ला ६ यात्रामा ओल्ड ट्राफोर्डमा कुनै पनि खेल जितेको छैन । ऐतिहासिक प्रतिद्वन्द्वितामा त्यो लय गणना नहुने लेफ्ट ब्याक एन्डी रोबर्टसन बताउँछन् ।

'यस्तो खेलमा आफ्नो लयले अर्थ राख्छ भन्ने मलाई लाग्दैन । हामीले फर्किंदा ८ खेल जितेको र उसले (म्यानचेस्टर युनाइटेड) संघर्ष गरिरहेको कुराले असर गर्दैन । यो म्यानचेस्टर युनाइटेडविरुद्ध लिभरपुल हो,' स्कल्यान्डका कप्तानले भने, 'यो विशेष रूपमै फरक माहोलमा हुनेछ, जब युनाइटेडविरुद्ध खेल्नुपर्छ ।'

युनाइटेडको भाग्यसँग दाँजेर हेर्ने हो भने लिभरपुललाई खेलाडी चोटमुक्त भएको अवसर छ । जोएल माटिप सेन्टर-ब्याकमा फर्किएका छन् । तर, मोहम्मद सलाह भने 'इन्टरनेसनल ब्रेक' अघि लेस्टरविरुद्ध २-१ को जितमा एड्कलमा चोट बोकेकाले खेल्नेमा अझै शंका छ ।

वोल्भ्ससँग २-० ले स्तब्ध भएपछि म्यानचेस्टर सिटी पनि लिभरपुललाई दबाब दिनका लागि शनिबार क्रिस्टल प्यालेसविरुद्ध जितको लयमा फर्कनुपर्ने अवस्थामा छ । डिफेन्डिङ च्याम्पियनले केभिन डी ब्रुयनलाई दुई साता गुमाएको थियो । यसबीचमा सिटीले उनलाई खुबै 'मिस' गऱ्यो । यी बेल्जियन 'ग्रोइन इन्जुरी' बाट फर्कन सक्छन् । उनको टिम सेल्हर्ट पार्कमा यो सिजन जित हात पार्ने पहिलो टिम बन्ने अभियानमा छ ।

डी ब्रुयन खेल्दा सिटीले यसपल्ट प्रिमियर लिगका ६ खेलमा २५ गोल गऱ्यो । तर, उनी नरहेका दुई खेलमा सिटी पराजित भयो । प्यालेसले प्रि-सिजनको अनुमानलाई अनिश्चित बनाउँदै चौथो स्थानमा रहेको लेस्टर र चेल्सीसँगै समान १४ अंक जोडेको छ ।

टोटेनहमले वाटफोर्डलाई स्वागत गर्दै छ । ब्राइटनमा ३-० र च्याम्पियन्स लिगमा बायर्न म्युनिखसँग ७-२ को पीडादायी हार बेहोरेको टोटेनहमलाई 'इन्टरनेसनल ब्रेक' पछि सही अवस्थामा फर्कने राम्रो समय हुनसक्छ । स्पर्सले सबै किसिमको प्रतियोगितामा यो सिजनका ११ खेलमा तीन खेलमात्रै जितेको छ । तर, वाटफोर्डको भ्रमणले यो सप्ताहन्तमा माउरिसियो पोचेटिनोको टिमलाई राहत दिनसक्छ । 'द हर्नेस्ट' हालसम्म यो सिजनको लिगमा जितविहीन रहेको एक्लो टिम हो । सुरुका ८ खेलमा २० गोल बेहोरेको यो टिम अंकतालिकाको पुछारमा छ ।

'हामीले फेरि आफैंलाई विश्वास गर्न थाल्नुपर्ने आवश्यकता छ । हामीसँग टिममा स्तर छ र सबै कुराका लागि चुनौती दिनसक्छौं,' पोचेटिनोले भने, 'हामी अझै त्यहाँ छौं । हामीसँग च्याम्पियन्स लिगमा गत सिजनभन्दा १ अंक बढी छ र लिगमा शीर्ष चारसँग तीन अंक नजिक छौं ।'

इंग्लिस प्रिमियर लिग

शनिबार

एभरटनविरुद्ध वेस्टह्याम
१७:१५ बजे

लेस्टरविरुद्ध बर्नली
१९:४५ बजे

टोटेनहमविरुद्ध वाटफोर्ड
१९:४५ बजे

वोल्भ्सविरुद्ध साउथह्याम्पटन
१९:४५ बजे

एस्टन भिल्लाविरुद्ध ब्राइटन
१९:४५ बजे

बर्नमाउथविरुद्ध नर्विच
१९:४५ बजे

चेल्सीविरुद्ध न्युकासल
१९:४५ बजे

आइतबार

म्यानचेस्टर युनाइटेडविरुद्ध लिभरपुल
२१:१५ बजे

क्रिस्टल प्यालेसविरुद्ध म्यानचेस्टर सिटी
२२:१५ बजे

मंगलबार

सेफिल्ड युनाइटेडविरुद्ध आर्सनल
००:४५ बजे

प्रिमियर लिगमा आइतबार आमनेसामने हुन लागेका लिभरपुलका प्रशिक्षक योर्गन क्लोप र म्यानचेस्टर युनाइटेडका प्रशिक्षक ओले गनर सोल्सायर (दायाँ) ।

तस्विर : रोयटर्स

वुहानमा विश्व सैन्य खेलकुद

■ **लक्ष्मी लम्साल** (बेइजिङ)

चीनको हुपै प्रान्तस्थित वुहानमा शुक्रबारदेखि विश्व सैन्य खेलकुद प्रतियोगिता सुरू भएको छ । सातौं संस्करणमा प्रतियोगिता चलिरहँदा नेपालले पहिलो पटक भाग लिएको छ ।

उद्घाटन समारोहमा नेपालका ४७ खेलाडीसहित ६९ जनाको टोली सहभागी भएको थियो । नेपालले ब्याटमिन्टन, बक्सिङ, घोडचढी, जुडो, तेक्वान्दो, कुस्ती, आर्चरीलगायत भाग लिनेछ । राति ८ बजे सुरु भएको उद्घाटन समारोहको चीनका अधिकांश संचारमाध्यमले निकै महत्त्वसाथ प्रत्यक्ष प्रसारण गरेका थिए ।

विगतभन्दा पहिलो पटक यति ठूलो सैन्य खेलकुद प्रतियोगिता वुहान सहरका ३५ खेलस्थलमा हुँदै छ, जुन गत मेमा पूर्ण निर्माण सम्पन्न भएको थियो । विश्वका १ सयभन्दा बढी मुलुकका साढे १० हजार खेलाडी यति खेर वुहानमा प्रतिस्पर्धा बनेका छन् । विश्व सैन्य खेलकुदमा २७ खेल खेलमा प्रतिस्पर्धा हुनेछ । खेलकुदको माध्यमबाट विश्व शान्ति स्थापनाको अवधारणासाथ अन्तर्राष्ट्रिय सैनिक खेलकुद परिषदले यो खेलकुद आयोजना गरेको हो ।

उद्घाटनमा नेपालबाट रक्षामन्त्री ईश्वर पोखरेल सहभागी भए । चिनियाँ राष्ट्रपति सी चिनफिङले शुभकामना सन्देश पठाएका थिए ।

पुलिसको जितमा सुमनको ह्याट्रिक

रमेशकुमार पौडेल

चितवन (कास)- सुमन लामाको ह्याट्रिकसँगै नेपाल पुलिस क्लबले शुक्रबार नारायणगढ क्याम्पाचौरमा टुबोर्ग जेसिज विकास रनिङ सिल्ड राष्ट्रिय फुटबलअन्तर्गत सरस्वती क्लब काठमाडौंविरुद्ध ५-० को जित निकालेको छ ।

खेल सुरु हुनासाथ गोल अग्रता लिएको पुलिस हावी भएको थियो । सुमनले पहिलो मिनेटमै गोल गरे । त्यसपछि २४ औं मिनेटमा नीरकुमार राईले गोल थपे । मध्यान्तरपछि पनि प्रहरीको दबदबा कायम रहयो । हेम तामाङले गोल गरे । यो गोलमा पनि सुमनको भूमिका रहयो । उनैको पासमा हेमले पोस्ट नजिकबाट गोल गर्दै पुलिसलाई ३-० को अग्रतामा दिलाए । त्यसपछि सुमनले ३३ र ३९ औं मिनेटमा गोल थप्दै ह्याट्रिक पूरा गरे । सुमन प्लेयर अफ द म्याच घोषित भए । उनले १० हजार रुपैयाँ पुरस्कार पाए ।

सरस्वतीले विपक्षीमा पोस्टतर्फ प्रहार गर्ने राम्रा अवसर निकै कम पाएको थियो । मध्यान्तरपछि १७ औं मिनेटमा रमेश घिसिङले गरेको फ्रिकिक पुलिसका गोलरक्षक सुदर्शन चौधरीले जोगाए । यो बाहेक सरस्वतीले पाएका एकाध राम्रा अवसर गोलमा परीणत भएन । विकास सिल्ड समितिले नारायणगढमा २०३१ सालदेखि आयोजना गर्दै आएको 'विकास रनिङ सिल्ड' फुटबल यसपालि नेपाल जेसिज नारायणगढ शाखाले गरेको छ । विजेताले ६ लाख ६ हजार ६ सय ६६ रुपैयाँ पुरस्कार जित्नेछ । शनिबार एपीएफ क्लब र झापा-११ बीच प्रतिस्पर्धा हुनेछ ।

शंकरको गतिलो प्रदर्शन

■ **कान्तिपुर संवाददाता** (रूपन्देही)

सर्वोत्तम सिमेन्ट तिलोत्तमा प्रिमियर लिग क्रिकेटमा शुक्रबार रेन्बो ज्ञानोदय गोल्डेन्स विजयी भएको छ । योसहित ३ खेल जितेको ज्ञानोदय सेमिफाइनलमा दाबेदार टिम बनेको छ । ज्ञानोदयले बुटवल युनाइटेडलाई ४७ रनले हराएको हो । पहिले ब्याटिङ गरेको रेन्बोले ५ विकेट गुमाई १ सय ४४ रन बनायो । अन्तिम बल टिकेका ओपनर शंकर रानाले ७ चौका र ४ छक्का प्रहार गरी ७८ रन बनाए । राहुल प्रजापतीको अन्तिम बलमा आउट भएका शंकरलाई सुनील धमलाले गतिलो साथ दिए । सुनीलले ३७ बलमा ४१ रन जोडे । सिद्धान्तराज शाहीले १२ रन बनाए । बुटवल युनाइटेडका राहुल प्रजापती र कप्तान सुसन भारीले २-२ विकेट लिएका थिए । १ सय ४५ रनको लक्ष्यमा पाएको बुटवल युनाइटेड १४.३ ओभरमा समेटिँदा ९७ रन खातामा थियो । ज्ञानोदयका प्रतिश जिसीले २६ रन खर्चेर ३ विकेट लिए । जितेन्द्र सहनी, दिवन पुन र कमल ओलीले २-२ विकेट लिए । ज्ञानोदयका शंकर राना म्यान अफ द म्याच भए भने जितेन्द्र सहनीले मोस्ट भ्यालुएबल प्लेयरको पुरस्कार जिते ।

वर्षाका कारण ढिला गरी सुरु दोस्रो खेल ८ ओभरमात्र खेलाइयो । सियारी राइनोजले एक्सपर्ट रोयल शंकरनगरलाई ९ विकेटले हरायो । शंकरनगरले दिएको ४५ रनको लक्ष्य राइनोजले ५ ओभर चल्दा नै भेट्टायो । सियारीका यम क्षेत्रीले २ ओभरमा ३ विकेट लिएर म्यान अफ द म्याच भए भने विकास श्रेष्ठले ८ रन खर्चेर २ विकेट लिए । उनी मोस्ट भ्यालुएबल प्लेयर भए ।

शनिबार रूपन्देही पल्टन्स र तिनाउ टाइटन्स तथा सियारी राइनोज र सुपर ११ भैरहवा खेल्नेछन् ।

‘नेपालमै भेटौंला’

घरेलु मैदानमा विश्वकप छनोट चरणका बाँकी चार खेल खेल्न सुरू गरेसँगै नेपाली प्रशिक्षक कालिनमाथि धेरै आशा हुनेछ । नेपालले क्रमिक सुधार गरिरहेको उनको दाबीले त्यतिखेर मूर्त रूप पाउनेछ ।

प्रशिक्षकद्वय जोर्डनका भिटेल र नेपालका कालिन । *तस्बिर : विनोद/कान्तिपुर*

■ **विनोद पाण्डे** (अम्मान, जोर्डन)

जोर्डनका प्रशिक्षक भिटेल बोर्केलमान्सले खेलको अघिल्लो दिन नेपालसँग जित हात पार्न नसके आफू निकै निराश हुने बताएका थिए । जोर्डनले विश्वकप छनोटमा खासै धार समाल्न सकेको थिएन । त्यसैले उनीमाथि कतिसम्मको दबाव थियो भनेर महसुस गर्न सकिन्थ्यो ।

जोर्डनले छनोटमा नेपालसँग ३-० ले जित हात पार्दा प्रशिक्षक बोर्केलमान्स नभएर जोर्डनको खेल सञ्चारकर्मीमा त्यो निराशा सरेको थियो । उनीहरू बोर्केलमान्सले जोर्डनी फुटबललाई उँभो लगाउन नसक्ने भनाइ दोहोऱ्याइरहेका थिए । जोर्डनका खेलकुद पत्रकारको भनाइ मान्ने हो भने नेपालसँगको खेल प्रशिक्षकको रूपमा उनको अन्तिम खेल भन्नेसम्म थियो ।

जोर्डनको ५ गोलको भिन्नताले मात्र बोर्केलमान्सलाई बचाउन सक्ने राय उनीहरू दिइरहेका थिए । तर स्थानीय सञ्चारकर्मी आफ्नो टोली विशेष गरी बेल्जियन प्रशिक्षक बोर्केलमान्समाथि विश्वास देखाउन सकिरहेका थिएनन् । उनीहरूको अनुमान जोर्डनले मुस्किलसँग ३ गोलले जित्छ भन्ने थियो । नेपाल गोल गर्नसक्ने टिम होइन भन्नेतर्फ उनीहरूको कुनै ध्यान गएको पुगेको देखिन्थ्यो ।

त्यस विपरीत नेपालका प्रशिक्षक योहान कालिनमाथि कुनै दबाब थिएन । कुवेतसँगको खेलमा ७-० को हारपछि उनको क्षमतामा प्रश्न नउठेको भने होइन । कुवेत त्यही टोली हो, जो सँग नेपालले फेब्रुअरीमा मैत्रीपूर्ण खेल्दा गोलरहित नतिजा निकालेको थियो । नेपालको प्रशिक्षकका रूपमा कालिनको त्यो पहिलो खेल थियो । कुवेतसँग विश्वकप छनोटमा भोगेको ७-० को हारलाई कालिनले अझै स्वाभाविक रूपमा लिन सकेका छैनन् ।

त्यसबाहेक अन्य खेलमा नेपालले क्रमिक सुधार गरिरहेको कालिनको दाबी छ । यस्तै दाबी उनको अस्ट्रेलियासँग ५-० ले र जोर्डनसँग ३-० ले पराजित खेललाई लिएर पनि छ । बोर्केलमान्सजस्तै कालिन पनि जोर्डन-नेपालको खेललाई लिएर सन्तुष्ट थिए । कालिनसँग त्यसको आधार छ । सन् २०११ मा विश्वकप छनोट खेल्न अम्मान आउँदा जोर्डनले नेपाललाई ९-० को पराजय चखाएर पठाएको थियो ।

‘यो राम्रो खेल रहयो, हामीले आफ्नो सक्दो राम्रो गऱ्यौं । अस्ट्रेलियासँगको खेलभन्दा हाम्रो रक्षापंक्ति राम्रो भएको छ । मलाई लाग्छ हामीले पनि राम्रो अवसर पाएका थियौं,’ कालिनको प्रतिक्रिया थियो, ‘तर जोर्डन बलियो टोली हो र आफ्नै मैदानमा खेलिरहेकाले उसले त्यसको उपयोग पनि गऱ्यौं ।’

नेपालले मध्यान्तरसम्म गोलरहित बराबरी रोकेर जोर्डनलाई राम्रै चुनौती तेर्स्याएको हो । ५६ औं मिनेटमा यस्तो क्षण आयो जहाँबाट नेपाली टोली माथि उठ्न सकेन । दिनेश राजवंशीले यासिन महम्मद बखितलाई तानेर लडाएको भनी रेफ्रीले पेनाल्टी दिएको थिए । त्यही पेनाल्टीमा जोर्डनले खाता खोलेको थियो । कालिन त्यो गोलले खेलको नक्सा परिवर्तन गरिदिएको बताउँछन् । उनले त्यो पेनाल्टीलाई स्वाभाविक रूपमा लिएनन् । त्यसलाई निकै कठिन पेनाल्टी मान्दै उनले भनेका थिए, ‘म अर्को छेउमा थिएँ, त्यही भएर मैले स्पष्ट देखिनँ । तर पेनाल्टी निकै सामान्य थियो ।’

कुवेत, अस्ट्रेलिया र जोर्डनसँगको खेलमा नेपालको लगभग एकै शैली छ, जतिसक्दो हुन्छ रक्षात्मक खेल्ने । यसलाई लिएर कालिनले आलोचना पनि सुन्ने गरेका छन् । नेपालको खेल र स्तर कहिल्यै परिवर्तन भएन भनेर । अस्ट्रेलियासँग त नेपालले खासै कुनै गोल अवसर सिर्जना गर्न सकेन । चार रक्षक, पाँच मिडफिल्डर र एक्लो स्ट्राइकरको संरचना भएको नेपाली टोलीलाई आफूभन्दा निकै माथिको टोलीसँग अवसर बनाउन सजिलो छैन । जोर्डनसँग भने नेपालले केही राम्रो अवसर पाएको थियो । अनन्त तामाङ र सन्तोष तामाङले पहिलो हाफ तथा विमल घर्तीमगर र रोहित चन्दले दोस्रो हाफमा पाएको अवसर गुमाउँदा नेपाल चुक्चुकाइरहेको छ ।

नेपाल फिफा विश्व वरीयतामा १ सय ६१ औं स्थान र जोर्डन ९६ औं स्थानमा छन् । नेपालले अहिलेसम्म वरीयताको शीर्ष सर्यभित्रको टोलीलाई एक गोल मात्र गर्न सकेको छ । त्यो गोल पनि त्यही जोर्डनसँग ९ गोल खाएपछिको दोस्रो लेगमा दशरथ रंगशालामा भरत खवासले गोल गरेका थिए । त्यसैले जोर्डनसँग नेपालले मौका गुमाएको अवसर निकै महँगो देखियो । गोल भाको भए कथा अर्कै हुनसक्थ्यो । विशेष गरी पहिलो हाफको अवसर र पहिलो गोल खाएसँगै विमलले गुमाएको मौकाबाट कालिनलाई अझै विस्मात छ ।

कालिनले आफू आएपछि नेपाली टोलीले क्रमशः सुधार गर्दै आएको दाबी यिनै हुन् । कुवेतसँग नेपालले फेब्रुअरीमा दुई खेल खेलेको थियो । पहिलो खेलमा गोलरहित बराबरीपछिको अर्को खेलमा कुवेतले नेपाललाई १-० ले पराजित गरेको थियो । त्यसपछि मलेसिया र चाइनिज ताइपेईसँगको मैत्रीपूर्ण खेल हुँदै नेपाल विश्वकप छनोटमा उभिएको हो । चाइनिज ताइपेईमाथि छनोटमा उसैको मैदानमा पाएको २-० को विजय विश्वकप छनोट इतिहासमा नेपालको घरेलु मैदानमा पहिलो हो ।

बोर्केलमान्सलाई भने नेपालसँग भन्दा पनि जोर्डनकै सञ्चारमाध्यम झेल्न कठिन भइरहेको थियो । नेपालसँगको खेलअघि उनी आफूलाई अहिले नै मूल्यांकन नगर्न अनुरोध गर्दै छनोटपछि जोर्डन कुन स्थानमा हुन्छ अनि आफ्नो बारेमा धारणा राख्न भनिरहेका थिए । जोर्डनले छनोट चरणको यात्रा राम्रोसँग गर्न सकेको छैन । पहिलो खेलमा चाइनिज ताइपेईलाई उसैको मैदानमा २-१ ले पराजित गरेको जोर्डन त्यसपछि आफ्नै मैदानमा कुवेतसँग गोलरहित बराबरीमा रोकिएको थियो । जोर्डनले त्यसअघि पनि सिंगापुरसँग मैत्रीपूर्ण खेलमा गोलबिहीन बराबरी खेल्नुपरेको थियो ।

जोर्डनको पछिल्ला खेलको प्रभाव नेपालसँग मैदानमा देखिएको थियो । अम्मान अन्तर्राष्ट्रिय रंगशालाका आधाभन्दा बढी सिटहरू खाली थिए । जोर्डनका युवराज आफ्ना छोरासँगै खेल हेर्न आएका थिए । रंगशालामा उपस्थित आधाजति त उनै राजपरिवारका सदस्यको सुरक्षाका लागि जस्तो देखिन्थे । जोर्डनको खेलाडीलाई केही जोश उनै राजपरिवारले दिएको थियो । दर्शकले पनि बोर्केलमान्सलाई हुटिङ गरेर अब उनको दिन सकिएको भनिरहेका थिए ।

मध्यान्तरसम्म उनी अत्यधिक तनावमा देखिन्थे । खेल अधिकांश समय जोर्डनको नियन्त्रणमा थियो । जोर्डनले अधिक अवसर पाएका पनि थिए । जति पाएका थिए, त्यसमा केही नेपालका गोलरक्षक किरण चेम्जोङले बचाउ गरे भने केही पोस्टलक्षित नै हुन सकेन । त्यसमा बोर्केलमान्सको आक्रोश पनि बढ्दै गएको थियो । पहिलो गोलसँगै उनी खुल्न सकेका थिए । त्यसपछिका दुई गोलबाट उनको अनुहार पनि खुलेको थियो ।

त्यसले जोर्डनका सञ्चारकर्मीको अनुहार भने खोल्न सकेन । उनीहरूको ‘अस्वाभाविक’ प्रश्नबाट आर्जित भएर बोर्केलमान्स कहिले माइक आफ्नो टाउकोमा ठोकिरहेका हुन्थे भने कहिले यस्ता प्रश्नले आफू र जोर्डनलाई बलियो रूपमा उभिन सजिलो भएको तर्क दिइरहेका थिए । उनका लागि खेलअघि र पछिको पत्रकार सम्मेलन बक्सिङ रिङजस्तै बनेको थियो । ‘जोर्डनले ८४ मिनेटसम्मको खेलमा ८० प्रतिशतभन्दा बढी बल आफ्नो नियन्त्रणमा राखेको छ, त्यसमा नेपालको १० खेलाडी आफ्नो पोस्टबरपर हुन्थे, त्यही पनि तपाईहरू यो प्रदर्शनबाट किन निराश हुनुहुन्छ ?,’ उनी जोर्डनका सञ्चारकर्मीलाई प्रश्न गरिरहेका हुन्थे ।

जोर्डनमा लिग हुन नसकेको ५ महिना भइसकेको छ । प्रतिस्पर्धात्मक खेल खेल्न नपाएकाले जोर्डनको प्रदर्शन सोचेको हुन नसकेको उनी पनि स्विकार्छन् । तर यो पक्षबारे सञ्चारजगतमा कहिले नआएको उनको दुःखेसो छ । नेपालमा पनि ५ वर्षयता दुईपटक मात्र लिग हुन सकेको छ । धेरै नेपाली खेलाडीको प्रदर्शन र रोजीरोटी लिग नहुँदा प्रभावित हुँदै आएको छ । यसको प्रभाव राष्ट्रिय टोलीसम्म पुग्ने गरेको छ ।

दशरथ रंगशालाको स्वरुपमा कुनै परिवर्तन नआएकाले विश्वकप छनोटको पहिलो चरणमा नेपालले सबै अवे म्याच खेलेको थियो । जोर्डनसँगको खेल नेपालको छनोट यात्रामा चौथो अवे खेल थियो । भूकम्पपछि भत्काइएको रंगशाला पुनर्निर्माणकै क्रममा छ । डिसेम्बर १ देखि १० सम्म नेपालमै आयोजना हुने १३ औं दक्षिण एसियाली खेलकुदअघि दशरथ रंगशालाको पुनर्निर्माण कार्य सिध्याइसक्ने योजना छ । त्यसअघि नै नेपालले नोभेम्बर १९ मा कुवेतसँग घरेलु मैदान दशरथ रंगशालामा पहिलो खेल्नुपर्नेछ ।

घरेलु मैदानमा छनोट चरणको बाँकी चार खेल खेल्न सुरु गरेसँगै नेपाली प्रशिक्षक कालिनमाथि धेरै आशा हुनेछ । एक क्रमिक सुधार भइरहेको नेपाली टोली कुन स्थितिमा पुगेको छ भनेर घरेलु दर्शकले पहिलो पटक हेर्न पाउनेछन् । अर्को नेपालले घरेलु मैदानमा खेल्दा धेरैका आकांक्षा ठूलो हुनेछ, प्रतिद्वन्द्वी जस्तोसुकै होस् । घरेलु दर्शकसामु कालिनले नेपाली टोलीलाई केही आक्रामक रूपमा प्रस्तुत गर्न सक्छन् ।

प्रशिक्षक बोर्केलमान्सको जोर्डनको स्थितिमा कालिन परिचित थिए र छन् । म्याचपछिको टनेलमा यी दुईको केही वार्तालाप चलिरहेको थियो । कालिनले उनलाई अब नेपालमै भेटौंला भन्दै निमन्त्रणा गर्दा बोर्केलमान्सले त्यसलाई खुला हृदयबाट लिन नसकेको बुझ्न सकिन्थ्यो ।

जोर्डनका अहमद इस्रानको प्रहार रोक्दै नेपालका सुमन अर्याल । *तस्बिर : एएफपी*

नेपाल-जोर्डनको खेल हेर्न रंगशाला पुगेका जोर्डनका राजकुमारसहित परिवारका सदस्य । *तस्बिर : एएफपी*

विराटनगर र चितवनको लगातार जित

ललितपुर फाल्कोन्सविरुद्ध अर्धशतक बनाएपछि चितवन राइनोजकी रितु कनौजिया । *तस्बिर : केशव थापा/कान्तिपुर*

कान्तिपुर संवाददाता (काठमाडौं)

विराटनगर टाइटन्स र चितवन राइनोजले वुमन्स च्याम्पियन्स लिग (डब्लूसीएल) मा लगातार दोस्रो जित निकालेका छन् । शुक्रबार विराटनगरले पोखरा पल्टनविरुद्ध ६ विकेटको जित पायो चितवनले ललितपुर फाल्कोन्सलाई ८९ रनले हरायो ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा पोखराले दिएको ९५ रनको लक्ष्य विराटनगरले १५ ओभरमै ४ विकेट क्षतिमा भेट्टायो । ललितपुरविरुद्ध अर्धशतक बनाएकी विराटनगरकी ओपनर ज्योति पाण्डेले २२ रन बटुलिन् । अर्की ओपनर सोनु खड्का खाता नखोली रनआउट भइन् लक्ष्मी चौधरीले २३ रन जोडिन् । ज्योति र लक्ष्मीले दोस्रो विकेटमा ३६ रनको साझेदारी गरे ।

ज्योति आउट भएपछि आएकी डोली भट्टले १२ रनमात्र जोडिन् । अस्मिना कर्माचार्यसँग लक्ष्मीले थप ३० रनको साझेदारी गरेपछि विराटनगरको सहज जितको आधार तय भयो । अस्मिनाले २१ बलमा अविजित १६ रन जोड्नेक्रममा २ चौका प्रहार गरिन् । कप्तान सरिता मगर ३ रनमा अविजित रहिन् । बलिङमा पोखराबाट कप्तान सीता रानामगरले २ र अनुराधा चौधरीले १ विकेट लिए ।

टस जितेको पोखराले २० ओभरमा ५ विकेट गुमाई ९४ रनमात्र जोडेको थियो । सुरुमै धर्मराएको पोखराको इनिङ्स मध्यक्रमले सम्हालेको हो । ओपनर रुवि पोदार १ र विन्दू रावल ५ रनमै आउट भएपछि पावर प्लेमा पोखराले १३-२ को स्कोर बनाएको थियो । लगातार दोस्रो खेलमा रनआउट भएकी कप्तान सीताले २९ बलमा १६ रनमात्र बनाउन सकिन् । रेवती धामीले १२ र अञ्जली चन्दले १५ रन जोडेर आउट हुँदा पोखरा १४.१ ओभरमा ५७-५ को स्थितिमा पुग्यो ।

कविता कुँवर र सरस्वती मगरले बाँकी ५.५ ओभरमा ३७ रनको अविजित साझेदारी गरे । कविताले २३ बलमा २ चौकासहित २२ र सरस्वती १५ बलमा १० रन जोडे । पोखराले अतिरिक्त १३ रन पायो । विराटनगरकी सवनम राईले किफायती बलिङ गर्दै २ विकेट लिइन् । प्लेयर्स अफ द म्याच चुनिएकी सवनमले ४ ओभरमा ८ रनमात्र खर्चेकी थिइन् । सोनु खड्काले १ विकेट लिइन् ।

लगातार दोस्रो खेलमा पराजित भएपछि फाइनल पुग्न पोखरालाई बाँकी दुवै खेल जित्नैपर्ने चुनौती छ । त्यसबाहेक अन्य टोलीको नतिजामा पनि भर पर्नुपर्नेछ । पोखराकी मार्की खेलाडी तथा कप्तान सीता रानामगरले विश्वास गरेका खेलाडीले आवश्यक प्रदर्शन गर्न नसक्दा लगातार कमजोर बन्नुपरेको बताइन् । ‘हामीले युवा खेलाडीलाई विश्वास गरेर टिमसेट गरेका थियौं, उनीहरूले आवश्यक समयमा टिमका लागि खेल्न सकेनन्,’ राष्ट्रिय टोलीकी उपकप्तान रहेकी सीताले थपिन्, ‘टिममेटले राम्रो खेल्न नसक्दा म आफू पनि खुम्चिएर खेल्नुपरेको छ, आफ्नै प्रदर्शन पनि कमजोर भइरहेको छ ।’ बाँकी दुई खेलमा नयाँ रणनीति बनाउनु आवश्यक रहेको सीताले बताएकी छन् । ‘लगातार खेल हारेपछि हामीलाई अब राम्रो खेल्ने चुनौती भएको छ । बाँकी खेलका लागि हामीले ब्याटिङ अर्डर हेरफेर गर्न सक्छौं,’ उनले भनिन् । पोखरा पल्टनको पुरुष टिमले गत वर्ष पोखरा प्रिमियर लिगको उपाधि जितेको थियो ।

अर्को खेलमा ललितपुर फाल्कोन्सको हालत पनि पोखराकै जस्तो रहयो । लगातार दोस्रो खेलमा पराजित भएपछि उसका लागि पनि बाँकी खेल जित्नैपर्ने भएको छ । अनुभवी खेलाडी ऋतु कनौजियाले उत्कृष्ट अर्धशतक प्रहार गरेपछि टस जितेर ब्याटिङ गरेको चितवनले निर्धारित ओभरमा ३ विकेट गुमाई १ सय ३५ रन खडा गरेको थियो । ऋतुले ५५ बलमा ८ चौकासहित अविजित ५८ रनको इनिङ्स खेलिन् ।

ओपनर कञ्चन श्रेष्ठ खाता नखोली आउट भएपछि आएकी ऋतुले दोस्रो विकेटमा काजल श्रेष्ठसँग १९ र तेस्रो विकेटमा मार्की खेलाडी तथा कप्तान इन्दु वर्मासँग ३३ रनको साझेदारी गरिन् । काजल १५ र इन्दु १० रनमा आउट भए ।

चौथो विकेटमा ऋतुले प्रिया चौधरीसँग अविजित ६८ रनको अर्धशतकीय साझेदारी गरिन् । २३ बल खेलेर १ चौका प्रहार गरेकी प्रियाको २२ रनको योगदान रहयो । चितवनले ३० अतिरिक्त रन दियो । त्यसमध्ये १६ रन वाइड रहयो । ललितपुरकी मार्की खेलाडी तथा कप्तान नेरी थापाले २ विकेट झारिन् । जवाफमा ललितपुर ४६ रनमै समेटियो । कमजोर योगफलको लज्जास्पद नतिजाबाट मुक्ति पाउन कप्तान नेरीले प्रयास गरेकी थिइन् । तर, अन्यले उनलाई साथ दिन सकेनन् । उनले १७ रन जोडिन् । अन्यले दोहोरो अंकमा रन छुन सकेनन् । चार जनाले खाता खोल्नै सकेनन् । बलिङमा चितवनकी कविता गौतमले ३ र ऋतुले २ विकेट लिए । कविताले ४ ओभरमा १३ रन खर्चिइन् । ऋतुले समान ४ ओभरमा १० रन खर्चिन् भने १ विकेट लिएकी रेखा रावलले ४ ओभरमा ९ रन खर्चिन् । अलराउन्ड प्रदर्शन गरेकी ऋतु खेलको प्लेयर्स अफ द म्याच बनिन् ।

शनिबार चितवन राइनोज र पोखरा पल्टन तथा क्याट क्विन्स काठमाडौं र विराटनगर टाइटन्स भिड्ने छन् ।

भारोत्तोलन तयारी कोरियामा

काठमाडौं (कास)- १३ औं दक्षिण एसियाली खेलकुदको तयारीका लागि नेपाली भारोत्तोलन टोली दक्षिण कोरिया जाने भएको छ ।

नेपाल-कोरिया संयुक्त प्रशिक्षण कार्यक्रमअन्तर्गत कोरियन भारोत्तोलन महासंघको निमन्त्रणामा भारोत्तोलन टोली दोस्रोपल्ट प्रशिक्षणमा जान लागेको हो । टोली शनिबार कोरिया जानेछ । कोरियाको नेसनल ट्रेनिङ सेन्टर चिनचोडमा नेपाली खेलाडीले विशेष प्रशिक्षण लिने छन् । महिला खेलाडीमा ५५ केजीकी सन्जु चौधरी, ६४ केजीकी देवीकुमारी चौधरी, ७६ केजीकी तारादेवी पुन, ८१ केजीकी लक्ष्मी वन विष्ट छन् । पुरुषतर्फ ७३ केजीका कमलबहादुर अधिकारी, ८१ केजीका विकास थापा, ९६ केजीका विशालसिंह विष्ट र १०९ केजीका सागर भण्डारी छन् । प्रशिक्षण कार्यक्रममा दुई प्रशिक्षक पनि जाने छन् । मुख्य प्रशिक्षक राम पौडेल र प्रशिक्षक विकास शाक्यले टोलीसँगै कोरियामा प्रशिक्षणका लागि जाँदैछन् । ट्रेनिङबाट १३ औं सागमा नेपाली भारोत्तोलनको उत्कृष्ट प्रदर्शन रहने विश्वास नेपाल भारोत्तोलन संघको छ ।

आयोजकलाई मध्यविन्दु कप

नवलपुर (कास)- राष्ट्रिय खेलाडी भरत खवासको निर्णायक गोल मदतमा पूर्वी नवलपरासीको चोरमारामा सम्पन्न मध्यविन्दु कप फुटबलको उपाधि आयोजक चोरमारा युवा क्लबले जितेको छ । फाइनलमा पश्चिम नवलपरासी ११ लाई ३-२ ले पराजित गर्दै आयोजकले उपाधि जित्यो ।

खेलको छैटौं मिनेटमा चोरमाराका सुरज गुरुङले गोल गर्दै टिमलाई अग्रता दिलाए । त्यसमा विमल पाण्डेले १५ औं मिनेटमा गोल थप्दै चोरमारालाई २-० को अगाडि राखे । पहिलो हाफमा दबाबमा रहेको पश्चिम नवलपरासीले दोस्रो हाफमा लगातार दुई गोल गर्दै खेल बराबरीमा ल्यायो । दोस्रो हाफको ३० औं मिनेटमा नवलरासीका जीवन गुरुङ र ३१ औं मिनेटमा सूर्य थापाले गोल गरेका थिए ।

नवीन पौडेल

दोस्रो हाफको ३८ औं मिनेटमा आयोजकका भरतले विजयी गोल गरे । चोरमाराले २ लाख २२ हजार २ सय २२ रुपैयाँ र उपविजेताले १ लाख ११ हजार १ सय ११ रुपैयाँ पुरस्कार पाए । सेमिफाइनल पराजित सेन्ट्रल कलेज भरतपुर र फुलबारी गाइज बुटवलले १५-१५ हजार पाएको आयोजक समितिका अध्यक्ष श्याम पौडेलले बताए ।

माझी गोल्डकप सुरु

मकवानपुर (कास)- अति सीमान्तकृत जातिको रूपमा रहेको माझी समुदायको पहिचान देशव्यापी बनाउन मकवानपुरमा शुक्रबारदेखि राष्ट्रिय माझी गोल्डकप फुटबल प्रतियोगिता सुरु भएको छ । नेपाल माझी उत्थान संघ जिल्ला कार्यसमिति मकवानपुरको आयोजनामा सुरु प्रतियोगितामा पहिलो दिन मकवानपुर ‘ए’ ले बारालाई ३-० ले पराजित गरेको छ । मकवानपुरको जितमा अनिल माझी, अरुण माझी र समेश माझीले गोल गरेका थिए । उनीहरूले क्रमशः ११, ३० र ५४ औं मिनेटमा गोल गरेका थिए ।

देशभरका विभिन्न १७ जिल्लाका माझी समुदायसम्मिलित टोली प्रतियोगितामा सहभागी छन् । माझी समुदायका खेलाडीमात्र सहभागी हुने प्रतियोगिता कात्तिक १० सम्म मकवानपुरको बकैया गाउपालिका-४, जुरेली खेलमैदानमा हुनेछ । प्रतियोगितामा करिब २१ लाख रुपैया खर्च अनुमान गरिएको छ । विजेतालाई एक लाख, उपविजेतालाई ५० हजार तथा विधागत उत्कृष्ट खेलाडी तथा प्रशिक्षकलाई जनही ५ हजार रुपैयाँ पुरस्कार व्यवस्था गरिएको छ ।

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स: ९७७-१-५१३५००१, email : kanti@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष तथा प्रबन्ध निर्देशक : कैलाश सिरोहिया, निर्देशक : स्वस्तिका सिरोहिया, प्रधान सम्पादक : सुधीर शर्मा

कान्तिपुरको साप्ताहिक परिशिष्टांक

ekantipur.com

केरेली

शनिबार, २ कात्तिक २०७६

कप्तानी इनिङ्स

अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आईसीसी) को रोडम्यापअनुसार निर्वाचन भएपछि उसले नेपाल क्रिकेट संघ (क्यान) माथि लगाएको निलम्बन तीन वर्षपछि फुकुवा गऱ्यो । तर, त्यसको भोलिपल्टै पारस खड्काले राष्ट्रिय टिमको कप्तानबाट राजीनामा दिए । यसलाई अर्थपूर्ण मानिएको छ ।

खेलाडी
राजु घिसिङ



श्रीलंकाली प्रशिक्षक रोय लुक डायसले ठीक एक दशकअघि नेपाली राष्ट्रिय क्रिकेट टिमका कप्तान बन्न भनेका थिए पारस खड्कालाई । सुरुमा उनले डायसको प्रस्ताव ठाडै अस्वीकार गरिदिए । उनले सीधै 'नो' भनिदिए । उनको चाहना आर्किटेक्ट बन्ने थियो । त्यसका लागि विदेश जाने योजनामा थिए । त्यसैले उनको ध्यान देशका लागि क्रिकेट खेल्नेमा थिएन ।

'पढ्नलाई विदेश जान चाहन्थें । त्यसैले डायस सरलाई सीधै नो भनिदिएँ,' पारसले सम्झिए । तर, उनले प्रशिक्षक डायस र नेपाल क्रिकेट संघ (क्यान) को निर्णयलाई अस्वीकार गरिरहन सकेनन् । कप्तानको रूपमा उनले विनोद दासको स्थान लिए । विनोद टिमका खेलाडी मात्रै रहे र कप्तान बने २२ वर्षीय पारस । त्यस बेला राष्ट्रिय टिमका महबुब आलम, दीपेन्द्र चौधरी, शक्ति गौचनलगायत अधिकांश खेलाडी पारसभन्दा सिनियर थिए । त्यसैले उनलाई कप्तान बनाउन हतार गरेको भन्दै डायस र क्यानको आलोचना पनि भयो । विनोदलाई नै कप्तानमा निरन्तरता दिनुपर्ने आवाज पनि उठ्यो । हुन त पारसले सिनियर राष्ट्रिय टिमबाट खेल्न थालेको ५ वर्ष भइसकेको थियो ।

मिश्रित प्रतिक्रिया आइरहेकै बेला खेलाडीको टोलीनेताको रूपमा काम सुरु गरे पारसले । कप्तान पारसको पहिलो प्रतियोगिता बन्यो एसीसी ट्वान्टी-२० कप । नोभेम्बर २००९ मा यूएईमा भएको उक्त प्रतियोगितामा समूह चरणबाट नेपाल बाहिरियो । तर, पारस हतास भएनन् । अझ दृढ बने । अर्को वर्ष परिपक्व हुँदै नेपाललाई २०१० आईसीसी वर्ल्ड क्रिकेट लिग डिभिजन ५ च्याम्पियन बनाए, जुन अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आईसीसी) को प्रतियोगितामा नेपालको पहिलो उपाधि बन्यो । एसीसी ट्रफी २०१२ को संयुक्त विजेता भयो । सनसनीपूर्ण रूपमा छनोट हुँदै नेपालले ट्वान्टी-२० विश्वकप २०१४ नै खेल्यो, जुन विश्व क्रिकटमा नेपालको पहिलो र एक मात्र उपस्थिति हो । टी-२० इन्टरनेसनल (टी-२० आई) पायो । गत वर्ष प्रदर्शनकै आधारमा वान-डे इन्टरनेसनल (ओडीआई) मान्यता लियो ।

त्यसैले पारसको कप्तानी युगलाई तीन किमिसले मात्रै पनि बुझ्न मिल्छ, ट्वान्टी-२० विश्वकप २०१४ मा सहभागी, टी-२० आई र ओडीआई मान्यता । यसबीचमा नेपाली टिमले करिब-करिब बन्द घेरामा राखिएको क्रिकेटको सिन्डिकेट 'टेस्ट मान्यता' पाएका १० देश (अफगानिस्तान र आयरल्यान्ड थपिनुअघि) विरुद्ध मात्रै खेल्ने अवसर पाएन । अर्थात्, क्रिकेटको त्यो 'इलिट वर्ग' लाई चुनौती दिने मैदान पाएन । विश्व क्रिकेटको 'दोस्रो वर्ग' मा भने नेपाल ठूलै टिम हो र अरूलाई कडा चुनौती दिइरहेको छ । सफलतासँगसँगै केही असफलता पनि चाखिरहेको छ ।

पारस एउटा खेलाडी वा कप्तानको रूपमा मात्र होइन, पूरा क्रिकेटमै 'रियल लिडर' को भूमिकामा स्थापित भए । टी-२० आई र ओडीआईमा पहिलो शतक बनाउने नेपाली क्रिकेटरको कीर्तिमानमा पनि आफ्नै नाम लेखाएका पारसले भने, 'कति निर्णय सही भयो, कति निर्णय गलत भयो तर मैले जति गरें क्रिकेटकै राम्रोकै लागि गरें ।' उनी प्राविधिक रूपमा निपुण ब्याट्सम्यान होइनन् तर चाहिएको बेला उत्कृष्ट इनिङ्स खेल्न माहिर छन् । ब्याटिङ लाइनमा उनी नेपाली टिमका खम्बा नै हुन् । उनी पार्टटाइम बलरको रूपमा पनि प्रभावशाली छन् ।

टिमलाई सही गतिमा नेतृत्व दिइरहेका पारसले मंगलबार कप्तानबाट राजीनामा घोषणा गरे । यसले तरंग नै ल्यायो । आईसीसीको रोडम्यापअनुसार ११ असोजमा नेपाल क्रिकेट संघको निर्वाचन भयो । आईसीसीको बैठकले सोमबार मात्रै तीन वर्षयता लगाइरहेको क्यानमाथिको निलम्बन सर्तसहित फुकुवा गऱ्यो । नेपाली क्रिकेटमा यी दुई सकारात्मक कार्यलगत्तै आएको पारसको राजीनामालाई अर्थपूर्ण रूपमा हेरिएको छ । उनले खेलबाटै पनि तत्कालै 'ब्रेक' लिएका छन् । त्यसैले कप्तानको राजीनामाले लिएर क्रिकेट वृत्तमा ठूलै हलचल ल्याएको छ ।

पारस आफैं भने सोचविचार गरेरै निर्णय लिएको बताउँछन् । व्यक्तिगत रूपमा उनको निर्णय सही हुन सक्छ तर नेपाली क्रिकेटका लागि भने नोक्सान पर्न सक्छ । अझ उनले चन्द्र-सूर्यअंकित जर्सीमा ब्याट र बल चलाउन छाड्ने हो भने... ! 'अहिलेलाई ब्रेक लिएको छु, यसको समयसीमा कति हुन्छ थाहा छैन,' बिहीबार कीर्तिपुरमा पारसले भने, 'कप्तानबाट राजीनामा दिने मेरो निर्णय हो, यसमा पुनर्विचार हुँदैन । कुनै न कुनै रूपमा क्रिकेटमै हुनेछु ।' राजीनामापछि उनले आफूलाई जिम्मेवारीको हिसाबले 'हल्का' महसुस गरेका छन् । खेलाडीको रूपमा कहिले फर्किने ?

'अहिलेलाई आराम नै हो । उस्तै जोस र इच्छाशक्ति लिएर आउनेछु,' उनले जवाफ दिए । पारस अहिले ३२ वर्षका भए । ३७-३८ वर्षसम्म पनि क्रिकेट खेल्ने खेलाडीहरूको सूची लामो छ ।

क्विन्स इभेन्ट म्यानेजमेन्टले कीर्तिपुरस्थित त्रिवि मैदानमा वुमेन्स च्याम्पियन्स लिग सञ्चालन गरिरहेको छ । उनी हाल यसैमा व्यस्त छन् । क्विन्स इभेन्टले गत वर्ष पोखरा प्रिमियर लिग (पीपीएल) आयोजना गरेको थियो । अहिले दोस्रो संस्करणको तयारी भइरहेको छ । छुम्वी लामा प्रमुख रहे पनि क्विन्स इभेन्टमा पारससँगै राष्ट्रिय टिमका उपकप्तान ज्ञानेन्द्र मल्ल संलग्न छन् । पारसको चाहना पनि हो, क्रिकेट व्यवस्थापन । 'खेलाडीकै फाइदा र क्रिकेटको विकास र व्यावसायिकताकै व्यवस्थापन थालिएको हो,' उनले भने, 'आयस्रोत नभएपछि नै भ्रष्टाचार हुने हो । त्यसैले क्रिकेटमा लाग्ने खेलाडी र व्यवस्थापकको भविष्य सुरक्षित हुनुपर्छ ।'

विश्वकपको सनसनी

कीर्तिपुरमा सन् २०१० मा भएको डिभिजन ५ मा समूह चरणको अन्तिम खेलमा अमेरिकाविरुद्ध 'दर्शकको व्यवहार' भलाद्मीको खेल भन्नलायक थिएन, जसले नेपालको भाग्य कोरिदियो । त्यसपछि उपाधि होडमा अमेरिकामाथिको प्रभावशाली जित भने नेपाली खेलाडीको कर्मकै फल थियो । पारस युगको सुरुआत हो त्यो आईसीसीअन्तर्गतको पहिलो उपाधि ।

नेपाली टिमले वर्ल्ड क्रिकेट लिग डिभिजन ४ (सन् २०१२) र डिभिजन ३ (२०१३ र २०१४) को ट्रफी चुम्यो । फाइनलको स्कोर 'टाई' भएपछि एसीसी ट्रफी २०१२ मा यूएईसँग संयुक्त च्याम्पियन बन्यो । एसीसी ट्वान्टी-२० कप २०११ मा तेस्रो हुँदै आईसीसी ट् वान्टी २० विश्वकप छनोटको ढोका खोल्यो । यूएईमा

> बिहीबार कीर्तिपुरमा पारसले भने, 'कप्तानबाट राजीनामा दिने मेरो निर्णय हो, यसमा पुनर्विचार हुँदैन । कुनै न कुनै रूपमा क्रिकेटमै हुनेछु ।' राजीनामापछि उनले आफूलाई जिम्मेवारीको हिसाबले 'हल्का' महसुस गरेका छन् । खेलाडीको रूपमा कहिले फर्किने ? 'अहिलेलाई आराम नै हो । उस्तै जोस र इच्छाशक्ति लिएर आउनेछु,' उनले जवाफ दिए ।

भएको छनोटमा सनसनीपूर्ण प्रदर्शन गर्दै नेपाली टिम तेस्रो स्थानमा रहेर विश्वकपमै पुग्यो । विश्वकप २०१४ मा अफगानिस्तान र हङकङलाई पराजित गरे पनि आयोजक बंगलादेशसँग रनरेटमा पछाडि परेपछि नेपाली टिम प्रारम्भिक चरणबाटै बाहिरियो ।

विश्वकप खेलेर स्वदेश फर्कंदा नेपाली टिमलाई स्वागत गर्न त्रिभुवन विमानस्थलमा हजारौंको भीड लागेको थियो । टिमलाई नगर परिक्रमा नै गराइयो । सरकार, सेलिब्रेटी, सबै दलका नेताहरूले बधाई दिए । 'समर्थकको भीड देखेर चकित परें,' ५ वर्षअघिको त्यो दृश्यलाई स्मरण गर्दै उनी अहिले पनि जोसिन्छन्, 'हामी बंगलादेश जाँदा १-२ जना नेपालीले क्रिकेट हेर्थे । स्वदेश फर्कंदा पूरा देशले नै हेर्ने भयो ।'

छोटो संस्करणको क्रिकेट हो ट्वान्टी-२० । यसले विश्व खेलकुदमै क्रिकेटको क्रेज ह्वात्तै बढायो । र, यसैको विश्वकपमा उपस्थिति र दुई जितको नतिजाले नेपाललाई पनि विश्व क्रिकेटमै चर्चामा ल्याइदियो । पारस मान्छन्, 'ओडीआई मान्यता सबभन्दा ठूलो उपलब्धि हो भने विश्वकप २०१४ कोसेढुंगा साबित भयो, जसले क्रिकेटमा लगानीको बाटो खोलिदियो ।' नेपालले यसै वर्ष (२०१९) यूएईविरुद्ध उसैको भूमिमा ओडीआई र टी-२० आई सिरिज पनि जित्यो, जुन संरचनामा नेपालको पहिलो उपाधि हो । र, दुवैमा शतक बनाउने पहिलो नेपाली बने यिनै पारस ।

बंगलादेशको पिचमा नेपाली क्रिकेटर खुबै चले । विश्वव्यापी प्रशंसा भयो । स्वदेश फर्केलगत्तै कप्तान पारसको नेतृत्वमा खेलाडीहरूले पत्रकार सम्मेलन गरे, जसले मैदानबाहिर पनि नेपाली क्रिकेटमा सनसनी ल्यायो । खेलाडीहरूले आरोप लगाए, क्यानमा भ्रष्टाचार भयो । अख्तियार दुरुपयोग अनुसन्धान आयोगसम्मै उजुरी दिए । क्यानका दस पदाधिकारीमाथि आर्थिक अनियमितता गरेकोमा मुद्दा नै चल्यो । पछि उनीहरूलाई अदालतले सफाइ दियो । त्यस बेला क्यान गुटबन्दीको सिकार भइसकेको थियो र पदाधिकारीको बजेट र भ्रमण मोह तथा शक्तिसंघर्षले क्रिकेटलाई ओझेलमा पाऱ्यो । ठीक यही बेला पारसको नेतृत्वमा खेलाडीहरूले 'विद्रोह' गरे, उनीहरूलाई सबैले सुने पनि ।

त्यस बेलाका उपाध्यक्ष चतुरबहादुर चन्द क्यानका अध्यक्ष बने । आर्थिक अनियमितता र व्यवस्थापनलाई लिएर आईसीसीले क्यानलाई निलम्बन गऱ्यो । आईसीसीकै रोडम्यापअनुसार गत महिना भएको चुनावमा फेरि चन्दकै समूहले 'क्लिनस्विप' गऱ्यो । र, आईसीसीले सर्तसहित सोमबार निलम्बन फुकुवा गऱ्यो । पारस खुलेरै चन्द समूहको विपक्षमा लागेका थिए । पिचमा सफल भए पनि उनी यसपल्टको 'क्रिकेट राजनीति' मा कच्चा खेलाडी साबित भए । मैदानबाहिर उनको गतिविधिलाई लिएर आलोचना गर्नेको बाहुल्य छ, चन्द समूहमा । त्यसैले कप्तानको रूपमा त्यो समूहको नेतृत्वमा रहेर काम गर्नु वा कुनै किसिमले पेलिनुभन्दा पद त्यागनु नै उनले उपयुक्त ठानेको हुन सक्छ ।

एकैपल्ट ५ भूमिका

यसबीच तीन वर्ष आईसीसीले नेपाली टिमलाई कुनै पनि अन्तर्राष्ट्रिय प्रतियोगितामा भने रोकेन । निरन्तर खेल्न दिइरहयो र राष्ट्रिय खेलकुद परिषद्सँग सहकार्य गर्दै खेलाडी र टिमलाई बजेट पनि दिइरहयो ।

अन्तर्राष्ट्रिय क्रिकेट हेर्ने निकाय हो आईसीसी । तर, उसको निलम्बनपछि क्यान र यसका पदाधिकारी नेपाली क्रिकेटको विकासे कार्य र गतिविधिबाट टाढिए । एक-दुई जनाबाहेक क्यानमा आवद्धहरू क्रिकेटमा देखिनै छाडे । नेपाली टिम भने अन्तर्राष्ट्रिय प्रतियोगितामा व्यस्त भइरहयो । सुरुमा क्यानकी सीईओ भावना घिमिरेले नेपाली टिमको व्यवस्थापन गरेकी थिइन् । बिस्तारै यो काम पारस खड्काले गर्न थाले । क्यान निलम्बनमा परेपछि छनोट समिति पनि रहेन र यो काम पनि प्रशिक्षकसँगै पारसकै काँधमा पऱ्यो । जुनियर खेलाडीलाई प्रेरित गरिरहने टिमका 'मेन्टर' पनि पारस नै हुन् ।

करिब चार वर्ष व्यवस्थापक, छनोटकर्ता, मेन्टर, कप्तान र खेलाडीको आफ्नो जिम्मेवारीबारे उनले भने, 'यो हुन्छु वा त्यो गर्छु भनेर योजना बनाएर कहिल्यै लागिएन । त्यसैले जति जिम्मेवारी पाएँ त्यसमा बोझ भएन । सबै भूमिकामा सधैं राम्रो गर्ने प्रयास गरिरहे । पूर्णतः सफल बनाउन हरसम्भव प्रयास गरे । जे गरे, क्रिकेटको राम्रैका लागि गरे ।' क्यानले नयाँ निर्वाचनयता छनोट समितिलगायत अरू विभाग बनाएको छैन ।

अहिले क्रिकेटमा स्रोत र साधनको कुनै अभाव नभएको मान्छन् पारस । 'क्रिकेटलाई माया गर्ने मान्छे छन्, क्यान छ, लगानीकर्ता तयार छन् । यसै बेला हो सबै मिलेर क्रिकेटलाई अगाडि बढाउने,' उनले भने । उनको कप्तानी कालमा क्रिकेटलाई हेर्ने दृष्टिकोण फेरियो तर क्रिकेटवालाको व्यवहारमा परिवर्तन आएको छैन । यसबाट उनी पनि चिन्तित छन् । प्रस्ट बोलेका छैनन् तर उनी यी सबै पक्षलाई सच्याएर क्रिकेटको नेतृत्व गर्न चाहन्छन् । त्यसैको अभ्यास हुनुपर्छ, क्विन्स इभेन्ट, पीपीएल र डब्लूसीएल । उनी नेपाली बजारका पनि मुख्य 'ब्रान्ड' हुन् र उन आफैंले धेरै खेलाडीका लागि प्रायोजक मिलाइदिएका छन् ।

ब्याट र ब्याटको कनेक्सनको आउने साउन्डले उनलाई पिचतिरै फर्कन लोभ्याउँछ । उनी बाहिर जति शान्त देखिन्छन्, मैदानमा उत्तिकै आक्रामक रूप लिन्छन् । 'देशका लागि खेल्दाको अनुभव नै बेग्लै हुन्छ । मैदानमा बेग्लै ऊर्जा आउँछ । मैदानमा देखिने आक्रामक रूप त्यसैको सकारात्मक पक्ष होला,' उनले भने । विश्वकै नम्बर १ वरीयतामा रहेकै बेला अफगानिस्तानी बलर रसिद खानविरुद्ध रनको वर्षा पनि गरे । उनले यू-१९ विश्वकपमा नाम चलेका खेलाडीविरुद्ध प्रतिस्पर्धा गरे, जसले पछि विश्व क्रिकेटमा तहल्का मच्चाए । त्यो तह (टेस्ट मान्यता) मा खेल्न नपाएको महसुस भने उनलाई हुन सक्छ । उनी आफ्नो मुख्य लक्ष्य पनि नेपाल टेस्ट मान्यतास्तरमा पुगोस् भन्ने नै हो ।

ज्ञानेन्द्रमा आशा

भारतीय क्रिकेट टिममा कप्तान महेन्द्रसिंह धोनीको विकल्प छैन भनिन्थ्यो । तर, उनको स्थान लिएयता विराट कोहलीले सफलताका एकपछि अर्को इतिहास बनाइरहेका छन् ।

पारसको कप्तानीमा लगातार एक दशक उपकप्तान बने, ज्ञानेन्द्र मल्ल । त्यसैले पारस अबको कप्तानमा ज्ञानेन्द्रलाई सिफारिस गर्छन् । पारस अनुपस्थित रहेका केही खेलमा ज्ञानेन्द्रले नै कप्तानी गरेका थिए । 'निर्णय गर्ने क्यान र प्रशिक्षकले हो,' नयाँ कप्तानबारे भने, 'म वा आफ्नाका लागिभन्दा क्रिकेटलाई माया र काम गर्ने कप्तान हुनुपर्छ । अनि आफैं सबै कुरा सही हुन्छ, राम्रो हुन्छ ।'

'धेरैले मलाई जस दिन्छन् तर एक्लैले गरेर केही हुँदैन, पूरा टिम (खेलाडी र व्यवस्थापन) को मिहिनेतले सफलता मिलेको हो,' पारसले भने, 'महान् खेलाडीहरूको समूह पाएँ । क्रिकेटलाई नै माया गर्ने प्रशिक्षकहरू पाएँ । त्यसैले म भाग्यमानी भएँ ।' प्रशिक्षकहरू रोय डायस, पुबुदु दसानायके, जगत टमाटा, उमेश पटवालसँग खेलेका उनी भावुक बने, 'मैले त क्रिकेट खेल्ने सपना पनि देखेको थिइनँ न कि खेलाडी वा कप्तान नै बन्ने । विदेश जाने सोचमा थिएँ । भाग्यमा लेखिएको कुरा भएरै छाड्ने रहेछ ।' क्रिकेट व्यवस्थापनमा उनको भाग्य कस्तो हुन्छ त ?

Twitter : @rghising

समय यात्रा : मनाङ

कल्पना गर्छु, इतिहासको गर्तमा लुकेको कथाले भग्नावशेषमा उभिएर मूक भाषामा मानौं केही भनिरहेको छ । त्यो संरचना पर्यटकीय आकर्षकको जबरजस्त केन्द्र हुन सक्थ्यो ।

ब्लुज
रोशन शेरचन

काठमाडौंबाट बेंसीसहर हुँदै कोतो एक दिनको गाडी यात्रा । कोतोबाट भने मोटरबाटोलाई छाडेर हिँड्नुपर्ने । त्यसैले कोतो-नार फू गन्तव्यलाई 'अफ द विटन' मार्ग भन्दा रहेछन् । कोतोबाट डेढ दिन हिँडेपछि च्याखु आइपुग्ने लाग्दा साइनपोस्टमा दृष्टि गयो । त्यसमा लेखिएको थियो– च्याखु, खम्बा बस्ती, उचाइ ३७३५ मिटर ।

मनाङ यसै दुर्गम जिल्ला, च्याखु थप दुर्गम । झन्डै चार हजार मिटरको उचाइ मेरो निम्ति नौलो थिएन तर खम्पा बस्ती भन्ने सूचनाले कौतूहल जगायो । खम्पाबारे मलाई थोरै मात्र थाहा थियो । स्कुले उमेरमा सुनेको थिएँ– तिब्बतबाट आएको खास जाति हो खम्पा र सन् सत्तरीको दशकमा मुस्ताङमा खम्पा युद्ध भएकोथ्यो । बाटामा पर्ने मेता र झुनुम बस्तीको बोर्डमा पनि खम्पा बस्ती नै लेखिएको थियो । नार फू जाँदा बास पर्ने बस्ती हो– मेता । पर्यटकहरू मेतामै बस्न रुचाउँछन् । झुनुम भने परित्यक्त बस्ती हो । भग्नावशेष हेर्दा, झुनुम उहिलेको सम्पन्न बस्ती लाग्थ्यो । महामारीको कारणले बासिन्दाले त्यो गाउँ छाडेको थियो भन्ने बुझियो । खम्बा शब्दले उत्पन्न गरेको जिज्ञासा मस्तिष्कमा दौडिएको अनुभव गरे ।

च्याखु आउनुअगिको उकालोले थकाउनु थकायो । चिसो सुक्खा हावामा पनि उकालोले पसिना छुटाएको थियो । सानो मनोरम उपत्यकामा हामीले आफैंलाई पायौं । एकतले भवन भर्खर बनिभ्याएजस्तो देखियो । माछीकाँडे तारजालीले घेरेको । केही कर्मी नजिकै ढुंगामाटाका काम गरिरहेका थिए । तीमध्ये एक जनालाई सोधे । गाउँपालिकाको भवन रहेछ । त्यतै बढ्यौं । पालिकाको बोर्डमा लेखिएको थियो, नारपा भूमि गाउँपालिका, च्याखु । झोला त्यही बिसायौं र झन्डै पन्ध्र-बीस मिनेट हिँडी च्याखु गेस्टहाउस एन्ड रेस्टुरेन्टमा पुग्यौं । च्याखुमा जम्मा चारवटा मात्र होटल छन् । रंगीचंगी फूलहरू फुलेको उक्त गेस्टहाउसको बगैंचामा बसेर वरपर नियाल्दा ल्यान्डस्केप विछ्ट्टै सुन्दर देखिन्थ्यो ।

मेरो ध्यान भने नजिकैको थुम्कोमा रहेको भग्नावशेषहरूले खिच्यो । पालिकाका उपाध्यक्ष कुन्जोक तेन्जिङ लामा पनि आइपुगे । पारिलो घाममा कागती चिया पिउँदै कुराकानी गर्‍यौं । ती भग्नावशेष विगतमा खम्बा बस्ने घर र उनीहरूको सुरक्षापोस्ट रहेछ । पृष्ठभूमिमा विशाल चट्टानको पहाड देखिन्थ्यो । खम्रो न खम्रो । रूखको रिङझैं त्यो पहाडको भित्री सेता पत्रहरू कतै सीधा रेखामा दौडेको कतै बाँगिँदै धसेको थियो । भीरकै एक खण्डमा चाहिँ कसैले ड्रमका ड्रम अलकत्रा घोप्टाएको जस्तो देखिन्थ्यो । के त्यो चुहिएको नीरमसी हो ? नीरमसी चुहिन्छ र ? कुनै खनिज लवण हो कि ? अजंगको पहाड छेवैको बगैंचामा चिया पिउँदा प्रगाढ शान्तिको अनुभव भयो । मान्छेको कोलाहल कतै छैन । टाढाटाढासम्म नामनिशान छैन । हिमाली कागहरूले कहिलेकाहीं शान्ति भंग गरेको छ बस । समय रोक्किएको छ । मानौं यहाँसम्म आइपुग्दा नपुग्दै समय पनि थाकेर गहिरो विश्रान्तिमा छ ।

खम्पा प्रसंग चलिरहेकै थियो । हिमाली क्षेत्रको सामाजिक, सांस्कृतिक र अर्थराजनीतिका ज्ञाता डा. शैलेन्द्र थकालीले सुनाए– सन् १९५० मा चीनले तिब्बत कब्जा गरेपछि खम्पा मूलका केही तिब्बतीले हतियार उठाए र चिनियाँविरुद्ध विद्रोह थाले । विद्रोहीलाई सीआईएले कोलोराडोमा सैन्य तालिम दिएको थियो । तिब्बतीजस्तै भूसतह भएकाले कोलोराडो नै छानिएको थियो । त्यसपछि मुस्ताङ, मनाङजस्ता दुर्गम स्थानमा तत्कालीन नेपाल सरकारको उपस्थिति नभएकाले त्यही बेस बनाएर खम्पाहरूले चिनियाँसँग गुरिल्ला युद्ध लडे । गुरिल्ला युद्धलाई उपयुक्त दुर्गम बस्ती र बन्जर खोंचहरू भएकाले मेता, झुनुम र च्याखुजस्ता स्थानहरू रोजेका होलान् । मुस्ताङ झन् महत्त्वपूर्ण बेस थियो । जोमसोम निवासी डा. थकाली बाल्यकालमा आफूले खम्पाहरू देखेको बताउँछन् । अग्ला न अग्ला, चुप्पी भिरेका उनीहरू खस्रा र डरलाग्दा हुन्थे ।

चौतर्फी टाउको घुमाउँछु । दक्षिणतर्फ अन्नपूर्ण दोस्रो हिमाल देखिन्छ । कोतोबाट त्यो उत्तर दिशामा देखिएको थियो । डेढ दिनको हिँडाइको बलले हामीले हिमालकै दिशा परिवर्तन गरिदिएका थियौं । पूर्वी दिशामा च्याखु शिखर र ग्लासियर छेवैमा छ । कहिलेकाहीं प्रकृति लाग्छ । प्रकृतिको सान्निध्यमा त्यस्तै मात मलाई कतै लाग्यो । त्यो शान्त बगैंचामा केही हप्ता एक्लै रम्न सकिन्थ्यो । एक बिहान भने च्याखु ग्लासियरमा हिम पहिरो गएको देखें । जीवनकै पहिलो अनुभव । भयानक विस्फोटको आवाज आयो । झस्कें । पहाडहरूमा ठोक्किँदै प्रतिध्वनि निस्क्यो । ग्लासियरबाट हिउँपहिरोको धूवाँ उड्दै फैलिँदै गरेको देखियो । प्रकृति बाहिर मात्र शान्त देखिन्छ । भित्र हमेसा आवेगमा हुँदो रहेछ ।

दिउसो कुन्जोकले हामी सबैलाई खर्क देखाउन लगे । समूहमा थियौं– शंकर कोइराला, शैलेन्द्र थकाली, लाक्पा तेन्जी शेर्पा, छ्योकी, डोल्मा र म । त्यो खर्कमा बहुमूल्य जडीबुटी यार्चागुम्बु पनि पाइदो रहेछ । यार्चागुम्बु यसरी खोज्ने हो, कुन्जोकले हात र घुँडा टेकेर देखाएपछि केहिले त्यसको सिको गर्न लाग्यौं । घण्टौ त्यसरी यार्चागुम्बु खोज्नु कम्ती कठिन काम थिएन । विगतमा यसै भेगमा यार्चागुम्बु टिप्दा बाहिरी जिल्ला र स्थानीयबासीबीच झगडा हुँदा केही व्यक्ति मारिएका पनि थिए । त्यो द्वन्द्वको निरुपण कसरी भयो ? थाहा भएन । कसैले त्यसको बारेमा विस्तृत अनुसन्धान गरेको भए, प्राकृतिक स्रोतमा आधारित द्वन्द्वको विषयमा त्यो उपयोगी सन्दर्भ बन्ने थियो । विडम्बना, बाहिरका केसहरू हामी प्रशस्त पढ्छौं तर आफ्नै वरपरका घटनाहरूतिर भने हाम्रो ध्यान जान सकेको छैन ।

खर्क उक्लँदै गर्दा, कुन्जोक बताउँछन्, 'ऊ त्यहाँ गुरु रिम्पोचेको मूर्ति स्थापना गर्ने योजना छ ।' गुरु रिम्पोचे वा पद्मसम्भवलाई बुद्धमार्गीहरू धेरै पुज्छन् । वातावरण संरक्षणको दृष्टिले बौद्ध धर्म उत्तिकै उपयोगी पनि छ । कुन्जोकले इसारा गरेको दिशातिर नियालें । लमतन्न पसारिएको हरियो खर्क ग्लासियरतिर बढ्दै गएको र भोजपत्रको एकलकाटे रूखहरू ट्रिलाइनमा उघ्रेंजस्तो देखिन्थ्यो ।

शंकर कोइराला उमेरले समूहमै जेठो भईकन पनि उत्तिकै उत्साही । कर्मचारी जीवनका कैयन् वर्ष हिमाली जिल्लामा बितेका रहेछन् । हिमालप्रेमी । छुकी र डोल्मा अरूहरूभन्दा बढी प्रफुल्ल देखिन्थिन् । नयाँ स्थानमा पुलकित थिइन् । छुकी हुम्ला निवासी, डोल्मा पूर्वकी । अगि-अगि हिँड्थिन् र रमणीय स्थान वा त्यस्तै वनस्पति देखे फोटो खिचिहाल्थिन् । हामी खर्कको डिलमा पुग्यौं । ग्लासियरबाट निस्केको ठाडो खोला गडगडाउँदै बगेको देखिन्थ्यो । तल झोलुंगेपुल देखिन्थ्यो, जुन हामीले हिजो तरेका थियौं । खोलापारि भोजपत्रको घना वन थियो । नाउर, कस्तूरी मृग, झारलको बासस्थान पनि । त्यहाँ गुच्ची च्याउ पनि पाइन्छ भन्ने सुनियो । गुच्ची च्याउ दुर्लभ र महँगो च्याउ मानिन्छ । सहर बजारमा त्यसको खुद्रा मूल्य रु. ११ हजारप्रति केजीदेखि सुरु हुन्छ । समय हुन्थ्यो भने, च्याउ खोज्न जान हुन्थ्यो । लेकाली वनमा पहिलोपटक च्याउ देखिँदा प्राप्त हुने आनन्दको मूल्य त्यसको भौतिक मूल्यभन्दा कता-कता बढी हुने प्रस्टै थियो । तर समय अभावले सम्भव भएन । जाडो र थकाइ बढ्दै गएपछि फर्क्यौं ।

बासको प्रबन्ध गाउँपालिकामै गरिएको थियो । त्यहाँ बस्ने पहिलो समूह हाम्रै थियो । लाक्पा तेन्जी शेर्पाले पालिकासँग समन्वय गरी त्यहाँ व्यवस्था गरेका थिए । अर्को दिनदेखि तालिम सुरु हुन्थ्यो । गाउँपालिकाका प्रतिनिधिहरू सहभागीको रूपमा नार र फूदेखि आउँदै थिए । खाना भने च्याखु गेस्टहाउसमै लियौं । राति थेन्तुप खाने सल्लाह भयो । थुक्पाजस्तै देखिने थेन्तुपमा पिठोका लाम्चा फित्ताहरू पानीमा उसिनिन्छ । लेकाली मसला, सागपात, प्याज, लसुनले थेन्तुप बिर्सिन नसकिने बनेको थियो । त्यसमा रैथाने पेय पदार्थ मिस्सिएपछि त सक्की गो ! बाहिरको ल्यान्डस्केप र मस्तिष्कभित्रको ब्रह्माण्ड मिस्टिकल भयो । बासस्थान फर्क्यौं । चाँडै ओछ्यानमा पल्टें । मानसमा खम्पा-विम्ब खेलिरहेो ।

खम्पा विद्रोहताका म दुई-तीन कक्षामा पढ्थें । गण्डकी बोर्डिङ, पोखरामा । धमिलो सम्झना छ-हेलिकप्टर बारम्बार हेम्जा र सारङ् कोट डाँडामाथिबाट उडेको । शिक्षकबाट थाहा पायौं– मुस्ताङमा खम्पा युद्ध हुँदै छ । सायद बत्तीस, तेत्तीस वा चौंतीस सालतिरको घटना हुनुपर्छ । युद्धको कारण भने यसपटकको यात्रामा थाहा भयो । अमेरिकाले खम्पाहरूलाई सैन्य सहयोग गरेपछि चीनले नेपाल सरकारलाई दबाब दिएछ– नेपालले खम्पाहरूलाई हटाउनुपर्‍यो, हैन भने चीन नै अघि सर्छ । चीनको दबाबमा नेपाल सरकारले खम्पा हटाउन त्यो अपरेसन थालेको रहेछ । डा. थकालीका अनुसार, रिचार्ड निक्सन राष्ट्रपति भएपछि अमेरिकाको परराष्ट्र नीति फेरियो र खम्पा विद्रोहीलाई दिँदै आएको आर्थिक तथा सैन्य सहयोग रोकियो । खम्पा विद्रोह त्यसपछि मत्थर बन्दै गयो । साथै दलाई लामाले हिंसा त्याग्न अपिल गरेपछि धेरै खम्पा विद्रोहीहरूले हातहतियार बिसाई सामान्य नागरिक जीवनमा फर्किए ।

कल्पना गर्छु, इतिहासको गर्तमा लुकेको कथाले भग्नावशेषमा उभिएर मूक भाषामा मानौं केही भनिरहेको छ । त्यो संरचना पर्यटकीय आकर्षकको जबरजस्त केन्द्र हुन सक्थ्यो । 'भग्नावशेषबारे गाउँपालिकाको योजना के छ ?' मैले दिउसो सोधेको थिएँ । 'भग्नावशेष भत्काउँदैनौं । बरु सूचना पाटीहरू बनाई त्यसको प्रवर्द्धन गर्छौं,' कुन्जोकको जवाफ थियो । यौटा भग्नावशेष भने आकारमा ठूलो थियो । ब्यारेक, खरखजाना राख्ने वा बैठककोठा त्यस्तै केही हुनुपर्छ । अहिले त्यहाँ कामदार र सिकर्मीहरू बस्दा रहेछन् । सप्पै रोल्पाबाट आएका ।

कुन्जोकले सुनाए, 'रोल्पालीहरू अचम्मै काम गर्छन् । असाध्य मिहिनेती छन् । तोकेकै समयमा काम सक्काउँछन् ।' जंगली च्याउबारे पनि रोल्पालीहरूको ज्ञान फराकिलो रहेछ भन्ने थाहा पायौं । भयो के भने, दिउसो च्याउको तरकारी खाएका थियौं । एक जना स्थानीय महिलाले आधा डोकोजति च्याउ भर्खर जंगलबाट टिपेर ल्याएकी थिइन् । फररर परेको काउलीजस्तो र छाता च्याउ । 'कतिथरीको च्याउ पाइन्छ ?' सायद छुकीले सोधिन् । 'हामीले यी दुई खालका च्याउ मात्र खाने गरेका थियौं । रोल्पालीहरूले भनेपछि मात्र थाहा भयो, अरू च्याउहरू पनि खान मिल्ने रहेछ,' कुन्जोकको जवाफ थियो, 'सबै गन्दा त्यस्तै दस-बाह्रथरीका च्याउ होला ।' म जिल खाएँ । पुस्तौं बिताएका रैथानेहरू पनि त्यतिविधि अनभिज्ञ हुँदा रहेछन् । बाहिरी समाजसँगको अन्तर्क्रियाको महत्त्वलाई त्यस घटनाले दर्साउँथ्यो ।

बेलुका समसामयिक विषयमा छलफल भएको थियो । कुन्जोकले आफ्नो धारणा बताए, 'संघीय व्यवस्था लागू भएपछि पालिकाहरूले निकै अधिकार पाएका छन् । गाउँपालिकाको नामकरण गर्दा हामीले नारपा भूमि भन्यौं । शेर्पा भनेझैं, नारपा । नार, फू वा वरपर बस्ने सबै नारपा । नारपा, हाम्रो पहिचान । पहिला अधिकार थिएन । अधिकार सबै केन्द्रमा, सत्तामा बस्ने बाहुन-क्षत्रीसँग थियो । त्यसैले देशको अवस्था बिग्रँदा, सोचेजस्तो नहुँदा, बाहुन-क्षत्रीले नै बिगाऱ्यो भन्यौं । अब स्थानीय सरकारलाई अधिकार र दायित्व छ । अब पनि हामीले गर्न सकेनौं भने, लाज हुन्छ । हामीलाई पनि अरूले त्यस्तै भन्छ ।' उनले इमानदारीपूर्वक भने ।

बेलुकाको मद्दिम प्रकाशमा पनि उनको अनुहार दीप्त देखिन्थ्यो । केन्द्रमा बस्नेले संघीयतालाई कसरी लिएका छन्, मलाई थाहा छैन तर स्थानीय स्तरमा अपनत्व लिएको देखिन्थ्यो ।

मनाङ झरनाहरूको भूमि पनि रहेछ । मेता पुग्नुअगाडि एक स्थानमा त झरनाको पारदर्शी कर्टेन टाँगिएको पहरा हुँदै हिँडचौं । त्यो अनुभूति अतियथार्थिक बन्यो । यसपटकको मनाङ, च्याखुको यात्रा समययात्रा थियो । संघीय गणतान्त्रिक संरचनाबाट खम्पाकालसम्मै तन्किएको । मानौं समययात्राले भनिरहेको छ– समय सधैं गतिवान् छ, त्यसैले कहिल्यै नबिसाउनू । थाके विश्राम गर्नू तर कहिल्यै नरोकिनू ।

'इगोको एसिड'

समाज
मीरा प्रसाईं

इन्स्टाग्रामको एउटा पोस्टबाट भदौ २० गते बिहानै थाहा भयो, वीरगन्ज छापगैयाँ निवासी कक्षा ९ मा पढ्ने पन्ध्र वर्षकी मुस्कान खातुनलाई दुई युवाले एसिड आक्रमण गरेछन् । उनको अनुहार, घाँटी, हात जलेको रहेछ । मुस्कानका मुस्कानहरू बिलाएका रहेछन् एसिडका थोपाथोपामा । १५ वर्षीय किशोरी मुस्कानका ओठमा मुस्कान त्याउने कति खुसीहरू थिए होलान् । कति सपनाहरू थिए होलान् उनका र उनका आमाबाबाका । सबै जलेर खरानी भएछन् केही बेरमै एसिडको रापमा परेर । सधैं ओछ्यानबाट ताजगी महसुस गर्दै उठ्ने मेरो बानी थियो तर त्यो दिन निकै ढिलासम्म उठ्न सकिनँ । कारण, उनै फूलझैं कोमल मुस्कान खातुन ।

संगीता पुलामी, सीमा बस्नेत, वसन्ती परियार, बिन्दवासिनी कंसाकार र समाचारमा आइरहने यस्ता थुप्रै नामलाई सम्झियो मनले । यतिखेर मुस्कान खातुनका बारेमा बल्झिएको छ यो मन । मुस्कानलाई पीडक युवकले जिस्क्याउँदै आएको र मुस्कानका बुबाले सम्झाएपछि त्यो क्रम बन्द भएको छ महिनापछि यो कहालीलाग्दो घटनाबाट पीडित बनिछन् उनी । मुस्कान मात्रै होइन थुप्रै छोरीहरू पीडित बनेका छन् र बन्ने क्रम जारी छ ।

सामान्यत: एसिड आक्रमणका घटनाहरू पर्सनालिटी डिजअर्डर, एन्टिसोसियल पर्सनालिटी डिजअर्डर, इम्पुल्स कन्ट्रोल, नार्सिस्टिक विहेभियर आदि कुनै एक मानसिक विकृति भएका व्यक्तिले गर्छन् । विशेषत: छोरीमान्छेले गरेको तिरस्कार सहन नसक्ने हुन्छन् यस्ता प्रकृतिका केटाहरू । चाहे त्यो प्रेम प्रस्ताव अस्वीकृत होस् वा अरू नै कुनै कारण । यस्ता साइकोप्याथ मनोगतिका अपराधहरू भइरहेका सुनिन्छन् प्राय:जसो । ईर्ष्याका कारण हुने यस्ता प्रकृतिका घटनाहरूमा पीडितले पीडकलाई जानेको-चिनेको हुन्छ र कुनै प्रस्ताव अस्वीकृत हुँदा ईर्ष्याकै कारण बदलाको

> ईख वा ईर्ष्यालेे कहिलेकाहीं
> राम्रै परिणाम पनि दिन्छ
> तर त्यो असामान्य भयो भने
> त्यसले अपराध जन्माउँछ ।
> ईख नै बिख बन्न पुग्छ ।

भावको ज्वाला हृदयमा बालेर हिँड्ने हुनाले यस्ता घटना हुन्छन् ।

थोरैतिनै ईर्ष्या मानवीय स्वभाव भएकाले यसलाई सामान्य नै मानिन्छ; सामान्य ईख हुनु राम्रो मानिएजस्तै । ईर्ष्या वा ईख जे होस् मानिसमा सामान्य रूपमा हुँदा सकारात्मक परिणाम नै त्याउँछ तर त्यो असामान्य बन्यो भने यसले बदलाको भाव पैदा गर्छ । अनि इख नै बिख बनिदिन्छ, मानिसको जीवनमा । सामान्यतया प्रेम सम्बन्धमा यस्ता घटनाहरू हुन्छन् र घटना गराउनेमा केटाहरू हुन्छन् । केटाहरू देब्रे मस्तिष्कबाट सञ्चालित हुने हुन्छन् । ईख (इगो) पनि देब्रे मस्तिष्कमै हुन्छ । फलस्वरूप प्रेम प्रस्ताव अस्वीकृत हुँदा वा तिरस्कृत हुँदा उनीहरूको 'इगो हर्ट' हुन्छ । छोरीमान्छेले हेपेको भन्ने भ्रमका कारण भित्रभित्रै जलन महसुस गर्छन् । यसै कारण उनीहरूले योजनाबद्ध रूपले एस्तो कुकृत्यको योजना बनाउँछन् । यसर्थ हाम्रो पारिवारिक र सामाजिक विश्वास पनि कहीं-कतै दोषी देखिन्छ, छोरीमान्छेप्रतिको बुझाइले सिर्जना गरेको इगो र पुरुष मनोविज्ञानप्रति ।

आफ्नो अहंममा पुगेको चोटलाई मलम लगाउन उनीहरू उनीहरूले कसैको जीवन बर्बाद पार्छन् । के कारणले प्रस्ताव अस्वीकृत भयो भन्ने विचार गरी खुला र सफा हृदयले जिन्दगीमा अगाडि बढ्दा खुसी मिल्छ । तर, जब व्यक्तिको इगो 'अस्वस्थ इगो' मा परिणत गराउँछ, अनि यस्ता आपराधिक योजनाहरू बन्छन् । हुन त यो व्यक्ति स्वयम्को मनोगति हो तर यसखाले कुकृत्यमा परिवार र समाज पनि दोषी छ । ढुंगेयुगबाट आज मानिस एक्काइसौं शताब्दीको यो वैज्ञानिक युगमा अनूदित भैसकेको छ । मानिसले प्रविधिमा पनि धेरै फड्को मारिसकेको छ तर छोरीमान्छेप्रतिको हाम्रो नेपाली पुरातन मनोविज्ञान त्यो अनुपातमा अनूदित हुन सकेको छैन । छोरीमान्छेको 'हुँदैन' लाई अपहेलना र तिरस्कारको आशयले बुझ्ने परिवार र समाजले सिकायो छोरामान्छेहरूलाई । हाम्रो समाजमा सानै उमेरका केटालाई 'तँ त छोरोमान्छे, छोरीमान्छेले जस्तो कुरा गर्न वा काम गर्न सुहाउँदैन' भनेर सिकाइन्छ । घरको काम छोराले गर्ने होइन भनेर भनिन्छ । छोरालाई खुल्लमखुला छोडिन्छ । उक्त भनाइ वा व्यवहारको अर्थले छोरीमान्छे आफूभन्दा तल्लो स्तरको हो र आफू सर्वेसर्वा भन्ने भावभ्रम उसको मस्तिष्कमा विकास गर्दै जान्छ उसले र व्यवहार पनि सोहीअनुसारको व्यवहार गर्दै जान्छ । र, भविष्यमा कुनै छोरीमान्छेले 'हुँदैन' भनेको सुन्न नसक्ने हुँदा 'मेल इगो' हर्ट हुन जान्छ ।

मपाईं गर्ने व्यक्ति वा आफैलाई अत्याधिक महत्व दिने मान्छे एउटी छोरीमान्छेले गरेको तिरस्कारले अपहेलनाको महसुस गर्छन् र उनीहरूको मनमा ईर्ष्याको हुँदा प्लानिङ गरेरै भए पनि तिरस्कार वा अपहेलना गर्नेलाई हानि गर्छन् । मेरो भनाइको मतलब, एसिड प्रहार मानिसको सिकाइ, बुझाइ, मानसिक समस्या र मनोगतिसँग सम्बन्धित छ भन्ने हो । यदि कसैले एसिड प्रहार गर्ने सोच बनाउँदै गरेको थाहा भएमा मनोपरामर्शदाता कहाँ लैजानुपर्छ थाहा हुने व्यक्तिले अगाडि गएर घटना नहोस् भन्नका लागि । पीडकको शरीर त जल्छ-जल्छ साथै मानसिक रूपमा समेत विक्षिप्त हुन सक्ने सम्भावना ज्यादै हुन्छ । अप्रत्याशित हुने घटनाले पीडितलाई 'साइकोलोजिकल ट्रमा' मा पुऱ्याउन पनि सक्छ ।

हामी शारीरिक पीडालाई वास्ता गर्छौं र मानसिक पीडालाई बेवास्ता । मानसिक पीडा पनि शारीरिकजत्तिकै पीडादायक हुन्छ भन्ने कुरासँग कहिले सचेत हुने हामी ? मुस्कानलगायत अन्य पीडितको मानसिक स्थिति कस्तो हुन्छ र हुन सक्छ भन्ने कुराको अनुमानसम्म गर्न सकिँदैन । कहिले संवेदनशील बन्ने हामी ? समाजमा 'एसिड सर्भाइवल' हरू थुप्रै छन् । संगीता पुलामी, सीमा बस्नेतजस्ता एसिड सर्भाइबललाई हेरेर दरिलो हुनुपर्छ । दिनभरिजसो यही कुरा सोचिरहेकी थिएँ । 'तेरी छोरीलाई यस्तो भा'को भए तँ के गर्थिस् ?' कसैले कानैमा फुस्फुसाएझैं गऱ्यो । साँच्चै, मेरी छोरीलाई यस्तो भएको भए के गर्थें होला म ? मेरी त छोरी छैनन् । जवाफ सीधा भए पनि मुटु काँप्यो थरथर । छोरीका आमाहरूलाई कति डर हुँदो हो यस्ता सिलसिलेवार एसिड र बलात्कारका घटना सुन्दा र पीडितका क्षतविक्षत तस्बिर हेर्दा । ओहो ! सम्झिँदा मात्रै पनि कहाली लाग्छ । यदि मेरी छोरी नै भएकी भए पनि सचेतताका लागि केही गर्न सक्दिनथें म । कसैले एसिड छ्याप्ला कि भनेर मुख छोपेर हिँड्न पनि त सकिँदैन न त घरभित्रै बसिरहन सकिन्छ ।

छोराले यदि एसिड हान्न लागेको कतैबाट थाहा पाएको खण्डमा दुइटा काम गर्थें म । पहिलो, उसलाई सम्झाउँथें र दोस्रो, मनोपरामर्शदाताकहाँ लैजान्थें । एसिड पीडक मनस्थितिसँग सम्बन्धित हुन्छ भन्ने सच्चाइ थाहा नभएको अवस्थामा भने के गर्थें ? गाली गर्थें, पछुताउँथें जन्म दिएकामा वा छोराप्रतिको ममताले घुँडा टेक्थ्यो कि ? वा कानुनको जिम्मा लगाउँथें कि ? जे होस् समाजमा यस्ता घटना मौलाउनु हुँदैन । अनाहकमा कोही कसैद्वारा पीडित बन्नु हुँदैन । कहिले हुने छोरीमान्छे सुरक्षित ? आफ्नै दाजु, काकाबाउ, हजुरबाउ र मामाहरूबाट कहिले सुरक्षित महसुस गर्ने हामीले ? 'दिदी हेर्नु न दाइलाई जस्तो मलाई विश्वासै गर्नुहुन्न घरमा । जे गरे पनि 'तँ छोरीमान्छे होस् छोरा मान्छेसँग जुध्न सक्दिनस् । घरमै बसेर पढ्नू । नाच्ने, गाउने होइन !' भन्नुहुन्छ । मलाई भने कलाकारिता मन पर्छ । घर छोडेर कतै भागौं र आफैं संघर्ष गरौंजस्तो लाग्छ, फेरि समाजमा डर भन्ने चीजको आहालमा यसरी भासिदिएको छ कि हत्तपत्त निस्किनै सक्दिनँ म के गरौं ? आमाको कुरा सुनेर पढाइमा मात्रै ध्यान दिऊँ भने पनि सकस हुन्छ नदिऊँ भने पनि सकस हुन्छ मलाई,' हिजो भर्खरै मात्र आफन्त बहिनीले गुनासो गरिन् । सुरुमा त उनको कुरै बुझिनँ मैले । पछि थाहा भयो- क्रमबद्ध हुने एसिड र बलात्कारका घटनाले उनकी आमाको मनमा पनि डर उम्रिएको रहेछ । एक्लै हिँड्दा कसैले बलात्कार गर्दैला वा एसिड छ्यापिदेला भन्ने पीरले गाँजेको रहेछ ।

एसिड आक्रमण र बलात्कारदेखि डराएका कति आमाबाबु होलान् समाजमा ? के त्यसको महसुस गर्न सकिएला र ? महसुस त्यस्तो एउटा मात्रै शब्द हो जसको न कुनै नाप हुन्छ न त कुनै तौल नै । सायद यस्तै भयावह स्थितिको सामना गर्नुपर्छ भविष्यमा भनेर सन्तान प्राप्तिमा छोराको चाहना राख्दिहुन् छोरीमान्छे ! छोरी जन्मिए पिँजडाको सुगा बनाउन खोज्ने र चाँडै अन्माइदिए आफ्नो कर्तव्य र सम्भावित घटनाको भयबाट पनि मुक्ति मिल्ने कारण हतारमा देखिन्छन् होला छोरीका आमाबाबु । भय र भ्रमसँग डराएर आफ्नो इच्छा र खुबीलाई कहिलेसम्म तिलान्जली दिइरहने छोरीमान्छेले ? भय र डरकै कारण कति छोरीमान्छेहरूले उनीहरूसँग भएका खुबी मार्नु परेको छ । छोरा मान्छेजस्तै खुल्लाखुल्ला भएर अगाडि बढ्न घरसमाजले छुट दिँदो हो त छोरीमान्छे पनि छोरा मान्छेकै तुलनामा निडर, साहसिक र सफल बन्थें होला !

एसिड आक्रमणका घटनाबारे सोचिरहँदा मनमा एउटा प्रश्न उब्जियो- पीडकले एसिड कहाँबाट ल्याउँछन् ? हाइड्रोक्लोरिक र सल्फुरिक एसिडजस्तो शीघ्र जलन गराउने क्षमतावान पदार्थ खुल्लमखुला बेच्न किन दिन्छ सरकार ? तमाम छोरीका तमाम आमाबुबाको प्रतिनिधित्व गर्दै यो प्रश्न सरकारका लागि । एसिड आक्रमणजस्तो जघन्य अपराधप्रति विमर्श गर्दै अनियन्त्रित बिक्री-वितरण बन्द गरियोस् । एसिड के कस्तो बेला उपलब्ध हुने भन्ने विषयमा कानुन बनाइ कडाइका साथ लागू गरियोस् ।

रामजी ज्ञवाली

एसिड आक्रमणमा परेकी मुस्कान अस्पतालमा अभिनेता राजेश हमालका साथ ।

ईश्वरको पतन

साधु फलाहारी थिए । चन्द्रमाको गतिअनुसार भोजन गर्थे । प्रतिपदामा एक थोक, द्वितीयामा दुई थोक, पूर्णिमामा पन्ध्र थोक र औंसीमा निराहार । एक दिन सन्ध्या आरतीपछि साधुले छ महिना फलफूल पनि नखाने घोषणा गरे ।

स्मृति

केशव दाहाल

म सानै थिएँ । तामाको मुनाजस्तो । आमाको हात समाएर दलान, आँगन र करेसाबारी गर्थे । आमा मलाई उनकै लयमा संसारको कथा सुनाउँथिन् । उनैबाट मैले रूख चिनें । फूल चिनें । नदी, झर्ना र बादल चिनें । आमाले मलाई मेरो परिवेश, त्यसको सिमाना र व्यापकता बताइन् । आमा भन्थिन्, 'यो चराचर जगत् ईश्वरको सृष्टि हो । तिमी ईश्वरको सृष्टि हौ । भँगेरा, जुरेली, गौथली र धोबीचरा सबै नै ईश्वरका सृष्टि हुन् । यो आकाश र धर्ती ईश्वरको सृष्टि हो । हाम्रो अगाडि भीष्मपितामहझैं उभिएको मकालु हिमाल ईश्वरको सृष्टि हो ।' आमा ईश्वरमाथि विश्वास गर्थिन् । त्यसैले मैले पनि ईश्वरलाई विश्वास गरें ।

म सात वर्षको थिएँ । त्यही वर्ष हाम्रो गाउँमा एक जना साधु आए । जो आफूलाई ब्रह्मचारी बताउँथे । उमेर ५५ वर्षजति हुनुपर्छ । उनको व्यक्तित्व प्रखर थियो । उनलाई जटाजुट, बिगुत र भष्मको शृंगार खुबै सुहाउँथ्यो । उनी गलामा रुद्राक्षका पाँचवटा माला लगाउँथे । नारीमा पनि रुद्राक्षकै माला बाँध्थे । कलेजी रङको बर्को ओढ्थे । तर खाली खुट्टा हिँड्थे । अनुहारको रोब, आँखाको तेज र रहस्यमय भावभंगिमाले म उनको 'फ्यान' भएँ । एक दिन मेरो सानो टाउको सुमसुम्याउँदै उनले भने, 'यो बच्चा भविष्यमा भगवान्को निकै ठूलो भक्त बन्छ ।' उनको वचन मेरा लागि त्यो समयकै सर्वाधिक अग्लो उत्प्रेरणा थियो । परिणाम म भक्त प्रह्लादजस्तो बन्दै गएँ । बिहान बेलुका भजन गर्थें । आमासँगै व्रत लिन्थें । मन्दिर जान्थें । यसरी म भगवान्को मात्र हैन ती साधुको समेत ठूलो भक्त भएँ ।

गाउँलेहरू साधुलाई 'महाराज' भनेर सम्बोधन गर्थे । उनै महाराजले एक साँझ हाम्रो गाउँमा सधैंका लागि बस्ने मनसाय व्यक्त गरे । सारा गाउँ प्रफुल्ल भयो । महाराजको आज्ञानुसार नै समस्त ग्रामवासीले मिलेर उनलाई सुन्दर कुटी बनाइदिए । जो हाम्रो घर नजिकै थियो । गैरीबारीमाथि, टारमा । नागढुंगाको आडैमा । दायाँतिर ठूलो ओखरको रूख थियो र बायाँतिर काइयोको । बीचमा बाँसको कुटी । बाँसको भित्तो, बाँसकै भ्यालढोका । फराकिलो आँगन, आँगनमा तुलसीको मठ । म कुटीको भव्यताले मोहित भए ।

साधु फलाहारी थिए । चन्द्रमाको गतिअनुसार भोजन गर्थे । प्रतिपदामा एकथोक, द्वितीयामा दुई थोक, पूर्णिमामा पन्ध्र थोक र औंसीमा निराहार । एक दिन, त्यो पौखे औंसीको दिन थियो । सन्ध्या आरतीपछि साधुले छ महिना फलफूल पनि नखाने घोषणा गरे । उनका लागि दूधको प्रबन्ध गरियो । गाउँलेहरूले कुटीको आडैमा सानो गोठ बनाए र दुईवटा गाई बाँधिदिए । दैनिक काममा सहयोग गर्न तीन जना मान्छे छानिए । कर्किनी भाउजू सेविका बनिन् । उनी विधवा थिइन् । उनका पति दुई वर्षअघि आसममा कुयंर खेती लगाउने काम गर्दागर्दै बितेका थिए । न्यौपाने साइँला र कोइराला माइला सेवकमा नियुक्त भए ।

साधु महाराज मधुर लयमा कविता गुनगुनाउँथे । शार्दूलविक्रिडित छन्दमा । कहिले ईश्वरको कविता । कहिले गाउँको कविता । कहिले स्वर्ग र नर्कको कविता । उनको मनमोहक भाव र लय सुनेर भक्तजनहरू आह्लादित हुन्थे । उनी भन्थे, 'तपाईंहरूको भूमि पवित्र छ । तपाईंहरूको मन पनि पवित्र छ । तपाईंहरूभित्र भगवान्को बास छ । तपाईंहरूभित्रको त्यही ईश्वरलाई जागृत गर्न म आएको हुँ ।' कुराकानीमा उनी गाउँको रोचक रहस्य बताउँथे । भन्थे, 'तपाईंहरूको गाउँ त्रिभुज आकारको छ । जसको तीन सुरमा तीनवटा देवस्थल छन् ।' नभदै उत्तरमा सिद्धथान थियो । पश्चिममा नागेश्वर महादेवको गुफा र पूर्वमा सिद्धकाली मन्दिर । यस्तो थियो कि, साधुले सुनाउने प्रत्येक कथाहरू मेरालागि रसपूर्ण थिए । कथासँगै म रुन्थें । हाँस्थें । रमाउँथें । कहिले भावुक हुन्थें । कहिले चञ्चल । बडो आनन्दको समय थियो त्यो । त्यही समयको सिंहासन चढेर म सुदूर भविष्यको कल्पना गर्थें । मेरो कल्पनामा स्वयं मभित्र ईश्वर जागृत हुन्थे । निराकार, निरञ्जन । यो चराचर जगत्मा भगवान्को पवित्रता, कोमलता, शक्ति र सामर्थ्य बोध गरेर म मखलेल हुन्थें ।

यसरी नै आठ महिना बिते । दसैंको चहलपहल सुरु भयो । गाउँमा घर पोत्ने, बाटो सफा गर्ने र लिंगेपिङ हाल्ने काम थालियो । त्यो बेला हाम्रो स्कुल घटस्थापनादेखि नै बिदा हुन्थ्यो । एक दिन, घटस्थापनाको तेस्रो दिन हुनुपर्छ, आमाले मलाई कुटीमा लिपपोत गर्न रातोमाटो दिएर पठाइन् । सानो बोरामा रातोमाटो बाकेर म हानिँदै कुटीतिर लागें । कुटी सुनसान थियो । सबै चकमन्न । म सरासर पूजाकोठा, प्रवचनकक्ष, भान्सा हुँदै साधुको सयनकक्षसम्म पुगें । कोठा शान्त थियो, मात्र साधुको खाट चलायमान देखिन्थ्यो । खाटमा कर्किनी भाउजू र साधु थिए । अर्धनग्न । साधु कर्किनी भाउजूको छातिमा मडारिइरहेका । मलाई देख्नासाथ साधु खाटबाट उठे । भाउजू लुगा मिलाउन थालिन् । साधुले बिस्तारै भने, 'यी देवी बिरामी परिछन्, त्यसैले झारफुक गरेको ।' मैले धेरै कुरा बुझिनँ, न मलाई त्यस्ता कुरामा कुनै वास्ता थियो न जानकारी । त्यसपछि पनि दसैंमा म चारपटक कुटीतिर गएँ । संजोग कस्तो भने, चारैपटक साधु कर्किनी भाउजूलाई झारफुक गरिरहेका भेटिन्थे । मलाई फलफूल दिन्थे, त्यसैमा म रमाउँथें र फर्किन्थें ।

एक दिन पानी पँधेराबाट हल्ला सुरु भयो र गाउँभर फैलियो । हल्ला थियो, 'कर्किनीले पेट बोकेको ।' पेट बोक्नु भनेको के हो ? पेट कसरी बोक्छन् ? मलाई थाहा थिएन । तर धारा, बारी, खेत सबैतिर उखरमाउलो भएपछि मलाई लाग्यो पक्कै कुरा गडबड छ । कसको पेट हो ? को हो त्यो व्यभिचारी ? सर्वत्र यस्तै प्रश्नहरू सुनिन्थे । त्यो पातकीलाई कोर्रा हान्नुपर्छ । आक्रोश थियो जनजनमा । भाइटीकाको भोलिपल्ट कचहरी बस्ने भयो । राईबा प्रधानपञ्च थिए । उनी पनि आउने भए । कचहरी सुन्न हामी सबै उत्सुक थियौं । त्यसैले सबैरै म र मेरा दौंतरीहरू कुटीतिर लाग्यौं । गाउँका सबै भद्रभलाद्मी कुटीको आँगनमा जम्मा भैसकेका थिए । तर कस्तो अनौठो कि त्यो भीडमा साधु थिएनन् । डिलमा कर्किनी भाउजू थिइन् । विक्षिप्त । उनका आँखाबाट आँसु बगिरहेका थिए । ग्लानि, धोका र वेदनाले अनुहार सुन्निएको थियो । कुरा बुझ्दा थाहा भयो, साधुले राति नै चम्पट ठोकेछन् । कस्तो अचम्म ? ईश्वरको साधक यति धेरै निकृष्ट कसरी हुन सक्छ ? घटना यस्तो थियो कि मान्छेहरू आगो भए । गाउँको विश्वास आक्रोशमा फेरियो । गालीको वर्षा चल्यो । व्यभिचारी, पापी, नीच, पतित आदि । तीव्र आक्रोशमा प्रधानबा आफैंले कुटी भत्काउन सुरु गरे । एकै छिनमा सबै कुरा समाप्त भयो । र, त्यही दिन कुटीसँगै मेरो आस्थाको पहिलो ईश्वर धरमरायो ।

●●●

हाम्रो परिवार निकै धार्मिक थियो । बा हरेक बिहान गीता पाठ गर्थे । साँझ भजन गाउँथे । बा भन्थे, 'गीता अमृत सागर हो' । आमा साँझ नित्य आरती गर्थिन् । आमासँगै आरतीमा हामी छोराछोरीहरू पनि सहभागी हुन्थ्यौं । भजन गाउँदा बाको स्वर अत्यन्तै मधुर सुनिन्थ्यो । म त्यो स्वरको जादूमा लट्ठ पर्थें । घरमा यस्तो वातावरण थियो कि तुलसीदासका कविताहरूको भावधारामा हामी ब्युँझिन्थ्यौं र निदाउँथ्यौं । प्रायश एकादशीमा हरिकीर्तन हुन्थ्यो । बा आमा दुवै प्रणामी, त्यसैले प्रत्येक कृष्णअष्टमीमा पारायण लाग्थ्यो । आमा आँखा चिम्लिएर सभक्ति प्रार्थना गर्थिन् । उनी फुसफुसाउँदै भन्थिन्, 'भगवान् परिवारमा सुख र शान्ति देऊ । रोग, दुःख र कष्ट नास होस् ।' त्यो बेला लाग्थ्यो कि आमा साक्षात ईश्वरसँग संवाद गर्दै छिन् ।

गाउँमा अनेक धार्मिक कार्य हुन्थे । सिद्धथानमा बालाचतुर्दशी मेला लाग्थ्यो । नागेश्वर महादेवको गुफामा माघेसंक्रान्ति मेला भरिन्थ्यो । चिंखुवाखोलाको ओडारमा संसारी पूजा हुन्थ्यो । हामी सकल परिवार त्यसमा सहभागी हुन्थ्यौं । म स्कुल जाँदा बर्खाको भेलमा अड्किएका कमिला उतार्दै हिँड्थें । न परेवा काटिन्थ्यो न त कीरा फटचांग्रा नै मारिन्थ्यो । खेतमा आँचिला हान्दा गँडचौला काटिन्थे, त्यस्तो बेला म अनेक ढंगले प्रायश्चित्त गर्थें । आँधी आउँदा र चटचाङ पर्दा म हर्दम भगवान्को नाम जप्थें । भगवान्प्रतिको अगाध आस्थाकै कारण हामीले सिद्धथानमा घण्टदान गरेका थियौं । मन्दिरमा पित्तलको गजूर चढाएका थियौं । बाले आफ्नो जेठो छोरोको पहिलो कमाइबाट मन्दिरमा टिनको छानो हाल्ने भाकल गरेका थिए । सपरिवार ढुक्क थियौं कि भगवान्को आर्शीवाद सधैंसधैं हाम्रो साथ रहनेछ ।

तर त्यस्तो भएन । एक दिन अनिष्ट हुनहुनाउँदै हाम्रो घरको धुरीमा चढ्यो र अपशकुनको विगुल फुक्यो । त्यो यस्तो खबर थियो कि निमेषमै बाले जतन गरेर हुर्काएको सपना उजाडियो । आमाले साँचेको अनन्त विश्वासमाथि पैरो गयो । भयो के भने, कुनै अनिष्टको संकेत नगरीकनै मेरो दाजु बेपत्ता भएको खबर आयो । ऊ राजनीतिक कार्यकर्ता थियो । त्यो यस्तो निर्मोही खबर थियो जसले परिवारको भोक, तिर्खा, थकान र फुर्ती हरेर लग्यो । बिजुली चम्किएजस्तो झिलिक्क भयो र धर्ती र आकाशमा अँध्यारो छायो । आमा बिलौना गर्न थालिन् । बासँग आमालाई सम्झाउने कुनै शब्दहरू थिएनन् । बाले यति मात्र भने, 'यो सबै दैवको खेल हो ।' 'हामीले के पाप गरेका थियौं र दैवले झेल गऱ्यो ?' आमा चिच्याइन् । त्यो सबै यति धेरै हृदयविदारक थियो कि म रुन थालें । मलाई लाग्यो ईश्वर मैले सुनेजस्तो ज्ञानी, दयालु, चरित्रवान र भरोसायोग्य छैन । त्यो दिन, मेरो आँसुसँगै मेरो आस्थाको अर्को मन्दिर पनि ढल्यो ।

●●●

दाजु बेपत्ता भएपछी हाम्रो जीवनधारा नै फेरियो । घरमा श्राप परेजस्तो भयो । हामी बसाइ सर्यौं । त्यो बिहानको मलाई अझै सम्झना छ, रिमरिम उज्यालो नखरदै हामीले पोकापन्तुरा कर्स्यौं । बा अघिल्लै दिनदेखि चुपचाप थिए । आमाका आँखामा आँसुको भेल थियो । बाले घरको मूलढोकामा ताला ढोके र अगाडि लागे । आमाले मेरो हात समाइन् । दिदीहरूले सानोसानो झोला बोके । त्योभन्दा अगाडि लामो यात्रा गर्दा बा सिद्धथानतिर फर्किएर प्रार्थना गर्थें । मंगलस्तोत्र गाउँथें । तर त्यो दिन उनले मन्दिरतिर हेर्दा पनि हेरेनन् । हामी धागो चुँडिएको चंगाजस्तो भयौं । यस्तो भयो कि भीरबाट झरेको ढुंगोजस्तो भयो हाम्रो जीवन । लड्दैपड्दै कता थामिन्छ थाहा छैन । यसरी हामी तरहरा आइपुग्यौं ।

भाडाको घर थियो । ठूलोघर, खेतबारी, गाईबस्तु, छरछिमेकी, गोठालाखेतालाबीच रमाउने हामी भाडाको दुई कोठामा थन्किर्यौं । ती दिनहरू निकै दुःखद थिए । बाआमा चौबीसै घण्टा शोकमा हुन्थे । हामी सानै थियौं र उनीहरूलाई सम्झाउने हामीसँग शब्दहरू थिएनन् । अगाडि मात्र अनिश्चित भविष्य छ, बाँकी सबै लुटियो भन्ने बोधले होला सायद बाआमा डराएका थिए । आफैंसँग । समयसँग । नातासम्बन्धसँग । त्यसैले सधैं अतालिएजस्तो देखिन्थें । बिहान उठ्दा आमाका आँखा राता हुन्थे । जीउमा आलस्य देखिन्थ्यो । बाको

> भरतपुर अस्पतालमा अप्रेसन गरेर आमालाई निकालिएको थियो । आमाको होस आउँदा म उनको अगाडि थिएँ । आमाले आँखा खोलेर सोधेको पहिलो प्रश्न थियो- के खायौ ? खाना खायौ ? मेरा आँखा भरिए ।

अनुहारमा न जीवन थियो न आस्था थियो न त सपना ।

तर समय सधैं एउटै रहँदैन । यसैले होला, बिस्तारै बिस्तारै समयले हामीलाई पुनः समाल्दै लग्यो । बाआमाले सिन्का सिन्का जोडेर घर बनाए । घरमा सानो मन्दिर पुनः सजाइयो र अर्चना सुरु भयो । यसो भनौं हामीले भगवान्लाई माफ गर्यौं । अभाव त थियो नै तर आशाहरू जागृत भएका थिए । यसरी नै लगभग पन्ध्र वर्ष बिते । यी पन्ध्र वर्षमा फेरि जीवन आफ्नै लयमा फर्कियो र सबै कुरा नियमित बन्यो ।

तर यो सबै त्यतिबेला एक्कासि रोकियो जब बा बिरामी परे । सुरुमा उनका पाइलाहरू लरबराउँदै गए । बोली बिस्तारै लट्टिँदै गयो । यति चाँडो रोगले गाँज्यो, मानौं कि हामीले सोच्न र सम्हालिनै पाएनौं । बा ओछ्यान परे । खाना, वस्त्र, बाथरुम सबैसबै बाका लागि कष्ट बने । सहाराबिना बा चटपटाउन पनि नसक्ने भए । घरमा परिचित मान्छेहरू आउँदा उनका आँखाबाट आँसु झर्थे । हामीलाई थाहा थियो बा सबै कुरा बुझ्छन् । उनका रहरहरू आँखामा छचल्किन्थे । यस्तो लाग्थ्यो कि, बासँग उसरी नै भजन गाउने रहर छ । उसरी नै आफ्नो घरगोठ सुमसुम्याउने रहर छ । उसरी नै मान्छेसँग कुरा गर्ने रहर छ । सायद बा आफूले हिँडेको बाटोको कुरा गर्न चाहन्थे । तर शब्दहरू थिएनन् । सायद बा आफ्ना दौंतेरीहरूसँग आफूले बिताएका पुराना दिनहरू सम्झिन चाहन्थें । तर सम्झनामा लय थिएन । त्यो सबै आफ्नै आँखाले देखेको मैले ईश्वरलाई प्रश्न गरें, कुनै पाप नगरेका मेरा बा किन थला परे ? सधैं पूजापाठमा मग्न मान्छेमाथि किन तिम्रो दृष्टि पुगेन प्रभु ? कथाहरूमा दयालु देखिने तिमी हाम्रा लागि किन यति धेरै निष्ठुरी भयौं ? तर ईश्वर बोलेन । बा झन्झन् गल्दै गए ।

यस्तैमा एक दिन आमाले भनिन्, 'दाँत दुख्यो ।' दाँत दुख्नु कति साधारण कुरा हो । तर त्यही साधारण कुराले बिस्तारै घरमा अर्को संकट थपिदियो । आमाको दाँत चेक जाँच गर्दै डाक्टरले भन्यो, 'यो दाँत दुखेको हैन, क्यान्सरले समातेको हो ।' आमाको मुखमा क्यान्सर देखियो । परिवारमा पुनः भुइँचालो गयो । आमालाई उपचारका लागि भरतपुर लैजान एक्बुलेन्स बोलाइयो । अर्को दिन मिरमिरेमै आँगनमा एम्बुलेन्स आइपुग्यो । जति बेला हामी एम्बुलेन्स चढ्दै थियौं, ठीक त्यही बेला बा लडे । बालाई उठाउन जाँदा मैले देखें उनका आँखामा आँसुका धारा थिए । तर ओठमा शब्दहरू थिएनन् । म र कालिका दुवैका लागि त्यो सायद सबैभन्दा ठूलो कष्टको क्षण थियो । हो, त्यही क्षण मलाई लाग्यो ईश्वर छैन । ईश्वर मिथ्या कुरा हो ।

●●●

अब म थोरै मेरी आमाका विषयमा बताउँछु । मेरी आमा संसारकै सबैभन्दा राम्री आमा हुन् । मलाई यस्तै लाग्थ्यो जब म बच्चा थिएँ । आमा बिहीबारे बजारबाट कटहर ल्याउँथिन् । मलाई आलु तारेर खुवाउँथिन् । आमाको पोल्टामा प्रायशः मिस्री हुन्थ्यो जो मलाई खुबै मन पर्थ्यो । बाले गाली गर्दा आमा मेरो पक्ष लाग्थिन् । मलाई थपथपाउँदै सुताउने र बिहान गुनगुनाउँदै उठाउने मेरी आमा मेरालागि सुखको अनन्त समुद्र थिइन् । म आमाको बास्ना आँखा चिम्लिएरै अनुभूति गर्थें । त्यो बास्ना, त्यो स्पर्श, त्यो ममता, त्यो श्वासप्रश्वास मेरालागि अमूल्य थिए ।

मैले आमालाई कहिले चिनें ? समय, दिन र घडीपला थाहा छैन । तर आमाको सम्झना आउँदा पसिनाले भिजेर नाकको टुप्पोसम्म झरेको सिन्दूर सम्झन्छु । म सम्झन्छु बिफरले खाएको अनुहारमा उज्याला धर्साहरू, केही फुस्रा आँखा, कालो र बाक्लो कपाल, निधारमा ठूलो टीका । म सम्झन्छु आमाले धारामा लुगा धुँदै गरेका ती पुराना क्षणहरू । म पानीमा खेल्दै हुन्छु र आमा नजिकै चौरमा लुगा सुकाउँदै हुन्छिन् । आमाले डोकोमा हालेर बोकेको लुगाको भारी र त्यसमाथि बसेको म आफैंलाई सम्झन्छु । म सम्झन्छु मेरी आमाका हातमा हर्दम छम्छम् बज्ने चुराहरू । नृत्यमग्न अप्सराका जस्ता सधैं चलायमान खुट्टाहरू । उनी निरन्तर काममा हुन्थिन् । हामी सुतेपछि सुत्थिन् । हामी नब्युँझँदै उठ्थिन् । आमाका अनेक चित्र जब मेरो मनमा बतासझैं आउँछन्, मलाई लाग्छ आमा भनेको काख हो । आस हो । हाँसो हो । खुसी हो । आमा भनेको मनचिन्ते संसार हो । आमा छन् र नै यो संसार बस्नयोग्य छ । अन्यथा यो संसार कति धेरै उराठ हुन्थ्यो होला ?

भरतपुर अस्पतालमा अप्रेसन गरेर आमालाई भर्खर मात्र निकालिएको थियो । आमाको होस आउँदा म उनको अगाडि थिएँ । आमाले आँखा खोलेर सोधेको पहिलो प्रश्न थियो– के खायौ ? खाना खायौ ? मेरा आँखा भरिए । मनमा आमाकै बारेमा केही प्रश्न लहरझैं उठे । मायाको परिभाषा के हो ? थाहा छैन । आमाको माया कहाँ हुन्छ ? थाहा छैन । आमा किन आफ्ना सन्तानलाई यति धेरै माया गर्छन् ? थाहा छैन । आमा किन आफू भोकै बसेर सन्तानलाई खुवाउँछन् ? थाहा छैन । मलाई लाग्यो संसार भगवान्ले हैन, आमाको आशीर्वादले चल्छ ।

अस्ति मात्र, यो असोज पहिलो हप्ताको कुरा हो । घरमा दसैंको विषयमा सरसल्लाह हुँदै थियो । किनमेलको लिस्ट बन्दै थियो । आमाले भनिन्, 'मन्दिरमा चढाउन एउटा झुल ल्याउनू । राजीको पाउदान पनि फेर्नुपर्छ ।' मेरी आमा क्यान्सरलाई जितेर पुनः आफ्नै लयमा फर्किंदै थिइन् । उनी आफैं अनेक कष्टसँग जुधिरहन्थिन् । तर पनि सुन्दर साथको कुरा गर्दा रमाउँथिन् र गोकुलधामका कविताहरू गुनगुनाउँथिन् । हो, त्यही रात सबै कुरा फेरि गडबड भयो । मानौं संगीतको लय बिग्रियो । सितारको तार टुट्यो र हाम्रो परिवारमा अर्को बज्र खस्यो । भयो के भने, आमा रातभर सुत्न सकिनन् । बोली बिग्रियो । होस हरायो । आमा परिचय, सम्बन्ध र स्वार्थको संसारबाट निस्किइन् र बेहोसीमा प्रवेश गरिन् । हामी रातभर सुतेनौं । बिहान अस्पताल लगियो । डाक्टरले भने आमामा 'डिमेन्सिया' को लक्षण देखियो । हामी फेरि थिलथिलो भयौं । हाम्रो जीवनको शान्त तलाउमा फेरि कसैले ढुंगा हान्यो ।

अस्पतालबाट आमालाई घर लगियो । स्वाभाविक छ मान्छेहरू आउने नै भए । सबैले सोध्ने प्रश्न उही हुन्थ्यो– मलाई चिन्नुहुन्छ ? उसलाई चिन्नुहुन्छ ? आदि इत्यादि । यस्तैमा एक जना छिमेकीले मलाई देखाएर सोधे– यो मान्छे को हो, चिन्नुहुन्छ ? आमाले भनिन्, 'मेरो बूढो ।' बस मेरो जमिन काम्यो । जब आफ्नी आमाले छोरालाई आफ्नो लोग्ने भनेर चिन्छन् तब के हुन्छ ? मेरा आँखाबाट आँसु झरे । मेरी आमा जीवनको कस्तो क्षणमा आइपुगिन् ? मैले आकाशलाई प्रश्न गरें । धर्तीलाई प्रश्न गरें । त्यो क्षण मलाई पूरापूर विश्वास भयो, ईश्वर छैन । ईश्वर मान्छेले निर्माण गरेको फगत एउटा भ्रम हो ।

आमाको कुरा सुनेर सबै स्तब्ध भएँ । मैले आमालाई हेर्न सकिनँ र आकाशतिर हेरें । आकाशमा शरदको कञ्चन सूर्य झलमल्ल थियो । मैले उसैलाई सोधें, हे सूर्यदेव भन के ईश्वरको पतन भयो ? सूर्य मौन थियो । आकाश मौन थियो । हावा मौन थियो । हो, त्यही क्षण मैले निष्कर्ष निकाले, 'ईश्वरको पतन भयो ।' ईश्वरको गरिमा, पवित्रता र शक्तिको स्खलन हाम्रो समयकै सबैभन्दा ठूलो दुर्घटना हो । प्रिय बन्धुहरू ! मेरो यो निष्कर्षका लागि मलाई माफ गरिदिनुहोला ।

dahal.keshab@gmail.com

कविता

स्वप्निल स्मृति

साँघुरो कोट

यसो उठाउँछु अभिवादनमा हात
दाहिने काखीमा उध्रिनु खोज्छ
सेवारो, नमस्कार गर्दा माननीयहरूलाई
कसैले पाता कसेझैं लाग्छ
सिरानी हालेर सुत्न पनि त पुग्दैन घाँटी अरिन्छ
न जाडो छेक्छ न गर्मीमा बाहुलाले पसिना पुछ्न मिल्छ
तै पहिरिनै परेको छ बिहेमा, भोजमा, सार्वजनिक समारोहमा...

मलाई थाहा छ–
यसलाई बुन्ने कपडाको जन्म कुनै कारखानामा भएको हो
तर त्यसको गर्भाधान मैजस्तो यही धरतीमा भएको थियो
म जान्दछु–
यसलाई तुन्ने धागो र सियो कस्को हातमा छ !
एक-एक सम्झिल्याउँदा
बजारमा नाङ्गै निस्कुँझैं रिस उठ्छ
तर जति नै रिसमा, जोशमा, लाजसरममा पनि

दुवै हात गोजीमा लुसुक्क छिराएर
बडो शालीन मुद्रामा
बाँच्न त शान्त बाँचेको छु
थाहा छैन यसरी कतिन्जेल बाँच्न सक्ने हो !

मेरो साँघुरो कोट
मैले बाँचेको लोकतन्त्र हो ।



राजगोमन रहस्य

प्रकृति

करनबहादुर शाह

कुलबहादुर थापा

सर्पले पनि गुँड बनाउँछ भन्ने तपाईंलाई थाहा छ ? सामान्यत: सर्पका अधिकांश प्रजाति अर्कालेे बनाएका प्वालमा बस्छन् । लुक्न उपयोग गर्ने आश्रय आफैं बनाउने सरिसृपका प्रजाति नगन्य छन् । प्रजननको याममा फुल पार्न आफ्ना लागि चराजसरी नै गुँड बनाउने सर्प राजगोमन हो ।

विषालु सर्पका सूचीमा संसारमै घातकमध्ये अग्रणीमा पर्ने यो सर्प हाम्रै वरपर बस्छ । २० देखि ३० वटासम्म अण्डा पार्ने सर्पको यो प्रजाति नेपालमा तराईदेखि झन्डै २५ सय मिटरसम्मका भूभागमा पाइएको रेकर्ड छ । करिब ३५ वर्षअघि कास्कीको नौडाँडास्थित बाँझगुराँसको जंगलमा राजगोमन भेटिएको थियो । उक्त घटना सार्वजनिक हुनुअघिसम्म नेपालमा पनि सर्पको यो प्रजाति पाइनेबारे यकिन भइसकेको थिएन । सरिसृप अध्ययनका क्रममा उक्त क्षेत्रमा पुग्दा स्थानीय गाउँलेहरूले राजगोमनको आश्रयलाई अजिंगरको गुँड भनेर देखाएका थिए । गुँड बिगारिएको थियो, त्यसका फुटाइएका अण्डाहरूका बोक्रा हेरेर त्यहाँ राजगोमनकै बासस्थान हो भन्ने यकिन गरिएको थियो ।

स्थानीयले गुँड र त्यसमा बसेको सर्प देखेपछि मारेर २५ वटा अण्डालाई फुटाइदिएका रहेछन् । त्यसपछि झन्डै तीन दशकको अवधिमा नेपालमा राजगोमनको गुँड फेला परेको न कतैबाट सुनियो न त सम्बन्धित विषयमा अध्ययन अनुसन्धान गर्नेहरूले कतै फेला पारेको उल्लेख गरेको पढ्न-सुन्न मिल्यो ।

विगत ४/५ वर्षदेखि राजगोमनको गुँड पाल्पा, कास्की, मकवानपुर, दोलखा र काठमाडौंलगायतका जिल्लाहरूमा फेला परेका छन् । मकवानपुरको कुलेखानी जंगलमा भेटिएका तीनवटा गुँड जोगाउन धेरै मिहिनेत गर्नुपरेको थियो । दुइटा गुँडका अण्डा स्थानीय गाउँलेले फुटाइदिएका थिए । हामीले स्थानीयलाई राजगोमनको विशेषताबारे जानकारी गराएका थियौं । त्यहाँका तीनवटा गुँडमा ७१ अण्डा रहेछन्, जसमा ५१ वटा अण्डाबाट बच्चा निकाल्न सकियो भने बाँकी २१ वटा नष्ट गरिसकिएका थिए ।

दोलखाको जगात क्षेत्रमा पनि गत वर्ष यस्तै भएको थियो । त्यहाँ गौरीशंकर संरक्षण क्षेत्रका संरक्षण अधिकृत विष्णुप्रसाद पाण्डेले गुँडमाथि बसेको राजगोमनको फोटो हामीलाई पठाएर 'कुन सर्प हो ?' भनेर सोधेका थिए । हामीले 'राजगोमन हो, गुँड बनाएर ओथारो बसेको अवस्था हो' भनेर जवाफ दिनुका साथै उक्त क्षेत्रमा त्यसअघि सर्पको उक्त प्रजाति पाइएको अभिलेख नभएकाले जसरी पनि जोगाउनुपर्छ भन्ने सन्देश पठाएका थियौं । स्थानीयलाई उक्त सर्प र त्यो गुँडको विशेषताबारे जानकारी गराएर जोगाउन सकिने सल्लाह दिएका थियौं । हामो सल्लाहमा पाण्डेजी सहमत भए पनि परिणाम अनपेक्षित भयो । सुरुसुरुमा सर्पको गुँड अनौठो भन्दै हेर्नेको भीड लाग्यो । केही दिनपछि गुँडको नामनिसान थिएन ।

आजभोलि राजगोमनको गुँडलाई स्थानीयको कोपभाजनबाट जोगाउन धेरै गाह्रो छ । 'एउटा सर्पले त हामीलाई टोकेर मार्ने सम्भावना रहन्छ भने यी अण्डाहरूबाट निस्केका बच्चाहरू त झन् हाम्रै गाउँमा आएर घरभित्रसमेत पसेर हामीलाई टोक्ने हुन्' भन्ने भनाइ सर्वत्र सुनिन्छ, जुन सत्य होइन । मान्छेसँग सर्प डराउँछन् । आफूलाई आपत् परेर प्रतिरक्षा हेतु मात्रै सर्पले डस्ने हुन् । हामीले उनीहरूलाई बाधा नपारे उनीहरूले पनि हामीलाई केही गर्दैनन् ।

●●●

गत साउन १० मा सुन्दरीजलको पुवारगाउँमा पत्करको थुप्रोमाथि एउटा ठूलो सर्प केही दिनदेखि बसिराखेको छ भन्ने खबर र तस्बिर हामीले पायौं । हेरेपछि त्यो राजगोमन हो र गुँड बनाएर बसेको भन्ने बुझ्न हामीलाई गाह्रो भएन । हामी शिवपुरी राष्ट्रिय निकुञ्जका अधिकारीहरूसँग त्यहाँ पुग्यौं । बाँसको गाँजमा पुरानो राजकुलोमाथि राजगोमनको गुँड रहेछ । पहिलोपटक हामी त्यहाँ पुग्दा गुँडमाथि राजगोमन बसिरहेको थियो । हामीले टाढैबाट उसलाई व्यवधान नपुग्ने गरी तस्बिर लियौं । हामीले अवलोकन गरेको देखेर स्थानीय पनि आए । प्रश्नहरू सोध्न थाले । उनीहरूलाई हामी त्यो सर्प समात्न आएका हौं भन्ने भ्रम परेको रहेछ । 'जसरी हुन्छ लिएर जानुहोस्' भन्दै थिए । हामीले एक छिन त्यहाँ बसेर निकुञ्जका कर्मचारी र स्थानीयलाई सर्पको उक्त प्रजातिबारे धेरै चाखलाग्दा कुरा बतायौं, ताकि अन्यत्रजस्तै त्यहाँ पनि गुँड भत्काएर अण्डा फुटाउने काम नहोस् ।

सर्पको गुँड स्थानीय पवन खड्काको घरभन्दा माथि अन्दाजी १ सय ५० मिटरको दूरीमा थियो । त्यहाँसम्म पुग्न अत्यन्तै साँघुरो र अप्ठ्यारो गोरेटो बाटो मात्र थियो । अत: गुँड भएको ठाउँमा मान्छेहरू विरलै जान्थे । तर, राजगोमनको गुँड छ भन्ने थाहा पाएपछि त्यहाँ पनि दर्शनार्थीको घुइँचो लाग्न सुरु भएको थियो ।

हामी त्यहाँ बस्दै गर्दा जम्मा भएका गाउँलेले धेरै बेरसम्म फिर्न कुनै तरखर नदेखाएका कारण हामीले त्यहाँबाट झर्न लागेको नाटक गर्‍यौं । गुँडभित्रका अण्डा उनीहरूले नदेखुन् भन्ने हाम्रो चाहना थियो । सुरक्षाको दृष्टिले यो जरुरी पनि थियो । केही साथीहरू तल झर्न थाले । त्यहाँ होहल्लाका कारण सर्प पनि गुँड छाडेर अलि तल बाँसघारीभित्र पसेर टाउको मात्र देखाएर बस्यो । त्यसपछि गाउँले पनि तलतिर झरे । हामी त्यही मौकाको पर्खाइमा थियौं । फटाफट गुँडको अध्ययनका लागि आवश्यक पर्ने तथ्यहरू अभिलेख गर्नतिर लाग्यौं । गुँड बनाउन प्रयोग गरिएका सामग्री, गुँडको उचाइ, लम्बाइ र गोलाइ नापेर लेख्यौं । अनि सावधानीपूर्वक गुँड उघार्‍यौं । त्यहाँ २३ वटा सुन्दर अण्डा थिए । अण्डा सबै स्वस्थ थिए । पछिका अनुगमनमा आउँदा पुन: प्रत्येक अण्डाको अवस्थाको बारेमा जानकारी होस् भनेर प्रत्येकमा छुट्टाछुट्टै अंक लेख्यौं । यसरी अंक लेख्दा एउटा अण्डामा तीन फरक-फरक ठाउँमा लेख्यौं, ताकि अन्य

> राजगोमनका यी अण्डाबाट निस्केका बच्चाहरू हाम्रै गाउँमा आएर घरभित्रसमेत पसेर हामीलाई टोक्ने हुन्' भन्ने भनाइ सर्वत्र सुनिन्छ, जुन सत्य होइन ।

कुनै कारणले वा पछि बच्चा निस्कने बेलामा प्वाल पार्दा ती अंक नमेटियोस् । अनि अण्डाका तौल, लम्बाइ र चौडाइको पनि नाप लियौं । त्यसपछि, पुन: अण्डाहरूलाई गुँडमा राखी पोथी राजगोमनले राखेको जसरी नै राम्रोसँग छोपछाप पारिदियौं ।

त्यहाँबाट तल झरेर पवन खड्का दम्पतीसँग उक्त सर्प र गुँडको सुरक्षाबारे कुरा गर्‍यौं । उहाँलाई दिनको कमसेकम एकपटक त्यहाँ गएर अलि टाढैबाट हेरिदिन आग्रह गर्‍यौं । हामीले सबैलाई जति सकिन्छ, सो क्षेत्रमा भएको राजगोमनको गुँडको कुरा गोप्य राख्न आग्रह गरेका थियौं । तर त्यो त्यति सजिलो थिएन । चार-पाँच दिनको अन्तरालमै पत्रिकाहरूमा समाचार आउन थाले । एक कान दुई कान मैदान भनेझैं टाढाटाढा जिल्लामा भएका साथीहरूले समेत फोन गरेर हामीलाई सोध्न थाले । सबैलाई हाम्रो एउटै उत्तर हुन्थ्यो 'हुन त हो तर निकुञ्जका अधिकारीले त्यहाँ जान दिएका छैनन् ।' यति भन्दाभन्दै पनि केहीले उल्टो बाटोबाट गएर समेत गुँडलाई हेर्न र फोटो लिन भ्याए ।

हामीलाई मुख्यत: तीन कुराको डर थियो । गुँड र गुँडभित्रका ती अण्डालाई स्थानीयले सर्पदंशको डरले फुटाइदिने पो हुन् कि ? ती अण्डाको महत्त्व थाहा पाएकाहरूले चोरेर लैजान्छन् कि ? वा गोहोरो, बँदेल, न्याउरीमुसो, मलसाँप्रोजस्ता जनावरले गुँड बिगारेर अण्डा खाइदिने हुन् कि ? उक्त क्षेत्रमा खोस्रिएका जमिन हेर्दा त्यहाँ बँदेल आउने गरेको प्रस्ट हुन्थ्यो ।

हामी काठमाडौंबाट प्रत्येक दुई हप्तामा उक्त स्थानमा गएर गुँडको अनुगमन गर्थ्यौं । निकुञ्जका अधिकारीहरू सधैं हामीसँगै हुन्थे । प्रत्येकपटक हामीले गुँड उघारेर अण्डाहरूको अवस्था जाँच गरी आवश्यक अन्य सबै तथ्यांक टिपोट गर्थ्यौं । हामी गत भदौ १२ मा त्यहाँ पुग्दा सधैंझैं गुँडमाथि पोथी राजगोमन बसेको देखिएन । कुरा बुझ्दै जाँदा ३/४ दिनअगाडि उसले गुँड छाडेकी रहिछ । यो सामान्य कुरा थियो । सामान्यत: अण्डाबाट जब बच्चाहरू निस्कने समय आउँछ, तब माउ सर्प गुँड छाडेर जान्छन् । यसो गर्नुको कारण राजगोमनको सर्पहरू नै खाने बानी र आफू गुँड बनाएदेखि लामो समय केही नखाई बस्ने हुनाले भोकको झोंकमा आफ्नै बच्चा खाइएला भन्ने डर हो ।

यसपालि पनि हामीले उही तरिका दोहोर्‍यायौं । अनुगमनका क्रममा २३ वटामध्ये १७ नम्बरमा एउटा सानो प्वाल परेको भेटियो । त्यस प्वालबाट अण्डाभित्र हेर्दा अण्डाको पँहेलो भाग र बच्चा देखियो । यस्तो अवस्थामा बच्चा कि त मरेको हुन्छ वा नमरेको भए मर्ने सम्भावना अधिकतम रहन्छ । त्यसैले हामीले त्यो अण्डाभित्रको बच्चालाई बिस्तारै चलाएर हेर्‍यौं । यसो गर्दा बच्चा चलेको थाहा पायौं । अब त्यो अण्डालाई अरू अण्डाहरूसँगै राख्दा संक्रमण हुने वा किट/कमिला आकर्षित गर्ने सम्भावना भएकाले हामीले प्रयोगशाला ल्याएर राख्यौं । ल्याएको तेस्रो दिन त्यो बच्चा मरेको पाइयो । अण्डाबाट बाहिर निकालेर नाप लिँदा बच्चा ४१ सेमि लम्बाइको थियो ।

त्यहाँ हामी अन्तिमपटक भदौ १९ मा गयौं । अघिल्लोपटक जाँदा भेटिएको बिग्रिएको अण्डाभित्रको बच्चाको विकास अवस्था देखेर हामीले अबको एक हप्ता हाराहारीमा बच्चा निस्कन्छन् भन्ने बुझेका थियौं । गुँड उघारेर हेर्दा सबै अण्डाबाट बच्चा निस्किसकेका थिए । सबै गुँडभित्रै बसिराखेका देखिए । हामीले ती बच्चाहरूको नापतौल लिनुका साथै तस्बिर पनि लियौं । त्यसपछि ती बच्चाहरूको वैज्ञानिक व्यवस्थापन गर्ने हेतु विशेष किसिमले बनाइएको कपडाको झोलामा राख्यौं र सुरक्षित स्थानमा लगेर छाडिदियौं । हामो त्यो अन्तिम अनुगमन यात्रामा निकुञ्जका अधिकारीहरूसहित नेपालका लागि अस्ट्रेलियाली राजदूत पिटर वड पनि गएका थिए । सर्पमा रुचि राख्ने उनी सबैभन्दा लामो विषालु सर्प, त्यसको गुँड र अण्डाबाट निस्किएका बच्चा प्रत्यक्ष देख्न पाउँदा निकै खुसी भएका थिए ।

त्यसको केही दिनपछि शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जको पानी मुहान क्षेत्रमा राजगोमनका दुइटा बच्चा भेटिएको सूचना निकुञ्जका अधिकारीहरूबाट पायौं । ती बच्चाहरूको लम्बाइ हेर्दा कोरलिएको हप्ता दिन जति भएको देखिन्थ्यो । हामीले एक दिन पूरै ती भेटिएको क्षेत्र आसपास खोजी गर्‍यौं तर गुँड फेला परेन । बरु अर्को एउटा बच्चा फेला पर्‍यो, जसको तस्बिर लिएर छाडयौं । राजगोमनले गुँड बनाउने सुरुका समयमा जमिनमा वर्षा घाँसपात उम्रिएका हुँदैनन् र माउ सर्प पनि बसिराख्ने भएकाले गुँड फेला पार्न अलि सजिलो हुन्छ । वर्षा बढेसँगै घाँसपात बढ्दै जाने हुँदा गुँड छोप्पिँदै जान्छ र गुँड भेटाउन कठिन हुन्छ । यसको सार कुरा के हो भने जहाँ वयस्क भालेपोथी सर्प हुन्छन् त्यस क्षेत्रमा ती सर्पले गुँड बनाएर बच्चा अवश्य काढ्छन् । हामीले तिनका गुँड भेट्नु संयोग हो । जानिराख्नुपर्ने कुराचाहिँ के हो भने कुनै पनि विषालु सर्पको भर्खर जन्मेको बच्चा पनि आफ्ना आमाबाबुजत्तिकै विषालु हुन्छन् । यसकारण तिनलाई हेपेर जिस्क्याउने चलाउने गर्नुहुँदैन ।

●●●

राजगोमनबारे विभिन्न चाखलाग्दा तथ्य लेखिएका भेटिन्छन् । पुराना किताबहरूमा लेखिएको एउटा कुरा के थियो भने गुँड बनाउँदा यसले जमीनमा भएका सुक्खा पातपतिंगर पुच्छरको सहायतालेे जम्मा पार्छ । तर, हामीले गरेको अध्ययनमा यो प्रक्रिया अलि फरक देखिएको छ । राजगोमनले आफ्नो टाउकोदेखि पुच्छरसम्म शरीरको सम्पूर्ण लम्बाइ प्रयोग गरी गुँड बनाउने गरेको पाइयो, जुन पछिल्लो समय भारत र थाइल्यान्डलगायतमा गरिएका अवलोकनसँग मेल खान्छ । राजगोमन अत्यन्तै आक्रामक हुन्छन् भन्ने पुरातन मान्यताविपरीत हामीले यो सर्प निकै भलाद्मी र डसिहाल्ने प्रवृत्ति नभएको पायौं । नेपालमा अहिलेसम्म राजगोमन सर्पको डसाइबाट मानिसको मृत्यु भएको एउटा मात्र घटना हाम्रो जानकारीमा छ । उक्त घटना पनि मृतकले सो सर्प राजगोमन हो भन्ने पहिचान नगरी सर्पलाई पीडा हुने गरी समाएर खेलाउँदा भएको थियो ।

बासस्थान विनासका कारण सबै प्रकारका सरिसृपका प्रजाति संकटमा छन् । अझ देख्नेबित्तिकै मान्छेले मारिहाल्ने भएकाले सर्प निकै नै असुरक्षित छन् । राजगोमनलाई आईयूसीएनको रेड लिस्टमा सन् २०१० मै 'असुरक्षित' को दर्जामा राखिएको छ । यसले पनि अरू सर्प जसरी मुसा खाने भए पनि मुख्य आहारा सर्प नै हो । यसले अरू प्रजातिका सर्पको सिकार गर्छ । संसारमा हालसम्म राजगोमन १९.२ फिट लामो राजगोमन पाइएका छन् । अण्डाबाट निस्केर वयस्क हुन्जेल सर्पलाई अरू जीवजन्तुको सिकार हुनबाट बच्न निकै सास्ती छ । सरदर २० वटा अण्डाबाट निस्कने बच्चामध्ये वयस्क हुने अवस्थासम्म पुग्नेको संख्या आधा दर्जन हाराहारी मात्रै हुन्छ ।

फरक छनोट

गत वर्ष प्रदान नगरिएको साहित्यको नोबेल यस वर्ष घोषणा हुनास

नोबेल

बुद्धिसागर मरासिनी

राजनीतिक विचारका कारण विवादमा पर्ने कमै साहित्यकारमा पर्छन् अस्ट्रियाली लेखक पिटर हान्डके । युद्धअपराधी स्लोबोदान मिलोसेभिचको सन् २००६ मा गरिएको अन्त्येष्टि समारोहमा गरेको टिप्पणीपछि उनी निकै विवादमा परे ।

'बाल्कनको कसाही' उपनामले समेत परिचित मिलोसेभिचको आदेशका कारण सन् १९९३ को बोस्निया युद्धमा १ लाख मानिसले ज्यान गुमाए । सर्बिया तथा युगोस्लाभियाका पूर्वराष्ट्रपति मिलोसेभिचलाई बोस्निया, क्रोएसिया र कोसोभोमा गरिएका क्रूर आक्रमण तथा यातनामा दोषी ठहर गर्दै अन्तर्राष्ट्रिय फौजदारी अदालतले युद्ध अपराधी घोषित गरेको थियो ।

मिलोसेभिचको अन्त्येष्टिका क्रममा उनले भनेका थिए, 'मलाई सत्यता थाहा छैन । तर म हेर्छु, म सुन्छु, म अनुभव गर्छु, म स्मरण गर्छु, त्यसैले म आज यहाँ छु, युगोस्लाभिया, सर्बिया र स्लोबोदान मिलोसेभिचको नजिक ।' अन्त्येष्टिमा बोल्दै उनले मिलोसेभिचले आफ्ना जनताको प्रतिरक्षा गरेको बताएका थिए ।

नाटक तथा उपन्यास सिर्जनामा क्रियाशील हान्डकेले जर्मनीको प्रतिष्ठित हेनरिच हेइन पुरस्कारका लागि गरिएको छनोटबारे प्रश्न उठेपछि रद्द गर्न माग गर्दै पत्रसमेत लेखे । पुरस्कारबारे स्वतन्त्र जुरीले निर्णय गर्ने भए पनि डुजलडर्फ सहरको काउन्सिलले अनुमोदन गर्नुपर्ने प्रावधान छ ।

डुजलडर्फको सिटी काउन्सिलले जुरीको निर्णयविरुद्ध भिटो लगाउने बताएपछि उनले आफूलाई पुरस्कारको आवश्यकता नरहेको भन्दै पत्र मेयरलाई लेखेका थिए ।

यसका साथै 'केही क्षणका लागि ध्यान

फोटो
आरके अदीप्त गिरी

> बाह्रसिंगा सिङ भएको 'स्पोटेड डियर' हो भन्ने धेरैको बुझाइ हुन सक्छ । तर, बाह्रसिंगा विश्वमै दुर्लभ मानिएको फरक प्रजातिको जनावर हो । यसबारे गलत बुझाइलाई चिर्न मात्र सक्ने हो भने पनि शुक्लाफाँटालाई बाह्रसिंगाको हबका रूपमा अन्तर्राष्ट्रिय क्षेत्रमा चिनाउन सकिन्छ ।

नेपालको एक मात्र बाह्रसिंगा भूमि– शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज । सुन्दर सुदूरपश्चिमको दक्षिण-पश्चिमी कुनामा अवस्थित । शुक्लाफाँटाको विशाल छातीमा चरिरहेका बाह्रसिंगाको दृश्य पर्यटकहरूका लागि अविस्मरणीय त छ नै, उत्तिकै सुन्दर पनि ।

उसो त यहाँ बाह्रसिंगा मात्रै छैनन् । दुर्लभ पाटेबाघ, गैंडा, हात्ती, कृष्णसार, सालक, नीलगाई, चितुवा, चित्तल, लगुना, रतुवा, बँदेल आदि थुप्रै संरक्षित जीव छन् । यी विविधामय जैविकी र प्रकृतिले गर्दा यहाँ आउने पर्यटकले एकसाथ अनेक आनन्दानुभूति सँगाल्न सक्छन् ।

त्यस्तै शुक्लाफाँटाको विशाल जंगलले अनेकन किसिमका चराचुरुंगीलाई समेत आश्रय दिएको छ । यसको कञ्चन आकाशमाथि आफ्ना बहुरंगी पखेटाहरू फैलाएर कावा खाइरहेका ती चराहरूको दृश्य अझ आनन्ददायी हुन्छ । हर्ष र उमंगले त्यसै पुलकित भइदिन्छ मन ।

घना जंगलबीच आँगनजस्तो यस ठाउँमा कतैबाट अचानक देखापर्छ दुर्लभ पाटेबाघ । तब अघिसम्म निर्धक्क रमाइरहेको मनमा हल्का डर पनि पस्छ । गैंडाहरूको मस्तीले फेरि मन हर्ष थाल्छ । हात्तीहरूको लम्काइले हाम्रो आफ्नै जीवनको पदचाप सम्झना हुन्छ । यी यावत् दृश्य-संयोजनले लाग्छ, शुक्लाफाँटा विचित्र छ । मानौं कि प्रकृतिको कलाकारिताले सुसज्जित ।

कोसीटप्पुपछिको 'चरा-हब' का रूपमा पनि परिचित छ शुक्लाफाँटा । दुर्लभ पन्छी खरमजुर यहाँ देख्न पाइन्छ । मयूर, किंगफिसर, सारस, सिमतित्रा, विश्वमै दुर्लभ मानिएको लेसर

ङ, झन् चर्चा

थ विवादमा आयो । कारण थियो, यसपालि पुरस्कृत गरिएका लेखकका अभिव्यक्ति ।

केन्द्रित गर्ने भएकाले साहित्यकारहरूका सिर्जना मार्ने' भन्दै साहित्यका लागि नोबेल पुरस्कार उन्मूलन गर्नुपर्ने बताएका थिए ।

तर यिनै साहित्यकार हान्डकेलाई सन् २०१९ का लागि स्विडिस एकेडेमीले साहित्यको नोबेल पुरस्कार दिने घोषणापछि पक्ष-विपक्षमा विचार आइरहेका छन् । एकेडेमीले 'हान्डकेको विचारलाई उनको सिर्जनशीलतासग जोडेर हेर्न नहुने' भन्दै आफ्नो निर्णयको बचाउसमेत गरेको छ ।

७६ वर्षीया अस्ट्रियाली हान्डेकलाई 'मानव अनुभवको विशिष्टता र परिधिको अन्वेषणका लागि विशेष योगदान पुऱ्याएका कारण' यस वर्षको पुरस्कार प्रदान गर्ने निर्णय गरिएको पुरस्कार छनोट समितिको भनाइ छ ।

एकेडेमीका अनुसार पुरस्कार ग्रहण गर्ने स्वीकार गरेपछि निर्णय लिइएको हो ।

हान्डकेका समर्थकहरूले 'रुढीवादी सोचबाट अलग हान्डकेका विचारले स्वतन्त्र राजनीतिक चिन्तनसम्बन्धी सकारात्मक वादविवादलाई उजागर गर्न मद्दत पुऱ्याएका' दावी गर्छन् । तर पनि कतिपय साहित्यकारका विचारमा यो नोबेल समितिको इतिहासमा एक फरक छनोट हो ।

त्यसैगरी, यसै वर्ष घोषित सन् २०१८ को साहित्यतर्फको नोबेल पुरस्कार पोलिस साहित्यकार ओल्गा टोकारजुक जितेकी छन् । उनी पोल्यान्डको राजनीतिकी आलोचक तथा प्रखर वक्तासमेत हुन् ।

पोल्यान्डकी बेस्टसेलर टोकारजुक आफ्नो छैटौं उपन्यास 'फ्लाइट्स' का लागि सन् २०१८ को बुकर अन्तर्राष्ट्रिय पुरस्कार जितेपछि भने निकै चर्चित बनेकी थिइन् । नोबेल समितिले 'आप्रवासन र सांस्कृतिक संक्रमणको केन्द्रमा रहेका उनका लेखनले वास्तविकता उजागर गरेका' जनाउँदै पुरस्कार दिने निर्णय गरेको हो ।

उनी खासगरी कल्पना दन्त्यकथासँग र मिथकलाई इतिहाससँग जोड्ने खुबीका लागि बेजोड मानिन्छिन् । सन् २०१८ को नोबेल पुरस्कारका लागि पनि उनको उपन्यास 'फ्लाइट्स' बाट जुरी प्रभावित भएका हुन् । पुस्तकमा उनले 'समकालीन घुमन्ते मानिसको कथा' लाई मनोवैज्ञानिक विम्बहरूसहित केलाएकी छन् ।

राजनीति तथा मनोविज्ञानका क्षेत्रमा समेत क्रियाशील टोकारजुक पोल्यान्डमा महिला अधिकारकर्मी तथा लैंगिक अल्पसंख्यकका क्षेत्रमा समेत उत्तिकै जागर चलाउँछिन् ।

उनले आफूले मानिसको सोचको दायर बढाउन, नयाँ दृष्टिकोण अघि सार्न र विभिन्न परिस्थितिको विश्लेषण गर्न र नयाँ कोण विकसित गर्न सघाउने उद्देश्यले साहित्य सिर्जनामा लागेको बताउँछिन् । उनी भन्छिन्, 'म पाठकलाई दुविधामा पार्न निकै मन पराउँछु ।'

स्विडिस एकेडेमीका सदस्यसँग सम्बन्धित एक विवादास्पद यौनकाण्डका कारण सन् २०१८ का लागि साहित्यतर्फको नोबेल पुरस्कार घोषणा स्थगित गरिएको थियो । एकेडेमीका सचिव म्याट्स माल्मले गतसाता स्टकहोममा पुरस्कार विजेता घोषणा गरेका हुन् ।

आगामी डिसेम्बर १० मा स्टकहोममा हुने विशेष समारोहमा विजेताद्वयलाई जनही ९ लाख १८ हजार अमेरिकी डलर तथा स्वर्ण पदक प्रदान गरिनेछ । प्रारम्भिक छनोटमा ८ जनामध्ये दुईलाई पुरस्कृत गर्ने निर्णय गरिएको हो ।

(एजेन्सीको सहयोगमा ।)

'वाइल्ड' शुक्लाफाँटा

भुँडीफोरलगायत करिब ४ सय २४ प्रजातिका पन्छीहरू यहाँ छन् ।

●●●

शुक्लाफाँटाको आकार कति हो ? तथ्यांक बोल्छ– ३ सय ५ वर्गकिलोमिटर । सुरुमा (विसं २०२६) 'शाही सिकार आरक्ष' को रूपमा स्थापित शुक्लाफाँटालाई पछि (विसं २०३१) 'वन्यजन्तु आरक्ष' बनाइयो । लामो समय पर्यटकहरूका लागि यहाँ सहज पहुँच थिएन । विसं २०७३ मा सरकारले यहाँको पर्यापर्यटन विकासका लागि भनेर राष्ट्रिय निकुञ्ज घोषणा गऱ्यो । त्यसपछि नै यसको पर्यटकीय विकासमा समेत ध्यान दिन थालिएको हो ।

निकुञ्ज आसपासको २४३.५ वर्ग किमि क्षेत्रलाई विसं २०६१ मा मध्यवर्ती क्षेत्र घोषणा गरियो । त्यसपछि सहभागितामूलक संरक्षण, विकास र आयआर्जनका विभिन्न कार्यक्रम सञ्चालन गरिँदै आएका छन् ।

शुक्लाफाँटाको बीचोबीचमा छ– हरियो विशाल घाँसैमैदान । उपत्यकाभैं लाग्ने करिब ५५ वर्ग किमि क्षेत्रफलमा फैलिएको हरित घाँसेभूमि यहाँको अर्को आकर्षण हो । जहाँ बाह्रसिंगा निर्धक्क चरिरहेका देखिन्छन् । यही घाँसेभूमि हो उनीहरूको बासस्थान र आहारा क्षेत्र ।

एसियाकै ठूला घाँसेमैदानमध्ये यसलाई समेत चित्रित गरिएको पाइन्छ । बाह्रसिंगालगायत जैविक विविधता र वन सम्पदाको अध्ययन गर्न चाहनेहरूका लागि यो निकुञ्ज एउटा खुला विश्वविद्यालय हो ।

●●●

शुक्लाफाँटाको अर्को महत्त्वपूर्ण विशेषता छ– सिमसारको । यसभित्र थुप्रै सिमसार क्षेत्र छन् । सिमसार गैंडाको प्रमुख बासस्थान मानिन्छ । चितवन राष्ट्रिय निकुञ्जबाट स्थानान्तरण गरिएका गैंडाहरूले सिमसार क्षेत्र पाएरै यहाँ सहज जीवन बिताइरहेका छन् । डेढ दर्जन हाराहारी रहेका गैंडाको संख्या पनि बर्सेनि बढ्दो छ ।

सन् २०१४ को वन्यजन्तु गणनाअनुसार यहाँ २३ सयको संख्यामा बाह्रसिंगा छन् । अहिले अनुमान गर्दा पनि त्यो झुन्ड सयौंको संख्यामा वृद्धि भएको हुन सक्छ ।

भारतीय वन्यजन्तु आरक्षण 'लग्गाभग्गा' सँगै पाखुरी जोडेसरी जोडिएको छ यो । सीमाले निकुञ्ज छेक्न नसक्ने रहेछ । त्यसैले पनि शुक्लाफाँटा दुईदेशीय 'जंगल हब' बनेको छ । जनावरहरूलाई सिमानाले असर गर्दै गर्दैन । तिनीहरू बिनाबाधा सीमा वारपार गर्छन् ।

तर, बाह्रसिंगा भने भारतीय जंगलमा पाईदैन । शुक्लाफाँटामा रहेको घाँसे मैदान नै उनीहरूको चरिचरन एवं बासस्थान भएकाले यसै वरिपरि रम्ने गर्छ । पहिलेपहिले भारतीय जंगलमा धेरैजसो बास बस्न रुचाउने हात्तीहरूको झुन्ड पनि अहिले यहाँको सहजताका कारण शुक्लाफाँटामै रमाउन थालेका छन् ।

शुक्लाफाँटाको मुख्य विशेषता बाह्रसिंगाका आफ्नै केही गजब विशेषता छन् । यसले समय-ऋतुअनुसार आफ्नो शरीरको रङ परिवर्तन गर्छ । प्रत्येक दुई वर्षको अन्तरालमा आफ्ना सिङहरू फेर्ने गर्छ । यो रहस्यमय विशेषता वैज्ञानिक खोज र अनुसन्धानको विषय हो ।

बाह्रसिंगा सिङ भएको 'स्पोटेड डियर' हो भन्ने धेरैको बुझाइ हुन सक्छ । तर, बाह्रसिंगा विश्वमै दुर्लभ मानिएको फरक प्रजातिको जनावर हो । यसबारे गलत बुझाइलाई चिर्न मात्र सक्ने हो भने पनि शुक्लाफाँटालाई बाह्रसिंगाको हबका रूपमा अन्तर्राष्ट्रिय क्षेत्रमा चिनाउन सकिन्छ ।

●●●

कसरी अवलोकन गर्ने ? मचानमा बसेर मज्जाले अवलोकन गर्न सकिन्छ । शुक्लाफाँटाको छातीमा रमाइरहेका ती चुरुंगी र जनावरलाई सहजै अवलोकन गर्न सकिने व्यवस्था निकुञ्जले नै मिलाइदिएको त्यहाँ भेटिएका आरक्षण अधिकृत लक्ष्मण पौडेलले बताए । अग्लो मचानमा चढेर आँखाले भ्याएसम्म वन्य जीवनको अवलोकन गर्दै रमाउन पाइन्छ ।

सफारी सोखिनहरूका लागि पनि यो उपयुक्त गन्तव्य हो । नेपालकै सर्वाधिक लामो 'जंगल जिप सफारी' यहाँको अर्को विशेषता हो । हात्ती सफारीको पनि यहाँ राम्रो व्यवस्था छ । यी दुवैको प्रयोग गर्न नचाहनेले भरपर्दो गाइड लिएर 'जंगल वाक' मा निस्कन पनि सक्छन् । आफ्नै निजी सवारी प्रयोग गर्न चाहनेले पनि निकुञ्जका निश्चित सर्त स्विकारेर प्रवेश गर्न सक्छन् । माघदेखि चैत, वैशाख-जेठलगायतका महिनाहरू यहाँ भ्रमणका लागि उपयुक्त मानिन्छ ।

-rkadiptagiri@gmail.com/fb.com

दोस्रो हाफमा पंकज

नवाजुद्दिन सिद्दिकीले बलिउडमा 'हिरो' बन्न १५ वर्ष संघर्ष गर्नुपरेको थियो । पंकज त्रिपाठीलाई ८ वर्ष लाग्यो । ५५ आसपासका अधेडहरू हिरो भइरहेको बलिउडमा ४२ वर्षीय पंकज हिरोइनको पिताको भूमिकामा अभिनय गर्छन् । राम्रो अभिनेतालाई त उसको भूमिका होइन, अभिनयले चिनाउँछ !

निम्न मध्यमवर्गका धेरै पिताजस्तै पंकज त्रिपाठीका किसान पिता पनि चाहन्थे, छोरो डाक्टर बनोस् । धेरै पैसा कमाओस् । सुखी र सम्पन्न जीवन बिताओस् । आफ्नो जस्तो दुखी किसानको जीवन छोराले भोग्नु नपरोस् । सबैका बाबु आमाको इच्छा पूरा हुने भए संसारमा कुनचाहिँ छोराछोरीले पो दुःख भोग्नुपर्ने थियो र ! पंकजको जीवनमा आफ्नो पिताले भन्दा बढी दुःख पाउनु लेखिएको थियो । त्यसैले उनको मनमा डाक्टरी चढेन ।

पटनामा कलेज त सुरु भयो होटल म्यानेजमेन्टको । साथै सुरु भयो छात्र राजनीति । पुरेतका छोरा पंकज लागे, बीजेपीको संगठनमा । नब्बेको दशकको छात्र राजनीति चर्को थियो । पंकज पनि चर्के निस्किए । हडतालको नेतृत्व गर्न थाले । र, थुनामा पुगे । बिस्तारै राजनीति बेस्वादको लाग्न थाल्यो । मनमा शान्ति हुन छोडचो । 'यस्तै मन भड्किइरहेका बेला एक दिन म नाटक हेर्न पुगें,' पंकज भन्छन्, 'त्यस दिन बल्ल महसुस भयो मलाई सबभन्दा आनन्द त नाटकमा पो हुने रहेछ ।' त्यसपछि उनी नियमित नाटकका दर्शक हुनथाले । पटनामा ६ वर्ष पंकजको नाटकगिरी चल्यो । 'एक दिन एउटा अखबारमा मैले अभिनय गरेको नाटकबारे लेखिएको थियो । त्यसमा मैले चोरको भूमिका गरेको थिएँ । मेरोबारे एक लाइन थियो– यो कलाकारमा केही सम्भावना छ । पत्रिकाले समेत लेखेपछि त म पछि हट्ने कुरै थिएन,' उनले भनेका छन् ।

पटनाको गाउँमा छँदा चाडपर्वमा केटी बनेर नाच्ने पंकज बिस्तारै नाटकको दुनियाँतिर लम्किन थाले । केही नाटकमा अभिनय गरेपछि पटनामा मन अडेन । अनि लागे, २००१ मा दिल्ली- नेसनल स्कुल अफ ड्रामामा अभिनय पढ्न । २००४ मा यहाँबाट ग्रयाजुएट गरेपछि नाटक गर्न पटना फर्किए । केही समयमा थाहा भयो, यहाँ नाटक गरेर बाँच्न सकिन्न । यसका लागि एउटै ठाउँ थियो– बलिउड, मुम्बई ।

'म अक्टुबर १६ मा दिल्लीबाट ४६ हजार रुपैयाँ बोकेर मुम्बई गएको थिएँ, त्यसै वर्ष डिसेम्बर २५ मा मेरो गोजीमा जम्मा १० रुपैयाँ बाँकी थियो,' उनले एउटा अन्तर्वार्तामा भनेका छन् । त्यसै वर्ष उनी अभिषेक बच्चनको फिल्म 'रन' मा सानो भूमिकामा देखिए । यसको १५ वर्षमा त्रिपाठी अहिले नयाँ बलिउडमा 'डिजिटल किड' बन्दै छन् ।

●●●

एजेन्सी

होटल म्यानेजमेन्टको पढाइ सकेपछि काम सुरु भयो, पटनाको होटल मौर्यमा । किचनको जिम्मा थियो । नाटक र फिल्मको चस्का चढिसकेको थियो । बिहारकै एक गाउँबाट मुम्बई पुगेर स्टार बनेका मनोज बाजपेयी थिए प्रेरणाका स्रोत । ससाना भूमिकामा अभिनय गर्दै १९९८ को 'सत्या' बाट रातारात स्टार बनेका बाजपेयी पटना आइजाइ गरिरहन्थे । एक दिन कसैले सुनायो– तेरो मनोज बाजपेयी यही होटलमा आएर बसेको छ त !

'उनले कुनै पनि कुरा मगाए भने प्लिज मलाई पठाइदेऊ,' उनले किचन विभागमा अर्जी हाले । तर, मौका मिलेन । दुई दिन बसेर बाजपेयी हिँडे । स्टोरको एउटा केटाले भन्यो, 'तेरो बाजपेयीले चप्पल छोडर गएछ ।' उनले बिन्ती बिसाए, 'स्टोरमा राखेर यो चप्पल तिमीहरूले के गर्छौं ? मलाई देऊ । म त्यसलाई रामको खराउ जसरी राख्नेछु ।' पंकजमा भरतको रूप प्रकट भयो । स्टोरको केटाले उनको भक्ति देखेर चप्पल दियो । 'मलाई त्यस दिन ठूलो खजाना प्राप्त गरेजस्तो लाग्यो,' पंकज भन्छन् ।

हालै 'कपिल शर्मा सो' मा हिन्दीका प्रसिद्ध कवि डा. कुमार विश्वासको कवितासंग्रह विमोचन गर्न मनोज वाजपेयीसँगै पंकज पनि आए । यो सोमा फेरि एकपटक मनोज वाजपेयीको चप्पलको किस्सा चल्यो । मनोजले भने, 'ग्यांग्स अफ वासेपुरको सुटिङका बेला एक दिन पंकज मेरो छेउमा आयो र भन्यो– पटना मौर्यमा तपाईंको चप्पल हराएको याद छ ? मैले बिर्सिइसकेको थिएँ । उसैले भन्यो त्यो चप्पल मैले राखेको थिएँ ।' सोमा यो कुरा चल्दा पंकज निकै भावुकसमेत भए ।

अनुराग कश्यपको 'ग्यांग्स अफ वासेपुर' (२०१२) मा सुल्तान नामक कसाहीको चरित्रमा देखिएपछि पंकज दर्शकको नजरमा परे । यसका लागि उनको अडिसन मात्रै ८ घण्टा चलेको थियो ।

नील बट्टे सन्नाटा, मसान, फुर्के, अनारकली अफ आरा, गुणगाव, बरेलीकी बर्फी, न्युटन, स्त्री र सुपर ३० जस्ता फिल्मले पंकजलाई बलिउडमा स्थापित गराए । 'न्युटन' का लागि त उनले राष्ट्रिय पुरस्कारसमेत पाए । 'सिक्रेड गेम्स' र 'मिर्जापुर' जस्ता वेब सिरिजले उनलाई डिजिटल दुनियाँको पनि स्टार बनाइदिएका छन् ।

'कुनै बेला थियो म आफ्नो फोन घरमा फोनको सबभन्दा राम्रो नेटवर्क लाग्ने ठाउँमा राख्थें । मलाई लाग्थ्यो कुनै कास्टिङ निर्देशक वा सहायक निर्देशकहरूको फोन आइहाल्ला र मेरो फोन नलाग्ला । कैयौं दिनसम्म फोन त्यहीं हुन्थ्यो तर एकपटक पनि बज्थेन,' उनले टाइम्स अफ इन्डियासँगको अन्तर्वार्तामा भनेका छन्, 'अहिले मेरो फोन यति बज्छ कि म उठाउन सक्दिनँ ।'

साथीहरूले बलिउडमा काम गर्न बम्बई बोलाउँदा पंकजले एउटा रणनीति बनाएका थिए– बाँच्नका लागि ससानाजस्ता भूमिका आउँछन्, सबैमा अभिनय गर्ने । 'म अभिनय गर्न सक्थें, पढेको पनि थिएँ । मैले अभिनयलाई नै करिअर बनाउने निर्णय गरेपछि यसले मलाई बचाउनु पनि त पऱ्यो । मेरा लागि बाँच्नु पहिलो कुरा हो, अभिनय दोस्रो । तपाईं जीवित रहे न कला देखाउन सक्नुहुन्छ । तपाईं नै रहनुभएन भने केको कला ?' उनले भन्ने गरेका छन् । यही नीतिअन्तर्गत उनले 'रन', 'अपहरण' र 'ओमकारा' जस्ता फिल्ममा एक दुई दृश्यमा अभिनय गरे । यी सबै चर्चित र सफल फिल्म थिए । तर, यिनको क्रेडिट टाइटलमा उनको नामसमेत थिएन । तर, त्यही सानो भूमिकाबाट आएको पैसाले उनी भाडा तिर्थे । 'मुम्बई आएको पहिलो वर्ष मेरो गोजीमा श्रीमतीको जन्मदिनमा केक वा गिफ्ट किन्ने पैसा थिएन । त्यसै दिन मैले प्रण गरेको थिएँ, पहिला बाँच्न सक्ने बन्छु, त्यसपछि बल्ल कला देखाउनतिर लाग्छु ।' यस्ता ससाना भूमिकाले बचाउँदै आएको पंकजले आठ वर्षपछि बल्ल 'ग्यांग्स अफ वासेपुर' पाएका थिए । यो फिल्मले भने उनलाई स्टार बनाउने बाटोमा पुऱ्याइदियो ।

> पटनाको होटल मौर्यमा दुई दिन बसेर मनोज बाजपेयी हिँडे । स्टोरको एउटा केटाले भन्यो, 'तेरो बाजपेयीले चप्पल छोडर गएछ ।' उनले बिन्ती बिसाए, 'स्टोरमा राखेर यो चप्पल तिमीहरूले के गर्छौं ? मलाई देऊ । म त्यसलाई रामको खराउ जसरी राख्नेछु ।' पंकजमा भरतको रूप प्रकट भयो ।

स्टार बने पनि पंकज आफ्नो पुरानै शैलीमा कायम छन् । उनको कुनै प्रचार संयन्त्र छैन । उनी सबै स्क्रिप्ट आफैं पढ्छन् । निर्देशक र कास्टिङ निर्देशकसँग आफैं मिटिङ गर्छन् । दुई वर्षअघि समाचार संस्था रोयटर्सलाई दिएको अन्तर्वार्तामा उनले भनेका छन्, 'बलिउड खासमा कुवाका भ्यागुताहरूले भरिएको छ । यिनका लागि संसार यही मुम्बई सहर र यहींको मिडिया हो । पेज थ्रीमा जसको फोटो धेरै छापियो त्यही सफल हो भन्ने यिनलाई लाग्छ । मिडिया र प्रचार हेर्नका लागि सबैले मान्छे राखेका हुन्छन्, तिनले जे सुनाउँछन् स्टारले त्यही पत्याउँछन् । म यस्ता कुरामा विश्वास गर्दिनँ । संसार धेरै ठूलो छ । मेरा प्रशंसक मुम्बईमा मात्र छैनन् । राजस्थानमा छन् । भारतबाहिर नेपालमा पनि मेरा निकै प्रशंसक छन् । म ती दर्शकलाई ध्यानमा राख्छु, जो मेरो पहुँचभन्दा पर छन् तर मेरो फिल्मको नजिक छन् ।'

५५ वर्षको हाराहारी उमेरमा रहेका तीन खान, अजय देवगन र अक्षयकुमारको दबदबा रहेको बलिउडमा ४२ वर्षीय पंकज हिरो हिरोइनका बाबुको भूमिका गरिरहेका छन् । तर, उनलाई यसमा आपत्ति छैन । 'म कुन चरित्रमा छु भन्ने महत्त्वपूर्ण होइन, अभिनेताका रूपमा मैले त्यसलाई कत्तिको विश्वसनीय र रोचक बनाउन सकें भन्ने महत्त्वपूर्ण हो । म राम्रो अभिनेता हो कि होइन भन्ने कुरा मैले पाउने भूमिकाले होइन मैले त्यसलाई न्याय गर्न सक्ने क्षमताले निर्धारण गर्छ,' उनी भन्छन् ।

मनोज बाजपेयी र इरफान खानको सफलतापछि बलिउड अहिले राम्रो अभिनय गर्ने औसत 'लुक्स' का अभिनेताहरूप्रति पनि आकर्षित छ । यसैको फलस्वरूप नवाजुद्धिन सिद्दिकी, केके मेनन, सञ्जय मिश्रा र पंकज त्रिपाठीजस्ता अभिनेताहरू बलिउडमा स्टार भइरहेका छन् । हुन त असी र नब्बेको दशकमा पनि नसिरुद्धिन शाह, ओम पुरी, पंकज कपुरजस्ता अभिनेताहरू थिए । तर, उनीहरू मुख्यतः समानान्तर सिनेमामा मात्र देखिन्थे । अहिले भने त्यो अवस्था छैन । धर्मा प्रोडक्सनको 'ड्राइभ', कंगना रनावतको 'पंगा', इरफान खानसँग 'अंग्रेजी मिडियम' र कपिल देवको बायोग्राफी '८३' लगायतमा पंकज देखिदैछन् ।

पंकज त्रिपाठी अभिनयलाई सिक्नुपर्ने कुरा मान्छन् । 'तपाईंमा केही खुबी छ भने पनि त्यसलाई परिस्कार गर्दा भन् राम्रो नि । कोही प्यासनले मात्र डाक्टर वा इन्जिनियर बन्न सक्दैन । भावना वा आवेग/संवेगको सिर्जना जीवनमा हुन्छ । अभिनेताले त्यसको पुनःसिर्जन गर्ने हो । यसका लागि थौरै प्रशिक्षण आवश्यक हुन्छ,' उनले द हिन्दुसँगको अन्तर्वार्तामा भनेका छन् ।

पंकजका केही 'स्वप्न भूमिका' छन्, जसमा उनी अभिनय गर्न चाहन्छन् । साहित्यानुरागी पंकजको रोजाइका ती भूमिका हुन् फणिश्वरनाथ रेणुको कथा 'मारे गए गुलफाम' र श्रीलाल शुक्लको उपन्यास 'रागदरबारी' का पात्र । मारे गए गुलफाममाथि भने यसअघि नै फिल्म बनिसकेको छ । सन् १९५७ मै कवि/गीतकार शैलेन्द्रले यो कथामाथि 'तिसरी कसम' नाम फिल्म निर्माण गरेका थिए । वासु भट्टाचार्यले निर्देशन गरेको यो फिल्ममा राजकपुरले हिरामनको भूमिकामा अभिनय गरेका थिए भने वहिदा रहमानले हिराबाईको ।

-एजेन्सी

गहन विषय, छिपछिपे लेखाइ

पुस्तक

नारायणी देवकोटा

चार दशकदेखि मुक्तक, कविता, कथामा निरन्तर कलम चलाइरहेकी उषा शेरचनको पहिलो उपन्यास 'आधि' हालै बजारमा आएको छ । उनको उपन्यास भन्दा मलाई लागिरहेको थियो, 'थकाली, थाकखोला, पोखरेली समाजको कुरा आउला ।' वा मूलधार भनिएको नेपाली साहित्यभन्दा अलि फरक आउला । मेरो यो अपेक्षा सायद उनकी भाउजू यशोकान्ति भट्टचनले निरन्तर उठाउँदै आएको जनजाति महिलाका सवाललाई नजिकबाट सुनिरहेर पनि जागृत भएको होला ।

उपन्यासको भूमिकामा कुनै कलेज पढाइरहेकी महिलाले आफू बलात्कारमा परेको कहानी सुनाएको कुराले उपन्यास लेख्न उत्प्रेरित गरेको उनले उल्लेख गरेकी छन् । उपन्यासमा भित्र पसेपछि भने पूरै ठकुरी पाराको 'आइसियोस् गइसियोस्' भन्ने भाषाको अत्यधिक प्रयोगले यो कथा मूलधारभन्दा पर जाने छाँटकाँट ल्याउँदैन । उपन्यास सहरिया मध्यमवर्गीय परिवेशमा घुम्छ, ठ्याक्कै यही जातिको कुरा नभने पनि चालचलन लवजमा ठकुरी देखिन्छ ।

हिंसामा परेकी केटीले आफ्नो घर छोड्नुपरेको बाध्यताबाट उपन्यास सुरु हुन्छ । स्नातकोत्तरको पढाइ तयारी गरिरहेकी अन्तरमुखी स्वभावकी युवती जो साहित्यमा गम्भीर लगाव राख्छे उसले कुनै युवकले पठाएको प्रेमपत्रको भरमा विवाहका लागि भागेर घरबाट हिँडेको कुरा त्यति सुहाउँदो लाग्दैन । हुन त उपन्यास हो, लेखकको कल्पनाको उडान पनि होला तर पढ्दै गर्दा मलाई लागिरहेको कुरा लेखकले उल्लेख गरेको तहको पढाइ र लगाव भएकी युवती स्वतन्त्र आफ्नो क्षमताको भरमा उभिन प्रयास पनि गर्थी कि ? आफूलाई पटक-पटक बलात्कार गरिरहेको काकाविरुद्ध प्रहरीमा मुद्दा मामिला गर्न जान्थी कि ? महिलाको अधिकारका लागि काम गरिरहेका विभिन्न संघसंस्थाका प्रतिनिधिको सहयोग पो लिन जान्थी र सहयोग वा ठक्कर पो पाउँथी कि ? लेखकले महिलाहरूले विशेष गरेर हिंसामा परेका महिलाहरूले एकल जीवनका लागि गरेको संघर्षलाई चटक्कै छोडेर एउटा हिंसाबाट बच्न सजिलो माध्यम खोजेको कुरा सतहमा देखिन्छ । तर उक्त कथाले हाम्रो समाजमा रहेको पुरुषको भरबिना महिला बाँच्नै सक्दैनन् भन्ने जुन मान्यता छ, त्यसैलाई स्वीकार गरेको देखाउँदैन र ?

पछिल्ला वर्षहरूमा नेपाली समाजमा बलात्कारबारे निकै बहस भइरहेका छन् । हरेक दिन चारजना महिला वा बालिका बलात्कार भएका घटना नेपाल प्रहरीमा दर्ता हुने गरेका छन् । एक संस्थाको तथ्यांकअनुसार यसरी घटना दर्ता हुने जम्मा २५ प्रतिशत मात्रै हुन्, ७५ प्रतिशत घटनाहरू त प्रहरी कार्यलयको गेटसम्म पनि पुग्दैनन् । गत आर्थिक वर्षको चैत



आधि
लेखक : उषा शेरचन
प्रकाशक : बुकहिल
मूल्य : रु ४००/-

मसान्तबीचको ९ महिनामा ९ जनाको बलात्कारपछि हत्या भएको घटना प्रहरीले दर्ता गरेको छ । नियमितजस्तै बलात्कारका घटनालाई हामीले समाचारको रूपमा पढिरहेका हुन्छौं । उपन्यास पढिरहँदा पाठक बेलाबेला पत्रिका पढेको कि किताब पढेको जस्तै गरी झुक्किन सक्छ ।

पाठक त्यतिबेला झस्किन सक्छन्, जब सहरका मनोरञ्जनका क्षेत्रमा काम (संघर्ष) गरिरहेका महिलाहरूबारे उपन्यासमा अलि अस्पष्ट र दोहोरो अर्थ लाग्ने खालका

> उपन्यासको भाषा सलल बग्छ । 'आधि' आजको समयमा उठाउनै पर्ने सवाल उठाउने उपन्यास हो । तर, यसलाई नयाँ ढंगले भने लेखिएको छैन । विषयलाई यसरी नै हेरेर यसअघि पनि लेखिएका छन् ।

कुरा आउँछन् । काठमाडौंमा रहेका होटल रेस्टुरेन्ट दोहोरीसाँझ, मसाज पार्लर, बार, डिस्कोलगायतका क्षेत्रमा काम गरिरहेका महिला कामदारलाई हेर्न नेपाली मध्यमवर्गीय समाजको चस्मा त्यति उचित छैन । त्यो चस्माले ती महिलाको काम र उनीहरूको यौनको विषयमा फरक रूपमा बुझ्दैन । यो गलत बुझाइविरुद्धमा ती क्षेत्रमा काम गर्ने मानिसहरूले आफ्नो कामको मर्यादाका लागि संगठित रूपमा नै लडिरहेका छन् । किताबमा ती मान्छेहरूको बारेमा पनि लेखिएको छ तर सतही ढंगले । केही हदसम्म नै हेरेर यसअघि पनि लेखिएका छन् । बरु, यौनकर्मीको रूपमा पनि । किताब पढ्दा घरीघरी लागिरहच्यो, यौनकर्म गर्नु र मनोरञ्जनका क्षेत्रमा कामदार भएर काम गर्नु फरक हो भन्ने कुरालाई लेखकले चटक्कै बिर्सिएकी छन् । यस विषयमा लेखकको बुझाई र अध्ययन नपुगेजस्तो लाग्यो ।

किताबमा समयको उडान फटाइग्रो उफ्रेको जस्तो छिटोछिटो दौडिरहेको देखिन्छ । यौन दुर्व्यवहारमा परेकी बालिका यौन दुर्व्यवहारमा परेपछि एकै पटक बीए पास हुने अवस्थामा पुग्छे । बीचमा पटकपटक यौन दुर्व्यवहारमा परेको उल्लेख भए पनि उसले गरेको प्रतिकार वा विरोधको कुरा छैन । पटकपटक वरिपरि भएको काकाको बारेमा उसले दशकसम्म केही नबोली बलात्कृत मात्रै भइरहेको कुरा त्यति स्वाभाविक लाग्दैन । नभनेको भए पनि उसको मनमा उठ्ने भावनाको कुरा त्यो भावना अरूसँगको व्यवहारमा प्रकट हुने कुरालाई लेखकले पात्र किताबमा मात्रै केन्द्रित भएको भनेर छोडिदिएकी छन् । घरेलु हिंसामा परेकी सोही महिलाले किन विद्रोह गर्न सक्दिन भन्नेबारेमा कुनै उपकथा जोडिनन् बरु काम गर्न आउने कान्छीसँग बाँडेर हलुका भएको मात्रै जोडिएको छ ।

उपन्यासको भाषा ससल बग्छ । 'आधि' आजको समयमा उठाउनै पर्ने सवाल उठाउने उपन्यास हो । तर, यसलाई नयाँ ढंगले भने लेखिएको छैन । विषयलाई यसरी महिला पुरुषमा नै भर पर्नुपर्ने रहर वा बाध्यताको जुन लम्बेतान पुरुष भाष्य वा सोचको सिलसिला चलिरहेको छ, पारपाचुके गरेको श्रीमान्का बाआमासँग सहयोग मागेको कथा जोडेर उक्त सोचलाई 'सिमेन्टेड' गर्ने काम यो पुस्तकले पनि गरेको छ । छोराले छोडपत्र गरेर अर्कैसँग विवाह गरेपछि पनि बुहारीलाई माया गर्ने सासू-ससुरा त यसमा छन् तर हिंसामा परेर छोडपत्र गरेका महिलालाई प्रेरणा दिने कुरा खासै छैन । हिंसामा परेका महिलाले गरिरहेको विद्रोहको कुरालाई यसमा खासै ठाउँ दिइएको छैन । महिलालाई सहनशीला सुशीलाको रूपमै चित्रण गरिएको छ ।

यो उपन्यासमा एक उच्च मध्ययमवर्गीय सम्भवतः कुनै प्रकारको गम्भीर हिंसा नभोगेकी महिलाको जीवनदृष्टि पाइन्छ । जहाँ महिलाहरू श्रीमान् कार्यालय गएपछि तास खेलेर सधैं रमाइलो गरेर समय कटाउँछन् । महिला सकेसम्म पुरुषको भर पर्छन्, उनीहरूको छुट्टै अस्तित्वका लागि संघर्ष गर्न चाहन्नन् ।

अन्त्यमा लेखकले हिंसा प्रभावित महिलाले अरूको लागि समाजसेवा गर्नका लागि सुरक्षा आवासका खोलेको कुरा उल्लेख गरेकी छन् । तर, पात्रको जुन आर्थिक हैसियत र सामाजिक पहुँच छ त्यो सुरक्षा आवास चलाउने तहको देखिदैन । सुरक्षा आवास सजिलै खोल्न सकिने कुरा होइन ।

प्रजातन्त्र र फुटपाथ

सडक केवल मोटरगाडी र बाइककै लागि हुन् भने हाम्रा सडकको अराजक प्रवृत्तिले हजारौंका ज्यान त लिने नै छ साथै देशकै आर्थिक, वातावरणीय र सामाजिक क्षय पुर्नै नसकिने हदसम्म जानेछ ।

सहर

रत्नराम श्रेष्ठ

पुउटा प्रसिद्ध भनाइ छ, 'डेथ् अफ दी डेमोक्रेसी क्यान वी मेजर्ड बाई दी वाइड्थ अफ दी फुटपाथ' अर्थात् कुनै पनि देशको प्रजातन्त्रको गहिराइ थाहा पाउन त्यहाँको फुटपाथको चौडाइ नापे पुग्छ ।

हरेक देशको सरकार, समाज, सहरका सामाजिक चेतना, संस्कार, विकासको पहिलो ऐना हो सडक, बाटाहरू र यसका अवयवहरू ! प्रजातन्त्रले बोक्ने प्रमुख गुणहरू स्वतन्त्रता, समावेशिता र नागरिक अधिकारहरू मान्ने, अभिव्यक्त गर्ने पहिलो पब्लिक स्पेस सडक, बाटा र यसको प्रमुख मानवीय अवयव फुटपाथ हो । हरेक सभ्यताका चरणमा बनेका नगर, सहर र बस्ती विकासहरूमा बाटालाई प्रमुख आधाररेखा बनाएर अन्य सहरी प्रारूपहरूको निर्माण गरिएका हुन्छन् । प्राचीन चिनियाँ या रोमनकालका उदाहरणहरू या हाम्रै लिच्छवि, मल्लकालमा विकसित गरिएका नगरीय मोडलहरू ! मानवको सहज आवगमन (मोबिलिटी) का लागि सडकहरू पैदलयात्रुमैत्री बनाइएका पाइन्छन् ।

यसरी हेर्ने हो भने हाम्रो प्रजातन्त्रको गहिराइ बुझ्न त्रिपुरेश्वर, टेकुलगायत सहरका अन्य अधिकांश क्षेत्रका सडकका फुटपाथहरू काफी छैनन् ? चौडा सडक र खाल्डाखुल्डी र खुम्चाइएको विदीर्ण फुटपाथ हाम्रा प्रजातन्त्रको वास्तविक आकारको विम्ब होइनन् ? हरेक पटक सडक विस्तार हुँदा फुटपाथचाहिँ किन घट्छ ? चिल्ला महँगा गाडीहरू कुद्ने चौडा सडकहरू र आममानिसहरू पैदल हिँड्ने निरीह अस्तित्वहीन फुटपाथहरू ! खाल्डाखुल्डी, धूलोमैलोले भरिएका सहरका फुटपाथ लोकतन्त्रको छ्याके अनुहारको प्रतिबिम्ब होइनन् ? पैदलयात्रीहरूप्रतिको सरकारी संवेदनशीलता तिनै खाल्डाहरूमा पुरिएका छन् । धूलोसँगै उडेका छन् ।

सडक, बाटाका प्रयोगकर्ताहरूको 'हाइआर्की' मा पैदलयात्री, अपांगता भएका र ह्विलचेयर प्रयोगकर्ताहरू पहिलो दर्जामा हुन्छन् । दोस्रोमा साइकलयात्री, तेस्रोमा सार्वजानिक यातायातका साधन । पुछारतिर निजी कार, मोटरगाडीहरू, मोटरसाइकलहरू । तर हाम्रा नीतिनिर्माता र सरकारीविज्ञहरूको दिमागी दिवालियापन सडकमा छरपस्टै देखिन्छ । यहाँ सडक प्रयोगकर्ताहरूको 'हाइआर्की' बाँकी विश्वकोभन्दा ठीक उल्टो छ । निजी कार, मोटरगाडी, मोटरबाइकहरू फेदबाट टुप्पामा परेका छन् । ४/६ लेनको सडकमा मोटरगाडीका लागि मात्र प्राथमिकताका साथ लेन राख्नु सडक, राजमार्गलाई अराजक र अमानवीयकरण गरिएका कारण सडक, बाटाहरू बेथितिमय छ, हाम्रा हरेक सहरहरूमा । आज यसैका कारण सडक दुर्घटनामा मारिनेमा पैदलयात्रीहरू धेरै छन् । सन् २०१२ मा सडक सुरक्षाविज्ञ तथा यातायात इन्जिनियर लक्ष्मण केसीको अध्ययनअनुसार सडक दुर्घटनामा मारिनेहरूमा ५२ प्रतिशत पैदलयात्री थिए ।

हाम्रा सहरको विकास र व्यवस्थापनका प्रारूपहरूमा मुलुकको र सहरका भविष्य, हाम्रा बच्चा, केटाकेटीहरूलाई कहाँ राखिएको होला सोच्नुभएको छ ? अथवा बुज्रुग उमेरका वृद्धवृद्धाहरू ! अझै अनौपचारिक क्षेत्र जसले सहरलाई चलायमान बनाउँछ, तिनमा काम गर्ने मानिसहरूलाई ? घरगहिणीहरू, सरसफाइकर्मीहरू, स्विपर, तरकारी दूध बेच्ने मानिसहरू, फुटपाथका व्यापारी, सडक बालबालिका, अनाथ बच्चा र घरबाट त्यागिएका वृद्धवृद्धाहरू, मनोरोगीहरू, चराचुरुंगी र जनावरहरू ! यी सबैलाई ओगट्ने प्रारूपका विकास सहरले कसरी लिएको छ ? सहरलाई आखिर जीवन्त कसले बनाउँछ ? धुवा र धुलो उडाउँदै हिँड्ने गाडीले मात्र सहर हुन्छ ?

सन् २०११ कै जनसंख्यालाई हेर्ने हो भने देशको जनसंख्या तथ्यांकअनुसार १४ वर्षमुनिका केटाकेटी, बच्चाहरू ३४.८२ प्रतिशत छन् । ५५ वर्षमाथिका पाको र वृद्ध जनसंख्या ११.२३ प्रतिशत । दुवै जोडिँदा ४६.०५ प्रतिशत जनसंख्या बालबच्चा र वृद्धवृद्धाहरू छन् ! राजमार्गबाहेकका सहरी सडक, बाटाहरूलाई 'पब्लिक स्पेसका' रूपमा लिइन्छ ! पब्लिक र प्रजातन्त्रबीचको सम्बन्ध यही 'स्पेस' मा हुने अभिव्यक्तिद्वारा निर्धारण भइरहेको हुन्छ । त्यसो भए हाम्रो जनसंख्याका आधा वृद्धवृद्धाहरू र केटाकेटी सहरको प्रारूप र विकास नीतिमा कहाँ अटाएका छन् त ? देशभरमा अपांगता भएकाको जनसंख्याको ५ प्रतिशत छन् भन्ने अनुमान छ । अत: यतिका आधा जनसंख्यालाई ओगट्ने उमेर र वर्गहरूलाई आवागमन र हिँडडुलका लागि सडक, बाटाहरूमा ठाउँ कहाँ दिइएको छ त ? लोकतन्त्रको यस मौलिक हकलाई सरकार र नीतिनिर्माताहरूले बुझ्न खोजेको देखिँदैन । अत: सडकमा ऊपयुक्त फुटपाथ, साइकल/ह्विलचेयर लेन, बस लेन र दृष्टिविहीनहरूलाई टाक्सटाइल पेभिङ भएको फुटपाथसहित चाहिन्छ । समाजवादी स्वभाव र समावेशितालाई हरेक नीतिमा अँगाल्नु पर्छ । सडक र फुटपाथ यसबाट अलग कसरी हुन सक्छ ?

●●●

२०७४ साउन ११ गते । झरीले बौद्धको सडक पानीमा डुबेको थियो । पानीमा फसेका एक ह्विलचेयर प्रयोगकर्तालाई ९ कक्षामा पढ्ने सुजाता गोलेले तानेर पानीबाट निकालिन् । यो दृश्य कान्तिपुरका फोटोपत्रकार संजोग मानन्धरले खिचे । काठमान्डु पोस्टमा यो फोटो छापिएलगत्तै सामाजिक सञ्जालमा यो फोटो भाइरल भयो । यो फोटोले हाम्रो सडकको हविगत र अपांङ्गता भएकाका पीडाका कथा खोल्न समाजलाई झक्झकायो । सरकारी मनुवाहरूलाई भने यसले पनि कहीं कतै छोएको देखिएन । असारे विकास- ३/४ महिने पिच र लोकतन्त्र !

गत चैत १४ गते बिहीबार बिहान जोरपाटी, खगेन्द्र नवजीवनअगाडिको विस्तार गरिएको सडकमा फुटपाथ मान्छे हिँड्नै नमिल्ने गरी बनाइएको भन्दै ह्विलचेयर प्रयोगकर्ताहरू जम्मा भएर विरोध गरे । घन र पिक लिएर फुटपाथ भत्काइदिए । खगेन्द्र नवजीवन अपांग केन्द्रभित्र जान ह्विलचेयरवालाहरूका सहजताका लागि कलाकारद्वय मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्यको पहलमा चन्दा संकलन गरेर चार वर्षपहिले ऱ्याम्प बनाइएको थियो । बल्लतल्ल बनेको ऱ्याम्पसमेत सडक विस्तारका नाममा भत्काइँदा अपांग अधिकारकर्मीहरूले भौतिक पूर्वाधार तथा यातायातमन्त्रीको ध्यानाकर्षण गराएका थिए । तर परिणाम शून्य ! यही आक्रोश थियो उक्त विरोध !

सडक विभाग र काठमाडौं उपत्यका प्राधिकरणले मोटरगाडी, कार र बाइक प्रयोग गर्ने १० प्रतिशत मात्र सडक प्रयोगकर्ताहरूका लागि लगभग सबै १०० प्रतिशत जनता (मोटरगाडी, बाइकवालाहरू पनि कुनै बेला पैदलयात्री नै हुन्छन्) का दैनिक जीवनलाई किन कष्टकर बनाएका हुन् ? यहाँ यस्तो संवेदनशील आधारभूत कुरामा पनि कसको स्वार्थमा यस्तो निर्णय गरिरहेका हुन्छन् ? यी सधैं उठिरहेका गम्भीर जनप्रश्नहरू हुन्छन् ।

२ वर्षअघि सामाखुसी चोकमा स्कुलबाट फर्किदै गर्दा नालामा खसेकी ९ कक्षाकी छात्रा सत्या सापकोटालाई केही युवाले पछ्याउदै उद्धार गरे । गत वर्ष कात्तिक १० गते शनिबार बेलुका साइकलबाट घर फर्किदै गर्दा ६ महिनादेखि खुला छाडिएको मेनहोलमा खसेका साइकलप्रेमी, योग इन्स्ट्रक्टर श्याम श्रेष्ठको भने यसरी उद्दार हुन सकेन । उनले अनाहकमा ज्यान गुमाए । यस्ता घटनामा काठमाडौंमा मात्र सिमित छैनन् । भदौ पहिलो हप्ता बिर्तामोडमा नगरपालिका भवनको केही दूरीको सडकमा खुला छाडिएको नालामा खसेर डुबेको अवस्थामा स्थानीय ६७ वर्षीय सुमित्रा राईको लास भेटिएको थियो ।

यी दुर्घटनाले सडकसँग जोडिएका सरकारी निकायका चरम लापरवाही बुझाउँछ । सडक बनाउने तर ढल, नाला, बिजुलीका पोल, तारलाई बेवास्ता गर्नुले सरकारी अधिकारी कति गैरजिम्मेवार छन् भन्ने बुझिन्छ । यतिका लामो समयसम्म नागरिकका अधिकार र समस्याप्रति सरकारी निकाय संवेदनशील किन छैनन् ? काठमाडौंलगायत हरेक सहर, नगरहरूको सहरी यातायात नीतिमा अनिवार्य पैदलमैत्री, साइकलमैत्री, ह्विलचेयरमैत्री र अपांगमैत्री 'स्टचान्डर्ड' तोकिनुपर्छ । हरेक यातायात योजना कार्यक्रमहरूमा त्यसलाई लागु गर्नुपर्छ । यदि सडक केवल मोटरगाडी, कार, बाइकहरूकै लागि हुन् भने हाम्रा सडकको अराजक प्रवृत्तिले हजारौंका ज्यान त लिने नै छ साथै देशकै आर्थिक, वातावरणीय, सामाजिक र मनोवैज्ञानिक क्षय पुर्नै नसकिने हदसम्म जानेछ । अत्यन्त सिकिस्त बिरामीलाई बोकेर इमर्जेन्सी साइरेन बजाउँदै दौडिने एम्बुलेन्सलाई जानीजानी बाटो नछाड्ने असभ्य, अक्षम्य हाम्रा व्यवहार त त्यही सडकमा देखिन्छ ।

> चौडा सडकहरू यदि पैदलमैत्री, अपांगमैत्री, साइकल/ह्विलचेयरमैत्री हुन सकेन भने यसले साधारण वा गरिब जनतालाई सडकबाट बेदखल गर्नेछ ।

●●●

गत आर्थिक वर्षमा २ खर्ब १७ अर्ब पेट्रोलियम पदार्थ आयातमा खर्च भएको छ । आधा खर्ब बराबरको मोटरगाडी, कार, बाइकहरू आयात भएको छ भने लगभग एक तिहाई खर्ब तिनका पार्टपुर्जाहरू, १० अर्बबराबरको लुब्रिकेन्ट र ८ अर्ब बराबरका टायरहरू आयातमा ! यसरी ३ खर्ब बराबर याने देशको एक तिहाइ बजेट बराबरको आयात खर्च हामीले सवारी साधनहरूमा गर्ने गरेका छौं । गएका तीन आर्थिक वर्षमा मात्र सरकारले मुलुकको ढुकुटीको लगभग साढे १५ अर्बको मोटरगाडी, कार, बाइक किन्नमा खर्च गरेको छ । गत आर्थिक वर्षमा मात्रै ६ अर्ब ६१ करोड ४५ लाख रुपैयाँ खर्च गरेर ६ हजार ९ सय ९ वटा मोटरबाइक तथा १ हजार २४ कार, जिप, सवारीसाधनहरू खरिद गरेको छ । विगत एक दशकमा लगभग ७० अर्बभन्दा बढी रुपैयाँ जनताको पसिनाको कमाइको सरकारी ढुकुटीको रकम गाडी र मोटरबाइक किन्न सकिएको छ ।

आव ०७५/७६ मा नेपाली उपभोक्ताले नेपाल आयल निगमसँग रु.२ सय ६३ अर्बको पेट्रोलियम इन्धनमा खर्च गरेका छन् । जबकि उक्त वर्षमा पुँजीगत विकास खर्च छुट्टचाइएको ३ सय १३ अर्बमा सरकारले मात्र २ सय ३८ अर्ब खर्च गर्न सकेर निर्वाचित सरकार र नोकरशाहीहरूको स्थायी सरकारले असक्षमता देखाएको छ ।

सडक, बाटाहरूका प्राथमिकता र अधिकार स्थानीय जनताबाट खोसिएर केवल कार, मोटरगाडी, बाइकहरूलाई मात्र दिनुलाई जनघात मानिनुपर्छ ! चौडा सडकहरू यदि पैदलमैत्री, अपांगमैत्री, साइकल/ह्विलचेयरमैत्री हुन सकेन भने यसले साधारण वा गरिब जनतालाई सडकबाट बेदखल गर्ने छ । यसले समाजमा गरिब र धनीको खाडललाई बढावा दिन्छ ! जसले समाज र देशमा सामाजिक द्वन्द्व निम्त्याउन सहयोग गर्छ । अत: लोकतन्त्रमा सडक, राजमार्गहरू केवल सीमित उच्च वर्ग, धनीहरूका मोटरगाडी वेगमा दौडाउने खेलमैदान मात्र होइनन् । राष्ट्रको अधिकांश जमात उही निम्न, मध्यम वर्गका नेपालीहरूको छ, जसका भोटले सरकार चुनिन्छन् । जसका करले देश चल्छ र जसका श्रमले देश बन्छ । तर सडक, बाटाहरूमा अधिकांशत: त्यही वर्गका जनताका मौलिक सडक अधिकार किन लुटिन्छ ?

नागरिकबाट उठाइएको करबाट बनाइने सडक, बाटामा उसकै भूमिका पन्छाउनु नागरिक-अपमान हो ! सडक विस्तार र चौडा गरिनुपर्छ तर गाडीका लागिमात्र होइन । विस्तारित सडक, चौडा बाटाहरूमा अझै फराकिला फुटपाथ, साइकल लेन, ग्रिनबेल्ट सडकको सुन्दरता हुन् । पैदलयात्री, अपांगता भएका र साइकलयात्रीलाई बहिष्करण गरेर विस्तार गरिएका अलकत्रे सडक काला मरुभूमिसरह हुन्, जहाँ केवल अराजक मेसिनहरू कर्कश ध्वनि, धूवाँ र धूलोको आतंक फौलाउँदै कुद्छन् । अत: सबैलाई समेटिने गरेर बनाइने सडक नै पूर्ण सडक हो जुन समावेशी र प्रजातान्त्रिक हुन्छ ।

काठमाडौं उपत्यकामा २ हजार किमिभन्दा बढी लम्बाइका पिच सडक बनेका छन् । यीमध्ये अधिकांशमा उपयुक्त फुटपाथ छैनन् । साइकल लेनहरू भने तिलगंगादेखि एयरपोर्टसम्मको प्रयोगविहीन र भत्काइएको अवस्थाको लगभग १ किमि, फि: ब्यख: (माइतीघर) देखि तीनकुनेसम्म गलत डिजाइनका साथ बनेको अनुपयुक्त २.७ किमि र जडीबुटीदेखि पेप्सिकोलासम्म लगभग १ किमि साइकल लेन छन् । काठमाडौं महानगरपालिकासँगको सम्झौताबमोजिम माईतिघरदेखि तीनकुनेसम्मको साईकल लेनलाई रिफन्कसनलाइज गर्न रिभ्यु अध्ययन नेपाल साइकल सोसाइटीले गरेको छ ।

●●●

राष्ट्रकै ठूलो धनराशि मोटरगाडी संस्कृति र यातायातका लागि खर्च हुँदै गर्दा कर्पोरेट व्यवसायीहरूले कार, मोटरगाडी, बाइकहरूलाई समाजको आवश्यकता र विकासको सूचक भन्दै व्यापार वृद्धि गर्दै छन् । कार संस्कृति भलै हाम्रा लागि नौला होला तर विश्व परिवेशमा विकसित र सचेत सहरहरू, कार्ररहित सहरको परिकल्पना र अवधारणामा गइसकेका छन् । सन् १९७६ बाट कोलम्बियाको बोगोटाबाट सुरु भएको यो अभियानमा संसारका लगभग ४ सयभन्दा बढी सहर जोडिइसकेका छन् । सहरका कोर एरियामा मोटरेबल गाडी, कारहरूलाई पूर्णरूपमा निषेध गरी पैदलमैत्री, साइकलमैत्री बनाउन थालिएका छन् । हाम्रा पुराना ऐतिहासिक नेवारी सहरहरूका गुणावशेषहरू यस अभियानमा अँगालिएका छन् । युरोपभरि ७६ हजार ३ सय ७७ किमि युरोभेलो साइकल रुट तयार भइरहेको छ भने हजारौं किमिको एकीकृत साइकल नेटवर्क विकास भइरहेको छ । सन् १९७० तिर 'कार किल्स चाइल्ड' यही बृहत् आवाजहरूबाट उठेको बृहत् नागरिक अभियानको कारण नै एम्स्टरडचामलगायत सम्पूर्ण डच सहस, नगरहरू आज विश्वका लागि साइकलमैत्रीको उदाहरण बन्न पुगेका छन् ।

भनाइ नै छ- मूर्खहरू आफैंलाई परेर चेत्छन्, बुद्धिमानीहरू पढेर चेत्छन् तर ज्ञानीहरू अरूको देखेर नै चेत्छन् ! हाम्रो बुद्धिको स्तर हाम्रा सडकका डिजाइनहरू, सडक संस्कृतिहरू र सडक दुर्घटनाका दैनिक समाचारहरूले स्पष्ट रेखांकन गरिरिहेको छ । अब उत्तर माग्ने बेला आएको छ- हाम्रो सहर र सडकहरू बाइक, मोटरगाडी, कार केन्द्रित किन र कसको स्वार्थका लागि ? नागरिककेन्द्रित विकास गर्न सरकारलाई कसले छेकेको छ ?

बोगोटाका प्रसिद्ध जनमुखी पूर्वमेयर तथा साइकल अभियन्ता ऐनरिक पेनोसोलाले भनेका थिए, 'धनीहरूका मनोरञ्जनका लागि त क्लब छन् तर गरिबका लागि फुटपाथबाहेक केही छैन । प्रजातन्त्रको गहिराइ यही फुटपाथको चौडाइबाट नाप्न सकिन्छ !'

(लेखक नेपाल साइकल सोसाइटीका अध्यक्ष हुन् ।)

कीर्तिमान

हिमेश

१.५९

एजेन्सी

वैज्ञानिकहरूको टिमको अध्ययनको निष्कर्ष थियो- म्याराथन दौड मानवले दुई घण्टाभन्दा कम समयमा पूरा गर्न असम्भव छ । यसै साता केन्याका एक धावकले १ घण्टा ५९ मिनेटमा त्यो दौड पूरा गरेर देखाइदिए ।

दौडमा अलिकति पनि रुचि भएकाले भन्ने गर्छन्, कम्तीमा एकपल्ट त जीवनमा म्याराथन दौडेर पूरा गर्नैपर्छ । समयको चिन्ता कहाँ छ र ? ६ घण्टा लागोस् अथवा १२ घण्टा नै । एकचोटि न एकचोटि म्याराथन पूरा गर्नेको शान नै बेग्लै हुने गर्छ । खेलकुदको माध्यमबाट मानिसको सबैभन्दा ठूलो शारीरिक परीक्षा नै म्याराथन हो । आखिरमा एकैचोटि ४२.१९५ किलोमिटर दौडिनु भनेको त एक प्रकारले दुस्साहस पो हो । तर यही दुस्साहसमा रमाउन खोज्ने पनि त उत्तिकै हुने गर्छन् ।

नेपालका पुराना म्याराथन धावक अर्जुन पण्डितले एकपल्ट आफ्नो अनुभव सुनाउने क्रममा भनेका थिए, प्रत्येकपल्ट उनले म्याराथन दौड पूरा गर्दा मुखमा काँचो रगत बगिरहेको अनुभव गर्छन् । यस्तो अनुभव उनलाई केही दिनसम्म भइरहन्छ । स्वास्थ्य विज्ञानको भाषामा भन्दा यस्तो सम्भव नहुन पनि सक्छ । तर, उनको आशय त प्रस्ट छ– म्याराथन दौडिन सजिलो छैन । दौडिहाले पनि मुखमा काँचो रगतको स्वाद आइरहन्छ । यो म्याराथन गाह्रो भएर नै हो ।

सबैभन्दा पहिले पुरानै कुरा । इसापूर्व ४ सय ९० मा ग्रिस र पर्सियाबीच 'म्याराथन' भन्ने स्थानमा युद्ध चलिरहेको थियो । त्यसमा विजयी रहचो- ग्रिस । त्यो समाचार सुनाउने जिम्मा पाए, एक सैनिकले । ती सैनिक युद्ध स्थलबाट दौडेर एथेन्स पुगे । आफ्नो देश जितेको समाचार सुनाए । अनि त्यहीं ढले । फेरि कहिले पनि उठेनन् । त्यति बेला उनले ४० किलोमिटर जतिको दूरी दौडेर पूरा गरेका थिए । युद्धमा जितको समाचार सुनेर जहाँ ग्रिसवासीको खुसीको सीमा रहेन, त्यहीं ती सैनिकको बहादुरीसामु पनि सबै नतमस्तक भए ।

त्यसैले सन् १८९६ मा जति बेला ग्रिसको एथेन्सले पहिलो आधुनिक ओलम्पिक्सको आयोजना गऱ्यो, त्यसमा यस्तै दौड सामेल गरियो र त्यसको नाम राखियो– म्याराथन । त्यसो त ती बहादुर सैनिकको कथा धेरैपछि मात्र बुनिएको भन्ने पनि छन् । तर त्यही कथामा टिकेर म्याराथनको आयोजना भएको भए पनि यो विश्व खेलकुदको सबैभन्दा बढी चर्चामा आउने स्पर्धा रहेको छ । एथलेटिक्सको प्रतियोगिता हुनुपर्छ– म्याराथन छुट्टैदेन भन्दा हुन्छ ।

पहिलो आधुनिक ओलम्पिक्सको पहिलो विजेता रहे, ग्रिसकै स्पाइरिडन लुइस । पेसाले भेडा गोठाला उनी पूर्वसैनिक थिए । म्याराथनमा स्वर्ण के जिते, उनी पूरा देशकै नायक बने । उनले त्यो दौड दुई घण्टा ५८ मिनेट जत्तिको समयमा पूरा गरे । त्यही दौडमा एक ग्रिक महिला पनि सहभागी भएकी थिइन् तर उनलाई औपचारिक रूपमा समावेश गरिएको भने थिएन । दौडचाहिँ उनले पनि पूरा गरेकी थिइन् । जति बेला उनको दौड पूरा भएको थियो, समयले एक दिन छोइसकेको थियो ।

म्याराथनसँग जोडिएको इतिहास पल्टाउनुपर्छ, यस्तो मज्जाका कथा धेरै पाइन्छ । अनि यस्तै कथाबीच प्राय: सोधिने प्रश्न हो, मानिसले कति समय सीमाभित्र यो दौड पूरा गर्न सक्छन् ? अथवाको मानिसको म्याराथन दौडिने सीमा कुन विन्दुमा गएर रोकिनेछ त ? धेरै होइन, केही वर्षअगाडि मात्र खेलकुदमा अनुसन्धान गरिरहेका केही वैज्ञानिकको समूहले दाबी गरेको थियो– मानिसले कहिले पनि ४२.१५ किलोमिटरको दौड दुई घण्टाभन्दा कम समयमा सकाउन सक्ने छैनन् ।

केन्याली धावक इजियुड किपचोगेले हालै मात्र ती वैज्ञानिकको दाबीलाई गलत साबित गरिदिएका छन् । अस्ट्रियाको भियनामा आयोजना भएको विशेष म्याराथन दौड उनले पहिलोपल्ट दुई घण्टा कम समयमा पूरा गरे । ठ्याक्कै निस्केको समय थियो, १ घण्टा ५९ मिनेट र ४०.२ सेकेन्ड । यस क्रममा उनी म्याराथन दुई घण्टाभन्दा कम समयमा पूरा गर्ने पहिलो मानव बने । दुई वर्षअगाडि इटालीमा पनि उनले यस्तै प्रयास गरेका थिए तर सकेनन् ।

सन् २०१७ को त्यो प्रयासमा उनले दौड २ घण्टा ०० मिनेट २५ सेकेन्डमा पूरा गरेका थिए । त्यसो त अहिलेको समयलाई औचापरिक विश्व कीर्तिमानका रूपमा मानिने छैन् । यो कुनै आधिकारिक म्याराथन दौड होइन । तर पनि यसको विश्व खेलकुदमा भने ठूलो महत्त्व हुनेछ । यिनै किपचोगेकै भाषामा भन्दा मावन इतिहासमै चन्द्रमामा मानिसले टेकेको पहिलो पाइलाले जे अर्थ राख्छ, दुई घण्टाभन्दा कम समयमा म्याराथन दौडिने पनि त्यस्तै हो, विश्व खेलकुदका लागि ।

म्याराथनकौ औपचारिक विश्व कीर्तिमान पनि किपचोगेकै नाममा छ । उनले सन् २०१८ को बर्लिन म्याराथनमा २ घण्टा १ मिनेट ३९ सेकेन्डमा दौड पूरा गरेका थिए । यसपल्ट भियना पार्कमा आयोजना गरिएको दौड भने खालि मानिसले म्याराथन दुई घण्टाभन्दा कम समयमै पूरा गर्न सक्छ भनेर देखाउने नै हो । यसका लागि अरू विशेष खाले व्यवस्था पनि गरिएको थियो । जस्तो किपचोगेको पछाडि पछाडि ४१ खेलाडीले पनि दौड लगाएका थिए ।

तिनलाई 'पेस मेकर्स' को भूमिका दिइएको थियो । यसमा पनि नामी धावकहरूकै बाहुल्य थियो । उनीहरूको काम नै थियो, किपचोगेको गतिमा कमी आउन नदिने । अझ भन्दा उनीहरूले एक प्रकारले किचचोगेलाई पछ्याइरहेका थिए, उनी आफैं भने उनीहरूबाट भागिरहेका थिए । दौड पूरा गरेलगत्तै उनले भनेका शब्दले पनि खास अर्थ राख्छ । उनको भनाइ थियो, 'म दुई घण्टाभन्दा कम समयमा म्याराथन दौडिने पहिलो धावक बनें । खासमा म अरू धेरैका लागि प्रेरणा हुन चाहन्छु । मानिसको प्रदर्शनको कुनै सीमा छैन ।'

पूरा दौडका क्रममा उनले प्रत्येक २ मिनेट ५० सेकेन्डमा एक किलोमिटर पूरा गरे । दौडको बीचमा पुग्दा उनी आफ्नो लक्ष्यभन्दा ११ सेकेन्डले अगाडि रहिसकेका थिए, त्यसैले यसपल्ट कीर्तिमान बन्ने लगभग तयजस्तै भइसकेको थियो । उनले कीर्तिमान समयमा दौड पूरा गर्नुपछाडि केही ठोस कारण पनि थिए । कीर्तिमान समय निकाल्न भनेर नै दौडमा धेरै मोड राखिएको थिएन । अधिकांश समय किपचोगेले सीधा दौडिने मौका पाए, त्यो पनि हावाको बहाव कम भएको स्थितिमा ।

कसरी दुई घण्टाभन्दा कम समय निकाल्ने हो भनेर पूरा योजना बनाइएको थियो । अझ भनौं इन्च-इन्चको हिसाब तयार पारिएको थियो । दौडिने क्रममा उनी घाइते नहुन् भनेर पनि उत्तिकै सजगता अपनाइएको थियो । जे होस, यी सबै पृष्ठभूमिका बाबजुद किपचोगेको यो प्रदर्शन वास्तवमै ऐतिहासिक छ । अचेल उनी मात्र होइनन्, अरू केही धावक पनि दुई घण्टा १ मिनेटको हाराहारीमा औपचारिक म्याराथनमै दौडिने भइसके ।

जस्तो गत महिना मात्र बर्लिन म्याराथनमै इथियोपियाका केनेनिसा बेकेलेले २ घण्टा १ मिनेट ४१ सेकेन्डको समय निकाले । अब त्यो दिन धेरै टाढा छैन, जति बेला मान्यता प्राप्त दौडमै दुई घण्टा कम समयको प्रदर्शन निस्कनेछ । 'मलाई पूरा विश्वास छ, मेरो यो दौडले अरू धेरै धावकलाई कीर्तिमान समय छुन प्रेरित गर्नेछ,' उनको निचोड छ । हुन पनि खेलकुद नै त्यस्तो माध्यम हो, जसले मानिसको सीमा तोक्छ तर मानिस त्यही सीमा तोड्न जिद्दी देखाउँछ । अनि सफल पनि हुन्छ ।

twitter : @himeshratna

अमेरिकी बाख्रागोठमा पीके चौधरी

३० वर्षअघि झापाको जामुनखाडी गाउँबाट सुरुंगा बजारको बैंकसम्म अलिकति ऋण खोज्न आएकी थिइन्– प्रेमकुमारी । त्यसबेला ऋण दिने विदेशी अफिसरसँगै मायामा फँसेर जिन्दगीकै साँवाब्याज उठाउने यत्नमा अमेरिका आएकी उनी अहिले खसीबोका, कुखुरा, हाँस, सुँगुर, तित्राका वरपर रमाइरहेकी छन् ।

जीवन

देवेन्द्र भट्टराई

'यो भाग्य हो कि सपना, म भन्नै सक्तिनँ...' अनि जोडजोडले हाँसे भिनाजु जेब काक्रिन ।

जेब नजिकै लिसोझैं टाँसिएकी थिइन्, दिदी प्रेमकुमारी चौधरी अर्थात् पीके ।

यो अजबगजबको कथा सुरु हुन्छ– झापाको जामुनखाडी, सुरुंगा छेउछाउबाट । आजभन्दा ३० वर्षअघि उमेरका २५ वर्षे जेब काक्रिन अमेरिकी स्वयंसेवी (पिस्कोर) बनेर पूर्वी नेपालको झापा पुगेका थिए । नेपाल बैंक लिमिटेडको सघन बैंकिङ कार्यक्रममा साना किसानलाई ऋण सहयोग दिन जेब खटिएका थिए । उनी कुहिरे टाइपको नेपाली बोल्थे, सुरुंगा आसपासका झुपडी पसलमा चिया-चना खाँदै टहल्थे र फुर्सदमा नजिकै माइखोलासम्म पुगेर बाँकटे हानिरहन्थे ।

साना किसानको समूहलाई ऋण दिने खासखुस हल्ला बढिरहेका बेला एक दिन बैंकमा एउटी नवयौवना आइन् । र, सीधै अफिसर जेब काक्रिनका अघि उभिएर सोधिन्– के हामीलाई ऋण दिनुहुन्छ ?

'त्यो ऋण माग्न आएकी कालीकाली तर राम्री केटीले मेरो आँखामा आँखा जुधाएर कुरा गरेपछि म त भुतुक्कै भैहालें नि,' फिल्मी कहानीका नायकजस्ता लाग्ने जेब सम्झन्छन्, 'मैले यताउति नहेरी त्यो केटीका आँखैमा हेरेर जवाफ दिएँ– दिन्छु नि ।'

तर, यसरी 'दिन्छु' भने पनि दिनलाई त्यति सजिलो भने थिएन । भोलिपल्ट ती युवती फेरि बैंकमा आइन् । अनि जेबले फेरि आँखामा आँखा जुधाएरै सोधे, 'तपाईं के गर्नुहुन्छ ? केका लागि ऋण दिने ?'

केटीले भनिन्, 'मेरो आमा किसान हो, मैले एसएलसी गरेकी छु । अब भने आफैं सानोतिनो व्यापार गरौं कि भनेर सोचेकी छु ।'

यो जवाफ सुनेपछि जेब ऋणीको घर हेर्न बैंकबाट निस्किए । किनभने घर नहेरी र परिवारसँग कुरा नगरी ऋण दिन मिल्दैनथ्यो । केटीको घर जामुनखाडी नजिकै रहेछ । अनि कुरा मिल्यो पनि, ऋण सदर भयो । ४ जना साथीको समूहले ३ हजार रुपैयाँ ऋण पाए । कारण र उद्देश्य पनि स्पष्ट थियो– कोही सुँगुरपालन गर्ने, कोही चिउरा बेच्ने अथवा कोही बाख्रापालनमा लाग्ने ।

यसरी सबै कुरा 'सदर' भए पनि जेब ती युवतीलाई दिनहुँजसो बैंकमा बोलाइरहन्थे । कहिले कुनै कागज मिलेन भनेर, कहिले सबै कागज मिल्यो भनेर । उसबेला आँखामा आँखा जुधाएर कुरा गर्ने त्यो केटी अरू कोही थिइनन्, उनै दिदी प्रेमकुमारी चौधरी अर्थात् पीके थिइन् । ती हिजोका मगनमौजी लोन-अफिसर पनि अरू कोही थिएनन्, बरु आँखैसामु आफ्नो ठूलो भुँडी हल्लाउँदै हाँसिरहेका आजका भिनाजु जेब काक्रिन थिए ।

●●●

अमेरिकी राजधानी वासिङ्टन नजिकैको राज्य मेरिल्यान्डभित्रको यो बस्तीमा कुनै चाडपर्वको छेक परेको हो कि झैं लागिरहेको छ । दसैं-तिहारको नोस्टाल्जिया बोकेर डीसी, भर्जिनिया, पेन्सिलभेनिया, बाल्टिमोर वरपरका नेपालीहरू हूल बाँधेर आइरहेछन् । उनै पीके दिदी र जेब भिनाजुको घरबास नजिकै आएपछि कोही बाख्राखोरमा छिर्छन्, कोही सुँगुर हेर्न जान्छन् । कुखुरा, हाँस, तित्रा रोज्नेहरू पनि उत्तिकै भेटिन्छन् ।

दसैंको मुख पारेर जरेट्सभाइल पाइक, मोन्टनस्थित 'दिदिज् फार्म' मा छिर्नेबित्तिकै हँसमुख भिनाजु जेब काक्रिन बाख्रागोठाबाट बाहिर आए । हामीले आफ्नो परिचय दिएपछि जेबले आफ्नो ठूलो भुँडीमा टाँसिने गरी गम्लङ्ग अँगालो हाल्दै मायाले भने– ओहो, मेरो ससुराली गाउँका साला केटाहरू पो आएका रहेछन् । कत्रो खुसीको कुरा ! आई एम सो हचापी, दचाट यु केम फ्रम माई ससुराली गाउँ... !

यो बातचित चलिरहँदा कोही डीभीको चक्करमा परेर अथवा कोही श्रीमतीको परिबन्दमा फँसेर केही वर्षअघि अमेरिका पुगेका भानिजहरू प्रमोद (लारुम्बा) र सुवास (आँगन) साथैमा थिए । अनि जेबले हामीलाई बाख्रागोठ नजिकैको आफ्नो घरमा लगे, ९३ वर्षीय बाबु फ्रान्सिसलाई हाम्रो परिचय गराए । उनकी दिदी, फुपू, सानिमा, माइजू सबैलाई चिनाए– नेपाली मिजासमा ।

चिनाजानी भैरहँदा दिदी पीके भने कुखुरा समात्न खोरभित्र हाँप र झाँप गरिरहेकी थिइन् । 'एउटा कुखुराको त्यही २५/३० रुप्पे हो भाइ, यहीं बनाइतुल्याइ गर्ने ठाम पनि छ । खसी भने दसैंको छेक भएकाले सबै बुकिङ भैसक्यो । नयाँ लट भने फूलपातीको दिन मात्रै आउला है,' दिदीले सुनाइन् ।

जामुनखाडीको चौधरी बोलीमा अम्रिकाने लवज केही मिस्सिएको रहेछ । तैपनि डलर भन्नुभन्दा अझै 'रुप्पे' भन्नुमा स्वाद लिइरहेकी थिइन् दिदी । दिदीको फार्ममा खसीबोका पेन्सेलभेनिया स्टेटबाट आउने रहेछ, कुखुरा केन्टुकीबाट । बाख्राका ससाना पाठापाठी आए भने ६ महिनाजति पालेर बिक्रीमा पठाइन्छ । धेरैजसो त दमकको बुधबारे हटियाजस्तो– खसीबोका ल्यायो, तु. बेचिहाल्यो ।

'भाइ, कुरो गऱ्यो कुरैको दुःख भन्छन् नि,' दुइटा कुखुरा समातेर सरसफाइमा लागेकी पीके दिदी बोलिरहेकी पनि थिइन्, '२०४५ सालतिर सुरुंगाको बैंकले साना किसानलाई ऋण दिन्छ रे भन्ने सुनेर त्यहाँ गएकी थिएँ । आखिरमा त्यही ऋण दिने मान्छेको जिन्दगीकै साँवाब्याज बनेर यहाँसम्म आइपुगें । यो भाग्य पनि अनौठो चीज रहेछ भाइ ।'

उसबेला प्रेमकुमारीको सानो व्यापार भने चिउरा खरिदबिक्रीको थियो । उनी होलसेलमा १० रुपैयाँ केजी चिउरा किनेर खुद्रा १२ रुपैयाँमा बेच्थिन् । अलिक धेरै चिउरा किन्यो भने ८ रुपैयाँमै एक केजी चिउरा आउँथ्यो, उनले त्यसैका लागि ऋण लिएकी थिइन् ।

सुवास खतिवडा

किस्तामा बैंकको ऋण तिरिसक्न झन्डै दुई वर्ष लाग्यो, अनि भने साँच्चिकै 'लभ' पऱ्यो । 'एक दिन मलाई जेबले सोधे– तिमीलाई अमेरिका जान मन लाग्छ ?' प्रेमकुमारी कुखुराको जाँते पखाल्दै गर्दा मायामा नोस्टाल्जिक बनेकी थिइन् । यो आफैंमा अचम्मको प्रश्न थियो । जामुनखाडी वरपरको गाउँठाउँ र नजिकै बिर्तामोडबाहेक काठमाडौं सहर पनि पत्तो नपाएकी प्रेमकुमारीलाई यो झट्का लाग्ने प्रश्न थियो ।

'जान त मन लाग्छ नि । तर, कता हो अमेरिका ? के कसरी जाने, केही थाहा छैन,' उनको जवाफ थियो । फेरि जेबले मन चोर्ने तरिकामा भनेछन्– मलाई पनि तिमीलाई अमेरिका लगेर मेरो परिवार भेटाउने मन लागेको छ, आमाबालाई भेटाउन मन छ ।

अनि भने प्रेमकुमारीको प्रेम चञ्चल बन्न थाल्यो । रातारात गरेर उनी काठमाडौं आइन् । पर्यटक भिसाका लागि अन्तर्वार्ता दिइन् । तर, अमेरिकी भिसा मिल्न सकेन । अब अर्को उपाय लगाउनुपर्ने भयो । तब जेब र प्रेमकुमारीले कानुनी विहा गरे । २०४७ सालमा जामुनखाडी गाउँमा बाजा बजाएरै विहा गरेर देखाए । त्यसपछि भने उनले भिसा पाइन् र आइन् अमेरिका श्रीमान् जेब काक्रिनका साथमा । अनि त जिन्दगीको कुरै अर्को भयो ।

●●●

सुरुमा आएर जेब-पीके बाल्टिमोरकै फस्टन भन्ने ठाउँमा बसेका थिए । पीकेका सासू-ससुरा पनि साथै थिए । सुरुमा अंग्रेजी बोल्न नसक्दा इसाराका भरमा पीकेले घरधन्दा धानेकी थिइन् । सुरुंगाको कन्काई माविबाट एसएलसी गरेकी पीके अंग्रेजी बुझिथन् मात्रै मुस्किलले, फर्काउने बेलामा जिब्रो लाटिन्थ्यो । अमेरिकामा कम्युनिटी कलेज गएर एक वर्षजति अंग्रेजी भाषाको कक्षा लिएपछि मात्रै उनको बोली फुट्यो ।

पीकेलाई सासू-ससुराले साह्रै माया गर्थे । जेब भने 'ट्री फर द फचुचर' भन्ने परियोजनामा देशदुनियाँ घुमिरहन्थे । रूख रोप्ने कार्यक्रम लिएर उनी इन्डोनेसिया, फिलिपिन्स, भारत, नेपाल (दाङ) गएर रूख रोप्दै घर फर्कने गर्थे । पीकेले भने आफ्नै बलबुतामा अमेरिका आएको एक वर्षमै ड्राइभिङ लाइसेन्स लिन सकिन् । अनि बेकरी आइटमको पसलमा काम थालिन् । वेयर हाउसमा पनि काम गरिन्, वायरलेस कम्युनिकेसनका भरमा प्याकिङका काम गर्थिन् । अनि फेरि १२ वर्षजति केही काम गरिनन् । त्यसबीचमा मेरी र टामस भन्ने छोराछोरी जन्मिए, हुर्किए । आज छोराछोरी २१, २२ वर्षका भए । यीमध्ये छोरो नेपाल जानै चाहँदैनन् भने छोरी नेपाल भनेपछि मरिहत्ते गर्छिन् ।

'मेरो श्रीमान्को परिवार पनि पहिले कृषक थियो । गाईगोरु निकै थिए । खेती ठूलो थियो । त्यही भएर किसानीमा मन मिल्यो,' बर्मा गए कर्मसँगै भनेझैं अमेरिका आएर पनि सुँगुरलाई दाना, कुखुरालाई चारो दिइरहेकी पीकेले लगातार आफ्नाबारे भनिरहिन्, 'म नेपालमा पनि किसानकै छोरी हुँ । यहाँ आएर पनि यस्तै माटोसँग जोडिएको काम गर्न मन लाग्यो ।'

पीके खसीबोका, कुखुराको व्यापारबाहेक हाउस क्लिनिङको काममा व्यस्त हुन्छिन् । ४ वर्षअघि थालेको फार्म हाउस त साइड-जबजस्तै हो उनका लागि । झन्डै ६ करोड रुपैयाँमा किनिएको १० एकड जमिनमा बाख्राफार्मबाहेक खेतीपाती पनि हुन्छ । यहाँ मकैबाली भखैरै उठाइएको छ, अब गहुँ लगाउने कुरा छ । अझ स्वादको कुरा के छ भने पीके दिदीले बाख्राका बड्क्यौंला थुपार्ने ठाउँमै पूर्वी नेपालबाट ल्याएको अकबरे खोर्सानी पनि रोपेकी छन् । फार्ममा खसी-कुखुराको सिकार गर्न आउने नेपालीहरू अकबरेको बोटमा 'सेल्फी' लिन खुबै मन पराउने रहेछन् ।

बाख्रा फार्ममा पिकनिक खाने बहानामा नेपालीको हूल आइरहन्छ । कतिपय मादल लिएर आउँछन्, रातभर मादलको तालमा नाचगान चलिरहन्छ । सात समुद्र पारको यो बिरानो माटोमा 'सालको पात टपरी बुनेर' को भाकामा नेपाली दाजुभाइ नाचिरहँदा पीके-जेब दिदी-भिनाजु उसैगरी दंगदास पर्ने गरेका छन् ।

'ए पीके दिदी, खसीको आन्द्राभुँडी पकाइदिनुस् न है, अकबरे हालेर...' यसो भन्दै फर्माइस् पनि आइरहन्छ । अनि झनै आनन्द मान्छिन् पीके । भन्छिन्– त्यसबेला उही आफ्नै जामुनखाडी पुगेजस्तो लाग्छ ।

'खोइ भाइ, यो सबै भाग्य त होला नि । मैले चिताएकी पनि थिइनँ । म एकदमै खुसी छु । मैले भनेजस्तो श्रीमान् पाएँ । जेबले अहिलेसम्म एउटा वचन लगाएर बोलेको छैन । बरु म पो गाली गर्छु । घरमा भात पकाउन भ्याइएन भने किन पकाइनस् भनेका छैनन् । जे हुन्छ, पाउरोटी-चिउरा खाएर चुप लागेर सुत्छन्,' पीके दिदीसँग सबैभन्दा ठूलो खुसीको कुरा छ ।

●●●

बाख्रा-कुखुराको गोठधन्दा सिध्याएर नजिकै आएका थिए– भिनाजु जेब काक्रिन ।

'सबै नेपाली केटी शिर निहुराएर बोल्छन्, ठाडै बोल्ने सक्तैनन् । यो केटी भने कसरी आँखा जुधाएर ठाडै बोल्न सक्छे ? त्यही भएर मलाई यो केटी मन पऱ्यो,' फेरि जेब सुरुंगा-डेजमा फर्किएका थिए ।

आज भने उही पीकेका सामु जेब आँखा झुकाएर बोल्ने रहेछन् । पीकेको मायाले गलक्कै गलेका रहेछन् जेब । 'म आफूलाई एकदमै भाग्यमानी मान्छु । पीकेजस्तो केटी नेपाल, अमेरिका कतै पनि पाउँदिनँ । नेपालकै सबैभन्दा राम्री केटी हो ऊ । त्यही भएर मैले टिपेर ल्याएको,' यति भनिसक्दा भिनाजु जेबको ठूलो भुँडी हल्लिएको देखिन्छ, अट्टाहाससँगै ।

जेब ससुराली गाउँ जामुनखाडी निकैपटक पुगेका रहेछन् । ७५ वर्षीया सासूआमा नेत्रकुमारी चौधरी पनि २ पटक अमेरिका आएकी रहिछन् ।

'पीकेको आमाबुबा एकदम गरिब थिए । तर, घर सफासुग्घर थियो । उनीहरूमा आत्मसम्मान निकै थियो । ती एकदमै दयालु, मायालु थिए । जीवनलाई सकेसम्म राम्रो बनाउने प्रयत्नमा थिए उनीहरू,' जेब सम्झन्छन्, 'म निकै आँट गरेर र राम्रो मुखले छोरी माग्न गएको थिएँ । उसकी आमा पहिले त रिसाएकी थिइन्, कुहिरे ज्वाइँ भनेर । छोरी नदिएको भए भागिन्थ्यो होला कि सायद... ।'

त्योबला डेटिङ न सेटिङ । यसो कतै सँगै निस्कियो त कुरा काट्न थाल्ने रहेछन् । 'ओहो, यो कुहिरे त सल्केछ कि क्या हो भन्थे । अनि म खुम्चिएरै बस्थें,' मीठो नेपालीमा जेब भन्छन् । यत्ति हो, कहिलेकाहीं समूहको पिकनिकमा जेब जान्थे । त्यो हूलमा पीके पनि हुन्थिन् । टाढैबाट मस्कामस्की गऱ्यो, बस !

जेबलाई तराई-मधेसका थारू, चौधरीहरूको थोरतिनो कथा पनि थाहा रहेछ । स्थानीय जमिनदार र धनीमानी चौधरीहरू कसरी गरिब बन्दै गएका हुन् भन्ने दारुण कुरो छ यो कथामा । 'मैले भेट्दासम्म मेरी सासूआमाका कानका लोती माथिदेखि तलसम्म छेडिएको थियो । दुवै कान लच्कने गरी सुनका गहना ढाकिएका थिए । पछिपछि ती कानमा छेडिएका दुलाहरू मात्रै बाकी रहे, सुन भने थिएन,' सामु झुन्डचाइएको एउटा रंगीन चित्र बयान गरेझैं जेब भनिरहेका थिए, 'मेरा ससुराबा पनि राम्रै किसान थिए । थुप्रै बिघा जमिन थियो । पछिपछि पहाडतिरबाट मान्छे आउँदै गए, सस्तोमस्तोमा जमिन लिँदै गए । मेरा ससुराली बर्सौंन गरिब झन् गरिब हुँदै गए ।'

मेरिल्यान्ड राज्यमैं जन्मे-हुर्केका जेबले बाल्टिमोरकै विद्यालयमा पढे, कोर्नेल युनिभर्सिटीमा पढे । पढाइपछि 'अरू मान्छेलाई सकेको सेवा दिनुपर्छ' भनेर आफूखुसी उनले स्वयंसेवा रोजेका थिए । एउटै लटमा पिस्कोर स्वयंसेवी बनेर जेबसँगै १० जना नेपाल आएका रहेछन् । उनीहरू त्यसबेला डुम्रे, चितवन, उर्लाबारी, सर्लाही सबैतिर गएका रहेछन् । सुरुमा काठमाडौं, गोदावरीमा नेपाली भाषाको तालिम लिएपछि जेबले भने हेटौंडामा एउटा परिवारसँग बसेर भाषा सिकेका रहेछन् । 'अनि म अवसर र भाग्यले तानिएर सुरुंगा पुगें, अढाई वर्ष त्यहाँ बसें । त्यसपछि पीकेलाई साथमा लिएर यता आएँ,' जेबले सुनाए ।

भिनाजु जेब ३० वर्षअघिको सुरुंगा सम्झनेबित्तिकै हुरुक्क हुन्छन्, अझै पनि । 'कति राम्रो सानो गाउँ थियो सुरुंगा । त्यहाँ बिजुली थिएन । गाडीहरू धेरै थिएनन् । बिहानै कुखुराले बासेर उठाउँथ्यो । परपरबाट मिल चलेको आवाज सुनिन्थ्यो– पुकपुक, पुकपुक..,' जेब एक निमेषमा सम्झिरहेका थिए ती दिन, 'मनसुनका बेलामा खरको छानोबाट चुहिने पानीका थोपा आफैंमा मीठो संगीतजस्तै लाग्थ्यो । पछि धान काट्ने बेलामा त्यस्तै रमाइलो पहेंलपुर बारी देखिन्थ्यो । म सुरुंगाको दसैं-तिहार पनि खुबै सम्झन्छु । पिङ र खसी सम्झन्छु । सुन्दर हरियाली धानखेत सम्झन्छु । लक्ष्मीपूजा सम्झन्छु । झिलिमिली बत्ती सम्झन्छु । गर्मी सिजनमा रातभर पंखाले हम्कैदै बाटातिर टहलिएको पनि सम्झन्छु ।'

जेब सुरुंगावासी राम मैनालीकहाँ डेरा बस्थे । मैनाली सडक बनाउने निर्माण व्यवसायी थिए । नजिकै चियापसलमा गुरुङ्नी दिदी थिइन् । उनको सानो घुम्ती थियो । गुरुङ्नी दिदीलाई निकै दुःख थियो । उनलाई अलिकति भिटा किनिदिएर घर बनाइदिएका रहेछन् जेबले । 'हो, कृष्णमाया गिरी (गुरुङ) दिदीले मलाई निकै माया गर्थिन् । अहिले पनि सुरुंगा बजार मास्तिर ती दिदीको घर छ । म पछि पनि २००६, २००९ मा सुरुंगा गएँको थिएँ । त्यो आफ्नो ठाउँमा पुग्दा झन्डै रोएको थिएँ म,' भिनाजु भावुक बनिरहेका थिए, 'तपाईं झापा जाँदा सुरुंगा गयो भने मेरो साथीभाइ, गुरुङनी माइली दिदीलाई भन्दिन्– मैले खुबै सम्झेको छु । मिस भैरहन्छ । सबैले चिन्छन् मलाई सुरुंगामा ।'

अनि सुरुंगा बस्ने राम मैनाली र ओलीहरूको सम्झना गर्दै थिए जेब । नारायण ओली, कैलाश लिम्बू, गोविन्द जोशीको नाम लिदै थिए । सुरुंगा बैंकका त्यसबेलाका म्यानेजर युवराज भण्डारी, केदार पोखरेल, लामिछाने सबैलाई सम्झेका छन् उनले । 'महिनाको ३ सय रुपैयाँ मेरो कोठाको भाडा थियो,' उनी सम्झन्छन्, 'त्यसबेला १ डलरको २८ रुपैयाँ थियो । जोशीजीकहाँ मासुभात खाएमा महिनाको ५ सय रुपैयाँ तिर्नुपर्थ्यो । म भने शाकाहारी हुन्थें, पैसा जोगाउन । दालभात, नुनखोर्सानी, दही, प्याज... ओहो, कुरा नगरौं ।'

३० वर्षअघिको कुरा हो यो । तर, नशा कस्तो बनेको रहेछ भने जेबलाई अहिले पनि कम्तीमा हप्तामा एकचोटि अघाउने गरी दालभात खानैपर्छ । जेबलाई आफ्नो फार्ममा नेपाली आउँदा साह्रै खुसी लाग्छ, किनभने यसमा उनको सुरुंगा-कनेक्सन छ । 'योभन्दा बढी मेरी बूढी प्रेमकुमारीले यता टाढासम्म केही माइती चेली भेट्न आएको सम्झन्छे, मलाई खुसी लाग्छ,' भिनाजु जेब बेलाबेला कविझैं सुनिन्छन् ।

रूख रोप्ने अभियान र अरू स्वयंसेवा गरेर संसारका निकै देश घुमेका जेबका लागि नेपाल-नेपालीजत्तिको हार्दिक कोही छैन, कतै छन् । भन्छन्, 'नेपाली परिवारमा जस्तो मज्जाको जीवन संसारमा कहींकतै छैन । अमेरिकाले जो नेपाली यहाँ आउन चाहे पनि भिसा दिए हुन्थ्यो भन्ने लाग्छ ।'

●●●

बिरानो माटोमा दिदीभिनाजु भेटिंदा समयको ख्याल थिएन । छिनभरमै दिदी पीके नजिकै राखेको गल्फ-कार्ट (ट्रली मेसिनजस्तै) मा बसिन् र मकै ढोडले भरिएको बारीमा ट्रली कुदाइन् । निकै पर पुगेर बारीमा फोहोर फाल्दै ट्रली घुमाइन् ।

'यो जीवन के होला दिदी ?' ट्रलीमा सँगै बसेर बारी-कान्ला कुदिरहेका बेला पीके दिदी झस्किएजस्तो गरिन्, 'खोइ भाइ, नो आइडिया । जीवन यही हो भनेर आइडिया बनाउन थालेको भए म सायद यहाँ आउने थिइनँ कि ?'

बारीमा मल थुपारेर फार्मको किचेनमा पुग्दा भिनाजु ससुराली गाउँका नेपाली केटाले पकाएको कुखुराको सिकार चाख्दै थिए । 'मीठो रहेछ, तर अलिक चाम्रो बनेछ । तिम्री दिदीको कुखुरो अलिक बूढो थियो कि ?' अनि भिनाजु दिदी पीकेतिर हेरेर फेरि अट्टहास गरे । त्यही मौकामा भिनाजुलाई सोधियो, 'यो जीवन के होला जेब भिनाजु ?'

'जीवन के हो ? मलाई केही थाहा छैन । जीवन बनाउने कुरा होइनजस्तो लाग्छ, जीवन पाउने कुरा बढी होजस्तो लाग्छ । केही भाग्यको अंश पनि होला,' यति भनेर भिनाजु केही छिन रोकिए । अनि एउटा कथा हाले, गुरुपुरोहित शैलीमा ।

'एउटा मान्छेले हरेक दिन भगवान्को प्रार्थना गर्दै भनेछ– हे भगवान्, मलाई कुनै चिट्ठा जिताइदिनुस् न, प्लिज । आज पनि त्यही भन्छ, भोलि पनि फेरि भन्छ... प्लिज । एक दिन भगवान् उसको सामु आएछन् र, भनेछन्– ए मान्छे, लटरी जित्नका लागि तिमीले एउटा टिकट त किन्नैपर्छ । सुरुमा टिकट त किन... ।'

हो, जीवन भन्नु यही हो कि ? केही प्रयास त गर्नैपर्छ, प्रयत्न हुनैपर्छ । नभए कसरी केही पाउन सकिएला ? सायद भगवान्ले मलाई प्रेमकुमारी भेटाइदिएका होलान् । तर, यसका लागि म नेपाल गएको थिएँ नि त, अनेक चुनौती बेहोरेर । हो, यही हो जीवन ।

सायद यो मैले काटेको त्यही लटरी टिकट हो, नेपाल जाने निर्णय । अनि मेरो चिट्ठा हो– पीके चौधरी, जामुनखाडी ।

devendradamak@gmail.com

धो तरापकी 'बाइकवाली'

समुद्र सतहबाट झन्डै चार हजार तीन सय मिटर उचाइ । अग्ला हिमशृंखलाले घेरिएको समथर धो तराप । दायाँतिर सुस्तरी बगेको धो खोला । कलाङ, धो, ताक्सी, सिमेन्ट, तिन्जे, पोल्दे, छार्कालगायतका स्थानमा माटाले छाएका सुन्दर घर ।

सिस्योल खोलादेखि तिब्बतको सीमासम्मै सरर चल्छन् तीन सय ५० भन्दा बढी मोटरसाइकल । एक बस्तीबाट अर्को बस्ती होस् या भेडीगोठ जान, स्कुलमा बच्चा पुऱ्याउन मोटरसाइकल मुख्य साधन बनेको छ । ताक्सीकी ३३ वर्षीया पेमा हाम्जोको दिनचर्या मोटरसाइकलबाटै सुरु हुन्छ । तिब्बती नाका मरिम लाबाट सामान ओसार-पसार गर्न र गाउँ घुम्न वा पाहुना बोक्न पेमाको यातायातको साधन मोटरसाइकल नै हो । उनका श्रीमान् छेप्तेन गुरुङको पनि अलग्गै मोटरसाइकल छ ।

बुद्धडोल्पो गाउँपालिकाभित्रका आधा दर्जन गाउँमा मोटरसाइकल गुडिरहेका छन् । सबै चिनियाँ । चिनियाँहरूलाई याचार्गुन्चु बेचेर किनिएका हुन् । मोटरसाइकल हाँक्नेहरू अधिकांश पुरुष । यी सबै अगस्टमा खुल्ने मरिम लाबाट भित्र्याइएका हुन् ।

सुन्दर धो तराप उपत्यकाभरिका गाउँहरूमा मोटरसाइकल हाँक्ने पेमा एक्ली महिला हुन् । 'दुई वर्ष भयो मोटरसाइकल चलाउन थालेको' ताक्सीमा होटलकी मालिक्नी पेमा भन्दै थिइन, 'चलाउँदाचलाउँदै सिकियो, अहिले सजिलो भएको छ ।' पेमासँग मात्र होइन मोटरसाइकल चलाउने कोहीसँग लाइसेन्स छैन । यहाँ 'चेक गर्ने' पनि कोही छैन । सुरुमा महिलाले मोटरसाइकल चलाएको देखेर केहीले कुरा पनि काटे । उनी भने बेपरबाह हाँकिरहेकी छन् । तीन वर्षयता धो तरापका सबै घरमा मोटरसाइकल छन् । कतिपयले घोडा बेचेरसमेत मोटरसाइकल किनेका छन् । गाउँ डुल्न, नाका जान र गोठ जान घोडा प्रयोग गर्नेहरू घटेका छन् ।

शब्द/तस्बिर: अब्दुल्लाह मियाँ

शनिबारको

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

ekantipur.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक २३९ विराटनगर | २ कात्तिक २०७६ शनिबार कार्तिक कृष्णपक्ष षष्ठी | नेपाल संवत् ११३९ | प्रदेश १ संस्करण | KANTIPUR, Nepali National Daily, Saturday, October 19, 2019 | पृष्ठ १२+४+८ | १० रुपैयाँ

न्यायको अन्तहीन पर्खाइ



राजनीतिक शक्ति-आडमा दबाइएको बीभत्स हत्याकाण्डको १२ वर्ष

मृतक त्रिलोकका बाबु श्रीनारायण सिंह।
तस्बिर : अंगद ढकाल/कान्तिपुर

■ **जनकराज सापकोटा र शिव पुरी** (रौतहट)

पूर्वपश्चिम राजमार्गको चन्द्रनिगाहपुरबाट ३५ किलोमिटर उत्तर छिरेपछि आउँछ सरुअठा गाउँ। मूलबाटोबाट करिब एक किलोमिटर पूर्व पसेपछि ७९ वर्षीय श्रीनारायण सिंहको घर पुगिन्छ। उमेरको उत्तरार्द्धमा श्रीनारायणसँग सुनाउनुपर्ने विगतका यादभन्दा रातोदिन बल्झिरहने दुःखको घाउ मात्रै छ। उनको दुःखका कथा साविकको राजपुर फरहदवा गाविस-४ हाल राजपुर नगरपालिका-४ मा २०६४ चैत २७ मा घटेको अकल्पनीय घटनाबाट सुरु हुन्छ। फिल्मको झल्को आउने त्यो घटनाको केन्द्रमा जोडिएका नेपाली कांग्रेसका नेता एवं पूर्वमन्त्री मोहम्मद आफताब आलमलाई जिल्ला प्रहरी कार्यालय रौतहटले भर्खरै पक्राउ गरेको छ। आलम पक्राउपछि श्रीनारायणलाई फेरि पुरानो दुःख, छोरा गुमाएपछिका छटपटीका दिन र न्यायका निम्ति १२ वर्ष लामो संघर्षको कथा सुनाउने मेसो मिलेको छ।

पहिलो संविधानसभा निर्वाचनको चहलपहलले देहाती गाउँको चहलपहल हवात्तै बढाइदिएको थियो। रौतहटको निर्वाचन क्षेत्र नम्बर २ मा कांग्रेसका तर्फबाट उम्मेदवार मोहम्मद आफताब आलमको चहलपहल पनि गरमागरम थियो। सीमावर्ती भारतको सीतामढीस्थित राधाकृष्ण गोयन्का कलेजमा बीएस्सी पहिलो वर्षमा पढिरहेका श्रीनारायणका २२ वर्षीय छोरा त्रिलोक बिदामा घर आएका थिए। राम्रो बोल्ने खुबी भएका उनलाई आलमको चुनावी प्रचारमा खटिएकाहरूले घरबाट हिँडाइहाले। त्यो दिनको सम्झना श्रीनारायणलाई झलझली छ। चुनावको २ साताअघि १८ चैतमै आलमका मान्छे आएर छोरालाई घरबाट लगिएको थियो। उनले सुनाए, 'छोरालाई चुनावी प्रचारमा लिएर गएछन् भन्ने थाहा

१२ वर्षपछि आएर पक्राउ गर्न पाइन्छ ?
पृष्ठ २

पाएपछि नै मेरो मन थिरमा थिएन।' श्रीनारायणलाई बम विस्फोटको घटनाभन्दा विस्फोटपछि भएका घटना लुकाउन भएका आततायी गतिविधिले मन भतभती पोलेको छ। उनले घटनाका प्रत्यक्षदर्शी र अन्य गाउँलेबाट थाहा पाए, चुनावको दिन बुथ कब्जा गर्ने उद्देश्यले आलमको सहोदर काका एवं कांग्रेस नेता पूर्वमन्त्री शेख इद्रिसको फरहदवा राजपुरस्थित गोठमा बम बनाउने काम चलिरहेको थियो। प्रहरीका अनुसार आलमका अंगरक्षकको काम गर्ने बलरु भन्ने शेख सराजले सल्काएको चुरोट हातबाट खसेलगत्तै ठूलो आवाजमा धूवाँको मुस्लोसहित बम विस्फोट भएको थियो। प्रहरीका अनुसार घटनापछि सराज सार्वजनिक वृत्तमा देखिएका छैनन्।

कान्तिपुरले घटनाको प्रत्यक्षदर्शी रहेका फरहदवा गाउँका ५ जनासँग गरेको कुराकानीअनुसार विस्फोट लगत्तै रुक्साना खातुनका छोरा ओसी अख्तर र श्रीनारायणका छोरा त्रिलोक सामान्य घाइते भएका थिए। अन्य केही मरणासन्न हुने गरी घाइते भए र केहीको तत्कालै मृत्यु भयो। घटनामा ठ्याक्कै कति जनाको मृत्यु भयो र कति जना घाइतेलाई पोल खुल्ने डरले मारियो भन्ने खुल्दैन। घटनाको अनुसन्धानमा जुटेका जिल्ला प्रहरी कार्यालय रौतहटका एसपी भूपेन्द्र खत्रीले पनि घटनामा ठ्याक्कै कति जना मारिए भन्ने यकिन भइनसकेको बताए। श्रीनारायणले सुनेअनुसार छोरा त्रिलोकलाई खुट्टामा सामान्य चोट मात्रै लागेको थियो। उनले घटनामा २२ जनाजति परेको, बाँचेकाहरूलाई पनि बेहोस हुने इन्जेक्सन दिएर बोरामा हालिएको र राति नै गोठदेखि करिब दुई किलोमिटरको दूरीमा रहेको इँटाभट्टामा हालेर मारिएको दाबी गरे।

बाँकी पृष्ठ २

संवैधानिक इजलासद्वारा प्रदेश कानुनहरू खारेज

कान्तिपुर संवाददाता (काठमाडौं)

संवैधानिक प्रावधानविपरीत बनाइएको ठहर गर्दै सर्वोच्च अदालतले ६ वटा प्रदेशका कानुन खारेज गरेको छ। मुलुक संघीय संरचनामा गएपछि प्रदेश तहबाट जारी भएका कानुनहरू एकमुष्ट खारेज भएको यो पहिलो घटना हो। स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको मासिक पारिश्रमिक तथा ज्यालासहितको सुविधासम्बन्धी कानुन खारेज गरिएका हुन्।

सर्वोच्च अदालतका अनुसार, सातमध्ये प्रदेश १ ले मात्र स्थानीय तहका पदाधिकारी तथा सदस्यले सुविधा (भत्ता) लिन पाउने कानुन निर्माण गरेको छ। अरूले भने पारिश्रमिक नै लिन पाउने गरी कानुन बनाएका थिए। बैठक चलेका बेला मात्रै भत्ता लिन पाइन्छ भने मासिक पारिश्रमिकले

स्थानीय तहका जनप्रतिनिधिले पारिश्रमिक लिन नपाउने

नियमित सुविधा पाउने बाटो खोल्छ। संविधानमा स्थानीय तहका जनप्रतिनिधिलाई पारिश्रमिकको व्यवस्था छैन। गत साता नै सुनुवाइ सकेको संवैधानिक इजलासले शुक्रबार निर्णय सुनाएको हो। प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरासहित न्यायाधीशहरू दीपककुमार कार्की, केदारप्रसाद चालिसे, मीरा खड्का र हरिकृष्ण कार्कीको इजलासले गरेको फैसलाको प्रति भने तयार भइसकेको छैन।

रिट निवेदकको दाबीअनुसार संविधानको धारा १०८ को व्यवस्थाअनुसार प्रतिनिधिसभाका सभामुख र उपसभामुख, राष्ट्रिय सभाका अध्यक्ष र उपाध्यक्ष, समितिका सभापति तथा संघीय संसद्का सदस्यहरूका लागि पारिश्रमिक र सुविधा संघीय कानुनबमोजिम हुनेछ। संविधानको धारा १९६ मा प्रदेशसभाको सभामुख, उपसभामुख तथा सदस्यको पारिश्रमिक र सुविधाको व्यवस्था छ। तर त्यस्तो व्यवस्था प्रादेशिक कानुनबमोजिम हुने संविधानमा उल्लेख छ, स्थानीय तहका जनप्रतिनिधिहरूले तलब पाउने व्यवस्था छैन। 'संविधानको यस व्यवस्थाबमोजिम संघीय संसद्का सदस्यहरू र प्रदेशसभा सदस्यहरूले पारिश्रमिक तथा सुविधासम्बन्धी ऐनहरू जारी गरी लिइरहेका छन्,' निवेदनमा भनिएको थियो।

बाँकी पृष्ठ १४

'मलाई लखेटेर हटाउन सम्भव छैन'

प्रधानमन्त्री केपी शर्मा ओली

विस्तृत अन्तर्वार्ता पृष्ठ ७

दुई अध्यक्ष भने पनि एउटा 'सिनियर' हुन्छ, अर्को 'जुनियर'। तर हामीले एकदम बराबरीको हैसियतमा जस्तो व्यवहार गरेका छौं। संयुक्त अध्यक्षतामा बैठक हुने गरेको छ। प्रचण्डजी नहुँदा मैले कहिल्यै बैठक राखेको छैन। म नहुँदा 'बस्नुपरे बस्नुहोस्, तपाईं नै बैठक राख्नुहोस्' भनेर मैले सिंगापुर जाँदा भनेको हुँ। उहाँलाई उपाध्यक्ष त कसैले भनेन। तर पार्टी चलाउने भनेको एकल रूपमा चलाउने त होइन। दुइटा अध्यक्ष छौं नि!

●●●

(सरकारको नेतृत्व आधा-आधा गर्ने) यदि कुनै समझदारी छ भने त्यो समझदारी आएका बेला (कार्यान्वयन) हुने होला नि? यो सरकार अरू कसैलाई हेरेर, अरू कसैको 'लिडरसिप'मा विश्वास गरेर बनेको हो र? यो परिस्थिति मेरो लिडरसिपमा बनेको हो, जसले जे भने पनि। अब मैले छोड्नलाई पनि समझदारी हुनुपर्छ होला। अहिल्यै छोड्ने, भरे नै छोड्नेजस्तो, लखेटेर हटाएजस्तो त होइन होला। मलाई लखेटेर हटाउन सायद सम्भव पनि छैन होला।

●●●

अस्थिरता देखिने गरी 'छोडिदिनुपऱ्यो, ल..ल..अब छोडिदिई हाल्नुपऱ्यो!' जतिबेर पनि, जोसँग भेट भए पनि, जहाँ पनि, जसले पनि यो कुरा गर्नुको अर्थ समझदारी खल्बल्याउने प्रयास हो। अमेरिकामा चार वर्षमा चुनाव हुन्छ। 'यो राष्ट्रपति अब एक वर्ष त हो नि' भन्दै कोही हिंड्छ? 'अब समय सिद्धियो' भनेर त हिंड्दैनन् नि! त्यसैले यो अस्थिरता जनाउने खालको कुरा हो। संवैधानिक, कानुनी हिसाबले जे व्यवस्था छ, त्यसलाई अपमान गर्ने, उल्लंघन गर्ने, जनताको अभिमतलाई अवमूल्यन गर्ने कुरा राजनीतिक 'लिडर'हरूले बोलेर हिंड्दैनन्।

●●●

उहाँहरूको माओवादीभित्र के-के समस्या परे होलान्। पटक-पटक नयाँ-नयाँ कुरा खोज्ने स्वभाव उहाँहरूको देखियो। सम्झौता, सहमति पनि थपिँदै गए। मलाई त एकता चाहिएको हो। त्यसैले मसँग लचकता हुनु धेरै स्वाभाविक हो। न्यायपूर्ण समाजको निर्माण, सामाजिक न्यायसहितको समृद्धि हासिल गर्ने कुरामा हाम्रो मतभेद छैन। यसो भएपछि अब वैचारिक मतभेद छ भन्ने रहेन। अलिकति दबाब हुन सक्छ। मानिस हो, अलिअलि 'इगो'का प्रश्न हुन सक्छन्।

सतायो फौजीकिराले

उदयपुरको त्रियुगा, चौदण्डी र बेलका नगरपालिका तथा सुनसरीको धरान उपमहानगरपालिका र बराहक्षेत्र नगरपालिकामा काट्ने बेलाको धानमा फौजीको प्रकोप देखिएपछि किसान चिन्तित

■ **डिल्लीराम खतिवडा** (उदयपुर) **र प्रदीप मेन्याङबो** (सुनसरी)

धानबाली पाकेर काट्न लागेका बेला सुनसरी, उदयपुर र झापाका विभिन्न क्षेत्रमा फौजी कीराको प्रकोप बढेको छ। प्रदेश १ को बालीसंरक्षण प्रयोगशाला विराटनगरका अनुसार झापामा सबैभन्दा बढी फौजी किराको प्रकोप देखिएको छ। बाली संरक्षण अधिकृत मुकेशकुमार यादवका अनुसार झापामा ४ सय २५ बिघा, उदयपुरमा ३ सय बिघा, सुनसरीमा ७५ बिघा र मोरङमा २० बिघामा फौजीकिराको प्रकोप देखिएको छ।

उदयपुरको त्रियुगा नगरपालिका १, २, ३, ५, ७ र ९ किसानले लगाएको धान बालीमा फौजी किराले क्षति पुऱ्याएको नगर कृषि शाखाले जनाएको छ। धान काट्ने बेलामा प्रकोप देखिएपछि किसान चिन्तित छन्। फौजी किरा फैलने क्रम नियन्त्रण बाहिर गएको नगरपालिकाले जनाएको छ। प्रकोप नियन्त्रणका लागि स्थानीय किसानले प्रयास गरिरहे पनि पर्याप्त भएको छैन। 'काट्ने तयारी गर्दा-गर्दै किराले काटेर बोट नै नष्ट गरिदिएको छ,' त्रियुगा नगरपालिका १ जोगिदहका किसान कृष्ण अधिकारीले भने, 'कतिपय किसानले धान काटेरै फालेका छन्।'

पाकिसकेका धानको बाला फौजी किराले भुइँमा झारी दिँदा किसानलाई ठूलो क्षति पुगेको स्थानीयले बताए। पाकेको धानको बाला काटेर भुइँमा झरिदिँदा किसानले नोक्सानी बेहोर्नु परेको छ।

फौजी किरा दिनभर धानको गाँजमा लुक्ने र राति एकसाथ धानबालीमा आक्रमण गर्छन्। किराले खानेभन्दा बढी काट्ने भएकाले खेतैभरि धान खसेको देखिन्छ। किसानलाई पाकेको धानबाली नै जोगाउन समस्या भएको स्थानीयले बताए।

त्यस गरी चौदण्डीगढीको ९, १० र ५ वडामा पनि धान बालीमा फौजी किराको प्रकोप देखा परेको स्थानीयले बताए। पहिले मकैमा समान्य रूपमा देखापरेको किरा अहिले पाकेको धानबालीमा देखापरेको १० नम्बर वडाअध्यक्ष रामकुमार खडकाले बताए।

बेलका नगरपालिका-१, २ र ५ नम्बर वडामा पनि धान बालीमा फौजी किराले क्षति पुऱ्याएको बेलका नगरपालिका नगर प्रमुख दुर्गाकुमार थापाले बताए। धान खेतीमा एक्कासि ठूलो संख्यामा किरा आएर धानबाली क्षति पुऱ्याएपछि किसानले नगरपालिकामा जानकारी गराएको र नगरपालिका र प्रदेश कृषि मन्त्रालयको टोलीले अध्ययन गरेपछि मात्र फौजी प्रमाणित भएको बेलका नगरपालिकाका कृषि इन्जिनियर वृद्धिनाथ तिम्सिनाले बताए।

सुरुमा थोरै धान खेतीमा देखा परेको फौजी किराले एक रातमै ५ सय हेक्टरभन्दा बढी जमिनमा लगाएको धानबालीमा क्षति पुऱ्याएको तिम्सिनाले बताए।

'विगत वर्षभन्दा यस वर्ष धान निकै राम्रो भएको थियो,' तिम्सिनाले भने, 'एक कट्ठामा साढे दुई क्विन्टल फल्ने अनुमान गरेका थियौं।' तर, घरमा भित्र्याउने बेला फौजी किराले सखाप पारेको उलने बताए।

फौजीकिराले नष्ट गरेको धानको नल देखाउँदै बराहक्षेत्रका किसान (माथि) र किराले काटेको संकलित धान। *तस्बिर: कान्तिपुर*

पाकेर धान घर भित्र्याउने समयमा फौजी किराले नष्ट बनाएको किसानले गुनासो गरे। 'लहलह बाला झुलेको खेतमा अहिले बाला नै देखिँदैन' स्थानीय किसान ध्रुव कोइरालाले भने, 'बेलकाका किसानले लगाएको धानमा दिनप्रति दिन फौजी किरा फैलिँदै गएको छ।' बेलकाको दुई वटा वडामा मात्र हजार हेक्टरभन्दा बढी क्षेत्रफलमा किराको प्रकोप फैलिएको उनले बताए।

क्षण भरमै किराले धान नष्ट पार्ने भएकाले नियन्त्रणको प्रयास भए पनि सोचे जस्तो सफल हुन नसकेको स्थानीय बताउँछन्। तीन दिनयतादेखि फौजी किरालाई नियन्त्रण गर्न प्रदेश १ का कृषि मन्त्रालयबाट कृषि प्रसार अधिकृत मुकेश यादव, हेल्बेटासबाट बालसंरक्षण अधिकृत सूर्य पौडेल र बेलका नगरपालिकाका कृषि इन्जिनियर वृद्धिनाथ तिम्सिना सहितको छुट्टा छुट्टै तीन/तीन वटा टोलीले ५०० हेक्टर धान खेतलाई घेराबन्दी गरी नियन्त्रणको प्रयास गरेको नगरपालिकाले जनाएको छ।

उर्बर भूमिमा प्रकोप

धरान उपमहानगरपालिकाको वडा ५ र वडा १७, बराहक्षेत्रनगरपालिकाको वडा २ मा पर्ने जब्दी, वडा ३ मा पर्ने वीचपानी र वडा ९ मा पर्ने हिडोल्वा, बराहक्षेत्र नगरकै छिमेकी नगरपालिका कोशी पारी उदयपुरमा यस्तो समस्या देखिएको छ। प्रकोप बढेपछि धरान ५ र १७ वडाका खेतमा बुधबार तरहरास्थित क्षेत्रीय कृषि अनुसन्धान केन्द्रका किट वैज्ञानिक किशोर भण्डारी र धरान उपमहानगरपालिका कार्यवाहक प्रमुखले स्थलगत अवलोकन गरेका थिए। फौजी किराले सखाप पारेका धानबाली अवलोकन गरेपछि किट वैज्ञानिक भण्डारीले धरानक्षेत्रमा देखिएको फौजी किरामध्ये वडा १७ मा अमेरिकी फौजी किरा स्पोडोप्टेरा फ्रुजीपेरडा भएको र वडा ५ मा देखिएको किरा रैथाने मिथिम्ना सेपाराटा प्रजातिको भएको बताए।

उनले भने, रैथानले पाकेको धानको कलिलो बाला खाइदिन्छ भने अमेरिकनले हरियो बाली नै सबै खाइदिन्छ। फौजी किराको प्रकोपपछि धरान ५ र १७ का किसानले किराको प्रकोप रोकथाम र नष्ट भएको अन्नबालीको क्षतिपूर्ति दिलाउन समेत माग गरेका छन्। स्थानीय कृषक शुक्रबहादुर लिम्बूले आफ्नो खेतमा उत्पादन भएको धानले वर्षभरि पुऱ्याउने गरेकोमा यसपटक फौजी किराको प्रकोपले एक महिना पनि खान नपुग्ने भएको बताए। कार्यवाहक भण्डारीले राहतको लागि पहल गर्ने बताइन्।

बराहक्षेत्र नगरका धानखेतमा तीनदिन अघिमात्र फौजी किराको प्रकोप देखिएको हो। सामान्यतया फल आर्मीबम (एफएडब्लु) भनिने फौजीकिरा गर्मी महिनामा एकरातमै सय किमिको दूरी पार गर्न सक्ने कृषि तथा किट विज्ञ बताउँछन्। फौजी किरा पुतली समूहमा पर्छ। रातको समयमा बढी सक्रिय हुने उक्त किराले धानबाली सखाप पारेपछि रुनु न हाँस्नु भएको बराहक्षेत्रनगरस्थित भरौल किसान समूहका सदस्य लक्ष्मी गुरागाईले बताए।

उनले ११ कट्ठामा अलिक ढिलो पाक्ने मन्सुली जातको धान लगाएकाले ती हरियै भएकाले त्यहाँ फौजी किराले आक्रमण गर्न नभ्याएको तर चाँडो फल्ने उन्नत जातको धानबाली लगाएका खेतमा धानको नलमात्र रहेको बताए। समूहका अगुवा मुक्तिराम राईले बराहक्षेत्रका सयौं बिघामा फौजी किराको प्रकोप देखिएको बताए।

उनले भने, 'भरौल बीचपानीका अधिकांश किसानका पाक्न लागेका धानबाली अहिले नल मात्र छ। धान जति सखाप भएका छन्। राति किराले खाएर खेतमा खसेका धानका बाला बटुलेर कतिपय किसानले घरमा लगेका छन्।'

बराहक्षेत्र नगरपालिकामा स्थानीयले लगाएको धानखेतीमा फौजी किराले सखाप पारेको कृषि विकास शाखाका प्राविधिक नीरबहादुर राईले बताए। मंगलबार स्थानीय कृषकले फौजी किराको प्रकोपबारे जानकारी गराएपछि बराहक्षेत्र नगर उपप्रमुख कमला मगरको नेतृत्वमा कृषि शाखाका प्राविधिकसहितको टोलीले स्थलगत निरीक्षण गरेको छ। कृषक तीर्थ विकले फौजी किरोको प्रकोप बढेपछि नियन्त्रणका लागि नगरपालिकामा निवेदन दिएको बताए।

तत्कालका लागि फौजी किरा प्रभावित किसानको राहतका स्वरूप बराहक्षेत्र र बेलका नगरपालिकाले स्थानीय कृषकलाई निःशुल्क विषादी वितरण गरेको थियो। प्रदेश सरकारको ६० हजार र बेलका नगरपालिकाको ३० हजार रुपैयाँ बराबरको विषादि स्थानीय कृषकलाई प्रदान गरिएको छ। ती विषादीमा क्लोरोपाइरिफ, साइपरमेथ्रिन र इमामेक्टिन बेन्जोइटलगायत छन्।

बाली संरक्षण अधिकृत मुकेशकुमार यादवले विषादी प्रयोग गर्न ढिला गर्न नहुने बताए। तापक्रममा एक्कासि परिवर्तन आउँदा फौजी किराको प्रकोप देखिने गरेको उल्लेख गर्दै उनले भने, 'गर्मी हुँदाहुँदै पानी पर्दा फौजी किरा अनुकुलको वातावरण बन्छ। सिफारिस गरेको रासायनिक मल बढी भएमा र खेतमा बढी घाँस पलाउँदा पनि फौजी किरा लाग्छ।'

किरा विज्ञ र कृषि विज्ञहरूले पाकेको बाली फौजी किराको आक्रमणबाट बचाउन केही उपाय सुझाएका छन्। खेतबारीमा ८० प्रतिशत पाकी सकेको भए काटेर सुरक्षित स्थलमा भण्डारण गर्नु पर्ने, हरियै अवस्थामा भए वा नपाकेको अवस्था भए खेतमा पानी पटाएर (जमाएर) मट्टीतेल हाल्नु पर्ने, पानी अभाव भए दुईतीन मिटरको फरकमा १ फिट गहिरो खाडल खनेर चुनासहित घाँस पतिंगर हाल्न सके र विषादि प्रयोग गरे फौजी किराबाट पाकेको अन्नबाली जोगाउन सकिने किट विज्ञ किशोर भण्डारीले बताए।

के हो फौजीकिरा ?

फौजी किरा पुतली समूहको किट हो। अन्डा पारेको करिब १० दिनपछि यो लार्भा हुन्छ। करिब १ महिनासम्म यो लार्भा अवस्थामा हुन्छ। लार्भा अवस्थामा बढी भन्दा बढी खाने भएकाले यसलाई खन्चुवा पनि भनिन्छ। प्युपा २ सातासम्म हुन्छ। त्यसपछि पुतली बन्छ। सबै जीवन चक्रमारी दुई महिनाको आयु रहेको यो किरा अमेरिकन र रैथाने रहेका छन्। अमेरिका हुँदै

भारतसम्म आइपुगेका फौजी किरा भने नेपालमा गत वैशाख २७ गते फेला परेको हो।

यसले खेतबारीमा लगाएको अन्नबालीलाई व्यापक नोक्सानी पुऱ्याउँछ। फौजी किराको लार्भाले अन्नबाली लगायत विभिन्न ८० प्रकारका बालीनालीमा क्षति पुऱ्याउने गरेको किट विज्ञहरू बताउँछन्। विज्ञहरूका अनुसार मकै मन पराउने फौजी किराले मकै नपाएको अवस्थामा धान, गहुँ, कोदो, जुनेलो, उखु, बन्दा, चुकन्दर, बदाम, भटमास, प्याज, कपास, गोलभेंडा, आलुबालीमा समेतमा व्यापक क्षति पुऱ्याउने गर्छ।

KANTIPUR PUBLICATIONS PVT. LTD.

सम्पर्क:

निरञ्जन रेग्मी
९८०१२२८४७६
पाल्पा, बुटवल, गैरहवा, नवलपरासी
चितवन, हेटौंडा
niranjan.regmi@kmg.com.np

महेन्द्र ढुङ्गाना
९८०१२२८४७७
पोखरा, स्याङ्जा, दमौली, बाग्लुङ
म्याग्दी, गोरखा, लमजुङ, मनाङ, मुस्ताङ
mahendra.dhungana@kmg.com.np

विजय कार्की
९८१५५४८२७८
नेपालगञ्ज, धनगढी, सुर्खेत, दाङ
bijay.karki@kmg.com.np

दिपक ठाकुर-प्रदेश २
९८०१००८८०२
जनकपुर, बीरगञ्ज, लाहान, राजविराज, सलाही,
deepak.thakur@kmg.com.np

विपिन निरौला
९८०१२२८४४२
विराटनगर, इटहरी, दमक
बिर्तामोड, इलाम, पाँचथर,
सङ्खुवासभा, ताप्लेजुङ, धरान,
धनकुटा, भोजपुर, सोलुखुम्बु,
ओखलढुङ्गा, गाईघाट,
खोटाङ
bipin.niraula@kmg.com.np

कान्तिपुरमा विज्ञापन
तपाईंको प्रदेशमा
सजिले, सुलभ दरमा

कान्तिपुर राष्ट्रिय दैनिकमा विज्ञापन
गर्नुहोस् तपाईंकै प्रदेशबाट सुलभ दरमा

TODAY'S NEWS

फरक घटनामा ३ को मृत्यु

विराटनगर (कास)- प्रदेश १ का विभिन्न जिल्लामा भएका घटनामा ३ जनाको मृत्यु भएको छ। एकजना बगेर बेपत्ता भएका छन्। सुनसरीको गढी गाउँपालिका २ मा भएको आगलागीमा परी भूमि माझीको मृत्यु भएको छ।

मोरङको मिक्लाजुङ गाउँपालिका ६ भण्डारी चोकका मिलन कार्कीको ट्याक्टरबाट लडेर मृत्यु भएको छ। मे१त १३२९ नम्बर ट्याक्टरमा सवार रहेका बेला लड्दा चक्काले किचिएर उनको मृत्यु भएको प्रहरीले जनायो। सोलुखुम्बुको पासाङ ल्हामु गाउँपालिका ५ मा भीरबाट लडेर पोल्यान्डकी नागरिक पेसिता मेलिनाको मृत्यु भएको छ। यसैबीच, तेह्रथुमको फेदामका वीरबहादुर माझी तमोर नदीमा बगेर बेपत्ता भएका छन्।

आवश्यकता

प्रस्तावित चार तारे रत्ना होटल विराटनगरको लागी निम्नानुसारको कर्मचारीहरु आवश्यकता भएको हुँदा आफ्नो Bio-Data साथ सम्पर्क राख्नु हुन अनुरोध गर्दछौं।

S.N.	Position	Qualification
1	Human Resource Manager	BHM with minimum 5 years experience
2	Public Relation Officer	BHM with 3 years experience
3	Marketing Officer	BHM with 4 years experience
4	Driver	For Mini Bus 'F' Micro

सम्पर्क ठेगाना: रत्ना होटल विराटनगर
Last date for the submission of Bio-data 5th Kartik 2076
Contact No.: 9841462603

व्यापार विस्तारको छलफल

विराटनगर (कास)- श्रीलंकाको कोलम्बोमा भएको सार्क चेम्बर अफ कमर्स एन्ड इन्डस्ट्रिजको ७८ औं कार्य समितिको बैठकमा नेपाली उद्योगी-व्यवसायीले सहभागिता जनाएका छन्। शुक्रबार सुरु बैठकका क्रममा व्यापार विस्तारबारे छलफल गरिएको छ।

क्षेत्रीय व्यापार सम्मेलन र महिला सम्मेलन समेत आयोजना भइरहेको बैठकका सहभागी उद्योग वाणिज्य महासंघको प्रदेश १ समिति उपाध्यक्ष राजेन्द्र राउतले बताए। दुई दिवसीय बैठकमा सार्क चेम्बर अफ कमर्स एन्ड इन्डस्ट्रिजका उपाध्यक्ष तथा महासंघका पूर्वअध्यक्ष चण्डीराज ढकाल, अर्थशास्त्री डा. विश्वम्भर प्याकुरेललगायतको प्रस्तुति रहने जनाइएको छ। सार्कलाई प्रभावकारी बनाउँदै यस क्षेत्रका सम्भावनालाई व्यापारिक केन्द्रका रूपमा अघि बढाउने र अन्तर्राष्ट्रिय बजारमा व्यवसाय प्रवर्द्धन गर्न छलफल भएको राउतले बताए।

श्रीलंकाको कोलम्बोमा शुक्रबार सुरु भएको सार्क चेम्बर अफ कमर्स एन्ड इन्डस्ट्रिजको ७८ औं कार्यसमिति बैठकका सहभागी। *तस्बिर सौजन्य: वाणिज्य महासंघ प्रदेश १ समिति*

नेपाली टोलीमा महासंघका उपाध्यक्ष एवं सार्क उद्योग वाणिज्य संघका सदस्य उमेशलाल श्रेष्ठ, प्रदेश १ उपाध्यक्ष एवं सार्क चेम्बर अफ कमर्सका सदस्य राजेन्द्र राउत, महासंघ सदस्य अविनाश बोहरा, महासंघ सदस्य एवं सार्क सदस्य जय शिवाकोटी, सार्क सदस्य राजेन्द्रमान शेरचन, देश बन्धु बस्नेत, विजय मल्ल, सार्क महिला उद्यमी परिषदका उपाध्यक्ष सरोजनी शेरचन लगायत सहभागी रहेको प्रदेश समितिका कार्यकारी निर्देशक राधारमण भण्डारीले बताए।

ENJOY DOLBY ATMOS SOUND
BIG Movies
NOW SHOWING

JOKER : 9:00 AM, 10:45 AM, 3:45 PM, 5:15 PM
KABADDI KABADDI KABADDI : 2:00 PM
ZOMBIELAND : DOUBLE TAP : 11:45 AM
CHA MAYA CHAPAKKAI : 11:15 AM, 2:15 PM, 6:15 PM, 7:45 PM, 9:15 PM,
WAR : 8:00 AM, 5:00 PM, 8:30 PM
3D MALEFICENT : MISTRESS OF EVIL: 8:15 AM, 1:15 PM

NLIC City Centre Kamalpokhari, Kathmandu
4011643/45, 01-2112233
www.bigmovies.com.np
facebook/bigmoviesnepal
Wednesday & Thursdays At Rs. 185 * Conditions apply

QFX cinemas NEXT CHANGE
For booking and updated info:
Kathmandu: 01-4442220
Narayanghat: 056-522079
Nepalgunj: 081-411330
Pokhara: 061-522630/47
Birtamode: 023-543083
qfxcinemas.com

BG Mall
BSR MOVIES
FIRST TIME IN NEPAL
DOLBY ATMOS SOUND
For booking: 01-4362712
Gongabu, Kathmandu
www.facebook.com/bsrmoviesnepal
www.bsrmovies.com
NOW SHOWING
CURRENT SHOWTIME

MOVIES	ATMOS 1	ATMOS 2
CHA MAYA CHHAPAKKI	8:00 am | 1:45 pm | 5:00 pm	2:30 pm | 8:30 pm
3D: MALEFICENT	11:00 am	
ZOMBIELAND: DOUBLE TAP		11:30 am
JOKER	8:00 pm	8:30 am
WAR		5:30 pm

XTENDED SUPER 2 DAYS TUESDAY Et WEDNESDAY -190 ALL DAY LONG
BSR owns the rights to change the show time

Showing Time
8:20, 11:20, 2:20, 5:20
GUNA GROUP गुण सिनेमा हल प्रा. लि.
Guna Cinema P. Ltd.
Lyrics
जुनेली
MOVIE SONG
दीपक-दीपाको
• War • छ माया छ पक्कै • काले दाई
• रातो टिका • कबड्डि कबड्डि
• हिरो नम्बर १ • लक्ष्मी रानी
• छ माया छ पक्कै • लक्ष्मी रानी
• रातो टिका निदारमा • साहो • War
• कबड्डी कबड्डी ३ • मारुनी

तपाईको आज

मेष	पुण्य आर्जन	तुला	पूण्य आर्जन
वृष	धन आर्जन	वृश्चिक	आलस्यता
मिथुन	प्रशन्नता	धनु	मित्र भेट
ककंट	केही लाभ	मकर	अस्वस्थता
सिंह	कार्य सफल	कुम्भ	अभिलाषा पूर्ण
कन्या	मिष्ठान्न भोजन	मीन	द्विविधा बढ्ने

भोलिको पात्रो

विक्रम संवत् २०७६ साल कार्तिक ३ गते आइतबार तदनुरुप २० अक्टोबर २०१९ कार्तिक कृष्णपक्ष सप्तमी तिथि रात्रिको २:५८ बजेसम्म उप्रान्त अष्टमी तिथि, आर्द्रा नक्षत्र दिनको ३:३८ बजेसम्म उप्रान्त पुनर्वसु नक्षत्र, शिव योग रात्रिको ११:१४ बजेसम्म उप्रान्त सिद्ध योग, भद्रा करण दिनको ३:४० बजेसम्म उप्रान्त बव करण, मिथुन राशिमा चन्द्रमा।

ज्यो. रामप्रसाद सिटौला

कान्तिपुर टेलिभिजन

५:००	भक्तिसुर
५:३०	आध्यात्मिक सन्देश
६:००	जीवन विज्ञान
६:३०	मार्गदर्शन (लाइभ)
७:००	कान्तिपुर समाचार
८:००	गुडमर्निङ नेपाल
८:३०	कान्तिपुर न्युज
९:००	हर्के हल्दार (रिपिट)
१०:००	कान्तिपुर समाचार
१०:३०	मनी टक्स (रिपिट)
११:००	कान्तिपुर न्युज
११:३०	यू एण्ड आई (रिपिट)
१२:००	कान्तिपुर समाचार
१२:३०	सरोकार (रिपिट)
१:३०	कान्तिपुर समाचार
२:००	मुनी
३:००	कान्तिपुर समाचार
३:३०	यू एण्ड आई (रिपिट)
५:००	कल कान्तिपुर
६:००	कान्तिपुर न्युज
६:३०	हियर्ज दु लाइफ
७:००	कान्तिपुर समाचार
७:३०	प्रदेश विशेष (लाइभ)
८:००	कान्तिपुर समाचार
९:००	आउन मर्सेंग खाउन (रिपिट)
१०:००	हियर्ज दु लाइफ (रिपिट)
१०:३०	कान्तिपुर न्युज
११:००	प्रदेश विशेष (रिपिट)
११:३०	कान्तिपुर समाचार
१२:००	कल कान्तिपुर रिपोटेड
१:००	कान्तिपुर न्युज रिपोटेड
१:३०	हियर्ज दु लाइफ (रिपिट)
२:००	कान्तिपुर समाचार (रिपिट १)
२:३०	मार्गदर्शन (रिपिट)
३:००	कल कान्तिपुर रिपोटेड
४:००	आउन मर्सेंग खाउन (रिपिट)

रेडियो कान्तिपुर रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

००:०५	भक्ति अनुष्ठान (बालचन्द्र)
०६:३०	कान्तिपुर डायरी
०७:००	द हेडलाइनर्स
०७:३०	विज्ञान प्रविधि (नाष्ट)
०८:००	डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी
०८:०५	द गुडमर्निङ शो (मृपेन्द्र)
०८:३०	ओल्ड इज गोल्ड
०९:००	कान्तिपुर डायरी
०९:१०	ट्राफिक अपडेट
०९:१५	राष्ट्रिय गीत
०९:२०	घुम्ने मेच (डिनेश डिसी)
१०:००	स्पोर्टस् डायरी
१०:०५	गजब छ बा (दुर्गाराज)
११:००	आर्ट एन्ड इन्टरटेनमेन्ट डायरी
११:०५	गेम्स् पिपुल प्ले (प्रिंयका)
१२:००	कान्तिपुर डायरी
१२:१०	टप टेन (धलिसा)
१३:००	डिस्ट्रिक्ट डायरी
१३:०५	सेलिब्रेटी आवर (रस्मिला)
१४:००	इन्टरनेसनल डायरी
१४:०५	किक स्टार्ट (सञ्जय गुप्ता)
१५:००	कान्तिपुर डायरी
१५:५५	राइवार (नन्दकुमार)
१६:००	हेल्थ एन्ड इजुकेसन डायरी
१६:०५	विवक फिक्स (स्मिता/धलिसा)
१७:००	डिष्ट्रिक्ट डायरी
१७:०५	म्युजिक लाउन्ज (राजेश पाण्डे)
१८:००	ज्योतिश दर्शन (शिवराज)
१८:३०	कान्तिपुर डायरी
१९:००	काठमान्डु बीट (साजारिका)
२०:००	सेक्युरिटी एन्ड क्राइम डायरी
२०:०५	रक मेसिन (मानस्वी वान्तवा)
२१:००	कान्तिपुर डायरी
२१:२५	न्युज मेकर अफ द डे
२१:३०	हेलो मिथिला (धिरेन्द्र/रुपा)
२३:००	सो टाइम (स्वर्ण)
२४:००	टप टेन (धलिसा)
२४:१०	म अनि मेरो कथा (शुभ)
०२:००	नेपाली गीतहरु लगातार
०३:००	हिन्दी गीतहरु लगातार
०४:००	भजनहरु लगातार

अस्पताल र विविध

दमकल

विराटनगर	०२१-४२००००
इटहरी	०२५-५८०१०१
धरान	०२५-५२०१९९
इनरुवा	०२५-५६०१०१
दमक	०२३-५८०१०१
भद्रपुर	०२३-५१०१०१
धनकुटा	०८५२०६९२०१
कोशी अञ्चल अस्पताल विराटनगर	५३०१०३/५२४०३४
मेची अञ्चल अस्पताल, भद्रपुर	०२३-५२००२४
वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान	०२५-५२५५५५
रक्तसञ्चार केन्द्र, विराटनगर	०२१-५२३३२६
विराटनगर आँखा अस्पताल	०२१-४३६३६०
रक्तसञ्चार केन्द्र, धरान	०२५-५२०९६८

एम्बुलेन्स

विराटनगर सेन्ट्रल	०२१-५३७००१
लाइफगार्ड अस्पताल, विराटनगर	९८४२०४२३३३
दुवधी जेसिज, सुनसरी	०२५-५४०८३५
शव बाहन, विराटनगर	०२१-५२५८७४

प्रहरी

जिल्ला प्रहरी कार्यालय, मोरङ	९००/९८५२०२६५५०
इलाका प्रहरी कार्यालय, उर्लाबारी	५४०२९०/९८५२०२०१३६
इलाका प्रहरी कार्यालय, रंजोली	५८०१३०/९८५२०२०१४४
क्षेत्रीय ट्राफिक कार्यालय, इटहरी	०२५-५८०१०५/९८५२०२०१६१/५०३

काठमाडौंका महत्त्वपूर्ण नम्बर

वीर अस्पताल	४२२१९८८
त्रिवि शिक्षण अस्पताल	४४१२७०७
प्रसूति गृह	४२५३२०६६
टेकु अस्पताल	४२५३३२९६
पाटन अस्पताल	५५२२२०८
भक्तपुर अस्पताल	६६१०६७६६
मानसिक अस्पताल	५५२१३३३
कान्ति बाल अस्पताल	४४१४७९८/४४२७४५२
नेपाल मेडिसिटी अस्पताल	१९३४, ४२१७०६६६, ४२१७०५५
काठमाडौं मोडेल अस्पताल	४२४०८०५/६
बी एण्ड बी अस्पताल	५५३३२०६

प्रहरी र एम्बुलेन्स

प्रहरी कन्ट्रोल	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२६१९४५/४२६१७२०
जिल्ला प्रहरी (ललितपुर)	५५२१२०६
जिल्ला प्रहरी (भक्तपुर)	६६१४८२१
आकस्मिक प्रहरी सेवा	४२२६२२२
ट्राफिक प्रहरी	१०३
दमकल	१०१
श्री सत्य साई निःशुल्क एम्बुलेन्स/शववाहन	४४१८०३५
सुमेरु एम्बुलेन्स सेवा	०१ ५५५५५५०,९७५१०४६५४०
परोपकार एम्बुलेन्स सेवा	४२६०८५२
बिशालबजार एम्बुलेन्स सेवा	४२४४१२१
रेडक्रस एम्बुलेन्स सेवा	४२२८०२४
ललितपुर रेडक्रस एम्बुलेन्स सेवा	५५४५६६६
अग्रवाल सेवा केन्द्र	४४२४८७५

शववाहन र विविध

नेपाल चेम्बर अफ कमर्स	४२३०२९३
पशुपति आर्याघाट सेवा केन्द्र	४४२२२९२
देव कर्नर निःशुल्क सवबाहन सेवा	४४३४०२३
बाल हेल्पलाइन नेपाल	१०९८
बालबालिका खोजतलास समन्वय केन्द्र	५०४/४२४८०८६
नेपाल मिटर ट्यावर्सी संघ	४२२४३७४

कालीगण्डकीमा पर्यटकको लर्को

विदेशीले असोज पहिलो सातामै टिकट बुकिङ गरेको भए पनि कालीगण्डकीमा पानीको सतह नघटेपछि जलयात्रा ढिलो सुरू भएको हो

कालीगण्डकीमा च्याफ्टिङ गरिँदै । मनसुन सकिएर पानीको बहाव घटेसँगै कालीगण्डकीमा जलयात्रा सुरु भएको छ । तस्बिर : अगन्धर/कान्तिपुर

■ **अगन्धर तिवारी** (पर्वत)

मनसुन सकिएर पानीको बहाव घटेसँगै कालीगण्डकीमा जलयात्रा (च्याफ्टिङ) सुरु भएको छ । अघिल्ला वर्षमा भदौको अन्तिम सातादेखि नै हुने जलयात्रा यो पटक मनसुन ढिलासम्म सक्रिय भएका कारण एक महिना पछि सुरु भएको हो ।

कालीगण्डकी आन्तरिकभन्दा बढी बाह्य पर्यटकको रोजाइमा पर्छ । विदेशीले यसलाई पारिवारिक जलयात्रा (फेमिली रिभर) को उत्तम गन्तव्यका रूपमा ठान्दै आएका छन् । दसैंलगत्तै कालीगण्डकीमा जलयात्रा गराउन विभिन्न कम्पनीले विदेशी ल्याउन थालेका हुन् । कालीगण्डकीलाई जलयात्रामा अधिक बढी रुचाउनेमा इजरायल, स्पेन, नेदरल्यान्डलगायत केही अमेरिका र चिनियाँ पर्यटक छन् । पर्वतको कुस्मा-१ नयाँपुलमा ३ वर्षदेखि च्याफिङ कम्पनी सञ्चालन गरेका होम पुनका अनुसार गत सातादेखि च्याफिङमा आउने विदेशीको चाप बढ्दो छ । 'बुकिङ धेरै पहिलादेखि भइरहेको थियो,' पुनले भने, 'पानी नघटेकाले रोकेका थियौं । दसैंलगत्तै सुरु गरिएको छ ।' यो साता पोखराका विभिन्न च्याफिङ व्यवसायी नयाँपुलबाट मोदीवेणी-त्रिवेणी-मिर्मी हुँदै जलयात्रा गरिसकेको उनले बताए ।

विदेशीले असोजको पहिलो सातामै च्याफ्टिङका लागि टिकट बुकिङ गरेको भए पनि कालीगण्डकीमा पानीको सतह नघटेपछि गत सातादेखि मात्रै जलयात्रा सुरु गरिएको हो । बुधबार र बिहीबार दुई समूह लिएर आएका रेड स्विसा च्याफिङ कम्पनीका सञ्चालकले ३ दिनको प्याकेज सकेर फर्किएको बताए ।

च्याफिङ कम्पनी सञ्चालक अर्जुन दाहालका अनुसार यो सिजनमा आउनेमध्ये धेरै विदेशीले कालीगण्डकीलाई रोज्छन् । 'विदेशी प्रकृतिमा रमाउन खोज्छन्,' दाहालले भने, 'यहाँका प्राकृतिक दृश्य नै उनीहरूका रोजाइ बन्ने गरेका छन् ।' कालीगण्डकीले बनाएको गहिरो गल्छीबाट आकाश हेर्दा छुट्टै मनोरन्जन हुने अनुभव आफूले पनि गरेको उनले बताए । कालीगण्डकीमा असोज, कात्तिक, मंसिर, फागुन, चैत, वैशाख विदेशीले जलयात्राका लागि बढी रुचाउने महिना हुन् । यो सिजनमा जाडो कम हुने भएकाले जलयात्रा गराउन सहज हुने च्याफ्टिङ गाइड बताउँछन् । त्यसमध्ये नदीमा पानीको सतह बढी हुने सिजन हुँदा असोजदेखि मंसिरसम्म जलयात्रा व्यवसाय बढी चल्ने एल्लो स्विसा च्याफ्टिङ कम्पनीका प्रबन्धक गणेश गुरुङले बताए । छोटो समयमा पनि भरपुर मनोरन्जन लिन सकिने भएकाले विदेशीले कालीगण्डकीलाई 'सर्ट एन्ड स्विट च्याफ्टिङ स्पर्ट' का रूपमा लिने उनले बताए ।

पोखराकै कर्मफाइटस कम्पनीका प्रबन्धक रेणुका कार्कीका अनुसार पछिल्लो समय कालीगण्डकीमा च्याफिङका लागि बुकिङ गर्नेको संख्या बढ्दो छ । 'पहिला अरू नदीमा धेरैले बुकिङ गर्थे,' कार्कीले भनिन्, 'अहिले कालीगण्डकीका बढी छन् । परिवारमा आउने धेरैले कालीगण्डकी रोज्छन् ।'

पोखराका दर्जनभन्द बढी च्याफ्टिङ व्यवसायीले कालीगण्डकीमा मात्रै बर्सेनि ५ हजार बढी विदेशीलाई जलयात्रा गराउँदै आएको एल्लो कालीगण्डकी रिभरबीच क्याम्पका सञ्चालक पुनले बताए । तीन वर्षअघि नयाँपुलमा सञ्चालित च्याफिङ क्याम्पका सञ्चालक पुनले पोखराका विभिन्न कम्पनीसँगको सहकार्यमा च्याफ्टिङ गराउँछन् । कम्पनीले पर्यटक विदेशी पर्यटकलाई लक्षित गरी रेस्टुरेन्टसमेत सञ्चालन गरेको छ । क्याम्पले मालढुंगा र खनियाघाटबाट नयाँपुलसम्म आन्तरिक पर्यटकलाई लक्षित गरेर छोटो दूरीको जलयात्रा पनि गराउँदै आएको छ । 'छोटो दूरीमा आन्तरिक पर्यटक धेरै हुन्छन्,' उनले भने, 'विदेशीले बास बस्न रुचाउँछन् ।'

पर्वतको पाडस्थित नयाँपुलबाट सुरु हुने यात्राको पहिलो दिन कुस्मा र बलेवाको सिमाना मोदीवेनीमा पुगेर बास बस्छन् । दोस्रो दिन रानीपानी र बागलुङको सीमास्थित बेलबगरमा बास बसेपछि तेस्रो दिनमा स्याङ्जाको मिर्मी पुगेर यात्रा टुंगिन्छ । कालीगण्डकी किनारको सरसफाइ, पिउनेपानी, विश्रामस्थल, शौचालय लगायतका पूर्वाधारको अभाव रहेको व्यवसायीको गुनासो छ ।

बुर्काबाट बाहिरिँदा....

■ **सुम्निमा चाम्लिङ** (इटहरी)

अरू समुदायसँग घुलमिल गर्न नपाइने । घरबाहिर निस्कन कडा नियम । कतै जानुपर्ने भए कालो बुर्का वा हिजाब लगाएर मात्रै निस्कनुपर्ने । त्यो पनि परिवारको अनुमति लिएर । थुप्रै समुदाय मिलेर बसेको समाजमा आफूजस्तै अरूले पर्दा बाहिर निस्कन पाएका छन्, मुस्लिम महिलाका लागि नियम कडा छन् । कतिपय मुस्लिम महिलाले भने यस्तो समस्या झेल्दै साहसका साथ सामाजिक काममा आफूलाई समर्पित गरिरहेका छन् । यसको उदाहरण बनेकी छन्-इनरुवा बबिया चोककी ३८ वर्षीया सहजादी प्रवीन ।

डेढ दशकदेखि महिला अधिकारका क्षेत्रमा सक्रिय उनी पूर्वाञ्चल महिला मानव अधिकार सञ्जालकी सदस्य हुन् । हरेक क्षेत्रमा मुस्लिम महिलाको न्यून उपस्थित रहेको अवस्थामा विवाहित महिलालाई घरबाहिर निस्कनु चानचुने कुरा होइन । समाज र परिवारको डर पालेर आफ्नो आकांक्षा मार्ने कैयौं मुस्लिम महिला छन् । उनी भने सामाजिक काममा मग्न छिन् ।

उनी मोरङको विराटनगरमा हुर्किन् । निजी विद्यालयमा पढ्ने अवसर पाइन् । कक्षा १० मा पढ्दै गर्दा हजुरआमाको अड्डानका कारण उनको १५ वर्षको उमेरमै विवाह भयो । परिवार छोरीका लागि कडा नियम मान्दैनथ्यो । त्यसैले विराटनगरमा हुर्केकी उनलाई बाल्यकालमा मुस्लिम समुदायका कडा नियम पालन गर्नुपरेको थिएन । विवाहपछि निकै बाँधिनुपऱ्यो । ठूलो परिवार भएकाले खाजा र खाना बनाउँदा नै दिन बित्ने गरेको थियो ।

व्यक्तिगत खर्चका लागि समेत परिवारको सदस्याको आस गर्नुपर्ने अवस्था थियो । घरबाट बाहिर आफूखुसी निस्कन पाइँदैनथ्यो । पारिवारिक वातावरण यतिसम्म कडा थियो कि, दैलो बाहिरसम्म जाने आँट महिला सदस्यको हुँदैनथ्यो । उनी भन्छिन्, 'घरको सिकुवासम्म निस्कँदासमेत श्रीमान्ले गाली गर्नुहुन्थ्यो । यस्तो अवस्थामा खुलेर काम गर्ने भन्ने टाढाका कुरा थियो ।'

घरेलु हिंसापीडित उनले एक कठोर निर्णय गरिन् । 'अब चुपचाप बसेर हुँदैन, संघर्ष गर्छु भन्ने निर्णय गरें,' उनले भनिन्, 'घरदेखि बाहिर संसार हेर्ने र महिलाको क्षेत्रमा काम गर्ने चाहना थियो ।' जब उनले संघर्ष गर्ने निर्णय गरेकी थिइन्, त्यहीबेला एक नातेदारले वडामा स्वयंसेविकाको जागिर खुलेको बताए । त्यसका तलबको व्यवस्था थिएन । उनलाई पैसाभन्दा घरदेखि बाहिर निक्लने वातावरण चाहिएको थियो । उनले मौकालाई सदुपयोग गरिन् । घर बाहिर निस्कँदा दोस्रो सन्तान भइसकेको थियो । तीन महिने नानी लिएर तालिम लिन पुगेकी थिइन् । आफूलाई घरबाहिर पनि काम गर्न पाउँदा थप ऊर्जा बढ्दै थियो । महिलाको क्षेत्रमा काम गर्ने संस्थासँग पनि जोडिने मौका पाउन थालिन् ।

घरको कामलाई समेत अघि बढाउँदै आफूलाई अब्बल साबित गर्दै अघि बढ्दै गइन् । सुरुका दिनमा परिवारबाट सहयोग थिएन । तैपनि आत्मविश्वासका साथ कामलाई निरन्तरता दिँदै गइन् । विस्तारै श्रीमान् र परिवारबाट सहयोग मिल्दै गयो । 'अधिकारको क्षेत्रमा काम गर्न थालेपछि वर्कसपहरूमा जानुपर्ने हुन्थ्यो,' उनले भनिन्, 'होटलमा कार्यक्रमहरू हुन्छ, भन्दै फेरि श्रीमान्ले रोक्न खोज्नुभयो । तर मैले विस्तारै

सहजादी प्रवीन

समाज र परिवारको डर नमानी सामाजिक काममा सक्रिय

बुझाएँ ।' स्नातक पूरा गरेका श्रीमान्ले समेत साथ नदिँदा दुःख लाग्ने गरेको उनले बताइन् । कार्यक्रमहरूमा महिला दिदीबहिनीसँग भेट्न पाउँदा महिलाको क्षेत्रमा केही गर्नुपर्छ भन्ने सोच आउने गर्थ्यो । कुनै समय श्रीमान्ले छाडेमा जीवन सकियो ठान्ने बुझेकी सहजादी, हिजोआज महिला हकअधिकारको विषयमा आवाज उठाउँदै आएकी छन् । तीन सन्तानकी आमा उनी अनुभवले खारिएकी छन् । उनको घरमा हिंसापीडित महिला सहयोग मागन आउँछन् । सकेको सहयोग र पैरवी गरिदिने गर्छिन् । आर्थिक रूपमा भरपर्दो नभए पनि काम गर्दा आत्मसन्तुष्टि मिल्ने उनी बताउँछिन् । महिला अधिकारको क्षेत्रमा काम गर्दा राजनीतिक दबाब झेल्नुपरेको अनुभव सुनाइन् । यस्तो अवस्थामा सामूहिक रूपमा समाधान गर्ने गरेको बताइन् । कुनै समय समाजले उनको विरोध गर्ने गर्थे । अचेल त्यही समाज उनलाई देखेर गर्व गर्छन् ।

विदेशी सम्बन्धनका कलेजलाई मापदण्ड

काठमाडौं (कास)- विदेशी शिक्षण संस्थाबाट सम्बन्धन लिएर मापदण्ड पूरा नगरी चलेका कलेज बन्द हुने भएका छन् । विश्वविद्यालय अनुदान आयोगका सदस्यसचिव देवराज अधिकारीको संयोजकत्वमा गठित अध्ययन कार्यदलले भौतिक, शैक्षिकलगायतका पूर्वाधार पूरा नगरेका शिक्षण संस्था बन्द गर्न सुझाव दिएअनुरूप शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले मापदण्ड तयार गरिरहेको छ ।

शिक्षा मन्त्रालयमा दर्ता भएर विदेशी शिक्षण संस्थाबाट सञ्चालित कलेज ९५ वटा छन् । कतिपय कलेजले मन्त्रालयको स्वीकृतिबिनै शैक्षिक कार्यक्रम चलाउँदै आएका छन् । 'मन्त्रालयले विदेशी शिक्षण संस्थाबाट सम्बन्धन लिएर सञ्चालित कलेजका विषयमा मापदण्ड बनाउँदै छ,' उच्चशिक्षा महाशाखाका सहसचिव रामशरण सापकोटाले उनले भने, 'छिट्टै मापदण्ड स्वीकृति गराएर कार्यान्वयनमा जान्छौं ।'

कार्यदलले अध्ययनका क्रममा ती शिक्षण संस्थाको अनुगमनसमेत गरेको थियो । अनुगमनकै आधारमा ए लेभलका कार्यक्रम सञ्चालन गर्ने ९ वटा शिक्षण संस्थालाई बन्द गराउन कार्यदलले सिफारिस गरेको छ । ए लेभल चलाउने शिक्षण संस्थाहरूले शैक्षिक मापदण्ड पूरा नगरेका कारण बन्द गराइने जानकारी सापकोटाले दिए ।

मन्त्रालयले भौतिक पूर्वाधार, शिक्षण गतिविधि, शैक्षिक कार्यक्रम, परीक्षाको स्तरीयता, ल्याब, लाइब्रेरीको अवस्थासमेतलाई मूल्यांकन गर्ने गरी मापदण्ड प्रस्ताव गरेको छ । 'न्यूनतम मापदण्ड पनि पूरा नभए कलेज बन्द गराउनुको विकल्प हुँदैन,' उनले भने, 'मन्त्रालयले तय गरेको नयाँ मापदण्ड पूरा गर्न चाहने कलेजलाई बन्द गराउनुअघि निश्चित समयसीमा दिन सकिन्छ ।'

बाँधले डल्फिन हराउँदै

■ **कमल पन्थी** (बर्दिया)

कर्णाली नदीको भंगालो गेरुवामा डल्फिन देखिन छाडेको छ । नेपाल-भारत सीमा क्षेत्रमा निर्माण गरिएको बाँधका कारण यो जलचर हराउँदै गएको हो । नेपालबाट बगेका डल्फिन गिरीजापुरीमा निर्माण गरिएको बाँधबाट तल भर्छन् । त्यहाँबाट फर्किन सक्दैनन । त्यसको प्रभाव यहाँ देखिएको छ । अहिले कर्णालीमा डल्फिन देखिँदैनन । कोसी, नारायणी र कर्णाली नदीका सीमावर्ती क्षेत्रमा निर्माण गरिएका बाँधले डल्फिन फर्किन नसक्ने वन्यजन्तु विशेषज्ञ डा. शान्तराज ज्ञवालीले बताए ।

'बाँधले डल्फिनलाई समस्यामा पारेको छ,' उनले भने, 'कर्णाली र यसको भंगालोबाट बगेर गएका डल्फिन उच्च जोखिममा छन् ।' निकुञ्जको सीमा हुँदै बग्ने कर्णालीमा सन् १९८० को दशकसम्म सयभन्दा बढी डल्फिन देखिन्थे । अहिले संख्या घटिरहेको छ । केही वर्ष अघिसम्म डल्फिनका लागि पर्याप्त पानी भएको गेरुवामा विचरण गरेको देखिन्थ्यो । ७ वर्ष अघि बर्दिया निकुञ्जले गरेको सर्वेक्षणअनुसार अहिले कर्णालीमा ६ डल्फिन मात्रै छन् । त्यसबेला गेरुवामा जलस्तर बढी थियो । अहिले पश्चिम कर्णालीमा केही डल्फिन रहेको बर्दिया निकुञ्जका सहायक संरक्षण अधिकृत अशोककुमार भण्डारीले बताए । उनका अनुसार ७ वर्ष अघिबाट गेरुवाले धार परिवर्तन गरेपछि पानी कम भएको छ ।

त्यसपछि गेरुवाबाट डल्फिन हराउँदै गएका हुन् । तीन दशक अघिसम्म ठूलो संख्यामा गेरुवामा रहेको डल्फिन अनुगमनको क्रममा गत

नेपालमा नारायणी, कोसीजस्ता ठूला र प्रदूषणले कम छो एका नदीमा डल्फिन पाइए पनि कर्णालीमा लोप हुँदै गएको छ

साउनमा एउटा डल्फिन देखिएको बर्दिया राष्ट्रिय निकुञ्जले जनाएको छ । कर्णालीमा भने ६ वटा फेला परेको छ । लामो अनुसन्धान पछि गेरुवामा हिउँदमा एउटा पनि डल्फिन नभेटिएको निकुञ्जले जनाएको छ । सहायक संरक्षण अधिकृत भण्डारीले गिरीजापुरमा बाँधसँगै गेरुवामा जलस्तर सुक्दै गएपछि डल्फिन देखिन छाडेको हो । जथाभावी माछा मार्ने, गेरुवामा जलस्तर घट्दै गएकाले कर्णालीमा छ वटा डल्फिन रहेको अनुमान स्थानीयको छ ।' निकुञ्ज हुँदै बगेको कर्णाली र यसको भंगालो गेरुवामा चोरी सिकार शुन्य छ । डल्फिनको आहारा प्रजाति घटेको कारणले पनि समस्या भएको वन्यजन्तु विशेषज्ञले दावी गर्छन । विगतमा अवैध रूपमा माछा मार्नु, माछा मार्दा नदीमा विषादी प्रयोग र नेपाल-भारत सीमा बनाइएको गिरीजापुरी बाँध नै डल्फिन लोप हुने प्रमुख कारण भएको स्थानीय संरक्षणकर्मी राम शाहीले बताए । डल्फिनलगायत साना माछामा आश्रित ठुला माछाको प्रजाति पनि लोप हुँदै गएको संरक्षणमा लागेका बताउँछन् ।

स्थानीय भाषामा डल्फिनलाई 'सोस'वा 'ससुवा' भनिने डल्फिन मानिससँग नजिकको मित्रता गाँस्न सक्ने जीवका रूपमा प्रख्यात छ । अत्यन्त बुद्धिमान्, स्तनधारी जीव डल्फिन मानिससँग नजिकको मित्रता गाँस्न सक्ने जीवका रूपमा प्रख्यात छ । अत्यन्त बुद्धिमान्, स्तनधारी जीव डल्फिनको चमत्कारी प्रकृतिमा आधारित भएर धेरै मुलुकमा डल्फिनलाई विभिन्न खेल खेलाइन्छ । नेपालमा नारायणी, कोसीजस्ता ठूला र प्रदूषणले कम छोएका नदीमा डल्फिन पाइए पनि कर्णाली नदीमा डल्फिन प्रायः लोप हुँदै गएको निकुञ्जका कर्मचारीले बताए ।

ठगिएकाहरूले पाएनन् न्याय

■ **विनु तिम्सिना** (विराटनगर)

मोरङको कानेपोखरी-५ का मनीषकुमार राजवंशी क्यानाडा जाने प्रलोभनमा ठगिए । काठमाडौं बसोबास गर्ने असिम गुरुङले क्यानाडा लैजाने भन्दै १३ लाख रुपैयाँ लिएर बेपत्ता भएको उनको भनाइ छ ।

आठ महिनाअघि पैसा लिएर हिँडेका गुरुङ सम्पर्कमा छैनन् । विराटनगरस्थित श्रम कार्यालयमा प्रेम सञ्जेल प्रमुख भएर आएपछि वैदेशिक रोजगारका नाममा ठगिएका आफूजस्ता धेरै पीडितको डुबेको रकम फिर्ता भएको सुनेका राजवंशी श्रम कार्यालय पुगे । भदौ १५ मा श्रम कार्यालयमा उजुरी दिएका उनी कुनै कारबाही नभएपछि निराश छन् । मोरङकै ग्रामथान-५ का हेमनारायण चौधरी पनि मोरिसस पुग्ने प्रलोभनमा ठगीमा परे । सुनसरी इटहरीका विवेक पोखरेलले मोरिसस लगिदिने भन्दै ७ लाख ७० हजार रुपैयाँ लगेको उनले गुनासो गरे ।

चौधरीले भने, 'मोरिसस लाने भन्दै मलाई काठमाडौंमा ३ महिना र दिल्लीमा २ महिना राखियो ।' यसरी महिनौं काठमाडौं र भारतको दिल्लीमा अल्झाएपछि उनले आफू ठगिएको थाहा पाए । दुःख गरेर कमाएको रकम दलालले ठगेपछि उनले पनि श्रम कार्यालयमा उजुरी दिए तर सुनुवाइ भएन । वैदेशिक रोजगारीमा पठाउने भन्दै दलालबाट ठगिएका पीडितहरू दैनिक उजुरी दिन श्रम कार्यालयमा आउँछन् ।

कार्यालयले भने उजुरी नै लिन छाडेको छ । श्रम कार्यालय प्रमुख सञ्जेललाई ठगीका मुद्दा नहेर्न भन्दै श्रम विभागले रोक लगाएपछि पीडितहरू निराश हुँदै फर्कनु परेको हो ।

आफ्नो कार्यकालको छोटो अवधिमै धेरै ठगिएका पीडितको २ करोड १२ लाख बढी ठगी रकम उठाएर प्रशंसा कमाएका सञ्जेललाई श्रम विभागले ठगी मुद्दा नहेर्न भन्दै पत्र पठाएको छ । विभागका निर्देशक राजेश्वर अर्यालले गत वैशाख ३१ मा वैदेशिक रोजगारीको नाममा ठगीएको भन्ने उजुरीमा कुनै कारबाही नगर्न भन्दै चलानी नम्बर २७२२ को पत्रबाट सञ्जेललाई निर्देशन दिएका छन् । त्यसखालका काम जिल्ला प्रशासन कार्यालयबाट हुने पत्रमा उल्लेख छ ।

श्रम तथा रोजगार विभागले पत्र पठाउनुअघि ठगीमा परेको २ करोड १२ लाख रुपैयाँ फिर्ता गराएका छन् भने ५६ लाख रुपैयाँ फर्ता गराउने प्रक्रियामा रहेको सञ्जेलले जनाए । पत्रपछि भने आफूले ठगीका मुद्दा हेर्न नमिल्ने उनले बताए । प्रदेश १ बाहेक अन्य प्रदेशका श्रमले ठगीका मुद्दा नलिएको उनले जनाए ।

शनिबारको

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

ekantipur.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक २३९ जनकपुर | २ कात्तिक २०७६ शनिबार कार्तिक कृष्णपक्ष षष्ठी | नेपाल संवत् ११३९ | प्रदेश २ संस्करण | KANTIPUR, Nepali National Daily, Saturday, October 19, 2019 | पृष्ठ १२+४+८ | १० रुपैयाँ

न्यायको अन्तहीन पर्खाइ



राजनीतिक शक्ति-आडमा दबाइएको बीभत्स हत्याकाण्डको १२ वर्ष

मृतक त्रिलोकका बाबु श्रीनारायण सिंह।
तस्बिर : अंगद ढकाल/कान्तिपुर

■ **जनकराज सापकोटा र शिव पुरी** (रौतहट)

पूर्वपश्चिम राजमार्गको चन्द्रनिगाहपुरबाट ३५ किलोमिटर उत्तर छिरेपछि आउँछ सरुअठा गाउँ। मूलबाटोबाट करिब एक किलोमिटर पूर्व पसेपछि ७९ वर्षीय श्रीनारायण सिंहको घर पुगिन्छ। उमेरको उत्तरार्द्धमा श्रीनारायणसँग सुनाउनुपर्ने विगतका यादभन्दा रातोदिन बल्झिरहने दुःखको घाउ मात्रै छ। उनको दुःखका कथा साविकको राजपुर फरहदवा गाविस-४ हाल राजपुर नगरपालिका-४ मा २०६४ चैत २७ मा घटेको अकल्पनीय घटनाबाट सुरु हुन्छ। फिल्मको झल्को आउने त्यो घटनाको केन्द्रमा जोडिएका नेपाली कांग्रेसका नेता एवं पूर्वमन्त्री मोहम्मद आफताब आलमलाई जिल्ला प्रहरी कार्यालय रौतहटले भर्खरै पक्राउ गरेको छ। आलम पक्राउपछि श्रीनारायणलाई फेरि पुरानो दुःख, छोरा गुमाएपछिका छटपटीका दिन र न्यायका निम्ति १२ वर्ष लामो संघर्षको कथा सुनाउने मेसो मिलेको छ।

पहिलो संविधानसभा निर्वाचनको चहलपहलले देहाती गाउँको चहलपहल हवात्तै बढाइदिएको थियो। रौतहटको निर्वाचन क्षेत्र नम्बर २ मा कांग्रेसका तर्फबाट उम्मेदवार मोहम्मद आफताब आलमको चहलपहल पनि गरमागरम थियो। सीमावर्ती भारतको सीतामढीस्थित राधाकृष्ण गोयन्का कलेजमा बीएस्सी पहिलो वर्षमा पढिरहेका श्रीनारायणका २२ वर्षीय छोरा त्रिलोक बिदामा घर आएका थिए। राम्रो बोल्ने खुबी भएका उनलाई आलमको चुनावी प्रचारमा खटिएकाहरूले घरबाट हिँडाइहाले। त्यो दिनको सम्झना श्रीनारायणलाई झलझली छ। चुनावको २ साताअघि १८ चैतमै आलमका मान्छे आएर छोरालाई घरबाट लगिएको थियो। उनले सुनाए, 'छोरालाई चुनावी प्रचारमा लिएर गएछन् भन्ने थाहा

१२ वर्षपछि आएर पक्राउ गर्न पाइन्छ ?
पृष्ठ २

पाएपछि नै मेरो मन थिरमा थिएन।' श्रीनारायणलाई बम विस्फोटको घटनाभन्दा विस्फोटपछि भएका घटना लुकाउन भएका आततायी गतिविधिले मन भतभती पोलेको छ। उनले घटनाका प्रत्यक्षदर्शी र अन्य गाउँलेबाट थाहा पाए, चुनावको दिन बुथ कब्जा गर्ने उद्देश्यले आलमको सहोदर काका एवं कांग्रेस नेता पूर्वमन्त्री शेख इद्रिसको फरहदवा राजपुरस्थित गोठमा बम बनाउने काम चलिरहेको थियो। प्रहरीका अनुसार आलमका अंगरक्षकको काम गर्ने बलरु भन्ने शेख सराजले सल्काएको चुरोट हातबाट खसेलगत्तै ठूलो आवाजमा धूवाँको मुस्लोसहित बम विस्फोट भएको थियो। प्रहरीका अनुसार घटनापछि सराज सार्वजनिक वृत्तमा देखिएका छैनन्।

कान्तिपुरले घटनाको प्रत्यक्षदर्शी रहेका फरहदवा गाउँका ५ जनासँग गरेको कुराकानीअनुसार विस्फोट लगत्तै रुक्साना खातुनका छोरा ओसी अख्तर र श्रीनारायणका छोरा त्रिलोक सामान्य घाइते भएका थिए। अन्य केही मरणासन्न हुने गरी घाइते भए र केहीको तत्कालै मृत्यु भयो। घटनामा ठ्याक्कै कति जनाको मृत्यु भयो र कति जना घाइतेलाई पोल खुल्ने डरले मारियो भन्ने खुल्दैन। घटनाको अनुसन्धानमा जुटेका जिल्ला प्रहरी कार्यालय रौतहटका एसपी भूपेन्द्र खत्रीले पनि घटनामा ठ्याक्कै कति जना मारिए भन्ने यकिन भइनसकेको बताए। श्रीनारायणले सुनेअनुसार छोरा त्रिलोकलाई खुट्टामा सामान्य चोट मात्रै लागेको थियो। उनले घटनामा २२ जनाजति परेको, बाँचेकाहरूलाई पनि बेहोस हुने इन्जेक्सन दिएर बोरामा हालिएको र राति नै गोठदेखि करिब दुई किलोमिटरको दूरीमा रहेको ईंटाभट्टामा हालेर मारिएको दाबी गरे।

बाँकी पृष्ठ २

संवैधानिक इजलासद्वारा प्रदेश कानुनहरू खारेज

कान्तिपुर संवाददाता (काठमाडौं)

संवैधानिक प्रावधानविपरीत बनाइएको ठहर गर्दै सर्वोच्च अदालतले ६ वटा प्रदेशका कानुन खारेज गरेको छ। मुलुक संघीय संरचनामा गएपछि प्रदेश तहबाट जारी भएका कानुनहरू एकमुष्ट खारेज भएको यो पहिलो घटना हो। स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको मासिक पारिश्रमिक तथा ज्यालासहितको सुविधासम्बन्धी कानुन खारेज गरिएका हुन्।

सर्वोच्च अदालतका अनुसार, सातमध्ये प्रदेश १ ले मात्र स्थानीय तहका पदाधिकारी तथा सदस्यले सुविधा (भत्ता) लिन पाउने कानुन निर्माण गरेको छ। अरूले भने पारिश्रमिक नै लिन पाउने गरी कानुन बनाएका थिए। बैठक चलेका बेला मात्रै भत्ता लिन पाइन्छ भने मासिक पारिश्रमिकले

स्थानीय तहका जनप्रतिनिधिले पारिश्रमिक लिन नपाउने

नियमित सुविधा पाउने बाटो खोल्छ। संविधानमा स्थानीय तहका जनप्रतिनिधिलाई पारिश्रमिकको व्यवस्था छैन। गत साता नै सुनुवाइ सकेको संवैधानिक इजलासले शुक्रबार निर्णय सुनाएको हो। प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरासहित न्यायाधीशहरू दीपककुमार कार्की, केदारप्रसाद चालिसे, मीरा खड्का र हरिकृष्ण कार्कीको इजलासले गरेको फैसलाको प्रति भने तयार भइसकेको छैन।

रिट निवेदकको दाबीअनुसार संविधानको धारा १०८ को व्यवस्थाअनुसार प्रतिनिधिसभाका सभामुख र उपसभामुख, राष्ट्रिय सभाका अध्यक्ष र उपाध्यक्ष, समितिका सभापति तथा संघीय संसद्का सदस्यहरूका लागि पारिश्रमिक र सुविधा संघीय कानुनबमोजिम हुनेछ। संविधानको धारा १९६ मा प्रदेशसभाको सभामुख, उपसभामुख तथा सदस्यको पारिश्रमिक र सुविधाको व्यवस्था छ। तर त्यस्तो व्यवस्था प्रादेशिक कानुनबमोजिम हुने संविधानमा उल्लेख छ, स्थानीय तहका जनप्रतिनिधिहरूले तलब पाउने व्यवस्था छैन। 'संविधानको यस व्यवस्थाबमोजिम संघीय संसद्का सदस्यहरू र प्रदेशसभा सदस्यहरूले पारिश्रमिक तथा सुविधासम्बन्धी ऐनहरू जारी गरी लिइरहेका छन्,' निवेदनमा भनिएको थियो।

बाँकी पृष्ठ १४

'मलाई लखेटेर हटाउन सम्भव छैन'

प्रधानमन्त्री केपी शर्मा ओली

विस्तृत अन्तर्वार्ता पृष्ठ ७

दुई अध्यक्ष भने पनि एउटा 'सिनियर' हुन्छ, अर्को 'जुनियर'। तर हामीले एकदम बराबरीको हैसियतमा जस्तो व्यवहार गरेका छौं। संयुक्त अध्यक्षतामा बैठक हुने गरेको छ। प्रचण्डजी नहुँदा मैले कहिल्यै बैठक राखेको छैन। म नहुँदा 'बस्नुपरे बस्नुहोस्, तपाईं नै बैठक राख्नुहोस्' भनेर मैले सिंगापुर जाँदा भनेको हुँ। उहाँलाई उपाध्यक्ष त कसैले भनेन। तर पार्टी चलाउने भनेको एकल रूपमा चलाउने त होइन। दुइटा अध्यक्ष छौं नि!

(सरकारको नेतृत्व आधा-आधा गर्ने) यदि कुनै समझदारी छ भने त्यो समझदारी आएका बेला (कार्यान्वयन) हुने होला नि? यो सरकार अरू कसैलाई हेरेर, अरू कसैको 'लिडरसिप'मा विश्वास गरेर बनेको हो र? यो परिस्थिति मेरो लिडरसिपमा बनेको हो, जसले जे भने पनि। अब मैले छोड्नलाई पनि समझदारी हुनुपर्छ होला। अहिल्यै छोड्ने, भरे नै छोड्नेजस्तो, लखेटेर हटाएजस्तो त होइन होला। मलाई लखेटेर हटाउन सायद सम्भव पनि छैन होला।

अस्थिरता देखिने गरी 'छोडिदिनुपऱ्यो, ल..ल..अब छोडिदिई हाल्नुपऱ्यो!' जतिबेर पनि, जोसँग भेट भए पनि, जहाँ पनि, जसले पनि यो कुरा गर्नुको अर्थ समझदारी खल्बल्याउने प्रयास हो। अमेरिकामा चार वर्षमा चुनाव हुन्छ। 'यो राष्ट्रपति अब एक वर्ष त हो नि' भन्दै कोही हिंड्छ? 'अब समय सिद्धियो' भनेर त हिंड्दैनन् नि! त्यसैले यो अस्थिरता जनाउने खालको कुरा हो। संवैधानिक, कानुनी हिसाबले जे व्यवस्था छ, त्यसलाई अपमान गर्ने, उल्लंघन गर्ने, जनताको अभिमतलाई अवमूल्यन गर्ने कुरा राजनीतिक 'लिडर'हरूले बोलेर हिंड्दैनन्।

उहाँहरूको माओवादीभित्र के-के समस्या परे होलान्। पटक-पटक नयाँ-नयाँ कुरा खोज्ने स्वभाव उहाँहरूको देखियो। सम्झौता, सहमति पनि थपिँदै गए। मलाई त एकता चाहिएको हो। त्यसैले मसँग लचकता हुनु धेरै स्वाभाविक हो। न्यायपूर्ण समाजको निर्माण, सामाजिक न्यायसहितको समृद्धि हासिल गर्ने कुरामा हाम्रो मतभेद छैन। यसो भएपछि अब वैचारिक मतभेद छ भन्ने रहेन। अलिकति दबाब हुन सक्छ। मानिस हो, अलिअलि 'इगो'का प्रश्न हुन सक्छन्।

टिपरको ठक्करले बालकको मृत्यु

महोत्तरी (कास)- टिपरको ठक्करबाट बालकको मृत्युपछि स्थानीयले माईस्थान-गौशाला-समसी सडक खण्ड शुक्रबार बिहानैदेखि बन्द गरे। गौशालाबाट बालुवा बोकेर समसीतर्फ जाँदै गरेको ज१च ४६६ नम्बरको टिपरको ठक्करबाट समसी १ पसादिवाडका ११ वर्षे बकास शेखको घटनास्थलमै मृत्यु भएको हो।

समसीस्थित सशस्त्र प्रहरी बोर्डर आउट पोस्टका सशस्त्र निरीक्षक नमराज पुडासैनीका अनुसार चालकलाई कारवाही र मृतक परिवारलाई क्षतिपूर्ति माग राख्दै स्थानीयले ठाउँ-ठाउँमा ढुंगामुढा तेर्स्याएर तथा टायर बालेर सडक ठप्प पारेका थिए। भारतीय सीमालाई पूर्वपश्चिम राजमार्ग जोड्ने सडक अवरोधका कारण सयौं यात्रु तथा सवारी अलपत्र छन्।

स्थानीयले घटनामा संलग्न टिपर र सहचालकलाई नियन्त्रणमा लिएर बालकको शवलाई सडकमै राखेर प्रदर्शन गरेका थिए। चालकले ठाउँमा खलासीले गाडी चलाएकाले दुर्घटना भएको स्थानीयको आरोप छ। चालक भने फरार भएको जनाइएको छ। प्रत्यक्षदर्शीका अनुसार घटनालगत्तै सहचालकलाई स्थानीयले निर्घात कुटपिट गरेका थिए।

वडाध्यक्ष विपिन यादवका अनुसार पुरानो घटनाका कारण गाउँलेले सडक खुलाउन नमानेका हुन्। गत पुस २९ गते पनि सोही ठाउँका ८ वर्षीय मोहमद सद्दामको टिपरको ठक्करबाट मृत्यु भएको थियो। प्रशासनले तत्काल क्षतिपूर्ति दिलाउने र दोषिमाथि कारवाही गर्ने आश्वासनको विश्वासमा गाउँलेले नियन्त्रणमा लिएका टिपर र चालकलाई प्रहरीको जिम्मा लगाई सडक खुलाएका थिए।

'घटनाको यतिका दिन बित्दा पनि मृतक परिवारले क्षतिपूर्ति पाएका छैनन्,' वडाध्यक्षय यादवले भने, 'सोही कारण माग पूरा नभएसम्म सडक खोल्न नदिने गाउँलेले अडान लिएका हुन्।'

महोत्तरीका प्रहरी उपरीक्षक श्यामकृष्ण अधिकारीका अनुसार सडक खुलाउन जनप्रतिनिधि, गाउँले, पीडितका आफन्त र सुरक्षाकर्मीबीच छलफल भएको छ।

भारतीय सहयोगमा निर्माणाधीन उक्त हुलाकी सडक खण्डमा पर्ने पर्सा गाउँमा अतिक्रमण गरी बनाइएका घर खाली नगर्दा साँघुरो बनेको सडकका कारण दुर्घटना हुने गरेको स्थानीय स्विकार्छन्।

टिफिनपछि पढाइ बन्द

■ सन्तोष सिंह (धनुषा)

रामगोपालपुर नगरपालिका-९ गोठबनौलीस्थित बालज्ञान अधारभूत विद्यालयको प्रवेशद्वारमा बाख्रा, पाठापाठी बाँधिएको छ। परिसरमा पीपलको बोटमुनि घाँसमा कक्षा १ देखि ३ सम्मका २० जना विद्यार्थी तीनजना शिक्षिकासँग पढ्दै थिए।

टिपिनपछि कक्षा तीनसम्मका विद्यार्थी चौरमा बसेर खेलिरहँदा नजिकैको बेन्चमा बसेर बालविकास शिक्षिका मञ्जु यादव, सिन्धु यादव र राहत शिक्षिका सरिता मण्डल गफिँदै थिए।

विद्यालयमा विद्यार्थी नभएकै कारण शिक्षक सरोजकुमार यादव फुर्सदमा मोबाइल चलाएर बसेका थिए भने अर्का शिक्षक कक्षा ४ र ५ का ८ जना विद्यार्थीलाई एउटै कक्षामा पढाउँदै थिए। कक्षा ५ सम्म २ सय ४१ जना विद्यार्थी नमांकन रहेको बालज्ञान अधारभूत विद्यालयमा २८ जना विद्यार्थी मात्रै उपस्थित थिए। विद्यालयको बेथितिकै कारण बिहान पढ्न आएका विद्यार्थी टिफिनमै घर फर्किने गरेका छन्।

विद्यालयमा दिइँदै आएको खाजा रोकिएपछि विद्यार्थी टिकाउन समस्या भएको शिक्षक सरोजकुमार यादवले बताए। तर, स्थानीय अभिभावका अनुसार विद्यालयका शिक्षक गम्भीर नहुँदा विद्यालयमा पढाइनै हुँदैन। पढाइ नभएका कारण विद्यार्थी टिफिनमै घर लाग्ने गरेको स्थानीय जुगलकिशोर मण्डलले बताए।

भर्ना भएका विद्यार्थी नजिकैको निजी विद्यालयमा जान थालेपछि विद्यालय सुनसान भएको प्रधानाध्यापक ठाकुर साहले बताए। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बन्न दुई पक्षको तनातानमा शैक्षिक अवस्था धराशायी भएको साहले बताए। 'विद्यालयमै मदिराको बोतल फ्याकिएको हुन्छ,' प्रअ साहले भने, 'विद्यार्थीका अभिभावक र जनप्रतिनिधि सचेत नहुँदा विद्यालय सञ्चालन गर्नै समस्या भएको छ।' रामगोपालपुर नगरपालिकाका प्रमुख अशोक मण्डलले दिवा खाजा केही दिन स्थगित भए पनि पुनः सञ्चालनको तयारी भइरहेको बताए। नगर सभा नहुँदा विद्यालयको खाजा कार्यक्रम रोकिएको मण्डलले बताए। गोठबनौलीस्थित बालज्ञान अधारभूत विद्यालय दयनीय अवस्था उदाहरण मात्रै हुन्। महोतरीको ग्रामीण क्षेत्रका अधिकांश अधारभूत विद्यालयको अवस्था दयनीय छ। विद्यालय राजनीतिक पहुँचका अधारमा जागिर खाने थलो मात्र बनेको छ। अनुदान शिक्षक कोटामा नियुक्त शिक्षक-शिक्षिका दक्ष नहुँदा पढाइ प्रभावित भएको छ।

धनुषाको रामगोपालपुर-९ स्थित बालज्ञान आधारभूत विद्यालयको चौरमा विद्यार्थी पढाउँदै ३ शिक्षिका। *तस्बिर : कान्तिपुर*

महोत्तरीमा शिक्षकको गैरजिम्मेवारीपनका कारण सामुदायिक विद्यालयको साख संकटमा परेको छ। शिक्षक विद्यालयमा हाजरी गरी गफमा व्यस्त भएपछि सामुदायिक विद्यालयमा पढ्न आएका विद्यार्थी समेत घर फर्किन थालेका छन्। शिक्षा स्थानीय तहमा आएपछि शिक्षकको व्यवहारमा परिवर्तन नहुँदा सामुदायिक विद्यालयको अवस्था दयनीय बन्दै गएको छ।



आवश्यकता

प्रस्तावित चार तारे रत्ना होटल विराटनगरको लागी निम्नानुसारको कर्मचारीहरु आवश्यकता भएको हुँदा आफ्नो Bio-Data साथ सम्पर्क राख्नु हुन अनुरोध गर्दछौं।

S.N.	Position	Qualification
1	Human Resource Manager	BHM with minimum 5 years experience
2	Public Relation Officer	BHM with 3 years experience
3	Marketing Officer	BHM with 4 years experience
4	Driver	For Mini Bus 'F' Micro

सम्पर्क ठेगाना: रत्ना होटल विराटनगर

Last date for the submission of Bio-data 5th Kartik 2076
Contact No.: 9841462603

छात्रावासमा बलात्कार

धनुषा (कास)- धनुषाको मिथिला नगरपालिकास्थित ढल्केबर एकेडमी बोर्डिङ स्कुलका शिक्षकले २ जना छात्रालाई जबरजस्ती गरेको खुलेको छ। कक्षा १ मा अध्ययनरत ७ वर्षीया र कक्षा ३ मा अध्ययनरत ९ वर्षीया बालिकामाथि ४३ वर्षीय शिक्षक टेकेन्द्र दाहालले जबरजस्ती करणी गरेको प्रहरीले जनाएको छ।

दसैं अघिदेखि मिनी बोडर्समा पढ्दै गरेका दुवै बालिकालाई दाहालले करणी गरेको प्रहरीले जनाएको छ। परिवारसहित बोडर्समै बस्दै आएका शिक्षक दाहालले पत्नी बाहिर गएका बेला दुवै बालिकालाई पटक-पटक करणी गरेको जनाइएको छ। घटना सार्वजनिक भएपछि गत असोज २८ गते शिक्षक दाहाललाई इलाका प्रहरी कार्यालय ढल्केबरले पक्राउ गरेको प्रहरी निरीक्षक रामकुमार यादवले बताए।

कसैलाई भने ज्यान मार्दिने धम्की दिँदै आएका कारण पीडित बालिकाहरूले घटना गोप्य राखेका थिए। छात्राले अभिभावकलाई गुनासो सुनाएपछि स्थानीय केही व्यक्तिले शिक्षक दाहाललाई कुटपिट गरेका थिए। प्रहरी निरीक्षक यादवका अनुसार पीडित बालिका र शिक्षक दाहालको जनकपुर अञ्चल अस्पतालमा स्वास्थ्य परीक्षण गराएर अनुसन्धान भइरहेको छ।

छोटकरी

१४ लाखको चाँदीसहित पक्राउ

बारा (कास)- सशस्त्र प्रहरीले भारतीय सीमा क्षेत्रबाट १४ लाख बराबरको १९ केजी चाँदी शुक्रबार बरामद गरेको छ। जिल्लाको पश्चिम दक्षिणमा पर्ने सीमावर्ती सिम्रौनगढ नगरपालिका-६, सतुवाहीमा भारतबाट ल्याईदै गरेको चाँदीको तयारी गहना र मोटरसाइकलसहित बारागढी गाउँपालिका-६ का मुक्ति साहलाई नियन्त्रणमा लिइएको सशस्त्र प्रहरी निरीक्षक कबीर मल्लले बताए।

गाँजा खेती नष्ट

सिमरा (कास)- बाराको निजगढ नगरपालिका १२ को विभिन्न स्थानमा अवैध रूपले लगाएको ११ बिघाको गाँजा खेती प्रहरीले नष्ट गरेको छ। मकवानपुर र बाराको सीमाक्षेत्रमा पर्ने चुरेको फेदमा लुकीछिपी गरिएको गाँजा खेतीलाई प्रहरीले नष्ट गरेको जिल्ला प्रहरी कार्यालय बाराका प्रमुख प्रहरी उपरीक्षक विकासराज खनालले बताए। 'प्रहरीको आँखा छल्दै गाँजा खेती गरिएको थियो,' उनले भने, 'सूचना पाएपछि गाँजा फाड्दै हौं।' जिल्लाको सिम्रौनगढ क्षेत्र लगायतका स्थानमा हुँदै आएको गाँजा खेती रोक्न प्रहरीले कडाई गरेपछि गाँजा खेती गर्नेहरू चुरे र पहाडी क्षेत्रलाई सुरक्षित स्थल ठानेका थिए।





तपाईको आज

मेष	पुण्य आर्जन	तुला	पूण्य आर्जन
वृष	धन आर्जन	वृश्चिक	आलस्यता
मिथुन	प्रशन्नता	धनु	मित्र भेट
कर्कट	केही लाभ	मकर	अस्वस्थता
सिंह	कार्य सफल	कुम्भ	अभिलाषा पूर्ण
कन्या	मिष्ठान्न भोजन	मीन	द्विविधा बढ्ने

भोलिको पात्रो

विक्रम संवत् २०७६ साल कार्तिक ३ गते आइतबार तदनुरुप २० अक्टोबर २०१९ कार्तिक कृष्णपक्ष सप्तमी तिथि रात्रिको २:५८ बजेसम्म उप्रान्त अष्टमी तिथि, आद्रा नक्षत्र दिनको ३:३८ बजेसम्म उप्रान्त पुनर्वसु नक्षत्र, शिव योग रात्रिको ११:१४ बजेसम्म उप्रान्त सिद्ध योग, भद्रा करण दिनको ३:४० बजेसम्म उप्रान्त बब करण, मिथुन राशिमा चन्द्रमा।

ज्यो. रामप्रसाद सिटौला

कान्तिपुर टेलिभिजन

KANTIPUR HD

५:००	भक्तिसुर
५:३०	आध्यात्मिक सन्देश
६:००	जीवन विज्ञान
६:३०	मार्गदर्शन (लाइभ)
७:००	कान्तिपुर समाचार
८:००	गुडमर्निङ नेपाल
८:३०	कान्तिपुर न्युज
९:००	हर्के हल्दार (रिपिट)
१०:००	कान्तिपुर समाचार
१०:३०	मनी टक्स (रिपिट)
११:००	कान्तिपुर न्युज
११:३०	यू एण्ड आई (रिपिट)
१२:००	कान्तिपुर समाचार
१२:३०	सरोकार (रिपिट)
१:३०	कान्तिपुर समाचार
२:००	मुभी
४:००	कान्तिपुर समाचार
४:३०	यू एण्ड आई (रिपिट)
५:००	कल कान्तिपुर
६:००	कान्तिपुर न्युज
६:३०	हियर्ज दु लाइफ
७:००	कान्तिपुर समाचार
७:३०	प्रदेश विशेष (लाइभ)
८:००	कान्तिपुर समाचार
९:००	आउन मर्सेंग खाउन
१०:००	हियर्ज दु लाइफ (रिपिट)
१०:३०	कान्तिपुर न्युज
११:००	प्रदेश विशेष (रिपिट)
११:३०	कान्तिपुर समाचार
१२:००	कल कान्तिपुर रिपीटेड
१:००	कान्तिपुर न्युज रिपीटेड
१:३०	हियर्ज दु लाइफ (रिपिट)
२:००	कान्तिपुर समाचार (रिपीट ९)
२:३०	मार्गदर्शन (रिपिट)
३:००	कल कान्तिपुर रिपीटेड
४:००	आउन मर्सेंग खाउन (रिपिट)

रेडियो कान्तिपुर रेडियो राष्ट्रको

Radio Kantipur

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

००:०५	भक्ति अनुष्ठान (बालचन्द्र)
०६:३०	कान्तिपुर डायरी
०७:००	द हेडलाइनर्स
०७:३०	विज्ञान प्रविधि (नाष्ट)
०८:००	डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी
०८:०५	द गुडमर्निङ शो (मूपेन्द्र)
०८:३०	ओल्ड इज गोल्ड
०९:००	कान्तिपुर डायरी
०९:१०	ट्राफिक अपडेट
०९:१५	राष्ट्रिय गीत
०९:२०	घुम्ने मेच (डिनेश डिसी)
१०:००	स्पोर्टस् डायरी
१०:०५	गजब ७ बा (दुर्गाराज)
११:००	आर्ट एन्ड इन्टरटेनमेन्ट डायरी
११:०५	गेम्स् पिपुल प्ले (प्रियंका)
१२:००	कान्तिपुर डायरी
१२:१०	टप टेन (धलिसा)
१३:००	डिस्ट्रिक्ट डायरी
१३:०५	सेलिब्रेटी आवर (रस्मिला)
१४:००	इन्टरनेसनल डायरी
१४:०५	किक स्टार्ट (सञ्जय गुप्ता)
१५:००	कान्तिपुर डायरी
१५:१५	राइवार (नन्दकुमार)
१६:००	हेल्थ एन्ड इजुकेसन डायरी
१६:०५	विवक फिक्स (रिसता/धलिसा)
१७:००	डिष्ट्रिक्ट डायरी
१७:०५	म्युजिक लाउन्ज (राजेश पाण्डे)
१८:००	ज्योतिश दर्शन (शिवराज)
१८:३०	कान्तिपुर डायरी
१९:००	काठमान्डु बीट (साजारिका)
२०:००	सेक्युरिटी एन्ड क्राइम डायरी
२०:०५	रक मेमिल (मानस्वी वान्तवा)
२१:००	कान्तिपुर डायरी
२१:१५	न्युज मेकर अफ द डे
२१:३०	हेलो मिथिला थ्रिरेन्द्र/रुपा)
२३:००	सो टाइम (स्वर्ण)
२४:००	टप टेन (धलिसा)
२४:१०	म अनि मेरो कथा (शुभ)
०२:००	नेपाली गीतहरु लगातार
०३:००	हिन्दी गीतहरु लगातार
०८:००	भजनहरु लगातार

अस्पताल र विविध

धनुषा

प्रहरी	०४१५२४१०००
एम्बुलेन्स रेडक्रस	१०२
बारुण यन्त्र	५२००७१
जनकपुर अञ्चल अस्पताल	५२६९३८
एम्बुलेन्स महावीर चुवा कमिटी	५२५९८०
एम्बुलेन्स मारवाडी सेवा समिति	५२१५८४
रक्त सञ्चार रेडक्रस	५२०८७०
धनुषा अस्पताल	५२५८००
केयर मेडिकल सेन्टर	५२०२३०
जानकी आँखा अस्पताल	५२०३९७
जानकी हेल्थ केयर सेन्टर	५२५३४१
अञ्चल प्रहरी कार्यालय	५२०३६५
एयरपोर्ट	५२००४४
बुद्ध एयर	५२५०२२
याति एयरलाइन्स	५२४४६०
जानकी मन्दिर	५२०१७६
राष्ट्रिय मानव अधिकार आयोग	०४१-५२७८९२/५२७८९१

महोतरी

जिल्ला अस्पताल	५२००७०
वारुण यन्त्र	५२००९७
प्रहरी	५२०१९९
प्रहरी	५२००८९
रेडक्रस एम्बुलेन्स	५२०१००
बन्दना हस्पिटल प्रा.लि. गौशाला	९८५४०२५५२७/९८५४०२३५२७
विद्युत फ्च्युज शाला	५२००६६
जलेश्वर अस्पताल	५२००७०
ईलाका हेल्थ पोष्ट बलवा एम्बुलेन्स	९८४४५२७१७७
छिन्नमस्ता गण	५२०६९९
ई.प्र.का. बर्दिबास	५५५०७६
जिल्ला प्रहरी कार्यालय	५२०१९९
प्रहरी कन्ट्रोल	५२००८९
जिल्ला अस्पताल	५२००७०
ईलाका प्रहरी कार्यालय गौशाला	५५१००/४९२०७२

काठमाडौंका महत्वपूर्ण टेलिफोन

दमकल	१०१
रक्तसञ्चार केन्द्र	४२२५३४४
नेपाल आँखा बैंक	४४७३६८४
नेपाल आँखा अस्पताल	४२५०६९१
तिलजंगा आँखा अस्पताल	४४७३६८४
वीर अस्पताल	४२२९१८८
त्रिवि शिक्षण अस्पताल	४४१२७०७
प्रसुति गृह	४२५३२७६
टेकु अस्पताल	४२५३३९६
पाटन अस्पताल	५५२२२७८
भक्तपुर अस्पताल	६६१०६०६
मानसिक अस्पताल	५५२१३३३
कान्ति बाल अस्पताल	४४१४७९८/४४२०४५२
काठमाडौं मोडेल अस्पताल	४२४०८०५/६
बी एण्ड बी अस्पताल	५५३३२०६
नेपाल मेडिसिटी अस्पताल	१९३४, ४२१७०७५६, ४२१७०५५१
मेडीकेयर नेशनल अस्पताल	४४६०८६७
मेडीकेयर नेशनल अस्पताल (एम्बुलेन्स)	४४६०८६७
फ्रेन्डस अफ शान्ता भवन	४४००१९२
नेपाल अर्थोपिडिक अस्पताल	४४२३७०५
कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज	४३७१६०३
कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने	४१११२५७/८५८

प्रहरी र एम्बुलेन्स

प्रहरी कन्ट्रोल	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२६१२४५/४२६१७२०
जिल्ला प्रहरी (ललितपुर)	५५२१२०७
जिल्ला प्रहरी (भक्तपुर)	६६५४८२१
आकस्मिक प्रहरी सेवा	४२२६२२२
ट्राफिक प्रहरी	१०३
दमकल	१०१
श्री सत्य साई नि:शुल्क एम्बुलेन्स/शववाहन	४४२८०३५
सुमेरु एम्बुलेन्स सेवा	०१ ५५५५५५०,९८५१०४६५५०
परोपकार एम्बुलेन्स सेवा	४२६०८५२
बिशालबजार एम्बुलेन्स सेवा	४२४४२२९
रेडक्रस एम्बुलेन्स सेवा	४२२८००४
ललितपुर रेडक्रस एम्बुलेन्स सेवा	५५४५६६६
अग्रवाल सेवा केन्द्र	४४२४८७५

शवबाहन र विविध

नेपाल चेम्बर अफ कमर्स	४२३०२१३
एशुप्रति आर्यघाट सेवा केन्द्र	४४२२९९२
देव कर्मर नि:शुल्क सवबाहन सेवा	४४३४०२३
बाल हेल्पलाइन नेपाल	१०९८
बालबालिका खोजतलास समन्वय केन्द्र	९०४/४२२६०८६
नेपाल मिटर दआवरसी संघ	४२२४३७४

कान्तिपुर सम्पर्क जिज्ञासा, सुझाव तथा गुनासाहरुका लागि ९६६०-०१-२२२२२ (NTC) ९८०१-५०-२२२२ (Ncell)

कालीगण्डकीमा पर्यटकको लर्को

विदेशीले असोज पहिलो सातामै टिकट बुकिङ गरेको भए पनि कालीगण्डकीमा पानीको सतह नघटेपछि जलयात्रा ढिलो सुरू भएको हो

कालीगण्डकीमा च्याफ्टिङ गरिँदै । मनसुन सकिएर पानीको बहाव घटेसँगै कालीगण्डकीमा जलयात्रा सुरु भएको छ । तस्बिर : अगन्धर/कान्तिपुर

■ **अगन्धर तिवारी** (पर्वत)

मनसुन सकिएर पानीको बहाव घटेसँगै कालीगण्डकीमा जलयात्रा (च्याफ्टिङ) सुरु भएको छ । अघिल्ला वर्षमा भदौको अन्तिम सातादेखि नै हुने जलयात्रा यो पटक मनसुन ढिलासम्म सक्रिय भएका कारण एक महिना पछि सुरु भएको हो ।

कालीगण्डकी आन्तरिकभन्दा बढी बाह्य पर्यटकको रोजाइमा पर्छ । विदेशीले यसलाई पारिवारिक जलयात्रा (फेमिली रिभर) को उत्तम गन्तव्यका रूपमा ठान्दै आएका छन् । दसैंलगत्तै कालीगण्डकीमा जलयात्रा गराउन विभिन्न कम्पनीले विदेशी ल्याउन थालेका हुन् । कालीगण्डकीलाई जलयात्रामा अधिक बढी रुचाउनेमा इजरायल, स्पेन, नेदरल्यान्डलगायत केही अमेरिका र चिनियाँ पर्यटक छन् । पर्वतको कुस्मा-१ नयाँपुलमा ३ वर्षदेखि च्याफिङ कम्पनी सञ्चालन गरेका होम पुनका अनुसार गत सातादेखि च्याफिङमा आउने विदेशीको चाप बढ्दो छ । 'बुकिङ धेरै पहिलादेखि भइरहेको थियो,' पुनले भने, 'पानी नघटेकाले रोकेका थियौं । दसैंलगत्तै सुरु गरिएको छ ।' यो साता पोखराका विभिन्न च्याफिङ व्यवसायी नयाँपुलबाट मोदीवेणी-त्रिवेणी-मिर्मी हुँदै जलयात्रा गरिसकेको उनले बताए ।

विदेशीले असोजको पहिलो सातामै च्याफ्टिङका लागि टिकट बुकिङ गरेको भए पनि कालीगण्डकीमा पानीको सतह नघटेपछि गत सातादेखि मात्रै जलयात्रा सुरु गरिएको हो । बुधबार र बिहीबार दुई समूह लिएर आएका रेड स्विसा च्याफिङ कम्पनीका सञ्चालकले ३ दिनको प्याकेज सकेर फर्किएको बताए ।

च्याफिङ कम्पनी सञ्चालक अर्जुन दाहालका अनुसार यो सिजनमा आउनेमध्ये धेरै विदेशीले कालीगण्डकीलाई रोज्छन् । 'विदेशी प्रकृतिमा रमाउन खोज्छन्,' दाहालले भने, 'यहाँका प्राकृतिक दृश्य नै उनीहरूका रोजाइ बन्ने गरेका छन् ।' कालीगण्डकीले बनाएको गहिरो गल्छीबाट आकाश हेर्दा छुट्टै मनोरन्जन हुने अनुभव आफूले पनि गरेको उनले बताए । कालीगण्डकीमा असोज, कात्तिक, मंसिर, फागुन, चैत, वैशाख विदेशीले जलयात्राका लागि बढी रुचाउने महिना हुन् । यो सिजनमा जाडो कम हुने भएकाले जलयात्रा गराउन सहज हुने च्याफ्टिङ गाइड बताउँछन् । त्यसमध्ये नदीमा पानीको सतह बढी हुने सिजन हुँदा असोजदेखि मंसिरसम्म जलयात्रा व्यवसाय बढी चल्ने एल्लो स्विसा च्याफ्टिङ कम्पनीका प्रबन्धक गणेश गुरुङले बताए । छोटो समयमा पनि भरपुर मनोरन्जन लिन सकिने भएकाले विदेशीले कालीगण्डकीलाई 'सर्ट एन्ड स्विट च्याफ्टिङ स्पर्ट' का रूपमा लिने उनले बताए ।

पोखराकै कर्मफाइटस कम्पनीका प्रबन्धक रेणुका कार्कीका अनुसार पछिल्लो समय कालीगण्डकीमा च्याफिङका लागि बुकिङ गर्नेको संख्या बढ्दो छ । 'पहिला अरू नदीमा धेरैले बुकिङ गर्थे,' कार्कीले भनिन्, 'अहिले कालीगण्डकीका बढी छन् । परिवारमा आउने धेरैले कालीगण्डकी रोज्छन् ।'

पोखराका दर्जनभन्द बढी च्याफ्टिङ व्यवसायीले कालीगण्डकीमा मात्रै बर्सेनि ५ हजार बढी विदेशीलाई जलयात्रा गराउँदै आएको एल्लो कालीगण्डकी रिभरबीच क्याम्पका सञ्चालक पुनले बताए । तीन वर्षअघि नयाँपुलमा सञ्चालित च्याफिङ क्याम्पका सञ्चालक पुनले पोखराका विभिन्न कम्पनीसँगको सहकार्यमा च्याफ्टिङ गराउँछन् । कम्पनीले पर्यटक विदेशी पर्यटकलाई लक्षित गरी रेस्टुरेन्टसमेत सञ्चालन गरेको छ । क्याम्पले मालढुंगा र खनियाघाटबाट नयाँपुलसम्म आन्तरिक पर्यटकलाई लक्षित गरेर छोटो दूरीको जलयात्रा पनि गराउँदै आएको छ । 'छोटो दूरीमा आन्तरिक पर्यटक धेरै हुन्छन्,' उनले भने, 'विदेशीले बास बस्न रुचाउँछन् ।'

पर्वतको पाडस्थित नयाँपुलबाट सुरु हुने यात्राको पहिलो दिन कुस्मा र बलेवाको सिमाना मोदीवेनीमा पुगेर बास बस्छन् । दोस्रो दिन रानीपानी र बागलुङको सीमास्थित बेलबगरमा बास बसेपछि तेस्रो दिनमा स्याङ्जाको मिर्मी पुगेर यात्रा टुंगिन्छ । कालीगण्डकी किनारको सरसफाइ, पिउनेपानी, विश्रामस्थल, शौचालय लगायतका पूर्वाधारको अभाव रहेको व्यवसायीको गुनासो छ ।

बुर्काबाट बाहिरिँदा....

■ **सुम्निमा चाम्लिङ** (इटहरी)

अरू समुदायसँग घुलमिल गर्न नपाइने । घरबाहिर निस्कन कडा नियम । कतै जानुपर्ने भए कालो बुर्का वा हिजाब लगाएर मात्रै निस्कनुपर्ने । त्यो पनि परिवारको अनुमति लिएर । थुप्रै समुदाय मिलेर बसेको समाजमा आफूजस्तै अरूले पर्दा बाहिर निस्कन पाएका छन्, मुस्लिम महिलाका लागि नियम कडा छन् । कतिपय मुस्लिम महिलाले भने यस्तो समस्या झेल्दै साहसका साथ सामाजिक काममा आफूलाई समर्पित गरिरहेका छन् । यसको उदाहरण बनेकी छन्-इनरुवा बबिया चोककी ३८ वर्षीया सहजादी प्रवीन ।

डेढ दशकदेखि महिला अधिकारका क्षेत्रमा सक्रिय उनी पूर्वाञ्चल महिला मानव अधिकार सञ्जालकी सदस्य हुन् । हरेक क्षेत्रमा मुस्लिम महिलाको न्यून उपस्थित रहेको अवस्थामा विवाहित महिलालाई घरबाहिर निस्कनु चानचुने कुरा होइन । समाज र परिवारको डर पालेर आफ्नो आकांक्षा मार्ने कैयौं मुस्लिम महिला छन् । उनी भने सामाजिक काममा मग्न छिन् ।

उनी मोरङको विराटनगरमा हुर्किन् । निजी विद्यालयमा पढ्ने अवसर पाइन् । कक्षा १० मा पढ्दै गर्दा हजुरआमाको अड्डानका कारण उनको १५ वर्षको उमेरमै विवाह भयो । परिवार छोरीका लागि कडा नियम मान्दैनथ्यो । त्यसैले विराटनगरमा हुर्केकी उनलाई बाल्यकालमा मुस्लिम समुदायका कडा नियम पालन गर्नुपरेको थिएन । विवाहपछि निकै बाँधिनुपऱ्यो । ठूलो परिवार भएकाले खाजा र खाना बनाउँदा नै दिन बित्ने गरेको थियो ।

व्यक्तिगत खर्चका लागि समेत परिवारको सदस्याको आस गर्नुपर्ने अवस्था थियो । घरबाट बाहिर आफूखुसी निस्कन पाइँदैनथ्यो । पारिवारिक वातावरण यतिसम्म कडा थियो कि, दैलो बाहिरसम्म जाने आँट महिला सदस्यको हुँदैनथ्यो । उनी भन्छिन्, 'घरको सिकुवासम्म निस्कँदासमेत श्रीमान्ले गाली गर्नुहुन्थ्यो । यस्तो अवस्थामा खुलेर काम गर्ने भन्ने टाढाका कुरा थियो ।'

घरेलु हिंसापीडित उनले एक कठोर निर्णय गरिन् । 'अब चुपचाप बसेर हुँदैन, संघर्ष गर्छु भन्ने निर्णय गरें,' उनले भनिन्, 'घरदेखि बाहिर संसार हेर्ने र महिलाको क्षेत्रमा काम गर्ने चाहना थियो ।' जब उनले संघर्ष गर्ने निर्णय गरेकी थिइन्, त्यहीबेला एक नातेदारले वडामा स्वयंसेविकाको जागिर खुलेको बताए । त्यसका तलबको व्यवस्था थिएन । उनलाई पैसाभन्दा घरदेखि बाहिर निक्लने वातावरण चाहिएको थियो । उनले मौकालाई सदुपयोग गरिन् । घर बाहिर निस्कँदा दोस्रो सन्तान भइसकेको थियो । तीन महिने नानी लिएर तालिम लिन पुगेकी थिइन् । आफूलाई घरबाहिर पनि काम गर्न पाउँदा थप ऊर्जा बढ्दै थियो । महिलाको क्षेत्रमा काम गर्ने संस्थासँग पनि जोडिने मौका पाउन थालिन् ।

घरको कामलाई समेत अघि बढाउँदै आफूलाई अब्बल साबित गर्दै अघि बढ्दै गइन् । सुरुका दिनमा परिवारबाट सहयोग थिएन । तैपनि आत्मविश्वासका साथ कामलाई निरन्तरता दिँदै गइन् । विस्तारै श्रीमान् र परिवारबाट सहयोग मिल्दै गयो । 'अधिकारको क्षेत्रमा काम गर्न थालेपछि वर्कसपहरूमा जानुपर्ने हुन्थ्यो,' उनले भनिन्, 'होटलमा कार्यक्रमहरू हुन्छ, भन्दै फेरि श्रीमान्ले रोक्न खोज्नुभयो । तर मैले विस्तारै

सहजादी प्रवीन

समाज र परिवारको डर नमानी सामाजिक काममा सक्रिय

बुझाएँ ।' स्नातक पूरा गरेका श्रीमान्ले समेत साथ नदिँदा दुःख लाग्ने गरेको उनले बताइन् । कार्यक्रमहरूमा महिला दिदीबहिनीसँग भेट्न पाउँदा महिलाको क्षेत्रमा केही गर्नुपर्छ भन्ने सोच आउने गर्थ्यो । कुनै समय श्रीमान्ले छाडेमा जीवन सकियो ठान्ने बुझेकी सहजादी, हिजोआज महिला हकअधिकारको विषयमा आवाज उठाउँदै आएकी छन् । तीन सन्तानकी आमा उनी अनुभवले खारिएकी छन् । उनको घरमा हिंसापीडित महिला सहयोग मागन आउँछन् । सकेको सहयोग र पैरवी गरिदिने गर्छिन् । आर्थिक रूपमा भरपर्दो नभए पनि काम गर्दा आत्मसन्तुष्टि मिल्ने उनी बताउँछिन् । महिला अधिकारको क्षेत्रमा काम गर्दा राजनीतिक दबाब झेल्नुपरेको अनुभव सुनाइन् । यस्तो अवस्थामा सामूहिक रूपमा समाधान गर्ने गरेको बताइन् । कुनै समय समाजले उनको विरोध गर्ने गर्थे । अचेल त्यही समाज उनलाई देखेर गर्व गर्छन् ।

विदेशी सम्बन्धनका कलेजलाई मापदण्ड

काठमाडौं (कास)- विदेशी शिक्षण संस्थाबाट सम्बन्धन लिएर मापदण्ड पूरा नगरी चलेका कलेज बन्द हुने भएका छन् । विश्वविद्यालय अनुदान आयोगका सदस्यसचिव देवराज अधिकारीको संयोजकत्वमा गठित अध्ययन कार्यदलले भौतिक, शैक्षिकलगायतका पूर्वाधार पूरा नगरेका शिक्षण संस्था बन्द गर्न सुझाव दिएअनुरूप शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले मापदण्ड तयार गरिरहेको छ ।

शिक्षा मन्त्रालयमा दर्ता भएर विदेशी शिक्षण संस्थाबाट सञ्चालित कलेज ९५ वटा छन् । कतिपय कलेजले मन्त्रालयको स्वीकृतिबिनै शैक्षिक कार्यक्रम चलाउँदै आएका छन् । 'मन्त्रालयले विदेशी शिक्षण संस्थाबाट सम्बन्धन लिएर सञ्चालित कलेजका विषयमा मापदण्ड बनाउँदै छ,' उच्चशिक्षा महाशाखाका सहसचिव रामशरण सापकोटाले उनले भने, 'छिट्टै मापदण्ड स्वीकृति गराएर कार्यान्वयनमा जान्छौं ।'

कार्यदलले अध्ययनका क्रममा ती शिक्षण संस्थाको अनुगमनसमेत गरेको थियो । अनुगमनकै आधारमा ए लेभलका कार्यक्रम सञ्चालन गर्ने ९ वटा शिक्षण संस्थालाई बन्द गराउन कार्यदलले सिफारिस गरेको छ । ए लेभल चलाउने शिक्षण संस्थाहरूले शैक्षिक मापदण्ड पूरा नगरेका कारण बन्द गराइने जानकारी सापकोटाले दिए ।

मन्त्रालयले भौतिक पूर्वाधार, शिक्षण गतिविधि, शैक्षिक कार्यक्रम, परीक्षाको स्तरीयता, ल्याब, लाइब्रेरीको अवस्थासमेतलाई मूल्यांकन गर्ने गरी मापदण्ड प्रस्ताव गरेको छ । 'न्यूनतम मापदण्ड पनि पूरा नभए कलेज बन्द गराउनुको विकल्प हुँदैन,' उनले भने, 'मन्त्रालयले तय गरेको नयाँ मापदण्ड पूरा गर्न चाहने कलेजलाई बन्द गराउनुअघि निश्चित समयसीमा दिन सकिन्छ ।'

बाँधले डल्फिन हराउँदै

■ **कमल पन्थी** (बर्दिया)

कर्णाली नदीको भंगालो गेरुवामा डल्फिन देखिन छाडेको छ । नेपाल-भारत सीमा क्षेत्रमा निर्माण गरिएको बाँधका कारण यो जलचर हराउँदै गएको हो । नेपालबाट बगेका डल्फिन गिरीजापुरीमा निर्माण गरिएको बाँधबाट तल भर्छन् । त्यहाँबाट फर्किन सक्दैनन । त्यसको प्रभाव यहाँ देखिएको छ । अहिले कर्णालीमा डल्फिन देखिँदैनन । कोसी, नारायणी र कर्णाली नदीका सीमावर्ती क्षेत्रमा निर्माण गरिएका बाँधले डल्फिन फर्किन नसक्ने वन्यजन्तु विशेषज्ञ डा. शान्तराज ज्ञवालीले बताए ।

'बाँधले डल्फिनलाई समस्यामा पारेको छ,' उनले भने, 'कर्णाली र यसको भंगालोबाट बगेर गएका डल्फिन उच्च जोखिममा छन् ।' निकुञ्जको सीमा हुँदै बग्ने कर्णालीमा सन् १९८० को दशकसम्म सयभन्दा बढी डल्फिन देखिन्थे । अहिले संख्या घटिरहेको छ । केही वर्ष अघिसम्म डल्फिनका लागि पर्याप्त पानी भएको गेरुवामा विचरण गरेको देखिन्थ्यो । ७ वर्ष अघि बर्दिया निकुञ्जले गरेको सर्वेक्षणअनुसार अहिले कर्णालीमा ६ डल्फिन मात्रै छन् । त्यसबेला गेरुवामा जलस्तर बढी थियो । अहिले पश्चिम कर्णालीमा केही डल्फिन रहेको बर्दिया निकुञ्जका सहायक संरक्षण अधिकृत अशोककुमार भण्डारीले बताए । उनका अनुसार ७ वर्ष अघिबाट गेरुवाले धार परिवर्तन गरेपछि पानी कम भएको छ ।

त्यसपछि गेरुवाबाट डल्फिन हराउँदै गएका हुन् । तीन दशक अघिसम्म ठूलो संख्यामा गेरुवामा रहेको डल्फिन अनुगमनको क्रममा गत

नेपालमा नारायणी, कोसीजस्ता ठूला र प्रदूषणले कम छो एका नदीमा डल्फिन पाइए पनि कर्णालीमा लोप हुँदै गएको छ

साउनमा एउटा डल्फिन देखिएको बर्दिया राष्ट्रिय निकुञ्जले जनाएको छ । कर्णालीमा भने ६ वटा फेला परेको छ । लामो अनुसन्धान पछि गेरुवामा हिउँदमा एउटा पनि डल्फिन नभेटिएको निकुञ्जले जनाएको छ । सहायक संरक्षण अधिकृत भण्डारीले गिरीजापुरमा बाँधसँगै गेरुवामा जलस्तर सुक्दै गएपछि डल्फिन देखिन छाडेको हो । जथाभावी माछा मार्ने, गेरुवामा जलस्तर घट्दै गएकाले कर्णालीमा छ वटा डल्फिन रहेको अनुमान स्थानीयको छ ।' निकुञ्ज हुँदै बगेको कर्णाली र यसको भंगालो गेरुवामा चोरी सिकार शुन्य छ । डल्फिनको आहारा प्रजाति घटेको कारणले पनि समस्या भएको वन्यजन्तु विशेषज्ञले दावी गर्छन । विगतमा अवैध रूपमा माछा मार्नु, माछा मार्दा नदीमा विषादी प्रयोग र नेपाल-भारत सीमा बनाइएको गिरीजापुरी बाँध नै डल्फिन लोप हुने प्रमुख कारण भएको स्थानीय संरक्षणकर्मी राम शाहीले बताए । डल्फिनलगायत साना माछामा आश्रित ठुला माछाको प्रजाति पनि लोप हुँदै गएको संरक्षणमा लागेका बताउँछन् ।

स्थानीय भाषामा डल्फिनलाई 'सोस'वा 'ससुवा' भनिने डल्फिन मानिससँग नजिकको मित्रता गाँस्न सक्ने जीवका रूपमा प्रख्यात छ । अत्यन्त बुद्धिमान्, स्तनधारी जीव डल्फिन मानिससँग नजिकको मित्रता गाँस्न सक्ने जीवका रूपमा प्रख्यात छ । अत्यन्त बुद्धिमान्, स्तनधारी जीव डल्फिनको चमत्कारी प्रकृतिमा आधारित भएर धेरै मुलुकमा डल्फिनलाई विभिन्न खेल खेलाइन्छ । नेपालमा नारायणी, कोसीजस्ता ठूला र प्रदूषणले कम छोएका नदीमा डल्फिन पाइए पनि कर्णाली नदीमा डल्फिन प्रायः लोप हुँदै गएको निकुञ्जका कर्मचारीले बताए ।

ठगिएकाहरूले पाएनन् न्याय

■ **विनु तिम्सिना** (विराटनगर)

मोरङको कानेपोखरी-५ का मनीषकुमार राजवंशी क्यानाडा जाने प्रलोभनमा ठगिए । काठमाडौं बसोबास गर्ने असिम गुरुङले क्यानाडा लैजाने भन्दै १३ लाख रुपैयाँ लिएर बेपत्ता भएको उनको भनाइ छ ।

आठ महिनाअघि पैसा लिएर हिँडेका गुरुङ सम्पर्कमा छैनन् । विराटनगरस्थित श्रम कार्यालयमा प्रेम सञ्जेल प्रमुख भएर आएपछि वैदेशिक रोजगारका नाममा ठगिएका आफूजस्ता धेरै पीडितको डुबेको रकम फिर्ता भएको सुनेका राजवंशी श्रम कार्यालय पुगे । भदौ १५ मा श्रम कार्यालयमा उजुरी दिएका उनी कुनै कारबाही नभएपछि निराश छन् । मोरङकै ग्रामथान-५ का हेमनारायण चौधरी पनि मोरिसस पुग्ने प्रलोभनमा ठगीमा परे । सुनसरी इटहरीका विवेक पोखरेलले मोरिसस लगिदिने भन्दै ७ लाख ७० हजार रुपैयाँ लगेको उनले गुनासो गरे ।

चौधरीले भने, 'मोरिसस लाने भन्दै मलाई काठमाडौंमा ३ महिना र दिल्लीमा २ महिना राखियो ।' यसरी महिनौं काठमाडौं र भारतको दिल्लीमा अल्झाएपछि उनले आफू ठगिएको थाहा पाए । दुःख गरेर कमाएको रकम दलालले ठगेपछि उनले पनि श्रम कार्यालयमा उजुरी दिए तर सुनुवाइ भएन । वैदेशिक रोजगारीमा पठाउने भन्दै दलालबाट ठगिएका पीडितहरू दैनिक उजुरी दिन श्रम कार्यालयमा आउँछन् ।

कार्यालयले भने उजुरी नै लिन छाडेको छ । श्रम कार्यालय प्रमुख सञ्जेललाई ठगीका मुद्दा नहेर्न भन्दै श्रम विभागले रोक लगाएपछि पीडितहरू निराश हुँदै फर्कनु परेको हो ।

आफ्नो कार्यकालको छोटो अवधिमै धेरै ठगिएका पीडितको २ करोड १२ लाख बढी ठगी रकम उठाएर प्रशंसा कमाएका सञ्जेललाई श्रम विभागले ठगी मुद्दा नहेर्न भन्दै पत्र पठाएको छ । विभागका निर्देशक राजेश्वर अर्यालले गत वैशाख ३१ मा वैदेशिक रोजगारीको नाममा ठगीएको भन्ने उजुरीमा कुनै कारबाही नगर्न भन्दै चलानी नम्बर २७२२ को पत्रबाट सञ्जेललाई निर्देशन दिएका छन् । त्यसखालका काम जिल्ला प्रशासन कार्यालयबाट हुने पत्रमा उल्लेख छ ।

श्रम तथा रोजगार विभागले पत्र पठाउनुअघि ठगीमा परेको २ करोड १२ लाख रुपैयाँ फिर्ता गराएका छन् भने ५६ लाख रुपैयाँ फर्ता गराउने प्रक्रियामा रहेको सञ्जेलले जनाए । पत्रपछि भने आफूले ठगीका मुद्दा हेर्न नमिल्ने उनले बताए । प्रदेश १ बाहेक अन्य प्रदेशका श्रमले ठगीका मुद्दा नलिएको उनले जनाए ।

शनिबारको

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

ekantipur.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक २३९ पोखरा | २ कात्तिक २०७६ शनिबार कार्तिक कृष्णपक्ष षष्ठी | नेपाल संवत् ११३९ | गण्डकी प्रदेश संस्करण | KANTIPUR, Nepali National Daily, Saturday, October 19, 2019 | पृष्ठ १२+४+८ | १० रुपैयाँ

न्यायको अन्तहीन पर्खाइ



राजनीतिक शक्ति-आडमा दबाइएको बीभत्स हत्याकाण्डको १२ वर्ष

मृतक त्रिलोकका बाबु श्रीनारायण सिंह।
तस्बिर : अंगद ढकाल/कान्तिपुर

■ **जनकराज सापकोटा र शिव पुरी** (रौतहट)

पूर्वपश्चिम राजमार्गको चन्द्रनिगाहपुरबाट ३५ किलोमिटर उत्तर छिरेपछि आउँछ सरुअठा गाउँ। मूलबाटोबाट करिब एक किलोमिटर पूर्व पसेपछि ७९ वर्षीय श्रीनारायण सिंहको घर पुगिन्छ। उमेरको उत्तरार्द्धमा श्रीनारायणसँग सुनाउनुपर्ने विगतका यादभन्दा रातोदिन बल्झिरहने दुःखको घाउ मात्रै छ। उनको दुःखका कथा साविकको राजपुर फरहदवा गाविस-४ हाल राजपुर नगरपालिका-४ मा २०६४ चैत २७ मा घटेको अकल्पनीय घटनाबाट सुरु हुन्छ। फिल्मको झल्को आउने त्यो घटनाको केन्द्रमा जोडिएका नेपाली कांग्रेसका नेता एवं पूर्वमन्त्री मोहम्मद आफताब आलमलाई जिल्ला प्रहरी कार्यालय रौतहटले भर्खरै पक्राउ गरेको छ। आलम पक्राउपछि श्रीनारायणलाई फेरि पुरानो दुःख, छोरा गुमाएपछिका छटपटीका दिन र न्यायका निम्ति १२ वर्ष लामो संघर्षको कथा सुनाउने मेसो मिलेको छ।

पहिलो संविधानसभा निर्वाचनको चहलपहलले देहाती गाउँको चहलपहल हवात्तै बढाइदिएको थियो। रौतहटको निर्वाचन क्षेत्र नम्बर २ मा कांग्रेसका तर्फबाट उम्मेदवार मोहम्मद आफताब आलमको चहलपहल पनि गरमागरम थियो। सीमावर्ती भारतको सीतामढीस्थित राधाकृष्ण गोयन्का कलेजमा बीएस्सी पहिलो वर्षमा पढिरहेका श्रीनारायणका २२ वर्षीय छोरा त्रिलोक बिदामा घर आएका थिए। राम्रो बोल्ने खुबी भएका उनलाई आलमको चुनावी प्रचारमा खटिएकाहरूले घरबाट हिँडाइहाले। त्यो दिनको सम्झना श्रीनारायणलाई झलझली छ। चुनावको २ साताअघि १८ चैतमै आलमका मान्छे आएर छोरालाई घरबाट लगिएको थियो। उनले सुनाए, 'छोरालाई चुनावी प्रचारमा लिएर गएछन् भन्ने थाहा

१२ वर्षपछि आएर पक्राउ गर्न पाइन्छ ?
पृष्ठ २

पाएपछि नै मेरो मन थिरमा थिएन।' श्रीनारायणलाई बम विस्फोटको घटनाभन्दा विस्फोटपछि भएका घटना लुकाउन भएका आततायी गतिविधिले मन भतभती पोलेको छ। उनले घटनाका प्रत्यक्षदर्शी र अन्य गाउँलेबाट थाहा पाए, चुनावको दिन बुथ कब्जा गर्ने उद्देश्यले आलमको सहोदर काका एवं कांग्रेस नेता पूर्वमन्त्री शेख इद्रिसको फरहदवा राजपुरस्थित गोठमा बम बनाउने काम चलिरहेको थियो। प्रहरीका अनुसार आलमका अंगरक्षकको काम गर्ने बलरु भन्ने शेख सराजले सल्काएको चुरोट हातबाट खसेलगत्तै ठूलो आवाजमा धूवाँको मुस्लोसहित बम विस्फोट भएको थियो। प्रहरीका अनुसार घटनापछि सराज सार्वजनिक वृत्तमा देखिएका छैनन्।

कान्तिपुरले घटनाको प्रत्यक्षदर्शी रहेका फरहदवा गाउँका ५ जनासँग गरेको कुराकानीअनुसार विस्फोट लगत्तै रुक्साना खातुनका छोरा ओसी अख्तर र श्रीनारायणका छोरा त्रिलोक सामान्य घाइते भएका थिए। अन्य केही मरणासन्न हुने गरी घाइते भए र केहीको तत्कालै मृत्यु भयो। घटनामा ठ्याक्कै कति जनाको मृत्यु भयो र कति जना घाइतेलाई पोल खुल्ने डरले मारियो भन्ने खुल्दैन। घटनाको अनुसन्धानमा जुटेका जिल्ला प्रहरी कार्यालय रौतहटका एसपी भूपेन्द्र खत्रीले पनि घटनामा ठ्याक्कै कति जना मारिए भन्ने यकिन भइनसकेको बताए। श्रीनारायणले सुनेअनुसार छोरा त्रिलोकलाई खुट्टामा सामान्य चोट मात्रै लागेको थियो। उनले घटनामा २२ जनाजति परेको, बाँचेकाहरूलाई पनि बेहोस हुने इन्जेक्सन दिएर बोरामा हालिएको र राति नै गोठदेखि करिब दुई किलोमिटरको दूरीमा रहेको इँटाभट्टामा हालेर मारिएको दाबी गरे।

बाँकी पृष्ठ २

संवैधानिक इजलासद्वारा प्रदेश कानुनहरू खारेज

कान्तिपुर संवाददाता (काठमाडौं)

संवैधानिक प्रावधानविपरीत बनाइएको ठहर गर्दै सर्वोच्च अदालतले ६ वटा प्रदेशका कानुन खारेज गरेको छ। मुलुक संघीय संरचनामा गएपछि प्रदेश तहबाट जारी भएका कानुनहरू एकमुष्ट खारेज भएको यो पहिलो घटना हो। स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको मासिक पारिश्रमिक तथा ज्यालासहितको सुविधासम्बन्धी कानुन खारेज गरिएका हुन्।

सर्वोच्च अदालतका अनुसार, सातमध्ये प्रदेश १ ले मात्र स्थानीय तहका पदाधिकारी तथा सदस्यले सुविधा (भत्ता) लिन पाउने कानुन निर्माण गरेको छ। अरूले भने पारिश्रमिक नै लिन पाउने गरी कानुन बनाएका थिए। बैठक चलेका बेला मात्रै भत्ता लिन पाइन्छ भने मासिक पारिश्रमिकले

स्थानीय तहका जनप्रतिनिधिले पारिश्रमिक लिन नपाउने

नियमित सुविधा पाउने बाटो खोल्छ। संविधानमा स्थानीय तहका जनप्रतिनिधिलाई पारिश्रमिकको व्यवस्था छैन। गत साता नै सुनुवाइ सकेको संवैधानिक इजलासले शुक्रबार निर्णय सुनाएको हो। प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरासहित न्यायाधीशहरू दीपककुमार कार्की, केदारप्रसाद चालिसे, मीरा खड्का र हरिकृष्ण कार्कीको इजलासले गरेको फैसलाको प्रति भने तयार भइसकेको छैन।

रिट निवेदकको दाबीअनुसार संविधानको धारा १०८ को व्यवस्थाअनुसार प्रतिनिधिसभाका सभामुख र उपसभामुख, राष्ट्रिय सभाका अध्यक्ष र उपाध्यक्ष, समितिका सभापति तथा संघीय संसद्का सदस्यहरूका लागि पारिश्रमिक र सुविधा संघीय कानुनबमोजिम हुनेछ। संविधानको धारा १९६ मा प्रदेशसभाको सभामुख, उपसभामुख तथा सदस्यको पारिश्रमिक र सुविधाको व्यवस्था छ। तर त्यस्तो व्यवस्था प्रादेशिक कानुनबमोजिम हुने संविधानमा उल्लेख छ, स्थानीय तहका जनप्रतिनिधिहरूले तलब पाउने व्यवस्था छैन। 'संविधानको यस व्यवस्थाबमोजिम संघीय संसद्का सदस्यहरू र प्रदेशसभा सदस्यहरूले पारिश्रमिक तथा सुविधासम्बन्धी ऐनहरू जारी गरी लिइरहेका छन्,' निवेदनमा भनिएको थियो।

बाँकी पृष्ठ १४

'मलाई लखेटेर हटाउन सम्भव छैन'

प्रधानमन्त्री केपी शर्मा ओली

विस्तृत अन्तर्वार्ता पृष्ठ ७

दुई अध्यक्ष भने पनि एउटा 'सिनियर' हुन्छ, अर्को 'जुनियर'। तर हामीले एकदम बराबरीको हैसियतमा जस्तो व्यवहार गरेका छौं। संयुक्त अध्यक्षतामा बैठक हुने गरेको छ। प्रचण्डजी नहुँदा मैले कहिल्यै बैठक राखेको छैन। म नहुँदा 'बस्नुपरे बस्नुहोस्, तपाईं नै बैठक राख्नुहोस्' भनेर मैले सिंगापुर जाँदा भनेको हुँ। उहाँलाई उपाध्यक्ष त कसैले भनेन। तर पार्टी चलाउने भनेको एकल रूपमा चलाउने त होइन। दुइटा अध्यक्ष छौं नि!

●●●

(सरकारको नेतृत्व आधा-आधा गर्ने) यदि कुनै समझदारी छ भने त्यो समझदारी आएका बेला (कार्यान्वयन) हुने होला नि? यो सरकार अरू कसैलाई हेरेर, अरू कसैको 'लिडरसिप'मा विश्वास गरेर बनेको हो र? यो परिस्थिति मेरो लिडरसिपमा बनेको हो, जसले जे भने पनि। अब मैले छोड्नलाई पनि समझदारी हुनुपर्छ होला। अहिल्यै छोड्ने, भरे नै छोड्नेजस्तो, लखेटेर हटाएजस्तो त होइन होला। मलाई लखेटेर हटाउन सायद सम्भव पनि छैन होला।

●●●

अस्थिरता देखिने गरी 'छोडिदिनुपऱ्यो, ल..ल..अब छोडिदिई हाल्नुपऱ्यो!' जतिबेर पनि, जोसँग भेट भए पनि, जहाँ पनि, जसले पनि यो कुरा गर्नुको अर्थ समझदारी खल्बल्याउने प्रयास हो। अमेरिकामा चार वर्षमा चुनाव हुन्छ। 'यो राष्ट्रपति अब एक वर्ष त हो नि' भन्दै कोही हिंड्छ? 'अब समय सिद्धियो' भनेर त हिँड्दैनन् नि! त्यसैले यो अस्थिरता जनाउने खालको कुरा हो। संवैधानिक, कानुनी हिसाबले जे व्यवस्था छ, त्यसलाई अपमान गर्ने, उल्लंघन गर्ने, जनताको अभिमतलाई अवमूल्यन गर्ने कुरा राजनीतिक 'लिडर'हरूले बोलेर हिंड्दैनन्।

●●●

उहाँहरूको माओवादीभित्र के-के समस्या परे होलान्। पटक-पटक नयाँ-नयाँ कुरा खोज्ने स्वभाव उहाँहरूको देखियो। सम्झौता, सहमति पनि थपिँदै गए। मलाई त एकता चाहिएको हो। त्यसैले मसँग लचकता हुनु धेरै स्वाभाविक हो। न्यायपूर्ण समाजको निर्माण, सामाजिक न्यायसहितको समृद्धि हासिल गर्ने कुरामा हाम्रो मतभेद छैन। यसो भएपछि अब वैचारिक मतभेद छ भन्ने रहेन। अलिकति दबाब हुन सक्छ। मानिस हो, अलिअलि 'इगो'का प्रश्न हुन सक्छन्।

बन्दीपुरमा पर्यटकको चहलपहल

तनहुँको बन्दीपुरमा घुम्दै पर्यटक । *तस्बिर : प्रताप/कान्तिपुर*

■ **प्रताप रानामगर** (दमौली)

पहाडकी रानीले परिचित तनहुँको बन्दीपुरमा आन्तरिक र बाह्य पर्यटकको चहलपहल बढेको छ । भक्तपुरे शैलीका मौलिक घर । कोलाहल, धुवाँधुलोबाट केही समयका लागि मुक्ति पाउने भन्दै पर्यटक यतिबेला यहाँ ओइरिएका छन् ।

जाडो महिनामा बन्दीपुरमा पर्यटकको चहलपहल हुने गरेको बन्दीपुर पर्यटन विकास समितिका अध्यक्ष बैंश गुरुङ्गले बताए । 'जाडो महिना सुरु भएसँगै बन्दीपुरमा स्वदेशी तथा विदेशी पर्यटकको चहलपहल छ,' उनले भने, 'पर्यटन व्यवसायी उत्साहित छन ।' असोजदेखि मङ्सिरसम्म बन्दीपुरमा विदेशी पर्यटकको चाप हुन्छ । अहिले दैनिक तीन देखि चार सय विदेशी पर्यटक आउने गरेको उनले बताए । भदौसम्म स्वदेशी पर्यटकको मात्रै चहलपहल हुन्छ । असोजदेखि भने विदेशी पर्यटक राम्रै सङ्ख्यामा बन्दीपुर आउने गरेका छन । उनका अनुसार चाडपर्वका कारण घुम्ने संस्कृतिको विकास भएकाले स्वदेशी पर्यटकको चाप पनि उल्लेखनीय रहेको छ । यस्तै दैनिक ५ सय बढी स्वदेशी पर्यटक आइरहेका छन् ।

बन्दीपुरमा वनभोजका लागिसमेत विभिन्न जिल्लाबाट विद्यार्थी आउने गरेका छन् । बन्दीपुरमा साना ठूला ५७ होटल तथा २२ वटा होमस्टे सञ्चालनमा छन । ती सबै होटलमा एकै पटक एक हजार ३ सय देखि एक हजार ४ सय पर्यटकले रात बिताउन सक्छन् । बन्दीपुरका होटलमा करीब १ सय ५० भन्दा बढीले रोजगारी पाएका छन् । सुन्दर हिमशृंखलाको अवलोकनका साथै सूर्यास्तको दृश्य हेर्न र स्थानीय नेवारी कला संस्कृतिसँग रम्न पाइनाले पर्यटकको रोजाइमा बन्दीपुर पर्ने बन्दीपुर सामुदायिक होमस्टेका अध्यक्ष डिलकुमारी रानाले बताइन् ।

बन्दीपुरको मौलिक तथा परम्परागत घरका कारण पर्यटनमा टेवा मिलेको बन्दीपुर गाउँपालिकाका अध्यक्ष पूर्णसिं थापाले बताए । 'बन्दीपुरको पहिचान मौलिक घर हो,' उनले भने, 'काठका बुट्टा कुँदिएका झ्याल तथा ढोका, इँट्टा बाहिर देखिने प्यागोडा शैलीका घर बन्दीपुरको मुख्य आकर्षण बनेको छ ।' १८ औं शताब्दीमा भक्तपुर र बनेपाबाट आएका नेवारहरूले भक्तपुरे शैलीमा घर र ढुंगा बिछ्याइएको बाटो निर्माण गरेका थिए । बन्दीपुरमा अहिले पनि घर निर्माणमा मौलिकता अपनाउने गरिएको छ । बन्दीपुर बजारमा भएका पुराना घरको आकर्षणले गर्दा पर्यटकको आगमन बढ्दै गएकाले गाउँपालिकाले बजार क्षेत्रभित्र आधुनिक र पश्चिमेली शैली झल्किने गरी घर बनाउने निषेध गरेको छ । पछिल्लो समय मौलिकता झल्कने गरी धमाधम घर निर्माण भइरहेका छन । अहिले मात्र एक दर्जन बढी नयाँ घर बनेका छन । मौलिकता झल्कने गरी बनाएको एउटा घर निर्माण सम्पन्न गर्न एक देखि १८ करोड रुपैयाँसम्म लागेको छ । मौलिकता झल्कने घरबनाए मात्र गाउँपालिकाले नक्सा पास गरिदिने अध्यक्ष थापाले बताए । मौलिकता झल्कने घर बनाउनेलाई नक्सापासमा ५० प्रतिशत छुटको व्यवस्था गरेको उनले बताए । आधुनिक शैलीमा घर बनाए नक्सापास नै रोक्का हुन्छ ।

बन्दीपुरमा अमेरिका, थाइल्यान्ड, चीन, भारत, कोरिया र युरोपियन मुलुकका विदेशी पर्यटक बढी आउने गरेका छन् । पर्यटकलाई पर्यटकीय एवं ऐतिहासिक स्थलका बारेमा जानकारी दिइन्छ । यहाँ ढुङ्गाले छापेको बाटोबाट सवारी साधन जान निषेध गरिएको छ । नेपाल भ्रमण वर्ष सन् २०२० का लागि बन्दीपुरलाई उत्कृष्ट पर्यटकीय गन्तव्यको रूपमा विकासको तयारी थालेको सम्पदा नेपालका अध्यक्ष हरिसिं गुरुङ्गले बताए । भ्रमण वर्षलाई मध्यनजर गर्दै गण्डकी प्रदेश सरकारले बन्दीपुरलाई उत्कृष्ट हिल स्टेशनको रुपमा विकास गर्ने तयारी थालेको छ । भ्रमण वर्षलाई मध्यनजर गर्दै होटलको विस्तार, होमस्टे पूर्वाधार, सडक विस्तार, पर्यटन तालिम, प्रचार गर्न थालिएको उनले बताए ।

बन्दीपुरबाट अन्नपूर्ण, माछापुच्छ्रे, धौलागिरिलगायत हिमशृंखलालगायत अन्य प्राकृतिक दृश्य देख्न सकिन्छ । तत्कालीन सरकारले बन्दीपुरलाई २०५६ सालमा टुरिस्ट प्वाइन्टका रूपमा स्वीकृति दिएपछि यहाँ ग्रामीण पर्यटकको गन्तव्य रुपमा विकास भएको हो । नेपालकै उत्कृष्ट हिलस्टेसन मानिने बन्दीपुरमा यहाँको स्थानीय नेवार समुदायबाट विभिन्न पर्वमा प्रस्तुत गरिने खड्गजात्रा, गाईजात्रा, रोपाइँजात्रा, बाघ जात्रा र लाखे नाचका लागि जिल्लाकै अग्रस्थानमा छ । बजारका वरपर गुरुङ, मगर समाजको घाटु, कौरा नाचको साथै स्थानीय खानाका परिकारहरूले पर्यटकलाई लोभ्याउँछ ।

कालीगण्डकी लोकमार्ग निर्माण सुस्त

०७३ असार २२ मा सम्झौता भई २०७५ जेठ २१ मा सम्पन्न गर्नुपर्ने सम्झौता भए पनि सडकको जिम्मा लिएको सूर्य कन्स्ट्रक्सन सम्पर्कविहीन

■ **अगन्धर तिवारी** (पर्वत)

जिल्लाको 'लाइफलाइन' मानिएको कालीगण्डकी लोकमार्गको पर्वत खण्ड लामो समयसम्म अलपत्र परेको छ । ठेकेदार कम्पनीको बेवास्ताले २ वर्षअघि नै ट्याक खुलिसक्नुपर्ने सडक पैदल हिँड्न समेत मुस्किल हुन थालेको छ ।

ट्याक खोलेर सकिने बेलासम्म ठेकेदारको ठगीले करिडोरको काम रोकिएको हो । यो राष्ट्रिय गौरवको आयोजना हो । स्याङ्जाको मिर्मीबाट पर्वतको मालढुङगासम्मको ५५ किमि सडक खण्ड विस्तारको काम रोकिएकोमा स्थानीय आक्रोशित छन् ।

२०७३ असार २२ मा सम्झौता भई २०७५ जेठ २१ मा सम्पन्न गर्नुपर्ने सम्झौता भए पनि सडकको जिम्मा लिएको सूर्य कन्स्ट्रक्सनले काम बीचैमा छोडेर सम्पर्कविहीन भएको लामो समय बित्यो । कन्स्ट्रक्सनले जिम्मा लिएको १४ किमि सडक सबैभन्दा धेरै बिग्रिएको कालीगण्डकी करिडोरको कार्यालयले जनाएको छ । कन्स्ट्रक्सनले फलेवास नगरपालिकाको लमायदेखि कुश्मा नगरपालिकाको अर्मादीसम्मको १४ किमि ठेक्का लिएको हो । काम सकिनुपर्ने समयभन्दा एक वर्ष ढिलासम्म ट्याक नखोलेपछि पाल्पास्थित कार्यालयले कम्पनीलाई जरिवानासहित मिति थपेको थियो । थपिएको मिति आगामी मंसिरमा सकिँदैछ ।

पाल्पास्थित करिडोर कार्यालयका प्रमुख नरेन्द्र सुवेदीका अनुसार ठेक्का सम्झौता मितिमा काम नसकेपछि कन्स्ट्रक्सनलाई जरिवानासहित मिति थपिएको थियो । 'थपिएको मिति मंसिरमा सकिँदैछ,' सुवेदीले भने, 'त्यहाँसम्म काम नसके ठेक्का तोडेर नयाँ प्रक्रियामा जाने हो ।' १४ किमि ट्याक, नाली र आवश्यक अरू संरचना निर्माणका लागि कम्पनीले ९ करोड १७ लाख ४९ हजार २ सय ४५ को लागतमा ठेक्का लिएको हो ।

ट्याक खोलिएको ठाउँमा पनि गाडी गुड्ने अवस्था छैन । बर्खामा सबै सडक भत्किएपछि पैदल हिंड्नसमेत समस्या भएपछि सर्वसाधारण घण्टौं घुमाउरो बाटो हिंड्न बाध्य छन् । ठेक्का लिएको सडकको फलेवास ढिकदेखि मोदीवेणीसम्म ट्याक खुले पनि सर्वसाधारण पैदल हिंड्न समेत मुस्किल परेपछि मोदीबेनी पुग्न सिर्सुवा-बडागाउँ हुँदै झोलुङ्गे पुल तरेर एक घण्टा घुम्नुपरेको मुडिकुवाबासीको गुनासो छ । 'मोदीबेनी शव लैजान सबैभन्दा धेरै समस्या छ,' मुडिकुवाका थानेश्वर भुषालले भने, 'पहिला भएको बाटो पनि डोजरले पुरिदियो । अहिले कुश्मा हुँदै घुम्नुपर्छ ।' ठेक्का लिएर बिचैमा भाग्ने ठेकेदारलाई हदैसम्मको कारवाही हुनुपर्ने उनले बताए ।

यता मोदीवेनीदेखि अर्मादीसम्मको तीन किमि ट्याक अझै खुलेको छैन । 'सडक अलपत्र पार्ने जोसुकै भए पनि कारवाही हुनुपर्छ,' फलेवास-४ का कृष्णप्रसाद लम्सालले भने, 'पैसा लिएर अलपत्र पार्नेलाई ठेक्का किन दिने । राष्ट्रिय गौरवको आयोजना भनेर पैदल हिंड्न पनि पाइएन ।'

आयोजना कार्यालयका अनुसार ठेकेदारले ३० प्रतिशतभन्दा बढी काम गरेको छैन । काम अलपत्र पारेपछि आयोजना कार्यालय ठेकेदार कम्पनीलाई कारवाहीको तयारीमा छ । व्यावसायीले काम सुरु नगरेपछि गत जेठ ४ मा १० प्रतिशत जरिवानासहित आयोजना कार्यालयले म्याद थप गरेको थियो । कार्यालयका अनुसार कन्स्ट्रक्सन कम्पनीले प्रतिदिन ४५ हजार ९ सयका दरले जरिवाना तिर्नुपर्छ ।

म्याद थप गरेको चार महिना बितिसके पनि अझै काम पुनः सञ्चालन नभएपछि सार्वजनिक सूचना निकालेर कम्पनीको खोजी गर्ने आयोजनाको तयारी छ । 'हामीले धेरै ताकेता गरेको हो,' साइड इन्जिनियर अर्जुन नेपालीले भने, 'सम्पर्कमा नआएपछि अब अरु कानुनी कारवाहीको प्रक्रियाको तयारीमा छौं ।' ठेकेदार कम्पनीले अहिलेसम्म झन्डै ६ करोड भुक्तानी लगिसकेको छ भने ३ करोड १७ लाख भुक्तानी पाउन बाँकी रहेको कार्यालयले जनाएको छ ।

सूर्य कन्स्ट्रक्सनका सञ्चालक सूर्यबहादुर खड्काले विभिन्न समस्याका कारण केही समय ढिलाइ भएको बताए । उनले आगामी पुस दोस्रो साता सम्म काम सक्ने प्रतिबद्धता जनाए । 'वर्षाले काम गर्ने पाएका छैनौं,' उनले भने, 'अब केही पहरा कटान गरेर ट्याक खोल्ने र ग्राभेलिङको काम मात्र बाँकी छ । ३ महीनाभित्र काम सकिन्छ ।'

पर्वतमा ७६ किमि दुरी समेट्ने यो सडकले जिल्लाका एक नगरपालिका र ३ गाउँपालिका समेट्छ । लोकमार्ग व्यवस्थित बनेर बाह्रैमास सवारी सञ्चालन भए गाउँमा रोजगारी, शिक्षा, स्वास्थ्य, कृषि उत्पादन, सामाजिक सुरक्षा लगायतमा परिवर्तन आउने अपेक्षा स्थानीयको छ । सडकको असुविधाले कतिपय गाउँका किसानले उत्पादन गरेका कृषि उपज र पशुजन्य पदार्थ गाउँमै खेर गएका छन् ।

मर्स्याङ्दीमा फोहोर फाल्न बन्देज

लमजुङ (कास)- मर्स्याङदी नदी जलक्रिडा (च्याफ्टिङ, कायाकिङ) का लागि प्रख्यात छ । चक्रीय अन्नपूर्ण पदमार्ग यसको तिरैतिर रहेकाले दृश्यावलोकनका लागि मनमोहक छ ।

मनाङका हिमालबाट निस्किएको कञ्चन पानी बग्ने मर्स्याङदी नदी मर्स्याङदी गाउँपालिकामा मात्रै करीब २५ किलोमिटर पर्छ । गाउँपालिकाको ठिक बीचबाट बग्ने यही नदीलाई पछ्याउँदै पर्यटक चक्रीय अन्नपूर्ण पदमार्गको यात्रा गर्छन् । पदमार्ग र मर्स्याङदी छेउछाउ धेरै होटल खुलेका छन् ।

पर्यटक बढ्नु, होटल व्यवसाय बढ्नु, फोहोर जथाभावि फाल्नेजनस्ता कारणले केही वर्षयता मर्स्याङदी नदी फोहोर र प्रदुषित हुदै गएको छ । प्लाष्टिक, बोत्तल, सिसा, फलाम, छडलगायत वस्तु जथाभावि फाल्नाले मर्स्याङदी फोहोर भएको हो । भाँडा धुने पानी, नुहाउने पानी साथै शौचालयको फोहरसमेत सिधै फालिने गरिएको छ ।

गाउँपालिका अध्यक्ष अर्जुन गुरुङका अनुसार सफा मर्स्याङदी अभियान सुरु भएको छ । मर्स्याङदी नदीबाट नामांकरण गरिएको मर्स्याङदी गाउँपालिकाभरी नै जथाभावी फोहर फाल्न प्रतिबन्ध लगाइएको छ । 'मर्स्याङदी नदी र मर्स्याङदी गाउँपालिका भरी नै फोहर जथाभावि फाल्न दिएका छैनौं' उनले भने । उनका अनुसार मर्स्याङदी नदी वरपरका व्यवसायी तथा स्थानीयले मर्स्याङदी नदीलाई फोहर बनाएको र दुर्गन्धित बनाएको गुनासो आउन थालेपछि अभियान चलाउनु परेको हो । 'जथाभावि फोहर नफाल्न ठाउँ ठाउँमा सूचना टाँसेका छौं । भन्दै आएका छौं । फोहर राख्ने डस्टवीनको व्यवस्था गरेका छौं' उनले भने, 'ती ठाउँमा संकलित फोहरलाई एक ठाउँमा ल्याएर प्रशोधन थालेका छौं ।'

माथिल्लो मर्स्याङदी 'ए' जलविद्युत आयोजनाको सहयोगमा किनिएको ट्रयाक्टरबाट दैनिक फोहर संकलन भइरहेको उपाध्यक्ष होमबहादुर विकले बताए । गाउँपालिकाभित्रका ९ वटै वडामा फोहर संकलन गरी संकलित फोहरलाई भुलभुलेस्थित संकलन केन्द्रमा लगिन्छ । कुहिने फोहरलाई गाउँमै कम्पोष्ट मल बनाउन भनिएको छ ।

नकुहिने फोहर संकलन र वर्गीकरण गरी पुनःप्रयोगका लागि बिक्री गरिन्छ । आवश्यकता अनुसार ४ जनासम्म दैनिक ज्यालादारी खोजेर फोहर वर्गीकरण गराइएको छ ।

सफा मर्स्याङदी अभियान अन्तर्गत जनप्रतिनिधि, कर्मचारी, संघसंस्थाका प्रमुख तथा प्रतिनिधि, आमा समूह, बाबा समूह, युवा क्लबको सक्रियतामा सरसफाई गरिएको छ । हरेक व्यक्तिले महिनाको २ घण्टा सार्वजनिक ठाउँको सरसफाई गर्नुपर्ने नियम बनाइएको छ ।

गोरखा दरबारमा सेना

पृथ्वीनारायण शाहकालीन पोसाकमा

कान्तिपुर संवाददाता (गोरखा)

कालो दौरासुरुवाल, कम्मरमा खुकुरी, टाउकोमा चातोडा, हातमा भरुवा बन्दुक बोकेका नेपाली सेना गोरखा कालिका मन्दिरको दायाँबायाँ उभिएका छन् । मन्दिरमा झन्डै ४ सय वर्ष पुरानो पृथ्वीनारायण शाहकालिन पोशाकमा नेपाली सेना खटिएपछिको दृश्य हो यो । यसले आगन्तुक पनि छक्क पर्न थालेका छन । 'यो इतिहास हो, राज्य एककिरण पनि गोरखाबाटै भयो,' मन्दिरमा भेटिएका शिवनाथ योगीले भने, 'पृथ्वीनारायण शाह जन्मिएको दरबारमा उहाँले नै स्थापना गरेको नेपाली सेना पुराने भेषभुषामा बस्दा खुसी लाग्यो ।'

नेपाली सेनाको रणसिं दल गणको पहलमा सार्दुल जंग गुल्म हनुमानढोकाको टुकडी गोरखा दरवार आएको हो । गुल्म पृथ्वीनारायण शाहकै पालामा स्थापना भएको थियो । यसअघि हनुमानढोकामा मात्र यस्तो पोशाकमा सेना बस्दै आएको थियो । पृथ्वीनारायण शाहकै जन्मथलो गोरखा दरवारमा विहान ६ देखि साँझ ६ बजेसम्म नेपाली सेना वस्न थालेको रणसिं दल गणका गणपति उज्जल केसीले बताए ।

इतिहासको झल्को दिदै आन्तरिक तथा बाह्य पर्यटक भित्राउने लक्ष्यसाथ टुकडी खटिएको उनको भनाइ छ । 'त्यहिबेला प्रयोग भएको पोशाक र हतियारसहितको सेना राखेका हौं,' उनले भने, 'यसले नेपाल एककिरणको इतिहास वुझ्न सहयोग मिल्ने अपेक्षा छ ।' सेनासँग आगन्तुकले तस्विरसमेत खिच्न सक्नेछन् । इतिहासको सम्झना र सम्मान गर्दै सेनाले ११ जनाको टुकडी खटाएको हो । 'यहाँ आउने स्वदेशि र विदेशी पर्यटकलाई पनि नेपाल एककिरणको क्रममा कस्ता पोशाकमा सेना थिए वास्तविकता हेर्न पाउने भए,' उनले भने । यसले पर्यटन प्रवर्द्धनमा सघाउ पुग्ने गोरखा दरवार हेरचाह अड्डाका सुचना अधिकारी रामेश्वर कट्टेलले बताए । 'चार सय वर्षअघिको कालो दौरा सुरुवाल कतिपय मान्छेले चिन्दैनन्, यो जीवित इतिहास हो,' उनले भने, 'यसको संरक्षण हुने नै भयो, पृथ्वीनारायण शाहकै जन्मस्थलमा उहाले नै स्थापना गरेको सेना, त्यहि वेलाको पोशाक सहित वस्दा गोरखा दरवार आउनेको संख्या पनि वढ्छ ।' करिव ४० दशक अघिसम्म मिलिसिया यस्तो पोशाकमा सजिएर गोरखा दरवारमा बसेको पनि उनले बताए ।

गोरखा दरबारमा पृथ्वीनारायण शाहकालीन पोसाकमा सजिएका नेपाली सेना । *तस्बिर : हरिराम/कान्तिपुर*

तत्कालीन सेनाको बहादुरीको पनि खोज अनुसन्धानमा सहयोग पुग्ने उनको विश्वास छ । 'देश एकिकरणमा सहयोग पुऱ्याएको सेना, विदेशमा पनि गोरखा पल्टन भन्ने नाम राखेका छन् सेनाको बहादुरीले गोरखाली भनेर देश विदेशका पनि चिनायो,' उनले भने, 'यो इतिहास थियो, अब पर्यटकले सेनासँग बसेर फोटो लिन पाउँछन्, यसले प्रचार हुन्छ ।' सेनाको जग नै गोरखाबाट भएको उनले बताए ।

दरबार पुनर्निर्माणको क्रममा रहेकाले अहिले गोरखा कालिका दरबारमा दैनिक २ सेना पृथ्वीनारायण शाहकालिन पोशाकमा सजिएर वस्नेछन् । २०७५ मंसिरबाट गोरखा दरवार नजिकैको फुलवारीबाट हटेको नेपाली सेना फेरि फर्किएको छ । सार्दुलजंग गुल्म हनुमानढोकाबाट आएको टुकडी र रणसिं दलका गणका सेना पुनः फूलबारीमा बस्न थालेका हुन् ।







तपाईको आज

मेष	पुण्य आर्जन	तुला	पूण्य आर्जन
वृष	धन आर्जन	वृश्चिक	आलस्यता
मिथुन	प्रशन्नता	धनु	मित्र भेट
कर्कट	केही लाभ	मकर	अस्वस्थता
सिंह	कार्य सफल	कुम्भ	अभिलाषा पूर्ण
कन्या	मिष्ठान्न भोजन	मीन	द्विविधा बढ्ने

भोलिको पात्रो

विक्रम संवत् २०७६ साल कार्तिक ३ गते आइतबार तदनुरुप २० अक्टोबर २०१९ कार्तिक कृष्णपक्ष सप्तमी तिथि रात्रिको २:५८ बजेसम्म उप्रान्त अष्टमी तिथि, आद्रा नक्षत्र दिनको ३:३८ बजेसम्म उप्रान्त पूनर्वसु नक्षत्र, शिव योगा रात्रिको ११:१४ बजेसम्म उप्रान्त सिद्ध योगा, भद्रा करण दिनको ३:४० बजेसम्म उप्रान्त बब करण, मिथुन राशिमा चन्द्रमा ।

ज्यो. रामप्रसाद सिटौला

कान्तिपुर टेलिभिजन

५:००	मक्तिसुर
५:३०	आध्यात्मिक सन्देश
६:००	जीवन विज्ञान
६:३०	मार्गदर्शन (लाइभ)
७:००	कान्तिपुर समाचार
८:००	ग्रुडमर्निङ नेपाल
८:३०	कान्तिपुर न्युज
९:००	हर्के हल्दार (रिपिट)
१०:००	कान्तिपुर समाचार
१०:३०	मनी टक्स (रिपिट)
११:००	कान्तिपुर न्युज
११:३०	यू एण्ड आई (रिपिट)
१२:००	कान्तिपुर समाचार
१२:३०	सरोकार (रिपिट)
१:३०	कान्तिपुर समाचार
२:००	मृगी
४:००	कान्तिपुर समाचार
४:३०	यू एण्ड आई (रिपिट)
५:००	कल कान्तिपुर
६:००	कान्तिपुर न्युज
६:३०	हियर्ज दु लाइफ
७:००	कान्तिपुर समाचार
७:३०	प्रदेश विशेष (लाइभ)
८:००	कान्तिपुर समाचार
९:००	आउन मर्सैंग खाउन
१०:००	हियर्ज दु लाइफ (रिपिट)
१०:३०	कान्तिपुर न्युज
११:००	प्रदेश विशेष (रिपिट)
११:३०	कान्तिपुर समाचार
१२:००	कल कान्तिपुर रिपोटेड
१:००	कान्तिपुर न्युज रिपोटेड
१:३०	हियर्ज दु लाइफ (रिपिट)
२:००	कान्तिपुर समाचार (रिपीट ९)
२:३०	मार्गदर्शन (रिपिट)
३:००	कल कान्तिपुर रिपोटेड
४:००	आउन मर्सैंग खाउन (रिपिट)

रेडियो कान्तिपुर रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

००:०५	भक्ति अनुष्ठान (बालचन्द्र)
०६:३०	कान्तिपुर डायरी
०७:००	द हेडलाइनर्स
०७:३०	विज्ञान प्रविधि (नाष्ट)
०८:००	डेमलपमेन्ट एन्ड इकोनोमिक्स डायरी
०८:०५	द ग्रुडमर्निङ शो (मूपेन्द्र)
०८:३०	ओल्ड इज गोल्ड
०९:००	कान्तिपुर डायरी
०९:१०	ट्राफिक अपडेट
०९:१५	राष्ट्रिय गीत
०९:२०	घुग्ने मेच (डिनेश डिसी)
१०:००	स्पोर्टस् डायरी
१०:०५	गजब छ बा (दुर्गाराज)
११:००	आर्ट एन्ड इन्टरटेनमेन्ट डायरी
११:०५	गेम्स् पिपुल प्ले (प्रिन्सिका)
१२:००	कान्तिपुर डायरी
१२:१०	टप टेन (धलिसा)
१३:००	डिस्ट्रिक डायरी
१३:०५	सेलिब्रेटी आवर (रस्मिला)
१४:००	इन्टरनेसनल डायरी
१४:०५	किक स्टार्ट (सञ्जय गुप्ता)
१५:००	कान्तिपुर डायरी
१५:५५	राइवार (नन्दकुमार)
१६:००	हेल्थ एन्ड ह्याप्पिनेस डायरी
१६:०५	विवक फिक्स (रिमता/धलिसा)
१७:००	डिष्ट्रिक्ट डायरी
१७:०५	म्युजिक लाउन्ज (राजेश पाण्डे)
१८:००	ज्योतिश दर्शन (शिवराज)
१८:३०	कान्तिपुर डायरी
१९:००	काठमान्डु बीट (साग्रारिका)
२०:००	सेक्चुरिटी एन्ड क्राइम डायरी
२०:०५	रक मेसिन (मानस्मी वान्तवा)
२१:००	कान्तिपुर डायरी
२१:२५	न्युज मेकर अफ द डे
२१:३०	हेलो मिथिला (धिरेन्द्र/रुपा)
२३:००	सो टाइम (स्वर्ण)
२४:००	टप टेन (धलिसा)
२४:१०	म अनि मेरो कथा (शुम)
०२:००	नेपाली गीतहरु लगातार
०३:००	हिन्दी गीतहरु लगातार
०८:००	भजनहरु लगातार

अस्पताल र विविध

पोखराका महत्वपूर्ण नम्बरहरू

रक्त सञ्चार सेवा केन्द्र/धनबुलेन्स रेडक्रस	०६१-५२१०२१
कार्यकी रेडक्रस	०६१-५२०३४०
दमकल सेवा	०६१-५२०२२२
शव वाहन सेवा (सिद्धार्थ क्लब)	०६१-५३०२००
पश्चिमाञ्चल क्षेत्रीय अस्पताल	०६१-५२००६६/६०
मणिपाल शिक्षण अस्पताल	०६१-५२६१९६/१८
गण्डकी मेडिकल कलेज	०६१-५५०२५३
हिमालय आँखा अस्पताल	०६१-४६१९६८
पोखरा विश्वविद्यालय, लेखनाथ	०६१-५६१०४६/५६१५५६
क्षेत्रीय प्रशासन कार्यालय	टोल फ्रि १११११/०६१-४६४८४१
क्षेत्रीय प्रहरी कार्यालय	०६१-४६२५००/९८५६०२४३३
जिल्ला प्रहरी कार्यालय	०६१-५२००३३/९८५६०३५१९८
जिल्ला ट्राफिक प्रहरी	१०३/०६१-५२०४१२
सशस्त्र प्रहरी बल (कालिका गण)	०६१-५४१०८८/९८५१२७२०४७

बागलुङ

धौलागिरि अञ्चल अस्पताल	०६८ ५२०१९८/५२०२८८
रक्तसञ्चार केन्द्र	०६८ ५२०२७३
कालिका मजावती गुरुी धनबुलेन्स	९८४६२१७६५००
गोरस्या अस्पताल	०६४ ४२०२०८
स्याङ्जा जिल्ला अस्पताल	०६३ ४२०२३२
स्याङ्जा रेडक्रस धनबुलेन्स	०६३ ४२०१५४
पर्वत जिल्ला अस्पताल	०६७ ४२०१९०/४२०४५४
पर्वत रेडक्रस धनबुलेन्स	०६७ ४२०१६२
पर्वत प्रहरी/वाकुण्डचन्त्र	०६७ ४२०१००/४२०१९९
लमजुङ जिल्ला अस्पताल	०६६ ५२०१९५/५२०५५७
लमजुङ सामुदायिक अस्पताल	०६६ ५२०१८३
न्याउदी जिल्ला अस्पताल	०६९ ५२०१०८
दमौली अस्पताल	०६५ ५६०२०३
नवलपरासी जिल्ला अस्पताल	०७८ ५२०५०३
स्याङ्जा बाग्लुङ चन्त्र	०६३ ४२०४०२
जिल्ला प्रहरी बाग्लुङ	०६८ ५२०१९२ र ५२०२९२
जिल्ला प्रहरी गोरस्या	०६४ ४२०२३७
जिल्ला प्रहरी लमजुङ	०६६ ५२०१९८ र ५२०१९२
जिल्ला प्रहरी मनाङ	०६६ ४४०१९२
जिल्ला प्रहरी मुस्ताङ	०६९ ४४०१५६ र ४४००९८
जिल्ला प्रहरी न्याउदी	०६९ ५२०१९२ र ५२०२९९
जिल्ला प्रहरी पर्वत	०६७ ४२०१९९
जिल्ला प्रहरी स्याङ्जा	०६३ ४२०१००/४२०१९०/४२०२८४
जिल्ला प्रहरी तनहुँ	०६५ ५६०१९२
इग्रका आँबुखैरेनी	०६५ ५४००९२
जिल्ला प्रहरी नवलपरासी	०७८ ५४०१००
लुम्बिनी अञ्चल अस्पताल बुटवल	०७१५४०२००
बुद्ध सामुदायीक मृदु अस्पताल	०७१५६६१९७
महिला तथा बाल अस्पताल-आदर्श	०७१५४६६५०
युनिभर्सल कलेज अफ मेडिकल साचन्सेस भैरहवा	०७१५०६०३०
मीम अस्पताल भैरहवा	०७१५२०१९३
पृथ्वी चन्द्र अस्पताल परासी	०७८५२०१८८
अर्घासाची जिल्ला अस्पताल	०७०४२०२५७
गुल्मी जिल्ला अस्पताल	०७९५२०१८८
कपिलवस्तु जिल्ला अस्पताल	०७६५४०२००
रेडक्रस धनबुलेन्स भैरहवा	०७१-५२०२६३,

कालीगण्डकीमा पर्यटकको लर्को

विदेशीले असोज पहिलो सातामै टिकट बुकिङ गरेको भए पनि कालीगण्डकीमा पानीको सतह नघटेपछि जलयात्रा ढिलो सुरू भएको हो

कालीगण्डकीमा च्याफ्टिङ गरिँदै । मनसुन सकिएर पानीको बहाव घटेसँगै कालीगण्डकीमा जलयात्रा सुरु भएको छ । तस्बिर : अगन्धर/कान्तिपुर

■ **अगन्धर तिवारी** (पर्वत)

मनसुन सकिएर पानीको बहाव घटेसँगै कालीगण्डकीमा जलयात्रा (च्याफ्टिङ) सुरु भएको छ । अघिल्ला वर्षमा भदौको अन्तिम सातादेखि नै हुने जलयात्रा यो पटक मनसुन ढिलासम्म सक्रिय भएका कारण एक महिना पछि सुरु भएको हो ।

कालीगण्डकी आन्तरिकभन्दा बढी बाह्य पर्यटकको रोजाइमा पर्छ । विदेशीले यसलाई पारिवारिक जलयात्रा (फेमिली रिभर) को उत्तम गन्तव्यका रूपमा ठान्दै आएका छन् । दसैंलगत्तै कालीगण्डकीमा जलयात्रा गराउन विभिन्न कम्पनीले विदेशी ल्याउन थालेका हुन् । कालीगण्डकीलाई जलयात्रामा अधिक बढी रुचाउनेमा इजरायल, स्पेन, नेदरल्यान्डलगायत केही अमेरिका र चिनियाँ पर्यटक छन् । पर्वतको कुस्मा-१ नयाँपुलमा ३ वर्षदेखि च्याफिङ कम्पनी सञ्चालन गरेका होम पुनका अनुसार गत सातादेखि च्याफिङमा आउने विदेशीको चाप बढ्दो छ । 'बुकिङ धेरै पहिलादेखि भइरहेको थियो,' पुनले भने, 'पानी नघटेकाले रोकेका थियौं । दसैंलगत्तै सुरु गरिएको छ ।' यो साता पोखराका विभिन्न च्याफिङ व्यवसायी नयाँपुलबाट मोदीवेणी-त्रिवेणी-मिर्मी हुँदै जलयात्रा गरिसकेको उनले बताए ।

विदेशीले असोजको पहिलो सातामै च्याफ्टिङका लागि टिकट बुकिङ गरेको भए पनि कालीगण्डकीमा पानीको सतह नघटेपछि गत सातादेखि मात्रै जलयात्रा सुरु गरिएको हो । बुधबार र बिहीबार दुई समूह लिएर आएका रेड स्विसा च्याफिङ कम्पनीका सञ्चालकले ३ दिनको प्याकेज सकेर फर्किएको बताए ।

च्याफिङ कम्पनी सञ्चालक अर्जुन दाहालका अनुसार यो सिजनमा आउनेमध्ये धेरै विदेशीले कालीगण्डकीलाई रोज्छन् । 'विदेशी प्रकृतिमा रमाउन खोज्छन्,' दाहालले भने, 'यहाँका प्राकृतिक दृश्य नै उनीहरूका रोजाइ बन्ने गरेका छन् ।' कालीगण्डकीले बनाएको गहिरो गल्छीबाट आकाश हेर्दा छुट्टै मनोरन्जन हुने अनुभव आफूले पनि गरेको उनले बताए । कालीगण्डकीमा असोज, कात्तिक, मंसिर, फागुन, चैत, वैशाख विदेशीले जलयात्राका लागि बढी रुचाउने महिना हुन् । यो सिजनमा जाडो कम हुने भएकाले जलयात्रा गराउन सहज हुने च्याफ्टिङ गाइड बताउँछन् । त्यसमध्ये नदीमा पानीको सतह बढी हुने सिजन हुँदा असोजदेखि मंसिरसम्म जलयात्रा व्यवसाय बढी चल्ने एल्लो स्विसा च्याफ्टिङ कम्पनीका प्रबन्धक गणेश गुरुङले बताए । छोटो समयमा पनि भरपुर मनोरन्जन लिन सकिने भएकाले विदेशीले कालीगण्डकीलाई 'सर्ट एन्ड स्विट च्याफ्टिङ स्पर्ट' का रूपमा लिने उनले बताए ।

पोखराकै कर्मफाइटस कम्पनीका प्रबन्धक रेणुका कार्कीका अनुसार पछिल्लो समय कालीगण्डकीमा च्याफिङका लागि बुकिङ गर्नेको संख्या बढ्दो छ । 'पहिला अरू नदीमा धेरैले बुकिङ गर्थे,' कार्कीले भनिन्, 'अहिले कालीगण्डकीका बढी छन् । परिवारमा आउने धेरैले कालीगण्डकी रोज्छन् ।'

पोखराका दर्जनभन्द बढी च्याफ्टिङ व्यवसायीले कालीगण्डकीमा मात्रै बर्सेनि ५ हजार बढी विदेशीलाई जलयात्रा गराउँदै आएको एल्लो कालीगण्डकी रिभरबीच क्याम्पका सञ्चालक पुनले बताए । तीन वर्षअघि नयाँपुलमा सञ्चालित च्याफिङ क्याम्पका सञ्चालक पुनले पोखराका विभिन्न कम्पनीसँगको सहकार्यमा च्याफ्टिङ गराउँछन् । कम्पनीले पर्यटक विदेशी पर्यटकलाई लक्षित गरी रेस्टुरेन्टसमेत सञ्चालन गरेको छ । क्याम्पले मालढुंगा र खनियाघाटबाट नयाँपुलसम्म आन्तरिक पर्यटकलाई लक्षित गरेर छोटो दूरीको जलयात्रा पनि गराउँदै आएको छ । 'छोटो दूरीमा आन्तरिक पर्यटक धेरै हुन्छन्,' उनले भने, 'विदेशीले बास बस्न रुचाउँछन् ।'

पर्वतको पाडस्थित नयाँपुलबाट सुरु हुने यात्राको पहिलो दिन कुस्मा र बलेवाको सिमाना मोदीवेनीमा पुगेर बास बस्छन् । दोस्रो दिन रानीपानी र बागलुङको सीमास्थित बेलबगरमा बास बसेपछि तेस्रो दिनमा स्याङ्जाको मिर्मी पुगेर यात्रा टुंगिन्छ । कालीगण्डकी किनारको सरसफाइ, पिउनेपानी, विश्रामस्थल, शौचालय लगायतका पूर्वाधारको अभाव रहेको व्यवसायीको गुनासो छ ।

बुर्काबाट बाहिरिँदा....

■ **सुम्निमा चाम्लिङ** (इटहरी)

अरू समुदायसँग घुलमिल गर्न नपाइने । घरबाहिर निस्कन कडा नियम । कतै जानुपर्ने भए कालो बुर्का वा हिजाब लगाएर मात्रै निस्कनुपर्ने । त्यो पनि परिवारको अनुमति लिएर । थुप्रै समुदाय मिलेर बसेको समाजमा आफूजस्तै अरूले पर्दा बाहिर निस्कन पाएका छन्, मुस्लिम महिलाका लागि नियम कडा छन् । कतिपय मुस्लिम महिलाले भने यस्तो समस्या झेल्दै साहसका साथ सामाजिक काममा आफूलाई समर्पित गरिरहेका छन् । यसको उदाहरण बनेकी छन्-इनरुवा बबिया चोककी ३८ वर्षीया सहजादी प्रवीन ।

डेढ दशकदेखि महिला अधिकारका क्षेत्रमा सक्रिय उनी पूर्वाञ्चल महिला मानव अधिकार सञ्जालकी सदस्य हुन् । हरेक क्षेत्रमा मुस्लिम महिलाको न्यून उपस्थित रहेको अवस्थामा विवाहित महिलालाई घरबाहिर निस्कनु चानचुने कुरा होइन । समाज र परिवारको डर पालेर आफ्नो आकांक्षा मार्ने कैयौं मुस्लिम महिला छन् । उनी भने सामाजिक काममा मग्न छिन् ।

उनी मोरङको विराटनगरमा हुर्किन् । निजी विद्यालयमा पढ्ने अवसर पाइन् । कक्षा १० मा पढ्दै गर्दा हजुरआमाको अड्डानका कारण उनको १५ वर्षको उमेरमै विवाह भयो । परिवार छोरीका लागि कडा नियम मान्दैनथ्यो । त्यसैले विराटनगरमा हुर्केकी उनलाई बाल्यकालमा मुस्लिम समुदायका कडा नियम पालन गर्नुपरेको थिएन । विवाहपछि निकै बाँधिनुपऱ्यो । ठूलो परिवार भएकाले खाजा र खाना बनाउँदा नै दिन बित्ने गरेको थियो ।

व्यक्तिगत खर्चका लागि समेत परिवारको सदस्याको आस गर्नुपर्ने अवस्था थियो । घरबाट बाहिर आफूखुसी निस्कन पाइँदैनथ्यो । पारिवारिक वातावरण यतिसम्म कडा थियो कि, दैलो बाहिरसम्म जाने आँट महिला सदस्यको हुँदैनथ्यो । उनी भन्छिन्, 'घरको सिकुवासम्म निस्कँदासमेत श्रीमान्ले गाली गर्नुहुन्थ्यो । यस्तो अवस्थामा खुलेर काम गर्ने भन्ने टाढाका कुरा थियो ।'

घरेलु हिंसापीडित उनले एक कठोर निर्णय गरिन् । 'अब चुपचाप बसेर हुँदैन, संघर्ष गर्छु भन्ने निर्णय गरें,' उनले भनिन्, 'घरदेखि बाहिर संसार हेर्ने र महिलाको क्षेत्रमा काम गर्ने चाहना थियो ।' जब उनले संघर्ष गर्ने निर्णय गरेकी थिइन्, त्यहीबेला एक नातेदारले वडामा स्वयंसेविकाको जागिर खुलेको बताए । त्यसका तलबको व्यवस्था थिएन । उनलाई पैसाभन्दा घरदेखि बाहिर निक्लने वातावरण चाहिएको थियो । उनले मौकालाई सदुपयोग गरिन् । घर बाहिर निस्कँदा दोस्रो सन्तान भइसकेको थियो । तीन महिने नानी लिएर तालिम लिन पुगेकी थिइन् । आफूलाई घरबाहिर पनि काम गर्न पाउँदा थप ऊर्जा बढ्दै थियो । महिलाको क्षेत्रमा काम गर्ने संस्थासँग पनि जोडिने मौका पाउन थालिन् ।

घरको कामलाई समेत अघि बढाउँदै आफूलाई अब्बल साबित गर्दै अघि बढ्दै गइन् । सुरुका दिनमा परिवारबाट सहयोग थिएन । तैपनि आत्मविश्वासका साथ कामलाई निरन्तरता दिँदै गइन् । विस्तारै श्रीमान् र परिवारबाट सहयोग मिल्दै गयो । 'अधिकारको क्षेत्रमा काम गर्न थालेपछि वर्कसपहरूमा जानुपर्ने हुन्थ्यो,' उनले भनिन्, 'होटलमा कार्यक्रमहरू हुन्छ, भन्दै फेरि श्रीमान्ले रोक्न खोज्नुभयो । तर मैले विस्तारै

सहजादी प्रवीन

समाज र परिवारको डर नमानी सामाजिक काममा सक्रिय

बुझाएँ ।' स्नातक पूरा गरेका श्रीमान्ले समेत साथ नदिँदा दुःख लाग्ने गरेको उनले बताइन् । कार्यक्रमहरूमा महिला दिदीबहिनीसँग भेट्न पाउँदा महिलाको क्षेत्रमा केही गर्नुपर्छ भन्ने सोच आउने गर्थ्यो । कुनै समय श्रीमान्ले छाडेमा जीवन सकियो ठान्ने बुझेकी सहजादी, हिजोआज महिला हकअधिकारको विषयमा आवाज उठाउँदै आएकी छन् । तीन सन्तानकी आमा उनी अनुभवले खारिएकी छन् । उनको घरमा हिंसापीडित महिला सहयोग मागन आउँछन् । सकेको सहयोग र पैरवी गरिदिने गर्छिन् । आर्थिक रूपमा भरपर्दो नभए पनि काम गर्दा आत्मसन्तुष्टि मिल्ने उनी बताउँछिन् । महिला अधिकारको क्षेत्रमा काम गर्दा राजनीतिक दबाब झेल्नुपरेको अनुभव सुनाइन् । यस्तो अवस्थामा सामूहिक रूपमा समाधान गर्ने गरेको बताइन् । कुनै समय समाजले उनको विरोध गर्ने गर्थे । अचेल त्यही समाज उनलाई देखेर गर्व गर्छन् ।

विदेशी सम्बन्धनका कलेजलाई मापदण्ड

काठमाडौं (कास)- विदेशी शिक्षण संस्थाबाट सम्बन्धन लिएर मापदण्ड पूरा नगरी चलेका कलेज बन्द हुने भएका छन् । विश्वविद्यालय अनुदान आयोगका सदस्यसचिव देवराज अधिकारीको संयोजकत्वमा गठित अध्ययन कार्यदलले भौतिक, शैक्षिकलगायतका पूर्वाधार पूरा नगरेका शिक्षण संस्था बन्द गर्न सुझाव दिएअनुरूप शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले मापदण्ड तयार गरिरहेको छ ।

शिक्षा मन्त्रालयमा दर्ता भएर विदेशी शिक्षण संस्थाबाट सञ्चालित कलेज ९५ वटा छन् । कतिपय कलेजले मन्त्रालयको स्वीकृतिबिनै शैक्षिक कार्यक्रम चलाउँदै आएका छन् । 'मन्त्रालयले विदेशी शिक्षण संस्थाबाट सम्बन्धन लिएर सञ्चालित कलेजका विषयमा मापदण्ड बनाउँदै छ,' उच्चशिक्षा महाशाखाका सहसचिव रामशरण सापकोटाले उनले भने, 'छिट्टै मापदण्ड स्वीकृति गराएर कार्यान्वयनमा जान्छौं ।'

कार्यदलले अध्ययनका क्रममा ती शिक्षण संस्थाको अनुगमनसमेत गरेको थियो । अनुगमनकै आधारमा ए लेभलका कार्यक्रम सञ्चालन गर्ने ९ वटा शिक्षण संस्थालाई बन्द गराउन कार्यदलले सिफारिस गरेको छ । ए लेभल चलाउने शिक्षण संस्थाहरूले शैक्षिक मापदण्ड पूरा नगरेका कारण बन्द गराइने जानकारी सापकोटाले दिए ।

मन्त्रालयले भौतिक पूर्वाधार, शिक्षण गतिविधि, शैक्षिक कार्यक्रम, परीक्षाको स्तरीयता, ल्याब, लाइब्रेरीको अवस्थासमेतलाई मूल्यांकन गर्ने गरी मापदण्ड प्रस्ताव गरेको छ । 'न्यूनतम मापदण्ड पनि पूरा नभए कलेज बन्द गराउनुको विकल्प हुँदैन,' उनले भने, 'मन्त्रालयले तय गरेको नयाँ मापदण्ड पूरा गर्न चाहने कलेजलाई बन्द गराउनुअघि निश्चित समयसीमा दिन सकिन्छ ।'

बाँधले डल्फिन हराउँदै

■ **कमल पन्थी** (बर्दिया)

कर्णाली नदीको भंगालो गेरुवामा डल्फिन देखिन छाडेको छ । नेपाल-भारत सीमा क्षेत्रमा निर्माण गरिएको बाँधका कारण यो जलचर हराउँदै गएको हो । नेपालबाट बगेका डल्फिन गिरीजापुरीमा निर्माण गरिएको बाँधबाट तल भर्छन् । त्यहाँबाट फर्किन सक्दैनन । त्यसको प्रभाव यहाँ देखिएको छ । अहिले कर्णालीमा डल्फिन देखिँदैनन । कोसी, नारायणी र कर्णाली नदीका सीमावर्ती क्षेत्रमा निर्माण गरिएका बाँधले डल्फिन फर्किन नसक्ने वन्यजन्तु विशेषज्ञ डा. शान्तराज ज्ञवालीले बताए ।

'बाँधले डल्फिनलाई समस्यामा पारेको छ,' उनले भने, 'कर्णाली र यसको भंगालोबाट बगेर गएका डल्फिन उच्च जोखिममा छन् ।' निकुञ्जको सीमा हुँदै बग्ने कर्णालीमा सन् १९८० को दशकसम्म सयभन्दा बढी डल्फिन देखिन्थे । अहिले संख्या घटिरहेको छ । केही वर्ष अघिसम्म डल्फिनका लागि पर्याप्त पानी भएको गेरुवामा विचरण गरेको देखिन्थ्यो । ७ वर्ष अघि बर्दिया निकुञ्जले गरेको सर्वेक्षणअनुसार अहिले कर्णालीमा ६ डल्फिन मात्रै छन् । त्यसबेला गेरुवामा जलस्तर बढी थियो । अहिले पश्चिम कर्णालीमा केही डल्फिन रहेको बर्दिया निकुञ्जका सहायक संरक्षण अधिकृत अशोककुमार भण्डारीले बताए । उनका अनुसार ७ वर्ष अघिबाट गेरुवाले धार परिवर्तन गरेपछि पानी कम भएको छ ।

त्यसपछि गेरुवाबाट डल्फिन हराउँदै गएका हुन् । तीन दशक अघिसम्म ठूलो संख्यामा गेरुवामा रहेको डल्फिन अनुगमनको क्रममा गत

नेपालमा नारायणी, कोसीजस्ता ठूला र प्रदूषणले कम छो एका नदीमा डल्फिन पाइए पनि कर्णालीमा लोप हुँदै गएको छ

साउनमा एउटा डल्फिन देखिएको बर्दिया राष्ट्रिय निकुञ्जले जनाएको छ । कर्णालीमा भने ६ वटा फेला परेको छ । लामो अनुसन्धान पछि गेरुवामा हिउँदमा एउटा पनि डल्फिन नभेटिएको निकुञ्जले जनाएको छ । सहायक संरक्षण अधिकृत भण्डारीले गिरीजापुरमा बाँधसँगै गेरुवामा जलस्तर सुक्दै गएपछि डल्फिन देखिन छाडेको हो । जथाभावी माछा मार्ने, गेरुवामा जलस्तर घट्दै गएकाले कर्णालीमा छ वटा डल्फिन रहेको अनुमान स्थानीयको छ ।' निकुञ्ज हुँदै बगेको कर्णाली र यसको भंगालो गेरुवामा चोरी सिकार शुन्य छ । डल्फिनको आहारा प्रजाति घटेको कारणले पनि समस्या भएको वन्यजन्तु विशेषज्ञले दावी गर्छन । विगतमा अवैध रूपमा माछा मार्नु, माछा मार्दा नदीमा विषादी प्रयोग र नेपाल-भारत सीमा बनाइएको गिरीजापुरी बाँध नै डल्फिन लोप हुने प्रमुख कारण भएको स्थानीय संरक्षणकर्मी राम शाहीले बताए । डल्फिनलगायत साना माछामा आश्रित ठुला माछाको प्रजाति पनि लोप हुँदै गएको संरक्षणमा लागेका बताउँछन् ।

स्थानीय भाषामा डल्फिनलाई 'सोस'वा 'ससुवा' भनिने डल्फिन मानिससँग नजिकको मित्रता गाँस्न सक्ने जीवका रूपमा प्रख्यात छ । अत्यन्त बुद्धिमान्, स्तनधारी जीव डल्फिन मानिससँग नजिकको मित्रता गाँस्न सक्ने जीवका रूपमा प्रख्यात छ । अत्यन्त बुद्धिमान्, स्तनधारी जीव डल्फिनको चमत्कारी प्रकृतिमा आधारित भएर धेरै मुलुकमा डल्फिनलाई विभिन्न खेल खेलाइन्छ । नेपालमा नारायणी, कोसीजस्ता ठूला र प्रदूषणले कम छोएका नदीमा डल्फिन पाइए पनि कर्णाली नदीमा डल्फिन प्रायः लोप हुँदै गएको निकुञ्जका कर्मचारीले बताए ।

ठगिएकाहरूले पाएनन् न्याय

■ **विनु तिम्सिना** (विराटनगर)

मोरङको कानेपोखरी-५ का मनीषकुमार राजवंशी क्यानाडा जाने प्रलोभनमा ठगिए । काठमाडौं बसोबास गर्ने असिम गुरुङले क्यानाडा लैजाने भन्दै १३ लाख रुपैयाँ लिएर बेपत्ता भएको उनको भनाइ छ ।

आठ महिनाअघि पैसा लिएर हिँडेका गुरुङ सम्पर्कमा छैनन् । विराटनगरस्थित श्रम कार्यालयमा प्रेम सञ्जेल प्रमुख भएर आएपछि वैदेशिक रोजगारका नाममा ठगिएका आफूजस्ता धेरै पीडितको डुबेको रकम फिर्ता भएको सुनेका राजवंशी श्रम कार्यालय पुगे । भदौ १५ मा श्रम कार्यालयमा उजुरी दिएका उनी कुनै कारबाही नभएपछि निराश छन् । मोरङकै ग्रामथान-५ का हेमनारायण चौधरी पनि मोरिसस पुग्ने प्रलोभनमा ठगीमा परे । सुनसरी इटहरीका विवेक पोखरेलले मोरिसस लगिदिने भन्दै ७ लाख ७० हजार रुपैयाँ लगेको उनले गुनासो गरे ।

चौधरीले भने, 'मोरिसस लाने भन्दै मलाई काठमाडौंमा ३ महिना र दिल्लीमा २ महिना राखियो ।' यसरी महिनौं काठमाडौं र भारतको दिल्लीमा अल्झाएपछि उनले आफू ठगिएको थाहा पाए । दुःख गरेर कमाएको रकम दलालले ठगेपछि उनले पनि श्रम कार्यालयमा उजुरी दिए तर सुनुवाइ भएन । वैदेशिक रोजगारीमा पठाउने भन्दै दलालबाट ठगिएका पीडितहरू दैनिक उजुरी दिन श्रम कार्यालयमा आउँछन् ।

कार्यालयले भने उजुरी नै लिन छाडेको छ । श्रम कार्यालय प्रमुख सञ्जेललाई ठगीका मुद्दा नहेर्न भन्दै श्रम विभागले रोक लगाएपछि पीडितहरू निराश हुँदै फर्कनु परेको हो ।

आफ्नो कार्यकालको छोटो अवधिमै धेरै ठगिएका पीडितको २ करोड १२ लाख बढी ठगी रकम उठाएर प्रशंसा कमाएका सञ्जेललाई श्रम विभागले ठगी मुद्दा नहेर्न भन्दै पत्र पठाएको छ । विभागका निर्देशक राजेश्वर अर्यालले गत वैशाख ३१ मा वैदेशिक रोजगारीको नाममा ठगीएको भन्ने उजुरीमा कुनै कारबाही नगर्न भन्दै चलानी नम्बर २७२२ को पत्रबाट सञ्जेललाई निर्देशन दिएका छन् । त्यसखालका काम जिल्ला प्रशासन कार्यालयबाट हुने पत्रमा उल्लेख छ ।

श्रम तथा रोजगार विभागले पत्र पठाउनुअघि ठगीमा परेको २ करोड १२ लाख रुपैयाँ फिर्ता गराएका छन् भने ५६ लाख रुपैयाँ फर्ता गराउने प्रक्रियामा रहेको सञ्जेलले जनाए । पत्रपछि भने आफूले ठगीका मुद्दा हेर्न नमिल्ने उनले बताए । प्रदेश १ बाहेक अन्य प्रदेशका श्रमले ठगीका मुद्दा नलिएको उनले जनाए ।

शनिबारको

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

ekantipur.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक २३९ बुटवल | २ कात्तिक २०७६ शनिबार कार्तिक कृष्णपक्ष षष्ठी | नेपाल संवत् ११३९ | प्रदेश ५ संस्करण | KANTIPUR, Nepali National Daily, Saturday, October 19, 2019 | पृष्ठ १२+४+८ | १० रुपैयाँ

न्यायको अन्तहीन पर्खाइ



राजनीतिक शक्ति-आडमा दबाइएको बीभत्स हत्याकाण्डको १२ वर्ष

मृतक त्रिलोकका बाबु श्रीनारायण सिंह।
तस्बिर : अंगद ढकाल/कान्तिपुर

■ **जनकराज सापकोटा र शिव पुरी** (रौतहट)

पूर्वपश्चिम राजमार्गको चन्द्रनिगाहपुरबाट ३५ किलोमिटर उत्तर छिरेपछि आउँछ सरुअठा गाउँ। मूलबाटोबाट करिब एक किलोमिटर पूर्व पसेपछि ७९ वर्षीय श्रीनारायण सिंहको घर पुगिन्छ। उमेरको उत्तरार्द्धमा श्रीनारायणसँग सुनाउनुपर्ने विगतका यादभन्दा रातोदिन बल्झिरहने दुःखको घाउ मात्रै छ। उनको दुःखका कथा साविकको राजपुर फरहदवा गाविस-४ हाल राजपुर नगरपालिका-४ मा २०६४ चैत २७ मा घटेको अकल्पनीय घटनाबाट सुरु हुन्छ। फिल्मको झल्को आउने त्यो घटनाको केन्द्रमा जोडिएका नेपाली कांग्रेसका नेता एवं पूर्वमन्त्री मोहम्मद आफताब आलमलाई जिल्ला प्रहरी कार्यालय रौतहटले भर्खरै पक्राउ गरेको छ। आलम पक्राउपछि श्रीनारायणलाई फेरि पुरानो दुःख, छोरा गुमाएपछिका छटपटीका दिन र न्यायका निम्ति १२ वर्ष लामो संघर्षको कथा सुनाउने मेसो मिलेको छ।

पहिलो संविधानसभा निर्वाचनको चहलपहलले देहाती गाउँको चहलपहल हवात्तै बढाइदिएको थियो। रौतहटको निर्वाचन क्षेत्र नम्बर २ मा कांग्रेसका तर्फबाट उम्मेदवार मोहम्मद आफताब आलमको चहलपहल पनि गरमागरम थियो। सीमावर्ती भारतको सीतामढीस्थित राधाकृष्ण गोयन्का कलेजमा बीएस्सी पहिलो वर्षमा पढिरहेका श्रीनारायणका २२ वर्षीय छोरा त्रिलोक बिदामा घर आएका थिए। राम्रो बोल्ने खुबी भएका उनलाई आलमको चुनावी प्रचारमा खटिएकाहरूले घरबाट हिँडाइहाले। त्यो दिनको सम्झना श्रीनारायणलाई झलझली छ। चुनावको २ साताअघि १८ चैतमै आलमका मान्छे आएर छोरालाई घरबाट लगिएको थियो। उनले सुनाए, 'छोरालाई चुनावी प्रचारमा लिएर गएछन् भन्ने थाहा

१२ वर्षपछि आएर पक्राउ गर्न पाइन्छ ?
पृष्ठ २

पाएपछि नै मेरो मन थिरमा थिएन।' श्रीनारायणलाई बम विस्फोटको घटनाभन्दा विस्फोटपछि भएका घटना लुकाउन भएका आततायी गतिविधिले मन भतभती पोलेको छ। उनले घटनाका प्रत्यक्षदर्शी र अन्य गाउँलेबाट थाहा पाए, चुनावको दिन बुथ कब्जा गर्ने उद्देश्यले आलमको सहोदर काका एवं कांग्रेस नेता पूर्वमन्त्री शेख इद्रिसको फरहदवा राजपुरस्थित गोठमा बम बनाउने काम चलिरहेको थियो। प्रहरीका अनुसार आलमका अंगरक्षकको काम गर्ने बलरु भन्ने शेख सराजले सल्काएको चुरोट हातबाट खसेलगत्तै ठूलो आवाजमा धूवाँको मुस्लोसहित बम विस्फोट भएको थियो। प्रहरीका अनुसार घटनापछि सराज सार्वजनिक वृत्तमा देखिएका छैनन्।

कान्तिपुरले घटनाको प्रत्यक्षदर्शी रहेका फरहदवा गाउँका ५ जनासँग गरेको कुराकानीअनुसार विस्फोट लगत्तै रुक्साना खातुनका छोरा ओसी अख्तर र श्रीनारायणका छोरा त्रिलोक सामान्य घाइते भएका थिए। अन्य केही मरणासन्न हुने गरी घाइते भए र केहीको तत्कालै मृत्यु भयो। घटनामा ठ्याक्कै कति जनाको मृत्यु भयो र कति जना घाइतेलाई पोल खुल्ने डरले मारियो भन्ने खुल्दैन। घटनाको अनुसन्धानमा जुटेका जिल्ला प्रहरी कार्यालय रौतहटका एसपी भूपेन्द्र खत्रीले पनि घटनामा ठ्याक्कै कति जना मारिए भन्ने यकिन भइनसकेको बताए। श्रीनारायणले सुनेअनुसार छोरा त्रिलोकलाई खुट्टामा सामान्य चोट मात्रै लागेको थियो। उनले घटनामा २२ जनाजति परेको, बाँचेकाहरूलाई पनि बेहोस हुने इन्जेक्सन दिएर बोरामा हालिएको र राति नै गोठदेखि करिब दुई किलोमिटरको दूरीमा रहेको ईंटाभट्टामा हालेर मारिएको दाबी गरे।

बाँकी पृष्ठ २

संवैधानिक इजलासद्वारा प्रदेश कानुनहरू खारेज

कान्तिपुर संवाददाता (काठमाडौं)

संवैधानिक प्रावधानविपरीत बनाइएको ठहर गर्दै सर्वोच्च अदालतले ६ वटा प्रदेशका कानुन खारेज गरेको छ। मुलुक संघीय संरचनामा गएपछि प्रदेश तहबाट जारी भएका कानुनहरू एकमुष्ट खारेज भएको यो पहिलो घटना हो। स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको मासिक पारिश्रमिक तथा ज्यालासहितको सुविधासम्बन्धी कानुन खारेज गरिएका हुन्।

सर्वोच्च अदालतका अनुसार, सातमध्ये प्रदेश १ ले मात्र स्थानीय तहका पदाधिकारी तथा सदस्यले सुविधा (भत्ता) लिन पाउने कानुन निर्माण गरेको छ। अरूले भने पारिश्रमिक नै लिन पाउने गरी कानुन बनाएका थिए। बैठक चलेका बेला मात्रै भत्ता लिन पाइन्छ भने मासिक पारिश्रमिकले

स्थानीय तहका जनप्रतिनिधिले पारिश्रमिक लिन नपाउने

नियमित सुविधा पाउने बाटो खोल्छ। संविधानमा स्थानीय तहका जनप्रतिनिधिलाई पारिश्रमिकको व्यवस्था छैन। गत साता नै सुनुवाइ सकेको संवैधानिक इजलासले शुक्रबार निर्णय सुनाएको हो। प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरासहित न्यायाधीशहरू दीपककुमार कार्की, केदारप्रसाद चालिसे, मीरा खड्का र हरिकृष्ण कार्कीको इजलासले गरेको फैसलाको प्रति भने तयार भइसकेको छैन।

रिट निवेदकको दाबीअनुसार संविधानको धारा १०८ को व्यवस्थाअनुसार प्रतिनिधिसभाका सभामुख र उपसभामुख, राष्ट्रिय सभाका अध्यक्ष र उपाध्यक्ष, समितिका सभापति तथा संघीय संसद्का सदस्यहरूका लागि पारिश्रमिक र सुविधा संघीय कानुनबमोजिम हुनेछ। संविधानको धारा १९६ मा प्रदेशसभाको सभामुख, उपसभामुख तथा सदस्यको पारिश्रमिक र सुविधाको व्यवस्था छ। तर त्यस्तो व्यवस्था प्रादेशिक कानुनबमोजिम हुने संविधानमा उल्लेख छ, स्थानीय तहका जनप्रतिनिधिहरूले तलब पाउने व्यवस्था छैन। 'संविधानको यस व्यवस्थाबमोजिम संघीय संसद्का सदस्यहरू र प्रदेशसभा सदस्यहरूले पारिश्रमिक तथा सुविधासम्बन्धी ऐनहरू जारी गरी लिइरहेका छन्,' निवेदनमा भनिएको थियो।

बाँकी पृष्ठ १४

'मलाई लखेटेर हटाउन सम्भव छैन'

प्रधानमन्त्री केपी शर्मा ओली

विस्तृत अन्तर्वार्ता पृष्ठ ७

दुई अध्यक्ष भने पनि एउटा 'सिनियर' हुन्छ, अर्को 'जुनियर'। तर हामीले एकदम बराबरीको हैसियतमा जस्तो व्यवहार गरेका छौं। संयुक्त अध्यक्षतामा बैठक हुने गरेको छ। प्रचण्डजी नहुँदा मैले कहिल्यै बैठक राखेको छैन। म नहुँदा 'बस्नुपरे बस्नुहोस्, तपाईं नै बैठक राख्नुहोस्' भनेर मैले सिंगापुर जाँदा भनेको हुँ। उहाँलाई उपाध्यक्ष त कसैले भनेन। तर पार्टी चलाउने भनेको एकल रूपमा चलाउने त होइन। दुइटा अध्यक्ष छौं नि!

(सरकारको नेतृत्व आधा-आधा गर्ने) यदि कुनै समझदारी छ भने त्यो समझदारी आएका बेला (कार्यान्वयन) हुने होला नि? यो सरकार अरू कसैलाई हेरेर, अरू कसैको 'लिडरसिप'मा विश्वास गरेर बनेको हो र? यो परिस्थिति मेरो लिडरसिपमा बनेको हो, जसले जे भने पनि। अब मैले छोड्नलाई पनि समझदारी हुनुपर्छ होला। अहिल्यै छोड्ने, भरे नै छोड्नेजस्तो, लखेटेर हटाएजस्तो त होइन होला। मलाई लखेटेर हटाउन सायद सम्भव पनि छैन होला।

अस्थिरता देखिने गरी 'छोडिदिनुपऱ्यो, ल..ल..अब छोडिदिई हाल्नुपऱ्यो!' जतिबेर पनि, जोसँग भेट भए पनि, जहाँ पनि, जसले पनि यो कुरा गर्नुको अर्थ समझदारी खल्बल्याउने प्रयास हो। अमेरिकामा चार वर्षमा चुनाव हुन्छ। 'यो राष्ट्रपति अब एक वर्ष त हो नि' भन्दै कोही हिंड्छ? 'अब समय सिद्धियो' भनेर त हिँड्दैनन् नि! त्यसैले यो अस्थिरता जनाउने खालको कुरा हो। संवैधानिक, कानुनी हिसाबले जे व्यवस्था छ, त्यसलाई अपमान गर्ने, उल्लंघन गर्ने, जनताको अभिमतलाई अवमूल्यन गर्ने कुरा राजनीतिक 'लिडर'हरूले बोलेर हिंड्दैनन्।

उहाँहरूको माओवादीभित्र के-के समस्या परे होलान्। पटक-पटक नयाँ-नयाँ कुरा खोज्ने स्वभाव उहाँहरूको देखियो। सम्झौता, सहमति पनि थपिँदै गए। मलाई त एकता चाहिएको हो। त्यसैले मसँग लचकता हुनु धेरै स्वाभाविक हो। न्यायपूर्ण समाजको निर्माण, सामाजिक न्यायसहितको समृद्धि हासिल गर्ने कुरामा हाम्रो मतभेद छैन। यसो भएपछि अब वैचारिक मतभेद छ भन्ने रहेन। अलिकति दबाब हुन सक्छ। मानिस हो, अलिअलि 'इगो'का प्रश्न हुन सक्छन्।

बाग्दुला-भीमगिठे सडक

निर्माणमा अन्योल

■ गिरुप्रसाद भण्डारी (प्यूठान)

बाग्दुला-भीमगिठे सडक निर्माणमा अन्योल बढेको छ। सडक सुधार तथा विकास आयोजनामार्फत निर्माण थालिएको सडक केएमसी/टुन्डी जेभि निर्माण कम्पनीले ठेक्का सम्झौता गरेको थियो। केएमसी इन्डियन निर्माण कम्पनी हो भने, टुन्डी नेपाली कम्पनी हो। केएमसी निर्माण कम्पनी भारतीय बैंकको कालोसूचीमा परेकाले एक्जिम बैंकले केएमसीसँग भएको ठेक्का तोड्न भनेपछि सडक निर्माणको काम अन्योलमा परेको हो।

एक्जिम बैंकमार्फत भारत सरकारको ऋण सहयोगमा प्यूठानको बाग्दुलादेखि बागलुङको भीमगिठेसम्म ७३ दशमलव ६ किमि दूरी कालोपत्रे गर्न लागिएको थियो। एक्जिम बैंकको ठेक्का रद्ध गर्ने पत्र पछि अन्योलमा परेको आयोजना प्रमुख सुबोध देवकोटाले बताए। २ अर्ब ३५ करोड रुपैयाँको लागतमा योजना निर्माणको लागि ठेक्का भएको थियो। निर्माण कम्पनीलाई साइडसमेत दिएको अवस्थामा ठेक्का तोड्ने पत्र आएको देवकोटाले बताए। 'निर्माण कम्पनीसँग सम्झौता भएर काम अगाडी बढाएका थियौं,' उनले भने, 'फिल्डमा नाप नक्साको काम भइरहेकै अवस्थामा रोक्न परेको छ।' ठेक्का भएको आयोजना तोड्ने सजिलो नभएकाले एक्जिम बैंकलाई पुर्नबिचार गर्न पत्र पठाएपनि हालसम्म कुनै जवाफ नआएको देवकोटाले बताए।

हाल ट्रयाक खोलिएको सडकलाई ९ मिटर चौडा बनाएर ७ मिटर कालोपत्रे गर्न लागिएको थियो। यो सडकसँगै ठेक्का भएको लमही-घोराही-तुल्सीपुर र चन्दौटा-कृष्णनगर सडकमा काम अगाडी बढिसक्दा प्यूठानको सडक अन्योलमा छ। दलका नेताले काम सुरु हुने भयो भनेर प्रचार गर्न थालेको ३ वर्ष बढी भए पनि काम अझै सुरु नभएको गौमुखी गाउँपालिका २ अर्खाका मित्र थापाले बताए। 'सडकले उत्तरी प्यूठानको मुहार नै फेर्ने हामीले अपेक्षा गरेका थियौं,' उनले भने, 'वर्षौं सडक पूर्वाधारमा पछाडि परेको बाग्दुला-मच्छी-ठूलाबेंसी क्षेत्रका स्थानीयको राम्रो चौडा सडक निर्माण हुने आशा निराशामा बदलिएको छ।' सडक 'हात्ती आयो हात्ती आयो फुस्सा' भएको उनले बताए।

सडक सुधार विकास आयोजनामार्फत बजेट परेपछि स्थानीय तह र प्रदेश सरकारलेसमेत यो सडकमा बजेट विनियोजन नगर्दा सडक जीर्ण हुँदै गएको छ। यो सडक निर्माण पूरा भएपछि बागलुङको बडीघाट गाउँपालिकास्थित भीमगिठे क्षेत्रमा मध्यपहाडी राजमार्गसँग जोडिनेछ। बाग्दुलादेखि अर्खासम्म ४४ किमि कच्ची सडक निर्माण भइसकेको छ। सडकले प्यूठानतर्फ प्यूठान नगरपालिका, झिमरुक र गौमुखी गाउँपालिका क्षेत्रलाई समेटेको छ भने, गुल्मीको मदाने गाउँपालिकाको अग्लुङ र बागलुङको बडीगाड गाउँपालिका समेटेको छ। सडकको सन् २०१६ मा डिटेल सर्भे गरिएको थियो। निर्माणपछि सडक क्षेत्रका १० हजार ९ सय १० घरधुरीका ५१ हजार ९ सय जनाले प्रत्यक्ष फाइदा पाउने भनिएको थियो। सडक निर्माण पूरा भएर कालोपत्रे भए प्यूठान, दाङ, रोल्पा, गुल्मी, अर्घाखाँचीका स्थानीयलाई केन्द्रीय राजधानी काठमाडौं जाने वैकल्पिक मार्गसमेत हुनेछ। भारतको कोइलावास, दाङको भालुवाङ, प्यूठानको बाग्दुला, बागलुङको भीमगिठे भएर म्याग्दीको बेनी र मुस्ताङ हुँदै चीन जोड्ने सडकको लक्ष्य छ। पूर्व-पश्चिम रागमार्गअन्तर्गत दाङको भालुवाङदेखि भीमगिठेसम्म १ सय ३२ किमि दूरीमा मध्यपहाडी राजमार्ग जोडिन्थ्यो। 'सडक निर्माणले यस क्षेत्रको समग्र आर्थिक विकासमा फड्को मार्ने आशा गरेका थियौ,' गौमुखी गाउँपालिका अध्यक्ष विष्णुकुमार गिरीले भने, 'काम रोकीएको कुराले हामी धेरै चिन्तित छौं।'

हत्यामा संलग्न पक्राउ

परासी (कास)- पश्चिम नवलपरासीको सुस्ता गाउँपालिका ५, बेलवानी बस्ने राजकुमार डोमको हत्यामा संलग्नलाई प्रहरीले पक्राउ गरेको छ।

प्रतापपुर ६ का २१ वर्षीय सञ्जय डोमले धारिलो हतियार प्रहार गरी उनको हत्या गरेको खुल्न आएको प्रहरी नायव उपरिक्षक विरेन्द्र थापाले बताए। गत वर्ष कार्तिक २७ गते राति घर फर्किने क्रममा बाटोमा समान्य विवाद हुँदा धारिलो हतियार प्रहार गरी हत्या गरेर पानीमा फालेको अवस्थामा शव फेला परेको थियो। डोमले हत्या स्वीकार गरेको प्रहरीले जनाएको छ।

डेंगु परीक्षण किट अभाव

स्वास्थ्य कार्यालयले उपलब्ध गराएका १५० किट गत भदौ १५ मै सकियो, त्यसयता बिरामीलाई परीक्षणका लागि निजी ल्याबमा पठाइने गरेको छ

बुटवलको लुम्बिनी प्रादेशिक अस्पतालमा स्वास्थ्य परीक्षणका लागि आएका बिरामी। तस्बिर : अमृता/कान्तिपुर

■ अमृता अनमोल (बुटवल)

पाँच दिनसम्म ज्वरो निको नभएपछि बुटवल ९, इँटाभट्टीकी सुनिता शर्मा मंगलबार यहाँस्थित प्रादेशिक अस्पतालको आकस्मिक कक्षमा भर्ना भइन्। चिकित्सकले डेंगु संक्रमणको आशंका गरे। त्यहाँ परीक्षण सम्भव भएन। किट अभाव जनाउँदै चिकित्सकले नीति जिनोमिक डायग्नाष्टिक त्याबोरेटोरीमा पठाए। अस्पतालमा निःशुल्क हुने परीक्षणका लागि उनले १ हजार २ सय रुपैयाँ तिर्नुपऱ्यो। परीक्षणबाट डेंगु पुष्टि भयो। त्यसपछिको उपचार अस्पतालमै गरिन्। उक्त अस्पतालको आकस्मिक कक्षमा आएका अधिकांशले उक्त निजी प्रयोगशालामा परीक्षण गराएका छन्।

रूपन्देहीमा साउन ३१ देखि सुरु भएको डेंगुको संक्रमण बढेको बढ्दै छ। स्वास्थ्य कार्यालयका अनुसार अहिलेसम्म २ हजार ९२ जनामा संक्रमण भेटिएको छ। अहिलेसम्म संक्रमणबाट २ जनाको मृत्यु भएको छ। प्रादेशिक अस्पतालमा मात्रै दैनिक २० भन्दा बढी बिरामी आउँछन्। अस्पतालमा डेंगु परीक्षण गर्न किट अभाव छ। स्वास्थ्य कार्यालयले उपलब्ध गराएका १ सय ५० किट गत भदौ १५ मा सकिएको थियो। त्यसयता अस्पताल आउने बिरामीलाई निजी ल्यावमा परीक्षणका लागि पठाउने गरेको छ। आर्थिक रुपले सम्पन्न भएपनि प्रादेशिक अस्पतालले किट खरिदका लागि कुनै प्रयास गरेको छैन्। सटर भाडा मार्फत मात्रै वार्षिक करिब साढे ८ करोड रुपैयाँ आम्दानी गर्छ। तर, धेरै बिरामीको माग र आवश्यकता रहेको डेंगु परिक्षणको किटबारे अहिलेसम्म छलफलसमेत नभएको अस्पतालका मेडिकल रेकडर चन्द्रकान्त महतोले बताए।

सुरुमा लुम्बिनी प्रादेशिक अस्पतालसहित रूपन्देहीका ७ वटा अस्पतालले डेंगु परीक्षण गर्थे। अहिले मेडिकलपिच्छे परीक्षण हुन्छ। ज्वरो आएर बिरामी गयो कि स्वास्थ्यकर्मीले डेंगु परीक्षण गर्न पठाउँछन्। डेंगुको किट होलसेलमा ३ सय रुपैयाँमा पाइन्छ। त्यही किट चेकजाँचको एक हजार २ सय रुपैयाँ तोकिएको छ। गौतम बुद्ध सामुदायिक मृटु अस्पतालले ६ सय रुपैयाँमा चेकजाँच गर्छ। जिल्लामा भदौ यता दैनिक ३ सय बढी डेंगु परीक्षण भएको जनस्वास्थ्य कार्यालयको दावी छ। कार्यालयका भेक्टर कन्ट्रोलर केदार शाहले ३ तहका सरकारले परीक्षणमा तदारुकता नदेखाउँदा बिरामी ठगिएको बताए। 'डेंगुको उपचार र नियन्त्रणमा संघले प्रदेश र प्रदेशले स्थानीय तहको जिम्मामा छोडेका छन्,' उनले भने।

प्रदेशका सामाजिक विकास मन्त्री सुदर्शन बरालले भने डेंगुको किटको प्रभावकारिता नभएकाले किन्नेबारे चासो नदिएको बताए। 'डेंगुको किटको प्रभावकारीता नरहेको डब्लुएचओले बताइसकेको छ। त्यसअनुसार संघीय स्वास्थय मन्त्रालयले पनि सुचना निकालेको थियो,' उनले भने, 'त्यसैले किट किन्ने कुरालाई प्राथमिकता नदिएका हौं।' लुम्बिनी प्रादेशिक अस्पतालका वरिष्ठ फिजिसियन डाक्टर नन्दु पाठकले अस्पतालमा किट अभावले डेंगु रोग पहिचानका लागि अस्पतालमा भर्ना भएका बिरामीलाई बाहिर परीक्षण गराउनु परेको बताए।

जिल्लाको सबैभन्दा धेरै संक्रमण बुटवलमा छ। अहिलेसम्म उपमहानगरका एक हजार ३ सय ९० जनामा डेंगु संक्रमण भएको छ। बुटवल उपमहानगरका प्रमुख शिवराज सुवेदीले आफ्नो क्षेत्रमा डेंगु रोक्न चेतनामूलक र रोकथामका कार्यक्रम चलाएको बताए। उनका अनुसार उपमहानगरका ७, ११, १२, १७ र १८ लाई संकटग्रस्त घोषणा गरिएको छ। असोज पहिलो सातादेखि त्यस क्षेत्रका सहरी स्वास्थय केन्द्रमासमेत डेंगु परीक्षण थालिएको छ। त्यसका लागि उपमहानगरले प्रति केन्द्र ७५ किट उपलब्ध गराएको छ। सहरी क्षेत्रमा खाली तथा थोत्रा टायर र पानी जम्ने ठाउँ बढी भएका स्थानमा लामखुट्टे धेरै हुने भएकाले डेंगुको संक्रमण बढी भेटिएको छ।

मेलामा जातीय सद्भाव

पाल्पा (कास)- जातीय एकता र सद्भावको नमुनाका रुपमा परिचित 'लमिनी/दमिनी' मेला शुक्रबार रैनादेवी छहराको छहराको बोखरडाँडामा लागेको छ। कोजाग्रत पूर्णिमाको पाँच दिनपछि पञ्चमीमा हरेक वर्ष यो मेला लाग्छ। रैनादेवी छहरा ४, रायमाझी डाँडा नजिकमा लाग्ने यो मेला अन्यत्रको भन्दा फरम हुन्छ।

मेलालाई स्थानीयले 'दमिनी सराय' भन्ने पनि भन्ने गर्छन्। दमाई जातीकी महिला लामा हल्लिएजस्तै हल्लिने भएकाले पनि लमिनी सराय पनि भन्ने गरेको स्थानीय टिकाराम पोखरेलले बताए। मेलामा यस भेगका हजारौंको सहभागिता थियो। यहाँ दमाई जाति नै पुजारी हुन्छन्। दमिनीको घरबाटै सरायँ निकाल्ने चलन छ। यसको पुजारी पनि दमिनी नै हुन्छन्। दमाई जातिले सबै अन्य ब्राहमण, क्षेत्री, नेवार, दलित सबै मेला भर्न आउनेलाई टिका, जमरा र प्रसाद दिन्छन्। मेला व्यवस्थापन पनि दमाई परिवारबाटै हुन्छ। दलित घरपरिवारमा घरमा जमरा राखिएको हुन्छ। दलित जातिले व्यवस्थापन गरेपनि सबै जातिका मानिसहरू मेलामा सहभागी हुन आउँछन्। 'छहराको यो मेला अन्यत्रको भन्दा फरक छ,' स्थानीय फर्सबहादुर कुँवरले भने, 'यस्तै गरी जतासुकै हुने हो भने जातीय भेदभाव रहने थिएन।' जातीयताका नाममा घटना हुने गरेपनि यसको आफ्नै मौलिकपन रहेको उनले बताए।

वडाध्यक्ष विष्णुप्रसाद पोखरेलका अनुसार गाउँमा एक जना 'लमिनी' बस्थिन्। बल्ढेङ्गढी (रैनादेवी छहरा-७) मा छाडिएको पाडो भागेर यही आएको थियो। बोखरडाँडामा रहेकी फुन्नी दमिनी (दमाई जाति) को घरमा आएर उसले उपद्रो गर्न थाल्यो। एक्कासी दमै जातिकी लमिनी हल्लिएपछि पूजाआजा गर्दा पाडो र लमिनि शान्त भए। त्यसपछि हरेक वर्ष दसैं पछिको पञ्चमी तिथिमा मेला लाग्ने, दसैंको फुलपाती सेलाउने, जमरा सेलाउने चलन सुरु भएको हो। स्थानीय विनबहादुर नेपालीका अनुसार त्यसपछि यसलाई लमिनि भन्दै दमिनी सराय भन्न थालियो। 'मेला सुरु भएको धेरै भएको छैन,' उनले भने, 'दमाई जातिले निकाल्ने भएकाले 'दमिनी' भएको हो।' बली दिने पाडो, कुखुरा लगायत पूजाका लागि रकम अभाव भएको परिवारले स्थानीय तहमा जानकारी गराएका थिए। त्यसपछि मेला लगाउन, सराय निकाल्न, बली दिन र पूजाखर्च दिएको वडाध्यक्ष पोखरेलले बताए। सबैतिर मेला सकिएपछि निकालिने भएकाले यसको महत्व अझ बढी रहेको गाउँपालिका अध्यक्ष रामबहादुर कार्कीले बताए।

भर्ना सम्बन्धी सूचना

शैक्षिक सत्र २०७६/०७७ को लागी निम्न नेपालगञ्जका कलेजहरुमा तल उल्लेखित कार्यक्रमहरुमा भर्ना खुल्यो।

सि.नं.	संस्थाको नाम र ठेगाना	कार्यक्रम	वर्ष	सम्पर्क फोन नं.
१.	कैलपाल हस्पिटल एण्ड कलेज, नेपालगञ्ज–१०, बाँके	PCL in Radiography	३ वर्षे	०८१-५२१०१७ ०८१-५२६२७५ ९८५८०२४६४८
		PLC in Lab Technician	३ वर्षे	
		TSLC Computer Engineers	१८ महिने	
२.	कलेज अफ अलाईड टेक्निकल साईन्स, नेपालगन्ज बाँके	Civil Engineers	३ वर्षे	०८१-५२७५४६ ०८१-५२८२६० ९८४८०३३०६६ ९८४८०९१०३७
		PCL in lab Technician	३ वर्षे	
		Amin	१८ महिने	
		Civil-Sub Oversees	१८ महिने	
		Lab Assistant	१८ महिने	

फारम बुझाउने अन्तिम मिति (प्रमाणपत्र तह): २०७६ कार्त्तिक १ गते सम्म।
TSLC तह : २०७६ कार्त्तिक ३ गते सम्म।
प्रवेश परीक्षा मिति (प्रमाणपत्र तह): २०७६ कार्त्तिक १४ गते बिहन ८:०० बजे
TSLC तह : २०७६ कार्त्तिक १४ गते दिउँसो २:०० बजे

शैक्षिक योग्यता:

प्रमाणपत्र तह : SEE परिक्षामा अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषयमा C ग्रेड प्राप्त गरी GPA न्यूनतम २ प्राप्त गरेको।
TSLC तह : SEE परीक्षामा न्यूनतम E ग्रेड प्राप्त गरेको।

नोट : शनिवार पनि कार्यालय खुला रहने छ।

सम्पर्क:

निरञ्जन रेग्मी
९८०१९२२८४७६
पाल्पा, बुटवल, तैरहवा, नवलपरासी
चितवन, हेटौंडा
niranjan.regmi@kmg.com.np

महेन्द्र ढुङ्गाना
९८०१९२२८४७७
पोखरा, स्याङ्जा, दमौली, बाग्लुङ
म्याग्दी, गोरखा, लमजुङ, मनाङ, मुस्ताङ
mahendra.dhungana@kmg.com.np

विजय कार्की
९८१५५४८२७८
नेपालगञ्ज, घनगढी, सुर्खेत, दाङ
bijay.karki@kmg.com.np

दिपक ठाकुर-प्रदेश २
९८०१९००८८०९
जनकपुर, बीरगञ्ज, लाहान, राजविराज, सलाही,
deepak.thakur@kmg.com.np

विपिन निरौला
९८०१९२२८४४९
विराटनगर, इटहरी, दमक
बिर्तामोड, इनरुवा, इलाम, पाँचथर,
सङ्खुवासभा, ताप्लेजुङ, धरान,
धनकुटा, भोजपुर, सोलुखुम्बु,
ओखलढुङ्गा, गाईघाट,
सोठाङ
bipin.niraula@kmg.com.np

KANTIPUR PUBLICATIONS PVT. LTD.

कान्तिपुरमा विज्ञापन
तपाईंको प्रदेशमा
सजिलै, सुलभ दरमा

कान्तिपुर राष्ट्रिय दैनिकमा विज्ञापन
गर्नुहोस् तपाईंकै प्रदेशबाट सुलभ दरमा

TODAY'S NEWS

छोटकरी

मूल खोजिँदै

प्यूठान (कास)- खानेपानीका मुहान सुक्न थालेपछि बृहत बिजुवार साना सहरी खानेपानी उपभोक्ता समिति मुलको खोजीमा भौतारिएको छ। शुक्रबार विहानदेखि पानीको स्रोतको खोजीमा लागेको उपभोक्ता समिति अध्यक्ष जानुका केसीले बताइन्। 'खानेपानी समस्या समाधान भएन भनेर बिजुवार बजार क्षेत्रका स्थानीयले सधैं गुनासो गर्छन्,' उनले भनिन्। वडा ४ का अध्यक्ष लक्ष्मीप्रसाद राजभण्डारीसहितको टोली मुलको खोजीमा लागेको केसीले बताइन्।

मंसिरमा प्रादेशिक मेला

परासी (कास)- प्रदेश ५ मा उत्पादन हुने कृषि र औद्योगिक उत्पादनको प्रवर्द्धनका लागि पश्चिम नवलरासीको सुनवलमा प्रादेशिक औद्योगिक मेला तथा प्रदर्शनी हुने भएको छ। उद्योग वाणिज्य संघ सुनवलले शुक्रबार पत्रकार सम्मेलन गर्दै मंसिर ५ देखि १५ गतेसम्म मेला संचालन गर्ने जनाएको हो। सोमनाथ बजार परिसरमा हुने व्यापार मेलामा पहाडी जिल्लाको खनिज र कृषिजन्य उत्पादनका साथै स्वदेशी तथा विदेशी कम्पनीले सहभागिता जनाउने संघ सुनवलका अध्यक्ष रमेश कर्माचार्यले बताए।

उद्योग संघमा बोहोरा

बुटवल (कास)- रूपन्देही उद्योग संघको अध्यक्षमा बाबुराम बोहोरा निर्विरोध भएका छन्। बिहीबार सम्पन्न संघको २१ औं अधिवेशनले वरिष्ठ उपाध्यक्षमा माधवप्रसाद पौडेल, प्रथम उपाध्यक्षमा दिलिप सापकोटा र द्वितीय उपाध्यक्षमा कृष्णप्रसाद पराजुली पनि निर्विरोध निर्वाचित गरेको छ। यसबाहेकका पदमा भने निर्वाचन भएको छ। महासचिवमा जिवकान्त काफ्ले विजयी भए।

ENJOY DOLBY ATMOS SOUND
BIG Movies
NOW SHOWING
JOKER : 9:00 AM, 10:45 AM, 3:45 PM, 5:15 PM
KABADDI KABADDI KABADDI : 2:00 PM
ZOMBIELAND : DOUBLE TAP : 11:45 AM
CHA MAYA CHAPAKKAI : 11:15 AM, 2:15 PM, 6:15 PM, 7:45 PM, 9:15 PM,
WAR : 8:00 AM, 5:00 PM, 8:30 PM
3D MALEFICENT : MISTRESS OF EVIL: 8:15 AM, 1:15 PM
NLIC City Centre Kamalpokhari, Kathmandu
4011643/45, 01-2112233
www.bigmovies.com.np
facebook/bigmoviesnepal
Wednesday & Thursdays At Rs. 185 * Conditions apply

QFX cinemas NEXT CHANGE
For booking and updated info:
Kathmandu: 01-4442220
Narayanghat: 056-522079
Nepalgunj: 081-411330
Pokhara: 061-522630/47
Birtamode: 023-543083
qfxcinemas.com
ZOMBIELAND DOUBLE TAP
Disney MALEFICENT MISTRESS OF EVIL IN CINEMAS SOON

BG Mall
BSR MOVIES
FIRST TIME IN NEPAL
DOLBY ATMOS SOUND
For booking: 01-4362712
Gongabu, Kathmandu
www.facebook.com/bsmoviesnepal
www.bsrmovies.com
NOW SHOWING
CURRENT SHOWTIME

MOVIES	ATMOS 1	ATMOS 2
CHA MAYA CHHAPAKKI	8:00 am | 1:45 pm | 5:00 pm	2:30 pm | 8:30 pm
3D: MALEFICENT	11:00 am	
ZOMBIELAND: DOUBLE TAP		11:30 am
JOKER	8:00 pm	8:30 am
WAR		5:30 pm

XTENDED SUPER 2 DAYS TUESDAY Et WEDNESDAY -190 ALL DAY LONG
BSR owns the rights to change the show time

Showing Time 8:20, 11:20, 2:20, 5:20
GUNA GROUP गुण सिनेमा हल प्रा. लि.
Guna Cinema P. Ltd.
Lyrics जुनेली MOVIE SONG
दीपक-दीपाको
• War • छ माया छ पक्कै • काले दाई • रातो टिका • कबड्डि कबड्डि • हिरो नम्बर १ • लक्ष्मी रानी
• छ माया छ पक्कै • लक्ष्मी रानी • रातो टिका निदारमा • साहो • War • कबड्डी कबड्डी ३ • मारुनी

तपाईको आज

मेष	पुण्य आर्जन	तुला	पूण्य आर्जन
वृष	धन आर्जन	वृश्चिक	आलस्यता
मिथुन	प्रशन्नता	धनु	मित्र भेट
ककंट	केही लाभ	मकर	अस्वस्थता
सिंह	कार्य सफल	कुम्भ	अभिलाषा पूर्ण
कन्या	मिष्ठान्न भोजन	मीन	द्विविधा बढ्ने

भोलिको पात्रो

विक्रम संवत् २०७६ साल कार्तिक ३ गते आइतबार तदनुरुप २० अक्टोबर २०१९ कार्तिक कृष्णपक्ष सप्तमी तिथि रात्रिको २:५८ बजेसम्म उप्रान्त अष्टमी तिथि, आद्रा नक्षत्र दिनको ३:३८ बजेसम्म उप्रान्त पुनर्वसु नक्षत्र, शिव योग रात्रिको ११:१४ बजेसम्म उप्रान्त सिद्ध योग, भद्रा करण दिनको ३:४० बजेसम्म उप्रान्त बब करण, मिथुन राशिमा चन्द्रमा।

ज्यो. रामप्रसाद सिटौला

कान्तिपुर टेलिभिजन

५:००	भक्तिसुर
५:३०	आध्यात्मिक सन्देश
६:००	जीवन विज्ञान
६:३०	मार्गदर्शन (लाइभ)
७:००	कान्तिपुर समाचार
७:३०	आउन मस□ग खाउन
८:००	गुडमर्निङ नेपाल
८:३०	कान्तिपुर न्युज
९:००	हर्के हल्दार (रिपिट)
१०:००	कान्तिपुर समाचार
१०:३०	कान्तिपुर न्युज
११:००	प्रदेश विशेष (रिपिट)
११:३०	कान्तिपुर समाचार
१२:००	कल कान्तिपुर रिपोर्टेड
१:००	कान्तिपुर न्युज रिपोर्टेड
१:३०	हियर्ज दु लाइफ (रिपिट)
२:००	कान्तिपुर समाचार (रिपीट ५)
२:३०	मार्गदर्शन (रिपिट)
३:००	कल कान्तिपुर रिपोर्टेड
४:००	आउन मस□ग खाउन (रिपिट)
५:००	कल कान्तिपुर
६:००	कान्तिपुर न्युज
६:३०	हियर्ज दु लाइफ
७:००	कान्तिपुर समाचार
७:३०	प्रदेश विशेष (लाइभ)
८:००	कान्तिपुर समाचार
८:३०	आउन मस□ग खाउन
९:००	भक्ति अनुष्ठान (बालचन्द्र)
०६:३०	कान्तिपुर डायरी
०७:००	द हेडलाइनर्स
०७:३०	विज्ञान प्रविधि (नाष्ट)
०८:००	डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी
०८:०५	द गुडमर्निङ शो (मृपेन्द्र)
०८:३०	ओल्ड इज गोल्ड
०९:००	कान्तिपुर डायरी
०९:१०	ट्राफिक अपडेट
०९:१५	राष्ट्रिय गीत
०९:२०	घुम्ने मेच (डिनेश डिसी)
१०:००	स्पोर्टस् डायरी
१०:०५	गजब ख बा (दुर्गाराज)
११:००	आर्ट एन्ड इन्टरटेनमेन्ट डायरी
११:०५	गेम्स् पिपुल प्ले (प्रियंका)
१२:००	कान्तिपुर डायरी
१२:१०	टप टेन (थ्रलिसा)
१३:००	डिस्ट्रिक्ट डायरी
१३:०५	सेलिब्रेटी आवर (रस्मिला)
१४:००	इन्टरनेसनल डायरी
१४:०५	किक स्टार्ट (सञ्जय गुप्ता)
१५:००	कान्तिपुर डायरी
१५:१५	राइवार (नन्दकुमार)
१६:००	हेल्थ एन्ड इन्जुकेसन डायरी
१६:०५	विचक फिक्स (स्निता/थ्रलिसा)
१७:००	डिष्ट्रिक्ट डायरी
१७:०५	म्यूजिक लाउन्ज (राजेश पाण्डे)
१८:००	ज्योतिश दर्शन (शिवराज)
१८:३०	कान्तिपुर डायरी
१९:००	काठमान्डु बीट (साजारिका)
२०:००	सेक्चुरिटी एन्ड क्राइम डायरी
२०:०५	रक मेसिन (मानस्वी वान्तवा)
२१:००	कान्तिपुर डायरी
२१:१५	न्युज मेकर अफ द डे
२१:३०	हेलो मिथिला (धिरेन्द्र/रुपा)
२३:००	सो टाइम (स्वर्ण)
२४:००	टप टेन (थ्रलिसा)
२४:१०	म अनि मेरो कथा (शुभ)
०२:००	नेपाली गीतहरु लगातार
०३:००	हिन्दी गीतहरु लगातार
०४:००	भजनहरु लगातार

रेडियो कान्तिपुर रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

00:०५ भक्ति अनुष्ठान (बालचन्द्र)
०६:३० कान्तिपुर डायरी
०७:०० द हेडलाइनर्स
०७:३० विज्ञान प्रविधि (नाष्ट)
०८:०० डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी
०८:०५ द गुडमर्निङ शो (मृपेन्द्र)
०८:३० ओल्ड इज गोल्ड
०९:०० कान्तिपुर डायरी
०९:१० ट्राफिक अपडेट
०९:१५ राष्ट्रिय गीत
०९:२० घुम्ने मेच (डिनेश डिसी)
१०:०० स्पोर्टस् डायरी
१०:०५ गजब ख बा (दुर्गाराज)
११:०० आर्ट एन्ड इन्टरटेनमेन्ट डायरी
११:०५ गेम्स् पिपुल प्ले (प्रियंका)
१२:०० कान्तिपुर डायरी
१२:१० टप टेन (थ्रलिसा)
१३:०० डिस्ट्रिक्ट डायरी
१३:०५ सेलिब्रेटी आवर (रस्मिला)
१४:०० इन्टरनेसनल डायरी
१४:०५ किक स्टार्ट (सञ्जय गुप्ता)
१५:०० कान्तिपुर डायरी
१५:१५ राइवार (नन्दकुमार)
१६:०० हेल्थ एन्ड इन्जुकेसन डायरी
१६:०५ विचक फिक्स (स्निता/थ्रलिसा)
१७:०० डिष्ट्रिक्ट डायरी
१७:०५ म्यूजिक लाउन्ज (राजेश पाण्डे)
१८:०० ज्योतिश दर्शन (शिवराज)
१८:३० कान्तिपुर डायरी
१९:०० काठमान्डु बीट (साजारिका)
२०:०० सेक्चुरिटी एन्ड क्राइम डायरी
२०:०५ रक मेसिन (मानस्वी वान्तवा)
२१:०० कान्तिपुर डायरी
२१:१५ न्युज मेकर अफ द डे
२१:३० हेलो मिथिला (धिरेन्द्र/रुपा)
२३:०० सो टाइम (स्वर्ण)
२४:०० टप टेन (थ्रलिसा)
२४:१० म अनि मेरो कथा (शुभ)
०२:०० नेपाली गीतहरु लगातार
०३:०० हिन्दी गीतहरु लगातार
०४:०० भजनहरु लगातार

अस्पताल र विविध

लुम्बिनी अञ्चल अस्पताल बुटवल	०७१५१०२००
बुद्ध सामुदायिक मृटु अस्पताल	०७१५१६९९७
महिला तथा बाल अस्पताल-आनन्दा	०७१५१४४४०
चुनिमर्सल कलेज अफ मेडिकल साचन्सेस भैरहवा	०७१५०६८३०
मीम अस्पताल भैरहवा	०७१५२०५९३
पृथ्वी चन्द्र अस्पताल पराशी	०७८५२०१८८
अर्याखाची जिल्ला अस्पताल	०७७४२०३५७
गुल्मी जिल्ला अस्पताल	०७८५२०१८८
कपिलवस्तु जिल्ला अस्पताल	०७५५६८०२०
रेडक्रस धनबुलेन्स भैरहवा	०७१-५२०२६३, ९७४७०२१०८
रेडक्रस, रक्त संचार भैरहवा	०७१-५२०२६३, ९८६७३२६४५७
रेडक्रस, रक्त संचार, बुटवल	०७१-५४१०८
संयुक्त धनबुलेन्स चालक संघ बुटवल	९८५४०२३०९९
मीम अस्पताल भैरहवा	०७१-५२०१९३
चुनिमर्सल शिक्षण अस्पताल भैरहवा	०७१-५०६०२२, ५०६०५२
जिल्ला ट्राफिक प्रहरी कार्यालय	०७१-५२२८७५, ९८५७०२७३९०
इलाका प्रहरी कार्यालय बेलहिया	०७१-४९८०८
अध्यागमन कार्यालय बेलहिया	०७१-४९८०२०
गौतम बुद्ध विमानस्थल कार्यालय	०७१-५०७०८६
दमकल सिद्धार्थनगर नगरपालिका	०७१-५२०२५४
दमकल बुटवल उपमहानगरपालिका	०७१-५४०१९९
माईती नेपाल क्षेत्रिय कार्यालय भैरहवा	०७१-५२३५३८
जिल्ला प्रशासन कार्यालय	५६०९३३
जिल्ला प्रहरी कार्यालय	५६०९९९
राप्ती उपक्षेत्रीय अस्पताल घोराही	५६२३६५
राप्ती अञ्चल अस्पताल तुलसीपुर	५२००९१
लमही अस्पताल	५४००९१
राप्ती आँस अस्पताल तुलसीपुर	५२०१६५
आँस्रा अस्पताल लमही	४१५००८
घोराही उपमहानगरपालिका	५६०७००
तुलसीपुर उपमहानगरपालिका	५२०२३३
लमही नगरपालिका	५४००५०
उच्च अदालत तुलसीपुर	५२००२८
जिल्ला अदालत	५६०२४५
राप्ती प्राबिधिक शिक्षालय लालमाटिया	४१३००१
धनबुलेन्स सञ्जिवनी विकास केन्द्र तुलसीपुर	९८५६८२३१२३
धनबुलेन्स परिवार निर्योजन संघ घोराही	५६००२३/९८६७८६२३५८
दमकल घोराही	५६०४९२
दमकल तुलसीपुर	५२०३०५
रेडक्रस सोसाइटी घोराही ब्लड बैंक	५६१४६०
रेडक्रस सोसाइटी तुलसीपुर ब्लड बैंक	५२३१४०
घोराही बसपार्क	५६०४१५
तुलसीपुर बसपार्क	५२०५०४
लमही बसपार्क	५४००४०
जिल्ला प्रहरी कार्यालय बाँके	५२०२१९/५२२०६८/१००
ईलाका प्रहरी कार्यालय कोहलपुर	५४०४२०/५४०१९३
वडा प्रहरी कार्यालय नेपालगञ्ज	५२०२२९
क्षेत्रीय ट्राफिक कार्यालय नेपालगञ्ज	५४००००३/ १०३
जिल्ला ट्राफिक कार्यालय नेपालगञ्ज	५२०८५३
नेपाल रेडक्रस सोसाईटी	५२०१०४
धनबुलेन्स/ब्लड बैंक नेपालगञ्ज	५२०१०४
दमकल नेपालगञ्ज	५२०१९१
दमकल कोहलपुर	९८६८१९१९८०
मेरी अञ्चल अस्पताल नेपालगञ्ज	५२०१२०
नेपालगञ्ज मेडिकल कलेज	५२०४४८
कोहलपुर मेडिकल	५४०४०८

प्रहरी र एम्बुलेन्स

प्रहरी कन्ट्रोल	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२६९२४५/४२६९७२०
जिल्ला प्रहरी (ललितपुर)	५५२२२०६
जिल्ला प्रहरी (भक्तपुर)	६६५४८२९
आकस्मिक प्रहरी सेवा	४२२६२२२
ट्राफिक प्रहरी	१०३
दमकल	१०१
श्री सत्य साई निःशुल्क धनबुलेन्स/शववाहन	४४१८०३५
सुनौरु धनबुलेन्स सेवा	०१ ५५५५५५०,९७५१०४६५५०
परोपकार धनबुलेन्स सेवा

कालीगण्डकीमा पर्यटकको लर्को

विदेशीले असोज पहिलो सातामै टिकट बुकिङ गरेको भए पनि कालीगण्डकीमा पानीको सतह नघटेपछि जलयात्रा ढिलो सुरू भएको हो

कालीगण्डकीमा च्याफ्टिङ गरिँदै । मनसुन सकिएर पानीको बहाव घटेसँगै कालीगण्डकीमा जलयात्रा सुरु भएको छ । तस्बिर : अगन्धर/कान्तिपुर

■ **अगन्धर तिवारी** (पर्वत)

मनसुन सकिएर पानीको बहाव घटेसँगै कालीगण्डकीमा जलयात्रा (च्याफ्टिङ) सुरु भएको छ । अघिल्ला वर्षमा भदौको अन्तिम सातादेखि नै हुने जलयात्रा यो पटक मनसुन ढिलासम्म सक्रिय भएका कारण एक महिना पछि सुरु भएको हो ।

कालीगण्डकी आन्तरिकभन्दा बढी बाह्य पर्यटकको रोजाइमा पर्छ । विदेशीले यसलाई पारिवारिक जलयात्रा (फेमिली रिभर) को उत्तम गन्तव्यका रूपमा ठान्दै आएका छन् । दसैंलगत्तै कालीगण्डकीमा जलयात्रा गराउन विभिन्न कम्पनीले विदेशी ल्याउन थालेका हुन् । कालीगण्डकीलाई जलयात्रामा अधिक बढी रुचाउनेमा इजरायल, स्पेन, नेदरल्यान्डलगायत केही अमेरिका र चिनियाँ पर्यटक छन् । पर्वतको कुस्मा-१ नयाँपुलमा ३ वर्षदेखि च्याफिङ कम्पनी सञ्चालन गरेका होम पुनका अनुसार गत सातादेखि च्याफिङमा आउने विदेशीको चाप बढ्दो छ । 'बुकिङ धेरै पहिलादेखि भइरहेको थियो,' पुनले भने, 'पानी नघटेकाले रोकेका थियौं । दसैंलगत्तै सुरु गरिएको छ ।' यो साता पोखराका विभिन्न च्याफिङ व्यवसायी नयाँपुलबाट मोदीवेणी-त्रिवेणी-मिर्मी हुँदै जलयात्रा गरिसकेको उनले बताए ।

विदेशीले असोजको पहिलो सातामै च्याफ्टिङका लागि टिकट बुकिङ गरेको भए पनि कालीगण्डकीमा पानीको सतह नघटेपछि गत सातादेखि मात्रै जलयात्रा सुरु गरिएको हो । बुधबार र बिहीबार दुई समूह लिएर आएका रेड स्विसा च्याफिङ कम्पनीका सञ्चालकले ३ दिनको प्याकेज सकेर फर्किएको बताए ।

च्याफिङ कम्पनी सञ्चालक अर्जुन दाहालका अनुसार यो सिजनमा आउनेमध्ये धेरै विदेशीले कालीगण्डकीलाई रोज्छन् । 'विदेशी प्रकृतिमा रमाउन खोज्छन्,' दाहालले भने, 'यहाँका प्राकृतिक दृश्य नै उनीहरूका रोजाइ बन्ने गरेका छन् ।' कालीगण्डकीले बनाएको गहिरो गल्छीबाट आकाश हेर्दा छुट्टै मनोरन्जन हुने अनुभव आफूले पनि गरेको उनले बताए । कालीगण्डकीमा असोज, कात्तिक, मंसिर, फागुन, चैत, वैशाख विदेशीले जलयात्राका लागि बढी रुचाउने महिना हुन् । यो सिजनमा जाडो कम हुने भएकाले जलयात्रा गराउन सहज हुने च्याफ्टिङ गाइड बताउँछन् । त्यसमध्ये नदीमा पानीको सतह बढी हुने सिजन हुँदा असोजदेखि मंसिरसम्म जलयात्रा व्यवसाय बढी चल्ने एल्लो स्विसा च्याफ्टिङ कम्पनीका प्रबन्धक गणेश गुरुङले बताए । छोटो समयमा पनि भरपुर मनोरन्जन लिन सकिने भएकाले विदेशीले कालीगण्डकीलाई 'सर्ट एन्ड स्विट च्याफ्टिङ स्पर्ट' का रूपमा लिने उनले बताए ।

पोखराकै कर्मफाइटस कम्पनीका प्रबन्धक रेणुका कार्कीका अनुसार पछिल्लो समय कालीगण्डकीमा च्याफिङका लागि बुकिङ गर्नेको संख्या बढ्दो छ । 'पहिला अरू नदीमा धेरैले बुकिङ गर्थे,' कार्कीले भनिन्, 'अहिले कालीगण्डकीका बढी छन् । परिवारमा आउने धेरैले कालीगण्डकी रोज्छन् ।'

पोखराका दर्जनभन्द बढी च्याफ्टिङ व्यवसायीले कालीगण्डकीमा मात्रै बर्सेनि ५ हजार बढी विदेशीलाई जलयात्रा गराउँदै आएको एल्लो कालीगण्डकी रिभरबीच क्याम्पका सञ्चालक पुनले बताए । तीन वर्षअघि नयाँपुलमा सञ्चालित च्याफिङ क्याम्पका सञ्चालक पुनले पोखराका विभिन्न कम्पनीसँगको सहकार्यमा च्याफ्टिङ गराउँछन् । कम्पनीले पर्यटक विदेशी पर्यटकलाई लक्षित गरी रेस्टुरेन्टसमेत सञ्चालन गरेको छ । क्याम्पले मालढुंगा र खनियाघाटबाट नयाँपुलसम्म आन्तरिक पर्यटकलाई लक्षित गरेर छोटो दूरीको जलयात्रा पनि गराउँदै आएको छ । 'छोटो दूरीमा आन्तरिक पर्यटक धेरै हुन्छन्,' उनले भने, 'विदेशीले बास बस्न रुचाउँछन् ।'

पर्वतको पाडस्थित नयाँपुलबाट सुरु हुने यात्राको पहिलो दिन कुस्मा र बलेवाको सिमाना मोदीवेनीमा पुगेर बास बस्छन् । दोस्रो दिन रानीपानी र बागलुङको सीमास्थित बेलबगरमा बास बसेपछि तेस्रो दिनमा स्याङ्जाको मिर्मी पुगेर यात्रा टुंगिन्छ । कालीगण्डकी किनारको सरसफाइ, पिउनेपानी, विश्रामस्थल, शौचालय लगायतका पूर्वाधारको अभाव रहेको व्यवसायीको गुनासो छ ।

बुर्काबाट बाहिरिँदा....

■ **सुम्निमा चाम्लिङ** (इटहरी)

अरू समुदायसँग घुलमिल गर्न नपाइने । घरबाहिर निस्कन कडा नियम । कतै जानुपर्ने भए कालो बुर्का वा हिजाब लगाएर मात्रै निस्कनुपर्ने । त्यो पनि परिवारको अनुमति लिएर । थुप्रै समुदाय मिलेर बसेको समाजमा आफूजस्तै अरूले पर्दा बाहिर निस्कन पाएका छन्, मुस्लिम महिलाका लागि नियम कडा छन् । कतिपय मुस्लिम महिलाले भने यस्तो समस्या झेल्दै साहसका साथ सामाजिक काममा आफूलाई समर्पित गरिरहेका छन् । यसको उदाहरण बनेकी छन्-इनरुवा बबिया चोककी ३८ वर्षीया सहजादी प्रवीन ।

डेढ दशकदेखि महिला अधिकारका क्षेत्रमा सक्रिय उनी पूर्वाञ्चल महिला मानव अधिकार सञ्जालकी सदस्य हुन् । हरेक क्षेत्रमा मुस्लिम महिलाको न्यून उपस्थित रहेको अवस्थामा विवाहित महिलालाई घरबाहिर निस्कनु चानचुने कुरा होइन । समाज र परिवारको डर पालेर आफ्नो आकांक्षा मार्ने कैयौं मुस्लिम महिला छन् । उनी भने सामाजिक काममा मग्न छिन् ।

उनी मोरङको विराटनगरमा हुर्किन् । निजी विद्यालयमा पढ्ने अवसर पाइन् । कक्षा १० मा पढ्दै गर्दा हजुरआमाको अड्डानका कारण उनको १५ वर्षको उमेरमै विवाह भयो । परिवार छोरीका लागि कडा नियम मान्दैनथ्यो । त्यसैले विराटनगरमा हुर्केकी उनलाई बाल्यकालमा मुस्लिम समुदायका कडा नियम पालन गर्नुपरेको थिएन । विवाहपछि निकै बाँधिनुपऱ्यो । ठूलो परिवार भएकाले खाजा र खाना बनाउँदा नै दिन बित्ने गरेको थियो ।

व्यक्तिगत खर्चका लागि समेत परिवारको सदस्याको आस गर्नुपर्ने अवस्था थियो । घरबाट बाहिर आफूखुसी निस्कन पाइँदैनथ्यो । पारिवारिक वातावरण यतिसम्म कडा थियो कि, दैलो बाहिरसम्म जाने आँट महिला सदस्यको हुँदैनथ्यो । उनी भन्छिन्, 'घरको सिकुवासम्म निस्कँदासमेत श्रीमान्ले गाली गर्नुहुन्थ्यो । यस्तो अवस्थामा खुलेर काम गर्ने भन्ने टाढाका कुरा थियो ।'

घरेलु हिंसापीडित उनले एक कठोर निर्णय गरिन् । 'अब चुपचाप बसेर हुँदैन, संघर्ष गर्छु भन्ने निर्णय गरें,' उनले भनिन्, 'घरदेखि बाहिर संसार हेर्ने र महिलाको क्षेत्रमा काम गर्ने चाहना थियो ।' जब उनले संघर्ष गर्ने निर्णय गरेकी थिइन्, त्यहीबेला एक नातेदारले वडामा स्वयंसेविकाको जागिर खुलेको बताए । त्यसका तलबको व्यवस्था थिएन । उनलाई पैसाभन्दा घरदेखि बाहिर निक्लने वातावरण चाहिएको थियो । उनले मौकालाई सदुपयोग गरिन् । घर बाहिर निस्कँदा दोस्रो सन्तान भइसकेको थियो । तीन महिने नानी लिएर तालिम लिन पुगेकी थिइन् । आफूलाई घरबाहिर पनि काम गर्न पाउँदा थप ऊर्जा बढ्दै थियो । महिलाको क्षेत्रमा काम गर्ने संस्थासँग पनि जोडिने मौका पाउन थालिन् ।

घरको कामलाई समेत अघि बढाउँदै आफूलाई अब्बल साबित गर्दै अघि बढ्दै गइन् । सुरुका दिनमा परिवारबाट सहयोग थिएन । तैपनि आत्मविश्वासका साथ कामलाई निरन्तरता दिँदै गइन् । विस्तारै श्रीमान् र परिवारबाट सहयोग मिल्दै गयो । 'अधिकारको क्षेत्रमा काम गर्न थालेपछि वर्कसपहरूमा जानुपर्ने हुन्थ्यो,' उनले भनिन्, 'होटलमा कार्यक्रमहरू हुन्छ, भन्दै फेरि श्रीमान्ले रोक्न खोज्नुभयो । तर मैले विस्तारै

सहजादी प्रवीन

समाज र परिवारको डर नमानी सामाजिक काममा सक्रिय

बुझाएँ ।' स्नातक पूरा गरेका श्रीमान्ले समेत साथ नदिँदा दुःख लाग्ने गरेको उनले बताइन् । कार्यक्रमहरूमा महिला दिदीबहिनीसँग भेट्न पाउँदा महिलाको क्षेत्रमा केही गर्नुपर्छ भन्ने सोच आउने गर्थ्यो । कुनै समय श्रीमान्ले छाडेमा जीवन सकियो ठान्ने बुझेकी सहजादी, हिजोआज महिला हकअधिकारको विषयमा आवाज उठाउँदै आएकी छन् । तीन सन्तानकी आमा उनी अनुभवले खारिएकी छन् । उनको घरमा हिंसापीडित महिला सहयोग मागन आउँछन् । सकेको सहयोग र पैरवी गरिदिने गर्छिन् । आर्थिक रूपमा भरपर्दो नभए पनि काम गर्दा आत्मसन्तुष्टि मिल्ने उनी बताउँछिन् । महिला अधिकारको क्षेत्रमा काम गर्दा राजनीतिक दबाब झेल्नुपरेको अनुभव सुनाइन् । यस्तो अवस्थामा सामूहिक रूपमा समाधान गर्ने गरेको बताइन् । कुनै समय समाजले उनको विरोध गर्ने गर्थे । अचेल त्यही समाज उनलाई देखेर गर्व गर्छन् ।

विदेशी सम्बन्धनका कलेजलाई मापदण्ड

काठमाडौं (कास)- विदेशी शिक्षण संस्थाबाट सम्बन्धन लिएर मापदण्ड पूरा नगरी चलेका कलेज बन्द हुने भएका छन् । विश्वविद्यालय अनुदान आयोगका सदस्यसचिव देवराज अधिकारीको संयोजकत्वमा गठित अध्ययन कार्यदलले भौतिक, शैक्षिकलगायतका पूर्वाधार पूरा नगरेका शिक्षण संस्था बन्द गर्न सुझाव दिएअनुरूप शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले मापदण्ड तयार गरिरहेको छ ।

शिक्षा मन्त्रालयमा दर्ता भएर विदेशी शिक्षण संस्थाबाट सञ्चालित कलेज ९५ वटा छन् । कतिपय कलेजले मन्त्रालयको स्वीकृतिबिनै शैक्षिक कार्यक्रम चलाउँदै आएका छन् । 'मन्त्रालयले विदेशी शिक्षण संस्थाबाट सम्बन्धन लिएर सञ्चालित कलेजका विषयमा मापदण्ड बनाउँदै छ,' उच्चशिक्षा महाशाखाका सहसचिव रामशरण सापकोटाले उनले भने, 'छिट्टै मापदण्ड स्वीकृति गराएर कार्यान्वयनमा जान्छौं ।'

कार्यदलले अध्ययनका क्रममा ती शिक्षण संस्थाको अनुगमनसमेत गरेको थियो । अनुगमनकै आधारमा ए लेभलका कार्यक्रम सञ्चालन गर्ने ९ वटा शिक्षण संस्थालाई बन्द गराउन कार्यदलले सिफारिस गरेको छ । ए लेभल चलाउने शिक्षण संस्थाहरूले शैक्षिक मापदण्ड पूरा नगरेका कारण बन्द गराइने जानकारी सापकोटाले दिए ।

मन्त्रालयले भौतिक पूर्वाधार, शिक्षण गतिविधि, शैक्षिक कार्यक्रम, परीक्षाको स्तरीयता, ल्याब, लाइब्रेरीको अवस्थासमेतलाई मूल्यांकन गर्ने गरी मापदण्ड प्रस्ताव गरेको छ । 'न्यूनतम मापदण्ड पनि पूरा नभए कलेज बन्द गराउनुको विकल्प हुँदैन,' उनले भने, 'मन्त्रालयले तय गरेको नयाँ मापदण्ड पूरा गर्न चाहने कलेजलाई बन्द गराउनुअघि निश्चित समयसीमा दिन सकिन्छ ।'

बाँधले डल्फिन हराउँदै

■ **कमल पन्थी** (बर्दिया)

कर्णाली नदीको भंगालो गेरुवामा डल्फिन देखिन छाडेको छ । नेपाल-भारत सीमा क्षेत्रमा निर्माण गरिएको बाँधका कारण यो जलचर हराउँदै गएको हो । नेपालबाट बगेका डल्फिन गिरीजापुरीमा निर्माण गरिएको बाँधबाट तल भर्छन् । त्यहाँबाट फर्किन सक्दैनन । त्यसको प्रभाव यहाँ देखिएको छ । अहिले कर्णालीमा डल्फिन देखिँदैनन । कोसी, नारायणी र कर्णाली नदीका सीमावर्ती क्षेत्रमा निर्माण गरिएका बाँधले डल्फिन फर्किन नसक्ने वन्यजन्तु विशेषज्ञ डा. शान्तराज ज्ञवालीले बताए ।

'बाँधले डल्फिनलाई समस्यामा पारेको छ,' उनले भने, 'कर्णाली र यसको भंगालोबाट बगेर गएका डल्फिन उच्च जोखिममा छन् ।' निकुञ्जको सीमा हुँदै बग्ने कर्णालीमा सन् १९८० को दशकसम्म सयभन्दा बढी डल्फिन देखिन्थे । अहिले संख्या घटिरहेको छ । केही वर्ष अघिसम्म डल्फिनका लागि पर्याप्त पानी भएको गेरुवामा विचरण गरेको देखिन्थ्यो । ७ वर्ष अघि बर्दिया निकुञ्जले गरेको सर्वेक्षणअनुसार अहिले कर्णालीमा ६ डल्फिन मात्रै छन् । त्यसबेला गेरुवामा जलस्तर बढी थियो । अहिले पश्चिम कर्णालीमा केही डल्फिन रहेको बर्दिया निकुञ्जका सहायक संरक्षण अधिकृत अशोककुमार भण्डारीले बताए । उनका अनुसार ७ वर्ष अघिबाट गेरुवाले धार परिवर्तन गरेपछि पानी कम भएको छ ।

त्यसपछि गेरुवाबाट डल्फिन हराउँदै गएका हुन् । तीन दशक अघिसम्म ठूलो संख्यामा गेरुवामा रहेको डल्फिन अनुगमनको क्रममा गत

नेपालमा नारायणी, कोसीजस्ता ठूला र प्रदूषणले कम छो एका नदीमा डल्फिन पाइए पनि कर्णालीमा लोप हुँदै गएको छ

साउनमा एउटा डल्फिन देखिएको बर्दिया राष्ट्रिय निकुञ्जले जनाएको छ । कर्णालीमा भने ६ वटा फेला परेको छ । लामो अनुसन्धान पछि गेरुवामा हिउँदमा एउटा पनि डल्फिन नभेटिएको निकुञ्जले जनाएको छ । सहायक संरक्षण अधिकृत भण्डारीले गिरीजापुरमा बाँधसँगै गेरुवामा जलस्तर सुक्दै गएपछि डल्फिन देखिन छाडेको हो । जथाभावी माछा मार्ने, गेरुवामा जलस्तर घट्दै गएकाले कर्णालीमा छ वटा डल्फिन रहेको अनुमान स्थानीयको छ ।' निकुञ्ज हुँदै बगेको कर्णाली र यसको भंगालो गेरुवामा चोरी सिकार शुन्य छ । डल्फिनको आहारा प्रजाति घटेको कारणले पनि समस्या भएको वन्यजन्तु विशेषज्ञले दावी गर्छन । विगतमा अवैध रूपमा माछा मार्नु, माछा मार्दा नदीमा विषादी प्रयोग र नेपाल-भारत सीमा बनाइएको गिरीजापुरी बाँध नै डल्फिन लोप हुने प्रमुख कारण भएको स्थानीय संरक्षणकर्मी राम शाहीले बताए । डल्फिनलगायत साना माछामा आश्रित ठुला माछाको प्रजाति पनि लोप हुँदै गएको संरक्षणमा लागेका बताउँछन् ।

स्थानीय भाषामा डल्फिनलाई 'सोस'वा 'ससुवा' भनिने डल्फिन मानिससँग नजिकको मित्रता गाँस्न सक्ने जीवका रूपमा प्रख्यात छ । अत्यन्त बुद्धिमान्, स्तनधारी जीव डल्फिन मानिससँग नजिकको मित्रता गाँस्न सक्ने जीवका रूपमा प्रख्यात छ । अत्यन्त बुद्धिमान्, स्तनधारी जीव डल्फिनको चमत्कारी प्रकृतिमा आधारित भएर धेरै मुलुकमा डल्फिनलाई विभिन्न खेल खेलाइन्छ । नेपालमा नारायणी, कोसीजस्ता ठूला र प्रदूषणले कम छोएका नदीमा डल्फिन पाइए पनि कर्णाली नदीमा डल्फिन प्रायः लोप हुँदै गएको निकुञ्जका कर्मचारीले बताए ।

ठगिएकाहरूले पाएनन् न्याय

■ **विनु तिम्सिना** (विराटनगर)

मोरङको कानेपोखरी-५ का मनीषकुमार राजवंशी क्यानाडा जाने प्रलोभनमा ठगिए । काठमाडौं बसोबास गर्ने असिम गुरुङले क्यानाडा लैजाने भन्दै १३ लाख रुपैयाँ लिएर बेपत्ता भएको उनको भनाइ छ ।

आठ महिनाअघि पैसा लिएर हिँडेका गुरुङ सम्पर्कमा छैनन् । विराटनगरस्थित श्रम कार्यालयमा प्रेम सञ्जेल प्रमुख भएर आएपछि वैदेशिक रोजगारका नाममा ठगिएका आफूजस्ता धेरै पीडितको डुबेको रकम फिर्ता भएको सुनेका राजवंशी श्रम कार्यालय पुगे । भदौ १५ मा श्रम कार्यालयमा उजुरी दिएका उनी कुनै कारबाही नभएपछि निराश छन् । मोरङकै ग्रामथान-५ का हेमनारायण चौधरी पनि मोरिसस पुग्ने प्रलोभनमा ठगीमा परे । सुनसरी इटहरीका विवेक पोखरेलले मोरिसस लगिदिने भन्दै ७ लाख ७० हजार रुपैयाँ लगेको उनले गुनासो गरे ।

चौधरीले भने, 'मोरिसस लाने भन्दै मलाई काठमाडौंमा ३ महिना र दिल्लीमा २ महिना राखियो ।' यसरी महिनौं काठमाडौं र भारतको दिल्लीमा अल्झाएपछि उनले आफू ठगिएको थाहा पाए । दुःख गरेर कमाएको रकम दलालले ठगेपछि उनले पनि श्रम कार्यालयमा उजुरी दिए तर सुनुवाइ भएन । वैदेशिक रोजगारीमा पठाउने भन्दै दलालबाट ठगिएका पीडितहरू दैनिक उजुरी दिन श्रम कार्यालयमा आउँछन् ।

कार्यालयले भने उजुरी नै लिन छाडेको छ । श्रम कार्यालय प्रमुख सञ्जेललाई ठगीका मुद्दा नहेर्न भन्दै श्रम विभागले रोक लगाएपछि पीडितहरू निराश हुँदै फर्कनु परेको हो ।

आफ्नो कार्यकालको छोटो अवधिमै धेरै ठगिएका पीडितको २ करोड १२ लाख बढी ठगी रकम उठाएर प्रशंसा कमाएका सञ्जेललाई श्रम विभागले ठगी मुद्दा नहेर्न भन्दै पत्र पठाएको छ । विभागका निर्देशक राजेश्वर अर्यालले गत वैशाख ३१ मा वैदेशिक रोजगारीको नाममा ठगीएको भन्ने उजुरीमा कुनै कारबाही नगर्न भन्दै चलानी नम्बर २७२२ को पत्रबाट सञ्जेललाई निर्देशन दिएका छन् । त्यसखालका काम जिल्ला प्रशासन कार्यालयबाट हुने पत्रमा उल्लेख छ ।

श्रम तथा रोजगार विभागले पत्र पठाउनुअघि ठगीमा परेको २ करोड १२ लाख रुपैयाँ फिर्ता गराएका छन् भने ५६ लाख रुपैयाँ फर्ता गराउने प्रक्रियामा रहेको सञ्जेलले जनाए । पत्रपछि भने आफूले ठगीका मुद्दा हेर्न नमिल्ने उनले बताए । प्रदेश १ बाहेक अन्य प्रदेशका श्रमले ठगीका मुद्दा नलिएको उनले जनाए ।

शनिबारको

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

ekantipur.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक २३९ सुर्खेत | २ कात्तिक २०७६ शनिबार कार्तिक कृष्णपक्ष षष्ठी | नेपाल संवत् ११३९ | कर्णाली प्रदेश संस्करण | KANTIPUR, Nepali National Daily, Saturday, October 19, 2019 | पृष्ठ १२+४+८ | १० रुपैयाँ

न्यायको अन्तहीन पर्खाइ



राजनीतिक शक्ति-आडमा दबाइएको बीभत्स हत्याकाण्डको १२ वर्ष

मृतक त्रिलोकका बाबु श्रीनारायण सिंह। *तस्बिर : अंगद ढकाल/कान्तिपुर*

■ **जनकराज सापकोटा र शिव पुरी** (रौतहट)

पूर्वपश्चिम राजमार्गको चन्द्रनिगाहपुरबाट ३५ किलोमिटर उत्तर छिरेपछि आउँछ सरुअठा गाउँ। मूलबाटोबाट करिब एक किलोमिटर पूर्व पसेपछि ७९ वर्षीय श्रीनारायण सिंहको घर पुगिन्छ। उमेरको उत्तरार्द्धमा श्रीनारायणसँग सुनाउनुपर्ने विगतका यादभन्दा रातोदिन बल्झिरहने दुःखको घाउ मात्रै छ। उनको दुःखका कथा साविकको राजपुर फरहदवा गाविस-४ हाल राजपुर नगरपालिका-४ मा २०६४ चैत २७ मा घटेको अकल्पनीय घटनाबाट सुरु हुन्छ। फिल्मको झल्को आउने त्यो घटनाको केन्द्रमा जोडिएका नेपाली कांग्रेसका नेता एवं पूर्वमन्त्री मोहम्मद आफताब आलमलाई जिल्ला प्रहरी कार्यालय रौतहटले भर्खरै पक्राउ गरेको छ। आलम पक्राउपछि श्रीनारायणलाई फेरि पुरानो दुःख, छोरा गुमाएपछिका छटपटीका दिन र न्यायका निम्ति १२ वर्ष लामो संघर्षको कथा सुनाउने मेसो मिलेको छ।

पहिलो संविधानसभा निर्वाचनको चहलपहलले देहाती गाउँको चहलपहल हवात्तै बढाइदिएको थियो। रौतहटको निर्वाचन क्षेत्र नम्बर २ मा कांग्रेसका तर्फबाट उम्मेदवार मोहम्मद आफताब आलमको चहलपहल पनि गरमागरम थियो। सीमावर्ती भारतको सीतामढीस्थित राधाकृष्ण गोयन्का कलेजमा बीएस्सी पहिलो वर्षमा पढिरहेका श्रीनारायणका २२ वर्षीय छोरा त्रिलोक बिदामा घर आएका थिए। राम्रो बोल्ने खुबी भएका उनलाई आलमको चुनावी प्रचारमा खटिएकाहरूले घरबाट हिँडाइहाले। त्यो दिनको सम्झना श्रीनारायणलाई झलझली छ। चुनावको २ साताअघि १८ चैतमै आलमका मान्छे आएर छोरालाई घरबाट लगिएको थियो। उनले सुनाए, 'छोरालाई चुनावी प्रचारमा लिएर गएछन् भन्ने थाहा

१२ वर्षपछि आएर पक्राउ गर्न पाइन्छ ?
पृष्ठ २

पाएपछि नै मेरो मन थिरमा थिएन।' श्रीनारायणलाई बम विस्फोटको घटनाभन्दा विस्फोटपछि भएका घटना लुकाउन भएका आततायी गतिविधिले मन भतभती पोलेको छ। उनले घटनाका प्रत्यक्षदर्शी र अन्य गाउँलेबाट थाहा पाए, चुनावको दिन बुथ कब्जा गर्ने उद्देश्यले आलमको सहोदर काका एवं कांग्रेस नेता पूर्वमन्त्री शेख इद्रिसको फरहदवा राजपुरस्थित गोठमा बम बनाउने काम चलिरहेको थियो। प्रहरीका अनुसार आलमका अंगरक्षकको काम गर्ने बलरु भन्ने शेख सराजले सल्काएको चुरोट हातबाट खसेलगत्तै ठूलो आवाजमा धूवाँको मुस्लोसहित बम विस्फोट भएको थियो। प्रहरीका अनुसार घटनापछि सराज सार्वजनिक वृत्तमा देखिएका छैनन्।

कान्तिपुरले घटनाको प्रत्यक्षदर्शी रहेका फरहदवा गाउँका ५ जनासँग गरेको कुराकानीअनुसार विस्फोट लगत्तै रुक्साना खातुनका छोरा ओसी अख्तर र श्रीनारायणका छोरा त्रिलोक सामान्य घाइते भएका थिए। अन्य केही मरणासन्न हुने गरी घाइते भए र केहीको तत्कालै मृत्यु भयो। घटनामा ठ्याक्कै कति जनाको मृत्यु भयो र कति जना घाइतेलाई पोल खुल्ने डरले मारियो भन्ने खुल्दैन। घटनाको अनुसन्धानमा जुटेका जिल्ला प्रहरी कार्यालय रौतहटका एसपी भूपेन्द्र खत्रीले पनि घटनामा ठ्याक्कै कति जना मारिए भन्ने यकिन भइनसकेको बताए। श्रीनारायणले सुनेअनुसार छोरा त्रिलोकलाई खुट्टामा सामान्य चोट मात्रै लागेको थियो। उनले घटनामा २२ जनाजति परेको, बाँचेकाहरूलाई पनि बेहोस हुने इन्जेक्सन दिएर बोरामा हालिएको र राति नै गोठदेखि करिब दुई किलोमिटरको दूरीमा रहेको इँटाभट्टामा हालेर मारिएको दाबी गरे।

बाँकी पृष्ठ २

संवैधानिक इजलासद्वारा प्रदेश कानुनहरू खारेज

कान्तिपुर संवाददाता (काठमाडौं)

संवैधानिक प्रावधानविपरीत बनाइएको ठहर गर्दै सर्वोच्च अदालतले ६ वटा प्रदेशका कानुन खारेज गरेको छ। मुलुक संघीय संरचनामा गएपछि प्रदेश तहबाट जारी भएका कानुनहरू एकमुष्ट खारेज भएको यो पहिलो घटना हो। स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको मासिक पारिश्रमिक तथा ज्यालासहितको सुविधासम्बन्धी कानुन खारेज गरिएका हुन्।

सर्वोच्च अदालतका अनुसार, सातमध्ये प्रदेश १ ले मात्र स्थानीय तहका पदाधिकारी तथा सदस्यले सुविधा (भत्ता) लिन पाउने कानुन निर्माण गरेको छ। अरूले भने पारिश्रमिक नै लिन पाउने गरी कानुन बनाएका थिए। बैठक चलेका बेला मात्रै भत्ता लिन पाइन्छ भने मासिक पारिश्रमिकले

स्थानीय तहका जनप्रतिनिधिले पारिश्रमिक लिन नपाउने

नियमित सुविधा पाउने बाटो खोल्छ। संविधानमा स्थानीय तहका जनप्रतिनिधिलाई पारिश्रमिकको व्यवस्था छैन। गत साता नै सुनुवाइ सकेको संवैधानिक इजलासले शुक्रबार निर्णय सुनाएको हो। प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरासहित न्यायाधीशहरू दीपककुमार कार्की, केदारप्रसाद चालिसे, मीरा खड्का र हरिकृष्ण कार्कीको इजलासले गरेको फैसलाको प्रति भने तयार भइसकेको छैन।

रिट निवेदकको दाबीअनुसार संविधानको धारा १०८ को व्यवस्थाअनुसार प्रतिनिधिसभाका सभामुख र उपसभामुख, राष्ट्रिय सभाका अध्यक्ष र उपाध्यक्ष, समितिका सभापति तथा संघीय संसद्का सदस्यहरूका लागि पारिश्रमिक र सुविधा संघीय कानुनबमोजिम हुनेछ। संविधानको धारा १९६ मा प्रदेशसभाको सभामुख, उपसभामुख तथा सदस्यको पारिश्रमिक र सुविधाको व्यवस्था छ। तर त्यस्तो व्यवस्था प्रादेशिक कानुनबमोजिम हुने संविधानमा उल्लेख छ, स्थानीय तहका जनप्रतिनिधिहरूले तलब पाउने व्यवस्था छैन। 'संविधानको यस व्यवस्थाबमोजिम संघीय संसद्का सदस्यहरू र प्रदेशसभा सदस्यहरूले पारिश्रमिक तथा सुविधासम्बन्धी ऐनहरू जारी गरी लिइरहेका छन्,' निवेदनमा भनिएको थियो।

बाँकी पृष्ठ १४

'मलाई लखेटेर हटाउन सम्भव छैन'

प्रधानमन्त्री केपी शर्मा ओली

विस्तृत अन्तर्वार्ता पृष्ठ ७

दुई अध्यक्ष भने पनि एउटा 'सिनियर' हुन्छ, अर्को 'जुनियर'। तर हामीले एकदम बराबरीको हैसियतमा जस्तो व्यवहार गरेका छौं। संयुक्त अध्यक्षतामा बैठक हुने गरेको छ। प्रचण्डजी नहुँदा मैले कहिल्यै बैठक राखेको छैन। म नहुँदा 'बस्नुपरे बस्नुहोस्, तपाईं नै बैठक राख्नुहोस्' भनेर मैले सिंगापुर जाँदा भनेको हुँ। उहाँलाई उपाध्यक्ष त कसैले भनेन। तर पार्टी चलाउने भनेको एकल रूपमा चलाउने त होइन। दुइटा अध्यक्ष छौं नि !

(सरकारको नेतृत्व आधा-आधा गर्ने) यदि कुनै समझदारी छ भने त्यो समझदारी आएका बेला (कार्यान्वयन) हुने होला नि ? यो सरकार अरू कसैलाई हेरेर, अरू कसैको 'लिडरसिप'मा विश्वास गरेर बनेको हो र ? यो परिस्थिति मेरो लिडरसिपमा बनेको हो, जसले जे भने पनि। अब मैले छोड्नलाई पनि समझदारी हुनुपर्छ होला। अहिल्यै छोड्ने, भरे नै छोड्नेजस्तो, लखेटेर हटाएजस्तो त होइन होला। मलाई लखेटेर हटाउन सायद सम्भव पनि छैन होला।

अस्थिरता देखिने गरी 'छोडिदिनुपऱ्यो, ल..ल..अब छोडिदिई हाल्नुपऱ्यो !' जतिबेर पनि, जोसँग भेट भए पनि, जहाँ पनि, जसले पनि यो कुरा गर्नुको अर्थ समझदारी खल्बल्याउने प्रयास हो। अमेरिकामा चार वर्षमा चुनाव हुन्छ। 'यो राष्ट्रपति अब एक वर्ष त हो नि' भन्दै कोही हिंड्छ ? 'अब समय सिद्धियो' भनेर त हिँड्दैनन् नि ! त्यसैले यो अस्थिरता जनाउने खालको कुरा हो। संवैधानिक, कानुनी हिसाबले जे व्यवस्था छ, त्यसलाई अपमान गर्ने, उल्लंघन गर्ने, जनताको अभिमतलाई अवमूल्यन गर्ने कुरा राजनीतिक 'लिडर'हरूले बोलेर हिंड्दैनन्।

उहाँहरूको माओवादीभित्र के-के समस्या परे होलान्। पटक-पटक नयाँ-नयाँ कुरा खोज्ने स्वभाव उहाँहरूको देखियो। सम्झौता, सहमति पनि थपिँदै गए। मलाई त एकता चाहिएको हो। त्यसैले मसँग लचकता हुनु धेरै स्वाभाविक हो। न्यायपूर्ण समाजको निर्माण, सामाजिक न्यायसहितको समृद्धि हासिल गर्ने कुरामा हाम्रो मतभेद छैन। यसो भएपछि अब वैचारिक मतभेद छ भन्ने रहेन। अलिकति दबाब हुन सक्छ। मानिस हो, अलिअलि 'इगो'का प्रश्न हुन सक्छन्।

शीतलपोखरी-तिलाडाँडा खण्ड

स्थानीयको अवरोधपछि रोकियो सडक स्तरोन्नति

रुकुम पश्चिम (कास)- शीतलपोखरी-चुनवाङ सडकअन्तर्गत शीतलपोखरी-तिलाडाँडा खण्ड स्तरोन्नतिको काम रोकिएको छ । स्थानीयको अवरोधपछि सडक स्तरोन्नतिको काम रोकिएको हो ।

मुसीकोट नगरपालिका ९, होलताराका बासिन्दाले सडक निर्माणमा अवरोध गरेका हुन् । निर्माणका क्रममा झरेको पहिरोले गाउँ तथा स्वास्थ्यचौकी जोखिममा परेको भन्दै त्यसको दिगो समाधान गर्नुपर्ने माग उनीहरूको छ । वडा ९ का अध्यक्ष नवीन ओलीले सडक निर्माणका क्रममा आएको पहिरोले क्षति पुगेपछि स्थानीयले क्षतिपूर्ति माग गरेको बताए । उनका अनुसार स्तरोन्नतिका क्रममा ठूलो पहिरो गएकाले त्यसमा जाली लगाउनुपर्ने र क्षतिपूर्ति दिनुपर्ने माग स्थानीयको छ ।

मुसीकोट नगरपालिका ४, ६, ७, ९ र १० सम्मको १८ किमि आस्फाल्ट कर्कट गर्ने गरी पीएच/शंकरमाली निर्माण सेवालाई जिम्मा दिइएको छ । आस्फाल्ट कर्कटअन्तर्गत ३० एमएम बाक्लो पिच गर्नेगरी ठेकेदार कम्पनी र ग्रामिण सडक सञ्जाल सुधार आयोजनाबीच सम्झौता भएको थियो । विभिन्न कारणले वर्षाअघि रोकिएको काम अझै सुचारु हुन नसकेको आयोजना प्रमुख, डिभिजन इन्जिनियर गौरीकुमार श्रेष्ठले बताए । 'समस्या समाधानका लागि प्रयास गरिरहेका छौं,' उनले भने, 'केही दिनमै सडक स्तरोन्नतिको काम सुरु हुने हाम्रो अपेक्षा छ ।'

ठेकेदार कम्पनीको लापरवाहीले सडक निर्माणमा ढिलाइ भइरहेको स्थानीयको आरोप छ । स्थानीयका अनुसार ठेकेदार कम्पनीले भुक्तानी नदिँदा सडक निर्माणमा संलग्न कामदारले ज्याला पाउन सकेका छैनन् । ठेकेदार कम्पनीले भने ग्रामीण सडक सञ्जाल सुधार आयोजनाले नै भुक्तानी नदिएपछि समस्या भएको जनाएको छ ।

सडकमा १ वर्षअघि सडक स्तरोन्नतिको काम सुरु भएको हो । आयोजनाका अनुसार वर्षा लाग्नुअघि नै सडकमा कटिङ, तारजाली, ग्याबिन तथा फुक्का पर्खाललगायत ग्राभेलको काम सक्नुपर्ने थियो । तर आधा काम सकिनुपर्ने बेलासम्म २० प्रतिशत निर्माण मुस्किलले भएको इन्जिनियर श्रेष्ठले बताए । सडक निर्माणलाई तीव्र बनाउन ५ खण्ड बनाएर काम सुरु गरिएको उनको भनाइ छ । ठेकेदार कम्पनीको ढिलाइले अधिकांश काम अलपत्र रहेको उनी बताउँछन् । उनका अनुसार एउटा खण्डमा ठेकेदार कम्पनीले कामै सुरु गर्न सकेको छैन । निर्माणमा संलग्न प्राविधिकका अनुसार ठाँटीखोलादेखि तिलाडाँडासम्मको खण्डमा काम अझै सुरु हुन नसकेको हो ।

विभिन्न खण्डमा काम गरेका मजदुरलाई ज्याला नदिएपछि काम प्रभावित भएको आयोजनाले जनाएको छ । २ वर्षमा काम सक्ने भन्दै निर्माण कम्पनीले भ्याटबाहेक ४८ करोड ९४ लाख रुपैयाँमा सडक स्तरोन्नतिको सम्झौता गरेको छ । डिभिजन इन्जिनियर श्रेष्ठका अनुसार यो सडक प्राविधिक हिसाबले उच्च गुणस्तरीय र प्राविधिक हिसाबले महँगो हो । '२ वर्षमा सडकको आधारभूत काम सकिनेछ,' उनले भने, '३ वर्षमा बाँकी सुधारका काम हुनेछन् ।'

रुकुम पश्चिमको सानीभेरी गाउँपालिका ९, सिम्लीमा दाइँ गर्दै किसान । अहिले जिल्लाका किसान धमाधम धान भित्र्याउनै व्यस्त छन् । तस्बिर : हरि गौतम/कान्तिपुर

गिट्टी कुट्न छाडेर च्याउ खेती

■ विप्लव महर्जन (सल्यान)

शारदा नगरपालिका १, शान्तिनगरका बादी महिला व्यावसायिक च्याउखेतीतर्फ आकर्षित भएका छन् । बादी समुदायको बसोबास रहेको शान्तिनगरका अधिकांश घरधुरीमा च्याउखेती हुन थालेको छ । मजदुरी गर्दा जीविकोपार्जनमा समस्या भएको भन्दै बादी महिलाले च्याउखेती सुरु गरेका हुन् ।

४ वर्षदेखि सामूहिक खेती गर्दै आएका दुई दर्जन बादी महिलाले गत वर्ष च्याउखेतीलाई एकल बनाएका हुन् । कम लगानी र परिश्रममा राम्रो आम्दानी हुन थालेपछि च्याउ खेतीमा आकर्षित भएको उनीहरूको भनाइ छ । उनीहरूले उत्पादन गरेको च्याउ स्थानीय बजारमा २ सय ५० रुपैयाँमा बिक्री भइरहेको छ । च्याउको माग र भाउ बर्सेनि बढ्दै गएपछि बादी महिलाहरू पनि हौसिएका छन् ।

च्याउ खेती सुरु गर्नुअघि उनीहरूले शारदा खोला किनारमा बालुवा संकलन र गिट्टी कुट्ने काम गर्थे । दिनभर मजदुरी गरे पनि परिवारको खर्च टार्न समस्या भएपछि च्याउ खेतीमा लागेको पुष्पा बादी बताउँछिन् । उनका अनुसार एकल रुपमा च्याउखेती सुरु गरेपछि आम्दानी बढ्न थालेको छ । 'बालुवा संकलन र गिट्टी कुट्दा मुस्किलले २ सय रुपैयाँ कमाइ हुन्थ्यो, दुःख धेरै भए पनि कम ज्याला पाउँदा समस्यामा थियौं,' उनले भनिन्, 'च्याउबाट एकै सिजनमा ४० हजारसम्म कमाउन थालेका छौं ।'

सल्यानको शारदा नगरपालिका १, शान्तिनगरकी पुष्पा बादी आफैंले उत्पादन गरेको च्याउ पानी राख्दै । तस्बिर : विप्लव/कान्तिपुर

आसपासका क्षेत्रमा मजदुरी गर्छन् । मजदुरी गरेको आम्दानी मदिरा सेवनमै सक्ने भएकाले घरखर्च महिलाले नै जुटाउनुपर्ने बाध्यता छ ।

स्थानीय सुनीता बादीले घरमै च्याउका ४० पोका राखेको बताइन् । 'परम्परागत पेसा संकटमा परेपछि मजदुरी गर्ने, गिट्टी कुट्ने र बालुवा संकलन गर्ने कामले घरखर्च चलाउन हम्मे भयो,' उनले भनिन्, 'केही वर्ष सामूहिक च्याउखेती गर्यौं, आफ्नै जग्गा नहुँदा फस्टाएन, त्यसैले छुट्टिएर घरघरमा च्याउखेती गर्ने निर्णयमा पुगेका हौं ।' उनले सिजनमा ५० हजार रुपैयाँम्म आम्दानी गरिरहेको बताइन् । उनका अनुसार च्याउ खेती गर्न थालेपछि घरखर्च टार्न र छोराछोरी पढाउन सजिलो भएको छ ।

आफ्नै जग्गा नहुँदा ठूलो परिणाममा च्याउखेती गर्न नसकिएको बादी महिलाको गुनासो छ । जनता आवास कार्यक्रममार्फत निर्माण गरिएका दुई कोठे भवनमध्ये उनका अनुसार आफूहरूको आम्दानी देखेर अन्य समुदायका महिलाले समेत च्याउखेती गर्न थालेका छन् ।

शान्तिनगरमा २९ बादी परिवार बस्दै आएका छन् । त्यसमध्ये दुई दर्जन बढी घरधुरीमा च्याउ उत्पादन हुन्छ । बादी समुदायका अधिकांश पुरुषले श्रीनगर र एउटा कोठामा च्याउखेती गर्ने गरिएको स्थानीय निर्मला बादीले बताइन् । स्थानीय देवी बादीले च्याउबाट आम्दानी हुन थालेपछि सामूहिक रुपमा केही रकम बचत गर्दै आइरहेको बताइन् । उनका अनुसार सरकारी सहयोग नहुँदा च्याउखेती फस्टाउन सकेको छैन ।

हेलो नेपालको टावर तोडफोड

सल्यान (कास)- सिद्धकुमाख र कुमाख गाउँपालिका सीमाको कुमाख लेकमा जडान गरिएको हेलो मोबाइलको टावरमा तोडफोड गरिएको छ । पहिचान नभएको समूहले टावर तोडफोड गर्दै १९ थान सोलार प्यानल चोरी गरेको हो ।

नेपाल दूरसञ्चार प्राधिकरणले नेपाल स्याटेलाइट टेलिकमको अनुमतिपत्र खारेज गरिदिएपछि लामो समयदेखि टावर बन्द थियो । टावरको सुरक्षा गर्दै आएका चौकीदारले समेत तलब नपाएको भन्दै वर्षदिनअघि काम छाडेका थिए । चौकीदारले छोडेपछि अलपत्र परेको टावर तोडफोड गरिएको हो । स्थानीय शेरबहादुर डाँगीका अनुसार टावर तोडफोड र सामान चोरी हुनेको पहिचान खुलेको छैन ।

टावरका चौकिदार तिलक चलाउनेले कम्पनीको बेवास्ताले लामो समयदेखि अलपत्र टावर तोडफोड भएको बताए । प्राधिकरणले रोयल्टी तथा नवीकरण शुल्क बापतको ८० करोड रुपैयाँ नबुझाएपछि कम्पनीको दर्ता खारेज गरिदिएको थियो । ग्रामीण क्षेत्रमा सेवा सञ्चालन गर्नेगरी अनुमति पाएको कम्पनीले २०६४ फागुनमा जिल्लाका विभिन्न स्थानमा टावर स्थापना गरेको थियो । हेलो नेपालले जिल्लाका अन्य ठाउँमा समेत स्थापना गरेका टावर कम्पनीकै बेवास्ताका कारण अलपत्र परेका छन् ।

सिमकोट विमानस्थलमा अग्निवाहन

हुम्ला विमानस्थलमा सेनाको हेलिकप्टरबाट ल्याइएको अग्निवाहन । तस्बिर : छपाल लामा/कान्तिपुर

हुम्ला (कास)- सिमकोट विमानस्थलमा आगलागी नियन्त्रण गर्न अग्निवाहन ल्याइएको छ । नेपाल नागरिक उड्डयन प्रधिकरणले हुम्ला विमानस्थललाई प्रदान गरेको अग्निवाहन सेनाको हेलिकप्टरबाट सिमकोट पुगेको हो ।

अग्निवाहन अष्ट्रेलियाबाट भारतको कलकत्ता हुँदै सिमकोट पुऱ्याइएको हो । यसअघि विमानस्थल र आसपासका क्षेत्रमा आगलागी हुँदा नियन्त्रण गर्ने साधन नहुँदा समस्या हुने गरेको थियो । हुम्ला विमानस्थल आगलागीका लागि जोखिमपूर्ण मानिन्छ । जहाज दुर्घटना हुँदा हुने आगलागी नियन्त्रणका लागि वाहन महत्त्वपूर्ण हुने हुम्ला नागरिक उड्डयन कार्यालयका प्रमुख गौरीशंकर शाहले बताए ।

उनका अनुसार अग्निवाहन खरिद र ढुवानीमा झन्डै १२ करोड रुपैयाँ खर्च भएको छ । 'यसअघि विमानस्थल र आसपासका क्षेत्रमा आगलागी हुँदा परम्परागत प्रविधिबाट आगो निभाइने गरिएको थियो, जसबाट ठूलो क्षति हुँदै आएको थियो,' उनले भने, 'अब कुनै आकस्मिक घटना भए नियन्त्रणमा सहज हुनेछ ।'

उपाधि साइक्वारी युवालाई

कालीकोटको मान्म बजारमा सञ्चालन भइरहेको कर्णाली प्रदेश स्तरीय भलिबल प्रतियोगितामा प्रतिस्पर्धा गर्दै सुर्खेत र कालीकोटको नरहरिनाथका खेलाडी । तस्बिर : तुलाराम पाण्डे/कान्तिपुर

डोल्पा (कास)- सदरमुकाम दुनैमा आयोजना गरिएको खुला भलिबल प्रतियोगितामा माझपालस्थित साइक्वारी युवा क्लब विजयी भएको छ । बिहीबार भएको फाइनल स्पर्धामा पुल्चिङ युवा क्लबलाई हराउँदै साइक्वारीले पहिलो स्थान हात पारेको हो ।

दुर्गाउ युवा समितिले आयोजना गरेको जिल्लास्तरीय भलिबल प्रतियोगितामा जिल्लाभरका एक दर्जन समूहले सहभागिता जनाएका थिए । प्रथम स्थान हासिल गर्दै साइक्वारीले ५१ हजार रुपैयाँ प्राप्त गऱ्यो । पुल्चिङ युवा क्लब ३० हजार रुपैयाँ पाउँदै दोस्रो भयो । तेस्रो भएको यार्चा स्पोर्ट क्लबले २० हजार रुपैयाँ पायो । समितिका अनुसार फुल्चिङका भीम चलाउने उत्कृष्ट र रुद्रमान बोहोरा अनुशासित खेलाडी घोषित भए । विजयी खेलाडीलाई ठूलीभेरी नगरपालिका ६ का वडाध्यक्ष धर्मलाल बुढा, समितिका अध्यक्ष जनक कार्कीलगायतले पुरस्कार, मेडल र प्रमाणपत्र प्रदान गरे ।

भर्ना सम्बन्धी सूचना

शैक्षिक सत्र २०७६/०७७ को लागी निम्न नेपालगञ्जका कलेजहरुमा तल उल्लेखित कार्यक्रमहरुमा भर्ना खुल्यो ।

सि.नं.	संस्थाको नाम र ठेगाना	कार्यक्रम	वर्ष	सम्पर्क फोन नं.
१.	कैलपाल हस्पिटल एण्ड कलेज, नेपालगञ्ज–१०, बाँके	PCL in Radiography	३ वर्षे	०८१-५२१०१७ ०८१-५२६२७५ ९८५८०२४६४८
		PLC in Lab Technician	३ वर्षे	
		TSLC Computer Engineers	१८ महिने	
२.	कलेज अफ अलाईड टेक्निकल साईन्स, नेपालगन्ज बाँके	Civil Engineers	३ वर्षे	०८१-५२७५४६ ०८१-५२८२६० ९८४८०३३०६६ ९८४८०९१०३७
		PCL in lab Technician	३ वर्षे	
		Amin	१८ महिने	
		Civil-Sub Oversees	१८ महिने	
		Lab Assistant	१८ महिने	

फारम बुझाउने अन्तिम मिति (प्रमाणपत्र तह): २०७६ कार्त्तिक १ गते सम्म ।
TSLC तह : २०७६ कार्त्तिक ३ गते सम्म ।
प्रवेश परीक्षा मिति (प्रमाणपत्र तह): २०७६ कार्त्तिक १४ गते बिहान ८:०० बजे
TSLC तह : २०७६ कार्त्तिक १४ गते दिउँसो २:०० बजे

शैक्षिक योग्यता:
प्रमाणपत्र तह : SEE परिक्षामा अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषयमा C ग्रेड प्राप्त गरी GPA न्यूनतम २ प्राप्त गरेको ।
TSLC तह : SEE परीक्षामा न्यूनतम E ग्रेड प्राप्त गरेको ।
नोट : शनिवार पनि कार्यालय खुला रहने छ ।

KANTIPUR PUBLICATIONS PVT. LTD.

सम्पर्क:
निरञ्जन रेग्मी
९८०१२२८४७६
पाल्पा, बुटवल, लैरहवा, नवलपरासी
चितवन, हेटौंडा
niranjan.regmi@kmg.com.np

महेन्द्र ढुङ्गाना
९८०१२२८४७७
पोखरा, स्याङ्जा, दमौली, बाग्लुङ
म्याग्दी, गोरखा, लमजुङ, मनाङ, मुस्ताङ
mahendra.dhungana@kmg.com.np

विजय कार्की
९८५५४८२७८
नेपालगञ्ज, घनगढी, सुर्खेत, दाङ
bijay.karki@kmg.com.np

दिपक ठाकुर-प्रदेश २
९८०१००८८०९
जनकपुर, बीरगञ्ज, लाहान, राजविराज, सर्लाही,
deepak.thakur@kmg.com.np

विपिन निरौला
९८०१२२८४४९
विराटनगर, इटहरी, दमक
बिर्तामोड, इनरुवा, इलाम, पाँचथर,
सङ्खुवासभा, ताप्लेजुङ, धरान,
धनकुटा, भोजपुर, सोलुखुम्बु,
ओखलढुङ्गा, गाईघाट,
खोटाङ
bipin.niraula@kmg.com.np

कान्तिपुरमा विज्ञापन
तपाईंको प्रदेशमा सजिलै, सुलभ दरमा

कान्तिपुर राष्ट्रिय दैनिकमा विज्ञापन
गर्नुहोस् तपाईंकै प्रदेशबाट सुलभ दरमा



ENJOY DOLBY ATMOS SOUND
BIG Movies
NOW SHOWING



JOKER : 9:00 AM, 10:45 AM, 3:45 PM, 5:15 PM
KABADDI KABADDI KABADDI : 2:00 PM
ZOMBIELAND : DOUBLE TAP : 11:45 AM
CHA MAYA CHAPAKKAI : 11:15 AM, 2:15 PM, 6:15 PM, 7:45 PM, 9:15 PM,
WAR : 8:00 AM, 5:00 PM, 8:30 PM
3D MALEFICENT : MISTRESS OF EVIL: 8:15 AM, 1:15 PM

4011643/45, 01-2112233
NLIC City Centre Kamalpokhari, Kathmandu
www.bigmovies.com.np
facebook/bigmoviesnepal
Wednesday & Thursdays
At Rs. 185*
* Conditions apply

QFX cinemas NEXT CHANGE
For booking and updated info:
Kathmandu: 01-4442220
Narayanghat: 056-522079
Nepalgunj: 081-411330
Pokhara: 061-522630/47
Birtamode: 023-543083
qfxcinemas.com

BG Mall
BSR MOVIES
FIRST TIME IN NEPAL
DOLBY ATMOS SOUND
For booking: 01-4362712
Gongabu, Kathmandu
www.facebook.com/bsrmoviesnepal
www.bsrmovies.com

NOW SHOWING



CURRENT SHOWTIME

MOVIES	ATMOS 1	ATMOS 2
CHA MAYA CHHAPAKKI	8:00 am | 1:45 pm | 5:00 pm	2:30 pm | 8:30 pm
3D: MALEFICENT	11:00 am	
ZOMBIELAND: DOUBLE TAP		11:30 am
JOKER	8:00 pm	8:30 am
WAR		5:30 pm

XTENDED SUPER DAYS TUESDAY Et WEDNESDAY -190 ALL DAY LONG
BSR owns the rights to change the show time

Showing Time
8:20, 11:20, 2:20, 5:20
GUNA GROUP गुण सिनेमा हल प्रा. लि.
Guna Cinema P. Ltd.

• War • छ माया छ पक्कै • काले दाई
• रातो टिका • कबड्डि कबड्डि
• हिरो नम्बर १ • लक्ष्मी रानी
• छ माया छ पक्कै • लक्ष्मी रानी
• रातो टिका निदारमा • साहो • War
• कबड्डी कबड्डी ३ • मारुनी

तपाईको आज

मेष	पुण्य आर्जन	तुला	पूण्य आर्जन
वृष	धन आर्जन	वृश्चिक	आलस्यता
मिथुन	प्रशन्नता	धनु	मित्र भेट
कर्कट	केही लाभ	मकर	अस्वस्थता
सिंह	कार्य सफल	कुम्भ	अभिलाषा पूर्ण
कन्या	मिष्ठान्न भोजन	मीन	द्विविधा बढ्ने

भोलिको पात्रो

विक्रम संवत् २०७६ साल कार्तिक ३ गते आइतबार तदनुरुप २० अक्टोबर २०१९ कार्तिक कृष्णपक्ष सप्तमी तिथि रात्रिको २:५८ बजेसम्म उप्रान्त अष्टमी तिथि, आर्द्रा नक्षत्र दिनको ३:३८ बजेसम्म उप्रान्त पुनर्वसु नक्षत्र, शिव योग रात्रिको ११:१४ बजेसम्म उप्रान्त सिद्ध योग, भद्रा करण दिनको ३:४० बजेसम्म उप्रान्त बब करण, मिथुन राशिमा चन्द्रमा ।

ज्यो. रामप्रसाद सिटौला

कान्तिपुर टेलिभिजन

५:००	भक्तिसुर
५:३०	आध्यात्मिक सन्देश
६:००	जीवन विज्ञान
६:३०	मार्गदर्शन (लाइभ)
७:००	कान्तिपुर समाचार
८:००	गृहमन्त्रि नेपाल
८:३०	कान्तिपुर न्यूज
८:००	हर्के हल्दार (रिपिट)
१०:००	कान्तिपुर समाचार
१०:३०	मनी टक्स (रिपिट)
११:००	कान्तिपुर न्यूज
११:३०	यू एण्ड आई (रिपिट)
१२:००	कान्तिपुर समाचार
१२:३०	सरोकार (रिपिट)
१:३०	कान्तिपुर समाचार
२:००	मृगी
४:००	कान्तिपुर समाचार
४:३०	यू एण्ड आई (रिपिट)
५:००	कल कान्तिपुर
६:००	कान्तिपुर न्यूज
६:३०	हियर्ज द् लाइफ
७:००	कान्तिपुर समाचार
७:३०	प्रदेश विशेष (लाइभ)
८:००	कान्तिपुर समाचार
८:००	आउन मस□ञ स्याउन
१०:००	हियर्ज द् लाइफ (रिपिट)
१०:३०	कान्तिपुर न्यूज
११:००	प्रदेश विशेष (रिपिट)
११:३०	कान्तिपुर समाचार
१२:००	कल कान्तिपुर रिपोटेड
१:००	कान्तिपुर न्यूज रिपोटेड
१:३०	हियर्ज द् लाइफ (रिपिट)
२:००	कान्तिपुर समाचार (रिपीट ९)
२:३०	मार्गदर्शन (रिपिट)
३:००	कल कान्तिपुर रिपोटेड
४:००	आउन मस□ञ स्याउन (रिपिट)

रेडियो कान्तिपुर रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

00:०५	भक्ति अनुष्ठान (बालचन्द्र)
0६:३०	कान्तिपुर डायरी
0७:००	द हेडलाइनर्स
0७:३०	विज्ञान प्रविधि (नाष्ट)
0८:००	डेअलपमेन्ट एन्ड इकोनोमिक्स डायरी
0८:०५	द ग्रुडमर्निङ शो (मूपेन्द्र)
0८:३०	ओल्ड इज गोल्ड
0९:००	कान्तिपुर डायरी
0९:९०	ट्राफिक अपडेट
0९:५५	राष्ट्रिय गीत
0९:२०	घुम्ने मेच (डिनेश डिसी)
९०:००	स्पोर्टस् डायरी
९०:०५	गजब छ बा (दुर्गाराज)
९१:००	आर्ट एन्ड इन्टरटेनमेन्ट डायरी
९१:०५	गोल्स् पिपुल प्लेे (प्रिंयंका)
९२:००	कान्तिपुर डायरी
९२:१०	टप टेन (धलिसा)
९३:००	डिस्ट्रिक डायरी
९३:०५	सेलिब्रेटी आवर (रस्मिला)
९४:००	इन्टरनेसनल डायरी
९४:०५	किक स्टार्ट (सञ्जय गुप्ता)
९५:००	कान्तिपुर डायरी
९५:५५	राइवार (नन्दकुमार)
९६:००	हेल्थ एन्ड ग्रुजुकेसन डायरी
९६:०५	विवक फिक्स (रिमता/धलिसा)
९७:००	डिष्ट्रिक्ट डायरी
९७:०५	म्युजिक लाउन्ज (राजेश पाण्डे)
९८:००	ज्योतिश दर्शन (शिवराज)
९८:३०	कान्तिपुर डायरी
९९:००	काठमान्डु बीट (साजारिका)
२०:००	सेक्चुरिटी एन्ड क्राइम डायरी
२०:०५	रक मेसिन (मानस्मी वान्तवा)
२१:००	कान्तिपुर डायरी
२१:२५	न्युज मेकर अफ द डे
२१:३०	हेलो मिथिला (धिरेन्द्र/रुपा)
२३:००	सो टाइम (स्वर्ण)
२४:००	टप टेन (धलिसा)
२४:९०	म अनि मेरो कथा (शुभ)
०२:००	नेपाली गीतहरु लगातार
०३:००	हिन्दी गीतहरु लगातार
०८:००	भजनहरु लगातार

अस्पताल र विविध

सुर्खेतका महत्वपूर्ण टेलिफोन नम्बर
मध्यपश्चिमाञ्चल क्षेत्रीय अस्पताल ५२०२००
जिल्ला प्रहरी कार्यालय ५२०१९९
नेपाल रेडक्रस सोसाइटी (एम्बुलेन्स सेवा) ५२०३९०
क्षेत्रीय अस्पताल एम्बुलेन्स ९८४८०६३५२०
महेन्द्रनगरका महत्वपूर्ण टेलिफोन
महाकाली अञ्चल अस्पताल ५२०१११
जिल्ला प्रहरी कार्यालय ५२१२००
नेपाल रेडक्रस तथा एम्बुलेन्स सेवा ५२०२७८
जिल्ला प्रशासन कार्यालय ५२१९०२
कैलालीका महत्वपूर्ण टेलिफोन
सेती अञ्चल अस्पताल ५२१२७१
जिल्ला प्रहरी कार्यालय ५२१९५०
नेपाल रेडक्रस तथा एम्बुलेन्स सेवा ५२१४००
जिल्ला प्रशासन कार्यालय ५२१९०१
टीकापुर अस्पताल ५६०१५०
क्षेत्रीय अस्पताल ०८३-५२०२००
सुर्खेत विमानस्थल ०८३-५२०१३२
कञ्चनपुर
महाकाली अञ्चल अस्पताल महेन्द्रनगर ०९९-५२१११९
रेडक्रस एम्बुलेन्स ५२१२५८/५२३९८३
जिल्ला प्रशासन कार्यालय, कञ्चनपुर ५२१९०९/५२२४०६
जिल्ला प्रहरी कार्यालय १००/५२१२००
डोटी
सुदूरपश्चिम क्षेत्रीय प्रशासन कार्यालय ०९४-४४०३१०
जिल्ला प्रशासन कार्यालय डोटी ४२०१३३
जिल्ला प्रहरी डोटी कन्ट्रोल ९८५८४४०१९९/४२०२०४
जिल्ला अस्पताल ४२००१९
जिल्ला अस्पताल एम्बुलेन्स ९८४८५२५५५०
डडेल्धुरा
जिल्ला प्रहरी ०९६-४२०१९९
जाजरकोट
जिल्ला प्रहरी कार्यालय- ०८९-४३०१३९, ९८५८०४५५५५
अस्पताल- ०८९४३०१८८
एम्बुलेन्स ९८५५०९३०
रेडक्रस एम्बुलेन्स ०८९४३००४२, ९८४४७००२६४
कालिकोट
प्रहरी ०८७-४४०१९३, ९८५८३३५५५५
जुम्ला
प्रहरी ०८७-५२००९३, ०८७-५२०१९३
शिक्षण अस्पताल ०८७-५२०३५५, ५२००१५
एम्बुलेन्स ९७४८२४९६६६
दैलेख
जिल्ला प्रहरी कार्यालय ०८९-४२०१२५,९८५८०५५५५५
अस्पताल ०८९-४१०२७७
एम्बुलेन्स ०८९-४१०१८५, ९८४८१६५९८२
पश्चिम रुकुम
जिल्ला प्रहरी कार्यालय ०८८५३०१८७
जिल्ला अस्पताल ०८८५३०२४७, ०८८५३०१५५
एम्बुलेन्स ९८०१५८५८५५
हुम्ला
प्रहरी ०८७-४८००३/ ०८७४८००९९
अस्पताल ०८७-४८००२४
विमानस्थल ९८५१०७३०५२
डोल्पा
जिल्ला प्रहरी कार्यालय ०८७-५५००५५, ९८५८३०५५५५
मुगु
प्रहरी ०८७-४४००९२
अस्पताल ०८७-४४०१३०
एम्बुलेन्स ९८४८३२०६६६
सल्यान
प्रहरी ०८८-५२००७०, ९८५७८४५५५५
अस्पताल ०८८-५२००८२
एम्बुलेन्स/रेडक्रस ९८४७८३२७३८/०८८-५२००७४

प्रहरी र एम्बुलेन्स

प्रहरी कन्ट्रोल	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२६९२४५/४२६४७२०
जिल्ला प्रहरी (ललितपुर)	५५२२२०६
जिल्ला प्रहरी (भक्तपुर)	६६१४८२९
आकस्मिक प्रहरी सेवा	४२२६२२२
ट्राफिक प्रहरी	१०३
दमकल	१०१
श्री सत्य साई निःशुल्क एम्बुलेन्स/शववाहन	४४२८०३५
सुमेरु एम्बुलेन्स सेवा	०१ ५५५५५०,९७५१०४६५५०
परोपकार एम्बुलेन्स सेवा	४२६०८५२
बिशालबजार एम्बुलेन्स सेवा	४२४४१२१
रेडक्रस एम्बुलेन्स सेवा	४२२८०२६
ललितपुर रेडक्रस एम्बुलेन्स सेवा	५५४५६६६
अग्रवाल सेवा केन्द्र	४४२४८७५

शवबाहन र विविध

नेपाल चेम्बर अफ कमर्स	४२३०२१३
पशुपति आर्यघाट सेवा केन्द्र	४४९२२९२
देव कर्नर नि:शुल्क सवबाहन सेवा	४४३४०२३
बाल हेल्पलाइन नेपाल	१०९८
बालबालिका खोजतलास समन्वय केन्द्र	५०४/४२४८०८६
नेपाल मिटर दबाबकरी संघ	४२२४३७४

कान्तिपुर सम्पर्क ☎ जिज्ञासा, सुझाव तथा गुनासाहरुका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)

कालीगण्डकीमा पर्यटकको लर्को

विदेशीले असोज पहिलो सातामै टिकट बुकिङ गरेको भए पनि कालीगण्डकीमा पानीको सतह नघटेपछि जलयात्रा ढिलो सुरू भएको हो

कालीगण्डकीमा च्याफ्टिङ गरिँदै । मनसुन सकिएर पानीको बहाव घटेसँगै कालीगण्डकीमा जलयात्रा सुरु भएको छ । तस्बिर : अगन्धर/कान्तिपुर

■ **अगन्धर तिवारी** (पर्वत)

मनसुन सकिएर पानीको बहाव घटेसँगै कालीगण्डकीमा जलयात्रा (च्याफ्टिङ) सुरु भएको छ । अघिल्ला वर्षमा भदौको अन्तिम सातादेखि नै हुने जलयात्रा यो पटक मनसुन ढिलासम्म सक्रिय भएका कारण एक महिना पछि सुरु भएको हो ।

कालीगण्डकी आन्तरिकभन्दा बढी बाह्य पर्यटकको रोजाइमा पर्छ । विदेशीले यसलाई पारिवारिक जलयात्रा (फेमिली रिभर) को उत्तम गन्तव्यका रूपमा ठान्दै आएका छन् । दसैंलगत्तै कालीगण्डकीमा जलयात्रा गराउन विभिन्न कम्पनीले विदेशी ल्याउन थालेका हुन् । कालीगण्डकीलाई जलयात्रामा अधिक बढी रुचाउनेमा इजरायल, स्पेन, नेदरल्यान्डलगायत केही अमेरिका र चिनियाँ पर्यटक छन् । पर्वतको कुस्मा-१ नयाँपुलमा ३ वर्षदेखि च्याफिङ कम्पनी सञ्चालन गरेका होम पुनका अनुसार गत सातादेखि च्याफिङमा आउने विदेशीको चाप बढ्दो छ । 'बुकिङ धेरै पहिलादेखि भइरहेको थियो,' पुनले भने, 'पानी नघटेकाले रोकेका थियौं । दसैंलगत्तै सुरु गरिएको छ ।' यो साता पोखराका विभिन्न च्याफिङ व्यवसायी नयाँपुलबाट मोदीवेणी-त्रिवेणी-मिर्मी हुँदै जलयात्रा गरिसकेको उनले बताए ।

विदेशीले असोजको पहिलो सातामै च्याफ्टिङका लागि टिकट बुकिङ गरेको भए पनि कालीगण्डकीमा पानीको सतह नघटेपछि गत सातादेखि मात्रै जलयात्रा सुरु गरिएको हो । बुधबार र बिहीबार दुई समूह लिएर आएका रेड स्विसा च्याफिङ कम्पनीका सञ्चालकले ३ दिनको प्याकेज सकेर फर्किएको बताए ।

च्याफिङ कम्पनी सञ्चालक अर्जुन दाहालका अनुसार यो सिजनमा आउनेमध्ये धेरै विदेशीले कालीगण्डकीलाई रोज्छन् । 'विदेशी प्रकृतिमा रमाउन खोज्छन्,' दाहालले भने, 'यहाँका प्राकृतिक दृश्य नै उनीहरूका रोजाइ बन्ने गरेका छन् ।' कालीगण्डकीले बनाएको गहिरो गल्छीबाट आकाश हेर्दा छुट्टै मनोरन्जन हुने अनुभव आफूले पनि गरेको उनले बताए । कालीगण्डकीमा असोज, कात्तिक, मंसिर, फागुन, चैत, वैशाख विदेशीले जलयात्राका लागि बढी रुचाउने महिना हुन् । यो सिजनमा जाडो कम हुने भएकाले जलयात्रा गराउन सहज हुने च्याफ्टिङ गाइड बताउँछन् । त्यसमध्ये नदीमा पानीको सतह बढी हुने सिजन हुँदा असोजदेखि मंसिरसम्म जलयात्रा व्यवसाय बढी चल्ने एल्लो स्विसा च्याफ्टिङ कम्पनीका प्रबन्धक गणेश गुरुङले बताए । छोटो समयमा पनि भरपुर मनोरन्जन लिन सकिने भएकाले विदेशीले कालीगण्डकीलाई 'सर्ट एन्ड स्विट च्याफ्टिङ स्पर्ट' का रूपमा लिने उनले बताए ।

पोखराकै कर्मफाइटस कम्पनीका प्रबन्धक रेणुका कार्कीका अनुसार पछिल्लो समय कालीगण्डकीमा च्याफिङका लागि बुकिङ गर्नेको संख्या बढ्दो छ । 'पहिला अरू नदीमा धेरैले बुकिङ गर्थे,' कार्कीले भनिन्, 'अहिले कालीगण्डकीका बढी छन् । परिवारमा आउने धेरैले कालीगण्डकी रोज्छन् ।'

पोखराका दर्जनभन्द बढी च्याफ्टिङ व्यवसायीले कालीगण्डकीमा मात्रै बर्सेनि ५ हजार बढी विदेशीलाई जलयात्रा गराउँदै आएको एल्लो कालीगण्डकी रिभरबीच क्याम्पका सञ्चालक पुनले बताए । तीन वर्षअघि नयाँपुलमा सञ्चालित च्याफिङ क्याम्पका सञ्चालक पुनले पोखराका विभिन्न कम्पनीसँगको सहकार्यमा च्याफ्टिङ गराउँछन् । कम्पनीले पर्यटक विदेशी पर्यटकलाई लक्षित गरी रेस्टुरेन्टसमेत सञ्चालन गरेको छ । क्याम्पले मालढुंगा र खनियाघाटबाट नयाँपुलसम्म आन्तरिक पर्यटकलाई लक्षित गरेर छोटो दूरीको जलयात्रा पनि गराउँदै आएको छ । 'छोटो दूरीमा आन्तरिक पर्यटक धेरै हुन्छन्,' उनले भने, 'विदेशीले बास बस्न रुचाउँछन् ।'

पर्वतको पाडस्थित नयाँपुलबाट सुरु हुने यात्राको पहिलो दिन कुस्मा र बलेवाको सिमाना मोदीवेनीमा पुगेर बास बस्छन् । दोस्रो दिन रानीपानी र बागलुङको सीमास्थित बेलबगरमा बास बसेपछि तेस्रो दिनमा स्याङ्जाको मिर्मी पुगेर यात्रा टुंगिन्छ । कालीगण्डकी किनारको सरसफाइ, पिउनेपानी, विश्रामस्थल, शौचालय लगायतका पूर्वाधारको अभाव रहेको व्यवसायीको गुनासो छ ।

बुर्काबाट बाहिरिँदा....

■ **सुम्निमा चाम्लिङ** (इटहरी)

अरू समुदायसँग घुलमिल गर्न नपाइने । घरबाहिर निस्कन कडा नियम । कतै जानुपर्ने भए कालो बुर्का वा हिजाब लगाएर मात्रै निस्कनुपर्ने । त्यो पनि परिवारको अनुमति लिएर । थुप्रै समुदाय मिलेर बसेको समाजमा आफूजस्तै अरूले पर्दा बाहिर निस्कन पाएका छन्, मुस्लिम महिलाका लागि नियम कडा छन् । कतिपय मुस्लिम महिलाले भने यस्तो समस्या झेल्दै साहसका साथ सामाजिक काममा आफूलाई समर्पित गरिरहेका छन् । यसको उदाहरण बनेकी छन्-इनरुवा बबिया चोककी ३८ वर्षीया सहजादी प्रवीन ।

डेढ दशकदेखि महिला अधिकारका क्षेत्रमा सक्रिय उनी पूर्वाञ्चल महिला मानव अधिकार सञ्जालकी सदस्य हुन् । हरेक क्षेत्रमा मुस्लिम महिलाको न्यून उपस्थित रहेको अवस्थामा विवाहित महिलालाई घरबाहिर निस्कनु चानचुने कुरा होइन । समाज र परिवारको डर पालेर आफ्नो आकांक्षा मार्ने कैयौं मुस्लिम महिला छन् । उनी भने सामाजिक काममा मग्न छिन् ।

उनी मोरङको विराटनगरमा हुर्किन् । निजी विद्यालयमा पढ्ने अवसर पाइन् । कक्षा १० मा पढ्दै गर्दा हजुरआमाको अड्डानका कारण उनको १५ वर्षको उमेरमै विवाह भयो । परिवार छोरीका लागि कडा नियम मान्दैनथ्यो । त्यसैले विराटनगरमा हुर्केकी उनलाई बाल्यकालमा मुस्लिम समुदायका कडा नियम पालन गर्नुपरेको थिएन । विवाहपछि निकै बाँधिनुपऱ्यो । ठूलो परिवार भएकाले खाजा र खाना बनाउँदा नै दिन बित्ने गरेको थियो ।

व्यक्तिगत खर्चका लागि समेत परिवारको सदस्याको आस गर्नुपर्ने अवस्था थियो । घरबाट बाहिर आफूखुसी निस्कन पाइँदैनथ्यो । पारिवारिक वातावरण यतिसम्म कडा थियो कि, दैलो बाहिरसम्म जाने आँट महिला सदस्यको हुँदैनथ्यो । उनी भन्छिन्, 'घरको सिकुवासम्म निस्कँदासमेत श्रीमान्ले गाली गर्नुहुन्थ्यो । यस्तो अवस्थामा खुलेर काम गर्ने भन्ने टाढाका कुरा थियो ।'

घरेलु हिंसापीडित उनले एक कठोर निर्णय गरिन् । 'अब चुपचाप बसेर हुँदैन, संघर्ष गर्छु भन्ने निर्णय गरें,' उनले भनिन्, 'घरदेखि बाहिर संसार हेर्ने र महिलाको क्षेत्रमा काम गर्ने चाहना थियो ।' जब उनले संघर्ष गर्ने निर्णय गरेकी थिइन्, त्यहीबेला एक नातेदारले वडामा स्वयंसेविकाको जागिर खुलेको बताए । त्यसका तलबको व्यवस्था थिएन । उनलाई पैसाभन्दा घरदेखि बाहिर निक्लने वातावरण चाहिएको थियो । उनले मौकालाई सदुपयोग गरिन् । घर बाहिर निस्कँदा दोस्रो सन्तान भइसकेको थियो । तीन महिने नानी लिएर तालिम लिन पुगेकी थिइन् । आफूलाई घरबाहिर पनि काम गर्न पाउँदा थप ऊर्जा बढ्दै थियो । महिलाको क्षेत्रमा काम गर्ने संस्थासँग पनि जोडिने मौका पाउन थालिन् ।

घरको कामलाई समेत अघि बढाउँदै आफूलाई अब्बल साबित गर्दै अघि बढ्दै गइन् । सुरुका दिनमा परिवारबाट सहयोग थिएन । तैपनि आत्मविश्वासका साथ कामलाई निरन्तरता दिँदै गइन् । विस्तारै श्रीमान् र परिवारबाट सहयोग मिल्दै गयो । 'अधिकारको क्षेत्रमा काम गर्न थालेपछि वर्कसपहरूमा जानुपर्ने हुन्थ्यो,' उनले भनिन्, 'होटलमा कार्यक्रमहरू हुन्छ, भन्दै फेरि श्रीमान्ले रोक्न खोज्नुभयो । तर मैले विस्तारै

सहजादी प्रवीन

समाज र परिवारको डर नमानी सामाजिक काममा सक्रिय

बुझाएँ ।' स्नातक पूरा गरेका श्रीमान्ले समेत साथ नदिँदा दुःख लाग्ने गरेको उनले बताइन् । कार्यक्रमहरूमा महिला दिदीबहिनीसँग भेट्न पाउँदा महिलाको क्षेत्रमा केही गर्नुपर्छ भन्ने सोच आउने गर्थ्यो । कुनै समय श्रीमान्ले छाडेमा जीवन सकियो ठान्ने बुझेकी सहजादी, हिजोआज महिला हकअधिकारको विषयमा आवाज उठाउँदै आएकी छन् । तीन सन्तानकी आमा उनी अनुभवले खारिएकी छन् । उनको घरमा हिंसापीडित महिला सहयोग मागन आउँछन् । सकेको सहयोग र पैरवी गरिदिने गर्छिन् । आर्थिक रूपमा भरपर्दो नभए पनि काम गर्दा आत्मसन्तुष्टि मिल्ने उनी बताउँछिन् । महिला अधिकारको क्षेत्रमा काम गर्दा राजनीतिक दबाब झेल्नुपरेको अनुभव सुनाइन् । यस्तो अवस्थामा सामूहिक रूपमा समाधान गर्ने गरेको बताइन् । कुनै समय समाजले उनको विरोध गर्ने गर्थे । अचेल त्यही समाज उनलाई देखेर गर्व गर्छन् ।

विदेशी सम्बन्धनका कलेजलाई मापदण्ड

काठमाडौं (कास)- विदेशी शिक्षण संस्थाबाट सम्बन्धन लिएर मापदण्ड पूरा नगरी चलेका कलेज बन्द हुने भएका छन् । विश्वविद्यालय अनुदान आयोगका सदस्यसचिव देवराज अधिकारीको संयोजकत्वमा गठित अध्ययन कार्यदलले भौतिक, शैक्षिकलगायतका पूर्वाधार पूरा नगरेका शिक्षण संस्था बन्द गर्न सुझाव दिएअनुरूप शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले मापदण्ड तयार गरिरहेको छ ।

शिक्षा मन्त्रालयमा दर्ता भएर विदेशी शिक्षण संस्थाबाट सञ्चालित कलेज ९५ वटा छन् । कतिपय कलेजले मन्त्रालयको स्वीकृतिबिनै शैक्षिक कार्यक्रम चलाउँदै आएका छन् । 'मन्त्रालयले विदेशी शिक्षण संस्थाबाट सम्बन्धन लिएर सञ्चालित कलेजका विषयमा मापदण्ड बनाउँदै छ,' उच्चशिक्षा महाशाखाका सहसचिव रामशरण सापकोटाले उनले भने, 'छिट्टै मापदण्ड स्वीकृति गराएर कार्यान्वयनमा जान्छौं ।'

कार्यदलले अध्ययनका क्रममा ती शिक्षण संस्थाको अनुगमनसमेत गरेको थियो । अनुगमनकै आधारमा ए लेभलका कार्यक्रम सञ्चालन गर्ने ९ वटा शिक्षण संस्थालाई बन्द गराउन कार्यदलले सिफारिस गरेको छ । ए लेभल चलाउने शिक्षण संस्थाहरूले शैक्षिक मापदण्ड पूरा नगरेका कारण बन्द गराइने जानकारी सापकोटाले दिए ।

मन्त्रालयले भौतिक पूर्वाधार, शिक्षण गतिविधि, शैक्षिक कार्यक्रम, परीक्षाको स्तरीयता, ल्याब, लाइब्रेरीको अवस्थासमेतलाई मूल्यांकन गर्ने गरी मापदण्ड प्रस्ताव गरेको छ । 'न्यूनतम मापदण्ड पनि पूरा नभए कलेज बन्द गराउनुको विकल्प हुँदैन,' उनले भने, 'मन्त्रालयले तय गरेको नयाँ मापदण्ड पूरा गर्न चाहने कलेजलाई बन्द गराउनुअघि निश्चित समयसीमा दिन सकिन्छ ।'

बाँधले डल्फिन हराउँदै

■ **कमल पन्थी** (बर्दिया)

कर्णाली नदीको भंगालो गेरुवामा डल्फिन देखिन छाडेको छ । नेपाल-भारत सीमा क्षेत्रमा निर्माण गरिएको बाँधका कारण यो जलचर हराउँदै गएको हो । नेपालबाट बगेका डल्फिन गिरीजापुरीमा निर्माण गरिएको बाँधबाट तल भर्छन् । त्यहाँबाट फर्किन सक्दैनन । त्यसको प्रभाव यहाँ देखिएको छ । अहिले कर्णालीमा डल्फिन देखिँदैनन । कोसी, नारायणी र कर्णाली नदीका सीमावर्ती क्षेत्रमा निर्माण गरिएका बाँधले डल्फिन फर्किन नसक्ने वन्यजन्तु विशेषज्ञ डा. शान्तराज ज्ञवालीले बताए ।

'बाँधले डल्फिनलाई समस्यामा पारेको छ,' उनले भने, 'कर्णाली र यसको भंगालोबाट बगेर गएका डल्फिन उच्च जोखिममा छन् ।' निकुञ्जको सीमा हुँदै बग्ने कर्णालीमा सन् १९८० को दशकसम्म सयभन्दा बढी डल्फिन देखिन्थे । अहिले संख्या घटिरहेको छ । केही वर्ष अघिसम्म डल्फिनका लागि पर्याप्त पानी भएको गेरुवामा विचरण गरेको देखिन्थ्यो । ७ वर्ष अघि बर्दिया निकुञ्जले गरेको सर्वेक्षणअनुसार अहिले कर्णालीमा ६ डल्फिन मात्रै छन् । त्यसबेला गेरुवामा जलस्तर बढी थियो । अहिले पश्चिम कर्णालीमा केही डल्फिन रहेको बर्दिया निकुञ्जका सहायक संरक्षण अधिकृत अशोककुमार भण्डारीले बताए । उनका अनुसार ७ वर्ष अघिबाट गेरुवाले धार परिवर्तन गरेपछि पानी कम भएको छ ।

त्यसपछि गेरुवाबाट डल्फिन हराउँदै गएका हुन् । तीन दशक अघिसम्म ठूलो संख्यामा गेरुवामा रहेको डल्फिन अनुगमनको क्रममा गत

नेपालमा नारायणी, कोसीजस्ता ठूला र प्रदूषणले कम छो एका नदीमा डल्फिन पाइए पनि कर्णालीमा लोप हुँदै गएको छ

साउनमा एउटा डल्फिन देखिएको बर्दिया राष्ट्रिय निकुञ्जले जनाएको छ । कर्णालीमा भने ६ वटा फेला परेको छ । लामो अनुसन्धान पछि गेरुवामा हिउँदमा एउटा पनि डल्फिन नभेटिएको निकुञ्जले जनाएको छ । सहायक संरक्षण अधिकृत भण्डारीले गिरीजापुरमा बाँधसँगै गेरुवामा जलस्तर सुक्दै गएपछि डल्फिन देखिन छाडेको हो । जथाभावी माछा मार्ने, गेरुवामा जलस्तर घट्दै गएकाले कर्णालीमा छ वटा डल्फिन रहेको अनुमान स्थानीयको छ ।' निकुञ्ज हुँदै बगेको कर्णाली र यसको भंगालो गेरुवामा चोरी सिकार शुन्य छ । डल्फिनको आहारा प्रजाति घटेको कारणले पनि समस्या भएको वन्यजन्तु विशेषज्ञले दावी गर्छन । विगतमा अवैध रूपमा माछा मार्नु, माछा मार्दा नदीमा विषादी प्रयोग र नेपाल-भारत सीमा बनाइएको गिरीजापुरी बाँध नै डल्फिन लोप हुने प्रमुख कारण भएको स्थानीय संरक्षणकर्मी राम शाहीले बताए । डल्फिनलगायत साना माछामा आश्रित ठुला माछाको प्रजाति पनि लोप हुँदै गएको संरक्षणमा लागेका बताउँछन् ।

स्थानीय भाषामा डल्फिनलाई 'सोस'वा 'ससुवा' भनिने डल्फिन मानिससँग नजिकको मित्रता गाँस्न सक्ने जीवका रूपमा प्रख्यात छ । अत्यन्त बुद्धिमान्, स्तनधारी जीव डल्फिन मानिससँग नजिकको मित्रता गाँस्न सक्ने जीवका रूपमा प्रख्यात छ । अत्यन्त बुद्धिमान्, स्तनधारी जीव डल्फिनको चमत्कारी प्रकृतिमा आधारित भएर धेरै मुलुकमा डल्फिनलाई विभिन्न खेल खेलाइन्छ । नेपालमा नारायणी, कोसीजस्ता ठूला र प्रदूषणले कम छोएका नदीमा डल्फिन पाइए पनि कर्णाली नदीमा डल्फिन प्रायः लोप हुँदै गएको निकुञ्जका कर्मचारीले बताए ।

ठगिएकाहरूले पाएनन् न्याय

■ **विनु तिम्सिना** (विराटनगर)

मोरङको कानेपोखरी-५ का मनीषकुमार राजवंशी क्यानाडा जाने प्रलोभनमा ठगिए । काठमाडौं बसोबास गर्ने असिम गुरुङले क्यानाडा लैजाने भन्दै १३ लाख रुपैयाँ लिएर बेपत्ता भएको उनको भनाइ छ ।

आठ महिनाअघि पैसा लिएर हिँडेका गुरुङ सम्पर्कमा छैनन् । विराटनगरस्थित श्रम कार्यालयमा प्रेम सञ्जेल प्रमुख भएर आएपछि वैदेशिक रोजगारका नाममा ठगिएका आफूजस्ता धेरै पीडितको डुबेको रकम फिर्ता भएको सुनेका राजवंशी श्रम कार्यालय पुगे । भदौ १५ मा श्रम कार्यालयमा उजुरी दिएका उनी कुनै कारबाही नभएपछि निराश छन् । मोरङकै ग्रामथान-५ का हेमनारायण चौधरी पनि मोरिसस पुग्ने प्रलोभनमा ठगीमा परे । सुनसरी इटहरीका विवेक पोखरेलले मोरिसस लगिदिने भन्दै ७ लाख ७० हजार रुपैयाँ लगेको उनले गुनासो गरे ।

चौधरीले भने, 'मोरिसस लाने भन्दै मलाई काठमाडौंमा ३ महिना र दिल्लीमा २ महिना राखियो ।' यसरी महिनौं काठमाडौं र भारतको दिल्लीमा अल्झाएपछि उनले आफू ठगिएको थाहा पाए । दुःख गरेर कमाएको रकम दलालले ठगेपछि उनले पनि श्रम कार्यालयमा उजुरी दिए तर सुनुवाइ भएन । वैदेशिक रोजगारीमा पठाउने भन्दै दलालबाट ठगिएका पीडितहरू दैनिक उजुरी दिन श्रम कार्यालयमा आउँछन् ।

कार्यालयले भने उजुरी नै लिन छाडेको छ । श्रम कार्यालय प्रमुख सञ्जेललाई ठगीका मुद्दा नहेर्न भन्दै श्रम विभागले रोक लगाएपछि पीडितहरू निराश हुँदै फर्कनु परेको हो ।

आफ्नो कार्यकालको छोटो अवधिमै धेरै ठगिएका पीडितको २ करोड १२ लाख बढी ठगी रकम उठाएर प्रशंसा कमाएका सञ्जेललाई श्रम विभागले ठगी मुद्दा नहेर्न भन्दै पत्र पठाएको छ । विभागका निर्देशक राजेश्वर अर्यालले गत वैशाख ३१ मा वैदेशिक रोजगारीको नाममा ठगीएको भन्ने उजुरीमा कुनै कारबाही नगर्न भन्दै चलानी नम्बर २७२२ को पत्रबाट सञ्जेललाई निर्देशन दिएका छन् । त्यसखालका काम जिल्ला प्रशासन कार्यालयबाट हुने पत्रमा उल्लेख छ ।

श्रम तथा रोजगार विभागले पत्र पठाउनुअघि ठगीमा परेको २ करोड १२ लाख रुपैयाँ फिर्ता गराएका छन् भने ५६ लाख रुपैयाँ फर्ता गराउने प्रक्रियामा रहेको सञ्जेलले जनाए । पत्रपछि भने आफूले ठगीका मुद्दा हेर्न नमिल्ने उनले बताए । प्रदेश १ बाहेक अन्य प्रदेशका श्रमले ठगीका मुद्दा नलिएको उनले जनाए ।

शनिबारको

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

ekantipur.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक २३९ गोदावरी | २ कात्तिक २०७६ शनिबार कार्तिक कृष्णपक्ष षष्ठी | नेपाल संवत् ११३९ | सुदूरपश्चिम प्रदेश संस्करण | KANTIPUR, Nepali National Daily, Saturday, October 19, 2019 | पृष्ठ १२+४+८ | १० रुपैयाँ

न्यायको अन्तहीन पर्खाइ



राजनीतिक शक्ति-आडमा दबाइएको बीभत्स हत्याकाण्डको १२ वर्ष

मृतक त्रिलोकका बाबु श्रीनारायण सिंह।
तस्बिर : अंगद ढकाल/कान्तिपुर

■ **जनकराज सापकोटा र शिव पुरी** (रौतहट)

पूर्वपश्चिम राजमार्गको चन्द्रनिगाहपुरबाट ३५ किलोमिटर उत्तर छिरेपछि आउँछ सरुअठा गाउँ। मूलबाटोबाट करिब एक किलोमिटर पूर्व पसेपछि ७९ वर्षीय श्रीनारायण सिंहको घर पुगिन्छ। उमेरको उत्तरार्द्धमा श्रीनारायणसँग सुनाउनुपर्ने विगतका यादभन्दा रातोदिन बल्झिरहने दुःखको घाउ मात्रै छ। उनको दुःखका कथा साविकको राजपुर फरहदवा गाविस-४ हाल राजपुर नगरपालिका-४ मा २०६४ चैत २७ मा घटेको अकल्पनीय घटनाबाट सुरु हुन्छ। फिल्मको झल्को आउने त्यो घटनाको केन्द्रमा जोडिएका नेपाली कांग्रेसका नेता एवं पूर्वमन्त्री मोहम्मद आफताब आलमलाई जिल्ला प्रहरी कार्यालय रौतहटले भर्खरै पक्राउ गरेको छ। आलम पक्राउपछि श्रीनारायणलाई फेरि पुरानो दुःख, छोरा गुमाएपछिका छटपटीका दिन र न्यायका निम्ति १२ वर्ष लामो संघर्षको कथा सुनाउने मेसो मिलेको छ।

पहिलो संविधानसभा निर्वाचनको चहलपहलले देहाती गाउँको चहलपहल हवात्तै बढाइदिएको थियो। रौतहटको निर्वाचन क्षेत्र नम्बर २ मा कांग्रेसका तर्फबाट उम्मेदवार मोहम्मद आफताब आलमको चहलपहल पनि गरमागरम थियो। सीमावर्ती भारतको सीतामढीस्थित राधाकृष्ण गोयन्का कलेजमा बीएस्सी पहिलो वर्षमा पढिरहेका श्रीनारायणका २२ वर्षीय छोरा त्रिलोक बिदामा घर आएका थिए। राम्रो बोल्ने खुबी भएका उनलाई आलमको चुनावी प्रचारमा खटिएकाहरूले घरबाट हिँडाइहाले। त्यो दिनको सम्झना श्रीनारायणलाई झलझली छ। चुनावको २ साताअघि १८ चैतमै आलमका मान्छे आएर छोरालाई घरबाट लगिएको थियो। उनले सुनाए, 'छोरालाई चुनावी प्रचारमा लिएर गएछन् भन्ने थाहा

१२ वर्षपछि आएर पक्राउ गर्न पाइन्छ ?
पृष्ठ २

पाएपछि नै मेरो मन थिरमा थिएन।' श्रीनारायणलाई बम विस्फोटको घटनाभन्दा विस्फोटपछि भएका घटना लुकाउन भएका आततायी गतिविधिले मन भतभती पोलेको छ। उनले घटनाका प्रत्यक्षदर्शी र अन्य गाउँलेबाट थाहा पाए, चुनावको दिन बुथ कब्जा गर्ने उद्देश्यले आलमको सहोदर काका एवं कांग्रेस नेता पूर्वमन्त्री शेख इद्रिसको फरहदवा राजपुरस्थित गोठमा बम बनाउने काम चलिरहेको थियो। प्रहरीका अनुसार आलमका अंगरक्षकको काम गर्ने बलरु भन्ने शेख सराजले सल्काएको चुरोट हातबाट खसेलगत्तै ठूलो आवाजमा धूवाँको मुस्लोसहित बम विस्फोट भएको थियो। प्रहरीका अनुसार घटनापछि सराज सार्वजनिक वृत्तमा देखिएका छैनन्।

कान्तिपुरले घटनाको प्रत्यक्षदर्शी रहेका फरहदवा गाउँका ५ जनासँग गरेको कुराकानीअनुसार विस्फोट लगत्तै रुक्साना खातुनका छोरा ओसी अख्तर र श्रीनारायणका छोरा त्रिलोक सामान्य घाइते भएका थिए। अन्य केही मरणासन्न हुने गरी घाइते भए र केहीको तत्कालै मृत्यु भयो। घटनामा ठ्याक्कै कति जनाको मृत्यु भयो र कति जना घाइतेलाई पोल खुल्ने डरले मारियो भन्ने खुल्दैन। घटनाको अनुसन्धानमा जुटेका जिल्ला प्रहरी कार्यालय रौतहटका एसपी भूपेन्द्र खत्रीले पनि घटनामा ठ्याक्कै कति जना मारिए भन्ने यकिन भइनसकेको बताए। श्रीनारायणले सुनेअनुसार छोरा त्रिलोकलाई खुट्टामा सामान्य चोट मात्रै लागेको थियो। उनले घटनामा २२ जनाजति परेको, बाँचेकाहरूलाई पनि बेहोस हुने इन्जेक्सन दिएर बोरामा हालिएको र राति नै गोठदेखि करिब दुई किलोमिटरको दूरीमा रहेको इँटाभट्टामा हालेर मारिएको दाबी गरे।

बाँकी पृष्ठ २

संवैधानिक इजलासद्वारा प्रदेश कानुनहरू खारेज

कान्तिपुर संवाददाता (काठमाडौं)

संवैधानिक प्रावधानविपरीत बनाइएको ठहर गर्दै सर्वोच्च अदालतले ६ वटा प्रदेशका कानुन खारेज गरेको छ। मुलुक संघीय संरचनामा गएपछि प्रदेश तहबाट जारी भएका कानुनहरू एकमुष्ट खारेज भएको यो पहिलो घटना हो। स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको मासिक पारिश्रमिक तथा ज्यालासहितको सुविधासम्बन्धी कानुन खारेज गरिएका हुन्।

सर्वोच्च अदालतका अनुसार, सातमध्ये प्रदेश १ ले मात्र स्थानीय तहका पदाधिकारी तथा सदस्यले सुविधा (भत्ता) लिन पाउने कानुन निर्माण गरेको छ। अरूले भने पारिश्रमिक नै लिन पाउने गरी कानुन बनाएका थिए। बैठक चलेका बेला मात्रै भत्ता लिन पाइन्छ भने मासिक पारिश्रमिकले

स्थानीय तहका जनप्रतिनिधिले पारिश्रमिक लिन नपाउने

नियमित सुविधा पाउने बाटो खोल्छ। संविधानमा स्थानीय तहका जनप्रतिनिधिलाई पारिश्रमिकको व्यवस्था छैन। गत साता नै सुनुवाइ सकेको संवैधानिक इजलासले शुक्रबार निर्णय सुनाएको हो। प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरासहित न्यायाधीशहरू दीपककुमार कार्की, केदारप्रसाद चालिसे, मीरा खड्का र हरिकृष्ण कार्कीको इजलासले गरेको फैसलाको प्रति भने तयार भइसकेको छैन।

रिट निवेदकको दाबीअनुसार संविधानको धारा १०८ को व्यवस्थाअनुसार प्रतिनिधिसभाका सभामुख र उपसभामुख, राष्ट्रिय सभाका अध्यक्ष र उपाध्यक्ष, समितिका सभापति तथा संघीय संसद्का सदस्यहरूका लागि पारिश्रमिक र सुविधा संघीय कानुनबमोजिम हुनेछ। संविधानको धारा १९६ मा प्रदेशसभाको सभामुख, उपसभामुख तथा सदस्यको पारिश्रमिक र सुविधाको व्यवस्था छ। तर त्यस्तो व्यवस्था प्रादेशिक कानुनबमोजिम हुने संविधानमा उल्लेख छ, स्थानीय तहका जनप्रतिनिधिहरूले तलब पाउने व्यवस्था छैन। 'संविधानको यस व्यवस्थाबमोजिम संघीय संसद्का सदस्यहरू र प्रदेशसभा सदस्यहरूले पारिश्रमिक तथा सुविधासम्बन्धी ऐनहरू जारी गरी लिइरहेका छन्,' निवेदनमा भनिएको थियो।

बाँकी पृष्ठ १४

'मलाई लखेटेर हटाउन सम्भव छैन'

प्रधानमन्त्री केपी शर्मा ओली

विस्तृत अन्तर्वार्ता पृष्ठ ७

दुई अध्यक्ष भने पनि एउटा 'सिनियर' हुन्छ, अर्को 'जुनियर'। तर हामीले एकदम बराबरीको हैसियतमा जस्तो व्यवहार गरेका छौं। संयुक्त अध्यक्षतामा बैठक हुने गरेको छ। प्रचण्डजी नहुँदा मैले कहिल्यै बैठक राखेको छैन। म नहुँदा 'बस्नुपरे बस्नुहोस्, तपाईं नै बैठक राख्नुहोस्' भनेर मैले सिंगापुर जाँदा भनेको हुँ। उहाँलाई उपाध्यक्ष त कसैले भनेन। तर पार्टी चलाउने भनेको एकल रूपमा चलाउने त होइन। दुइटा अध्यक्ष छौं नि!

(सरकारको नेतृत्व आधा-आधा गर्ने) यदि कुनै समझदारी छ भने त्यो समझदारी आएका बेला (कार्यान्वयन) हुने होला नि? यो सरकार अरू कसैलाई हेरेर, अरू कसैको 'लिडरसिप'मा विश्वास गरेर बनेको हो र? यो परिस्थिति मेरो लिडरसिपमा बनेको हो, जसले जे भने पनि। अब मैले छोड्नलाई पनि समझदारी हुनुपर्छ होला। अहिल्यै छोड्ने, भरे नै छोड्नेजस्तो, लखेटेर हटाएजस्तो त होइन होला। मलाई लखेटेर हटाउन सायद सम्भव पनि छैन होला।

अस्थिरता देखिने गरी 'छोडिदिनुपऱ्यो, ल..ल..अब छोडिदिई हाल्नुपऱ्यो!' जतिबेर पनि, जोसँग भेट भए पनि, जहाँ पनि, जसले पनि यो कुरा गर्नुको अर्थ समझदारी खल्बल्याउने प्रयास हो। अमेरिकामा चार वर्षमा चुनाव हुन्छ। 'यो राष्ट्रपति अब एक वर्ष त हो नि' भन्दै कोही हिंड्छ? 'अब समय सिद्धियो' भनेर त हिँड्दैनन् नि! त्यसैले यो अस्थिरता जनाउने खालको कुरा हो। संवैधानिक, कानुनी हिसाबले जे व्यवस्था छ, त्यसलाई अपमान गर्ने, उल्लंघन गर्ने, जनताको अभिमतलाई अवमूल्यन गर्ने कुरा राजनीतिक 'लिडर'हरूले बोलेर हिंड्दैनन्।

उहाँहरूको माओवादीभित्र के-के समस्या परे होलान्। पटक-पटक नयाँ-नयाँ कुरा खोज्ने स्वभाव उहाँहरूको देखियो। सम्झौता, सहमति पनि थपिँदै गए। मलाई त एकता चाहिएको हो। त्यसैले मसँग लचकता हुनु धेरै स्वाभाविक हो। न्यायपूर्ण समाजको निर्माण, सामाजिक न्यायसहितको समृद्धि हासिल गर्ने कुरामा हाम्रो मतभेद छैन। यसो भएपछि अब वैचारिक मतभेद छ भन्ने रहेन। अलिकति दबाब हुन सक्छ। मानिस हो, अलिअलि 'इगो'का प्रश्न हुन सक्छन्।

बर्सेनि हात्तीको त्रास

अन्नबाली जोगाउनै गाह्रो

कञ्चनपुर (कास)- कञ्चनपुरको महाकाली नगरपालिका ३, बडुवाल टोलकी लक्ष्मी रानाले धानबाली भित्र्याउन नपाएको ७/८ वर्ष भयो। उनीसँग आधा बिघा जमिन छ। तर हरेक वर्ष सीमावर्ती भारतको नगरा जंगलबाट आउने हात्तीको बथानले धानबाली नोक्सान गरेर जान्छ।

'यहाँ त धान गहुँ लगाउनु मात्रै हो, भित्र्याउन कहिल्यै पाइदैन,' लक्ष्मीले भनिन्, 'बाली पसाउन थालेदेखि हात्ती वस्तीमा पस्छन्, परालसमेत बाँकी नराखेर फर्किन्छन्।' हात्ती वस्तीमा पसेपछि अन्नबाली त के ज्यान जोगाउन समेत गाह्रो हुने उनले बताइन्। महाकाली नगरपालिकाको विकट वस्तीका रुपमा चिनिने बडुवाल टोलमा १ सय ३८ परिवारको बसोबास छ। हिउँद र बर्खा दुवै सिजनमा हात्तीले बाली नोक्सान गर्दा यहाँका स्थानीयले कतिपय ठाउँमा खेत बाँझै छाडन थालेका छन्।

कञ्चनपुरकै शुक्लाफाँटा नगरपालिका ५ गडजमुनीका नन्द साउँदले पनि लगाएको बाली कहिल्यै भित्र्याउन पाउदैनन्। यस वर्ष पनि १ विघा मध्ये ५ कट्ठाको धान नोक्सान गरेको छ। 'यहाँ बसेदेखि जहिल्यै हात्तीको त्रास छ,' उनले भने। गत वर्ष हात्तीले साँउदको १५ कट्ठाको धानबाली नोक्सान गरे पनि कुनै राहत नपाएको उनको गुनासो छ। प्रहरी मुचुल्कादेखि वडा कार्यालयमा समेत निवेदन दिँदा पनि कुनै राहत सहयोग नपाएको उनले बताए। यसपाली पनि गाउँमा सबैको खेतमा अलि अलि नोक्सान भएको उनले बताए। सबैभन्दा बढी क्षति शुक्लाफाँटा नगरपालिका क्षेत्रमा यस वर्ष हात्तीको बथानले सबैभन्दा बढी क्षति शुक्लाफाँटा नगरपालिकामा गरेको छ। नगरपालिकाका १० वडाका अधिकांश ठाउँमा धानबाली नोक्सान गरेको हो। वडा ८ को पारीफाँटा, वडा १ को बंशाहा लगायत ठाउँमा ठुलो क्षति पुऱ्याएको छ।

शुक्लाफाँटा नगरपालिकाका अनुसार ८८ परिवारको २ सय १० विघा भन्दा बढीको अन्न र तरकारी बाली क्षति पुऱ्याएको छ। 'सबै वडाबाट पुरा विवरण आउन सकेको छैन,' नगर प्रमुख दिलबहादुर ऐरले भने, 'क्षति अझै बढी भएको हुन सक्ने अनुमान गरिएको छ।' उनले शुक्लाफाँटामा वर्षेनी हात्तीले जनधनको क्षति पुऱ्याउदै आएकाले नियन्त्रणका लागि पनि विद्युतिय तारबारलगायत उपायहरू अपनाइएको बताए। भारतको दुधुवा नेसनल पार्कबाट आउने हात्तीको बथान शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज हुदैं निकुञ्जसंग जोडिएको वस्तीमा पस्ने गरेको हो। यस वर्ष शुक्लाफाँटासँगै बेदकोट नगरपालिका १ र २ तथा भीमदत्त नगरपालिका १४ मा पनि क्षति पुऱ्याएको छ। दुधुवा नेसनल पार्कबाट आउने हात्तीको बथानले जिल्लाको दक्षिणी क्षेत्रमा वर्षेनी क्षति हुँदै आएको थियो।

हात्ती आक्रमणबाट एकको मृत्यु

शुक्लाफाँटा नगरपालिका १ मा हात्ती आक्रमणबाट बुधबार बंशाहामा ६५ वर्षिय बलदेव बोहराको मृत्यु भएको हो। उनीसँगै रहेका अर्का स्थानीय नारायण सार्की घाइते भएका छन्। उनको उपचार भईरहेको छ। यसअघि ५ वर्षको अवधीमा लालझाडी गाउँपालिका, महाकाली नगरपालिका र पुनर्वास नगरपालिकामा १/१ गरी हात्तीको आक्रमणबाट ३ जनाको मृत्यु भईसकेको छ। वर्षेनी हात्तीले ज्यान लिने गरेपनि रोकथामका उपायहरूमा खासै ध्यान नपुगेको स्थानीयको आरोप छ।

बोकिएरै अस्पताल

स्वास्थ्य केन्द्रमा स्ट्रेचरसमेत नहुँदा बिरामीलाई अस्पताल पुऱ्याउनै सकस

स्ट्रेचर नहुँदा जिल्ला अस्पतालसम्म बिरामी बोकेर लैजाँदै स्थानीय। तस्बिर : मेनुका/कान्तिपुर

■ **मेनुका ढुंगाना** (अछाम)

मंगलसेन नगरपालिका ३ कि ७५ वर्षीय झुमा विकको मंगलबार राति अचानक श्वास रोकियो। घरमा उनका २ नातिनि, ३ नाती र बुहारी मात्रै थिए। ससाना केटाकेटी र बुहारी मात्रै घरमा भएकाले राती झुमालाइ अस्पताल पुऱ्याउन सम्भव भएन। उनका एकमात्र छोरा उमेश कामको सिलसिलामा भारत (मुम्बई) मा छन्। घरेलु उपचार गरी जसोतसो त्यो रात काटियो।

बिहान उनकी बुहारी जौमती गाउँमा स्ट्रेचर र अस्पताल लगिदिने मान्छे खोज्न गइन्। धेरैपछि अस्पतालसम्म बोकिदिने ४ जना मान्छे त भेटिन्, तर बिरामी बोक्ने स्ट्रेचर पाइनन्। सदरमुकामको जिल्ला अस्पतालबाट टाढा रहेको गाउँबाट बोकेर लैजान धेरै सकस परे पनि उनकि बुहारी जौमती र भतिजा शंकरले बिहान ११ बजे मात्रै जेनतेन जिल्ला अस्पताल पुऱ्याए। त्यतिखेरसम्म बिरामीको अवस्था चिन्ताजनक भइसकेको थियो।

'रातभर रोएर बिताएँ, न त आफ्नो वडामा स्वास्थ्य चौकी छ न त अस्पताल सम्म बोकेर लगिदिने मान्छे पाइन्छन्,' जौमतिले भनिन्, 'स्ट्रेचर नपाउँदा झन् समस्या भयो अघिल्लो रातको २ बजे बिरामी भएकि सासुलाई दोस्रो दिनको ११ बजे अस्पताल पुऱ्याएँ।' बाजुरासँग सीमा जोडिएको साविकको ठाँटि गाविसकि २३ वर्षकि उर्मिला कुवँरलाई सुत्केरी व्यथा लागेको ७ घण्टासम्म पनि स्वास्थ्य संस्था पुऱ्याउन नसक्दा उनले बाटोमानै बच्चा जन्माइन्। बाजुराको रीठा बजार नजिक पर्ने भएकाले जीपको व्यवस्था आधा बाटो सम्म गरेर लगे पनि खोलामा जीप जान नसक्दा उनी त्यहीं बच्चा जन्माउन बाध्य भइन्। उनका श्रीमान रमेश कुँवरले भने ,'एक गाउँको लागि दिइएको स्ट्रेचर २/३ गाउँसम्म प्रयोग हुन थाल्यो, गर्भवती, बालबालिका र वृद्धवृद्धा बिरामी हुँदा ज्यान नै जोखिममा हुन्छ।'

जिल्लाका प्रत्येक ठाउँ सडकले छोएता पनि गाडी चाहिएका बेला उपलब्ध नहुने भएकाले बोकेरै अस्पताल पुऱ्याउनु पर्ने बाध्यता रहेको स्थानीय बताउछन्। पहिले गाउँमा विभिन्न संघसंस्थाले स्ट्रेचर वितरण गर्ने गरेता पनि अहिले भने कसैले वास्ता नगरेको उनीहरूको गुनासो छ। स्थानीयका अनुसार स्वास्थ्य चौकिसम्म पुऱ्याउदा निकै समय लाग्ने र बिरामीको ज्यान जोखीममा हुने गरेको स्थानीयको भनाइ छ।

१० वटा स्थानीय तह रहेको अछामका ९१ वडा मध्ये १२ वडामा कुनै पनि स्वास्थ्य संस्था नहुँदा स्थानीयलाइ सेवा लिन निकै अप्ठेरो भइरहेको छ। स्वास्थ्य कार्यालयका अनुसार अहिले सबै वडामा स्वास्थ्य चौकी भवन बनाउने प्रक्रिया अघि बढेको छ। 'साविकको ७५ गाविसमा ४५ स्ट्रेचर मात्र खरीद गरेर पठाउँदा कुनै ठाउँमा दिने कुनै ठाउँमा नदिने भनेर विवाद पनि भएको हो' स्वास्थ्य कार्यालयका प्रमुख झनक ढुंगानाले भने 'एक स्ट्रेचरलाइ बढीमा ६ महिना सम्म चलाउन सकिने र त्यसपछि च्यातिएर बिरामी बोक्न नमिल्ने हुन्छ।'

बिरामीलाई समयमा स्वास्थ्य चौकी नपुऱ्याउदासमयमै उपचार नपाएर धेरैजसो अन्त रेफर गर्नु पर्ने पर्ने बाध्यता रहेको स्वास्थ्यकर्मीको भनाइ छ। कुनै ठाउँमा विभिन्न संघसंस्थाले स्ट्रेचर खरीद गरिदिए पनि समग्र जिल्लामा स्ट्रेचरको अभाव, स्वास्थ्य संस्थाको अभाव र दरबन्दी अनुसारका स्वास्थ्यकर्मी नहुँदा धेरैले अकालमा ज्यान गुमाउनु स्वास्थ्यकर्मीको भनाइ छ।

निजी वनको उत्पादन उपभोगमा समस्या

■ **वसन्तप्रताप सिंह** (बझाङ)

जयपृथ्वी नगरपालिका १, कैलाशका भिकु खड्काले १५ वर्षअघि माटीबिसौना भन्ने ठाउँमा आफ्नो नाममा दर्ता भएको जग्गामा सल्लाको खेती गरे। सुक्खा र कम उब्जाउ जमिन भएकाले उनले अन्यबाली भन्दा सल्लाको खेती गर्दा फाइदा हुने ठानेर यसो गरेका थिए।

बझाङमा घर तथा फर्निचर निर्माणका लागि सल्लाको काठ अत्याधिक प्रयोग हुने र राम्रै मुल्य पाइने भएकाले उनले सल्लाखेती गरेका थिए। तर गत साउनमा उनले आफ्नो जग्गामा लगाएको सल्लाका रुख काट्न खोज्दा झन्डै जेल जानबाट जोगिए। १० सल्लाका रुख बिक्रीका लागि काट्न तयारीमा रहेका बेला संयोगले उनको भेट डिभिजन वन कार्यालयका कर्मचारीसँग भएछ। वनका कर्मचारीले अनुमतिविना रुख कटान गर्दा कारवाही हुने बताए पछि उनी पछि हटेको बताए।

'आफ्नै बारीमा आफैले रोपेर हुर्काएको रुख काट्न पनि अनुमति लिनुपर्ने रहेछ। त्यतिले मात्र नभएर वनका कर्मचारी आएर, हेरेर जाँच गरेर काट भने पनि मात्र काट्न पाइने रहेछ,' तर खड्कालाई भने यो नियम चित्त नबुझेको बताउदै उनले भने, 'मैरै छिमेकीले उसको दर्ता जग्गामा लगाएको अरु बाली आफुखुशी काट्न र बेच्न पाउने, मैले मेरो दर्ता जग्गामा खेती गरेको सल्ला काट्दा कारवाही हुने, नेपालका नियम पनि कस्ता कस्ता ?'

वनका कर्मचारीसँगको भेटपछि आफूले अनुमति लिनुपर्ने झन्झटका कारण रुख बिक्री नगरेको बताए। उनले भने, 'कसलाई भेट्नुपर्ने हो ? कति दिन सदरमुकाम बस्नुपर्ने हो ? निवेदन लेख्नु पर्ला। आफु अनपढ मान्छे, यत्रो झन्झट गर्नु भन्दा बरु बेच्दिन भनेर चुपलागे।' उनले अक्षर खुट्याउन सक्ने नाती भारतबाट आएपछि रुख बेच्ने सोच बनाएको बताए।

तर जयपृथ्वी नगरपालिका ९, चौडका लालबहादुर स्नेहीले भने खड्काले जस्तै मनकारी कर्मचारी भेटेनन्। आफ्नै घर अगाडि रोपेको टुनीको रुख काट्दै गर्दा गत वर्ष असोजमा उनी पक्राउ परे। डिभिजन वन कार्यालयबाट अनुमति नलिएको भन्दै उनलाई प्रहरी हिरासतमा पठाइयो। आफ्नै दर्ता जग्गामा आफैले रोपेर हुर्काएको रुख काटेको प्रमाणित नहुन्जेल उनी प्रहरी हिरासतमा बस्न बाध्य भए। उनले काटेको टुनीको रुख उनकै दर्ता जग्गाको भएको प्रमाणित भएपछि तीन दिन हिरासतमा राखेर उनलाई छोडियो। अनुमतिपत्र नलिएर रुख काटेको भन्दै लालबहादुरले डिभिजन वन कार्यालयमा एक हजार जरिवाना समेत तिर्नुपर्‍यो। 'आफ्नो जग्गामा आफैले हुर्काएको रुख काट्दा जेल बस्नुपर्ला भन्ने कल्पनै गरेको थिइनँ,' स्नेहीले भने, 'नियम कानुन नजान्दा दुख पाएँ।' उनले पनि कानुनमा भएको यो व्यवस्था चित्त नबुझेको बताए। 'आफ्नो जग्गामा जे लगाए पनि आफु खुशी खेती गर्न पाउने र बिक्री वितरण गर्न पाउनु पर्ने हो। यो त सोझा साझालाई दुःख दिनलाई बनाएको कानुन जस्तो लाग्यो,' उनले भने।

आफ्नै जग्गामा लगाएको वन पैदावार उपभोग र बिक्री गर्न खोज्दा दुःख पाउने लालबहादुर स्नेही एक्ला भने हैनन। कानुनी प्रावधानको बारेमा थाहा नपाएर बझाङ जिल्लामा प्रत्येक वर्ष ४ देखी ७ जनाले यसरी नै अनाहकमा दुःख पाउने गरेको डिभिजन वन कार्यालयको तथ्यांक छ। 'अनुमती पत्र नभएको वन पैदावार ओसारपसार भएको भेटे पछि पक्राउ गर्छौं। पछि आफ्नै दर्तावाल जग्गाको हो भन्ने प्रमाणित भए पछि जरिवाना गरेर छोड्ने गरेका छौ। वर्ष भरी नै यस्ता केस आइरहन्छन' डिभिजन वन कार्यालयका प्रमुख कर्णबहादुर खातीले भने।

वन नियमावली २०५९ मा दर्ता भएको जग्गामा उत्पादन गरेको भएपनि वन पैदावार संकलन र ओसार पसार गर्नु पुर्व वन कार्यालयको अनिवार्य अनुमती लिनु पर्ने व्यस्वस्था छ। डिभिजन वन प्रमुख खातीका अनुसार कसैले आफ्नो निजी जग्गामा उत्पादन गरेको वन पैदावार संकलन वा बिक्री वितरण गर्नका लागि लालपुर्जा सहित डिभिजन वन कार्यालयमा अनुमतीको लागि निवेदन दिनु पर्छ। जग्गा धनीको निवेदन प्राप्त भैसकेपछि जिल्ला वन कार्यालयले त्यो वन पैदावार सोही जग्गामा उत्पादन भएको होकी हैन भनेर एकिन गर्नका लागि नापी कार्यालयलाई अनुरोध गर्छ। नापी कार्यालयका प्राविधिकले त्यो परिमाणको वनपैदावार निवेदकको दर्ता भित्र पर्ने जग्गा कै हो भनेर एकिन गरेको प्रतिवेदन डिभिजन वन कार्यालयलाई दिन्छ।

'नापीको प्रतिवेदनले मात्र पुग्दैन। त्यो प्रतिवेदन प्राप्त भैसके पछि सवडिभिजन वन कार्यालयले नापीको प्रतिवेदन अनुसार सर्जिमिन मुचुल्का गरेर डिभिजन वन कार्यालयलाई प्रतिवेदन पेश गर्छ। वल्ल डिभिजन वन कार्यालयले वनपैदावर कटान वा संकलन आदेश दिन्छ' खाती भन्छन 'त्यतिले मात्र पुग्दैन। आदेश बमोजिमको वन पैदावार कटान/संकलन भैसकेपछि पुनः डिभिजन कार्यालयले नापजाँच गरिसके पछि मात्र छोडपुर्जी जारी गर्नु पर्ने नियम छ।' यो सबै प्रक्रिया पुरा गरिसके पछि पनि आफ्नो खेतमा लगाएको अन्यवाली सरह सहजै वनपैदावार बिक्री वितरण गर्न मिल्दैन। खातीका अनुसार वनपैदावारको अनुमानित मुल्यको १५ प्रतिशत रकम डिभिजन वन कार्यालयमा बुझाउनु पर्ने हुन्छ।

डिभिजन वन कार्यालयको तथ्यांक अनुसार आफ्नो जग्गामा वनपैदावारको व्यवसायिक खेती सूरु गरेका जिल्लाका नौ जनाले निजी वन दर्ता गरेका छन। तर जिल्ला भरीका प्रायः सबै (करिब ३३ हजार) घरधुरीको सानो ठुलो निजी वन रहेको र अव्यवहारिक कानुनी व्यवस्थाका कारण उनीहरूले दुख पाउने गरेको पारिवारिक निजी वन संघ नेपाल बझाङका अध्यक्ष राकेशबहादुर सिंहको भनाई छ। पारिवारिक निजी वन संघका केन्द्रिय अध्यक्ष जोगराज गिरी सरकारको यो नीतिले सविधानले दिएको सम्पती माथीको अधिकारको हनन गरेको आरोप लगाए। उनले भने 'लालपुर्जा लिएको, सरकारलाई कर तिरेको त्यही जग्गामा फलेको फलफुल तरकारी र अन्य वाली बिक्री गर्न कसैलाई सोध्न नपर्ने तर वन पैदावार बिक्री गर्दा झण्झटिलो प्रक्रिया पुरा गर्नु पर्ने भन्ने नियमले संविधानले दिएको सम्पती माथिको अधिकारलाई कुण्ठीत गरेको छ।' उनले आफूहरूले यो व्यवस्था हटाउन पहल गरिरहे पनि सरकारले नसुनेको बताए।

भर्ना सम्बन्धी सूचना

शैक्षिक सत्र २०७६/०७७ को लागी निम्न नेपालगञ्जका कलेजहरुमा तल उल्लेखित कार्यक्रमहरुमा भर्ना खुल्यो।

सि.नं.	संस्थाको नाम र ठेगाना	कार्यक्रम	वर्ष	सम्पर्क फोन नं.
१.	कैलपाल हस्पिटल एण्ड कलेज, नेपालगञ्ज–१०, बाँके	PCL in Radiography	३ वर्षे	०८१-५२१०१७ ०८१-५२६२७५ ९८५८०२४६४८
		PLC in Lab Technician	३ वर्षे	
		TSLC Computer Engineers	१८ महिने	
२.	कलेज अफ अलाईड टेक्निकल साईन्स, नेपालगन्ज बाँके	Civil Engineers	३ वर्षे	०८१-५२७५४६ ०८१-५२८२६० ९८४८०३३०६६ ९८४८०९१०३७
		PCL in lab Technician	३ वर्षे	
		Amin	१८ महिने	
		Civil-Sub Oversees	१८ महिने	
		Lab Assistant	१८ महिने	

फारम बुझाउने अन्तिम मिति (प्रमाणपत्र तह): २०७६ कार्त्तिक १ गते सम्म।
TSLC तह : २०७६ कार्त्तिक ३ गते सम्म।
प्रवेश परीक्षा मिति (प्रमाणपत्र तह): २०७६ कार्त्तिक १४ गते बिहान ८:०० बजे
TSLC तह : २०७६ कार्त्तिक १४ गते दिउँसो २:०० बजे

शैक्षिक योग्यता:

प्रमाणपत्र तह : SEE परिक्षामा अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषयमा C ग्रेड प्राप्त गरी GPA न्यूनतम २ प्राप्त गरेको।
TSLC तह : SEE परीक्षामा न्यूनतम E ग्रेड प्राप्त गरेको।

नोट : शनिवार पनि कार्यालय खुला रहने छ।





तपाईंको आज

मेष	पुण्य आर्जन	तुला	पूण्य आर्जन
वृष	धन आर्जन	वृश्चिक	आलस्यता
मिथुन	प्रशन्नता	धनु	मित्र भेट
कर्कट	केही लाभ	मकर	अस्वस्थता
सिंह	कार्य सफल	कुम्भ	अभिलाषा पूर्ण
कन्या	मिष्ठान्न भोजन	मीन	द्विविधा बढ्ने

भोलिको पात्रो

विक्रम संवत् २०७६ साल कार्तिक ३ गते आइतबार तदनुरुप २० अक्टोबर २०१९ कार्तिक कृष्णपक्ष सप्तमी तिथि रात्रिको २:५८ बजेसम्म उप्रान्त अष्टमी तिथि, आद्रा नक्षत्र दिनको ३:३८ बजेसम्म उप्रान्त पूनर्वसु नक्षत्र, शिव योग रात्रिको ११:१४ बजेसम्म उप्रान्त सिद्ध योग, भद्रा करण दिनको ३:४० बजेसम्म उप्रान्त बव करण, मिथुन राशिमा चन्द्रमा।

ज्यो. रामप्रसाद सिटौला

कान्तिपुर टेलिभिजन

५:००	भक्तिसुर
५:३०	आध्यात्मिक सन्देश
६:००	जीवन विज्ञान
६:३०	मार्गदर्शन (लाइभ)
७:००	कान्तिपुर समाचार
८:००	गुडमर्निङ नेपाल
८:३०	कान्तिपुर न्युज
९:००	हर्के हल्दार (रिपिट)
१०:००	कान्तिपुर समाचार
१०:३०	मनी टक्स (रिपिट)
११:००	कान्तिपुर न्युज
११:३०	यू एण्ड आई (रिपिट)
१२:००	कान्तिपुर समाचार
१२:३०	सरोकार (रिपिट)
१:३०	कान्तिपुर समाचार
२:००	मुनी
३:००	कान्तिपुर समाचार
३:३०	यू एण्ड आई (रिपिट)
५:००	कल कान्तिपुर
६:००	कान्तिपुर न्युज
६:३०	हियर्जा दु लाइफ
७:००	कान्तिपुर समाचार
७:३०	प्रदेश विशेष (लाइभ)
८:००	कान्तिपुर समाचार
९:००	आउन मस□ा स्याउन
१०:००	हियर्जा दु लाइफ (रिपिट)
१०:३०	कान्तिपुर न्युज
११:००	प्रदेश विशेष (रिपिट)
११:३०	कान्तिपुर समाचार
१२:००	कल कान्तिपुर रिपीटेड
१:००	कान्तिपुर न्युज रिपीटेड
१:३०	हियर्जा दु लाइफ (रिपिट)
२:००	कान्तिपुर समाचार (रिपीट ९)
२:३०	मार्गदर्शन (रिपिट)
३:००	कल कान्तिपुर रिपीटेड
४:००	आउन मस□ा स्याउन (रिपिट)

रेडियो कान्तिपुर रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, घनगढी, नेपालगन्ज

००:०५	भक्ति अनुष्ठान (बालचन्द्र)
०६:३०	कान्तिपुर डायरी
०७:००	द हेडलाइनर्स
०७:३०	विज्ञान प्रविधि (नाष्ट)
०८:००	डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी
०८:०५	द गुडमर्निङ शो (मुपेन्द्र)
०८:३०	ओल्ड इज गोल्ड
०९:००	कान्तिपुर डायरी
०९:१०	ट्राफिक अपडेट
०९:१५	राष्ट्रिय गीत
०९:२०	घुम्ने मेच (डिनेश डिसी)
१०:००	स्पोर्ट्स डायरी
१०:०५	गजब छ बा (दुर्गाराज)
११:००	आर्ट एन्ड इन्टरटेनमेन्ट डायरी
११:०५	गेम्स पिपुल प्ले (प्रिंकका)
१२:००	कान्तिपुर डायरी
१२:१०	टप टेन (धलिसा)
१३:००	डिस्ट्रिक्ट डायरी
१३:०५	सेलिब्रेटी आवर (रस्मिला)
१४:००	इन्टरनेसनल डायरी
१४:०५	किक स्टार्ट (सञ्जय गुप्ता)
१५:००	कान्तिपुर डायरी
१५:१५	राइवार (नन्दकुमार)
१६:००	हेल्थ एन्ड ह्याप्पिनेस डायरी
१६:०५	क्विक फिक्स (रिमता/धलिसा)
१७:००	डिष्ट्रिक्ट डायरी
१७:०५	म्युजिक लाउन्ज (राजेश पाण्डे)
१८:००	ज्योतिश दर्शन (शिवराज)
१८:३०	कान्तिपुर डायरी
१९:००	काठमान्डु बीट (साजारिका)
२०:००	सेक्चुरिटी एन्ड क्राइम डायरी
२०:०५	रक्त मेसिन (मानस्वी वान्तवा)
२१:००	कान्तिपुर डायरी
२१:२५	न्युज मेकर अफ द डे
२१:३०	हेलो मिथिला (धिरेन्द्र/रुपा)
२३:००	सो टाइम (स्वर्ण)
२४:००	टप टेन (धलिसा)
२४:१०	म अनि मेरो कथा (शुभ)
०१:००	नेपाली गीतहरु लगातार
०३:००	हिन्दी गीतहरु लगातार
०८:००	भजनहरु लगातार

अस्पताल र विविध

सुर्खेतका महत्वपूर्ण टेलिफोन नम्बर

मध्यपश्चिमाञ्चल क्षेत्रीय अस्पताल	५२०२००
जिल्ला प्रहरी कार्यालय	५२०१९९
नेपाल रेडक्रस सोसाइटी (एम्बुलेन्स सेवा)	५२०३९०
क्षेत्रीय अस्पताल एम्बुलेन्स	९८४८०६३५२०

महेन्द्रनगरका महत्वपूर्ण टेलिफोन

महाकाली अञ्चल अस्पताल	५२१९९९
जिल्ला प्रहरी कार्यालय	५२१२००
नेपाल रेडक्रस तथा एम्बुलेन्स सेवा	५२१२५८
जिल्ला प्रशासन कार्यालय	५२१२०१

कैलालीका महत्वपूर्ण टेलिफोन

सेती अञ्चल अस्पताल	५२१२७१
जिल्ला प्रहरी कार्यालय	५२१९५०
नेपाल रेडक्रस तथा एम्बुलेन्स सेवा	५२१६००
जिल्ला प्रशासन कार्यालय	५२१२०१
टीकापुर अस्पताल	५६०१५०
क्षेत्रीय अस्पताल	०८३-५२०२००
सुर्खेत विमानस्थल	०८३-५२०१३२

कञ्चनपुर

महाकाली अञ्चल अस्पताल महेन्द्रनगर	०९९-५२१९९९
रेडक्रस एम्बुलेन्स	५२१२५८/५२३९८३
जिल्ला प्रशासन कार्यालय, कञ्चनपुर	५२१२०९/५२२७०६
जिल्ला प्रहरी कार्यालय	१००/५२१२००

डोटी

सुदूरपश्चिम क्षेत्रीय प्रशासन कार्यालय	०९४-४४०३१०
जिल्ला प्रशासन कार्यालय डोटी	४२०१३३
जिल्ला प्रहरी डोटी कन्ट्रोल	९८५८४४०१९९/४२०२०५
जिल्ला अस्पताल	४२००१९
जिल्ला अस्पताल एम्बुलेन्स	९८४८५२५१५०

डडेल्धुरा

जिल्ला प्रहरी	०९६-४२०१९२

जाजरकोट

जिल्ला प्रहरी कार्यालय-	०८९-४३०१३१, ९८५८०४५५५५
अस्पताल-	०८९४३०१८८
एम्बुलेन्स	९८५४५०८४३०
रेडक्रस एम्बुलेन्स	०८९४३००४२, ९८४४००२४४८

कालिकोट

प्रहरी	०८७-४४०१९३, ९८५८३३५५५५

जुम्ला

प्रहरी	०८७-५२००१३, ०८७-५२०१९३
शिक्षण अस्पताल	०८७-५२०३५५, ५२००१५
एम्बुलेन्स	९८४९८९१९६६

दैलेख

जिल्ला प्रहरी कार्यालय	०८९-४२०१२५,९८५८०१५५५५
अस्पताल	०८९-४१०१२७
एम्बुलेन्स	०८९-४१०१८५, ९८४८१६५९८२

पश्चिम रुकुम

जिल्ला प्रहरी कार्यालय	०८८५३०१८७
जिल्ला अस्पताल	०८८५३०२४७, ०८८५३०१५५
एम्बुलेन्स	९८०४८५८५८५

हुम्ला

प्रहरी	०८७-४८००३/ ०८७४८००९२
अस्पताल	०८७-४८००२४
विमानस्थल	९८५१०७३९४२

डोल्पा

जिल्ला प्रहरी कार्यालय	०८७-५५००५५, ९८५८३०५५५५

मुगु

प्रहरी	०८७-४४००९२
अस्पताल	०८७-४४०१३०
एम्बुलेन्स	९८४८३२०९६६६

सल्यान

प्रहरी	०८८-५२००६०, ९८५७८४५५५५
अस्पताल	०८८-५२००८२
एम्बुलेन्स/रेडक्रस	९८४७८३२४३८/०८८-५२००७४

प्रहरी र एम्बुलेन्स

प्रहरी कन्ट्रोल	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२४९०४५/४२४९७२०
जिल्ला प्रहरी (ललितपुर)	५५२५२०७
जिल्ला प्रहरी (भक्तपुर)	६६१४८२९
आकस्मिक प्रहरी सेवा	४२२६२२२
ट्राफिक प्रहरी	१०३
दमकल	१०१
श्री सत्य साई निःशुल्क एम्बुलेन्स/शववाहन	४४२८०३५
सुनेरु एम्बुलेन्स सेवा	०१ ५५५५५५०,९८५१०४४५५०
परोपकार एम्बुलेन्स सेवा	४२६०८५२
बिशालबजार एम्बुलेन्स सेवा	४२४४१२९
रेडक्रस एम्बुलेन्स सेवा	४२२८०२४

कालीगण्डकीमा पर्यटकको लर्को

विदेशीले असोज पहिलो सातामै टिकट बुकिङ गरेको भए पनि कालीगण्डकीमा पानीको सतह नघटेपछि जलयात्रा ढिलो सुरू भएको हो

कालीगण्डकीमा च्याफ्टिङ गरिँदै । मनसुन सकिएर पानीको बहाव घटेसँगै कालीगण्डकीमा जलयात्रा सुरु भएको छ । तस्बिर : अगन्धर/कान्तिपुर

■ **अगन्धर तिवारी** (पर्वत)

मनसुन सकिएर पानीको बहाव घटेसँगै कालीगण्डकीमा जलयात्रा (च्याफ्टिङ) सुरु भएको छ । अघिल्ला वर्षमा भदौको अन्तिम सातादेखि नै हुने जलयात्रा यो पटक मनसुन ढिलासम्म सक्रिय भएका कारण एक महिना पछि सुरु भएको हो ।

कालीगण्डकी आन्तरिकभन्दा बढी बाह्य पर्यटकको रोजाइमा पर्छ । विदेशीले यसलाई पारिवारिक जलयात्रा (फेमिली रिभर) को उत्तम गन्तव्यका रूपमा ठान्दै आएका छन् । दसैंलगत्तै कालीगण्डकीमा जलयात्रा गराउन विभिन्न कम्पनीले विदेशी ल्याउन थालेका हुन् । कालीगण्डकीलाई जलयात्रामा अधिक बढी रुचाउनेमा इजरायल, स्पेन, नेदरल्यान्डलगायत केही अमेरिका र चिनियाँ पर्यटक छन् । पर्वतको कुस्मा-१ नयाँपुलमा ३ वर्षदेखि च्याफिङ कम्पनी सञ्चालन गरेका होम पुनका अनुसार गत सातादेखि च्याफिङमा आउने विदेशीको चाप बढ्दो छ । 'बुकिङ धेरै पहिलादेखि भइरहेको थियो,' पुनले भने, 'पानी नघटेकाले रोकेका थियौं । दसैंलगत्तै सुरु गरिएको छ ।' यो साता पोखराका विभिन्न च्याफिङ व्यवसायी नयाँपुलबाट मोदीवेणी-त्रिवेणी-मिर्मी हुँदै जलयात्रा गरिसकेको उनले बताए ।

विदेशीले असोजको पहिलो सातामै च्याफ्टिङका लागि टिकट बुकिङ गरेको भए पनि कालीगण्डकीमा पानीको सतह नघटेपछि गत सातादेखि मात्रै जलयात्रा सुरु गरिएको हो । बुधबार र बिहीबार दुई समूह लिएर आएका रेड स्विसा च्याफिङ कम्पनीका सञ्चालकले ३ दिनको प्याकेज सकेर फर्किएको बताए ।

च्याफिङ कम्पनी सञ्चालक अर्जुन दाहालका अनुसार यो सिजनमा आउनेमध्ये धेरै विदेशीले कालीगण्डकीलाई रोज्छन् । 'विदेशी प्रकृतिमा रमाउन खोज्छन्,' दाहालले भने, 'यहाँका प्राकृतिक दृश्य नै उनीहरूका रोजाइ बन्ने गरेका छन् ।' कालीगण्डकीले बनाएको गहिरो गल्छीबाट आकाश हेर्दा छुट्टै मनोरन्जन हुने अनुभव आफूले पनि गरेको उनले बताए । कालीगण्डकीमा असोज, कात्तिक, मंसिर, फागुन, चैत, वैशाख विदेशीले जलयात्राका लागि बढी रुचाउने महिना हुन् । यो सिजनमा जाडो कम हुने भएकाले जलयात्रा गराउन सहज हुने च्याफ्टिङ गाइड बताउँछन् । त्यसमध्ये नदीमा पानीको सतह बढी हुने सिजन हुँदा असोजदेखि मंसिरसम्म जलयात्रा व्यवसाय बढी चल्ने एल्लो स्विसा च्याफ्टिङ कम्पनीका प्रबन्धक गणेश गुरुङले बताए । छोटो समयमा पनि भरपुर मनोरन्जन लिन सकिने भएकाले विदेशीले कालीगण्डकीलाई 'सर्ट एन्ड स्विट च्याफ्टिङ स्पर्ट' का रूपमा लिने उनले बताए ।

पोखराकै कर्मफाइटस कम्पनीका प्रबन्धक रेणुका कार्कीका अनुसार पछिल्लो समय कालीगण्डकीमा च्याफिङका लागि बुकिङ गर्नेको संख्या बढ्दो छ । 'पहिला अरू नदीमा धेरैले बुकिङ गर्थे,' कार्कीले भनिन्, 'अहिले कालीगण्डकीका बढी छन् । परिवारमा आउने धेरैले कालीगण्डकी रोज्छन् ।'

पोखराका दर्जनभन्द बढी च्याफ्टिङ व्यवसायीले कालीगण्डकीमा मात्रै बर्सेनि ५ हजार बढी विदेशीलाई जलयात्रा गराउँदै आएको एल्लो कालीगण्डकी रिभरबीच क्याम्पका सञ्चालक पुनले बताए । तीन वर्षअघि नयाँपुलमा सञ्चालित च्याफिङ क्याम्पका सञ्चालक पुनले पोखराका विभिन्न कम्पनीसँगको सहकार्यमा च्याफ्टिङ गराउँछन् । कम्पनीले पर्यटक विदेशी पर्यटकलाई लक्षित गरी रेस्टुरेन्टसमेत सञ्चालन गरेको छ । क्याम्पले मालढुंगा र खनियाघाटबाट नयाँपुलसम्म आन्तरिक पर्यटकलाई लक्षित गरेर छोटो दूरीको जलयात्रा पनि गराउँदै आएको छ । 'छोटो दूरीमा आन्तरिक पर्यटक धेरै हुन्छन्,' उनले भने, 'विदेशीले बास बस्न रुचाउँछन् ।'

पर्वतको पाडस्थित नयाँपुलबाट सुरु हुने यात्राको पहिलो दिन कुस्मा र बलेवाको सिमाना मोदीवेनीमा पुगेर बास बस्छन् । दोस्रो दिन रानीपानी र बागलुङको सीमास्थित बेलबगरमा बास बसेपछि तेस्रो दिनमा स्याङ्जाको मिर्मी पुगेर यात्रा टुंगिन्छ । कालीगण्डकी किनारको सरसफाइ, पिउनेपानी, विश्रामस्थल, शौचालय लगायतका पूर्वाधारको अभाव रहेको व्यवसायीको गुनासो छ ।

बुर्काबाट बाहिरिँदा....

■ **सुम्निमा चाम्लिङ** (इटहरी)

अरू समुदायसँग घुलमिल गर्न नपाइने । घरबाहिर निस्कन कडा नियम । कतै जानुपर्ने भए कालो बुर्का वा हिजाब लगाएर मात्रै निस्कनुपर्ने । त्यो पनि परिवारको अनुमति लिएर । थुप्रै समुदाय मिलेर बसेको समाजमा आफूजस्तै अरूले पर्दा बाहिर निस्कन पाएका छन्, मुस्लिम महिलाका लागि नियम कडा छन् । कतिपय मुस्लिम महिलाले भने यस्तो समस्या झेल्दै साहसका साथ सामाजिक काममा आफूलाई समर्पित गरिरहेका छन् । यसको उदाहरण बनेकी छन्-इनरुवा बबिया चोककी ३८ वर्षीया सहजादी प्रवीन ।

डेढ दशकदेखि महिला अधिकारका क्षेत्रमा सक्रिय उनी पूर्वाञ्चल महिला मानव अधिकार सञ्जालकी सदस्य हुन् । हरेक क्षेत्रमा मुस्लिम महिलाको न्यून उपस्थित रहेको अवस्थामा विवाहित महिलालाई घरबाहिर निस्कनु चानचुने कुरा होइन । समाज र परिवारको डर पालेर आफ्नो आकांक्षा मार्ने कैयौं मुस्लिम महिला छन् । उनी भने सामाजिक काममा मग्न छिन् ।

उनी मोरङको विराटनगरमा हुर्किन् । निजी विद्यालयमा पढ्ने अवसर पाइन् । कक्षा १० मा पढ्दै गर्दा हजुरआमाको अड्डानका कारण उनको १५ वर्षको उमेरमै विवाह भयो । परिवार छोरीका लागि कडा नियम मान्दैनथ्यो । त्यसैले विराटनगरमा हुर्केकी उनलाई बाल्यकालमा मुस्लिम समुदायका कडा नियम पालन गर्नुपरेको थिएन । विवाहपछि निकै बाँधिनुपऱ्यो । ठूलो परिवार भएकाले खाजा र खाना बनाउँदा नै दिन बित्ने गरेको थियो ।

व्यक्तिगत खर्चका लागि समेत परिवारको सदस्याको आस गर्नुपर्ने अवस्था थियो । घरबाट बाहिर आफूखुसी निस्कन पाइँदैनथ्यो । पारिवारिक वातावरण यतिसम्म कडा थियो कि, दैलो बाहिरसम्म जाने आँट महिला सदस्यको हुँदैनथ्यो । उनी भन्छिन्, 'घरको सिकुवासम्म निस्कँदासमेत श्रीमान्ले गाली गर्नुहुन्थ्यो । यस्तो अवस्थामा खुलेर काम गर्ने भन्ने टाढाका कुरा थियो ।'

घरेलु हिंसापीडित उनले एक कठोर निर्णय गरिन् । 'अब चुपचाप बसेर हुँदैन, संघर्ष गर्छु भन्ने निर्णय गरें,' उनले भनिन्, 'घरदेखि बाहिर संसार हेर्ने र महिलाको क्षेत्रमा काम गर्ने चाहना थियो ।' जब उनले संघर्ष गर्ने निर्णय गरेकी थिइन्, त्यहीबेला एक नातेदारले वडामा स्वयंसेविकाको जागिर खुलेको बताए । त्यसका तलबको व्यवस्था थिएन । उनलाई पैसाभन्दा घरदेखि बाहिर निक्लने वातावरण चाहिएको थियो । उनले मौकालाई सदुपयोग गरिन् । घर बाहिर निस्कँदा दोस्रो सन्तान भइसकेको थियो । तीन महिने नानी लिएर तालिम लिन पुगेकी थिइन् । आफूलाई घरबाहिर पनि काम गर्न पाउँदा थप ऊर्जा बढ्दै थियो । महिलाको क्षेत्रमा काम गर्ने संस्थासँग पनि जोडिने मौका पाउन थालिन् ।

घरको कामलाई समेत अघि बढाउँदै आफूलाई अब्बल साबित गर्दै अघि बढ्दै गइन् । सुरुका दिनमा परिवारबाट सहयोग थिएन । तैपनि आत्मविश्वासका साथ कामलाई निरन्तरता दिँदै गइन् । विस्तारै श्रीमान् र परिवारबाट सहयोग मिल्दै गयो । 'अधिकारको क्षेत्रमा काम गर्न थालेपछि वर्कसपहरूमा जानुपर्ने हुन्थ्यो,' उनले भनिन्, 'होटलमा कार्यक्रमहरू हुन्छ, भन्दै फेरि श्रीमान्ले रोक्न खोज्नुभयो । तर मैले विस्तारै

सहजादी प्रवीन

समाज र परिवारको डर नमानी सामाजिक काममा सक्रिय

बुझाएँ ।' स्नातक पूरा गरेका श्रीमान्ले समेत साथ नदिँदा दुःख लाग्ने गरेको उनले बताइन् । कार्यक्रमहरूमा महिला दिदीबहिनीसँग भेट्न पाउँदा महिलाको क्षेत्रमा केही गर्नुपर्छ भन्ने सोच आउने गर्थ्यो । कुनै समय श्रीमान्ले छाडेमा जीवन सकियो ठान्ने बुझेकी सहजादी, हिजोआज महिला हकअधिकारको विषयमा आवाज उठाउँदै आएकी छन् । तीन सन्तानकी आमा उनी अनुभवले खारिएकी छन् । उनको घरमा हिंसापीडित महिला सहयोग मागन आउँछन् । सकेको सहयोग र पैरवी गरिदिने गर्छिन् । आर्थिक रूपमा भरपर्दो नभए पनि काम गर्दा आत्मसन्तुष्टि मिल्ने उनी बताउँछिन् । महिला अधिकारको क्षेत्रमा काम गर्दा राजनीतिक दबाब झेल्नुपरेको अनुभव सुनाइन् । यस्तो अवस्थामा सामूहिक रूपमा समाधान गर्ने गरेको बताइन् । कुनै समय समाजले उनको विरोध गर्ने गर्थे । अचेल त्यही समाज उनलाई देखेर गर्व गर्छन् ।

विदेशी सम्बन्धनका कलेजलाई मापदण्ड

काठमाडौं (कास)- विदेशी शिक्षण संस्थाबाट सम्बन्धन लिएर मापदण्ड पूरा नगरी चलेका कलेज बन्द हुने भएका छन् । विश्वविद्यालय अनुदान आयोगका सदस्यसचिव देवराज अधिकारीको संयोजकत्वमा गठित अध्ययन कार्यदलले भौतिक, शैक्षिकलगायतका पूर्वाधार पूरा नगरेका शिक्षण संस्था बन्द गर्न सुझाव दिएअनुरूप शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले मापदण्ड तयार गरिरहेको छ ।

शिक्षा मन्त्रालयमा दर्ता भएर विदेशी शिक्षण संस्थाबाट सञ्चालित कलेज ९५ वटा छन् । कतिपय कलेजले मन्त्रालयको स्वीकृतिबिनै शैक्षिक कार्यक्रम चलाउँदै आएका छन् । 'मन्त्रालयले विदेशी शिक्षण संस्थाबाट सम्बन्धन लिएर सञ्चालित कलेजका विषयमा मापदण्ड बनाउँदै छ,' उच्चशिक्षा महाशाखाका सहसचिव रामशरण सापकोटाले उनले भने, 'छिट्टै मापदण्ड स्वीकृति गराएर कार्यान्वयनमा जान्छौं ।'

कार्यदलले अध्ययनका क्रममा ती शिक्षण संस्थाको अनुगमनसमेत गरेको थियो । अनुगमनकै आधारमा ए लेभलका कार्यक्रम सञ्चालन गर्ने ९ वटा शिक्षण संस्थालाई बन्द गराउन कार्यदलले सिफारिस गरेको छ । ए लेभल चलाउने शिक्षण संस्थाहरूले शैक्षिक मापदण्ड पूरा नगरेका कारण बन्द गराइने जानकारी सापकोटाले दिए ।

मन्त्रालयले भौतिक पूर्वाधार, शिक्षण गतिविधि, शैक्षिक कार्यक्रम, परीक्षाको स्तरीयता, ल्याब, लाइब्रेरीको अवस्थासमेतलाई मूल्यांकन गर्ने गरी मापदण्ड प्रस्ताव गरेको छ । 'न्यूनतम मापदण्ड पनि पूरा नभए कलेज बन्द गराउनुको विकल्प हुँदैन,' उनले भने, 'मन्त्रालयले तय गरेको नयाँ मापदण्ड पूरा गर्न चाहने कलेजलाई बन्द गराउनुअघि निश्चित समयसीमा दिन सकिन्छ ।'

बाँधले डल्फिन हराउँदै

■ **कमल पन्थी** (बर्दिया)

कर्णाली नदीको भंगालो गेरुवामा डल्फिन देखिन छाडेको छ । नेपाल-भारत सीमा क्षेत्रमा निर्माण गरिएको बाँधका कारण यो जलचर हराउँदै गएको हो । नेपालबाट बगेका डल्फिन गिरीजापुरीमा निर्माण गरिएको बाँधबाट तल भर्छन् । त्यहाँबाट फर्किन सक्दैनन । त्यसको प्रभाव यहाँ देखिएको छ । अहिले कर्णालीमा डल्फिन देखिँदैनन । कोसी, नारायणी र कर्णाली नदीका सीमावर्ती क्षेत्रमा निर्माण गरिएका बाँधले डल्फिन फर्किन नसक्ने वन्यजन्तु विशेषज्ञ डा. शान्तराज ज्ञवालीले बताए ।

'बाँधले डल्फिनलाई समस्यामा पारेको छ,' उनले भने, 'कर्णाली र यसको भंगालोबाट बगेर गएका डल्फिन उच्च जोखिममा छन् ।' निकुञ्जको सीमा हुँदै बग्ने कर्णालीमा सन् १९८० को दशकसम्म सयभन्दा बढी डल्फिन देखिन्थे । अहिले संख्या घटिरहेको छ । केही वर्ष अघिसम्म डल्फिनका लागि पर्याप्त पानी भएको गेरुवामा विचरण गरेको देखिन्थ्यो । ७ वर्ष अघि बर्दिया निकुञ्जले गरेको सर्वेक्षणअनुसार अहिले कर्णालीमा ६ डल्फिन मात्रै छन् । त्यसबेला गेरुवामा जलस्तर बढी थियो । अहिले पश्चिम कर्णालीमा केही डल्फिन रहेको बर्दिया निकुञ्जका सहायक संरक्षण अधिकृत अशोककुमार भण्डारीले बताए । उनका अनुसार ७ वर्ष अघिबाट गेरुवाले धार परिवर्तन गरेपछि पानी कम भएको छ ।

त्यसपछि गेरुवाबाट डल्फिन हराउँदै गएका हुन् । तीन दशक अघिसम्म ठूलो संख्यामा गेरुवामा रहेको डल्फिन अनुगमनको क्रममा गत

नेपालमा नारायणी, कोसीजस्ता ठूला र प्रदूषणले कम छो एका नदीमा डल्फिन पाइए पनि कर्णालीमा लोप हुँदै गएको छ

साउनमा एउटा डल्फिन देखिएको बर्दिया राष्ट्रिय निकुञ्जले जनाएको छ । कर्णालीमा भने ६ वटा फेला परेको छ । लामो अनुसन्धान पछि गेरुवामा हिउँदमा एउटा पनि डल्फिन नभेटिएको निकुञ्जले जनाएको छ । सहायक संरक्षण अधिकृत भण्डारीले गिरीजापुरमा बाँधसँगै गेरुवामा जलस्तर सुक्दै गएपछि डल्फिन देखिन छाडेको हो । जथाभावी माछा मार्ने, गेरुवामा जलस्तर घट्दै गएकाले कर्णालीमा छ वटा डल्फिन रहेको अनुमान स्थानीयको छ ।' निकुञ्ज हुँदै बगेको कर्णाली र यसको भंगालो गेरुवामा चोरी सिकार शुन्य छ । डल्फिनको आहारा प्रजाति घटेको कारणले पनि समस्या भएको वन्यजन्तु विशेषज्ञले दावी गर्छन । विगतमा अवैध रूपमा माछा मार्नु, माछा मार्दा नदीमा विषादी प्रयोग र नेपाल-भारत सीमा बनाइएको गिरीजापुरी बाँध नै डल्फिन लोप हुने प्रमुख कारण भएको स्थानीय संरक्षणकर्मी राम शाहीले बताए । डल्फिनलगायत साना माछामा आश्रित ठुला माछाको प्रजाति पनि लोप हुँदै गएको संरक्षणमा लागेका बताउँछन् ।

स्थानीय भाषामा डल्फिनलाई 'सोस'वा 'ससुवा' भनिने डल्फिन मानिससँग नजिकको मित्रता गाँस्न सक्ने जीवका रूपमा प्रख्यात छ । अत्यन्त बुद्धिमान्, स्तनधारी जीव डल्फिन मानिससँग नजिकको मित्रता गाँस्न सक्ने जीवका रूपमा प्रख्यात छ । अत्यन्त बुद्धिमान्, स्तनधारी जीव डल्फिनको चमत्कारी प्रकृतिमा आधारित भएर धेरै मुलुकमा डल्फिनलाई विभिन्न खेल खेलाइन्छ । नेपालमा नारायणी, कोसीजस्ता ठूला र प्रदूषणले कम छोएका नदीमा डल्फिन पाइए पनि कर्णाली नदीमा डल्फिन प्रायः लोप हुँदै गएको निकुञ्जका कर्मचारीले बताए ।

ठगिएकाहरूले पाएनन् न्याय

■ **विनु तिम्सिना** (विराटनगर)

मोरङको कानेपोखरी-५ का मनीषकुमार राजवंशी क्यानाडा जाने प्रलोभनमा ठगिए । काठमाडौं बसोबास गर्ने असिम गुरुङले क्यानाडा लैजाने भन्दै १३ लाख रुपैयाँ लिएर बेपत्ता भएको उनको भनाइ छ ।

आठ महिनाअघि पैसा लिएर हिँडेका गुरुङ सम्पर्कमा छैनन् । विराटनगरस्थित श्रम कार्यालयमा प्रेम सञ्जेल प्रमुख भएर आएपछि वैदेशिक रोजगारका नाममा ठगिएका आफूजस्ता धेरै पीडितको डुबेको रकम फिर्ता भएको सुनेका राजवंशी श्रम कार्यालय पुगे । भदौ १५ मा श्रम कार्यालयमा उजुरी दिएका उनी कुनै कारबाही नभएपछि निराश छन् । मोरङकै ग्रामथान-५ का हेमनारायण चौधरी पनि मोरिसस पुग्ने प्रलोभनमा ठगीमा परे । सुनसरी इटहरीका विवेक पोखरेलले मोरिसस लगिदिने भन्दै ७ लाख ७० हजार रुपैयाँ लगेको उनले गुनासो गरे ।

चौधरीले भने, 'मोरिसस लाने भन्दै मलाई काठमाडौंमा ३ महिना र दिल्लीमा २ महिना राखियो ।' यसरी महिनौं काठमाडौं र भारतको दिल्लीमा अल्झाएपछि उनले आफू ठगिएको थाहा पाए । दुःख गरेर कमाएको रकम दलालले ठगेपछि उनले पनि श्रम कार्यालयमा उजुरी दिए तर सुनुवाइ भएन । वैदेशिक रोजगारीमा पठाउने भन्दै दलालबाट ठगिएका पीडितहरू दैनिक उजुरी दिन श्रम कार्यालयमा आउँछन् ।

कार्यालयले भने उजुरी नै लिन छाडेको छ । श्रम कार्यालय प्रमुख सञ्जेललाई ठगीका मुद्दा नहेर्न भन्दै श्रम विभागले रोक लगाएपछि पीडितहरू निराश हुँदै फर्कनु परेको हो ।

आफ्नो कार्यकालको छोटो अवधिमै धेरै ठगिएका पीडितको २ करोड १२ लाख बढी ठगी रकम उठाएर प्रशंसा कमाएका सञ्जेललाई श्रम विभागले ठगी मुद्दा नहेर्न भन्दै पत्र पठाएको छ । विभागका निर्देशक राजेश्वर अर्यालले गत वैशाख ३१ मा वैदेशिक रोजगारीको नाममा ठगीएको भन्ने उजुरीमा कुनै कारबाही नगर्न भन्दै चलानी नम्बर २७२२ को पत्रबाट सञ्जेललाई निर्देशन दिएका छन् । त्यसखालका काम जिल्ला प्रशासन कार्यालयबाट हुने पत्रमा उल्लेख छ ।

श्रम तथा रोजगार विभागले पत्र पठाउनुअघि ठगीमा परेको २ करोड १२ लाख रुपैयाँ फिर्ता गराएका छन् भने ५६ लाख रुपैयाँ फर्ता गराउने प्रक्रियामा रहेको सञ्जेलले जनाए । पत्रपछि भने आफूले ठगीका मुद्दा हेर्न नमिल्ने उनले बताए । प्रदेश १ बाहेक अन्य प्रदेशका श्रमले ठगीका मुद्दा नलिएको उनले जनाए ।